निर्वाचन प्रश्नोत्तर

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
२०७७

वि.सं. २०१५ सालमा सम्पन्न पहिलो आमनिर्वाचनमा मतदानका लागि लामबद्ध मतदाताहरू ।

वि.सं. २०१५ सालमा सम्पन्न पहिलो आमनिर्वाचनमा मतदान पूर्व मतदातालाई नङ्मा मसी लगाइदिंदै ।

निर्वाचन प्रश्नोत्तर

निर्वाचनसम्बन्धी सोधिने प्रश्न तथा उत्तरहरूको सँगालो

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

संरक्षक

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया

सल्लाहकार

निर्वाचन आयुक्त नरेन्द्र दाहाल
निर्वाचन आयुक्त ईश्वरी प्रसाद पौड्याल
निर्वाचन आयुक्त राम प्रसाद भण्डारी
निर्वाचन आयुक्त डा.जानकी कुमारी तुलाधर
सचिव सुरेश अधिकारी

सम्पादक मण्डल

सहसचिव सेवन्तराज दाहाल, संयोजक
उपसचिव सूर्यप्रसाद अर्याल, सदस्य
उपसचिव (लेखा) मुकुन्द केशरी पोखरेल, सदस्य
उपसचिव (कानुन) गंगा बहादुर खरेल, सदस्य
पुस्तकालय अधिकृत प्रदीप भट्टराई, सदस्य सचिव

कृति : **निर्वाचन प्रश्नोत्तर**

प्रकाशक : निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं ।
फोन नं. ०१-४२२८६६३
फ्याक्स नं. ०१-४२२५५८०
इमेल : ecnfsu@gmail.com
वेबसाइट : www.election.gov.np

प्रकाशन मिति : चैत्र, २०७७
प्रकाशित सङ्ख्या : १००० प्रति

मुद्रक : निर्वाचन आयोग, नेपाल

मन्तव्य

लोकतन्त्रमा प्रत्येक नागरिकलाई आफूले चुनेका प्रतिनिधिमार्फत शासन व्यवस्थामा सहभागिता जनाउने अधिकार हुन्छ । आवधिक निर्वाचन लोकतान्त्रिक व्यवस्थाको आधारस्तम्भ तथा शासनमा नागरिक सहभागिताको माध्यम हो । नागरिकले राज्यका कुन तहमा के, कसरी, निर्वाचनको कुन प्रणाली र प्रक्रियाका आधारमा आफूले प्रतिनिधि चुन्न पाउने भन्ने विषय प्रत्येक मुलुकको संविधान र कानुनले व्यवस्था गरेको हुन्छ । विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन व्यवस्थापन र निर्वाचन प्रक्रिया केकस्ता रहेका छन् भन्ने विषयका साथै आफ्नो मुलुकले अपनाएको निर्वाचनको विधि र प्रक्रियासम्बन्धी विविध विषयमा जानकारी प्राप्त गर्नु नागरिक अधिकारको विषय हो ।

निर्वाचन आफैँमा प्राविधिक र जटिल विषय भएकाले स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचनसँग अन्तर्निहित विषयहरूमा आम नागरिकलगायत निर्वाचन सरोकारवालाहरूलाई जानकारी उपलब्ध गराउनु निर्वाचन व्यवस्थापन निकायको दायित्व पनि हो । यसै विषयलाई मनन गरेर नेपालको निर्वाचनको सञ्चालन, व्यवस्थापन, रेखदेख, नियन्त्रण र निर्देशन गर्ने संवैधानिक निकाय निर्वाचन आयोगले निर्वाचनसम्बन्धी विविध विषयका प्रश्नहरू समेटी यो **निर्वाचन प्रश्नोत्तर** प्रकाशन गरेको छ । निर्वाचनसम्बन्धी कतिपय विषय तत्काल प्रचलित कानुनी व्यवस्थाका आधारमा निर्धारण हुने हुँदा भविष्यमा कानुनी व्यवस्थामा हुने संशोधन वा परिमार्जनले केही विषय वा प्रक्रिया हेरफेर हुन सक्ने भए तापनि निर्वाचनका सैद्धान्तिक पक्ष, विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापनका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास जस्ता आधारभूत विषय सामान्यतया यथावत रहने गरेका छन् । आयोगले प्रकाशन गरेको यो प्रश्नोत्तर सँगालो निर्वाचन प्रणाली र प्रक्रियाका सम्बन्धमा नेपालको संविधान र अन्य निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम तयार गरिएको हुनाले भविष्यमा संविधान र कानुनले निर्वाचन प्रणाली र प्रक्रियाका सम्बन्धमा हुने हेरफेरका अवस्थामा बाहेक यो प्रकाशन महत्त्वपूर्ण एवम् जीवन्त स्रोत सामग्रीका रूपमा रहनेछ ।

प्रस्तुत **निर्वाचन प्रश्नोत्तर** मुलुकका राजनीतिज्ञ, निर्वाचनसम्बन्धी अध्ययनकर्ता, लोकसेवा आयोगलगायत विभिन्न प्रतिस्पर्धात्मक परीक्षाका परीक्षार्थी, तालिम प्रदायक संस्था वा व्यक्ति, निर्वाचनका सरोकारवालालगायत आम नागरिकका लागि आवश्यक जानकारी प्राप्त गर्न सहयोगी हुने विश्वास लिइएको छ । निर्वाचन आयोगले परिश्रम र समय लगाएर तयार गरेको यस सँगालोलाई अझ परिमार्जित र परिष्कृत बनाउन सम्पूर्ण सरोकारवालाहरूबाट सिर्जनात्मक सुझाव प्राप्त हुनेछ भन्ने विषयमा आयोग विश्वस्त रहेको छ । अन्तमा, यो प्रश्नोत्तर सँगालो तयारीमा संलग्न आयोगका माननीय आयुक्तज्यूहरू, सचिवालयका कर्मचारीहरू तथा निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय विधि, प्रक्रिया र असल अभ्यासबारे जानकारी उपलब्ध गराई यस पुस्तकको छपाइ कार्यमा समेत सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, निर्वाचन सहायता परियोजना (UNDP/ESP) का परियोजना प्रमुख एवम् वरिष्ठ निर्वाचन सल्लाहकार कुन्दनदास श्रेष्ठ र सोही परियोजनाका कानुन अधिकृत अधिवक्ता टेकनाथ सापकोटा लगायतको टिम तथा यस प्रकाशनलाई यस रूपमा ल्याउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा आभार व्यक्त गर्दछु ।

मितिः २०७७, चैत्र

दिनेशकुमार थपलिया
प्रमुख निर्वाचन आयुक्त

सम्पादकीय

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । निर्वाचन सञ्चालन तथा व्यवस्थापनको संवैधानिक जिम्मेवारी पाएको निर्वाचन आयोगले विभिन्न तहका निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्नुका साथै मतदाता नामावली तयारी, निर्वाचन शिक्षा सञ्चालन, राजनीतिक दल दर्ता तथा व्यवस्थापनलगायतका कार्यहरू नियमित रूपमा गरिरहेको छ । आयोगले वर्षभरिमा सम्पादन गरेका कार्यहरूलाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्नुका अतिरिक्त सरोकारवालासमक्ष विभिन्न माध्यममार्फत सूचना एवम् सन्देश प्रकाशन तथा प्रशारण गर्ने गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ ले मतदाता जागरणका लागि निर्वाचन आयोगलाई जिम्मेवार बनाएका सन्दर्भमा आयोगले निर्वाचन शिक्षा तथा मतदाता जागरणसम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यसै सिलसिलामा निर्वाचन सञ्चालन तथा व्यवस्थापन एवम् निर्वाचन आयोगसँग सम्बन्धित विभिन्न प्रश्न र तिनका उत्तरहरू समावेश गरिएको प्रस्तुत निर्वाचन प्रश्नोत्तर सँगालो प्रकाशन गरिएको हो । यस सँगालोमा १० वटा परिच्छेदअन्तर्गत जम्मा ६८० वटा प्रश्न र तिनका उत्तर समावेश गरिएको छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनको क्षेत्र बृहत् भएको हुँदा सम्पूर्ण विषयलाई समावेश गर्न नसकिए तापनि निर्वाचनसम्बन्धी सबै विषय क्षेत्रलाई समेट्ने गरी प्रश्न र उत्तर तयार गर्ने प्रयास गरिएको छ । आर्थिक वर्ष २०७६/७७ मा निर्वाचनसम्बन्धी बारम्बार सोधिने प्रश्न र उत्तर तयार पार्ने उद्देश्यले कार्य सुरु भएकामा हाल निर्वाचन प्रश्नोत्तरका स्वरूपमा प्रस्तुत सँगालो प्रकाशन भएको छ ।

निर्वाचन प्रश्नोत्तर तयारीका क्रममा आयोगमा कार्यरत कर्मचारीहरूबाट प्रश्नहरू सङ्कलन गरी आयोगका पदाधिकारीहरूबाट प्राप्त सुझाव तथा निर्देशनबमोजिम परिमार्जन गरी प्रश्नलाई अन्तिम रूप दिइएको थियो । प्रश्नको उत्तर तयार गर्ने क्रममा आयोगमा उपलब्ध विभिन्न पुस्तक, प्रतिवेदन तथा अन्य पाठ्य सामग्रीका साथै इन्टरनेटमा उपलब्ध सामग्रीको समेत प्रयोग गरिएको छ । यस कार्यमा आयोगका साझेदार संस्थाहरूबाट समेत उल्लेखनीय सहयोग प्राप्त भएको छ । निर्वाचन प्रश्नोत्तर तयार पार्ने क्रममा सम्पादक मण्डललाई प्राप्त महत्त्वपूर्ण सल्लाह, सुझाव र निर्देशनका लागि प्रमुख निर्वाचन आयुक्तज्यू, निर्वाचन आयुक्तज्यूहरू र सचिवज्यूप्रति सम्पादक मण्डल हार्दिक आभार व्यक्त गर्दछ । समयसमयमा प्राप्त सुझाव र सहयोगका लागि

आयोग सचिवालयका कर्मचारीहरू र आयोगका विकास साझेदार संस्थाहरूप्रति पनि सम्पादक मण्डल आभारी छ ।

निर्वाचनसम्बन्धी विषयका अध्येता, शिक्षक, विद्यार्थी, अनुसन्धाता एवम् सबै जनसमुदाय र सङ्घसंस्थाहरूका लागि यो सँगालो उपयोगी हुने विश्वाससहित यसमा सामयिक सुधारका लागि पाठकवृन्दबाट बहुमूल्य सुझावको अपेक्षा गरिएको छ ।

सम्पादक मण्डल

विषय सूची

परिच्छेद - १	निर्वाचन इतिहास	१५
परिच्छेद - २	लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रणाली	७९
परिच्छेद - ३	संविधान, निर्वाचन कानुन र निर्वाचन विवाद निरूपण	९९
परिच्छेद - ४	निर्वाचन आयोग	१२९
परिच्छेद - ५	राजनीतिक दल दर्ता र नियमन	१७५
परिच्छेद - ६	मतदाता दर्ता, मतदाता नामावली र मतदाता परिचय पत्र	२०३
परिच्छेद - ७	निर्वाचन व्यवस्थापन	२३१
परिच्छेद - ८	राजनीतिक वित्त र निर्वाचन खर्च	३६५
परिच्छेद - ९	निर्वाचनमा प्रविधि र आमसञ्चार	३९५
परिच्छेद - १०	निर्वाचनका विविध पक्षहरू	४३३

परिच्छेद - १

निर्वाचन इतिहास

१.	निर्वाचन भन्नाले के बुझिन्छ ?	१५
२.	निर्वाचनका मुख्य सिद्धान्तहरू केके हुन् ?	१५
३.	निर्वाचन किन गरिन्छ ?	१६
४.	निर्वाचन कसरी सम्पन्न हुन्छ ?	१६
५.	निर्वाचनका विश्वव्यापी मान्यताहरू केके हुन् ?	१६
६.	विश्वमा निर्वाचनको प्रारम्भ कसरी भएको मानिन्छ ?	१७
७.	प्राचीन रोममा इम्पेरर (Emperor) को निर्वाचन कसरी हुन्थ्यो ?	१७
८.	आधुनिक निर्वाचनको प्रारम्भ विश्वको कुन मुलुकबाट भएको हो ?	१८
९.	प्रथम अमेरिकी राष्ट्रपति निर्वाचन कसरी भएको थियो ?	१८
१०.	अमेरिकी राष्ट्रपतिको निर्वाचन कसरी हुन्छ ?	१८
११.	इलेक्टोरल कलेज (Electoral College) भनेको के हो ?	१९
१२.	इलेक्टोरल कलेज (Electoral College) किन गठन गरिन्छ ?	१९
१३.	विश्वमा सर्वप्रथम महिलालाई मताधिकार प्रदान गर्ने मुलुक कुन हो ?	२०
१४.	नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय कुन हो ?	२०
१५.	निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा कहिलेदेखि स्थापना गरियो ?	२०
१६.	नेपालको संविधान, २०१९ बमोजिम निर्वाचन आयोगको गठनसम्बन्धी व्यवस्था कस्तो रहेको थियो ?	२१
१७.	नेपालको संविधान, २०१९ बमोजिम निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार के रहेको थियो ?	२१
१८.	निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा स्थापना गर्नुपूर्व विभिन्न तहका पञ्चायतको निर्वाचनसम्बन्धी व्यवस्था कस्तो रहको थियो ?	२१
१९.	निर्वाचन आयोग नेपालको पहिलो प्रमुख निर्वाचन आयुक्त को हुन् ?	२२
२०.	नेपालको इतिहासमा पहिलो निर्वाचन कहिले भएको थियो ?	२३
२१.	नेपालको पहिलो निर्वाचित निकाय काठमाडौं म्युनिसिपालिटीको गठनसम्बन्धी व्यवस्था कस्तो थियो ?	२३
२२.	नेपालमा महिलाहरूले कहिलेदेखि आफ्नो मताधिकार प्रयोग गर्न पाएका थिए ?	२३
२३.	नेपालको प्रथम निर्वाचित महिला जनप्रतिनिधि को हुन् ?	२४

२४. नेपाल अधिराज्यको संविधान, २०१५ मा कस्तो संसद्को व्यवस्था गरिएको थियो ? २४

२५. बालिग मताधिकारका आधारमा नेपालमा पहिलो आमनिर्वाचन कहिले भएको थियो ? २४

२६. वि.सं. २०१५ सालको आमनिर्वाचनमा सहभागी राजनीतिक दल तथा उम्मेदवारको मतपरिणामको अवस्था कस्तो थियो ? २५

२७. नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री को हुन् ? २५

२८. नेपालको पहिलो निर्वाचित महिला सांसद को हुन् ? २६

२९. वि.सं. २०१५ सालको आमनिर्वाचनमा निर्वाचन प्रचारप्रसारको व्यवस्थापन कसरी गरिएको थियो ? २६

३०. नेपालमा राष्ट्रिय जनमत सङ्ग्रह कहिले भएको थियो ? २७

३१. वि.सं. २०३७ मा सम्पन्न भएको राष्ट्रिय जनमत सङ्ग्रहको सञ्चालन एवं व्यवस्थापन कसरी भएको थियो ? २७

३२. नेपालमा सम्पन्न राष्ट्रिय जनमत सङ्ग्रहको मतपरिणाम कस्तो रहेको थियो ? २७

३३. नेपालको संविधान, २०१९ बमोजिम राष्ट्रिय पञ्चायतको गठन कसरी हुन्थ्यो ? २८

३४. बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायत सदस्यको पहिलो निर्वाचन कहिले भएको थियो ? २८

३५. राष्ट्रिय पञ्चायतको निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र कसरी निर्धारण गरिएको थियो ? २९

३६. राष्ट्रिय पञ्चायतको अन्तिम निर्वाचन कहिले भएको थियो ? २९

३७. नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभा गठनसम्बन्धी कस्तो व्यवस्था थियो ? २९

३८. नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम राष्ट्रिय सभाको गठन कसरी हुने व्यवस्था गरिएको थियो ? ३०

३९. नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि पहिलोपटक प्रतिनिधि सभा सदस्यको निर्वाचन कसरी सम्पन्न भएको थियो ? ३०

४०. वि.सं. २०४८ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ? ३१

४१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ? ३१

४२. वि.सं. २०४८ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदाता नामावलीसम्बन्धी व्यवस्था कस्तो थियो ? ३२

४३. वि.सं. २०४९ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ? ३२

४४. वि.सं. २०४९ सालमा सम्पन्न भएको जिल्ला विकास समितिको निर्वाचन कसरी सम्पन्न भएको थियो ? ३३

४५. वि.सं. २०५१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ३३

४६. वि.सं. २०५१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ? ३४

४७. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ? ३४

४८. वि.सं. २०५४ को गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ? ३५

४९. वि.सं. २०५६ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ३५

५०. वि.सं. २०५६ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ? ३६

५१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ? ३७

५२. वि.सं. २०६२ मा नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ? ३७

५३. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संविधान सभाको गठनसम्बन्धी व्यवस्था कस्तो थियो ? ३७

५४. संविधान सभा सदस्य निर्वाचनका लागि निर्वाचन क्षेत्रको निर्धारण कसरी गरिएको थियो ? ३८

५५. नेपालमा पहिलोपटक संविधान सभा सदस्य निर्वाचन कसरी भएको थियो ? ३९

५६. संविधान सभा सदस्य निर्वाचन, २०६४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ३९

५७. वि.सं. २०६४ मा सम्पन्न संविधान सभा सदस्य निर्वाचनको मतपरिणाम कस्तो थियो ? ४०

५८. अर्को संविधान सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ४२

५९. अर्को संविधान सभा सदस्य निर्वाचनको व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ४२

६०. अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ४३

६१. अर्को संविधान सभा सदस्य निर्वाचनको मतपरिणाम कस्तो रहेको थियो ? ४३

६२. नेपालको संविधान जारी भएपछि स्थानीय तहको पुनर्संरचना कसरी भएको थियो ? ४५

६३. स्थानीय तह निर्वाचन, २०७४ मा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ४६

६४. स्थानीय तह निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ४६

६५. स्थानीय तह निर्वाचन, २०७४ को मतपरिणाम कस्तो रहेको थियो ? ४७

६६. नेपालको संविधान जारी भएपछि प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि क्षेत्र निर्धारण कसरी भएको थियो ? ४८

६७. वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ४९

६८. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ५०

६९. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ५०

७०. वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ५१

७१. वि.सं. २०७४ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचन कसरी सम्पन्न भएको थियो ? ५२

७२. वि.सं. २०७४ मा प्रदेश नं.१ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ५२

७३. प्रदेश नं.१ मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ५२

७४. वि.सं. २०७४ मा प्रदेश नं.१ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ५३

७५. वि.सं. २०७४ मा प्रदेश नं.२ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ५४

७६. प्रदेश नं.२ मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ५४

७७. वि.सं. २०७४ मा प्रदेश नं.२ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ५४

७८. वि.सं. २०७४ मा प्रदेश नं.३ (बाग्मती)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ५५

७९. प्रदेश नं.३ (बाग्मती)मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ५६

८०. वि.सं. २०७४ मा प्रदेश नं.३ (बाग्मती)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ५६

८१. वि.सं. २०७४ प्रदेश नं.४ (गण्डकी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ५७

८२. प्रदेश नं.४ (गण्डकी)मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ५८

८३. वि.सं. २०७४ मा प्रदेश नं.४ (गण्डकी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ५८

८४. वि.सं. २०७४ मा प्रदेश नं.५ (लुम्बिनी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ५९

८५. प्रदेश नं.५ (लुम्बिनी)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६०

८६. वि.सं. २०७४ मा प्रदेश नं.५ (लुम्बिनी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ६०

८७. वि.सं. २०७४ मा प्रदेश नं.६ (कर्णाली)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ६१

८८. प्रदेश नं.६ (कर्णाली)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६१

८९. वि.सं. २०७४ मा प्रदेश नं.६ (कर्णाली)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ६२

९०. वि.सं. २०७४ मा प्रदेश नं.७ (सुदूर पश्चिम)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ६२

९१. प्रदेश नं.७ (सुदूर पश्चिम)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६३

९२. वि.सं. २०७४ मा प्रदेश नं.७ (सुदूर पश्चिम)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ६३

९३. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ? ६४

९४. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ६५

९५. राष्ट्रिय सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६५

९६. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ६६

९७. नेपालमा राष्ट्रपतिको पहिलो निर्वाचन कसरी सम्पन्न भएको थियो ? ६६

९८. राष्ट्रपति निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ६७

९९. राष्ट्रपतिको निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६७

१००. उपराष्ट्रपति निर्वाचन २०७४ कसरी सम्पन्न भएको थियो ? ६७

१०१. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ कहिले सम्पन्न भएको थियो ? ६८

१०२. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ? ६८

१०३. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ? ६९

१०४. वि.सं. २०७६ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ? ६९

१०५. नेपालमा हालसम्म बालिग मताधिकारका आधारमा सम्पन्न भएका राष्ट्रिय स्तरका निर्वाचनहरू कुनकुन हुन् ? ७०

१०६. नेपालमा हालसम्म सम्पन्न भएका म्युनिसिपालिटी, नगरपालिका, गाउँ तथा नगर पञ्चायत, गा.वि.स. तथा नगरपालिका, जिल्ला सभा तथा जिल्ला विकास समिति र स्थानीय तह निर्वाचनहरू कुनकुन हुन् ? ७१

१०७. नेपालमा सम्पन्न भएका प्रतिनिधि सभाका निर्वाचनमा निर्वाचित सदस्यहरूको लैङ्गिक प्रतिनिधित्व कस्तो रहेको थियो ? ७३

१०८. नेपालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनमा निर्वाचित सदस्यहरूको लैङ्गिक प्रतिनिधित्व कस्तो रहेको थियो ? ७४

१०९. नेपालमा समानुपातिक निर्वाचन प्रणालीको प्रचलन कहिलेदेखि सुरु भयो ? ७४

११०. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ मा निर्वाचित सदस्यहरूको लैङ्गिक प्रतिनिधित्व कस्तो रहेको थियो ? ७५

परिच्छेद - १
निर्वाचन इतिहास

१. निर्वाचन भन्नाले के बुझिन्छ ?

निर्वाचन भनेको जनता वा मतदाताको रोजाइका आधारमा प्रतिनिधि चयन गर्ने विधिसम्मत तरिका वा प्रक्रिया हो । निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गर्दछ । निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि हो । यो कुनै पनि देशका नागरिकले अभ्यास गर्ने सार्वभौम अधिकार भएकाले यसबाट आफूले रोजेको प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकार सुनिश्चित हुन्छ । यो यस्तो औपचारिक निर्णय प्रक्रिया हो जहाँ व्यक्ति वा समुदायले निर्वाचित हुन चाहने कुनै एक वा तोकिएको सङ्ख्यामा मतदान गरी छनोट गर्दछन् । व्यापक अर्थमा निर्वाचनले निरूपण गर्नुपर्ने कुनै विषय वा निर्णय गर्नुपर्ने कुनै विकल्पमा जनता वा मतदाताले आफ्नो मत जाहेर गरी कुनै विचार वा सिद्धान्त वा प्रणाली वा दल वा संस्था वा व्यक्ति वा व्यक्तिको समूहलाई छनोट गर्ने अवसर तथा अधिकार दिन्छ ।

२. निर्वाचनका मुख्य सिद्धान्तहरू केके हुन् ?

आवधिक निर्वाचन, विश्वव्यापी मताधिकार, समान मताधिकार, उम्मेदवार बन्न र निर्वाचित हुन पाउने अवसर र अधिकार, मतपत्रको गोपनीयता, मतदाताको मत गणना हुने सुनिश्चितता, सङ्गठनको स्वतन्त्रता, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा सार्वजनिक सरोकारका विषयमा सहभागी हुन पाउने अवसर र अधिकार निर्वाचनका मुख्य सिद्धान्तहरू हुन् । यसका अतिरिक्त निर्वाचनका सन्दर्भमा कानुनको शासनको प्रत्याभूति, विभेदबाट स्वतन्त्रता र कानुनका नजरमा समानता, महिला र पुरुषबिच समानता, सभा सम्मेलन गर्ने स्वतन्त्रता, अभियान सञ्चालन गर्ने स्वतन्त्रता, व्यक्तिको सुरक्षाको अधिकार, पारदर्शिता, सूचनाको अधिकार, प्रभावकारी कानुनी उपचारको अधिकार, निष्पक्ष र सार्वजनिक सुनुवाइको अधिकार, नागरिक अधिकारको कार्यान्वयनमा राज्यको जिम्मेवारी आदि विषयलाई पनि निर्वाचनको सिद्धान्तका रूपमा लिइन्छ ।

३. निर्वाचन किन गरिन्छ ?

शासकीय दृष्टिकोणबाट हेर्दा निर्वाचन जनताले निर्वाह गर्ने राजनीतिक भूमिका भएको हुनाले राज्यशक्तिको प्रयोगमा नागरिकलाई हिस्सेदार बनाई कुनै पनि मुलुकको राजनीतिक व्यवस्थालाई गतिशीलता प्रदान गर्न निर्वाचन गरिन्छ । यसका अतिरिक्त आफ्नो प्रतिनिधि चयन गर्न, जनताको अभिमत सङ्कलन गर्न, प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउन, लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत विकास, संवर्द्धन, सुदृढीकरण र निरन्तरता प्रदान गर्न, तथा सामूहिक निर्णय प्रक्रियालाई संस्थागत र मजबुत तुल्याई सरकारलाई जवाफदेही बनाउन निर्वाचन गरिन्छ ।

४. निर्वाचन कसरी सम्पन्न हुन्छ ?

विश्वका सबैजसो मुलुकमा आआफ्नो संविधान तथा कानुनमा कस्तो निर्वाचन प्रणाली र प्रक्रिया अपनाउने भन्ने व्यवस्था गरी सोहीबमोजिम निर्वाचन सम्पन्न गर्ने गरिन्छ । नेपालका सन्दर्भमा संविधान र निर्वाचनसम्बन्धी कानुनमा व्यवस्था भएअनुसार निर्वाचन मिति घोषणा, निर्वाचन कार्यक्रम सार्वजनिकीकरण, अन्तिम मतदाता नामावली प्रकाशन, उम्मेदवारको स्वतन्त्र मनोनयन, स्वच्छ र स्वतन्त्र प्रचारप्रसार, एक व्यक्ति एक मतका आधारमा गोप्य मतदान, वैधानिक तवरबाट मतगणना र परिणाम घोषणा जस्ता आधारभूत प्रक्रियाहरू पूरा गरी निर्वाचन सम्पन्न गरिन्छ ।

५. निर्वाचनका विश्वव्यापी मान्यताहरू केके हुन् ?

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ ले निर्वाचनमा सहभागिता, आवधिक र निष्पक्ष निर्वाचन, विश्वव्यापी र समान मताधिकार तथा गोप्य मतदानलाई निर्वाचनका मुख्य मान्यताका रूपमा अङ्गीकार गरेकाले यसलाई नै निर्वाचनका विश्वव्यापी मान्यताका रूपमा लिने गरिन्छ । जसअनुसार **निर्वाचनमा सहभागिताले** प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले आफूले चाहेको प्रतिनिधि चुन्न वा चुनिनका लागि तथा आफूद्वारा छानिएका प्रतिनिधिहरूमार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने सुनिश्चितता प्रदान गर्दछ । **आवधिक र निष्पक्ष निर्वाचनले** तत्कालको जनादेशलाई प्रतिनिधित्व गर्न निर्वाचन निश्चित समयमा हुनुपर्ने, निर्वाचनको प्रक्रिया निष्पक्ष र स्वतन्त्र हुनुपर्ने र निर्वाचनको विश्वसनीयता र वैधानिकतालाई सुनिश्चित गर्नुपर्ने विषयलाई स्पष्ट गर्दछ । **विश्वव्यापी र समान मताधिकारले** प्रत्येक नागरिकलाई उसको आस्था, जातीयता, लिङ्ग, शिक्षा, अशक्तता वा अन्य कुनै आधारमा कुनै भेदभाव नगरी समान मताधिकारलाई जोड दिंदै प्रत्येक मतको मूल्य समान हुने

कुरालाई सुनिश्चित गर्दछ । **गोप्य मतदान** प्रत्येक मतदाताको नैसर्गिक अधिकार भएको हुनाले यसले कुनै पनि मतदाताले आफूले गरेको मतदान गोप्य राख्न तथा अरूलाई थाहा नहुने गरी स्वतन्त्र मतदान गर्न पाउने अधिकारको प्रत्याभूति गर्दछ ।

६. विश्वमा निर्वाचनको प्रारम्भ कसरी भएको मानिन्छ ?

प्राचीन समयमा एथेन्सका पोप र रोमन सम्राटको छनोटका लागि प्रयोग गरिएको विधिलाई आधुनिक विश्व (१७ औँ शताब्दी) मा युरोप र उत्तर अमेरिकाका केही देशहरूले सरकारमा आफ्ना प्रतिनिधि छनोट गर्ने प्रक्रियाका रूपमा अवलम्बन गरेसँगै विश्वमा निर्वाचनको प्रारम्भ भएको मानिन्छ । मध्य युगमा कुनै एक व्यक्तिले समूह वा समुदायको प्रतिनिधित्व गर्ने अभ्यास रहेको भए तापनि व्यक्तिवादी अवधारणाको विकास भएपछि प्रत्येक व्यक्तिलाई एकाइका रूपमा स्वीकार गरी व्यक्तिको मताधिकारलाई स्थापित गरेको पाइन्छ ।

७. प्राचीन रोममा इम्पेरर (Emperor) को निर्वाचन कसरी हुन्थ्यो ?

इम्पेररको निर्वाचन १ अक्टोबर १२७३ मा फ्र्याङ्कफर्टमा सम्पन्न भएको थियो । यो निर्वाचन होली रोमन इम्पेररका लागि भएको थियो । इसाको १३ औँ शताब्दीतिर होली रोमन सम्राटको निर्वाचन सामान्यतया २ चरणबाट हुने गर्थ्यो । पहिलो चरणमा मुख्य Princes हरूको छनोट हुन्थ्यो भने दोस्रो चरणमा पहिलो चरणबाट चुनिएर आएका मुख्य Princes हरूको इलेक्टर्सले रोमन सम्राटको चयन गर्थे । प्रारम्भमा यस्तो मताधिकार प्राप्त ७ जना Princes हरू (Spiritual electors र secular electors) ले रोमन राजा निर्वाचित गर्थे । उनीहरूको मताधिकारका सम्बन्धमा विविध सिद्धान्त भएको पाइन्छ । Spiritual electors का रूपमा चुनिने Princes हरू धार्मिक नेताका रूपमा Cathedral chapters बाट र Secular electors का रूपमा चुनिने Princes हरू Hereditory रूपमा विभिन्न राज्यका सभा (House) बाट चुनिएर आउने व्यवस्था थियो । निर्वाचित राजा (सम्राट) लाई पोपले श्रीपेच लगाइदिन्थे । यसरी निर्वाचित भएका Holy Roman सम्राटलाई केही समयपश्चात् नै रोमन सम्राटका रूपमा राज्याभिषेक (Coronation) गरिन्थ्यो जो सामान्यतः जीवनपर्यन्त शासक बन्थे । सन् १३५६ मा रोमन सम्राट चार्ल्स चौथोले Golden Bull जारी गरे जसमा भविष्यमा निर्वाचित हुने राजा एवम् सम्राटको निर्वाचनका विधिबारे थप प्रस्ट पार्ने प्रयास भएको थियो ।

८. आधुनिक निर्वाचनको प्रारम्भ विश्वको कुन मुलुकबाट भएको हो ?

निर्वाचनको इतिहास केलाउँदा आधुनिक निर्वाचनको प्रारम्भका सम्बन्धमा विभिन्न मत प्रकट भए तापनि निर्वाचनका आधारभूत सिद्धान्तलाई अङ्गीकार गर्दै सम्पन्न भएको पहिलो आधुनिक निर्वाचन (Modern Election) भने प्रथम अमेरिकी राष्ट्रपतिको निर्वाचनलाई मानिन्छ । यस निर्वाचनले राष्ट्रपतिको निर्वाचन गर्नुका अतिरिक्त अमेरिकी संविधानको अनुमोदन र अमेरिकी कङ्ग्रेसको निर्वाचनसमेत गरेको थियो । निर्वाचित राष्ट्रपतिको पदावधि ४ वर्षलाई तोकी आवधिक निर्वाचनको प्रारम्भ भएको थियो । यसलाई नै आधुनिक निर्वाचनको प्रस्थान बिन्दु मान्न सकिन्छ ।

९. प्रथम अमेरिकी राष्ट्रपति निर्वाचन कसरी भएको थियो ?

सन् १७८८-१७८९ मा भएको प्रथम अमेरिकी राष्ट्रपतिको निर्वाचनले सन् १७८८ मा त्यहाँको संविधानलाई अनुमोदन र प्रथम संयुक्त राज्य अमेरिकाको कङ्ग्रेसको निर्वाचनसमेत गरी ३ प्रमुख कार्य एकैसाथ सम्पन्न गरेको थियो । यस निर्वाचनमा जर्ज वासिङ्टन प्रथम राष्ट्रपतिका रूपमा निर्वाचित भएका थिए भने जोन एडम्स उपराष्ट्रपतिमा निर्वाचित भएका थिए । यो निर्वाचन १७८८ डिसेम्बर १५ सोमबारदेखि १७८९ जनवरी १० शनिबारसम्म सञ्चालन भएको थियो । उक्त निर्वाचनमा Electoral Vote सङ्ख्या ६९ थियो । सर्वसम्मत रूपमा (६९ Electors ले) नै जर्ज वासिङ्टनलाई मतदान गरेका थिए । उनी दोस्रोपटकको राष्ट्रपतीय निर्वाचनमा समेत सर्वसम्मत राष्ट्रपति चुनिएका थिए ।

१०. अमेरिकी राष्ट्रपतिको निर्वाचन कसरी हुन्छ ?

सन् १७८८ मा अमेरिकी राज्यका संस्थापकहरूले इलेक्टोरल कलेजको पद्धति बसाले । अमेरिकी राष्ट्रपतीय निर्वाचनमा आम मतदाताले राष्ट्रपतिलाई प्रत्यक्ष मतदान गर्दैनन् । उनीहरूले Electoral College को निर्वाचन गर्दछन् । जुन दलको इलेक्टोरल कलेजमा बढी प्रतिनिधित्व हुन्छ, उही दलको राष्ट्रपतिको उम्मेदवार विजयी हुने बढी सम्भावना हन्छ । विभिन्न अमेरिकी स्टेट्स (राज्य) बाट निर्वाचित हुने इलेक्टोरल कलेजको सङ्ख्या निर्धारण गरिएको हुन्छ । स्टेट्सको जनसङ्ख्याका आधारमा प्रतिनिधि सङ्ख्या (Electoral College) फरकफरक हुन्छ । प्रत्येक राज्यबाट मतदाताले सिनेट (Senate) र अमेरिकी कङ्ग्रेस (Congress) का लागि मतदान गर्छन् । अमेरिकी निर्वाचनमा Popular Vote बढी

तर Electoral College मा कम प्रतिनिधित्वका कारण राष्ट्रपतीय निर्वाचनमा पराजय पनि हुन सक्ने देखिन्छ ।

११. इलेक्टोरल कलेज (Electoral College) भनेको के हो ?

निर्वाचित जनप्रतिनिधिहरू नै मतदाता भएर कुनै प्रतिनिधिको निर्वाचन गर्न मतदाताका रूपमा तोकिएको समूहलाई इलेक्टोरल कलेज (निर्वाचक मण्डल) भनिन्छ । अमेरिकी राष्ट्रपतिको निर्वाचन इलेक्टोरल कलेजको अवधारणाबमोजिम हुने गरेको छ । यस्तो निर्वाचन विधिमा जनताको पपुलर मतलाई भन्दा देशको सबै भूभागको प्रतिनिधित्व र सहभागितालाई प्राथमिकता दिइने हुँदा यसले **एक व्यक्ति एक मतको** सिद्धान्तलाई कमजोर बनाउँछ । यस विधिमा निर्वाचित हुने उम्मेदवारलाई सबै बालिग मतदाताले प्रत्यक्ष रूपमा आफैँ मतदान गर्न पाउँदैनन् । आफूले मत दिएर निर्वाचक मण्डलमा पठाएको व्यक्तिले दिएको मत नै आफ्नो मत हो भन्ने बाध्यता मतदातालाई हुन्छ । यसमा धेरै पपुलर मत पाउने उम्मेदवार पनि पराजित हुन सक्ने तथा निर्वाचक मण्डलमा प्रतिनिधित्व गर्ने व्यक्तिबाहेक अरूको आम मतलाई वेवास्ता गरिने हुँदा यसलाई अप्रत्यक्ष निर्वाचनका रूपमा बुझ्ने गरिन्छ ।

१२. इलेक्टोरल कलेज (Electoral College) किन गठन गरिन्छ ?

भौगोलिक जटिलता, जातीय विविधता र जनसाङ्खिक वितरणको उचित सम्बोधन गरी निश्चित पद वा स्थानमा आफ्ना प्रतिनिधिमार्फत निर्वाचन गर्न इलेक्टोरल कलेज (निर्वाचक मण्डल) को गठन गरिन्छ । निर्वाचक मण्डलमार्फत निर्वाचन गर्ने परम्परा जर्मनीबाट सुरु भएको देखिन्छ । आधुनिक विश्वका धेरै देशमा राज्य प्रमुखको निर्वाचनका लागि निर्वाचक मण्डल गठन गर्ने गरिन्छ । नेपालका सन्दर्भमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने व्यवस्था छ । त्यसै गरी राष्ट्रिय सभामा निर्वाचित हुने ५६ जना सदस्यको निर्वाचन प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डलद्वारा गरिन्छ । नेपालको संविधान तथा कानुनले स्पष्ट रूपमा उल्लेख नगरे तापनि जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहेको जिल्ला सभाबाट निर्वाचित हुने जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरूको निर्वाचन पनि यस्तै प्रक्रियाबाट भएको मान्न सकिन्छ ।

१३. विश्वमा सर्वप्रथम महिलालाई मताधिकार प्रदान गर्ने मुलुक कुन हो ?

विश्वमा निर्वाचनको प्रारम्भ भएसँगै महिला र पुरुषलाई समान मताधिकार प्रदान गरिएको पाइँदैन । सन् १८६९ मा अमेरिकामा सम्पन्न स्थानीय, प्रान्तीय वा कुनै क्षेत्र विशेषको निर्वाचनमा महिलाहरूलाई मताधिकार प्रदान गरेको पाइन्छ । तर राष्ट्रिय निर्वाचनमा भने सर्वप्रथम महिलालाई मताधिकार प्रदान गर्ने मुलुक न्युजिल्यान्ड हो । न्युजिल्यान्डमा सन् १८९३ मा महिलालाई मताधिकार प्रदान गरिएको थियो । हाल विश्वका सबैजसो देशहरूमा समान मताधिकारको प्रत्याभूति गरिएको पाइन्छ ।

१४. नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय कुन हो ?

सामान्यत निर्वाचन व्यवस्थापनसम्बन्धी काम कारबाहीको जिम्मेवारी प्राप्त निकायलाई निर्वाचन व्यवस्थापन निकायका रूपमा लिने गरिन्छ । नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग हो । नेपालको संविधानको धारा २४६ बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने तथा संविधान र सङ्घीय कानुनबमोजिम राष्ट्रिय महत्त्वका विषयमा जनमत सङ्ग्रह गराउने जिम्मेवारी निर्वाचन आयोगको रहेको छ ।

१५. निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा कहिलेदेखि स्थापना गरियो ?

नेपालको अन्तरिम शासन विधान, २००७ ले निर्वाचनका निम्ति मताधिकारीहरूको नामावली तयार गर्ने, निर्वाचन गराउने र निर्वाचनका मुद्दा हेर्ने निर्वाचन अदालत नियुक्त गर्नेसमेत अधिकार दिई निर्वाचन आयोगको व्यवस्था गर्न सकिने साथै उक्त आयोगमा एक जना प्रधान निर्वाचन कमिस्नर र श्री ५ ले तोकेबमोजिमका अरू कमिस्नर रहने व्यवस्था गरेको थियो । वि.सं. २०१५ फागुन १ गते जारी भएको नेपाल अधिराज्यको संविधानले मतदाता नामावली तयार गर्ने र निर्वाचनको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेसमेतको काम श्री ५ को स्वविवेकले नियुक्त एक निर्वाचन आयोगमा निहित रहने व्यवस्था गऱ्यो । त्यसै गरी वि.सं. २०१९ पुस १ गते जारी भएको नेपालको संविधानले निर्वाचन आयोगसम्बन्धी कुनै व्यवस्था गरेको थिएन । वि.सं. २०२३ माघ १४ गते नेपालको संविधान, २०१९ मा भएको पहिलो संशोधनले निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा स्थापना गऱ्यो । त्यसपछिका सबै संविधानहरूले निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा निरन्तरता दिँदै आएका छन् ।

१६. नेपालको संविधान, २०१९ बमोजिम निर्वाचन आयोगको गठनसम्बन्धी व्यवस्था कस्तो रहेको थियो ?

नेपालको संविधान, २०१९ को पहिलो संशोधनले नेपालमा एक निर्वाचन आयोग हुने संवैधानिक व्यवस्था गऱ्यो । जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारण गरेबमोजिमको सङ्ख्यामा अन्य निर्वाचन आयुक्त रहने व्यवस्था थियो । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्तिका सम्बन्धमा श्री ५ ले चाहेमा राजसभासँग परामर्श गर्न सक्ने प्रावधान राखिएको थियो । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था गरी निर्वाचन आयोगको गठन र सञ्चालनसम्बन्धी व्यवस्थालाई स्पष्ट गरिएको थियो ।

१७. नेपालको संविधान, २०१९ बमोजिम निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार के रहेको थियो ?

नेपालको संविधान, २०१९ को पहिलो संशोधनले व्यवस्था गरेको निर्वाचन आयोगलाई वि.सं. २०३२ माघ २६ गते संविधानमा भएको दोस्रो संशोधनले आयोगको काम, कर्तव्य र अधिकार तोकेको थियो । त्यसअनुसार विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक सङ्गठनहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, राष्ट्रिय पञ्चायतको कुनै सदस्य तोकिएको योग्यतारहित छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा श्री ५ लाई अन्तिम निर्णयका लागि परामर्श दिने, निर्वाचन विशेष अदालत गठन र त्यसका सदस्यहरूको नियुक्ति वा मनोनयनका सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने काम, कर्तव्य र अधिकारका अतिरिक्त संविधानमा लेखिएबाहेक निर्वाचन आयोगका अरू काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारित भएबमोजिम हुने व्यवस्था गरिएको थियो ।

१८. निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा स्थापना गर्नुपूर्व विभिन्न तहका पञ्चायतको निर्वाचनसम्बन्धी व्यवस्था कस्तो रहको थियो ?

वि.सं. २०२३ साल माघ २६ गते नेपालको संविधान, २०१९ को पहिलो संशोधन भई निर्वाचन आयोगलाई संवैधानिक निकायका रूपमा स्थापना गरेपश्चात् नेपालमा सबै आवधिक निर्वाचन आयोगले नै सञ्चालन गर्ने गरेको छ । आयोग संवैधानिक रूपमा स्थापना हुनुभन्दा अगाडि विभिन्न तहका पञ्चायतका निर्वाचन सञ्चालनमा एकरूपता

रहेको पाइँदैन । नगर पञ्चायत चुनाव, २०१९, जिल्ला पञ्चायत निर्वाचन, २०१९ तत्तत् ऐन र नियमावलीबमोजिम सम्पन्न भएका थिए । जिल्ला पञ्चायतको चुनाव जिल्ला सभाका सदस्यहरूमध्येबाट गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति र अरू ९ जना सदस्यहरू समेत गरी ११ जनाको कार्यकारिणी समिति रहने व्यवस्था थियो । वि.सं. २०२० सालमा गाउँ पञ्चायत ऐन, २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० जारी गरी सम्पन्न भएको गाउँ पञ्चायत निर्वाचनमा गोप्य मतदान गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गरिएको थियो । मतदाता हुनका लागि २१ वर्ष उमेर पूरा भएको हुनुपर्ने, प्रत्येक गाउँसभाको इलाकालाई ९ वडामा विभाजन गरी तोकिएका निर्वाचन अफिसरले प्रत्येक वडाका लागि छुट्टै मतदाता नामावली तयार गरेर सबैले देख्न सक्ने स्थानमा प्रकाशन गरी सोको जानकारी सबैलाई दिनुपर्ने, उम्मेदवारको निर्वाचन चिह्नका रूपमा निश्चित रङ तोकिने, मतदाताले मतदान पत्र पाएपछि गोप्य कोठामा गई आफूले रोजेको उम्मेदवारको निर्वाचन रङ उल्लेख भएको मतपेटिकामा मतदान पत्र खसाल्नुपर्ने व्यवस्था गरिएको थियो । प्रत्येक मतदान केन्द्रका लागि पोलिङ अफिसरको व्यवस्था गरिएको हुन्थ्यो । यसरी ९ ओटा वडाका गाउँ पञ्चायत सदस्यको निर्वाचन सम्पन्न हुन्थ्यो । प्रधानपञ्च र उपप्रधानपञ्चको उम्मेदवार गाउँ पञ्चायत सदस्यहरूमध्येबाट हुनुपर्ने र गाउँ पञ्चायत सदस्यहरू मतदाता भई प्रधानपञ्च र उपप्रधानपञ्चको चयन गर्नुपर्ने एवम् उम्मेदवार विजयी हुनका लागि पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्ने व्यवस्था थियो । पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद बिचमा रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचन हुने व्यवस्थासमेत थियो ।

गाउँ र नगर पञ्चायतको निर्वाचनमा जिल्ला पञ्चायतको रेखदेख रहने र जिल्ला पञ्चायतद्वारा नै आवश्यक कर्मचारी खटाउने व्यवस्था थियो । जिल्ला सभा र जिल्ला पञ्चायत निर्वाचनका लागि सम्बन्धित जिल्लाका बडाहाकिम वा मेजिस्ट्रेटलाई निर्वाचन अफिसर नियुक्त गर्ने व्यवस्था थियो ।

१९. निर्वाचन आयोग नेपालको पहिलो प्रमुख निर्वाचन आयुक्त को हुन् ?

वि.सं. २०२३ सालमा संवैधानिक अङ्गका रूपमा स्थापित निर्वाचन आयोगका पहिलो प्रमुख निर्वाचन आयुक्त सुरेन्द्रबहादुर बस्नेत हुन् । वि.सं. २००८ सालमा लालमोहोर सदर भएको जनप्रतिनिधित्व ऐनबमोजिम निर्वाचन प्रयोजनका लागि वि.सं. २००८ कार्तिक २६ गते राजा त्रिभुवनबाट सुवर्ण शमशेरलाई प्रधान निर्वाचन कमिस्नर र प्रद्युम्नलाल राजभण्डारीलाई निर्वाचन कमिस्नर पदमा नियुक्त गरिएको थियो ।

२०. नेपालको इतिहासमा पहिलो निर्वाचन कहिले भएको थियो ?

नेपालमा निर्वाचन प्रक्रियाको सुरुआत स्थानीय निकायको निर्वाचनबाटै भएको पाइन्छ । वि.सं. २००४ जेठ ३ मा मुलुकभर निर्वाचित नगरपालिका खडा गर्ने र त्यसमा मतदानबाट प्रतिनिधि छान्ने घोषणा भएबमोजिम वि.सं. २००४ साल जेठ २९ गते सम्पन्न भएको काठमाडौँ म्युनिसिपालिटीको निर्वाचन नै नेपालको इतिहासमा पहिलो निर्वाचन मानिन्छ । यसमा काठमाडौँका सहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैँ छान्नका लागि मताधिकारको प्रयोग गरेका थिए । यस निर्वाचनमा महिलाहरूले पनि भोट हाल्न पाउनुपर्छ भनी श्री ३ पद्म शमशेरसमक्ष माग राखे तापनि २१ वर्ष उमेर पूरा गरेका पुरुषहरूको नाम मात्र समावेश भएको मतदाता नामावली तयार गरी सोही आधारमा निर्वाचन सम्पन्न गरिएको थियो ।

२१. नेपालको पहिलो निर्वाचित निकाय काठमाडौँ म्युनिसिपालिटीको गठनसम्बन्धी व्यवस्था कस्तो थियो ?

काठमाडौँ म्युनिसिपालिटीलाई पूर्वमा धोबी खोला, पश्चिममा विष्णुमती, उत्तरमा महाराजगञ्ज र दक्षिणमा बाग्मती रहेको चार किल्लाभित्र २१ ओटा वडा कायम गरिएको थियो । प्रत्येक वडाबाट एकएक जना गरी निर्वाचित २१ जना सदस्य र सरकारले मनोनीत गर्ने १० जना सदस्य गरी जम्मा ३१ जना सदस्य रहने नगरपालिका बोर्डको व्यवस्था थियो । मनोनीत सदस्यहरूमध्येबाट सभापति र निर्वाचित सदस्यहरूमध्येबाट उपसभापति छनोट गर्ने व्यवस्था भएअनुसार गेहेन्द्र शमशेर थापा सभापति र शङ्करदेव पन्त उपसभापति छानिएका थिए ।

२२. नेपालमा महिलाहरूले कहिलेदेखि आफ्नो मताधिकार प्रयोग गर्न पाएका थिए ?

वि.सं. २००७ सालपछि स्थानीय निकायलाई जनप्रतिनिधिमूलक तथा जनमुखी बनाउन नगरपालिका कानुन तर्जुमा गरियो । यसबाट काठमाडौँ म्युनिसिपालिटीलाई साविकको २१ ओटा वडाको पुनर्संरचना गरी १८ ओटा वडा कायम गरियो । साथै काठमाडौँ म्युनिसिपालिटीको नाम काठमाडौँ नगरपालिका कायम गरियो । सोहीबमोजिम काठमाडौँ नगरपालिकामा वि.सं. २०१० भाद्र १७ गते निर्वाचन सम्पन्न गरियो । यस निर्वाचनमा २१ वर्ष उमेर पूरा गरेका महिला तथा पुरुषहरूको नाम मतदाता नामावलीमा समावेश गरिएको थियो । यसरी वि.सं. २०१० भाद्र १७ गते सम्पन्न भएको काठमाडौँ

नगरपालिकाको निर्वाचनबाट नेपालको निर्वाचन इतिहासमा महिलाहरूले उम्मेदवार बन्ने र मताधिकारको प्रयोग गर्ने अवसर प्राप्त गरेका हुन् ।

२३. नेपालको प्रथम निर्वाचित महिला जनप्रतिनिधि को हुन् ?

नेपालको प्रथम निर्वाचित महिला जनप्रतिनिधि साधनादेवी प्रधान हुन् । उनी वि.सं. २०१० साल भदौ १७ गते सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा वडा नं. ८ बाट उम्मेदवार भई निर्वाचित भएकी थिइन् । उक्त निर्वाचनमा वडा नं. ८ मा कुल ४११३ अर्थात् ५३ प्रतिशत मत खसेको थियो । जसमध्ये २४५५ अर्थात् खसेको मतको ५९.६८ प्रतिशत मत प्राप्त गरी साधनादेवी प्रधान निर्वाचित भएकी थिइन् ।

२४. नेपाल अधिराज्यको संविधान, २०१५ मा कस्तो संसद्को व्यवस्था गरिएको थियो ?

नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम पहिलोपटक संसदीय व्यवस्थाको स्थापना भयो । जसमा श्री ५ महाराजधिराज र महा सभा तथा प्रतिनिधि सभा नामका दुई सदनसहितको एक संसद् रहने व्यवस्था थियो । प्रतिनिधि सभामा प्रत्येक निर्वाचन क्षेत्रबाट गोप्य मतदानद्वारा निर्वाचित कुल १०९ जना सदस्य रहने व्यवस्था थियो । महा सभामा प्रतिनिधि सभाद्वारा निर्वाचित १८ जना र श्री ५ बाट मनोनीत हुने १८ जना गरी कुल ३६ जना सदस्य रहने व्यवस्था गरिएको थियो ।

२५. बालिग मताधिकारका आधारमा नेपालमा पहिलो आमनिर्वाचन कहिले भएको थियो ?

नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम स्थापना भएको संसद्को तल्लो सदन प्रतिनिधि सभाका लागि देशभर १०९ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकएक जना प्रतिनिधि सभा सदस्य निर्वाचन हुने व्यवस्था गरिएको थियो । यसरी स्थापना भएको प्रतिनिधि सभा सदस्यका लागि वि.सं. २०१५ साल फागुन ७ गते सुरु भई वि.सं. २०१६ साल वैशाख २१ गते सम्पन्न भएको निर्वाचन नै नेपालको इतिहासमा बालिग मताधिकारका आधारमा सम्पन्न भएको पहिलो आमनिर्वाचन हो । यस निर्वाचनमा २१ वर्ष उमेर पूरा गरी मतदाता नामावलीमा नाम समावेश भएका ४२,४६,४६८ नेपालका नागरिकहरू मतदाता रहेका थिए भने ४२.१८ प्रतिशत अर्थात् १७,९१,३०१ मतदाताले मतदान गरेका थिए ।

२६. वि.सं. २०१५ सालको आमनिर्वाचनमा सहभागी राजनीतिक दल तथा उम्मेदवारको मतपरिणामको अवस्था कस्तो थियो ?

वि.सं. २०१५ सालको आमनिर्वाचनमा ९ ओटा राजनीतिक दलका तर्फबाट ५१८ जना र स्वतन्त्र २६८ गरी कुल ७८६ जना उम्मेदवार रहेका थिए । जसमध्ये राजनीतिक दलका तर्फबाट १०५ र स्वतन्त्र ४ गरी जम्मा १०९ जना निर्वाचित भएका थिए । निर्वाचनमा भाग लिएका राजनीतिक दलको नाम तथा निर्वाचनको मतपरिणाम देहायअनुसार रहेको थियो :

राजनीतिक दल	उम्मेदवारी सङ्ख्या	निर्वाचित सङ्ख्या	प्राप्त मत
नेपाली काँग्रेस	१०८	७४	६६६८९८
नेपाल राष्ट्रवादी गोरखा परिषद्	८६	१९	३०५११८
संयुक्त प्रजातान्त्रिक पार्टी नेपाल	८६	५	१७७४०८
नेपाल कम्युनिस्ट पार्टी	४७	४	१२९१४२
नेपाल प्रजापरिषद् आचार्य गुट	४६	२	५३०३८
नेपाल प्रजापरिषद् मिश्र गुट	३६	१	५९८२०
तराई काँग्रेस	२१	०	३६१०७
नेपाली राष्ट्रिय काँग्रेस	२०	०	१२७०७
नेपाल प्रजातान्त्रिक महासभा	६८	०	५९८१६
स्वतन्त्र उम्मेदवार	२६८	४	२९१२४७
जम्मा	**७८६**	**१०९**	**१७९१३०१**

२७. नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री को हुन् ?

वि.सं. २०१५ साल फागुन ७ गते सुरु भई वि.सं. २०१६ साल वैशाख २१ गते सम्पन्न भएको नेपालको पहिलो आम निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट कुल १०९ जना प्रतिनिधि सभा सदस्यमध्ये ७४ सदस्य निर्वाचित भएका थिए । तत्कालीन प्रतिनिधि सभामा दुई तिहाइ सदस्य रहेको नेपाली काँग्रेसको संसदीय दलको नेता विश्वेश्वरप्रसाद कोइराला नेपालको प्रधानमन्त्रीमा नियुक्त भएका थिए । यसरी नियुक्त प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला नै नेपालको इतिहासमा पहिलो जननिर्वाचित प्रधानमन्त्री हुन् ।

२८. नेपालको पहिलो निर्वाचित महिला सांसद को हुन् ?

वि.सं. २०१५ साल फागुन ७ गते सुरु भई वि.सं. २०१६ साल वैशाख २१ गते सम्पन्न भएको नेपालको पहिलो आमनिर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट निर्वाचन क्षेत्र नम्बर ६६ डडेलधुराबाट उम्मेदवार भएकी द्वारिकादेवी ठकुरानी ३९०३ मत प्राप्त गरी विजयी भई सांसद भएकी थिइन् भने पहिलो आमनिर्वाचनपश्चात् गठन भएको मन्त्रिमण्डलमा उनी उपमन्त्री बनेकी थिइन् । द्वारिकादेवी ठकुरानी नै नेपालको पहिलो निर्वाचित महिला सांसद तथा मन्त्री हुन् ।

२९. वि.सं. २०१५ सालको आमनिर्वाचनमा निर्वाचन प्रचारप्रसारको व्यवस्थापन कसरी गरिएको थियो ?

वि.सं. २०१५ सालको आमनिर्वाचनमा तत्कालीन उपलब्ध सञ्चार माध्यमको एउटा सशक्त पक्ष समाचार पत्रहरूले निर्वाचन सुरु हुनुभन्दा तीन चार महिना अगाडिदेखि चुनाव प्रचारप्रसार गरेको पाइन्छ । सरकारी पक्षबाट रेडियो नेपालद्वारा चुनाव वार्ता तथा कलाकारहरूद्वारा गीतका माध्यमबाट आम मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्न अनुरोध गरिएको थियो । चुनाव प्रचारप्रसारको कार्य गाउँ, बस्ती र बजारहरूमा समेत गरिएको थियो । निर्वाचन सुरु हुनुभन्दा केही अगाडिदेखि निर्वाचन आयोगका तर्फबाट विभिन्न जिल्ला, बजारमा नमुना मतदान कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । प्रत्येक निर्वाचन क्षेत्रअन्तर्गतका विभिन्न स्थानमा पोस्टरहरू टाँसी मतदातालाई कसैको दबाबमा नपरी निर्भयी भई योग्य उम्मेदवारलाई मतदान गर्न आह्वान गर्नुका साथै मतदान कसरी गर्ने भन्नेबारे जानकारीसमेत प्रदान गरिएको थियो । निर्वाचनपूर्व करिब ९ महिनाअगाडिदेखि निर्वाचन सन्देश नामको पाक्षिक पत्रिका प्रकाशित गरी निर्वाचनसम्बन्धी सूचना एवम् जानकारी प्रदान गर्नुका साथै प्रचारप्रसार गरिएको थियो ।

राजनीतिक दलका उम्मेदवारहरूले आआफ्नो चुनाव चिह्नमा मतदान गर्न मतदातालाई आव्हान गर्न लोकलयमा आधारित गीत तयार गरी आआफ्नो निर्वाचन प्रचारप्रसार गरेको देखिन्छ । यस्ता गीतहरू सहर, गाउँ, बस्ती र टोलहरूमा गाउन लगाई प्रचारप्रसार गरेको पाइन्छ । राजनीतिक पार्टीहरूले आआफ्ना चुनावसम्बन्धी घोषणापत्र तथा स्वतन्त्र उम्मेदवारले आफूले गर्ने कार्य जनसमक्ष पेस गरेका थिए । प्रचारप्रसार कार्यका लागि माइक, पम्प्लेट र पोस्टरको प्रयोग गरिन्थ्यो । उम्मेदवारले आफ्नो हातका औँलामा निर्वाचन चिह्नको ट्याटुसमेत बनाई निर्वाचन प्रचारप्रसार गरेका थिए । उक्त निर्वाचनमा उम्मेदवारको निर्वाचन खर्चको सीमा रु. ५,०००।- तोकिएको थियो ।

३०. नेपालमा राष्ट्रिय जनमत सङ्ग्रह कहिले भएको थियो ?

वि.सं. २०३६ साल जेठ १० गते राजा वीरेन्द्रबाट नेपालमा नयाँ राजनीतिक व्यवस्थाका सम्बन्धमा नेपाली जनताले केकस्तो परिवर्तन चाहेका छन् सो विषयमा नेपाल अधिराज्यभर बालिग मताधिकारका आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने घोषणा भयो । यसरी गरिएको घोषणामा जनमत लिँदा हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार गर्दै जाने ? वा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ? भन्ने विषय उल्लेख भएबमोजिम सोको निरूपण गर्न जनमत सङ्ग्रह नियमावली, २०३६ बमोजिम राष्ट्रिय चुनाव आयोगले वि.सं. २०३६ साल चैत्र २० गते नेपालमा वि.सं. २०३७ साल वैशाख २० गते रोज ६ का दिन राष्ट्रिय जनमत सङ्ग्रह गराउने मिति तोकी सोही मितिमा राष्ट्रिय जनमत सङ्ग्रह सम्पन्न भएको थियो ।

३१. वि.सं. २०३७ मा सम्पन्न भएको राष्ट्रिय जनमत सङ्ग्रहको सञ्चालन एवं व्यवस्थापन कसरी भएको थियो ?

वि.सं. २०३७ साल वैशाख २० गते सम्पन्न भएको राष्ट्रिय जनमत सङ्ग्रहको सञ्चालन र व्यवस्थापन गर्न वि.स. २०३६ साल जेठ १६ गते भगवतीप्रसाद सिंहको अध्यक्षतामा १५ सदस्यीय राष्ट्रिय चुनाव आयोग गठन गरिएको थियो । जनमत लिने काम सम्पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुने व्यवस्था मिलाउने, सदस्यहरूलाई आवश्यकताअनुसार विभिन्न क्षेत्र र अञ्चलको काम गराउने तथा आफ्नो कार्य सञ्चालनका लागि आवश्यक नियमहरू बनाई श्री ५ समक्ष बुझाउने जिम्मेवारी पाएको यस आयोगले नै राष्ट्रिय जनमत सङ्ग्रहको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य सम्पादन गरेको थियो ।

३२. नेपालमा सम्पन्न राष्ट्रिय जनमत सङ्ग्रहको मतपरिणाम कस्तो रहेको थियो ?

सुधारिएको पञ्चायती व्यवस्था र बहुदलीय शासन व्यवस्थामध्ये कुनै एक रोज्ने विकल्प दिई वि.सं. २०३७ साल वैशाख २० गते सम्पन्न भएको राष्ट्रिय जनमत सङ्ग्रहमा २०३६ साल जेठ १० गतेसम्म २१ वर्ष उमेर पूरा भएकाहरूको मतदाता नामावलीमा नाम समावेश गरिएको थियो । कुल मतदाता सङ्ख्या ७१,९२,४५१ रहेकामा ४८,१३,४८६ (६६.९२ प्रतिशत) ले मतदान गरेका थिए । जम्मा खसेको मतमध्ये कुल सदर मत ४४,४१,४१७ (९२.२७ प्रतिशत) र बदर मत ३,७२,०६९ (७.७३ प्रतिशत) रहेको थियो । सदर मतमध्ये सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा २४,३३,४५२ (५४.७९ प्रतिशत)

मत र बहुदलीय व्यवस्थाको पक्षमा २०,०७,९६५ (४५.२१ प्रतिशत) मत प्राप्त भएको थियो ।

३३. नेपालको संविधान, २०१९ बमोजिम राष्ट्रिय पञ्चायतको गठन कसरी हुन्थ्यो ?

नेपालको संविधान, २०१९ ले पञ्चायती व्यवस्थामा व्यवस्थापिकाको सबभन्दा माथिल्लो तह राष्ट्रिय पञ्चायत हुने व्यवस्था गरेको थियो । उक्त संविधानमा तेस्रो संशोधन (वि.सं.२०३७) हुनुपूर्व राष्ट्रिय पञ्चायतमा १४ अञ्चलबाट प्रत्येक अञ्चल सभाले निर्वाचित गरेका ९० जना सदस्य, पाँच विभिन्न वर्गीय सङ्गठनहरू नेपाल किसान सङ्गठनबाट ४ जना, नेपाल युवक सङ्गठनबाट ४ जना, नेपाल महिला सङ्गठनबाट ३ जना, नेपाल मजदुर सङ्गठनबाट २ जना र नेपाल भुतपूर्व सैनिक सङ्गठनबाट २ जना गरी निर्वाचित हुने १५ जना सदस्य, स्नातकहरूमध्येबाट निर्वाचित ४ जना सदस्य र श्री ५ बाट मनोनीत सयकडा पन्ध्र प्रतिशतसमेत १२५ सदस्य रहेको राष्ट्रिय पञ्चायतको गठन हुने व्यवस्था थियो । राष्ट्रिय पञ्चायतका निर्वाचित सदस्यको पदावधि ६ वर्ष तोकी एक तिहाइ सदस्यको पदावधि क्रमश २, ४ र ६ वर्ष हुने गरी गोला प्रथाद्वारा कायम गरिएको थियो ।

३४. बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायत सदस्यको पहिलो निर्वाचन कहिले भएको थियो ?

वि.सं. २०३७ साल वैशाख २० गते सम्पन्न राष्ट्रिय जनमत सङ्ग्रहको परिणामबाट सुधारिएको पञ्चायती व्यवस्था विजयी भएपछि नेपालको संविधान, २०१९ मा वि.सं. २०३७ सालमा तेस्रो संशोधन भयो । यसअनुसार राष्ट्रिय पञ्चायतमा ७५ जिल्लाबाट बालिग मताधिकारका आधारमा निर्वाचित ११२ जना सदस्य र श्री ५ बाट मनोनीत २८ जना गरी कुल १४० जना सदस्य रहने राष्ट्रिय पञ्चातको व्यवस्था भएको थियो । यसैबमोजिम ७५ जिल्लाका निर्वाचन क्षेत्रबाट ११२ जना राष्ट्रिय पञ्चायत सदस्य निर्वाचित गर्न निर्वाचन आयोगबाट वि.सं. २०३८ साल वैशाख २७ गते सम्पन्न भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन नै बालिग मताधिकारका आधारमा भएको पहिलो राष्ट्रिय पञ्चायतको निर्वाचन हो ।

३५. राष्ट्रिय पञ्चायतको निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र कसरी निर्धारण गरिएको थियो ?

नेपालको संविधान, २०१९ (तेस्रो संशोधन) बमोजिम राष्ट्रिय पञ्चायतको निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र कायम गर्दा प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र कायम गरिएको थियो । जिल्लाको जनसङ्ख्यालाई आधारमा मानी ३७ जिल्लाबाट दुई जनाका दरले ७४ जना र बाँकी ३८ जिल्लाबाट १ जनाका दरले ३८ जना गरी कुल जम्मा ११२ जना राष्ट्रिय पञ्चायत सदस्य निर्वाचित हुने व्यवस्था गरिएको थियो । निर्वाचन प्रणालीका हिसाबले राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा एक निर्वाचन क्षेत्रबाट एक जना निर्वाचित हुने जिल्लाहरूमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (Fisrt Past The Post) बमोजिम र एक निर्वाचन क्षेत्रमा दुई सदस्य निर्वाचित हुने जिल्लाहरूमा एकमुष्ट मत प्रणाली (Block Vote System) बमोजिम हुने गरेको पाइन्छ ।

३६. राष्ट्रिय पञ्चायतको अन्तिम निर्वाचन कहिले भएको थियो ?

नेपालको संविधान, २०१९ (तेस्रो संशोधन) ले राष्ट्रिय पञ्चायतको निर्वाचन प्रत्येक पाँचपाँच वर्षमा हुने व्यवस्था गरेको थियो । यसअनुसार २०४३ साल वैशाख २९ गते भएको राष्ट्रिय पञ्चायतको निर्वाचन बालिग मताधिकारका आधारमा भएको दोस्रो तथा अन्तिम निर्वाचनका रूपमा रहेको छ । यो निर्वाचन सबै जिल्लामा एकै चरणमा सम्पन्न गर्ने गरी घोषणा गरिएको भए पनि २०४३ वैशाख २९ गते ७३ जिल्लामा, जेठ ५ गते स्याङ्जा र जेठ १२ गते कास्की जिल्लामा सम्पन्न भएको थियो । यस निर्वाचनमा कुल मतदाता ९०,३४,५८३, कुल उम्मेदवार १,५४८ र महिला उम्मेदवार ७३ जना रहेका थिए । यस निर्वाचनबाट गठन भएको राष्ट्रिय पञ्चायतको अवधि समाप्त नहुँदै बहुदलीय व्यवस्थाको पुनःस्थापना तथा राष्ट्रिय पञ्चायतको विघटन भएका कारणले यो नै राष्ट्रिय पञ्चायतको अन्तिम निर्वाचन हुन पुग्यो ।

३७. नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभा गठनसम्बन्धी कस्तो व्यवस्था थियो ?

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक व्यवस्थापिका हुने जसलाई संसद् भनिने व्यवस्था गरिएको थियो । प्रतिनिधि सभामा प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहने र निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय

जनगणनाबाट निश्चित भएको जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र एकभन्दा बढी रहने गरी कुल २०५ निर्वाचन क्षेत्र रहने संवैधानिक व्यवस्था रहेको थियो । अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्रदान गरिएको थियो । यसैबमोजिम तोकिएका निर्वाचन क्षेत्रबाट बालिग मताधिकारका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने २०५ जना सदस्य रहेको प्रतिनिधि सभाको गठन हुने व्यवस्था थियो ।

३८. नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम राष्ट्रिय सभाको गठन कसरी हुने व्यवस्था गरिएको थियो ?

नेपाल अधिराज्यको संविधान, २०४७ ले स्थायी सदनका रूपमा ६० सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गरेको थियो । राष्ट्रिय सभामा प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल सङ्क्रमणीय मतका आधारमा कानुनमा व्यवस्था भएअनुसार निर्वाचित हुने कम्तीमा तीन जना महिलासहित पैंतिस जना सदस्यहरू, प्रत्येक विकास क्षेत्रका स्थानीय निकाय गाउँ र नगरका प्रमुख र उपप्रमुख तथा जिल्ला विकास समितिका प्रमुख, उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचक मण्डलद्वारा तत्तत् विकास क्षेत्रबाट तीन जनाका दरले एकल सङ्क्रमणीय मतका आधारमा कानुनमा व्यवस्था भएअनुसार निर्वाचित हुने पन्ध्र जना सदस्यहरू तथा श्री ५ बाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट मनोनीत दशजना सदस्यहरू रहने व्यवस्था थियो । राष्ट्रिय सभाका सदस्यको पदावधि ६ वर्षको हुने र प्रत्येक एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक व्यवस्था रहेको थियो ।

३९. नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि पहिलोपटक प्रतिनिधि सभा सदस्यको निर्वाचन कसरी सम्पन्न भएको थियो ?

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि वि.सं. २०४८ वैशाख २९ गते पहिलोपटक प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भएको थियो । यो नेपालको संसदीय इतिहासमा दोस्रो र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि प्रतिनिधि सभाको पहिलो निर्वाचन थियो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा २० ओटा राजनीतिक दलबाट १,१२६ र २१९ स्वतन्त्र उम्मेदवार गरी जम्मा १,३४५ उम्मेदवारहरूले प्रतिस्पर्धा गरेका थिए । यस निर्वाचनमा कुल मतदाता सङ्ख्या

१,११,९१,७७७ रहेकामा ७२,९१,०८४ अर्थात् ६५.१५ प्रतिशत मतदान भएको थियो । यस निर्वाचनमा ७५ जिल्लाका २०५ निर्वाचन क्षेत्रबाट १/१ जना प्रतिनिधि सभा सदस्य बालिग मताधिकारका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएका थिए । प्रतिनिधि सभा सदस्यको पदावधि पाँच वर्ष हुने व्यवस्था थियो । यस निर्वाचनमा मतदानका लागि ७,३९१ मतदान केन्द्र र ६,६३० उपकेन्द्र निर्धारण गरिएका थिए ।

४०. वि.सं. २०४८ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ?

वि.सं. २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा २० ओटा राजनीतिक दलका तर्फबाट १,१२६ जना र स्वतन्त्र २१९ गरी कुल १,३४५ जना उम्मेदवार रहेका थिए । जसमध्ये राजनीतिक दलका तर्फबाट २०२ र स्वतन्त्र ३ गरी जम्मा २०५ जना निर्वाचित भएका थिए । राजनीतिक दलबाट निर्वाचित प्रतिनिधि सभा सदस्यको दलगत सङ्ख्या देहायअनुसार रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	निर्वाचित सङ्ख्या
१.	नेपाली काँग्रेस	११०
२.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	६९
३.	संयुक्त जनमोर्चा	९
४.	नेपाल सद्भावना पार्टी	६
५.	राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)	३
६.	नेपाल मजदुर किसान पार्टी	२
७	नेपाल कम्युनिस्ट पार्टी (प्रजातान्त्रिक)	२
८	राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)	१
९	स्वतन्त्र उम्मेदवार	३
	जम्मा	**२०५**

४१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ?

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ मा निर्वाचनमा सहभागी हुन ४४ ओटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकामा २० ओटा राजनीतिक दलले निर्वाचनमा भाग लिएका थिए । नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको

व्यवस्थाअनुसार कुनै राजनीतिक दलले प्रतिनिधि सभा सदस्य निर्वाचनमा खसेको मतको तीन प्रतिशत मत हासिल गर्न नसकी सो दल वा सङ्गठनको उम्मेदवार प्रतिनिधि सभामा निर्वाचित भएका खण्डमा सो व्यक्तिको अस्तित्व सङ्गठन वा दलका रूपमा नभई स्वतन्त्र रूपमा रहने व्यवस्था थियो । यसअनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनमा खसेको मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द), राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा), संयुक्त जनमोर्चा नेपाल र नेपाल सदभावना पार्टी गरी ६ ओटा दलले राजनीतिक दलको मान्यता प्राप्त गरेका थिए ।

४२. वि.सं. २०४८ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदाता नामावलीसम्बन्धी व्यवस्था कस्तो थियो ?

वि.सं. २०४८ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाल अधिराज्यको संविधान, २०४७ र अन्य कानुनमा व्यवस्था भएबमोजिम अठार वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई मतदाता नामावलीमा आफ्नो नाम रहेको निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्राप्त थियो । कानुनमा व्यवस्था भएबमोजिम निजको नाम निर्वाचन आयोगले तयार पारेको अन्तिम मतदाता नामावलीमा समावेश हुनुपर्ने व्यवस्था थियो । नेपालको निर्वाचनको इतिहासमा यही संविधानमा भएको व्यवस्थाबाट बालिग मताधिकारको उमेर २१ वर्षबाट १८ वर्ष कायम गरी वि.सं. २०४८ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा यसको पहिलो प्रयोग गरिएको थियो ।

४३. वि.सं. २०४९ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ?

वि.सं. २०४९ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन हुँदा ३,९९५ गाउँ विकास समिति र ३६ नगरपालिका रहेका थिए । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि निर्वाचन आयोगबाट सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सो जिल्लाको निर्वाचन अधिकृत नियुक्त गरी सम्पन्न भएको यस निर्वाचनमा देशभर ५,०७१ मतदान केन्द्र तथा उपकेन्द्र रहेका थिए भने करिब ४० हजार सुरक्षाकर्मी र करिब ५५ हजार कर्मचारी खटाइएको थियो । दुई चरणमा सम्पन्न भएको यस निर्वाचनमा पहिलो चरणमा २,०३० गाउँ विकास समिति र ११ नगरपालिकामा २०४९ जेठ १५ गते तथा दोस्रो चरणमा १,९६५ गाउँ विकास समिति र २५ नगरपालिकामा २०४९ जेठ १८ गते मतदान सम्पन्न भएको थियो । यस निर्वाचनमा १८ वर्ष उमेर पूरा गरेका र सम्बन्धित

क्षेत्रमा कम्तीमा एक वर्ष बसोबास गरेका नागरिकहरू मतदाता हुन पाउने व्यवस्था गरी यसैबमोजिम अन्तिम मतदाता नामावली तयार गरिएको थियो । यस निर्वाचनबाट गाउँ विकास समितितर्फ ४३,९४५ र नगरपालिका तर्फ ५९३ गरी कुल ४४,५३८ पदमा जनप्रतिनिधिहरू निर्वाचित भएका थिए ।

४४. वि.सं. २०४९ सालमा सम्पन्न भएको जिल्ला विकास समितिको निर्वाचन कसरी सम्पन्न भएको थियो ?

नेपाल अधिराज्यका ७५ जिल्लालाई विभिन्न पाँच समूहको क्षेत्रीय इलाकामा वर्गीकरण गरी एक जिल्लालाई कम्तीमा ९ (नौ) र बढीमा १७ (सत्र) इलाकामा विभाजन गरिएको थियो । प्रत्येक जिल्ला विकास समितिमा घटीमा ११ र बढीमा १९ जनासम्म रहेको निर्वाचित कार्यसमिति गठन गर्नुपर्ने व्यवस्था थियो । ७५ जिल्लाबाट एकएक जना सभापति र उपसभापति तथा ९२७ इलाका सदस्य गरी १,०७७ जना जनप्रतिनिधि निर्वाचित भएका थिए । यो निर्वाचन २०४९ साल असार १३ गते ५६ जिल्लामा र बाँकी जिल्लामा विभिन्न मितिमा सम्पन्न भएको थियो । यस निर्वाचनमा सम्बन्धित इलाकाका गाउँ तथा नगर परिषद्का सदस्यहरू मतदाता रहने व्यवस्था थियो भने इलाका सदस्यका लागि उम्मेदवार हुन सम्बन्धित इलाकाका गाउँ तथा नगर परिषद्को सदस्य भएको हुनु पर्दथ्यो । तर जिल्ला सभापति र उपभापतिको निर्वाचनमा सम्बन्धित जिल्लाका गाउँ तथा नगर परिषद् सदस्यहरू मतदाता रहने र आफूमध्येबाट सभापति र उपसभातिको निर्वाचन गर्ने व्यवस्था रहेको थियो । इलाका सदस्य, सभापति र उपसभापतिको निर्वाचनका लागि मतदान केन्द्र सम्बन्धित जिल्ला सदरमुकाममा नै तोकिएको थियो ।

४५. वि.सं. २०५१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि वि.सं. २०४८ सालमा निर्वाचित प्रतिनिधि सभाको पदावधि समाप्त नहुँदै वि.सं. २०५१ साल कार्तिक २९ गते पुनः दोस्रोपटक प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भएको थियो । यो नेपालको संसदीय इतिहासमा तेस्रो र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि प्रतिनिधि सभाको दोस्रो निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा ६५ ओटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएकामा २४ ओटा राजनीतिक दल मात्र निर्वाचनमा सहभागी भएका थिए । यस निर्वाचनमा राजनीतिक

दलबाट १,०५७ र ३८५ स्वतन्त्र उम्मेदवार गरी जम्मा १,४४२ उम्मेदवारहरूले प्रतिस्पर्धा गरेका थिए भने महिला उम्मेदवारको सङ्ख्या ८५ रहेको थियो । यस निर्वाचनमा कुल मतदाता सङ्ख्या १,२३,२७,३२९ रहेकामा ७६,२५,३४८ (६१.६८ प्रतिशत) मतदान भएको थियो भने ७३,८४,२७७ (९६.८४ प्रतिशत) मत सदर र २,४१,०७१ (३.१६ प्रतिशत) मत बदर भएको थियो । यस निर्वाचनमा मतदानका लागि ७,४१२ मतदान केन्द्र र ८,१९१ उपकेन्द्र निर्धारण गरिएका थिए । यस निर्वाचनमा ७ जना स्वतन्त्र उम्मेदवार समेत विजयी भएका थिए ।

४६. वि.सं. २०५१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ?

वि.सं. २०५१ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा २४ ओटा राजनीतिक दलका तर्फबाट १०५७ जना र स्वतन्त्र ३८५ गरी कुल १,४४२ जना उम्मेदवार रहेका थिए । जसमध्ये राजनीतिक दलका तर्फबाट १९८ र स्वतन्त्र ७ गरी जम्मा २०५ जना निर्वाचित भएका थिए । निर्वाचित प्रतिनिधि सभा सदस्यको दलगत सङ्ख्यात्मक विवरण देहायअनुसार रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	निर्वाचित सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	८८
२.	नेपाली काँग्रेस	८३
३.	राष्ट्रिय प्रजातन्त्र पार्टी	२०
४.	नेपाल मजदुर किसान पार्टी	४
५.	नेपाल सद्भावना पार्टी	३
६.	स्वतन्त्र उम्मेदवार	७
	जम्मा	**२०५**

४७. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ?

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ मा निर्वाचनमा सहभागी हुन ६५ ओटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकामा २४ ओटा राजनीतिक दलले

निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचनमा जम्मा खसेको मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने दलले मात्र राजनीतिक दलको मान्यता पाउने संवैधानिक व्यवस्थाबमोजिम नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, र नेपाल सदभावना पार्टी गरी चार ओटा दलले राजनीतिक दलको मान्यता प्राप्त गरेका थिए ।

४८. वि.सं. २०५४ को गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ?

वि.सं. २०५४ सालमा ३,९१३ गाउँ विकास समिति र ५८ नगरपालिकाको निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि निर्वाचन आयोगबाट सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सो जिल्लाको निर्वाचन अधिकृत नियुक्त गरी सम्पन्न भएको थियो । यस निर्वाचनमा देशभर ५,०६९ मतदान केन्द्र तथा ३१८ उपकेन्द्र रहेका थिए भने करिब २६,५०० कर्मचारी खटाइएको थियो । दुई चरणमा सम्पन्न भएको यस निर्वाचनमा पहिलो चरणमा सुदूर पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र पश्चिमाञ्चलका १,८२१ गाउँ विकास समिति, २३ नगरपालिका र १ उपमहानगरपालिकामा २०५४ साल जेठ ४ गते र दोस्रो चरणमा मध्यमाञ्चल तथा पूर्वाञ्चलका १ महानगरपालिका, २ उपमहानगपालिका, ३१ नगरपालिका र २,०९२ गाउँ विकास समितिमा २०५४ साल जेठ १३ गते मतदान सम्पन्न भएको थियो । यस निर्वाचनमा १८ वर्ष उमेर पूरा गरेका नागरिकहरू मतदाता हुन पाउने व्यवस्थाबमोजिम अन्तिम मतदाता नामावली तयार गरिएको थियो । यसबमोजिम देशभरमा १,२५,३८,२७३ मतदाता रहेका थिए । यस निर्वाचनबाट प्रत्येक गाउँ विकास समितिमा अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकामा प्रमुख र उपप्रमुखसहित प्रत्येक वडामा एक जना वडा अध्यक्ष र एक जना महिलासहित चार जना सदस्य निर्वाचित भएका थिए ।

४९. वि.सं. २०५६ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रतिनिधि सभा सदस्यको पदावधि निर्वाचन भएको मितिले पाँच वर्ष हुने व्यवस्था गरेबमोजिम वि.सं. २०५१ सालमा निर्वाचित प्रतिनिधि सभाको पदावधि वि.सं. २०५६ सालमा समाप्त भई वि.सं. २०५६ साल वैशाख २० गते र जेठ ३ गते गरी दुई चरणमा सम्पन्न भएको थियो । यो नेपालको संसदीय इतिहासमा चौथो र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि प्रतिनिधि सभाको तेस्रो

निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा १०० ओटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएकामा ४० ओटा राजनीतिक दल मात्र निर्वाचनमा सहभागी भएका थिए । यस निर्वाचनमा राजनीतिक दलबाट १,६०५ र ६३३ स्वतन्त्र उम्मेदवार गरी जम्मा २,२३८ उम्मेदवारहरूले प्रतिस्पर्धा गरेका थिए भने महिला उम्मेदवारको सङ्ख्या १४३ रहेको थियो । यस निर्वाचनमा कुल मतदाता सङ्ख्या १,३५,१८,८३९ रहेकामा ८८,९४,५६६ (६५.७९ प्रतिशत) मतदान भएको थियो भने ८६,४९,६६४ (९७.२५ प्रतिशत) मत सदर र २,४४,९०२ (२.७५ प्रतिशत) मत बदर भएको थियो । यस निर्वाचनमा मतदानका लागि ६,८२१ मतदान केन्द्र र १०,८५४ उपकेन्द्र निर्धारण गरिएको थियो ।

५०. वि.सं. २०५६ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम कस्तो रहेको थियो ?

वि.सं. २०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा ४० ओटा राजनीतिक दलका तर्फबाट १,६०५ जना र स्वतन्त्र ६३३ गरी कुल २,२३८ जना उम्मेदवार रहेका थिए । जसमध्ये सबै २०५ सदस्य नै राजनीतिक दलका तर्फबाट निर्वाचित भएका थिए । राजनीतिक दल तथा निर्वाचित प्रतिनिधि सभा सदस्यको दलगत सङ्ख्या देहायअनुसार रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	निर्वाचित सङ्ख्या
१.	नेपाली काँग्रेस	१११
२.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	७१
३.	राष्ट्रिय प्रजातन्त्र पार्टी	११
४.	नेपाल सद्भावना पार्टी	५
५.	राष्ट्रिय जनमोर्चा	५
६.	संयुक्त जनमोर्चा	१
७	नेपाल मजदुर किसान पार्टी	१
	जम्मा	**२०५**

५१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ बमोजिम दलको मान्यता प्राप्त गरेका राजनीतिक दल कुनकुन थिए ?

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ मा निर्वाचनमा सहभागी हुन १०० ओटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकामा ४० ओटा राजनीतिक दलले निर्वाचनमा उम्मेदवारी दिएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचनमा जम्मा खसेको मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने दलले मात्र राजनीतिक दलको मान्यता पाउने संवैधानिक व्यवस्थाबमोजिम नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा), राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) र नेपाल सदभावना पार्टी गरी ६ ओटा दलले राजनीतिक दलको मान्यता प्राप्त गरेका थिए ।

५२. वि.सं. २०६२ मा नगरपालिकाको निर्वाचन कसरी सम्पन्न भएको थियो ?

श्री ५ को सरकारको निर्णयबमोजिम ५८ ओटा नगरपालिकाको निर्वाचन सम्पन्न गर्न वि.सं. २०६२ माघ २६ गते मतदान हुने गरी निर्वाचन घोषणा गरियो । तत्कालीन राजनीतिक अवस्थामा प्रमुख राजनीतिक दलहरूको विरोधका बाबजुद निर्वाचन आयोगबाट सञ्चालन र व्यवस्थापन भएको यस निर्वाचनमा पर्याप्त सहभागिता नभएका कारण २२ ओटा नगरपालिकाहरूका सबै पदहरूमा निर्विरोध निर्वाचन भएको थियो । बाँकी ३६ ओटा नगरपालिकामा मिति २०६२ माघ २६ मा मतदान सम्पन्न भई ४३ जिल्लाका ५८ नगरपालिकाहरूमा प्रमुख र उपप्रमुखसहित ८०६ वडा अध्यक्ष, ८०६ महिला वडा सदस्य र २,४१८ अन्य वडा सदस्य गरी कुल ४,१४६ पदमा प्रतिनिधि निर्वाचित भएका थिए । यस निर्वाचनमा कुल १९,४२,९९९ मतदाता रहेका थिए । उक्त निर्वाचनमा जम्मा २२ दल र स्वतन्त्र गरी जम्मा २,९६७ जना उम्मेदवार रहेको र करिब २० प्रतिशत मतदान भएको थियो । वि.सं. २०६२/०६३ को राजनीतिक परिवर्तनपछि यो निर्वाचन बदर गरियो ।

५३. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संविधान सभाको गठनसम्बन्धी व्यवस्था कस्तो थियो ?

२०६२-०६३ को जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, बालिग मताधिकार, आवधिक निर्वाचन, कानुनको शासनलगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै, नेपाली

जनताको आफ्ना लागि आफैँ संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूतिसहित जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले संविधान सभाको गठनसम्बन्धी व्यवस्था गरेको थियो । संविधान जारी हुँदा संविधान सभामा मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ तथा मनोनीत १६ जना गरी ४२५ सदस्य रहने व्यवस्था भएकामा अन्तरिम संविधानमा पटकपटक संशोधन भई संविधान सभाको निर्वाचन हुनुपूर्व ६०१ सदस्य रहेको संविधान सभाको गठन हुने व्यवस्था गरियो । यसअनुसार प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फबाट निर्वाचित २४० जना, समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित ३३५ जना र मन्त्रिपरिषद्बाट मनोनीत २६ जना सदस्य रहने व्यवस्था थियो ।

५४. संविधान सभा सदस्य निर्वाचनका लागि निर्वाचन क्षेत्रको निर्धारण कसरी गरिएको थियो ?

नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याका आधारमा त्यस्ता जिल्ला र सदस्य सङ्ख्याबिचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भएबमोजिम दुई सय चालिस निर्वाचन क्षेत्र तथा समानुपातिक निर्वाचन प्रणालीका लागि सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र कायम गर्ने व्यवस्था गरेको थियो । साथै संविधान सभा सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले सर्वोच्च अदालतबाट सेवानिवृत्त न्यायाधीशको अध्यक्षतामा एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्न सक्ने संवैधानिक व्यवस्था गरिएको थियो । यसअनुसार निर्वाचन क्षेत्र निर्धारण आयोग गठन भई सोही आयोगबाट निर्वाचन क्षेत्र निर्धारण भयो । यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा समान जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा प्रत्येक प्रशासकीय जिल्लाको सिमाना, भौगोलिक अवस्था, जनसङ्ख्याको घनत्व, यातायातको सुविधा र त्यस्तो जिल्लामा बसोबास गर्ने बासिन्दाहरूको सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिई संविधान प्रारम्भ हुँदाका बखत निर्वाचन जिल्लामा कायम रहेका निर्वाचन क्षेत्रभन्दा कम नहुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने प्रावधानबमोजिम २४० निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो ।

५५. नेपालमा पहिलोपटक संविधान सभा सदस्य निर्वाचन कसरी भएको थियो ?

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी मिश्रित निर्वाचन प्रणालीअनुसार २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधान सभा सदस्य निर्वाचन नै नेपालको इतिहासमा पहिलो संविधान सभाको निर्वाचन थियो । यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत २४० सदस्य, समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत ३३५ सदस्यको निर्वाचन सम्पन्न भएको थियो । संविधान सभामा निर्वाचित ५७५ र नेपाल सरकार मन्त्रिपरिषद्बाट सिफारिस भई राष्ट्रपतिबाट मनोनीत हुने २६ जना गरी जम्मा ६०१ जना सदस्य रहने व्यवस्था थियो । निर्वाचनमा भाग लिने प्रयोजनका लागि ७४ राजनीतिक दलहरू निर्वाचन आयोगमा दर्ता भएकामा ५४ राजनीतिक दलका ३,१३० र स्वतन्त्र ८१६ गरी कुल ३,९४६ उम्मेदवारले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिस्पर्धा गरेका थिए । यस निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतमा न्याय परिषद्को स्वीकृति लिई न्यायाधीशलाई र निर्वाचन अधिकृतमा न्याय सेवा आयोगको परामर्श लिई नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई नियुक्ति गरिएको थियो ।

५६. संविधान सभा सदस्य निर्वाचन, २०६४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

संविधान सभा सदस्य निर्वाचन, २०६४ मा कुल मतदाता १,७६,११,८३२ रहेका थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतदानका लागि विभिन्न ४ ओटा मतपत्रको ढाँचा रहेको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फको मतदानका लागि एउटै मात्र ढाँचाको मतपत्र रहेको थियो । यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १,०८,६६,१३१ (६१.७० प्रतिशत) मतदान भएकामा १,०३,०६,१२० (९४.८५ प्रतिशत) मत सदर र ५,६०,०११ (५.१५ प्रतिशत) मत बदर भएको थियो । यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा १,११,४६,५४० (६३.२९ प्रतिशत) मतदान भएकामा १,०७,३९,०७८ (९६.३४ प्रतिशत) मत सदर र ४,०७,४६२ (३.६६ प्रतिशत) मत बदर भएको थियो ।

५७. वि.सं. २०६४ मा सम्पन्न संविधान सभा सदस्य निर्वाचनको मतपरिणाम कस्तो थियो ?

वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचन प्रयोजनका लागि ७४ ओटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५४ ओटा राजनीतिक दलका ३,१३० उम्मेदवारले भाग लिएका थिए भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ५५ ओटा दलले उम्मेदवारको बन्दसूची पेस गरेका थिए । निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ९ ओटा दल एवम् समानुपातिक प्रणालीतर्फ २५ ओटा दलको संविधान सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा ८१६ जना स्वतन्त्र उम्मेदवार रहेकामा २ जना निर्वाचित भएका थिए । संविधान सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित सङ्ख्या	समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी)	१२०	१००
२.	नेपाली काँग्रेस	३७	७३
३.	नेपाल कम्युनिस्ट पार्टी (ए.मा.ले.)	३३	७०
४.	मधेसी जनअधिकार फोरम, नेपाल	३०	२२
५.	तराई मधेस लोकतान्त्रिक पार्टी	९	११
६.	सदभावना पार्टी	४	५
७.	जनमोर्चा नेपाल	२	५
८.	नेपाल मजदुर किसान पार्टी	२	२

९.	राष्ट्रिय जनमोर्चा	१	३
१०.	राष्ट्रिय प्रजातन्त्र पार्टी	०	८
११.	नेपाल कम्युनिस्ट पार्टी (मा.ले.)	०	८
१२.	नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)	०	५
१३.	राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल	०	४
१४.	राष्ट्रिय जनशक्ति पार्टी	०	३
१५.	राष्ट्रिय जनमुक्ति पार्टी	०	२
१६.	नेपाल कम्युनिस्ट पार्टी (एकीकृत)	०	२
१७.	नेपाल सदभावना पार्टी (आ.)	०	२
१८.	नेपाली जनता दल	०	२
१९.	सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च	०	२
२०.	समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल	०	१
२१.	दलित जनजाति पार्टी	०	१
२२.	नेपाल परिवार दल	०	१
२३.	नेपाः राष्ट्रिय पार्टी	०	१
२४.	नेपाल लोकतान्त्रिक समाजवादी दल	०	१
२५.	चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल	०	१
२६.	स्वतन्त्र उम्मेदवार	२	०

५८. अर्को संविधान सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम गठन भएको पहिलो संविधान सभाबाट तोकिएको अवधिभित्र संविधान जारी हुन नसकी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७० साल जेठ ३० गतेको निर्णयअनुसार वि.सं. २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभाको निर्वाचन गर्न मिति तोकियो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा १३० ओटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएकामा १२२ ओटा राजनीतिक दल मात्र निर्वाचनमा सहभागी भएका थिए । यस निर्वाचनमा राजनीतिक दलबाट ४,४०७ पुरुष, ६०३ महिला र १ तेस्रो लिङ्गीसहित ५,०११ तथा स्वतन्त्रतर्फ १,०५० पुरुष र ६४ महिलासहित १,११४ गरी जम्मा ६,१२५ उम्मेदवारहरू प्रतिस्पर्धामा रहेका थिए । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ १२२ राजनीतिक दलबाट ५,९५५ पुरुष तथा ५,७९४ महिलासमेत ११,७४९ उम्मेदवारको बन्दसूची पेस भएको थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १० र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३० दलको अर्को संविधान सभामा प्रतिनिधित्व रहेको थियो ।

५९. अर्को संविधान सभा सदस्य निर्वाचनको व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० का लागि २४० निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ आयोगका सचिवलाई निर्वाचन अधिकृतमा नियुक्त गरी कार्यक्षेत्रमा खटाइएको थियो । मतदान कार्य व्यवस्थापनका लागि १८,७७५ मतदान अधिकृत र सोही सङ्ख्यामा सहायक मतदान अधिकृत, ५६,३२३ सहायक कर्मचारी, ८८,९४० स्वयम् सेवकसमेत जम्मा २,१७,४५६ जनशक्ति परिचालन गरिएको थियो । अर्को संविधान सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले मुलुकभर १८,७७५ मतदान केन्द्र निर्धारण गरेको थियो । यस निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ एक प्रकारको र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ २४० प्रकारका मतपत्रको व्यवस्था गरिएको थियो ।

६०. अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७० साल मङ्सिर ४ गते बिहान ७ बजेदेखि प्रारम्भ भई अपरान्ह ५ बजे सम्पन्न भएको यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १,२१,४७,८६५ मतदाता रहेकामा ९५,१६,७३४ अर्थात् ७८.३४ प्रतिशत मतदान भएको थियो भने ९०,४४,९०८ (९५.०४ प्रतिशत) मत सदर र ४,७१,८३६ (४.९६ प्रतिशत) मत बदर भएको थियो । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल ९७,७६,७०३ अर्थात् ७९.८२ प्रतिशत मतदान भएको थियो भने ९४,६३,८६२ अर्थात् ९६.८० प्रतिशत मत सदर र ३,१२,८४१ अर्थात् ३.२० प्रतिशत मत बदर भएको थियो ।

६१. अर्को संविधान सभा सदस्य निर्वाचनको मतपरिणाम कस्तो रहेको थियो ?

वि.सं. २०७० सालमा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ १० ओटा दल एवम् समानुपातिक प्रणालीतर्फ ३० ओटा दलको संविधान सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार २ जना निर्वाचित भएका थिए । संविधान सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दलको नाम	पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित सङ्ख्या	समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सङ्ख्या
१.	नेपाली काँग्रेस	१०५	९१
२.	नेपाल कम्युनिस्ट पार्टी (ए.मा.ले.)	९१	८४
३.	एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)	२६	५४
४.	राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल	०	२४
५.	राष्ट्रिय प्रजातन्त्र पार्टी	३	१०
६.	मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)	४	१०

७.	मधेसी जनअधिकार फोरम नेपाल	२	८
८.	तराई मधेस लोकतान्त्रिक पार्टी	४	७
९.	नेपाल कम्युनिस्ट पार्टी (मा.ले.)	०	५
१०.	सद्भावना पार्टी	१	५
११.	सङ्घीय समाजवादी पार्टी	०	५
१२.	राष्ट्रिय जनमोर्चा	०	३
१३.	नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)	०	३
१४.	नेपाल मजदुर किसान पार्टी	१	३
१५.	राष्ट्रिय मधेस समाजवादी पार्टी	०	३
१६.	नेपाल परिवार दल	०	२
१७.	राष्ट्रिय जनमुक्ति पार्टी	०	२
१८.	दलित जनजाति पार्टी	०	२
१९.	तराई मधेस सदभावना पार्टी नेपाल	१	२
२०.	थरुहट तराई पार्टी नेपाल	०	२
२१.	सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)	०	१
२२.	समाजवादी जनता पार्टी	०	१
२३.	नेपाली जनता दल	०	१
२४.	मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)	०	१
२५.	नेपाः राष्ट्रिय पार्टी	०	१
२६.	सङ्घीय सदभावना पार्टी	०	१
२७.	खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल	०	१
२८.	अखण्ड नेपाल पार्टी	०	१
२९.	जनजागरण पार्टी नेपाल	०	१

३०.	मधेस समता पार्टी नेपाल	०	१
३१.	स्वतन्त्र उम्मेदवार	२	

६२. नेपालको संविधान जारी भएपछि स्थानीय तहको पुनर्संरचना कसरी भएको थियो ?

नेपालको संविधान प्रारम्भ भएको मितिले ६ महिनाभित्र स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा तथा गाउँपालिका र नगरपालिकामा रहने वडाको सङ्ख्या र सिमाना निर्धारण गर्न नेपाल सरकारले एक आयोग गठन गर्नेछ र उक्त आयोगले नेपाल सरकारले निर्धारण गरेको मापदण्डबमोजिम गर्नेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम नेपाल सरकारको मिति २०७२ चैत्र १ गतेको निर्णयबमोजिम श्री बालानन्द पौडेलको अध्यक्षतामा स्थानीय तह पुनर्संरचना आयोगको गठन भयो । यस आयोगले नेपाल सरकारबाट उपलब्ध गराएका पुनर्संरचनाका सर्त तथा मापदण्ड, सन्निकटताको सिद्धान्त, इकोनोमिज अफ स्केल, स्थानीय तहको कार्य जिम्मेवारी, वित्तीय स्रोत परिचालन क्षमता तथा जनसङ्ख्या, भूगोल र आयका आधारमा स्थानीय तहको पुनर्संरचना गर्ने गरी आवश्यक कार्य प्रारम्भ गरेकामा विभिन्न चरणमा भएको छलफल र सुझावसमेतका आधारमा आयोगले मिति २०७३।०९।२२ मा ४८१ गाउँपालिका, २४६ नगरपालिका, १३ उपमहानगरपालिका र ४ महानगरपालिका गरी कुल ७४४ स्थानीय तहको सङ्ख्या र सिमाना कायम गरी अन्तिम प्रतिवेदन पेस गऱ्यो । आयोगले पेस गरेको प्रतिवेदनउपर बौद्धिक क्षेत्रमा मिश्रित प्रतिक्रिया र राजनीतिक क्षेत्रमा केही असन्तुष्टिहरू देखा परे । यसैबिच नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा स्थानीय तह निर्वाचनका साथै नेपाल सरकारबाट आयोगको प्रतिवेदनबमोजिम ७४४ स्थानीय तह कार्यान्वयनमा आएको घोषणा गरियो । यस निर्णयबाट स्थानीय तहको पुनर्संरचनाप्रति असन्तुष्ट केही राजनीतिक दलहरूले स्थानीय तहको पुनर्संरचनामा पुनरावलोकन नभएसम्म स्थानीय तहको निर्वाचनमा सहभागी नहुनेसम्मको अडान प्रस्तुत गरेपछि नेपाल सरकारको मिति २०७३।१२।२८ को निर्णयबाट तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा प्रमुख राजनीतिक दलका प्रतिनिधि सम्मिलित एक पुनरावलोकन समिति गठन गरी स्थानीय निर्वाचन र पुनरावलोकनको कार्यलाई सँगसँगै अगाडि बढाइयो । यसैअनुरूप उक्त समितिको सिफारिसमा नेपाल सरकारको मिति २०७४।२।८ को निर्णयबाट प्रदेश नम्बर २ मा नौ ओटा स्थानीय तह थप गरियो भने मिति २०७४।२।१७ को निर्णयानुसार विराटनगर र वीरगञ्ज उपमहानगरपालिकालाई महानगरपालिका घोषित गरियो । यसअनुसार ६ महानगरपालिका, १२

उपमहानगरपालिका, २७५ नगरपालिका र ४६० गाउँपालिका गरी कुल ७५३ स्थानीय तह र ६,७४३ वडा कायम गरियो ।

६३. स्थानीय तह निर्वाचन, २०७४ मा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान जारी भएपछि कायम भएका ७५३ स्थानीय तहको निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारको निर्णयअनुसार वि.सं. २०७४ साल वैशाख ३१ गते, असार १४ गते र असोज २ गते गरी तीन चरणमा सम्पन्न भयो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा ८० ओटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ता गराएकामा ५७ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । यस निर्वाचनमा राजनीतिक दलबाट ८३,८३६ पुरुष, ५६,४२७ महिला र २ तेस्रो लिङ्गीसहित १,४०,२६५ तथा स्वतन्त्रतर्फ ६,६८२ पुरुष र १,४१५ महिलासहित ८,०९७ गरी जम्मा १,४८,३६४ उम्मेदवारहरू प्रतिस्पर्धामा रहेका थिए । निर्वाचनमा भाग लिएका दलमध्ये १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रहेको छ ।

६४. स्थानीय तह निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

वि.सं. २०७४ मा सम्पन्न स्थानीय तह निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत भएको थियो । स्थानीय तह निर्वाचन २०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा सम्पन्न भएको थियो । पहिलो चरणमा ३४ जिल्लाका २८३ स्थानीय तह, दोस्रो चरणमा ३५ जिल्लाका ३३४ स्थानीय तह र तेस्रो चरणमा ८ जिल्लाका १३६ स्थानीय तहमा निर्वाचन गरिएको थियो । स्थानीय तह निर्वाचन, २०७४ का लागि ७७ मुख्य निर्वाचन अधिकृत र ६७६ निर्वाचन अधिकृत नियुक्त गरी कार्यक्षेत्रमा खटाइएको थियो । मतदान कार्य व्यवस्थापनका लागि १०,६४२ स्थलमा १८,५७३ मतदान केन्द्रका लागि १८,५७३ मतदान अधिकृत र सोही सङ्ख्यामा सहायक मतदान अधिकृतसहित करिब २ लाख ३५ हजार जनशक्ति परिचालन गरिएको थियो । यस निर्वाचनमा ६ प्रकारका मतपत्र प्रयोग गरिएको थियो जसमा सबैभन्दा सानो १८ लहरको र सबैभन्दा ठुलो ६८ लहरको मतपत्र रहेको थियो । निर्वाचनका क्रममा रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, घरदैलो कार्यक्रम, सडकनाटक, नमुना मतदानलगायतका कार्यक्रमबाट निर्वाचन तथा मतदाता शिक्षा एवम् निर्वाचन प्रचारप्रसार गरियो । यसका निम्ति १७ ओटा स्थानीय भाषामा निर्वाचन सूचना सामग्री

उत्पादन गरी मुलुकभर करिब २० हजार निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयम्सेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

६५. स्थानीय तह निर्वाचन, २०७४ को मतपरिणाम कस्तो रहेको थियो ?

नगरपालिकाका २९३ प्रमुख तथा २९३ उपप्रमुख र ४६० गाउँपालिकाका ४६० अध्यक्ष तथा ४६० उपाध्यक्ष, ६,७४३ वडा अध्यक्ष, ६,७४३ महिला वडा सदस्य, ६,७४३ दलित महिला वडा सदस्य र १३,४८६ अन्य वडा सदस्यसमेत जम्मा ३५,२२१ पदका लागि वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा १ वडा अध्यक्ष, १७६ दलित महिला वडा सदस्य, १ महिला वडा सदस्य र २ अन्य सदस्य गरी कुल १८० पदमा उम्मेदवारी नै नपरी खाली रहन गएको छ । स्थानीय तहको निर्वाचनमा जम्मा मतदाता १,४०,७४,४२४ रहेकामा १,०४,८९,२०४ (७४.५३ प्रशित) मतदान भएको थियो । यस निर्वाचनमा भाग लिएका दलहरूमध्ये १८ ओटा दलको प्रतिनिधित्व रहेको छ भने राजनीतिक दलका तर्फबाट ३४,८०८ तथा स्वतन्त्र २३३ गरी कुल ३५,०४१ जना प्रतिनिधि स्थानीय तहका विभिन्न पदमा निर्वाचित भएका थिए । स्थानीय तह सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दलको नाम	निर्वाचित सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (ए.मा.ले.)	१४,०९९
२.	नेपाली काँग्रेस	११,४५६
३.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	५,४४१
४.	सङ्घीय समाजवादी फोरम, नेपाल	१,४३९
५.	राष्ट्रिय जनता पार्टी नेपाल	१,१११
६.	मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)	२९५
७.	राष्ट्रिय प्रजातन्त्र पार्टी	२८५
८.	राष्ट्रिय जनमोर्चा	१८६
९.	नेपाल लोकतान्त्रिक फोरम	१६६
१०.	नयाँ शक्ति पार्टी, नेपाल	११०
११.	नेपाल मजदुर किसान पार्टी	९९
१२.	बहुजन शक्ति पार्टी	४२

१३.	नेपाली जनता दल	३९
१४.	राष्ट्रिय जनमुक्ति पार्टी	२०
१५.	राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिक	८
१६.	सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च	७
१७.	नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)	४
१८.	नेपाल परिवार दल	१
१९.	स्वतन्त्र उम्मेदवार	२३३
	जम्मा	**३५,०४१**

६६. नेपालको संविधान जारी भएपछि प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि क्षेत्र निर्धारण कसरी भएको थियो ?

नेपालको संविधानले नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने १६५ प्रतिनिधि सभा सदस्य तथा सोको दोब्बर सङ्ख्यामा हुन आउने प्रदेश सभा सदस्य रहने व्यवस्था गरेको छ । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभाका लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र र प्रदेश सभाका लागि सम्बन्धित प्रदेशलाई एक निर्वाचन क्षेत्र कायम गर्ने संवैधानिक व्यवस्था रहेको छ । प्रतिनिधि सभा सदस्य एवम् प्रदेश सभा सदस्य निर्वाचनका लागि भूगोल र जनसङ्ख्याका आधारमा सङ्घीय कानुनबमोजिम निर्वाचन क्षेत्र कायम हुने संवैधानिक प्रावधान रहेबमोजिम नेपाल सरकारको मिति २०७४ साल श्रावण ५ गतेको निर्णयबाट श्री कमलनारायण दासको अध्यक्षतामा नेपालको संविधानको धारा २८६ बमोजिम आयोगको गठन भई क्षेत्र निर्धारण भएको थियो । आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्या र भौगोलिक अनुकूलता, सो क्षेत्रको जनसङ्ख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवम् यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिई प्रत्येक जिल्लामा प्रतिनिधि सभा सदस्यका लागि कम्तीमा एक निर्वाचन क्षेत्र रहने गरी १६५ र प्रदेश सभाका लागि ३३० निर्वाचन क्षेत्र निर्धारण गरेको थियो । यसबमोजिम प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३५ जिल्लामा १ निर्वाचन क्षेत्र, २१ जिल्लामा २ निर्वाचन क्षेत्र, ७ जिल्लामा ३ निर्वाचन क्षेत्र, ९ जिल्लामा ४ निर्वाचन क्षेत्र, ३ जिल्लामा ५ निर्वाचन क्षेत्र, १ जिल्ला (मोरङ) मा ६ निर्वाचन क्षेत्र तथा १ जिल्ला

(काठमाडौँ) मा १० निर्वाचन क्षेत्र कायम गरिएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि प्रदेश सभा सदस्यतर्फ प्रदेश नं. १ मा ५६ निर्वाचन क्षेत्र, प्रदेश नं. २ मा ६४ निर्वाचन क्षेत्र, प्रदेश नं. ३ (बाग्मती प्रदेश) मा ६६ निर्वाचन क्षेत्र, प्रदेश नं. ४ (गण्डकी प्रदेश) मा ३६ निर्वाचन क्षेत्र, प्रदेश नं. ५ (लुम्बिनी प्रदेश) मा ५२ निर्वाचन क्षेत्र, प्रदेश नं. ६ (कर्णाली प्रदेश) मा २४ निर्वाचन क्षेत्र र प्रदेश नं. ७ (सुदूर पश्चिम प्रदेश) मा ३२ निर्वाचन क्षेत्र कायम भएका छन् ।

६७. वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधानले व्यवस्था गरेबमोजिम संविधान प्रारम्भ हुँदा कायम रहेको संविधान सभा संविधानको प्रारम्भपछि व्यवस्थापिका संसद्मा रूपान्तरण हुने र यस्तो व्यवस्थापिका संसद्को कार्यकाल वि.सं. २०७४ साल माघ ७ गतेसम्म रहने व्यवस्था गरेको थियो । यसबमोजिम निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगको परामर्शमा मिति २०७४ भदौ ५ गते नेपाल सरकारले वि.सं. २०७४ साल मङ्सिर १० गते एकै चरणमा निर्वाचन गर्ने गरी मिति तय गरेकामा पुनः २०७४ भदौ १४ गतेको निर्णयबमोजिम मङ्सिर १० र २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको संसदीय इतिहासमा पाँचौँ र गणतन्त्र स्थापनापछिको पहिलो प्रतिनिधि सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ९१ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ८८ ओटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४९ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रतिनिधि सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट १,४५२ र स्वतन्त्र ४९२ गरी कुल १,९४४ उम्मेदवार रहेका थिए । यसमध्ये महिला उम्मेदवारको सङ्ख्या १४६ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ९ ओटा दलले प्रतिनिधि सभामा प्रतिनिधित्व गरेका थिए । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ५ ओटा दलको प्रतिनिधि सभामा प्रतिनिधित्व रहेको थियो ।

६८. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ का लागि प्रतिनिधि सभा सदस्यतर्फ १६५ निर्वाचन क्षेत्र तथा प्रदेश सभा सदस्यतर्फ ३३० निर्वाचन क्षेत्रमा निर्वाचन सम्पन्न गर्न ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत तोकिएको थियो । मुख्य निर्वाचन अधिकृत ७७ तथा ८८ जना न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत तोकिएको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र सो क्षेत्रमा रहेका प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रको समेत निर्वाचन सञ्चालन गर्न जिम्मेवारी दिइएको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ आयोगका सचिवलाई निर्वाचन अधिकृतमा नियुक्त गरी कार्यक्षेत्रमा खटाइएको थियो । मतदान कार्य व्यवस्थापनका लागि १०,६७१ मतदान स्थलमा १९,८०९ मतदान केन्द्र निर्धारण गरिएको थियो । मतदान कार्यका लागि १९,८०९ मतदान अधिकृत र सोही सङ्ख्यामा सहायक मतदान अधिकृत परिचालन गरिएको थियो । मतदाता शिक्षा कार्यक्रम तथा निर्वाचन सञ्चालनका लागि करिब २ लाख ८५ हजार जनशक्ति परिचालन गरिएको थियो । यस निर्वाचनमा निर्वाचन सञ्चालनमा खटिने करिब ३ लाख जनशक्तिलाई प्रशिक्षण दिइएको थियो । यस निर्वाचनमा प्रतिनिधि सभाका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मुलुकभरलाई एक निर्वाचन क्षेत्र र प्रदेश सभाका लागि प्रत्येक प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी सात प्रकारका र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभाका लागि १६५ र प्रदेश सभाका लागि ३३० प्रकारका मतपत्रको व्यवस्था गरिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यमा १६५ र प्रदेश सभा सदस्यमा ३३० तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यमा ११० र प्रदेश सभा सदस्यमा २२० सदस्यका लागि बालिग मताधिकारका आधारमा उक्त निर्वाचन भएको थियो ।

६९. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते बिहान ७ बजेदेखि मतदान प्रारम्भ भई अपरान्ह ५ बजे सम्पन्न भएको यस निर्वाचनमा जम्मा १,५४,२७,९३८ मतदाता रहेकामा १,०५,९४,०४४ (६८.६७ प्रतिशत) मतदान भएको थियो । मतदान भएको मतमध्ये १,००,४५,४७४ (९४.८२ प्रतिशत) मत सदर र ५,४८,५७० (५.१८ प्रतिशत) मत बदर भएको थियो ।

७०. वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ९ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ५ ओटा दलको प्रतिनिधि सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार १ जना निर्वाचित भएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा निर्वाचित सङ्ख्या	समानुपातिक निर्वाचन प्रणालीमा निर्वाचित सङ्ख्या	जम्मा
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	८०	४१	१२१
२.	नेपाली काँग्रेस	२३	४०	६३
३.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	३६	१७	४३
४.	राष्ट्रिय जनता पार्टी नेपाल	११	६	१७
५.	सङ्घीय समाजवादी फोरम नेपाल	१०	६	१६
६.	राष्ट्रिय प्रजातन्त्र पार्टी	१	०	१
७.	राष्ट्रिय जनमोर्चा	१	०	१
८.	नेपाल मजदुर किसान पार्टी	१	०	१
९.	नयाँ शक्ति पार्टी नेपाल	१	०	१
१०.	स्वतन्त्र उम्मेदवार	१	०	१
	जम्मा	**१६५**	**११०**	**२७५**

७१. वि.सं. २०७४ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचन कसरी सम्पन्न भएको थियो ?

वि.सं. २०७४ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचन दुई चरणमा भएको थियो । पहिलो चरणको मतदान २०७४ मङ्सिर १० गते भएको थियो भने दोस्रो चरणको मतदान २०७४ मङ्सिर २१ गते भएको थियो । उक्त निर्वाचनबाट सातवटै प्रदेशमा गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ जम्मा ३३० जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ २२० जना निर्वाचित हुने व्यवस्था रहेको थियो ।

७२. वि.सं. २०७४ मा प्रदेश नं.१ मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते ताप्लेजुङ, तेह्रथुम, पाँचथर, धनकुटा, भोजपुर, सङ्खुवासभा, खोटाङ, सोलुखुम्बु र ओखलढुङ्गा गरी ९ जिल्लामा र बाँकी रहेका इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर गरी ५ ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३० र समानुपातिक निर्वाचन प्रणालीतर्फ २७ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट ४२३ र स्वतन्त्र ४७ गरी कुल ४७० उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या २७ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ६ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

७३. प्रदेश नं.१मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रदेश नं.१को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा २९,९३,७७४ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ २०,२०,४३५ अर्थात् ६७.४८ प्रतिशत मतदान भएको थियो ।

मतदान भएका मतमध्ये १९,३१,४३७ अर्थात् ९५.६ प्रतिशत मत सदर र ८८,९९८ अर्थात् ४.४ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ २०,१३,०३१ अर्थात् ६७.२४ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १७,३६,६२२ अर्थात् ८६.३ प्रतिशत मत सदर र २,७६,४०९ अर्थात् १३.७ प्रतिशत मत बदर भएको थियो ।

७४. वि.सं. २०७४ मा प्रदेश नं.१मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार १ जना निर्वाचित भएका थिए । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र. सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ निर्वाचित सङ्ख्या	समानुपातिक प्रणालीतर्फ निर्वाचित सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	३६	१५	५१
२.	नेपाली काँग्रेस	८	१३	२१
३.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	१०	५	१५
४.	सङ्घीय समाजवादी फोरम नेपाल	१	२	३
५.	राष्ट्रिय प्रजातन्त्र पार्टी	०	१	१
६.	सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च	०	१	१
७.	स्वतन्त्र उम्मेदवार	१	०	१
	जम्मा	**५६**	**३७**	**९३**

७५. वि.सं. २०७४ मा प्रदेश नं.२मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर २१ गते सबै जिल्लामा एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ २९ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट ५०४ र स्वतन्त्र ४८१ गरी कुल ९८५ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या ५५ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ६ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

७६. प्रदेश नं.२मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर २१ गते सम्पन्न भएको प्रदेश नं.२को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा २७,६७,३७९ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १९,२८,७६६ अर्थात् ६९.६९ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १८,२९,८०७ अर्थात् ९४.९ प्रतिशत मत सदर र ९८,९५९ अर्थात् ५.१ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ १९,१२,०२४ अर्थात् ६९.१ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १५,३७,१७१ अर्थात् ८०.४ प्रतिशत मत सदर र ३,७४,८५३ अर्थात् १९.६ प्रतिशत मत बदर भएको थियो ।

७७. वि.सं. २०७४ मा प्रदेश नं.२मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा

स्वतन्त्र उम्मेदवार १ जना निर्वाचित भएका थिए । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	सङ्घीय समाजवादी फोरम नेपाल	२०	९	२९
२.	राष्ट्रिय जनता पार्टी नेपाल	१५	१०	२५
३.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	१४	७	२१
४.	नेपाली काँग्रेस	८	११	१९
५.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	६	५	११
६.	नेपाल सङ्घीय समाजवादी पार्टी	०	१	१
७.	स्वतन्त्र उम्मेदवार	१	०	१
	जम्मा	**६४**	**४३**	**१०७**

७८. वि.सं. २०७४ मा प्रदेश नं.३ (बाग्मती)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङ गरी गरी ६ जिल्लामा र बाँकी रहेका सिन्धुली, काभ्रेपलाञ्चोक,

काठमाडौँ, भक्तपुर, ललितपुर, मकवानपुर र चितवन गरी गरी ७ ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३२ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३१ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट ५४३ र स्वतन्त्र ९० गरी कुल ६३३ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या ७२ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ८ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

७९. प्रदेश नं.३ (बाग्मती)मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रदेश नं.३ (बाग्मती)को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा ३०,७४,३८० मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ २१,२०,४६५ अर्थात् ६८.९७ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये २०,४९,९९४ अर्थात् ९६.६ प्रतिशत मत सदर र ७०,४७१ अर्थात् ३.४ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ २१,१७,३१४ अर्थात् ६८.८६ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १८,९१,२७१ अर्थात् ८९.३ प्रतिशत मत सदर र २,२६,०४३ अर्थात् १०.७ प्रतिशत मत बदर भएको थियो ।

८०. वि.सं. २०७४ मा प्रदेश नं.३ (बाग्मती)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ७ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	४२	१६	५८
२.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	१५	८	२३
३.	नेपाली काँग्रेस	७	१४	२१
४.	नयाँ शक्ति पार्टी नेपाल	१	०	१
५.	राष्ट्रिय प्रजातन्त्र पार्टी	०	१	१
६.	विवेकशील साझा पार्टी	०	३	३
७.	नेपाल मजदुर किसान पार्टी	१	१	२
८.	राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)	०	१	१
	जम्मा	**६६**	**३४**	**११०**

८१. वि.सं. २०७४ मा प्रदेश नं.४ (गण्डकी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते गोरखा, लमजुङ, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी र बागलुङ गरी ७ जिल्लामा र बाँकी रहेको तनहुँ, स्याङ्जा, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ४ ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १८ र समानुपातिक निर्वाचन प्रणालीतर्फ २० ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका

लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट २२६ र स्वतन्त्र ११ गरी कुल २३७ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या २२ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ५ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

८२. प्रदेश नं.४ (गण्डकी)मा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको ४ नं. (गण्डकी) प्रदेशको प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा १५,६८,९२४ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १०,५८,४७८ अर्थात् ६७.४ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १०,२९,४३९ अर्थात् ९७.३ प्रतिशत मत सदर र २९,०३९ अर्थात् २.७ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ १०,५७,८२६ अर्थात् ६७.४२ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये ९,५६,८१९ अर्थात् ९०.५ प्रतिशत मत सदर र १,०१,००७ अर्थात् ९.५ प्रतिशत मत बदर भएको थियो ।

८३. वि.सं. २०७४ मा प्रदेश नं.४ (गण्डकी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ५ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार १ जना निर्वाचित भएका थिए । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	१७	१०	२७
२.	नेपाली काँग्रेस	६	९	१५
३.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	९	३	१२
४.	राष्ट्रिय जनमोर्चा	२	१	३
५.	नयाँ शक्ति पार्टी नेपाल	१	१	२
६.	स्वतन्त्र उम्मेदवार	१	०	१

८४. वि.सं. २०७४ मा प्रदेश नं.५ (लुम्बिनी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते रुकुम (पूर्वी भाग) र रोल्पा गरी २ जिल्लामा र बाँकी रहेका अर्घाखाँची, कपिलवस्तु, गुल्मी, दाङ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, प्युठान, बर्दिया, बाँके र रूपन्देही गरी १० ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३० र समानुपातिक निर्वाचन प्रणालीतर्फ २७ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट ४४५ र स्वतन्त्र १५६ गरी कुल ६०१ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या ४६ थियो । निर्वाचनमा

भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ६ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

८५. प्रदेश नं.५ (लुम्बिनी)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रदेश नं.५ (लुम्बिनी)को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा २७,४०,८६७ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १९,१८,४८८ अर्थात् ६९.९ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १८,२७,६३१ अर्थात् ९५.३ प्रतिशत मत सदर र ९०,८५७ अर्थात् ४.७ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ १९,१८,९१४ अर्थात् ७०.०१ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये १६,१२,१८० अर्थात् ८४.१ प्रतिशत मत सदर र ३,०६,७३४ अर्थात् १५.९ प्रतिशत मत बदर भएको थियो ।

८६. वि.सं. २०७४ मा प्रदेश नं.५ (लुम्बिनी)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ६ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	२८	१३	४१
२.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	१४	६	२०
३.	नेपाली काँग्रेस	७	१२	१९

४.	सङ्घीय समाजवादी फोरम नेपाल	३	२	५
५.	राष्ट्रिय जनता पार्टी नेपाल	०	१	१
६.	राष्ट्रिय जनमोर्चा	०	१	१
	जम्मा	**५२**	**३५**	**८७**

८७. वि.सं. २०७४ मा प्रदेश नं.६ (कर्णाली)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालिकोट, जाजरकोट र रुकुम (पश्चिम भाग) गरी ७ जिल्लामा र बाँकी रहेका सल्यान, सुर्खेत र दैलेख गरी ३ ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १७ र समानुपातिक निर्वाचन प्रणालीतर्फ १८ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट १२९ र स्वतन्त्र ४ गरी कुल १३३ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या ३ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ४ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

८८. प्रदेश नं.६ (कर्णाली)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रदेश नं.६ (कर्णाली)को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा ८,४७,१६२ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५,८१,९४८ अर्थात् ६८.६ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये ५,५५,४३७ अर्थात् ९५.४ प्रतिशत मत सदर र २६,५११ अर्थात् ४.६ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ५,८२,०७२ अर्थात् ६८.७ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये ४,९४,१६२

अर्थात् ८४.९ प्रतिशत मत सदर र ८७,९१० अर्थात् १५.१ प्रतिशत मत बदर भएको थियो ।

८९. वि.सं. २०७४ मा प्रदेश नं.६ (कर्णाली)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ४ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	१४	६	२०
२.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	९	४	१३
३.	नेपाली काँग्रेस	१	५	६
४.	राष्ट्रिय जनता पार्टी	०	१	१
	जम्मा	**२४**	**१६**	**४०**

९०. वि.सं. २०७४ मा प्रदेश नं.७ (सुदूर पश्चिम)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेबमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट वि.सं. २०७४ भदौ १४ गते भएको निर्णयबमोजिम वि.सं. २०७४ मङ्सिर १० गते बझाङ, बाजुरा, बैतडी र दार्चुला गरी ४ जिल्लामा र बाँकी रहेका डडेलधुरा, डोटी, अछाम, कैलाली र कञ्चनपुर समेत ५ ओटा जिल्लामा मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । यो नेपालको इतिहासमा पहिलो प्रदेश सभा सदस्य निर्वाचन हो । निर्वाचन आयोगको

व्यवस्थापन र सञ्चालनमा सम्पन्न यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १९ र समानुपातिक निर्वाचन प्रणालीतर्फ २० ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलबाट १६८ र स्वतन्त्र ११ गरी कुल १७९ उम्मेदवार रहेका थिए यसमध्ये महिला उम्मेदवारको सङ्ख्या १५ थियो । निर्वाचनमा भाग लिएका दलमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट ४ ओटा दलले प्रदेश सभामा प्रतिनिधित्व गरेका थिए ।

९१. प्रदेश नं.७ (सुदूर पश्चिम)मा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रदेश नं.७ (सुदूर पश्चिम)को प्रदेश सभा सदस्य निर्वाचनमा जम्मा १४,३५,६७३ मतदाता रहेकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ९,५३,०३३ अर्थात् ६६.३ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये ९,०७,३७४ अर्थात् ९५.२ प्रतिशत मत सदर र ४५,६५९ अर्थात् ४.८ प्रतिशत मत बदर भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ९,४९,३३९ अर्थात् ६६.१ प्रतिशत मतदान भएको थियो । मतदान भएको मतमध्ये ७,९१,०७२ अर्थात् ८३.३ प्रतिशत मत सदर र १,५८,२६७ अर्थात् १६.७ प्रतिशत मत बदर भएको थिया ।

९२. वि.सं. २०७४ मा प्रदेश नं.७ (सुदूर पश्चिम)मा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका दलहरूमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४ एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फ ४ ओटा दलको प्रदेश सभामा प्रतिनिधित्व रहेको थियो । प्रदेश सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल वा स्वतन्त्र	पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	समानुपातिक प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या	जम्मा निर्वाचित सदस्य सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	१७	८	२५
२.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	१०	४	१४
३.	नेपाली काँग्रेस	४	८	१२
४.	राष्ट्रिय जनता पार्टी नेपाल	१	१	२
	जम्मा	**३२**	**२१**	**५३**

९३. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा राजनीतिक दलको सहभागिता कस्तो रहेको थियो ?

नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को प्रावधानबमोजिम निर्वाचन आयोगको परामर्शमा वि.सं. २०७४ पौष २१ गतेको निर्णयबाट नेपाल सरकारले वि.सं. २०७४ साल माघ २४ गते राष्ट्रिय सभा सदस्य निर्वाचन गर्ने गरी मिति तोक्यो । निर्वाचन आयोगको व्यवस्थापन र सञ्चालनमा सम्पन्न यो निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली अनुसार भएको थियो । यस निर्वाचन प्रयोजनका लागि २१ राजनीतिक दलले आयोगमा दल दर्ता गराएकामा ७ ओटा दलले निर्वाचनमा भाग लिएका थिए । राष्ट्रिय सभा सदस्यका लागि कुल ७६ जना उम्मेदवार रहेका थिए । निर्वाचनमा भाग लिएका दलहरूमध्ये ५ ओटा दलको राष्ट्रिय सभामा प्रतिनिधित्व रहेको थियो । यो नेपालको निर्वाचन इतिहासमा गणतन्त्र स्थापना पछिको पहिलो राष्ट्रिय सभा सदस्य निर्वाचन हो ।

९४. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचनसम्बन्धी अध्यादेश, २०७४ को प्रावधानअनुरूप राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रत्येक प्रदेशमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख तथा सम्बन्धित प्रदेशका प्रदेश सभा सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था गरिएको थियो । प्रत्येक प्रदेशबाट महिला तीन जना, दलित एक जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना र अन्यबाट तीन जनासहित आठ जना निर्वाचित हुने कानुनी व्यवस्थाअनुसार निर्वाचन आयोगको व्यवस्थापनमा उक्त निर्वाचन सम्पन्न भयो । राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालनका लागि सात प्रदेशमा जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोकिएको थियो । मतदान केन्द्रका रूपमा सम्बन्धित प्रदेशको उच्च अदालत रहेको मुकामलाई नै तोकी मतदान सम्पन्न भयो । प्रत्येक प्रदेशबाट निर्वाचित हुने तीन जना महिला र तीन जना अन्य सदस्यको निर्वाचनमा एकल सङ्क्रमणीय मत प्रणाली र एकएक जना निर्वाचित हुने दलित र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट हुने निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको थियो ।

९५. राष्ट्रिय सभा सदस्य निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ साल माघ २४ सम्पन्न भएको यस निर्वाचनमा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष ९२० र नगरपालिकाका प्रमुख तथा उपप्रमुख ५८६ समेत स्थानीय तहका १५०६ तथा प्रदेश सभा सदस्य ५५० गरी कुल २०५६ मतदाता रहेका थिए । संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ ले गरेको व्यवस्थाअनुरूप प्रदेश सभा सदस्यको मतभार ४८ तथा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार १८ रहेको थियो । यसअनुसार प्रदेश सभा सदस्यको जम्मा मतभार २६,४०० र स्थानीय तहका प्रतिनिधिको मतभार २७,१०८ कायम भएको थियो । यस निर्वाचनमा प्रदेश सभा सदस्य ४३८ अर्थात् ९८.८ प्रतिशत र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख १,२३१ अर्थात् ९९.७ प्रतिशतले मतदान गरेका थिए ।

९६. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिएका ७ ओटा दलहरूमध्ये ५ ओटा दलको राष्ट्रिय सभामा प्रतिनिधित्व रहेको थियो । राष्ट्रिय सभा सदस्य निर्वाचनको परिणाम देहायबमोजिम रहेको थियो :

क्र.सं.	राजनीतिक दल	निर्वाचित सङ्ख्या
१.	नेपाल कम्युनिस्ट पार्टी (एमाले)	२७
२.	नेपाली काँग्रेस	१३
३.	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	१२
४.	राष्ट्रिय जनता पार्टी नेपाल	२
५.	सङ्घीय समाजवादी फोरम नेपाल	२

९७. नेपालमा राष्ट्रपतिको पहिलो निर्वाचन कसरी सम्पन्न भएको थियो ?

नेपालको अन्तरिम संविधान, २०६३ मा राजनीतिक सहमतिका आधारमा राष्ट्रपतिको निर्वाचन संविधान सभाले गर्ने तर सहमति कायम हुन नसकेमा संविधान सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित हुने व्यवस्था रहेको थियो । संविधान सभाले राष्ट्रपतिको निर्वाचन गर्ने व्यवस्था भएबमोजिम वि.सं. २०६५ साउन ४ गते निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनमा संविधान सभामा तत्काल कायम रहेका ५९४ जना सदस्यहरू मतदाता भए तापनि केही राजनीतिक दलले सो निर्वाचनमा भाग नलिएका कारण ५७८ सदस्यले मात्र मतदान गरेका थिए । सो निर्वाचनमा श्री रामवरण यादवले २८३ मत र श्री रामराजाप्रसाद सिंहले २७० मत प्राप्त गरेका थिए । प्रथम चरणमा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत प्राप्त गर्न नसकेको हुँदा साउन ६ गते दोस्रो चरणको निर्वाचन भएको थियो । दोस्रो चरणमा श्री रामवरण यादवले ३०८ मत र श्री रामराजाप्रसाद सिंहले २८२ मत प्राप्त गर्नुभएको हुँदा संविधान सभा सदस्यमा तत्काल कायम रहेका सदस्यको बहुमत प्राप्त गरी श्री रामवरण यादव नेपालको प्रथम राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो ।

९८. राष्ट्रपति निर्वाचन, २०७४ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

नेपालको संविधान र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को प्रावधान अनुरूप राष्ट्रपति निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट बहुमत तथा दुई चरण निर्वाचन प्रणालीअन्तर्गत हुने व्यवस्था गरिएको छ । राष्ट्रपति निर्वाचनका लागि निर्वाचनको मिति निर्वाचन आयोगले तोक्ने कानुनी व्यवस्थाबमोजिम आयोगको मिति २०७४ फागुन १० गतेको निर्णयले वि.सं. २०७४ फागुन २९ गते निर्वाचन गर्ने गरी मिति तोकी निर्वाचन आयोगको व्यवस्थापनमा यो निर्वाचन सम्पन्न गरियो । राष्ट्रपति निर्वाचनका लागि सङ्घीय संसद् भवन नयाँवानेश्वरलाई मतदान स्थल तोकिएको थियो । निर्वाचन सञ्चालनका लागि पाटन उच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठलाई निर्वाचन अधिकृत तोकिएको थियो ।

९९. राष्ट्रपतिको निर्वाचन २०७४ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७४ फागुन २९ गते सम्पन्न राष्ट्रपति निर्वाचन नेपालको संविधानमा व्यवस्था भएबमोजिम सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट भएको थियो । बहुमत तथा दुई चरण निर्वाचन प्रणाली अपनाइएको यस निर्वाचनमा सङ्घीय संसद् सदस्य ३३४ र प्रदेश सभा सदस्य ५५० गरी कुल ८८४ मतदाता रहेकामा सङ्घीय संसद् सदस्य ३२६ जना र प्रदेश सभा सदस्य ५३६ जना गरी जम्मा ८६२ जना (९७.५१ प्रतिशत) ले मतदान गरेका थिए । यस निर्वाचनमा ८ जना (०.९३ प्रतिशत) को मत बदर भएको थियो । सङ्घीय संसद्का सदस्यहरूको मतभार ७९ र प्रदेश सभा सदस्यको मतभार ४८ रहने कानुनी व्यवस्था भएको यस निर्वाचनमा श्री विद्यादेवी भण्डारीलाई ३९,२७५ मत र श्री कुमारी लक्ष्मी राईलाई ११,७३० मत प्राप्त भएको थियो । यसबमोजिम पहिलो चरणमा नै बहुमत प्राप्त गर्नुहुने श्री विद्यादेवी भण्डारी राष्ट्रपति पदमा निर्वाचित हुनुभएको थियो ।

१००. उपराष्ट्रपति निर्वाचन २०७४ कसरी सम्पन्न भएको थियो ?

नेपालको संविधान र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ मा उपराष्ट्रपति पदको निर्वाचन पनि राष्ट्रपति निर्वाचनसरह हुने प्रावधान रहेको छ । त्यसैले उपराष्ट्रपति निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ । उपराष्ट्रपति निर्वाचनका लागि निर्वाचन मिति आयोगले

तोक्ने कानुनी व्यवस्थाअनुसार वि.सं. २०७४ फागुन ३० गतेको आयोगको निर्णयअनुसार वि.सं २०७४ चैत ९ गते उपराष्ट्रपति निर्वाचन मिति तोकिएको थियो । उपराष्ट्रपति निर्वाचन २०७४ को निर्वाचन कार्यक्रमअनुसार उम्मेदवारको मनोनयन दर्ता गर्ने दिन २०७४ चैत ३ गते श्री नन्दबहादुर पुनको मात्र मनोनयन पत्र दर्ता भयो । निर्वाचन कार्यक्रमअनुसार दाबी विरोधको प्रक्रिया पूरा गरी चैत ४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दासम्म एक जनाको मात्र उम्मेदवारी कायम रहन आएकाले श्री नन्दबहादुर पुन उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित हुनुभएको थियो ।

१०१. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ कहिले सम्पन्न भएको थियो ?

नेपालको संविधानले राष्ट्रिय सभा सदस्यको पदावधि ६ वर्षको हुने र एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने व्यवस्था गरेको छ । यसका लागि पहिलोपटक पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी कायम गरिन्छ । नेपालको संविधान प्रारम्भ भएपछि राष्ट्रिय सभा सदस्यको पहिलोपटक पदावधि गणना गर्दा प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यको पदावधि प्रारम्भ भएको मानी प्रत्येक दुई वर्षमा रिक्त हुन आउने स्थानको पुर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन मनोनयन वा निर्वाचन जुन तरिकाले भएको थियो सोहीबमोजिम हुने व्यवस्था गरिएको छ । यसबमोजिम राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिन अर्थात् २०७४ फागनु २१ गतेलाई आधार मानी २०७६ फागुन २० गते पदावधि समाप्त हुने एक तिहाइ अर्थात् १८ जना सदस्यको निर्वाचन पदावधि समाप्त हुनुभन्दा ३५ दिन अगावै गर्नुपर्ने कानुनी व्यवस्थाबमोजिम वि.सं. २०७६ साल माघ ९ गते सम्पन्न भयो ।

१०२. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को व्यवस्थापन र सञ्चालन कसरी भएको थियो ?

नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचनसम्बन्धी ऐन, २०७५ बमोजिम वि.सं. २०७६ फागुन २० गते पदावधि समाप्त हुने एक तिहाइ अर्थात् १८ जना सदस्यको निर्वाचनका लागि नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा मिति २०७४ माघ ९ गते निर्वाचन गर्ने गरी मिति घोषणा गऱ्यो । प्रत्येक प्रदेशमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख तथा सम्बन्धित प्रदेशका प्रदेश सभा सदस्यको मतभार फरक रहने गरी मतदाता रहेको निर्वाचक मण्डलबाट हुने यो निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम सम्पन्न भएको थियो । यस

निर्वाचनमा सातवटै प्रदेशबाट महिला १ जना र अन्य १ जना गरी कुल १४ जना तथा प्रदेश नं.१ बाट दलित १ जना, प्रदेश नं.२ बाट दलित १ जना र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट १ जना तथा प्रदेश नं.५ बाट अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट १ जना गरी कुल १८ जना राष्ट्रिय सभा सदस्य निर्वाचित भएका थिए । यो निर्वाचन सम्पन्न गर्न प्रत्येक प्रदेशका उच्च अदालत रहेको जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोकिएको थियो । मतदान केन्द्रका रूपमा सम्बन्धित जिल्ला अदालत रहेको मुकामलाई नै तोकी मतदान सम्पन्न भयो ।

१०३. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को मतदानसम्बन्धी विवरण कस्तो रहेको थियो ?

वि.सं. २०७६ साल माघ ९ गते सम्पन्न भएको यस निर्वाचनमा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष ९२० र नगरपालिकाका प्रमुख तथा उपप्रमुख ५८६ समेत स्थानीय तहका १,५०६ तथा प्रदेश सभा सदस्य ५५० गरी कुल २,०५६ मतदाता रहेका थिए । संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ ले गरेको व्यवस्थाअनुरूप प्रदेश सभा सदस्यको मतभार ४८ तथा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार १८ रहेको थियो । यसअनुसार प्रदेश सभा सदस्यको जम्मा मतभार २६,४०० र स्थानीय तहका प्रतिनिधिको मतभार २७,१०८ कायम भएको थियो । यस निर्वाचनमा प्रदेश सभा सदस्य ५४५ अर्थात् ९९.१९ प्रतिशत र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख १,४९५ अर्थात् ९९.१५ प्रतिशतले मतदान गरेका थिए । यसमध्ये १,६३० अर्थात् ९७.७ प्रतिशत मत सदर र ३९ अर्थात् २.३ प्रतिशत मत बदर भएको थियो ।

१०४. वि.सं. २०७६ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको नतिजा कस्तो रहेको थियो ?

वि.सं. २०७६ सालमा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिनका लागि निर्वाचन आयोगमा ११ ओटा दल दर्ता भएकामा ६ दलले निर्वाचनमा भाग लिएका थिए । निर्वाचनमा सहभागी दलहरूमध्ये २ ओटा दलका उम्मेदवार विजयी भए । निर्वाचनको मत परिणामअनुसार राष्ट्रिय सभाका १८ रिक्त पदहरूमध्ये नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले सोह्र स्थान र राष्ट्रिय जनता पार्टी नेपालले दुई स्थानमा विजय प्राप्त गरे । मतपरिणामअनुसार नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अन्य समूहबाट ६ जना, महिला समूहबाट ७ जना, दलित समूहबाट २ जना तथा अपाङ्गता भएका व्यक्ति वा

अल्पसङ्ख्यक समुदायबाट १ जना निर्वाचित भएका छन् भने राष्ट्रिय जनता पार्टी नेपालका १ जना अन्यबाट, १ जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित भएका छन् ।

१०५. नेपालमा हालसम्म बालिग मताधिकारका आधारमा सम्पन्न भएका राष्ट्रिय स्तरका निर्वाचनहरू कुनकुन हुन् ?

नेपालमा हालसम्म बालिग मताधिकारका आधारमा सम्पन्न भएका राष्ट्रिय स्तरका निर्वाचनहरू देहायबमोजिम रहेका छन् :

सि.नं	निर्वाचन	मिति
१.	प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो आमनिर्वाचन)	वि.सं. २०१५ फागुन ७ गतेबाट सुरु भई वि.सं.२०१६ वैशाख २१ मा सम्पन्न
२.	राष्ट्रिय जनमत सङग्रह	वि.सं. २०३७ वैशाख २० गते
३.	राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आमनिर्वाचन)	वि.सं.२०३८ वैशाख २७ गते
४.	राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आमनिर्वाचन)	वि.सं.२०४३ वैशाख २९, जेठ ५ र १२ गते
५.	प्रतिनिधि सभा सदस्य निर्वाचन उप-निर्वाचन (सुनसरी निर्वाचन क्षेत्र नं. ३ र काठमाडौँ निर्वाचन क्षेत्र नं. ५) उप-निर्वाचन (काठमाडौँ निर्वाचन क्षेत्र नं. १ र झापा निर्वाचन क्षेत्र नं. १)	वि.सं.२०४८ वैशाख २९ गते वि.सं.२०४८ माघ २६ गते वि.सं.२०५० माघ २५ गते
६.	प्रतिनिधि सभा सदस्य निर्वाचन	वि.सं.२०५१ कात्तिक २९ गते
७.	प्रतिनिधि सभा सदस्य निर्वाचन उप-निर्वाचन (मोरङ निर्वाचन क्षेत्र नं. १, झापा निर्वाचन क्षेत्र नं. ६ र रौतहट निर्वाचन क्षेत्र नं. ४)	वि.सं.२०५६ वैशाख २० र जेठ ३ गते वि.सं.२०५६ मङ्सिर २३ गते
८.	संविधान सभा सदस्य निर्वाचन, २०६४ उप-निर्वाचन (मोरङ निर्वाचन क्षेत्र नं.	वि.सं.२०६४ चैत २८ गते वि.सं.२०६५ चैत २८ गते

	५ र ७, धनुषा निर्वाचन क्षेत्र नं. ५, कास्की निर्वाचन क्षेत्र नं. १, रोल्पा निर्वाचन क्षेत्र नं. २ कञ्चनपुर निर्वाचन क्षेत्र नं. ४)	
९.	अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० उप-निर्वाचन (काठमाडौँ निर्वाचन क्षेत्र नं. २, चितवन निर्वाचन क्षेत्र नं. ४, बर्दिया निर्वाचन क्षेत्र नं. १, कैलाली निर्वाचन क्षेत्र नं. ६) उप-निर्वाचन बागलुङ निर्वाचन क्षेत्र नं. १	वि.सं.२०७० मङ्सिर ४ गते वि.सं.२०७१ असार ८ गते वि.सं.२०७१, चैत २८ गते
१०.	प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४	पहिलो चरण : वि.सं.२०७४ मङ्सिर १० गते दोस्रो चरण : वि.सं.२०७४ मङ्सिर २१ गते
११.	राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४	वि.सं.२०७४ माघ २४ गते
१२.	राष्ट्रपति निर्वाचन, २०७४	वि.सं.२०७४ फागुन २९ गते
१३.	उपराष्ट्रपति निर्वाचन, २०७४	वि.सं.२०७४ चैत ९ गते तोकिएकामा चैत ४ गते निर्विरोध निर्वाचित भएको घोषणा
१४.	प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्य पदको उप-निर्वाचन, २०७६	वि.सं.२०७६ मङ्सिर १४ गते
१५	राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६	वि.सं.२०७६ माघ ९ गते

१०६. नेपालमा हालसम्म सम्पन्न भएका म्युनिसिपालिटी, नगरपालिका, गाउँ तथा नगर पञ्चायत, गा.वि.स. तथा नगरपालिका, जिल्ला सभा तथा जिल्ला विकास समिति र स्थानीय तह निर्वाचनहरू कुनकुन हुन् ?

नेपालमा स्थानीय तहको निर्वाचन वि.सं. २००४ सालमा सम्पन्न काठमाडौँ म्युनिसिपालिटीको निर्वाचनबाट प्रारम्भ भएको मानिन्छ । स्थानीय तहलाई म्युनिसिपालिटी, नगरपालिका, गाउँ पञ्चायत, नगर पञ्चायत, गाउँ विकास समिति, नगरपालिका, जिल्ला पञ्चायत, जिल्ला विकास समिति आदि नामले चिनिँदै आएकामा

नेपालको संविधान जारी भएपछि गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति नाम कायम गरिएको छ । नेपालमा हालसम्म सम्पन्न भएका स्थानीय स्तरका सबै निर्वाचनहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

सि.नं	निर्वाचन	मिति
१.	काठमाडौँ नगरपालिकाको निर्वाचन (म्युनिसिपालिटी)	वि.सं. २००४ जेठ २९ गते
२.	नगरपालिका निर्वाचन	वि.सं.२०१० भदौ १७
३.	स्थानीय निर्वाचन	वि.सं.२०१४ माघ ७
४.	गाउँ पञ्चायत निर्वाचन	वि.सं.२०१८ फागुन ७ देखि विभिन्न मितिमा
५.	नगर पञ्चायत निर्वाचन	वि.सं.२०१९ जेठदेखि विभिन्न मितिमा
६.	जिल्ला सभा निर्वाचन	वि.सं. २०१९ सालदेखि विभिन्न मितिमा
७.	जिल्ला पञ्चायत निर्वाचन	वि.सं. २०१९ सालदेखि विभिन्न मितिमा
८.	अञ्चल सभा निर्वाचन	वि.सं. २०२० सालदेखि विभिन्न मितिमा
९.	अञ्चल पञ्चायत निर्वाचन	वि.सं. २०२० सालदेखि विभिन्न मितिमा
१०.	गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन	वि.सं. २०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते
११.	जिल्ला पञ्चायत निर्वाचन	वि.सं. २०३९ असार २
१२.	गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन	वि.सं.२०४३ चैत ७ र १०
१३.	जिल्ला पञ्चायत निर्वाचन	वि.सं. २०४४ वैशाख २६
१४.	गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन	वि.सं.२०४९ जेठ १५ र १८ गते
१५.	जिल्ला विकास समिति निर्वाचन	वि.सं. २०४९ असार १३
१६.	गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन	वि.सं.२०५४ जेठ ४ र १३ गते
१७.	जिल्ला विकास समिति निर्वाचन	वि.सं. २०५४ असार २७

१८.	नगरपालिका निर्वाचन	वि.सं.२०६२ माघ २६ गते
१९.	स्थानीय तह निर्वाचन	पहिलो चरण: वि.सं.२०७४ वैशाख ३१ गते दोस्रो चरण : वि.सं.२०७४ असार १४ गते तेस्रो चरण : वि.सं.२०७४ असोज २ गते

१०७. नेपालमा सम्पन्न भएका प्रतिनिधि सभाका निर्वाचनमा निर्वाचित सदस्यहरूको लैङ्गिक दृष्टिले महिला प्रतिनिधित्व कस्तो रहेको थियो ?

नेपालको निर्वाचन इतिहासमा पहिलो प्रतिनिधि सभा सदस्य निर्वाचन २०१५ सालमा सम्पन्न भएको थियो । कुल १०९ प्रतिनिधि सभा सदस्यका लागि भएको यस निर्वाचनमा एक जना (०.९२ प्रतिशत) महिलाको प्रतिनिधित्व रहेको थियो । वि.सं. २०४६ सालको परिवर्तनपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम भएको दोस्रो प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिने राजनीतिक दलले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार दिनुपर्ने संवैधानिक प्रावधानसहित वि.सं. २०४८ सालमा सम्पन्न निर्वाचनमा कुल २०५ प्रतिनिधि सभा सदस्यमध्ये आठ जना (३.९० प्रतिशत) महिला निर्वाचित भएका थिए । यसै गरी २०५१ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कुल २०५ सदस्यमा ६ जना (२.९३ प्रतिशत) र २०५६ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कुल २०५ सदस्यमा १२ जना (५.८५ प्रतिशत) महिला सदस्य निर्वाचित भएका थिए । वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले लैङ्गिक तथा समानुपातिक समावेशी सिद्धान्तलाई संविधानमा नै समावेश गरी सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने दलका तर्फबाट निर्वाचित सदस्यको कम्तीमा एक तिहाइ महिला हुनुपर्ने तथा यस्तो सङ्ख्या पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट पूरा हुन नसकेमा समानुपातिक निर्वाचन प्रणालीबाट पूरा गर्नुपर्ने व्यवस्था गरेकाले वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कुल २७५ सदस्यमध्ये ९० जना (३२.७३ प्रतिशत) महिला सदस्य निर्वाचित भएका थिए ।

१०८. नेपालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनमा निर्वाचित सदस्यहरूको लैङ्गिक प्रतिनिधित्व कस्तो रहेको थियो ?

नेपालको अन्तरिम संविधान, २०६३ तथा संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ बमोजिम वि.सं. २०६४ सालमा सम्पन्न भएको संविधान सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिँदा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने २४० जना तथा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३३५ जना समेत कुल ५७५ संविधान सभा सदस्यमा कम्तीमा एक तिहाइ सिटमा महिलाको उम्मेदवारी दिनुपर्ने प्रावधान रहेको थियो । यसैबमोजिम भएको संविधान सभा सदस्य निर्वाचन, २०६४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३० जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ १६१ जना गरी १९१ जना (३३.२२ प्रतिशत) संविधान सभा सदस्य पदमा महिला निर्वाचित भएका थिए । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ १ जना संविधान सभा सदस्य पदमा तेस्रो लिङ्गी निर्वाचित भएका थिए । यसरी नै नेपालको अन्तरिम संविधान, २०६३ तथा संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम कुल ५७५ पदका लागि भएको अर्को संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १० जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ १६२ जना गरी कुल १७२ जना (२९.९१ प्रतिशत) संविधान सभा सदस्य पदमा महिला निर्वाचित भएका थिए ।

१०९. नेपालमा समानुपातिक निर्वाचन प्रणालीको प्रचलन कहिलेदेखि सुरु भयो ?

वि.सं. २०६२/६३ को जनआन्दोलनमार्फत लोकतन्त्र तथा अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, बालिग मताधिकार, आवधिक निर्वाचन तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै, नेपाली जनताको आफ्ना लागि आफैँ संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालमा पहिलोपटक सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेको थियो । यसरी अन्तरिम संविधान २०६३ मा भएको व्यवस्थाबमोजिम वि.सं. २०६४ सालमा सम्पन्न भएको संविधान सभा सदस्य निर्वाचनदेखि नेपालमा समानुपातिक निर्वाचन प्रणालीको सुरुआत भएको हो ।

११०. राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ मा निर्वाचित सदस्यहरूको लैङ्गिक प्रतिनिधित्व कस्तो रहेको थियो ?

नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ बमोजिम राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट महिला तीन जना, दलित एक जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना र अन्यबाट तीन जनासहित आठ जना निर्वाचित हुने कानुनी व्यवस्था छ । यसअनुसार सात प्रदेशबाट ५६ जना निर्वाचित र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जनासमेत गरी ५९ सदस्य रहेको राष्ट्रिय सभाको गठन हुने व्यवस्था रहेको छ । वि.सं. २०७४ सालमा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रत्येक प्रदेशबाट तीन जनाका दरले निर्वाचित २१ र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत एक जनासमेत २२ जना (३७.२९ प्रतिशत) राष्ट्रिय सभा सदस्य महिला रहेका छन् । राष्ट्रिय सभामा सदस्यका रूपमा भएको महिलाहरूको यो प्रतिनिधित्व संविधान र निर्वाचनसम्बन्धी कानुनले गरेको बाध्यात्मक व्यवस्थाको परिणाम हो ।

परिच्छेद - २

लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रणाली

१११.	लोकतन्त्र भन्नाले के बुझिन्छ ?	७९
११२.	लोकतन्त्रका आधारभूत सिद्धान्तहरू केके हुन् ?	७९
११३.	प्रत्यक्ष लोकतन्त्र भन्नाले के बुझिन्छ ?	८०
११४.	अप्रत्यक्ष लोकतन्त्र भन्नाले के बुझिन्छ ?	८०
११५.	आवधिक निर्वाचन भनेको के हो ?	८१
११६.	निर्वाचनलाई किन लोकतन्त्रको मेरुदण्ड मानिन्छ ?	८१
११७.	कस्तो निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन भनिन्छ ?	८२
११८.	निर्वाचन नभएमा कस्तो अवस्था सिर्जना हुन्छ ?	८२
११९.	निर्वाचन गराउनुको मुख्य उद्देश्य के हो ?	८३
१२०.	बालिग मताधिकार (Adult Franchise) भन्नाले के बुझिन्छ ?	८३
१२१.	सार्वभौम मताधिकार (Universal Franchise or Suffrage) भन्नाले के बुझिन्छ ?	८४
१२२.	उपनिर्वाचन भन्नाले कस्तो निर्वाचनलाई जनाउँछ ?	८४
१२३.	नेपालमा उपनिर्वाचनको मिति घोषणा कसरी हुन्छ ?	८५
१२४.	मध्यावधि निर्वाचन (Mid term election) भन्नाले के बुझिन्छ ?	८५
१२५.	नेपालमा मध्यावधि निर्वाचनसम्बन्धी केकस्तो व्यवस्था गरिएको छ ?	८५
१२६.	निर्वाचन प्रणाली (Electoral System) भनेको के हो ?	८६
१२७.	निर्वाचन प्रणाली (Electoral System) तय गर्दा लिइने आधारहरू केके हुन् ?	८६
१२८.	विश्वमा कति प्रकारका निर्वाचन प्रणालीहरू प्रचलनमा रहेका छन् ?	८७
१२९.	बढीमत वा बहुमत प्रणाली भनेको के हो ?	८७
१३०.	समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली भनेको के हो ?	८८
१३१.	समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा बन्दसूची भनेको के हो ?	८८

१३२. खुलासूची भनेको के हो ? ८९

१३३. समानान्तर निर्वाचन प्रणाली भनेको के हो ? ८९

१३४. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनेको के हो ? ९०

१३५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका विशेषताहरू के हुन् ? ९०

१३६. समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका विशेषताहरू केके हुन् ? ९१

१३७. समानुपातिक निर्वाचन प्रणालीमा सिट निर्धारण गर्दा केकस्ता सूत्रहरू प्रयोग गरिन्छन् ? ९१

१३८. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली भनेको के हो ? ९१

१३९. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Surplus value भनेको के हो ? ९२

१४०. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Eliminated Value भनेको के हो ? ९२

१४१. एकमुष्ठ मत प्रणाली भनेको के हो ? ९३

१४२. दलगत एकमुष्ठ मत प्रणाली भनेको के हो ? ९३

१४३. वैकल्पिक मत प्रणाली भनेको के हो ? ९३

१४४. दुई चरण मत प्रणाली भनेको के हो ? ९४

१४५. मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ? ९४

१४६. एकल असङ्क्रमणीय मत निर्वाचन प्रणाली भनेको के हो ? ९४

१४७. सीमित मत प्रणाली भनेको के हो ? ९४

१४८. प्राथमिकता गणना निर्वाचन प्रणाली भनेको के हो ? ९५

१४९. नेपालमा हाल प्रचलनमा रहेका निर्वाचन प्रणाली कुनकुन हुन् ? ९५

१५०. नेपालमा समानुपातिक प्रतिनिधित्व प्रणालीतर्फ प्रतिनिधिहरू कसरी निर्वाचित हुन्छन् ? ९५

१५१. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा कुन निर्वाचन प्रणाली अपनाइएको थियो ? ९६

परिच्छेद - २
लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रणाली

१११. लोकतन्त्र भन्नाले के बुझिन्छ ?

लोकतन्त्र देशको शासन व्यवस्थामा जनता आफैँ वा आफ्नो प्रतिनिधिमार्फत सहभागी हुने र निर्णय गर्न पाउने अधिकारसहितको शासन व्यवस्था हो । लोकतन्त्रमा जनतालाई बोल्ने, लेख्ने, प्रकाशन गर्ने, सभा सम्मेलन गर्न पाउने, सङ्घ, संस्था तथा दल खोल्न र त्यसमा सहभागी हुन पाउने, प्रतिनिधि चयन गर्न र सरकार बनाउन पाउने जस्ता नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गरिएको हुन्छ । अर्को शब्दमा, लोकतन्त्र जनताद्वारा जनताकै निमित्त जनताले शासन गर्ने व्यवस्था हो । लोकतन्त्रमा मानव स्वतन्त्रताको संरक्षण गर्ने सिद्धान्त निहित भएकाले यसले स्वतन्त्रतालाई संस्थागत गर्न सहयोग गर्दछ । लोकतन्त्रमा बहुमतको सम्मान गर्दै अल्पमतको कदर तथा संरक्षणसमेत गरिन्छ । लोकतन्त्र बहुलतामा आधारित एवम् विविधतायुक्त हुन्छ । सबै जनता एकैपटक सरकारमा सहभागी भई शासन आफैँ चलाउन सम्भव नहुने हुँदा सबै नागरिकलाई शासन व्यवस्थामा सहभागी हुन आवधिक रूपमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका माध्यमबाट आफ्ना प्रतिनिधिहरू छनोट गरी लोकतान्त्रिक सरकार स्थापनाद्वारा मुलुकको शासन सञ्चालनमा सहभागी हुने अवसर लोकतन्त्रले प्रदान गर्दछ ।

११२. लोकतन्त्रका आधारभूत सिद्धान्तहरू केके हुन् ?

स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचन, शान्तिपूर्ण तरिकाबाट सरकारको निर्माण तथा परिवर्तन, आधारभूत मानव अधिकारको संरक्षण र संवर्द्धन, शक्ति पृथकीकरण र सन्तुलनको समुचित व्यवस्था, बालिग मताधिकार, स्वतन्त्र एवम् सक्षम न्यायपालिकाको व्यवस्था, कानुनी शासन, सूचनाको अधिकार तथा दलीय पद्धति वा बहुदलीयता आदि विश्वव्यापी रूपमा स्वीकार गरिएका लोकतन्त्रका आधारभूत सिद्धान्तहरू हुन् । लोकतन्त्रले सामूहिक जनकल्याण, व्यक्तिको स्वतन्त्रता, राजनीतिक समानता, सामाजिक तथा आर्थिक न्यायमा जोड दिन्छ । यसले दलहरूबिच शासनका लागि प्रतिस्पर्धात्मक वातावरण तयार गरी नागरिकहरूको राजनीतिक अधिकारको प्रत्याभूति गर्दछ ।

११३. प्रत्यक्ष लोकतन्त्र भन्नाले के बुझिन्छ ?

प्रत्यक्ष लोकतन्त्र शासनको त्यस्तो स्वरूप हो जहाँ प्रतिनिधिमार्फत नभई जनताले आफ्ना लागि वा आफ्ना सरोकारका विषयमा आफैँ निर्णय गर्दछन् । प्रत्यक्ष लोकतन्त्रलाई स्वच्छ लोकतन्त्र वा वास्तविक लोकतन्त्र पनि भनिन्छ । वि.सं. २०३७ सालमा नेपालमा सुधारसहितको पञ्चायत व्यवस्था वा बहुदलीय शासन व्यवस्थामध्ये कुन उपयुक्त हुन्छ भन्ने विषयमा भएको राष्ट्रिय जनमत सङग्रहलाई प्रत्यक्ष लोकतन्त्रको उदाहरणका रूपमा लिन सकिन्छ । प्रत्यक्ष लोकतन्त्रमा सबैखाले जनमत प्रत्यक्ष रूपमा उजागर हुने, जनतामा अधिकार निहित हुने, निर्णयमा नागरिकलाई जिम्मेवार तुल्याउने, शक्ति सन्तुलन कायम गर्ने, समुदायलाई शासन व्यवस्थामा सहभागी हुन प्रेरित गर्ने, कानुन निर्माणलाई प्रभावकारी बनाउने, राजनीतिकर्मीहरूलाई जनादेशअनुरूप काम गर्न बाध्यता सिर्जना गर्ने जस्ता गुणहरू रहेका हुन्छन् । व्यावहारिक रूपमा हेर्दा यो प्रणाली बढी खर्चिलो हुने, हरेक राजनीतिक मुद्दा वा सवालमा जनमत सङ्ग्रहको माग हुन सक्ने तथा राजनीतिक रूपमा सीमित व्यक्तिहरू बढी क्रियाशील भई जनमतलाई प्रभाव पार्न सक्ने जस्ता अवगुणहरूका कारणले यो प्रणाली सीमित रूपमा मात्र प्रयोग हुने गरेको छ ।

११४. अप्रत्यक्ष लोकतन्त्र भन्नाले के बुझिन्छ ?

सामान्यतः सबै नागरिक सरकारमा सहभागी भई शासन आफैँ चलाउन र हरेक राजनीतिक मुद्दामा जनमत सङ्ग्रह जस्तो खर्चिलो प्रणाली अपनाउन सम्भव नहुने हुँदा नागरिकले निर्वाचनको माध्यमबाट आफ्ना प्रतिनिधि छनोट गरी शासन व्यवस्थामा सहभागिता जनाउने शासनको स्वरूपलाई अप्रत्यक्ष लोकतन्त्र भनिन्छ । अप्रत्यक्ष लोकतन्त्रलाई प्रतिनिधिमूलक लोकतन्त्र (Representative Democracy) पनि भनिन्छ । अप्रत्यक्ष लोकतन्त्रअन्तर्गत निर्वाचित भएका जनप्रतिनिधिहरूलाई सामान्यतया स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अधिकार हुन्छ । उनीहरूले गरेको निर्णयप्रति जनतालाई चित्त नबुझेका अवस्थामा जनताले आगामी निर्वाचनबाट उनीहरूलाई विस्थापित गर्न वा हराउन सक्दछन् । कानुनमा प्रत्याह्वान (Recall) को व्यवस्था गरिएको अवस्थामा निश्चित प्रक्रिया पूरा गरी त्यस्ता प्रतिनिधिहरूलाई फिर्ता बोलाउन सकिन्छ । संसदीय व्यवस्थामा जनताको अभिमतबाट विधायिकाको गठन हुने र विधायिकाबाट सरकार निर्माण हुने व्यवस्था गरिएको हुन्छ । त्यसैले विधायिका तथा कार्यपालिकाले गर्ने काममा आफूले निर्वाचित गरेका प्रतिनिधिमार्फत जनताको प्रतिनिधित्व भएको मानिन्छ । हाल विश्वका धेरै मुलुकहरूले अप्रत्यक्ष लोकतन्त्रलाई नै अँगालेको पाइन्छ । नेपालका सङ्घीय संसद् र प्रदेश सभा यसका उदाहरण हुन् भने संयुक्त राज्य अमेरिकाको सिनेटलाई पनि

यस्तो लोकतन्त्रको उदाहरणका रूपमा लिन सकिन्छ । तुलनात्मक रूपले कम खर्चिलो हुनु, मतदाताहरू र जनप्रतिनिधिहरूबिच सिधा सम्पर्क भई आआफ्ना कुराको सुनुवाइ गर्ने अवसर प्राप्त हुनु, जनप्रतिनिधिले निर्वाचनका समयमा मतदाताहरूसँग गरेको वाचाका आधारमा निर्णय लिन्छन् भन्ने मान्यता रहनु, प्रतिनिधिसहितको संसदीय सरकारको निर्माण हुनु आदि अप्रत्यक्ष लोकतन्त्रका सकारात्मक पक्ष हुन् । यस्तो व्यवस्थामा जनप्रतिनिधिहरू व्यक्तिगत र दलगत स्वार्थमा फस्न सक्ने, जनप्रतिनिधिहरूले जनताको इच्छाअनुसार काम नगरेमा पनि जनताबाट उनीहरूलाई नियन्त्रण गर्न कठिन हुने जस्ता आधारमा अप्रत्यक्ष लोकतन्त्रको आलोचना हुने गरेको छ ।

११५. आवधिक निर्वाचन भनेको के हो ?

निर्वाचन भनेको जनता वा मतदाताको रोजाइका आधारमा प्रतिनिधि चयन गर्ने विधिसम्मत तरिका वा प्रक्रिया हो । निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गर्दछ । निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि हो । यो कुनै पनि देशका नागरिकले अभ्यास गर्ने सार्वभौमिक अधिकार र राजनीतिक भूमिका भएकाले आफूले रोजेको प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकार सुनिश्चित गर्न निर्वाचन गर्ने गरिन्छ । जनताको मतबाट शासकीय सत्ता प्राप्त गर्ने राजनीतिक नेतृत्व एकपटकको जनादेशबाट अनन्तकालसम्मका लागि निर्वाचित हुने नभई निश्चित अवधिका लागि मात्र चुनिएका हुन्छन् । यसरी निश्चित अवधिमा तोकिएको अवधिसम्मका लागि गरिने निर्वाचन नै आवधिक निर्वाचन हो । आवधिक निर्वाचनका माध्यमबाट अघिल्लोपटक चुनिएका प्रतिनिधिले गरेका कामको परीक्षण जनताको मतबाट हुने गर्दछ । आवधिक निर्वाचनको अवधारणाअनुसार नेपालमा राष्ट्रपति, उपराष्ट्रपति, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचन पाँच वर्षमा र राष्ट्रिय सभा सदस्यको निर्वाचन छ वर्षमा हुने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ ।

११६. निर्वाचनलाई किन लोकतन्त्रको मेरुदण्ड मानिन्छ ?

निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी शासन सञ्चालन गर्ने विश्वव्यापी मान्यता रहेको छ । लोकतन्त्रलाई संस्थागत गर्न नियमित रूपमा आवधिक निर्वाचन हुनु अपरिहार्य हुन्छ । भइरहेको शासन सत्तालाई निरन्तरता दिने, विस्थापन गर्ने वा नयाँ प्रतिनिधिलाई शासकीय तहमा पुऱ्याउने आम सहमतिको उपाय निर्वाचन भएकाले यसबाट ताजा जनादेशमार्फत नागरिकले आफू कोबाट र कसरी शासित हुने

भन्ने तय गर्न पाउँदछन् । त्यसै गरी निर्वाचनले मुलुकलाई राजनीतिक जीवन प्रदान गर्नुका साथै मुलुकको राजनीतिलाई गतिशीलतासमेत प्रदान गर्दछ । निर्वाचन जनइच्छा प्रकट गर्ने वा जनअभिमत मापन गर्ने सर्वस्वीकार्य माध्यम भएकाले अघिल्लो निर्वाचनमा विजयी भएर शासन सञ्चालनको अभिभारा लिने प्रतिनिधिले जनादेशअनुरूप शासन सञ्चालन गरेनगरेका सम्बन्धमा जनताले आवधिक निर्वाचनमार्फत नै उनीहरूका कार्यको मापन गर्ने गर्दछन् । निर्वाचनका माध्यमबाट देशमा लोकतान्त्रिक संस्थाहरू सबल हुने, जनताको आवाज मुखरित हुने र नागरिकहरूले राजनीतिक छनोटको अधिकार पाउने हुँदा निर्वाचनलाई लोकतन्त्रको मेरुदण्डका रूपमा लिइन्छ ।

११७. कस्तो निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन भनिन्छ ?

कुनै पनि निर्वाचनले जनइच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनुपर्दछ । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन मतदाताले कुनै डर, धाक, धम्की, त्रास तथा प्रलोभनमा नपरी निर्भिक भएर मतदान गर्न पाउनुपर्दछ । निर्वाचन स्वतन्त्र हुन निर्वाचनका सरोकारवालाहरूले आआफ्नो जिम्मेवारी निष्पक्ष रूपमा निर्वाह गर्नुपर्दछ । त्यसै गरी निर्वाचन निष्पक्ष गराउनका लागि विशेष गरी निर्वाचन सञ्चालन गर्ने निकाय, पदाधिकारी तथा सरकारका तर्फबाट सबै दल, उम्मेदवार, राजनीतिक कार्यकर्ता तथा अन्य निर्वाचनका सरोकारवालाहरूसँग गरिने व्यवहार निष्पक्ष एवम् पूर्वाग्रहरहित हुनुपर्दछ । मतदान र मतगणना सुरक्षित र निष्पक्ष ढङ्गबाट हुनुपर्दछ । जनताले आफूले चाहेको व्यक्ति र दललाई निर्वाध रूपमा छनोट गर्न पाउनुपर्दछ । कसैको आग्रह वा पूर्वाग्रहमा नलागी सञ्चालन गरिने निर्वाचनलाई **स्वच्छ** निर्वाचन, निर्वाचनसम्बन्धी नागरिकको राजनीतिक अधिकार स्वतन्त्र र निर्वाध रूपमा प्रयोग गर्न पाउने अवस्था रहेको निर्वाचनलाई **स्वतन्त्र** निर्वाचन एवम् निर्वाचनका सरोकारवालाहरूद्वारा स्वीकार गरिएको र निर्वाचनका प्रक्रिया आलोचित नहुने गरी भएको निर्वाचनलाई **विश्वसनीय** निर्वाचन भनिन्छ । यसरी निर्वाचनको सबै चरण र प्रक्रियामा डर, धाक, धम्की, त्रास, भेदभावबिना स्वतन्त्र रूपमा सहभागी हुन पाउने र निर्णय लिन पाउने उपयुक्त वातावरणसहितको निर्वाचन नै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हो ।

११८. निर्वाचन नभएमा कस्तो अवस्था सिर्जना हुन्छ ?

निर्वाचन देशभरका मतदाताले स्वतन्त्रतापूर्वक गोप्य रूपमा मताधिकारको उपयोग गरी शासन प्रक्रियामा सहभागी हुने वैधानिक विधि एवम् व्यवस्थापकीय निर्णय प्रक्रिया हो ।

निर्वाचनका माध्यमबाट शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन हुन सक्छ भने यसले मुलुकलाई राजनीतिक गतिशीलता प्रदान गर्दछ । त्यसैले मुलुकमा निर्वाचन नभएमा जनप्रतिनिधिमूलक संस्थाहरू प्रतिनिधिविहीन हुने, देशमा राजनीतिक नेतृत्वको सही ढङ्गले विकास नहुने, सहभागितामूलक नीति निर्माणमा बाधा पुग्ने, लोकतान्त्रिक अभ्यास निष्क्रिय र कमजोर हुने, राजनीतिक अराजकताको सम्भावना बढ्ने, निरङ्कुशताले प्रश्रय पाउने, नागरिकका हक अधिकार कमजोर हुन गई लोकतन्त्र नै धराशायी हुने तथा मुलुकको अन्तर्राष्ट्रिय छविमा खलल पुग्ने आदि अवस्था सिर्जना हुन्छ ।

११९. निर्वाचन गराउनुको मुख्य उद्देश्य के हो ?

स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनमार्फत नागरिकहरूलाई आफ्नो मताधिकारको उपभोग गर्ने अवसर प्रदान गरी आफूले छानेका प्रतिनिधिमार्फत शासकीय प्रबन्ध गर्दै लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउनु नै निर्वाचनको मुख्य उद्देश्य हो । त्यसरी स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत मतदातालाई आफ्नो मत प्रकट गर्नु, आफ्नो प्रतिनिधि छान्नु, आफू कसरी शासित हुन चाहने भनी राय प्रकट गर्नु, विधिको शासनको स्थापना गर्नु, सरकारलाई वैधानिकता प्रदान गर्नु, मतदाताको सार्वभौमिक अधिकारको रक्षा गर्नु, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नु, जनउत्तरदायी सरकार निर्माण गर्नु, व्यक्तिको राजनीतिक छनोटको अधिकारलाई सुनिश्चित गर्नु र जनताको आवाजलाई निर्णायक तहमा पुऱ्याउनु निर्वाचनका अन्य उद्देश्यहरू हुन् ।

१२०. बालिग मताधिकार (Adult Franchise) भन्नाले के बुझिन्छ ?

शाब्दिक अर्थमा बालिग भन्नाले कुनै पनि देशको संविधान तथा कानुनले दिने मताधिकारका निम्ति उमेर पुगेको वयस्क भन्ने जनाउँछ । राजनीतिक दृष्टिकोणबाट हेर्दा कुनै पनि देशको नागरिकलाई निश्चित उमेर पूरा भएपछि आफ्नो जनप्रतिनिधि चयन गर्नका लागि प्रदान गरिने मतदानको अधिकारलाई बालिग मताधिकार भनिन्छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा बालिग मताधिकारको उमेर निर्धारणमा एकरूपता रहेको पाइँदैन । विश्वका अधिकांश देशहरूमा बालिग मताधिकारका निम्ति १८ वर्ष पुगेको हुनुपर्ने संवैधानिक तथा कानुनी व्यवस्था छ भने केही देशहरू अस्ट्रिया र अर्जेन्टिनामा १६ वर्ष, क्यामरुन र बहराइनमा २० वर्ष तथा कुवेत र लेवनानमा २१ वर्ष तोकिएको छ । नेपालको संविधानले बालिग मताधिकारलाई प्रस्तावनामा नै उल्लेख गरी १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गरेको छ । त्यसैले

बालिग भएका प्रत्येक नागरिकले मताधिकारका लागि आफ्नो नाम कानुनबमोजिमको प्रक्रिया पूरा गरी मतदाता नामावलीमा नाम दर्ता गर्नुपर्दछ ।

१२१. सार्वभौम मताधिकार (Universal Franchise or Suffrage) भन्नाले के बुझिन्छ ?

विश्वव्यापी मानव अधिकार घोषणापत्र १९४८ ले निर्वाचनमा भाग लिन पाउनु नागरिकको राजनीतिक अधिकार हो भन्ने कुरा उल्लेख गरेको छ । यसैअनुरूप विश्वका अधिकांश मुलुकले नागरिकको मताधिकारलाई संविधान तथा कानुनद्वारा नै प्रत्याभूत गरेका हुन्छन् । निर्वाचनमा लिङ्ग, वर्ण, जातजाति, धर्म, सम्प्रदाय, आर्थिक तथा सामाजिक हैसियत आदिका आधारमा कुनै भेदभाव नगरी बालिग नागरिकलाई प्रदान गरिने मतदानको अधिकार नै सार्वभौमिक मताधिकार (Universal Franchise or Suffrage) हो । नेपालको संविधानले सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा नागरिकहरूबिच भेदभाव नहुने संवैधानिक हक प्रदान गरी नागरिकको सार्वभौम मताधिकारलाई सुनिश्चित गरेको छ ।

१२२. उपनिर्वाचन भन्नाले कस्तो निर्वाचनलाई जनाउँछ ?

निर्वाचनको माध्यमबाट निश्चित अवधिका लागि निर्वाचित भएको कुनै सदस्यको पद कुनै कारणले रिक्त भएमा बाँकी अवधिका लागि त्यस्तो पदमा निर्वाचनद्वारा पूर्ति गरिने कार्यलाई उपनिर्वाचन भनिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यको रिक्त पदमा मात्र उपनिर्वाचन गरिन्छ । नेपालका सन्दर्भमा स्थानीय तहमा निर्वाचित जिल्ला समन्वय समितिको प्रमुख उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष र नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षको पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा निजको पद कुनै कारणले रिक्त भएमा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानुनी व्यवस्था रहेको छ । त्यसै गरी राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको पदावधि छ महिनाभन्दा बढी रहेको अवस्थामा निजको पद कुनै कारणले रिक्त भएमा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पूर्ति गर्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ ।

१२३. नेपालमा उपनिर्वाचनको मिति घोषणा कसरी हुन्छ ?

जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष एवं नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिका लागि प्रतिनिधि निर्वाचन गर्न निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले उपनिर्वाचनको मिति घोषणा गर्दछ । तर प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित कुनै सदस्यको पद सम्बन्धित सभाको अवधि ६ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा त्यस्तो रिक्त सदस्यको पदपूर्तिका लागि नेपाल सरकारसँग परामर्श गरी निर्वाचन आयोगले उपनिर्वाचनको मिति तोक्ने कानुनी व्यवस्था रहेको छ । कुनै राष्ट्रिय सभा सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको पैँतिस दिनभित्र नेपाल सरकारले तोकेको मितिमा आयोगले त्यस्तो रिक्त सदस्यको पद बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानुनी व्यवस्था छ ।

१२४. मध्यावधि निर्वाचन (Mid term election) भन्नाले के बुझिन्छ ?

संसदीय शासन व्यवस्थालाई **Westminster Model** को शासन प्रणाली पनि भन्ने गरिन्छ । यो प्रणालीमा सरकारका तीन अङ्गबिच शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तबमोजिम संसद्बाट निर्वाचित कार्यकारिणी प्रमुख प्रधानमन्त्रीलाई संसद् विघटनको अधिकारसमेत रहेको हुन्छ । यदि संविधानबमोजिम तोकिएको संसद्को अवधि पूरा नहुँदै प्रधानमन्त्रीले जनताको ताजा जनादेश लिनका लागि संसद्को विघटन गरी निर्वाचन घोषणा गरेमा त्यस्तो निर्वाचनलाई मध्यावधि निर्वाचन भनिन्छ । नेपालमा २०४८ सालमा निर्वाचित प्रतिनिधि सभाको पाँच बर्से कार्यकाल पूरा नहुँदै मिति २०५१ असार २७ गते प्रधानमन्त्रीबाट प्रतिनिधि सभाको विघटन गरी २०५१ साल कार्तिक २९ गते मध्यावधि निर्वाचन गर्न सिफारिस भएबमोजिम भएको प्रतिनिधि सभा सदस्यको निर्वाचन मध्यावधि निर्वाचन हो ।

१२५. नेपालमा मध्यावधि निर्वाचनसम्बन्धी केकस्तो व्यवस्था गरिएको छ ?

नेपालको संविधानले संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक प्रतिनिधि सभा तथा प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुने व्यवस्था गरेको छ । प्रधानमन्त्रीले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रतिनिधि सभाबाट प्रधानमन्त्री

नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभाको विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसै गरी मुख्यमन्त्रीले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रदेश सभाबाट मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाको विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने संवैधानिक व्यवस्था रहेको छ । यसरी हेर्दा नेपालको संविधानले प्रतिनिधि सभा तथा प्रदेश सभाको कार्यकाल अगावै निर्वाचन हुन सक्ने प्रावधान रहेको भए तापनि स्पष्ट रूपमा मध्यावधि निर्वाचनको व्यवस्था गरेको छैन । तर नेपाल अधिराज्यको संविधान, २०४७ मा मध्यावधि निर्वाचनका सम्बन्धमा श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न सक्ने र त्यसरी विघटन भएको प्रतिनिधि सभाको निर्वाचन छ महिनाभित्र हुनुपर्ने व्यवस्था थियो ।

१२६. निर्वाचन प्रणाली (Electoral System) भनेको के हो ?

मतलाई सिटमा रूपान्तरण गर्ने (Votes into seats) वैधानिक विधि वा तरिका नै निर्वाचन प्रणाली हो । यसबाट जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गरिन्छ । लोकतन्त्रको संवर्द्धन र प्रवर्द्धनका लागि निर्वाचन प्रणालीको छनोट एक महत्त्वपूर्ण राजनीतिक निर्णय हो । निर्वाचन प्रणालीको छनोट गर्दा राज्यको परिस्थिति र राजनीतिक, सामाजिक, भौगोलिक, जनसाङ्ख्यिक तथा आर्थिक परिवेशलाई आधार मान्नुपर्दछ । यसरी छनोट गरिएको निर्वाचन प्रणालीले मतदाताले दिएको मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्दछ । विभिन्न सूत्रहरूको प्रयोग गरी निर्वाचनमा खसेको सदर मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्न निर्वाचन प्रणाली आवश्यक हुन्छ ।

१२७. निर्वाचन प्रणाली (Electoral System) तय गर्दा लिइने आधारहरू केके हुन् ?

निर्वाचन प्रणाली तय गर्दा मुख्यतः निर्वाचन क्षेत्रको भूगोल, जनसङ्ख्या तथा फैलावट (District magnitude), मतपत्रको ढाँचा (Ballot structure) तथा मतलाई सिटमा रूपान्तरण गर्ने सूत्र (Formula) लाई मुख्य आधारका रूपमा लिने गरिन्छ । यसका अतिरिक्त देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्थिति, उपलब्ध प्राविधिक प्रशासनिक तथा आर्थिक स्रोतहरू, सिट निर्धारण गर्नका लागि आवश्यक पर्ने न्यूनतम मत प्रतिशत, निर्वाचनमा प्रतिस्पर्धाको स्वरूप, दर्ता भएका मतदाताहरूका आधारमा प्रतिनिधिहरूको अनुपात, लैङ्गिक तथा समावेशी अवस्था, निर्वाचन प्रणालीको

स्वीकार्यता तथा लोकतन्त्रको अवस्था आदि निर्वाचन प्रणाली तय गर्दा लिइने अन्य आधारहरू हुन् ।

१२८. विश्वमा कति प्रकारका निर्वाचन प्रणालीहरू प्रचलनमा रहेका छन् ?

विश्वमा मुख्य रूपमा बढीमत/बहुमत निर्वाचन प्रणाली, समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली, मिश्रित निर्वाचन प्रणाली तथा अन्य निर्वाचन प्रणाली गरी चार प्रकारका निर्वाचन प्रणाली परिवारअन्तर्गत १२ प्रकारका निर्वाचन प्रणालीहरू प्रचलनमा रहेका छन् ।



उल्लिखित निर्वाचन प्रणाली परिवारअन्तर्गतका निर्वाचन प्रणालीहरूमध्ये विश्वमा सबैभन्दा बढी प्रयोगमा रहेको निर्वाचन प्रणाली पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली हो । हाल विश्वका ८७ भन्दा बढी देशहरूले यो प्रणाली अपनाएको पाइन्छ । समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्ने देशहरू पनि ८० भन्दा बढी रहेको पाइन्छ ।

१२९. बढीमत वा बहुमत प्रणाली भनेको के हो ?

मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बढीमत प्रणाली भनिन्छ । बढीमत भनेको निर्वाचनमा सबैभन्दा बढी मत अर्थात् एक मत बढी ल्याउने दल वा उम्मेदवार विजयी

हुने हो । यस पद्धतिमा जति उम्मेदवारले निर्वाचनमा प्रतिस्पर्धा गर्दछन् त्यसमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी भएको मानिन्छ । यसमा पूर्ण बहुमत ल्याउन आवश्यक पर्दैन । त्यसै गरी मतदानमा खसेको कुल सदर मतमध्ये बहुमत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बहुमत प्रणाली भनिन्छ । यस प्रणालीमा निर्वाचनमा कुनै दल वा उम्मेदवारले खसेको सदरमतको कम्तीमा ५० प्रतिशत र थप १ मत (५० प्रतिशत + १) प्राप्त गर्ने उम्मेदवार विजयी घोषणा गरिन्छ । अतः यस प्रणालीमा एकातिर बढी मत ल्याई विजयी हुने कुरा गरिन्छ भने अर्कोतिर बहुमत प्राप्त गरी विजयी हुने कुरा गरिन्छ । बढीमत/बहुमत प्रणालीको विशिष्टता भनेको नै एक निर्वाचन क्षेत्रमा प्रयोग गर्नु हो । यस प्रणालीमा बढी मत र बहुमतमा रहेको भिन्नतालाई स्पष्टसँग बुझ्नुपर्दछ ।

१३०. समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली भनेको के हो ?

कुनै निश्चित भूगोलभित्र बसोबास गर्ने जनसङ्ख्याको जनसाङ्ख्यिक बनोट अनुरूपको जनप्रतिनिधित्व हुने गरी जनमतलाई विजयी सिटमा परिणत गर्ने निर्वाचन प्रणाली नै समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली हो । यस्तो निर्वाचन प्रणालीमा राजनीतिक दललाई मत दिने वा राजनीतिक दलले तोकेका वा सूचीमा राखेका उम्मेदवारलाई मत दिने व्यवस्था गरिएको हुन्छ । बन्दसूची वा खुलासूचीमा आधारित समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली र एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली यस अन्तर्गत पर्ने निर्वाचन प्रणाली हुन् ।

१३१. समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा बन्दसूची भनेको के हो ?

निश्चित भौगोलिक क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनमा संविधान तथा कानुनबमोजिम सबै वर्ग, क्षेत्र, लिङ्ग, जात, जाति र समुदायको उचित प्रतिनिधित्व हुने गरी निर्वाचन व्यवस्थापन गर्ने निकायसमक्ष पेस गरिएको उम्मेदवारको सूची नै बन्दसूची हो । बन्दसूची भन्नाले खामबन्दी वा गोप्य भन्ने अर्थमा लिनुहुँदैन । निर्वाचन व्यवस्थापन गर्ने निकायमा पेस भएको उम्मेदवारको अन्तिम सूचीमा कसैले थपघट वा परिवर्तन गर्न नपाउने हुँदा यसलाई बन्दसूची भनिएको हो । यस्तो अन्तिम सूची मतदाताको जानकारीका लागि निर्वाचन व्यवस्थापन निकायले सार्वजनिक गर्दछ । दलले पाएको मतका आधारमा दललाई उपलब्ध हुने सिटमा राजनीतिक दलले यसै सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट विजयी उम्मेदवारको छनोट गर्छन् । नेपालका सन्दर्भमा संविधान

र निर्वाचन कानुनमा भएको व्यवस्थाबमोजिम महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, खस आर्य, पिछडिएको वर्ग, क्षेत्र, अल्पसङ्ख्यक, तथा अपाङ्गता भएको व्यक्तिसमेतको समानुपातिक प्रतिनिधित्व हुने गरी ६ ओटा क्लस्टरमा राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी निर्वाचन आयोगमा उम्मेदवारको बन्दसूची पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी बन्दसूचीमा नाम कायम रहेको व्यक्ति सम्बन्धित सभाको उक्त कार्यकालभरि उम्मेदवारका रूपमा रहने हुँदा कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्नुपूर्व बन्दसूचीबाट नाम हटाएको हुनुपर्नेछ ।

१३२. खुलासूची भनेको के हो ?

खुलासूची समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रयोग गरिने एक स्वरूप हो, जसमा मतदाताले आफूले चाहेको राजनीतिक दल वा समूह कुनै एकलाई मतदान गर्न सक्छन् । त्यसै गरी यसमा त्यस्तो दल वा समूहका तर्फबाट सूचीमा रहेका उम्मेदवारहरूमध्ये आफूले रोजेको उम्मेदवारलाई प्राथमिकता तोकी मतदान गर्न पाउने अधिकार मतदातालाई प्रदान गरिन्छ । यसमा राजनीतिक दलका तर्फबाट उम्मेदवारहरूको सूची प्रस्तुत गर्दा नै निर्वाचित हुने उम्मेदवारको प्राथमिकताक्रम निर्धारण गरी पेस गरिने हुँदा दल वा समूहले कुन उम्मेदवारलाई विजयी बनाउन चाहको छ भन्नेबारे मतदातालाई अग्रीम जानकारी हुन्छ । यस्तो सूचीका आधारमा हुने निर्वाचनबाट दलले तोकेकै उम्मेदवार निर्वाचित हुन्छन् भन्ने निश्चितता नहुन पनि सक्दछ । कुन उम्मेदवारलाई मतदान गर्ने भन्ने अधिकार मतदातालाई रहेबाट मतदाताको प्राथमिकताले उम्मेदवारहरूको क्रम सङ्ख्या र विजयी हुने उम्मेदवार निर्धारण गर्दछ । सूचीमा रहेका उम्मेदवारहरू जो कोहीलाई पनि मतदाताले मतदान गर्न सक्ने गरी खुला गरिएको कारण यसलाई खुलासूची भनिएको हो । खुलासूचीको अवधारणाअनुसार सूचीमा रहेका उम्मेदवारहरूमध्ये बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छन् ।

१३३. समानान्तर निर्वाचन प्रणाली भनेको के हो ?

निर्वाचनका लागि अपनाइने विभिन्न प्रणालीहरूमध्ये दुई वा सोभन्दा बढी प्रणालीलाई एकसाथ स्वतन्त्र रूपमा प्रयोग गरी निर्वाचन गरिने प्रणालीलाई समानान्तर निर्वाचन प्रणाली भनिन्छ अर्थात् समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली र बढीमत वा बहुमत निर्वाचन प्रणालीलाई एकसाथ प्रयोग गरी जनप्रतिनिधि चयन गरिने प्रणाली प्रयोग गरिएको छ भने त्यो समानान्तर निर्वाचन प्रणाली हो । दुई निर्वाचन प्रणालीलाई अलगअलग रूपमा अँगालिने यस प्रणालीमा एउटा मतपत्रबाट दुबै प्रणालीका लागि

मतदान गर्न वा अलगअलग मतपत्र प्रयोग गरी मतदान गर्न सकिन्छ । एउटै मतपत्रबाट मतदान गर्ने व्यवस्था भएका अवस्थामा दुबै प्रणालीका लागि सोही मतपत्रबाट मतदान गरिन्छ भने अलगअलग मतपत्रको व्यवस्था गरिएकामा अलगअलग नै मतदान गरिन्छ । समानान्तर निर्वाचन प्रणाली अपनाउने देशहरूमा एउटा मात्र मतपत्र प्रयोग गर्ने मुलुक दक्षिण कोरिया हो भने अलगअलग मतपत्र प्रयोग गर्ने जापान तथा थाइल्यान्ड हुन् । दुई ओटा मतपत्र प्रयोग गरिएको अवस्थामा एउटा निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतका आधारमा अर्को निर्वाचन प्रणालीबाट निर्वाचित हुने सिट सङ्ख्या वितरण गरिँदैन । नेपालमा वि.सं. २०६४ र २०७० मा सम्पन्न संविधान सभा सदस्य निर्वाचन तथा वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन अलगअलग मतपत्रको प्रयोग गरी यसै प्रणालीबमोजिम सम्पन्न भएको थियो ।

१३४. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनेको के हो ?

एक निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रणालीलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा मतदाताले दल वा समूहलाई नभई उम्मेदवारलाई मतदान गर्दछन् । बढी मत ल्याउने उम्मेदवार विजयी हुने यस प्रणालीलाई प्रत्यक्ष निर्वाचनका रूपमा अपनाइन्छ । यस्तो निर्वाचन प्रणाली अपनाउँदा निश्चित भूगोललाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरी एक क्षेत्र एक पदका आधारमा प्रतिनिधि निर्वाचित गरिन्छ । नेपालको संविधानले प्रतिनिधि सभा सदस्य २७५ मध्ये १६५ तथा प्रदेश सभा सदस्य ५५० मध्ये ३३० स्थान अर्थात् कुल सदस्य सङ्ख्याको ६० प्रतिशत हुन आउने सदस्यका लागि यस निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढीमत वा बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रूप हो । यस प्रणालीमा सदर मतको पूर्ण बहुमत नभए पनि अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।

१३५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका विशेषताहरू के हुन् ?

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मुख्य विशेषता सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनु हो । यस प्रणालीमा उम्मेदवार र मतदाताका बिचमा प्रत्यक्ष सम्बन्ध रहने, कुनै राजनीतिक दलले सरकार गठनका लागि आवश्यक बहुमत प्राप्त गर्न सहज हुन सक्ने, दलले बहुमत प्राप्त गर्न सक्ने भएकाले स्थिर सरकार निर्माण हुने, कुनै

क्षेत्र वा स्थान विशेषमा मात्र क्रियाशील रहेका राजनीतिक दलका उम्मेदवारहरू विजयी हुन सक्ने, मतदान गर्न एवम् मतगणना गर्न सरल हुने, स्वतन्त्र उम्मेदवारले पनि निर्वाचनमा प्रतिस्पर्धा गर्न र विजयी हुन सक्ने तथा कुनै उम्मेदवार निर्वाचित हुन बहुमत आवश्यक नहुने जस्ता विशेषताहरू रहेका छन् ।

१३६. समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका विशेषताहरू केके हुन् ?

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका मुख्य विशेषता मतदाताको मतको अधिकतम सदुपयोग भई कमभन्दा कम मत खेर जाने र राज्यको जनसाङ्ख्यिक बनोटअनुसार महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसङ्ख्यक तथा जातजातिको प्रतिनिधित्व सुनिश्चित हुन सक्नु हो । यस प्रणालीमा निर्वाचनमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुन सक्ने तथा उम्मेदवारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुँदा दलले छनोट गरेका उम्मेदवार प्राथमिकतामा पर्ने जस्ता विशेषताहरू रहेका छन् ।

१३७. समानुपातिक निर्वाचन प्रणालीमा सिट निर्धारण गर्दा केकस्ता सूत्रहरू प्रयोग गरिन्छन् ?

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा राजनीतिक दलले प्राप्त गर्ने सिट बाँडफाँटका लागि सेन्ट लग, मोडिफाइड सेन्ट लग जस्ता सूत्रको प्रयोग गरिन्छ । नेपालमा संविधान सभा सदस्य निर्वाचन, २०६४ र अर्को संविधान सभा निर्वाचन, २०७० मा समानुपातिक सदस्यको सिट सङ्ख्या निर्धारण गर्दा मोडिफाइड सेन्ट लग सूत्र १.४, ३, ५, ७.....र यस्तै बिजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो । वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक सदस्यको सिट सङ्ख्या निर्धारण गर्दा सेन्ट लग सूत्र १, ३, ५, ७.....र यस्तै बिजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो ।

१३८. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली भनेको के हो ?

सामान्य अर्थमा मतदाताले उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गर्नुपर्ने निर्वाचन प्रणाली एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली हो । यसलाई अझ प्रस्ट गर्ने हो भने मतदाताले मतपत्रमा क्रमशः प्राथमिकता तोकी गरेको मतदानबाट सबैभन्दा बढी मत

ल्याउने वा कम मत ल्याउने कुनै उम्मेदवारले प्राप्त गरेको मतलगतै दोस्रो प्राथमिकतामा रहेको उम्मेदवारका लागि सार्ने गरी गरिने निर्वाचन प्रणालीलाई एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली भनिन्छ । यसमा उम्मेदवार विजयी हुनका लागि कोटा अथवा प्राप्त गर्नै पर्ने मत सूत्रका आधारमा निर्धारण गरिन्छ । यसरी निर्धारण गरिएको कोटा कुनै उम्मेदवारले प्राप्त गरेमा सो उम्मेदवार विजयी हुन्छ । यसरी विजयी भएको उम्मेदवारले प्राप्त गरेको मत कोटाभन्दा बढी भएमा बढी भएको जति मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सर्न जान्छ । यदि कुनै पनि उम्मेदवारले कोटा बराबरको मत प्राप्त गर्न नसकेमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिस्पर्धाको सूचीबाट हटाई निजको मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सारिन्छ । यो प्रक्रिया तोकिएको निश्चित सङ्ख्यामा उम्मेदवार निर्वाचित नभएसम्म चलिरहन्छ । एक निर्वाचन क्षेत्रबाट एक जनाभन्दा बढी उम्मेदवार निर्वाचित गर्नुपर्ने वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा यस्तो निर्वाचन प्रणाली उपयुक्त मानिन्छ । एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा देहायको सूत्र प्रयोग गरी निर्वाचित हुने कोटा निर्धारण गरिन्छ :

$$\text{कोटा} = \frac{\text{जम्मा मत सङ्ख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान} + १} + १$$

१३९. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Surplus value भनेको के हो ?

एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीअन्तर्गत प्रतिस्पर्धामा रहेका उम्मेदवारमध्ये कुनै उम्मेदवारलाई निर्वाचित हुन आवश्यक हुने तोकिएको कोटाभन्दा बढी मत प्राप्त भएमा त्यस्तो बढी भएको मतलाई **Surplus value** भनिन्छ । यसरी बढी भएको मत वा **Surplus value** लाई ऐकिक नियमबाट मतपत्रको पुनः मत मूल्य कायम गरी जित्ने उम्मेदवारभन्दा पछाडिको प्राथमिकताक्रमको उम्मेदवारलाई सर्दछ ।

१४०. एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Eliminated Value भनेको के हो ?

एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा मत गणना गर्दा कुनै पनि उम्मेदवारले निर्वाचित हुन आवश्यक कोटा प्राप्त नगरेमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिस्पर्धाबाट हटाई निजले प्राप्त गरेको मतलाई निजभन्दा पछाडिको प्राथमिकता जनाइएको उम्मेदवारको मतमा सारिन्छ । यसरी सारिएको मतमूल्यलाई

Eliminated Value भनिन्छ । यसरी मत सार्दा प्रतिस्पर्धाबाट हटाइएको उम्मेदवारले प्राप्त गरेको मतको पूरै मूल्यभार जोड्ने गरिन्छ ।

१४१. एकमुष्ठ मत प्रणाली भनेको के हो ?

एकभन्दा बढी सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रमा बढी मत निर्वाचन प्रणालीको प्रयोग नै एकमुष्ठ मत प्रणालीका रूपमा रहेको हुन्छ । यस्तो निर्वाचन प्रणालीमा निर्वाचित हुने सङ्ख्या जति छ मतदाताले त्यति नै सङ्ख्यामा मतदान गर्न पाउँदछन् । मतदाताले प्रदान गरेको मतअनुसार बढी मत ल्याउने उम्मेदवारहरू निर्वाचित हुन्छन् । यस्तो प्रणालीमा सामान्यतया मतदाताले राजनीतिक दलभन्दा उम्मेदवारलाई नै निर्वाचित गर्न मतदान गर्दछन् । वि.सं. २०७४ सालको स्थानीय तहको निर्वाचनको वडा सदस्यमा अन्य समूहबाट दुई जना निर्वाचित गर्न यो प्रणालीको प्रयोग भएको थियो ।

१४२. दलगत एकमुष्ठ मत प्रणाली भनेको के हो ?

राजनीतिक दलले उठाएका उम्मेदवारलाई दलगत आधारमा एकमुष्ठ मत दिई बढी मत ल्याउने दल निर्वाचित हुने पद्धतिलाई दलगत एकमुष्ठ मत प्रणाली भनिन्छ । यो प्रणाली पनि बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ । दलीय आधारमा मतदातालाई एक मत दिने अधिकार प्राप्त हुन्छ । यस्तो निर्वाचन प्रणालीमा मतदाताले उम्मेदवारलाई भन्दा राजनीतिक दलले प्रस्तुत गरेका नीति, कार्यक्रम र घोषणापत्रका आधारमा दललाई मतदान गर्दछन् । यसमा बढी मत प्राप्त गर्ने दलले सबै स्थान जित्ने हुँदा प्रतिपक्षी नहुने सम्भावना पनि रहन्छ ।

१४३. वैकल्पिक मत प्रणाली भनेको के हो ?

मतदान गर्दा उम्मेदवारलाई प्राथमिकताक्रम तोकी मत दिइने र प्राथमिकताका आधारमा उम्मेदवार निर्वाचित हुने प्रणालीलाई वैकल्पिक मत प्रणाली भनिन्छ । वैकल्पिक मत प्रणालीमा बहुमत प्राप्त नहुँदासम्म सबैभन्दा कम मत पाउने उम्मेदवारलाई क्रमशः सूचीबाट हटाउँदै लगिन्छ र निजले प्राप्त गरेको मत निज पछिको प्राथमिकताक्रमको उम्मेदवारमा सारिन्छ । यो प्रक्रिया कुनै उम्मेदवारले बहुमत प्राप्त नगर्दासम्म कायम रहन्छ । यो प्रणाली उम्मेदवार केन्द्रित मत प्रणाली भएकाले मतदाताले राजनीतिक दलका आधारमा भन्दा उम्मेदवारका आधारमा मतदान गर्दछन् ।

१४४. दुई चरण मत प्रणाली भनेको के हो ?

दुई चरण मत प्रणाली बढीमत वा बहुमत निर्वाचन प्रणाली परिवारको एक निर्वाचन प्रणाली हो । बहुमत निर्वाचन प्रणालीमा निर्वाचित हुन उम्मेदवारले निर्वाचनमा खसेको सम्पूर्ण मतको पचास प्रतिशतभन्दा बढी (५० प्रतिशत +१) मत प्राप्त गर्नुपर्ने हुन्छ । यदि पहिलो चरणमा प्रतिस्पर्धामा रहेको उम्मेदवार कसैले पनि बहुमत प्राप्त गर्न नसकेमा दोस्रो चरणको निर्वाचन गर्नुपर्ने हुनाले यसलाई दुई चरण मत निर्वाचन प्रणाली भनिन्छ । पहिलो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारका बिचमा दोस्रो चरणको निर्वाचन गरिन्छ । दोस्रो चरणमा पूर्ण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ । नेपालका सन्दर्भमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा यो प्रणाली अपनाउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

१४५. मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ?

बढीमत वा बहुमत अथवा अन्य निर्वाचन प्रणालीबमोजिम प्राप्त कुनै पनि अमिल्दो अनुपातको विजयी उम्मेदवारको सङ्ख्यालाई समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट क्षतिपूर्ति प्रदान गरिन्छ भने त्यस्तो प्रणालीलाई मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली भनिन्छ । उदाहरणका लागि कुनै राजनीतिक दलले राष्ट्रिय स्तरमा १० प्रतिशत मत प्राप्त गरेको छ तर कुनै पनि निर्वाचन क्षेत्रको स्थान जितेको छैन भने त्यस्तो दललाई १० प्रतिशतसम्मको स्थान समानुपातिक निर्वाचन प्रणालीबाट क्षतिपूर्ति स्वरूप प्रदान गरिन्छ ।

१४६. एकल असङ्क्रमणीय मत निर्वाचन प्रणाली भनेको के हो ?

एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा एक मतदाताले एक जना उम्मेदवारलाई मात्र मतदान गर्ने र बढी मत ल्याउने उम्मेदवारहरू विजयी हुने प्रणाली एकल असङ्क्रमणीय मत निर्वाचन प्रणाली हो । यस प्रणालीमा राजनीतिक दललाई नभई उम्मेदवारलाई मतदान गरिन्छ ।

१४७. सीमित मत प्रणाली भनेको के हो ?

एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा एक जना मतदाताले एकभन्दा बढी तर सो क्षेत्रबाट निर्वाचित हुने जम्मा सदस्य सङ्ख्याभन्दा कम सङ्ख्यामा मतदान

गर्ने प्रणालीलाई सीमित मत प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा कुल सदर मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू निर्वाचित हुन्छन् ।

१४८. प्राथमिकता गणना निर्वाचन प्रणाली भनेको के हो ?

एक वा एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा मतदाताले मतपत्रमा आफ्नो प्राथमिकता दिई मतदान गर्ने प्रणालीलाई प्राथमिकता गणना निर्वाचन प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा कुल सदर मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार वा उम्मेदवारहरू निर्वाचित हुन्छन् । यो उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली हो ।

१४९. नेपालमा हाल प्रचलनमा रहेका निर्वाचन प्रणाली कुनकुन हुन् ?

नेपालको संविधान र निर्वाचनसम्बन्धी कानुनले व्यवस्था गरेअनुसार **स्थानीय तह सदस्यको निर्वाचन** पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, **प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचन** पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली, **राष्ट्रिय सभा सदस्यको निर्वाचन** बढीमत वा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र **राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन** बहुमत वा दुई चरण मत प्रणालीअन्तर्गत हुने व्यवस्था रहेको छ । निर्वाचन कानुनमा स्पष्ट रूपमा उल्लेख नभए तापनि स्थानीय तहको अन्य समूहका वडा सदस्यको निर्वाचन एकमुष्ठ मत प्रणालीअन्तर्गत गरिन्छ ।

१५०. नेपालमा समानुपातिक प्रतिनिधित्व प्रणालीतर्फ प्रतिनिधिहरू कसरी निर्वाचित हुन्छन् ?

नेपालमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अवलम्बन गरिएको छ । प्रतिनिधि सभा सदस्यमा २७५ मध्ये ११० र प्रदेश सभा सदस्यमा ५५० मध्ये २२० अर्थात् कुल सदस्य सङ्ख्याको चालिस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा दललाई प्राप्त हुने सिटमा त्यस्तो दलका तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुन्छन् । त्यसै गरी, प्रदेश सभा

सदस्यतर्फ प्रत्येक प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा दललाई प्राप्त हुने सिटमा त्यस्तो दलका तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभा सदस्यमा निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट भूगोल र प्रादेशिक सन्तुलनसमेतका आधारमा बन्द सूचीबाट प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था रहेको छ । तर प्रतिनिधि सभा सदस्यका हकमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीतर्फ कुल सदर मतको तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने र प्रदेश सभा सदस्यको हकमा कुल सदर मतको १.५ प्रतिशत मत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलका तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ ।

१५१. वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा कुन निर्वाचन प्रणाली अपनाइएको थियो ?

वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा एकल सङ्क्रमणीय मत प्रणाली र पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाइएको थियो । प्रत्येक प्रदेशबाट महिला तीन जना, दलित एक जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना र अन्य तीन जना निर्वाचित हुने संवैधानिक व्यवस्था रहेकामा निर्वाचित हुने पदमध्ये महिला समूहका तीन जना र अन्य समूहका तीन जनाका लागि एकल सङ्क्रमणीय मत प्रणाली अपनाइएको थियो भने दलित एक जना र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जनाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको थियो ।

परिच्छेद - ३

संविधान, निर्वाचन कानुन र निर्वाचन विवाद निरूपण

३.१	**संविधान र निर्वाचन कानुन**	**९९**
१५२.	संविधान भनेको के हो ?	९९
१५३.	म्याग्नाकार्टा भनेको के हो ?	९९
१५४.	निर्वाचन कानुन भनेको के हो ?	१००
१५५.	नेपालको संविधानका प्रमुख विशेषता केके हुन् ?	१००
१५६.	नेपालको संविधानमा निर्वाचनसम्बन्धी केकस्ता व्यवस्था रहेका छन् ?	१०१
१५७.	निर्वाचन मिति घोषणाका सम्बन्धमा नेपालमा कस्तो कानुनी व्यवस्था रहेको छ ?	१०१
१५८.	निर्वाचन सम्पन्न गराउनका लागि आवश्यक पर्ने स्रोत साधन व्यवस्था गर्ने सम्बन्धमा नेपालमा कस्तो कानुनी व्यवस्था रहेको छ ?	१०२
१५९.	निर्वाचन ऐन कसरी तर्जुमा हुन्छ ?	१०२
१६०.	निर्वाचनसम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि कसरी निर्माण गरिन्छ ?	१०३
१६१.	निर्वाचन कानुनका निर्देशक सिद्धान्तहरू केके हुन् ?	१०३
१६२.	निर्वाचन आयोग ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?	१०४
१६३.	राजनीतिक दलसम्बन्धी ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?	१०४
१६४.	निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ का विशेषता केके हुन् ?	१०६
१६५.	स्थानीय तह निर्वाचन ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?	१०६
१६६.	मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ का मुख्यमुख्य विशेषता केके हुन् ?	१०७
१६७.	प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन् ?	१०७
१६८.	प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन् ?	१०९
१६९.	राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ का मुख्यमुख्य विशेषता केके हुन् ?	११०
१७०.	राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन्	११०

१७१. निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ का मुख्यमुख्य विशेषता केके हुन् ? १११

३.२ निर्वाचन विवाद निरूपण ११२

१७२. निर्वाचन कसुर भनेको के हो ? ११२

१७३. निर्वाचनका अवधिमा हुने केकस्ता कार्यलाई निर्वाचन कसुर मानिन्छ ? ११२

१७४. निर्वाचन विवाद भनेको के हो ? ११३

१७५. निर्वाचन विवाद निरूपण भनेको के हो ? ११४

१७६. निर्वाचन विवाद केके कारणले उत्पन्न हुन्छन् ? ११४

१७७. मतदानका दिन केकस्ता विवादहरू उत्पन्न हुन सक्छन् ? ११४

१७८. कस्ता विवादलाई प्रशासकीय प्रकृतिका निर्वाचन विवाद भनिन्छ ? ११५

१७९. राजनीतिक वा कानुनी विवाद भनेको के हो ? ११५

१८०. निर्वाचन विवाद निरूपणका सम्बन्धमा संवैधानिक व्यवस्था कस्तो रहेको छ ? ११६

१८१. निर्वाचन विवाद निरूपणसम्बन्धी संरचनात्मक व्यवस्था कस्तो रहेको छ ? ११६

१८२. नाम दर्ता अधिकारीबाट केके विवादहरू निरूपण हुन्छन् ? ११७

१८३. मतदान अधिकृतबाट केके विवाद निरूपण हुने व्यवस्था छ ? ११७

१८४. अनुगमनकर्ताबाट निरूपण हुने विवाद केके हुन् ? ११९

१८५. निर्वाचन अधिकृतबाट निरूपण हुने विवाद केके हुन् ? ११९

१८६. निर्वाचन आयोगबाट कस्ता विवादहरूको निरूपण हुन्छ ? १२०

१८७. अदालतबाट निरूपण हुने विवाद केके हुन् ? १२१

१८८. काठमाडौँमा सन् २०१६ मा सम्पन्न निर्वाचन विवाद निरूपणसम्बन्धी कार्यशालाले केके प्रतिबद्धता जनाएको थियो ? १२२

१८९. निर्वाचन न्याय भन्नाले के बुझिन्छ ? १२३

१९०. निर्वाचन न्याय प्रणाली भन्नाले के बुझिन्छ ? १२३

परिच्छेद - ३

संविधान, निर्वाचन कानुन र निर्वाचन विवाद निरूपण

३.१ संविधान र निर्वाचन कानुन

१५२. संविधान भनेको के हो ?

संविधान देशको मूल कानुन हो । संविधानलाई जीवन्त र गतिशील लिखतका रूपमा लिइन्छ । संविधान राज्य सञ्चालनको मार्गदर्शन मात्र नभएर नागरिक जीवन र राजनीतिक प्रणालीलाई दिशानिर्देश गर्ने एउटा राजनीतिक र कानुनी दस्तावेज हो । संविधानले जनताको अधिकार र राज्य शक्ति तथा सरकारको अधिकारको स्पष्ट सीमाङ्कन गर्दछ । राज्य सञ्चालनका लागि आवश्यक पर्ने निकायहरूको गठन, कार्यक्षेत्र निर्धारण र कार्य गर्ने सार्वजनिक अधिकारीको काम, कर्तव्य र अधिकार संविधानले नै निर्धारण गरेको हुन्छ । संविधानले नै ऐन, नियम निर्माण गर्ने अख्तियारी प्रदान गरेको हुन्छ । कानुन, सरकार र यसका अङ्गहरूले वैधानिकता प्राप्त गर्ने स्रोत नै संविधान हो । त्यसैले संविधानलाई सरकारको शक्तिलाई सीमित गर्ने, जनताको अधिकारलाई संरक्षित गर्ने तथा सरकारका अङ्गहरूबिच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्ने राजनीतिक तथा कानुनी मूल लिखतका रूपमा लिइन्छ ।

१५३. म्याग्नाकार्टा भनेको के हो ?

विश्व इतिहासमा मानव अधिकार र व्यक्तिगत स्वतन्त्रताका सम्बन्धमा पहिलो लिखित दस्तावेज नै म्याग्नाकार्टा हो । बेलायतमा राजा र धर्मगुरुहरूबिच भएको सङ्घर्षको परिणाम स्वरूप सन् १२१५ जुन १५ मा बेलायतका तत्कालीन राजा जोनले हस्ताक्षर गरेको म्याग्नाकार्टालाई बेलायतमा कानुनको शासन, संसद्को प्रभुत्व र न्यायिक निष्पक्षताको जग बसाल्ने एवम् बेलायती नागरिकको स्वतन्त्रताको रक्षा गर्ने दस्तावेजका रूपमा लिइन्छ । यसले सबै नागरिकलाई निष्पक्ष सुनुवाइ र न्यायिक अधिकार प्रदान गरेको थियो । सन् १२१५ मा जारी भई सन् १२१६, १२१७ र १२२५ मा संशोधन गरिएको म्याग्नाकार्टाले राजा र सबै नागरिकलाई समान रूपमा व्यवहार गरिने

विषयलाई अनुमोदन गरेको थियो । म्याग्नाकार्टाले बेलायतमा लोकतन्त्रको प्रारम्भ गरेको हुनाले विश्वमा बेलायतलाई लोकतन्त्रको जननी पनि भन्ने गरिन्छ ।

१५४. निर्वाचन कानुन भनेको के हो ?

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गबाट सञ्चालन एवम् व्यवस्थापन गर्न तथा निर्वाचनसँग सम्बन्धित संस्था, निकाय र व्यक्तिका गतिविधिहरूको नियमन गर्न निर्माण गरिएको कानुन नै निर्वाचन कानुन हो । निर्वाचन कानुनअन्तर्गत संविधानका साथै निर्वाचनसँग सम्बन्धित ऐन, नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मापदण्डलगायतका कानुनी लिखत पर्दछन् । निर्वाचनसँग सम्बन्धित ऐन विधायिकाले निर्माण गर्ने र त्यस्ता ऐनअन्तर्गत बनाउनुपर्ने नियम, निर्देशिकालगायतका कानुन निर्वाचन व्यवस्थापन गर्ने निकायले बनाउने गर्दछ । नेपालका सन्दर्भमा निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको हुनाले सिद्धान्ततः आयोगको स्वतन्त्रता तथा सक्षमतालाई कायम राख्न यस्ता प्रत्यायोजित कानुन बनाउने अधिकार विधायिकाले आयोगलाई प्रत्यायोजन गरेको छ ।

१५५. नेपालको संविधानका प्रमुख विशेषता केके हुन् ?

नेपालको संविधान देशको मूल कानुन हो । नेपालको सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनु तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी एवम् सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण संविधानको प्रमुख विशेषता हो । यसका अतिरिक्त कानुनी राज्यको अवधारणा, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, सीमित सरकारको अवधारणा, सङ्घ, प्रदेश र स्थानीय तहमा राज्य शक्तिको बाँडफाँट, राज्यका अङ्गहरूको शक्ति सन्तुलन र पृथकीकरण, मानव अधिकार तथा मौलिक हकको प्रत्याभूति, बालिग मताधिकार, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, आवधिक निर्वाचन, लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रतिको प्रतिबद्धता तथा सरकार र नागरिकबिचको स्पष्ट सम्बन्ध संविधानका अन्य विशेषताहरू हुन् ।

१५६. नेपालको संविधानमा निर्वाचनसम्बन्धी केकस्ता व्यवस्था रहेका छन् ?

नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार र आवधिक निर्वाचनका विषय उल्लेख गरिएको छ । संविधानको धारा २४५ बमोजिम नेपालमा एक निर्वाचन आयोग रहने र यसले संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने व्यवस्था रहेको छ । कुनै राष्ट्रिय महत्त्वका विषयमा संविधान र सङ्घीय कानुनबमोजिम जनमत सङ्ग्रह गराउने संवैधानिक अधिकार निर्वाचन आयोगसँग रहेको छ । निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने कार्यसमेत निर्वाचन आयोगले गर्दछ । नेपालको संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

१५७. निर्वाचन मिति घोषणाका सम्बन्धमा नेपालमा कस्तो कानुनी व्यवस्था रहेको छ ?

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक व्यवस्था गरेको छ । संविधानतः राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको पदावधि पाँच वर्षको र राष्ट्रिय सभा सदस्यको पदावधि छ वर्षको हुने व्यवस्था छ । पदावधि समाप्त हुनुअगावै आवधिक निर्वाचनमार्फत नयाँ जनप्रतिनिधि निर्वाचित गर्नुपर्ने हुन्छ । प्रचलित कानुनी व्यवस्थाबमोजिम राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त हुन आएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी आयोगले मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी सङ्घीय संसद्का सदस्य तथा प्रदेश सभाका सदस्यको निर्वाचन मिति निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले तोक्ने र स्थानीय तहका सदस्यको हकमा कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि निर्वाचन हुने गरी निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले निर्वाचन मिति तोक्ने कानुनी व्यवस्था छ ।

१५८. निर्वाचन सम्पन्न गराउनका लागि आवश्यक पर्ने स्रोत साधन व्यवस्था गर्ने सम्बन्धमा नेपालमा कस्तो कानुनी व्यवस्था रहेको छ ?

नेपालको संविधानको धारा २४७ ले संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने व्यवस्था गरेअनुरूप आयोगले मानव स्रोत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त गर्दछ । निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनका लागि आयोगको खर्चको व्ययभार सङ्घीय सञ्चित कोषबाट हुने व्यवस्था गरेको छ । त्यसै गरी आयोगले निर्वाचनको काम सम्पन्न गर्नका लागि नियमित बजेट शीर्षकबाट विनियोजित रकमका अतिरिक्त विकास सहायतासम्बन्धी नीतिको प्रतिकूल नहुने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिई छुट्टै वित्तीय स्रोत जुटाउन वा सहायता प्राप्त गर्न सक्नेसमेत व्यवस्था रहेको छ । यसै गरी आयोगले निर्वाचनसम्बन्धी कामका लागि कुनै सार्वजनिक वा निजी संस्थाबाट आवश्यक सहयोग लिन वा त्यस्ता संस्था वा निकायबाट निर्वाचनसम्बन्धी काम गराउन सक्ने व्यवस्था छ । आयोगले निर्वाचनको काम सञ्चालन गर्नका लागि कुनै सार्वजनिक संस्था, निकाय वा सामुदायिक वा निजी विद्यालय वा महाविद्यालयको जग्गा, भवन, फर्निचर वा अन्य भौतिक साधन आवश्यकताअनुसार प्रयोग गर्न सक्ने व्यवस्था छ । यसरी निर्वाचन आयोगले सबै सरोकारवाला निकायहरूको सहयोगमा निर्वाचनसम्बन्धी कार्यका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्दछ ।

१५९. निर्वाचन ऐन कसरी तर्जुमा हुन्छ ?

संविधान र निर्वाचनसम्बन्धी नीतिले निर्वाचन सम्बन्धमा निर्दिष्ट गरेको व्यवस्थाबमोजिम निर्वाचनसम्बन्धी ऐनको तर्जुमा हुने गर्दछ । कानुन तर्जुमा प्रक्रियामा ऐन निर्माण हुनुअगाडि सबै कानुनहरू विधेयकका रूपमा रहन्छन् । विधेयकले ऐनका रूपमा धारण गर्नका लागि संविधानले तोकेको प्रक्रिया पूरा गर्नुपर्दछ । सामान्यतया सबै ऐनहरू निर्माणको प्रक्रिया संविधानमा उल्लेख भएबमोजिम हुने हुनाले निर्वाचनसम्बन्धी ऐन पनि संविधानले तोकेको प्रक्रिया पूरा गरी निर्माण हुने गर्दछ । यसका लागि निर्वाचन आयोगले नेपाल सरकारसँग सैद्धान्तिक सहमति प्राप्त गरी प्रारम्भिक मस्यौदा तर्जुमा गर्दछ । मस्यौदा तयार गर्दा आयोगले सबै सरोकारवालाहरूको राय, सुझाव तथा प्रतिक्रियासमेतका आधारमा अन्तिम मस्यौदा तयार गरी आयोगको सम्पर्क मन्त्रालयमा पठाउँछ । सम्पर्क मन्त्रालयले कानुन मन्त्रालयको राय लिई नेपाल सरकारको स्वीकृतिमा सङ्घीय संसद्मा निर्वाचनसम्बन्धी विधेयक पेस गर्दछ । यसरी पेस हुन आएको

विधेयकउपर सङ्घीय संसद्ले छलफल गरी स्वीकृत गर्दछ । यसरी स्वीकृत भएको विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्र ऐनको रूप धारण गर्दछ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम हाल आयोगको सम्पर्क मन्त्रालयका रूपमा गृह मन्त्रालय रहेको छ ।

१६०. निर्वाचनसम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि कसरी निर्माण गरिन्छ ?

नेपालको संविधानले निर्वाचनसम्बन्धी ऐन निर्माणको अधिकार सङ्घीय संसद्लाई दिए झैँ सङ्घीय संसदबाट निर्माण हुने निर्वाचनसम्बन्धी ऐनले नियमावलीलगायतका अन्य कानुन निर्माण गर्ने अधिकार निर्वाचन आयोगलाई प्रत्यायोजित गरेको हुन्छ । यस्तो अधिकारलाई कानुन निर्माणमा प्रत्यायोजित अधिकार भनिन्छ । प्रत्यायोजित अधिकारबमोजिम आयोगले संविधान र निर्वाचनसम्बन्धी कानुनसँग नबाझिने गरी निर्वाचनसम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका र कार्यविधि निर्वाचन आयोग आफैँले निर्माण गरी लागु गर्दछ । यसरी निर्वाचनसम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्डलगायतका कानुन निर्माण गर्दा मस्यौदा समिति गठन गर्ने, प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने, मस्यौदाउपर सरोकारवालाहरूको राय, सुझाव र प्रतिक्रिया लिने आदि क्रियाकलाप गरी अन्तिम मस्यौदा तयार गर्ने कार्य गरिन्छ । आयोगले निर्माण गर्ने निर्वाचनसम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्डलगायतका कानुन अन्तिम मस्यौदा स्वीकृतिका लागि आयोग सचिवालयले आयोगसमक्ष लिखित प्रस्ताव पेस गर्दछ । यसरी पेस हुन आएको प्रस्ताव आयोगबाट स्वीकृत भएपछि यसले नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्डलगायतका कानुनको स्वीकृत भएपछि निर्माण प्रक्रिया सम्पन्न हुन्छ । आयोगको निर्णयबमोजिम बनेका यस्ता कानुनहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउँछन् ।

१६१. निर्वाचन कानुनका निर्देशक सिद्धान्तहरू केके हुन् ?

निर्वाचनसम्बन्धी कानुनको अन्तर्राष्ट्रिय मान्यताअनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिता जस्ता विषय निर्वाचन कानुनका प्रमुख सिद्धान्तका रूपमा रहेको पाइन्छ । यसका अतिरिक्त निर्वाचन कानुनमा सरल भाषाको प्रयोग गरिनु, द्विअर्थी वा धेरै अर्थ लाग्ने शब्द प्रयोग नगरिनु, सबैले सहजै रूपमा बुझ्न सक्ने हुनु तथा बुझाइमा

स्पष्टता हुनुलगायत प्रजातान्त्रिक निर्वाचनका लागि आवश्यक निर्वाचनका सबै विषयहरू समेटिएको हुनु निर्वाचन कानुनका अन्य सिद्धान्तका रूपमा रहेका छन् । निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानुनको तर्जुमा गर्दा यिनै विषयवस्तुलाई मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्ने गरेको छ ।

१६२. निर्वाचन आयोग ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?

नेपालको संविधानको धारा २४६ को उपधारा (५) ले निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेको छ । आयोगको काम, कर्तव्य र अधिकारलाई परिभाषित गरी कार्यसञ्चालन तथा व्यवस्थापनसम्बन्धमा स्पष्टता कायम गर्नु निर्वाचन आयोग ऐन, २०७३ को मुख्य विशेषता हो । यसका अतिरिक्त निर्वाचन आचारसंहिता बनाई लागु गर्ने, निर्वाचन खर्चको हद तोक्ने, तोकिएको हदभन्दा बढी खर्च गर्ने तथा आचारसंहिता उल्लङ्घन गर्नेउपर कारबाही गर्ने, विकास सहायतासम्बन्धी नीतिको अनुकूल हुने गरी बाह्य स्रोत जुटाउने, कर्मचारीलाई प्रोत्साहन स्वरूप थप सुविधा उपलब्ध गराउन सक्ने, तोकिएका निर्वाचन सामग्री वा सेवा छोटो प्रक्रियामार्फत खरिद गर्न सक्ने, मतदाता जागरण कार्यक्रम सञ्चालन गर्न सक्ने, निर्वाचन व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्न सक्ने, निर्वाचनको काममा खटिएका राष्ट्रसेवकले कानुन विपरीत कार्य गरेमा विभागीय कारबाही गर्न सक्ने, ऐन कार्यान्वयन गर्न आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने, आफूलाई प्राप्त कुनै अधिकार नियमानुसार प्रत्यायोजन गर्न सक्ने, निर्वाचनको सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्ने, निर्वाचनसम्बन्धी नीति, योजना, रणनीति तयार गरी सोको कार्यान्वयन र अनुगमन गर्ने तथा निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार गर्न सक्ने आदि निर्वाचन आयोग ऐन, २०७३ का अन्य विशेषताहरू हुन् ।

१६३. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?

नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम राजनीतिक काम कारबाही सञ्चालन गर्न समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गर्न सक्ने तथा दर्ता भएको राजनीतिक दल अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को मुख्य विशेषता हो । यस ऐनका अन्य विशेषताहरू देहायबमोजिम रहेका छन् :

- राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुनुपर्ने व्यवस्था,
- दल दर्ताका लागि आवश्यक कागजात र पूरा गर्नुपर्ने प्रक्रिया स्पष्ट रूपमा उल्लेख,
- कस्तो अवस्थामा दल दर्ता हुन सक्दैन भन्ने विषयमा स्पष्टता,
- दलको नाम, झन्डा र चिह्न अरू कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण,
- दलहरू एकीकरण हुन, गाभिन, अध्यावधिक गर्न सक्ने व्यवस्था,
- दलको कारबाहीमा रोक लगाउन सकिने वा दलको दर्ता खारेज हुन सक्ने व्यवस्था,
- राजनीतिक दलको काम, कर्तव्य र अधिकार परिभाषित,
- राजनीतिक दलको संसदीय दलको गठनसम्बन्धी व्यवस्था,
- दल त्यागसम्बन्धी स्पष्ट व्यवस्था,
- राजनीतिक दलको लेखा र लेखापरीक्षणसम्बन्धी स्पष्ट व्यवस्था,
- दलको मान्यतासम्बन्धी विवाद निरूपण गर्ने निकाय र प्रक्रियामा स्पष्टता,
- दुई वा सोभन्दा बढी दलले एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिन सक्ने व्यवस्था,
- राष्ट्रिय दलको मान्यता प्राप्त गर्न पूरा गर्नुपर्ने आधारमा स्पष्टता,
- राजनीतिक दलको सङ्गठनात्मक संरचना र सदस्यको योग्यतासम्बन्धी व्यवस्था,
- दलको विधान प्रजातान्त्रिक, लैङ्गिक तथा समावेशी हुनुपर्ने व्यवस्था,

- दलको सबै तहको समितिमा एकतिहाइ महिला सदस्य र देशको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था,

- दलले आफ्ना पदाधिकारी, सदस्य तथा कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने व्यवस्था,

- दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित व्यक्तिले निर्वाचित भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण दलको केन्द्रीय कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था ।

१६४. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ का विशेषता केके हुन् ?

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सिलसिलामा हुन सक्ने कसुरका सम्बन्धमा सजाय र अन्य आवश्यक व्यवस्था गर्नका लागि निर्माण गरिएको निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ का मुख्य विशेषताहरू निर्वाचनसम्बन्धी कसुरलाई वर्गीकरणसहित परिभाषित गर्नु, कसुरको प्रकृति हेरी दण्ड सजाय तोकिनु र निर्वाचन कसुरको सुनुवाइ गर्ने निकायका रूपमा मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत, निर्वाचन आयोगलाई अर्धन्यायिक निकायका रूपमा तोकिनु रहेका छन् । यसका अतिरिक्त विवादको सुनुवाइ गर्ने निकायको निर्णयउपर अदालतमा पुनरावेदन लाग्ने व्यवस्था, निर्वाचन कसुरसम्बन्धी अनुसन्धान र मुद्दाको कारबाही तथा किनारा गर्ने प्रक्रियाको निर्धारण, निर्वाचन बदरसम्बन्धी व्यवस्था, निर्वाचन कसुरको सुनुवाइ गर्न विभिन्न तहका अदालतको अधिकार क्षेत्रको स्पष्टता आदि निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ का अन्य विशेषताहरू हुन् ।

१६५. स्थानीय तह निर्वाचन ऐन, २०७३ का मुख्य विशेषता केके हुन् ?

स्थानीय तह निर्वाचन ऐन, २०७३ का मुख्य विशेषता देहायबमोजिम रहेका छन् :

(क) गाउँ सभा तथा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि नै निर्वाचन हुने व्यवस्था,

(ख) निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था,

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढीमत प्रणाली अवलम्बन,

(घ) उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी स्पष्ट व्यवस्था,

(ङ) निर्वाचनमा उम्मेदवार हुन २१ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था,

(च) नगरपालिकाका प्रमुख, उपप्रमुख र वडाअध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा पद रिक्त भएमा बाँकी अवधिका लागि उपनिर्वाचन गरिने व्यवस्था,

(छ) जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत प्राप्त गर्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था,

(ज) मत गणना गर्दा दुई वा सोभन्दा बढी उम्मेदवारले बराबरी मत प्राप्त गरेमा गोला प्रथाद्वारा निर्णय गरिने व्यवस्था ।

१६६. मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ का मुख्यमुख्य विशेषता केके हुन् ?

नेपालको संविधानले गरेको व्यवस्थाबमोजिम आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा बालिग मताधिकारका आधारमा हुने निर्वाचनका लागि १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा समावेश गरी मतदाता हुन पाउने अधिकारलाई सुनिश्चित गर्नु मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को मुख्य विशेषता हो । यसका अतिरिक्त कुन निर्वाचनमा कोको मतदाता हुने भन्ने स्पष्टता, निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नुपर्ने, निर्वाचन मिति घोषणा भइसकेपछि सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने, मतदाताका रूपमा नाम दर्ता गर्न आवश्यक योग्यता तोकिएको, मतदाता परिचय पत्रको व्यवस्था, मतदाता नामावली सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइटमा राख्ने व्यवस्था, समानुपातिक निर्वाचन प्रणालीका लागि छुट्टै अस्थायी मतदाता नामावलीसमेत तयार गर्न सक्ने, मतदाता नामावली मतदानमा बाहेक अन्य प्रयोजनका लागि प्रमाण नलाग्ने व्यवस्था आदि यस ऐनका अन्य विशेषता हुन् ।

१६७. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन् ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्य विशेषता देहायबमोजिम रहेका छन् :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी दुई प्रकारका निर्वाचन प्रणाली अपनाइने व्यवस्था,

(ख) निर्वाचन आयोगसँगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था,

(ग) दुई वा दुईभन्दा बढी चरणमा निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोक्न सक्ने व्यवस्था,

(घ) उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी स्पष्ट व्यवस्था,

(ङ) एक व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार हुन नपाउने व्यवस्था,

(च) निर्वाचनमा उम्मेदवार हुन पच्चिस वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था,

(छ) समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन नपाउने व्यवस्था,

(ज) समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको बन्द सूची पेस गर्दा राजनीतिक दलले ध्यान दिनुपर्ने व्यवस्था स्पष्ट उल्लेख गरिएको,

(झ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित सदस्यको पद प्रदेश सभाको पदावधि छ महिनाभन्दा बढी बाँकी हुँदा रिक्त भएमा निर्वाचन आयोगले तोकेको मितिमा उप निर्वाचन हुने व्यवस्था,

(ञ) दुई वा सोभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गर्ने व्यवस्था,

(ट) सदर मतको दश प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था,

(ठ) आफ्नो मातृभाषामा समेत सपथ लिन पाउने व्यवस्था ।

१६८. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन् ?

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ का मुख्य विशेषता देहायबमोजिम रहेका छन् :

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी दुई प्रकारका निर्वाचन प्रणाली अपनाइने व्यवस्था,
- निर्वाचन आयोगसँगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था,
- दुई वा दुईभन्दा बढी चरणमा निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोक्न सक्ने व्यवस्था,
- उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी स्पष्ट व्यवस्था,
- एक व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार हुन नपाउने व्यवस्था,
- निर्वाचनमा उम्मेदवार हुन पच्चिस वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था,
- समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको बन्द सूचीमा नाम समावेश भएको व्यक्तिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन नपाउने व्यवस्था,
- समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको बन्द सूची पेस गर्दा राजनीतिक दलले ध्यान दिनुपर्ने व्यवस्था स्पष्ट उल्लेख गरिएको,
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित सदस्यको पद प्रतिनिधि सभाको पदावधि छ महिनाभन्दा बढी बाँकी हुँदा रिक्त भएमा निर्वाचन आयोगले तोकेको मितिमा उप निर्वाचन हुने व्यवस्था,
- दुई वा सोभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबार भएमा गोला प्रथाद्वारा निर्णय गर्ने व्यवस्था,

- सदर मतको दश प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था,

- आफ्नो मातृभाषामा समेत सपथ लिन पाउने व्यवस्था आदि यस ऐनका अन्य विशेषता हुन् ।

१६९. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ का मुख्यमुख्य विशेषता केके हुन् ?

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डल गठन हुने व्यवस्था राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को मुख्य विशेषता हुन् । यसका अतिरिक्त निर्वाचन आयोगसँगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था, उम्मेदवारको योग्यता र अयोग्यता स्पष्ट उल्लेख गरिएको, उम्मेदवार हुन पैंतिस वर्ष उमेर पूरा भएको हुनुपर्ने, निर्वाचक मण्डलका सदस्यको मतभार फरकफरक हुने, उम्मेदवारले प्राप्त गरेको कुल सदर मतलाई मतदाताको मतभारले गुणन गरी आएको सङ्ख्यालाई उम्मेदवारले पाएको कुल मत मानिने, कुल मतका आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने, दुई वा सोभन्दा बढी उम्मेदवारले प्राप्त गरेको कुल मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिने, सदर मतको दश प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवार (निर्वाचित हुने बाहेक) को धरौटी जफत हुने, पदावधि छ महिनाभन्दा बढी कायम रहँदै पद रिक्त भएमा पैंतिस दिनभित्र नेपाल सरकारले तोकेको मितिमा उपनिर्वाचन हुने, मातृभाषामा पनि सपथ लिन सकिने आदि यस ऐनका अन्य विशेषता हुन् ।

१७०. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ का मुख्यमुख्य विशेषता केके हुन् ?

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ का मुख्यमुख्य विशेषता देहायबमोजिम रहेका छन् :

- बहुमत बढीमत र दुई चरण निर्वाचन प्रणाली अवलम्बन गरिएको,

- सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था,

- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनको मिति निर्वाचन आयोगले तोकी नेपाल सरकारलाई जानकारी दिने व्यवस्था,

- राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि वा अन्य कारणले पद रिक्त भएकामा पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी निर्वाचनको मिति तोक्नुपर्ने व्यवस्था,

- राष्ट्रपति तथा उपराष्ट्रपतिको पद एकैपटक रिक्त भएमा राष्ट्रपतिको निर्वाचन सम्पन्न भएपछि उपराष्ट्रपति निर्वाचनको मिति तोक्नुपर्ने व्यवस्था,

- उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी स्पष्ट व्यवस्था,

- उम्मेदवार हुन पैंतालिस वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था ।

१७१. निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ का मुख्यमुख्य विशेषता केके हुन् ?

निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ का मुख्यमुख्य विशेषता देहायबमोजिम रहेका छन् :

- निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मान्ने व्यवस्था,

- जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र निर्धारण गर्ने व्यवस्था,

- प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र निर्धारण गरिनुपर्ने व्यवस्था,

- प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कुनै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने भएमा सम्भव भएसम्म जिल्लाभित्रका सबै निर्वाचन क्षेत्रको जनसङ्ख्याको अनुपात समान हुनेगरी निर्धारण गर्नुपर्ने व्यवस्था,

- प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि सम्बन्धित प्रदेशमा निर्धारण भएको निर्वाचन क्षेत्रको दोब्बर सङ्ख्या कायम हुने गरी प्रदेश सभा सदस्य निर्वाचनका लागि क्षेत्र निर्धारण गर्ने व्यवस्था,

- प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रत्येक जिल्लामा कम्तीमा दुई निर्वाचन क्षेत्र हुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था,

- नगरपालिका वा गाउँपालिकाको कुनै वडा एकभन्दा बढी निर्वाचन क्षेत्रमा पर्ने गरी क्षेत्र निर्धारण गर्न नपाइने व्यवस्था ।

३.२ निर्वाचन विवाद निरूपण

१७२. निर्वाचन कसुर भनेको के हो ?

निर्वाचन कसुर भन्नाले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा आँच पुऱ्याउने, निर्वाचनको व्यवस्थापन र सञ्चालनमा अवरोध गर्ने तथा निर्वाचनको अधिकारबाट वञ्चित गर्न गराउनका लागि गरिने अपराधिक क्रियाकलापलाई जनाउँछ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचन कसुरलाई निम्नानुसार ६ समूहमा विभाजन गरेको छ :

- निर्वाचनसम्बन्धी लिखत तथा निर्वाचन सामग्रीसम्बन्धी कसुर,

- मतदान तथा मतगणनासम्बन्धी कसुर,

- निर्वाचनमा प्रभाव पार्नेसम्बन्धी कसुर,

- निर्वाचन प्रचारप्रसारसम्बन्धी कसुर,

- निर्वाचन प्रचारप्रसारको आयव्ययसम्बन्धी कसुर,

- अन्य कसुर ।

१७३. निर्वाचनका अवधिमा हुने केकस्ता कार्यलाई निर्वाचन कसुर मानिन्छ ?

निर्वाचनको अवधिमा झुट्टा विवरण तथा कागजातसहित मनोनयन पत्र पेस गर्ने, निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउने, हातहतियार साथमा लिएर हिँड्ने वा प्रयोग गर्ने, शान्ति भङ्ग गर्ने, अनुचित प्रभाव पार्ने, नगद वा जिन्सी दिने वा लिने, आचारसंहिता विपरीत प्रचारप्रसार गर्ने, चरित्र हनन गर्ने, अनुचित ढङ्गले सवारी साधनको प्रयोग गर्ने, सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्ने, कानुन विपरीत आर्थिक

सहयोग लिने, तोकिएबाहेक अन्य व्यक्तिबाट खर्च गराउने, आयोगले तोकेको हदभन्दा बढी खर्च गर्ने, निषेधित कार्यका लागि आर्थिक सहयोग लिने वा खर्च गर्ने, निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाउने आदि कार्यहरूलाई निर्वाचन कसुर मानिन्छ । यसका साथै मतदानका समयमा मतपत्रको दुरुपयोग गर्ने, गैरकानुनी तवरले मतपत्र दिने वा लिने, मतदानको अधिकारबिना मतदान गर्ने, पटकपटक मतदान गर्ने, मत सङ्केत सार्वजनिक गर्ने, मतदानको प्रक्रिया उल्लङ्घन गर्ने, मतपत्रबाहेक अन्य वस्तु खसाल्ने वा राख्ने, मतदान भएको मतपत्र बिगार्ने वा नष्ट गर्ने, मतदान गर्न बाधा गर्ने तथा गैरनेपाली नागरिकले मतदान गर्ने कार्यहरूसमेत निर्वाचन कसुर हुन् । मतगणना सम्बन्धमा मतगणना स्थलमा अनधिकृत रूपमा प्रवेश गर्ने, मतगणनासम्बन्धी सामग्री बिगार्ने वा नोक्सान गर्ने, गलत ढङ्गले मतगणना गर्ने कार्यलाई कसुर मानिन्छ । निर्वाचन सञ्चालन र व्यवस्थापनमा खटिने कर्मचारीले गलत लिखतलाई मान्यता दिने, पदीय जिम्मेवारीबाट पन्छिने, निर्वाचनको गोपनीयता भङ्ग गर्ने, निर्वाचनमा प्रतिकूल असर पर्ने कार्य गरे गराएमा निर्वाचन कसुरजन्य कार्य हुन्छ । यी कार्य गर्न गराउन उद्योग, मद्दत वा दुरुत्साहन गर्नु निर्वाचन (कसुर तथा सजाय) ऐन विपरीतका कार्य हुने हुनाले यस्तो कार्यलाई समेत निर्वाचन कसुरका रूपमा लिइन्छ । त्यसैले उल्लिखित निर्वाचन कसुरजन्य कार्य गर्ने गराउने जोकोहीलाई दण्ड सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

१७४. निर्वाचन विवाद भनेको के हो ?

निर्वाचन व्यवस्थापन तथा सञ्चालन गर्दा निर्वाचन आयोग वा निर्वाचनसँग सम्बन्धित कर्मचारी, राजनीतिक दल, उम्मेदवार वा कार्यकर्ता वा शुभेच्छुक वा समर्थक, निर्वाचनसँग सरोकार राख्ने कुनै सङ्घसंस्था वा व्यक्तिले गर्ने काम, कारबाही, निर्णय वा प्रक्रियाको सिलसिलामा उत्पन्न हुने विवादलाई निर्वाचन विवाद भनिन्छ । सामान्य अर्थमा निर्वाचनका क्रममा कर्मचारीको पदस्थापना, मतदान केन्द्रको निर्धारण, निर्वाचनसम्बन्धी कानुनको उल्लङ्घन, मतगणनामा गणितीय त्रुटि जस्ता प्रशासकीय विवाद, कानुनद्वारा निषेध गरिएका निर्वाचन अपराधसम्बन्धी विवाद, निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा आँच पुऱ्याउने खराब अभ्यास, अनुचित प्रभाव पार्ने, सम्पत्ति, शक्ति, बल वा प्रभावका आधारमा गरिने जबरजस्ती, दबाब, धम्की, दुर्व्यवहार, भौतिक तथा मानसिक क्षति र मतदाता नामावलीमा नाम दर्ता गराउने कार्यमा अवरोध, निर्वाचन आचारसंहिता विपरीतका कार्य, मतदान गर्नबाट वञ्चित गराउने कार्य, मतगणना कार्यमा अवरोध र नतिजालाई प्रभावित पार्ने कार्य जस्ता प्रशासनिक,

राजनीतिक तथा कानुनी विवादहरू निर्वाचन विवादअन्तर्गत समेटिन्छन् । सामान्यतया निर्वाचन विवादलाई प्रशासकीय, फौजदारी, कानुनी तथा राजनीतिक भनी वर्गीकरण गर्ने गरिन्छ ।

१७५. निर्वाचन विवाद निरूपण भनेको के हो ?

निर्वाचन व्यवस्थापन तथा सञ्चालनका क्रममा उत्पन्न विवादलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा टुङ्गो लगाउने वा समाधान गर्ने कार्यलाई निर्वाचन विवाद निरूपण भनिन्छ । निर्वाचन विवादको निरूपणसम्बन्धी कार्य निर्वाचनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधिसमेतका आधारमा गरिन्छ । यो निर्वाचन आयोग र अन्तर्गत कार्यालय तथा अधिकारी एवम् निर्वाचन विवाद निरूपणको अख्तियार प्राप्त अधिकारीको अर्धन्यायिक कार्य हो ।

१७६. निर्वाचन विवाद केके कारणले उत्पन्न हुन्छन् ?

निर्वाचनका सरोकारवालाहरूबाट निर्वाचनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधिको पालना नभएमा तथा निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने कार्य भएमा निर्वाचन विवाद उत्पन्न हुन्छन् । त्यसै गरी सम्पत्ति वा शक्तिको दुरुपयोग गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउने कार्यमा बाधा उत्पन्न गर्ने कार्यहरू भए गरेमा निर्वाचन विवाद उत्पन्न हुन सक्छन् । निर्वाचनमा झुठ्ठा विवरणसहित मनोनयन पेस गरेमा, निर्वाचनका प्रक्रिया उल्लङ्घन गरेमा, प्रचारप्रसारका सिलसिलामा आचारसंहिताको उल्लङ्घन गरेमा, मतदाता नामावलीमा भएको सामान्य त्रुटिलाई अनावश्यक रूपले उछालेमा, झुठ्ठा विवरणका आधारमा मतदानको प्रयास गरेमा, कानुनद्वारा निषेधित कार्य गर्न दुरुत्साहन गरेमा पनि निर्वाचन विवाद उत्पन्न हुन्छ । निर्वाचनसम्बन्धी विवाद निर्वाचनका तीनै चरणमा उत्पन्न हुन सक्दछन् भने विवादका प्रकृतिहरू निर्वाचन चरणअनुरूप फरकफरक हुने गर्दछन् । यद्यपि निर्वाचन अवधिमा हुने निर्वाचन विवाद बढी संवेदनशील हुन्छन् ।

१७७. मतदानका दिन केकस्ता विवादहरू उत्पन्न हुन सक्छन् ?

निर्वाचनमा मतदानको दिन सबैभन्दा महत्त्वपूर्ण दिन हो । यो दिन निर्वाचनसँग सम्बद्ध सबै पक्षहरू उत्तिकै संवेदनशील हुन्छन् । सामान्यत मतदानको दिन मतदानको कार्यबाट वञ्चित गरे गराएको भन्ने विवाद नै मुख्य रूपमा उठ्ने विवाद हो । यसका अतिरिक्त

मतदाता नामावलीका नाममा भएका त्रुटिको विषय, मतदान प्रतिनिधि राख्ने सम्बन्धमा, मतपत्रमा भएका त्रुटिका सम्बन्धमा, दोहोऱ्याएर मतदान गरेको सम्बन्धमा, मतदानको दिन पालना गर्नुपर्ने आचारसंहिताको उल्लङ्घन सम्बन्धमा, बाटो गौँडा छेकी मतदानमा अवरोध गरेको सम्बन्धमा, मतदातालाई अनुचित प्रभाव पारेको सम्बन्धमा, मतदातालाई डर, धाकधम्की दिएको सम्बन्धमा, अशक्त मतदाताको सहयोगी को हुने भन्ने सम्बन्धमा हुने विवादहरू मतदानको दिन उत्पन्न हुन सक्ने विवादहरू हुन् ।

१७८. कस्ता विवादलाई प्रशासकीय प्रकृतिका निर्वाचन विवाद भनिन्छ ?

निर्वाचन कार्यक्रमबमोजिम कर्मचारीको व्यवस्थापनलगायतका प्रशासनिक कार्यसँग सम्बन्धित विवादलाई प्रशासकीय प्रकृतिका निर्वाचन विवाद मानिन्छ । निर्वाचन प्रयोजनका लागि कर्मचारीको खटनपटन, मतदानकेन्द्रको निर्धारण, मतदान केन्द्रको निर्माण, स्वयम्सेवक परिचालन, दल वा उम्मेदवारको प्रतिनिधि परिचालन, अशक्त मतदातालाई मतदान कार्यमा सहजीकरण, मतपत्रमा मतदान अधिकृतको दस्तखत नभएको विषय, मतगणना स्थलको छनोट तथा व्यवस्थापन, मतगणनामा हुन सक्ने गणितीय त्रुटि एवम् निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको पक्षधरता आदि प्रशासकीय प्रकृतिका निर्वाचन विवाद हुन् ।

१७९. राजनीतिक वा कानुनी विवाद भनेको के हो ?

निर्वाचनका सिलसिलामा राजनीतिक वा कानुनी आधारमा निर्वाचनको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयतामा आँच पुऱ्याउने गरी हुने विवादहरू राजनीतिक वा कानुनी विवाद हुन् । निर्वाचनमा राजनीतिक दल, उम्मेदवार, कार्यकर्ता, शुभेच्छुक तथा समर्थकलगायत निर्वाचनका सरोकारवालाहरूबाट हुन सक्ने खराब अभ्यास, अनुचित प्रभाव, आचारसंहिताको उल्लङ्घन जस्ता विषयहरू राजनीतिक तथा कानुनी विवाद हुन् । यसअन्तर्गत निर्वाचनसम्बन्धी लिखत तथा निर्वाचन सामग्रीसम्बन्धी विवाद, मतदान तथा मतगणनासम्बन्धी विवाद, निर्वाचनमा अनुचित प्रभाव पार्ने विवाद, निर्वाचन प्रचारप्रसारसम्बन्धी विवाद, निर्वाचन प्रचारप्रसारको आयव्ययसम्बन्धी विवादलगायत पुनःमतदान, पुनःमतगणना तथा निर्वाचन बदरसम्बन्धी विवादहरू पर्दछन् ।

१८०. निर्वाचन विवाद निरूपणका सम्बन्धमा संवैधानिक व्यवस्था कस्तो रहेको छ ?

नेपालको संविधानको धारा २४६ को उपधारा (३) मा राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेका अवस्थामा कुनै उम्मेदवारको योग्यताका सम्बन्धमा कुनै प्रश्न उठेमा सोको निर्णय निर्वाचन आयोगले गर्ने व्यवस्था छ । धारा १३७ को उपधारा (२) को खण्ड (ख) मा सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवादको सुरु कारबाही र किनारा सर्वोच्च अदालतको संवैधानिक इजलासले निरूपण गर्ने व्यवस्था छ । स्थानीय तह निर्वाचनका सम्बन्धमा मत परिणाम घोषणापूर्व कुनै उम्मेदवार आयोग्य छ वा हुन गएको छ भन्ने विवाद निर्वाचन आयोगले सुनुवाइ गर्दछ भने मतपरिणाम घोषणापश्चात् यो विवाद सम्बन्धित उच्च अदालतले सुनुवाइ गर्ने कानुनी व्यवस्था छ ।

१८१. निर्वाचन विवाद निरूपणसम्बन्धी संरचनात्मक व्यवस्था कस्तो रहेको छ ?

नेपालको संविधान र निर्वाचनसम्बन्धी कानुनले निर्वाचन विवाद निरूपण गर्न न्यायिक निकायतर्फ जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सुनुवाइ र किनारा गर्ने व्यवस्था गरेको छ । न्यायिक निकायको अधिकार क्षेत्रबाहेकका निर्वाचन विवादको सुनुवाइ र किनारा निर्वाचन आयोग र अन्तर्गत निकायबाट हुने गरी न्यायिक तथा अर्धन्यायिक संरचनाको व्यवस्था गरिएको छ । मतदाता नामावली ऐन, २०७३ ले मतदाता नामावलीसम्बन्धी विवाद नाम दर्ता अधिकारीले सुनुवाइ गर्ने व्यवस्था गरेको छ भने निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचनसम्बन्धी विवाद मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत र निर्वाचन आयोगले सुनुवाइ गर्ने व्यवस्था गरेको छ । निर्वाचन विवाद निरूपणसम्बन्धी कार्यलाई व्यवस्थित, प्रभावकारी, छिटोछरितो र पारदर्शी रूपमा कार्यस्थलमा नै समाधान गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने उद्देश्यले निर्वाचन आयोगले निर्वाचन विवाद (सुनुवाइ र निरूपण) कार्यविधि, २०७६ स्वीकृत गरी आवश्यक संरचनात्मक व्यवस्था र विवाद निरूपणको प्रक्रियालाई स्पष्ट गरेको छ ।

१८२. नाम दर्ता अधिकारीबाट केके विवादहरू निरूपण हुन्छन् ?

मतदाता नामावली ऐन, २०७३ मा आयोगले निर्वाचनका लागि मतदाताको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार वा अद्यावधिक गर्न र तत् सम्बन्धमा आवश्यक अन्य सबै कार्य गर्नका लागि प्रत्येक जिल्लामा एक जना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकताअनुसार नाम दर्ता अधिकारी तथा सहायक नाम दर्ता अधिकारी तोक्न सक्ने व्यवस्था गरेको छ । यसबमोजिम तोकिएका नाम दर्ता अधिकारीबाट देहायबमोजिमका निर्वाचन विवादहरू निरूपण हुन्छन् :

(क) नाम दोहोरो परेको, नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएको वा दर्ता गराउनका लागि दरखास्त दिएको वा त्यसरी ढाँटी दर्ता गराएको सम्बन्धी विवाद,

(ख) मतदाता नामावलीमा कुनै व्यहोरा थपेको, केरमेट गरेको, सच्याएको वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगारेको, नोक्सान पारेको वा नष्ट गरेको सम्बन्धी विवाद,

(ग) मतदाता नामावली तयार गर्न खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएको वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट विचलित गराएको सम्बन्धी विवाद,

(घ) गोप्य राख्नुपर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गरेको सम्बन्धी विवाद,

(ङ) आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण दुरुपयोग गरेको सम्बन्धी विवाद,

(च) जुन प्रयोजनका लागि मतदाता नामावली प्राप्त गरिएको हो सो विपरीत प्रयोग गरेको सम्बन्धी विवाद ।

१८३. मतदान अधिकृतबाट केके विवाद निरूपण हुने व्यवस्था छ ?

निर्वाचनसम्बन्धी कानुनले प्रचलित कानुन तथा निर्वाचन आयोगले जारी गरेको आदेश, निर्देशन र निर्देशिकामा उल्लेख भएबमोजिम मतदानको कार्य सम्पन्न गर्नका लागि सम्बन्धित निर्वाचन अधिकृतले मतदान अधिकृतको नियुक्ति गर्ने व्यवस्था गरेको छ ।

यसरी नियुक्ति हुने मतदान अधिकृतले मतदानको कार्य सञ्चालनका सिलसिलामा आउन सक्ने देहायका विवादहरू सुनुवाइ गर्ने कानुनी व्यवस्था रहेको छ :

(क) नाम ढाँटी मतदान गरेको,

(ख) अनधिकृत रूपमा मतदान केन्द्रमा प्रवेश गरेको,

(ग) मतपेटिका नोक्सान वा तोडफोड गरेको,

(घ) विशेष परिस्थितिमा मतदान स्थगित गर्ने,

(ङ) मतदान केन्द्र अनधिकृत कब्जा गरेको,

(च) निविदा मतपत्र माग गरेको,

(छ) निर्वाचन सामग्रीको अनधिकृत प्रयोग गरेको,

(ज) निर्वाचन सामग्री नष्ट वा नोक्सानी गरेको,

(झ) मतपत्रको दुरुपयोग वा मतदान केन्द्रबाहिर लगेको,

(ञ) अधिकारबिना मतदान गरेको,

(ट) पटकपटक मतदान गरेको,

(ठ) मत सङ्केत भएको मतपत्र सार्वजनिक गरेको,

(ड) मतदान प्रक्रियाको उल्लङ्घन गरेको,

(ढ) अनावश्यक वस्तु मतपेटिकाभित्र खसालेको वा राखेको,

(ण) गौंडा वा बाटो छेकी मतदानमा कुनै किसिमले अवरोध पुऱ्याएको,

(त) गैरनेपाली नागरिकले मतदान गरेको,

(थ) निर्वाचन तथा मतदानसम्बन्धी कार्यमा प्रतिकूल असर पारेको ।

१८४. अनुगमनकर्ताबाट निरूपण हुने विवाद केके हुन् ?

निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचनको कामकारबाही र आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न अनुगमनकर्ता वा अनुगमन टोली वा अनुगमन समिति गठन गरी खटाउन सक्ने व्यवस्था गरेको छ । यसरी अनुगमनका निम्ति खटिएका अधिकार प्राप्त अनुगमनकर्ताबाट निर्वाचनका सिलसिलामा आउन सक्ने देहायका विवादहरू सुनुवाइ गर्ने कानुनी व्यवस्था रहेको छ :

(क) मतदान केन्द्र तथा मतगणना स्थलमा प्रवेश,

(ख) गौंडा वा बाटो छेकी मतदानमा कुनै किसिमले अवरोध,

(ग) अनुमति प्राप्त व्यक्तिबाहेक अन्य व्यक्ति मतगणना स्थलमा प्रवेश,

(घ) आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने प्रचारप्रसार,

(ङ) निर्वाचन आचारसंहिताको उल्लङ्घन,

(च) निर्वाचन तथा मतदानसम्बन्धी कार्यमा प्रतिकूल असर पार्ने कार्य ।

१८५. निर्वाचन अधिकृतबाट निरूपण हुने विवाद केके हुन् ?

संविधान तथा प्रचलित निर्वाचनसम्बन्धी कानुनबमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र आवश्यकताअनुसार निर्वाचन अधिकृत नियुक्ति गर्ने व्यवस्था निर्वाचनसम्बन्धी कानुनले गरेको छ । यसरी नियुक्ति हुने निर्वाचन अधिकृतले निर्वाचन सञ्चालनका सिलसिलामा आउन सक्ने देहायका विवादहरू सुनुवाइ गर्ने कानुनी व्यवस्था रहेको छ :

(क) उम्मेदवारको अयोग्यतासम्बन्धी विवाद,

(ख) मनोनयन पत्रसम्बन्धी विवाद,

(ग) निर्वाचन चिह्न वितरणसम्बन्धी विवाद,

(घ) मतपेटिका नोक्सान गरेको,

(ङ) विशेष परिस्थितिमा मतदानको काम स्थगित गर्ने,

(च) मतपत्र नोक्सान गरेको,

(छ) मतदान केन्द्र तथा मतगणना स्थलको अनधिकृत कब्जा गरेको,

(ज) मतपत्र बदर हुने,

(झ) दोहोऱ्याई मतगणनाको माग भएको,

(ञ) मत बराबर भएको,

(ट) झुट्ठा विवरण वा कागजातसम्बन्धी विवाद,

(ठ) मतपत्र, मतपेटिका वा अन्य सामग्री मतदान केन्द्रबाट बाहिर लगेको,

(ड) अनुमति प्राप्त व्यक्तिबाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेको,

(ढ) निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको,

(ण) आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने निर्वाचनसम्बन्धी प्रचारप्रसार गरेको,

(त) कानुन विपरीत निर्वाचन प्रचारप्रसारमा खर्च गरेको ।

१८६. निर्वाचन आयोगबाट कस्ता विवादहरूको निरूपण हुन्छ ?

नेपालको संविधान, निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ तथा निर्वाचनसम्बन्धी ऐनले गरेको व्यवस्थाबमोजिम अदालतको अधिकार क्षेत्रभित्र नपर्ने निर्वाचनसम्बन्धी विवादहरू निर्वाचन आयोगले सुनुवाइ गर्ने व्यवस्था छ । यसरी संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानुनबमोजिम आयोगले देहायबमोजिमका निर्वाचनसम्बन्धी विवादहरूको सुनुवाइ तथा निरूपण गर्दछ :

(क) निर्वाचन परिणाम घोषणापूर्व उम्मेदवारको अयोग्यतासम्बन्धी विषय,

(ख) निर्वाचनको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने विषय,

(ग) कर्मचारीले कानुन, निर्देशन वा निर्देशनको जानी-जानी उल्लङ्घन,

(घ) दोहोरो उम्मेदवारी,

(ङ) निर्वाचित सदस्यले दल त्याग गरेको विषय,

(च) मतपत्र नोक्सान,

(छ) मतदान केन्द्र तथा मतगणना स्थलको अनधिकृत कब्जा,

(ज) सदर वा बदर मतगणना,

(झ) निर्वाचन आचारसंहिताको उल्लङ्घन,

(ञ) आयोगको मर्यादामा प्रतिकूल असर पारेको,

(ट) निर्वाचनको प्रचारप्रसारका सिलसिलामा सार्वजनिक सम्पत्तिको प्रयोग,

(ठ) कानुन विपरीत आर्थिक सहयोगको लेनदेन गरेको विषय,

(ड) कानुन विपरीत निर्वाचन प्रचारप्रसार खर्च गरेको विषय,

(ढ) पदीय जिम्मेवारीबाट पन्छिएको विषय ।

१८७. अदालतबाट निरूपण हुने विवाद केके हुन् ?

निर्वाचन विवादको न्यायिक निरूपण गर्न नेपालको संविधान र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको संवैधानिक इजलासलाई निर्वाचन विवादको सुनुवाइ गर्ने अधिकार क्षेत्र तोकेको छ । यसअनुसार जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको संवैधानिक इजलासले देहायका निर्वाचन सम्बन्धी विवादको सुनुवाइ र निरूपण गर्नुपर्ने कानुनी व्यवस्था छ :

(क) राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तह सदस्य निर्वाचनका सिलसिलामा घटेका आपराधिक प्रकृतिका निर्वाचन कसुरसम्बन्धी विवाद जिल्ला अदालतबाट सुनुवाइ र किनारा हुने,

(ख) स्थानीय तहका निर्वाचनमा मत परिणाम घोषणापछि उम्मेदवारको अयोग्यताको विषय, निर्वाचन परिणामसम्बन्धी विषय, निर्वाचन बदरसम्बन्धी विषय र जिल्ला अदालतको फैसलाउपर पुनरावेदन उच्च अदालतबाट सुनुवाइ र किनारा हुने,

(घ) सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य एवम् राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा मत परिणाम घोषणापछि उम्मेदवारको अयोग्यताको विषय, निर्वाचन परिणामसम्बन्धी विषय, निर्वाचन बदरसम्बन्धी विषय र उच्च अदालतको फैसलाउपर पुनरावेदन सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सुनुवाइ र किनारा हुने ।

१८८. काठमाडौँमा सन् २०१६ मा सम्पन्न निर्वाचन विवाद निरूपणसम्बन्धी कार्यशालाले केके प्रतिबद्धता जनाएको थियो ?

अफगानिस्थान, बङ्गलादेश, भुटान, पाकिस्तान, भारत, श्रीलङ्का, माल्दिभ्स, नेपाल र दक्षिण कोरिया सहभागी रहेको सन् २०१६ जुलाईमा काठमाडौँमा सम्पन्न निर्वाचन विवाद निरूपण तथा निर्वाचन न्यायसम्बन्धी क्षेत्रीय कार्यशालाले निर्वाचन विवाद निरूपण तथा निर्वाचन न्यायसम्बन्धमा देहायअनुसारको प्रतिबद्धता जनाएको थियो :

- सबै तहमा निर्वाचनको विश्वसनीयता तथा स्वीकार्यताको अभिवृद्धि गर्न प्रभावकारी निर्वाचन विवाद निरूपण संयन्त्र हुनुपर्दछ ।

- निर्वाचनको स्वच्छता अभिवृद्धि गर्न निर्वाचन विवाद समयमै स्वतन्त्र र पारदर्शी रूपमा निरूपण गरिनुपर्दछ ।

- स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि विशेषतः लोकतान्त्रिक मुलुकमा निर्वाचन विवाद निरूपणका लागि प्रभावकारी कानुनी संरचना र संयन्त्रको सुनिश्चितता गरिनुपर्दछ ।

- निर्वाचन विवादहरू सकेसम्म चाँडो समाधान हुने भए पनि पीडितहरूको पुनःस्थापित न्यायमा विशेष ध्यान दिनुपर्दछ ।

- निर्वाचन विवाद सुनुवाइमा सबै निर्वाचन व्यवस्थापन निकायले स्वतन्त्र निकायबाट निष्पक्ष सुनुवाइको अधिकारलाई सुनिश्चित गर्नुपर्दछ । यस्तो निकायका रूपमा निर्वाचन व्यवस्थापन निकाय वा अदालतहरू रहन सक्दछन् ।

- निर्वाचन विवाद निर्वाचनका तीनै चरण निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात् पनि हुने गर्दछ । त्यसैले वैधानिक रूपमा समयमा नै विवादको समाधान गर्न स्थायी संयन्त्र र विवाद निरूपणसम्बन्धी कार्यविधि हुनुपर्दछ ।

- निर्वाचनसम्बन्धी कानुन र संयन्त्र सबै सरोकारवालाहरूले सहजै बुझ्न सक्ने तथा अभ्यास गर्न सक्ने हुनुपर्दछ ।

- निर्वाचनको विश्वसनीयता वृद्धि गर्न प्रयोगकर्ता मैत्री सूचना प्रविधिको प्रयोग गर्दै निर्वाचन विवाद निरूपण प्रक्रियालाई पारदर्शी बनाउनुपर्दछ ।

- स्वतन्त्र र निष्पक्ष निर्वाचनको साझा लक्ष्य हासिल गर्न साथै निर्वाचन न्याय प्रणालीमा सबैको पहुँच सुनिश्चितताका लागि सम्बन्धित निर्वाचन व्यवस्थापन निकायहरूबिच, समन्वय, सहकार्य र साझेदारिता हुनुपर्दछ ।

१८९. निर्वाचन न्याय भन्नाले के बुझिन्छ ?

निर्वाचन न्याय भन्नाले निर्वाचन प्रक्रियाअन्तर्गत निर्वाचनसँग सम्बन्धित कानुन, मापदण्ड र सिद्धान्त विपरीत देखा पर्ने वा पर्न सक्ने विवादहरूका सम्बन्धमा निर्वाचन प्रक्रियामा भएका त्यस किसिमका घटनाहरू वा विवादहरूबाट पीडकलाई कारबाही गर्ने र मर्का पर्ने पक्षलाई कानुनबमोजिम उचित न्याय प्रदान गर्ने प्रक्रिया वा तरिका हो । अर्थात्, निर्वाचनसम्बन्धी क्रियाकलाप तथा प्रक्रियासँग सम्बन्धित निर्णयहरू जो मौजुदा संविधान, कानुन, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूका साथै स्थानीय रीतिस्थिति र प्रचलनहरूमार्फत नागरिकका निर्वाचनसम्बन्धी अधिकारलाई सुनिश्चित गर्ने एक समग्र न्यायिक प्रबन्ध हो । यस्तो न्यायिक प्रबन्ध नागरिकले आफूलाई प्राप्त निर्वाचन अधिकार असुरक्षित भएको वा खोसिएको ठानेमा सोउपर न्यायिक उपचारका लागि उजुरी गर्न पाउने, सोको यथोचित सुनुवाइ हुने र न्यायिक पुनरावलोकन हुने कुरालाई सुनिश्चित गर्दछ ।

१९०. निर्वाचन न्याय प्रणाली भन्नाले के बुझिन्छ ?

निर्वाचन न्याय प्रणाली भन्नाले नागरिकको निर्वाचनसम्बन्धी अधिकारको सुनिश्चितता र उक्त अधिकार हनन भएमा प्राप्त गर्ने उपचार प्रणाली भन्ने बुझिन्छ । यो निर्वाचन अधिकारको सुनिश्चितताको प्रत्याभूति एवम् मतदातालाई निर्भिक रूपमा मतदान

प्रक्रियामा भाग लिन सक्ने वातावरण बनाउन प्रबन्ध गरिएका कानुनी उपाय वा संयन्त्र हो । यस्ता उपाय र संयन्त्र राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी मान्यता, निर्वाचन न्यायका मान्य सिद्धान्त र अभ्यास अनुकूल हुनुपर्दछ । निर्वाचन न्याय प्रणालीको उपयुक्त परिपालनाले समाज क्रमशः पारदर्शी, समावेशी, एवम् समानताका आधारमा अघि बढ्दै लोकतान्त्रिक आचरण र व्यवहारमा रूपान्तरित हुँदै गएको सङ्केत गर्दछ । यस प्रणालीको दुरुपयोग भएमा सामाजिक द्वन्द्व, अराजकता र राजनीतिक अस्थिरता पैदा हुन गई राजनीतिक प्रणालीमाथि नै चुनौती आउन सक्दछ । त्यसैले निर्वाचन न्याय प्रणालीले विवाद निरूपण प्रक्रियामा पारदर्शिता कायम राख्दै योग्य व्यक्ति निर्वाचित हुन सक्ने आधारलाई बल प्रदान गर्नुपर्छ । निर्वाचित प्रतिनिधिहरूमा उत्तरदायित्व र जिम्मेवारीको भावना सिर्जना गर्न एउटा माध्यमका रूपमा समेत काम गर्न सक्नुपर्दछ । निर्वाचन न्याय प्रणाली सधैँ निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचनका मूल्य मान्यता र सिद्धान्तहरूलाई संवर्द्धन र सम्मान गर्न मुखरित छ भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ । निर्वाचन न्यायले निर्वाचनसम्बन्धी कानुन उल्लङ्घन भएमा त्यस्ता क्रियाकलापलाई प्रभावकारी ढङ्गबाट समाधान गर्न दण्डात्मक वा सुधारात्मक उपायहरूका निम्ति कानुनी उपचारको व्यवस्था गर्दै न्याय खोज्नेहरूका लागि सजिलो पहुँच प्रदान गर्दछ ।

परिच्छेद - ४

निर्वाचन आयोग

४.१	**संवैधानिक व्यवस्था**	**१२९**
१९१.	निर्वाचन आयोगको गठन कसरी हुन्छ ?	१२९
१९२.	निर्वाचन आयोगको पदाधिकारी भन्नाले कसलाई जनाउँछ ?	१२९
१९३.	निर्वाचन आयोगका पदाधिकारी नियुक्ति हुन कस्तो योग्यता आवश्यक पर्छ ?	१२९
१९४.	निर्वाचन आयोगका पदाधिकारीहरूको पुनः नियुक्तिसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?	१३०
१९५.	आयोगका पदाधिकारीको पद कस्तो अवस्थामा रिक्त हुन्छ ?	१३०
१९६.	आयोगका पदाधिकारीहरूको उत्तरदायित्वसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?	१३०
१९७.	आयोगको कार्य सम्पादन कसरी हुन्छ ?	१३१
१९८.	नेपालको संविधानबमोजिम आयोगको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?	१३१
१९९.	निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?	१३२
२००.	आयोगको बैठक सञ्चालनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?	१३३
२०१.	आयोगको सचिवालयसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?	१३४
२०२.	आयोगको सचिवको मुख्य काम, कर्तव्य र अधिकार केके छन् ?	१३४
२०३.	आयोगको सचिवालय र यसअन्तर्गतको साङ्गठनिक संरचना कसरी स्वीकृत हुन्छ ?	१३६
२०४.	आयोगले विशेषज्ञ सेवा कसरी लिन सक्छ ?	१३६
२०५.	आयोगको बजेट व्यवस्थापन कसरी हुन्छ ?	१३७
२०६.	आयोगले कार्यसम्पादनका सिलसिलामा उठेका निर्वाचनसम्बन्धी विषय वा कानुनी प्रश्नमा राय परामर्श कसरी प्राप्त गर्दछ ?	१३७
२०७.	आयोगको वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?	१३८
२०८.	आयोगले जारी गरेको आदेश ककसले पालना गर्नुपर्छ ?	१३८
२०९.	जिल्ला निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?	१३९

२१०. निर्वाचन अवधिमा आयोगले कस्तो संरचना तयार गरी काम गर्दछ ? १४०

२११. निर्वाचनका अवधिमा परिचालन हुने संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) ले केके काम गर्दछ ? १४१

२१२. निर्वाचन व्यवस्थापनका सिलसिलामा गठन गरिने प्रहरी सञ्चार एकाइले के काम गर्छ ? १४२

२१३. निर्वाचनसम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थापना गरिने कल सेन्टरले केकस्ता काम गर्दछ ? १४२

२१४. निर्वाचन व्यवस्थापन निकाय (Election Management Body - EMB) भन्नाले के बुझिन्छ ? १४३

२१५. विश्वमा निर्वाचन व्यवस्थापन गर्ने निकायलाई कसरी वर्गीकरण गर्ने गरेको पाइन्छ ? १४३

२१६. निर्वाचन व्यवस्थापन गर्ने निकायका निर्देशक सिद्धान्तहरू केके हुन् ? १४४

४.२ अन्तर्राष्ट्रिय सम्बन्ध १४५

२१७. नेपालको निर्वाचन आयोगको कुनकुन अन्तर्राष्ट्रिय संस्थासँग आबद्धता रहेको छ ? १४५

२१८. एसियाली देशहरूको निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (AAEA) स्थापनाको उद्देश्य के हो ? १४५

२१९. दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको मञ्च (FEMBoSA) कस्तो अन्तर्राष्ट्रिय मञ्च हो ? १४६

२२०. निर्वाचन आयोगसँग FEMBoSA को सम्बन्ध कस्तो रहेको छ ? १४६

२२१. FEMBoSA का हालसम्म कुनकुन देशमा कुनकुन बैठक सम्पन्न भएका छन् ? १४६

२२२. SAIDES भनेको के हो ? १४७

२२३. ANFREL भनेको के हो ? १४७

४.३ नीति, योजना र कार्यक्रम १४८

२२४. नीति भनेको के हो ? १४८

२२५. योजना भनेको के हो ? १४८

२२६. कार्यक्रम भनेको के हो ? १४९

२२७. आवधिक निर्वाचन योजना भन्नाले के बुझिन्छ ? १४९

२२८. रणनीतिक योजना भनेको के हो ? १४९

२२९. आयोगले तर्जुमा गरेका मुख्य नीतिहरू केके हुन् ? १५०

२३०. आयोगलाई रणनीतिक योजना किन आवश्यक पर्दछ ? १५१

२३१. आयोगको पहिलो रणनीतिक योजनाका मुख्यमुख्य उपलब्धिहरू केके थिए ? १५१

२३२. आयोगको दोस्रो रणनीतिक योजनाका मुख्यमुख्य उपलब्धिहरू केके थिए ? १५२

२३३. आयोगको तेस्रो रणनीतिक योजनाको दूरदृष्टि, ध्येय र लक्ष्य के हो ? १५४

२३४. आयोगको तेस्रो रणनीतिक योजनाका रणनीतिहरू केके रहेका छन् ? १५५

२३५. आयोगको तेस्रो रणनीतिक योजनाको पहिलो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ? १५५

२३६. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ? १५६

२३७. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तेस्रो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ? १५७

२३८. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको चौथो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ? १५८

२३९. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको पाँचौ रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ? १५९

२४०. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचन व्यवस्थापन सुधारका लागि केकस्ता क्रियाकलापहरू रहेका छन् ? १६०

२४१. निर्वाचनमा रणनीतिक योजना कसरी सुरु भएको मानिन्छ ? १६१

२४२. निर्वाचन व्यवस्थापनमा रणनीतिक योजनाको कस्तो भूमिका रहेको हुन्छ ? १६१

२४३. निर्वाचन रणनीतिक योजना सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ? १६२

४.४ निर्वाचनमा लैङ्गिक समानता तथा समावेशिता १६२

२४४. लैङ्गिक समानता भनेको के हो ? १६२

२४५. समावेशिता भनेको के हो ? १६३

२४६. नेपालको संविधानमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ? १६३

२४७. सङ्घीय संसद्मा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गर्न केकस्तो व्यवस्था गरिएको छ ? १६५

२४८. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ? १६६

२४९. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ? १६६

२५०. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य नियमावली, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ? १६७

२५१. प्रदेश सभामा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चितता गर्न कस्तो व्यवस्था गरिएको छ ? १६७

२५२. प्रदेश नं.१ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १६८

२५३. प्रदेश नं.२ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १६८

२५४. बाग्मती प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १६९

२५५. गण्डकी प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १६९

२५६. लुम्बिनी प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १७०

२५७. कर्णाली प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १७०

२५८. सुदूर पश्चिम प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ? १७१

२५९. स्थानीय तह निर्वाचनमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउने सम्बन्धमा केकस्तो कानुनी व्यवस्था गरिएको छ ? १७१

२६०. निर्वाचन आयोगले निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन केकस्तो प्रयास गरेको छ ? १७२

परिच्छेद - ४
निर्वाचन आयोग

४.१ संवैधानिक व्यवस्था

१९१. निर्वाचन आयोगको गठन कसरी हुन्छ ?

नेपालको संविधानको धारा २४५ ले नेपालमा एक निर्वाचन आयोग रहने तथा आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने व्यवस्था गरेको छ । प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने संवैधानिक प्रावधान रहेको छ । यसैबमोजिम निर्वाचन आयोगको गठन हुने र आयोगको प्रमुख निर्वाचन आयुक्तले अध्यक्ष भई काम गर्ने प्रावधान छ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ । तर निजको पदावधि समाप्त हुनुअगावै पैँसठ्ठी वर्ष उमेर पूरा भएमा सोही अवधिसम्म मात्र पदमा बहाल रहने संवैधानिक व्यवस्था रहेको छ ।

१९२. निर्वाचन आयोगको पदाधिकारी भन्नाले कसलाई जनाउँछ ?

संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०५३ ले निर्वाचन आयोगका प्रमुख पदाधिकारी र पदाधिकारीको परिभाषा गरेको छ । नेपालको संविधानबमोजिम नियुक्त हुने एक जना प्रमुख निर्वाचन आयुक्त र चार जना निर्वाचन आयुक्त गरी निर्वाचन आयोगमा पाँच जना पदाधिकारी रहने व्यवस्था छ । जसमा प्रमुख निर्वाचन आयुक्तलाई प्रमुख पदाधिकारी र निर्वाचन आयुक्तलाई पदाधिकारी जनाउने व्यवस्था रहेको छ ।

१९३. निर्वाचन आयोगका पदाधिकारी नियुक्ति हुन कस्तो योग्यता आवश्यक पर्छ ?

नेपालको संविधानको धारा २४५ को उपधारा (६) बमोजिम प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैँतालिस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने संवैधानिक व्यवस्था

रहेको छ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पारिश्रमिक र सेवाका सर्त सङ्घीय कानुनबमोजिम हुने व्यवस्था रहेको छ ।

१९४. निर्वाचन आयोगका पदाधिकारीहरूको पुनः नियुक्तिसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्त भएको मितिले छ वर्षको हुने व्यवस्था छ । निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको पुनः नियुक्ति नहुने तर निर्वाचन आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति गर्न सकिने व्यवस्था छ । कुनै निर्वाचन आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा आयुक्त पदमा भएको अवधिलाई समेत जोडी गणना गरिने संवैधानिक व्यवस्था रहेको छ । त्यसै गरी निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्ति भई काम गर्न बाधा नहुने संवैधानिक प्रावधान रहेको छ ।

१९५. आयोगका पदाधिकारीको पद कस्तो अवस्थामा रिक्त हुन्छ ?

आयोगका पदाधिकारी प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद राष्ट्रपतिसमक्ष लिखित राजिनामा दिएमा, पैंसट्ठी वर्ष उमेर पूरा भएमा, छ बर्से कार्यकाल समाप्त भएमा, मृत्यु भएमा र शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा पद रिक्त हुने व्यवस्था रहेको छ । त्यसै गरी संविधान र कानुनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेका कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेका आधारमा प्रतिनिधि सभाबाट महाअभियोगको प्रस्ताव पारित भएमा पदमुक्त हुने संवैधानिक व्यवस्था छ ।

१९६. आयोगका पदाधिकारीहरूको उत्तरदायित्वसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

नेपालको संविधानबमोजिम संवैधानिक परिषद्ले आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको नियुक्तिको सिफारिस गर्ने र संसदीय सुनुवाइपश्चात्

राष्ट्रपतिबाट नियुक्ति गर्ने व्यवस्था रहेको छ । संवैधानिक व्यवस्थाबमोजिम निर्वाचन आयोगका पदाधिकारीहरू सङ्घीय संसद्प्रति उत्तरदायी एवम् जवाफदेही रहन्छन् । प्रतिनिधि सभाका समितिले आयोगको प्रतिवेदनलगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिन सक्ने व्यवस्था रहेको छ ।

१९७. आयोगको कार्य सम्पादन कसरी हुन्छ ?

प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्य विभाजन आयोगले तोकेबमोजिम हुने कानुनी व्यवस्थाबमोजिम आयोगको निर्णयअनुसार प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्य विभाजन हुने गरेको छ । संविधान तथा प्रचलित कानुनबमोजिम आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तसमेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भएबमोजिम हुन्छ । आयोगको बैठकको अध्यक्षता प्रमुख निर्वाचन आयुक्तले गर्ने, आयोगको बैठक आवश्यकताअनुसार प्रमुख निर्वाचन आयुक्तले बोलाएका समयमा बस्ने र आयोगको निर्णयको अभिलेख आयोगका सचिवले प्रमाणित गरी रीतपूर्वक राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐनले आयोगको बैठकसम्बन्धी कार्यविधि आयोगले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरेअनुसार आयोगले आवश्यक कार्यविधि तयार गरी बैठक सञ्चालनसम्बन्धी विधि र प्रक्रियालाई व्यवस्थित गर्दै आएको छ ।

१९८. नेपालको संविधानबमोजिम आयोगको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?

नेपालको संविधानको धारा २४६ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ । नेपालको संविधानबमोजिम आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् :

(क) संविधान र सङ्घीय कानुनका अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु,

(ख) निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्नु,

(ग) संविधान र सङ्घीय कानुनबमोजिम राष्ट्रिय महत्त्वका विषयमा जनमत सङ्ग्रह गराउनु,

(घ) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेका अवस्थामा कुनै उम्मेदवारको योग्यतासम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्नु,

(ङ) निर्वाचनको काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट लिनु ।

आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

१९९. निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?

नेपालको संविधानले निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेको छ । सोहीबमोजिम निर्वाचन आयोग ऐन, २०७३ ले संविधानमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने उल्लेख गरेको छ :

(क) सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम निर्वाचनको मिति तोक्ने तथा परामर्श दिने,

(ख) निर्वाचनमा प्रभावकारी सुरक्षा व्यवस्थाका लागि आवश्यक कार्य गर्ने,

(ग) निर्वाचनको अनुगमन गर्ने वा गराउने,

(घ) निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिने,

(ङ) निर्वाचनको कामका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सार्वजनिक वा निजी संस्थाबाट सहयोग लिने,

(च) निर्वाचनको काम सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक वा निजी विद्यालय वा महाविद्यालयको भौतिक साधन स्रोतको प्रयोग गर्ने गराउने,

(छ) उम्मेदवारको अयोग्यताका सम्बन्धमा परेका उजुरीउपर कारबाही किनारा गर्ने,

(ज) प्रचलित कानुनको आधार तथा प्रक्रिया पुऱ्याई निर्वाचन रद्द गर्न सक्ने,

(झ) निर्वाचनसम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने,

(ञ) मतदाता पहिचानका लागि आवश्यक व्यवस्था मिलाउने,

(ट) निर्वाचनसम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन र अनुसन्धान गर्ने,

(ठ) निर्वाचनसम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने,

(ड) निर्वाचन कार्यालयको आवश्यक पूर्वाधार विकाससम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ढ) निर्वाचनसम्बन्धी विशेषज्ञ सेवा दिने व्यवस्था मिलाउने,

(ण) निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार गर्ने,

(त) निर्वाचनसम्बन्धी नियमावली तथा आवश्यकताअनुसार निर्देशिका, कार्यविधि, मापदण्ड, आचारसंहिता आदि तर्जुमा गरी लागु गर्ने ।

२००. आयोगको बैठक सञ्चालनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

निर्वाचन आयोग ऐन, २०७३ मा आयोगको बैठक सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ । संविधान तथा प्रचलित कानुनबमोजिम आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तसमेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भएबमोजिम हुन्छ । आयोगको बैठकको अध्यक्षता प्रमुख निर्वाचन आयुक्तले गर्ने, आयोगको बैठक आवश्यकताअनुसार प्रमुख निर्वाचन आयुक्तले बोलाएका समयमा बस्ने र आयोगको निर्णयको अभिलेख आयोगको सचिवले प्रमाणित गरी रीतपूर्वक राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐनले आयोगको

बैठकसम्बन्धी कार्यविधि आयोगले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरेअनुसार आयोगले आवश्यक कार्यविधि तयार गरी बैठक सञ्चालनसम्बन्धी विधि र प्रक्रियालाई व्यवस्थित गर्दै आएको छ ।

२०१. आयोगको सचिवालयसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

आयोगले व्यवस्थापन गर्ने सबै प्रकारका निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको पूर्ण जिम्मेवारी आयोगमा रहेको हुन्छ । निर्वाचन व्यवस्थापनसम्बन्धी नीतिगत निर्णय र निर्देशन आयोगले प्रदान गर्ने र सोको कार्यान्वयन सचिवालयले गर्ने व्यवस्था छ । आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ । आयोग सचिवालयअन्तर्गत ७ ओटा प्रदेश निर्वाचन कार्यालय र ७० ओटा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन् ।

२०२. आयोगको सचिवको मुख्य काम, कर्तव्य र अधिकार केके छन् ?

निर्वाचन आयोग ऐन, २०७३ मा व्यवस्था भएअनुसार आयोगका सचिवले निर्वाचन ऐन र प्रचलित कानुनमा तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख निर्वाचन आयुक्तको सामान्य निर्देशनमा रही आयोगको प्रशासन र व्यवस्थापनसम्बन्धी काम गर्ने गराउने, आयोगको वार्षिक बजेट, कार्यक्रम र योजना तयार गरी आयोगसमक्ष पेस गर्ने गराउने, आयोगको चलअचल सम्पतिको रेखदेख, स्याहार सम्भार गर्ने गराउने, आयोगको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने गराउने, आयोगको नीति, कार्यक्रम तथा निर्णयको कार्यान्वयन गर्ने गराउने एवम् आयोगले तोकेबमोजिमका अन्य कार्य गर्ने गराउने जस्ता कार्यहरू गर्नुपर्छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार निर्वाचन आयोगको प्रमुख प्रशासकीय अधिकारीको हैसियतमा आयोगको सचिवको मुख्य काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् :

- नेपाल सरकार र निर्वाचन आयोगले प्रतिपादन गर्नुपर्ने नीतिका सम्बन्धमा आयोगका पदाधिकारीलाई सघाउने,

- आयोगअन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नुपर्ने भएमा आयोगसमक्ष सोको प्रस्ताव पेस गर्ने,

- आयोगको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारीउपर नियन्त्रण तथा सुपरिवेक्षण गर्ने,

- आयोग मातहतका कार्यालय र अन्य निकायको काम कारबाहीउपर आवश्यक सुपरिवेक्षण, वा नियन्त्रण गर्ने र आवश्यकताअनुसार निर्देशन दिने,

- आयोग र अन्तर्गतका कार्यालयहरूले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेस गर्ने,

- आयोगको वार्षिक कार्यक्रम तर्जुमा गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समीक्षा गर्ने गराउने,

- आयोगबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी पेस गर्ने,

- आयोग वा यसअन्तर्गतका राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीको सरुवा वा पदस्थापना गर्ने वा काज खटाउने,

- विदेश भ्रमणका लागि नेपाल सरकारका तर्फबाट राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीको मनोनयन गर्ने र विदेश भ्रमण काज स्वीकृत गर्ने,

- आयोगसँग सम्बन्धित विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

- सचिवस्तरीय बैठकबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

- अत्यन्त उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्ने कर्मचारीलाई पुरस्कार स्वरूप तीन ग्रेडसम्म थप दिने वा एकपटकमा पाँच हजार रुपैयाँसम्मको एकमुष्ट पुरस्कार दिने,

- आयोग वा अन्तर्गत सञ्चालित आयोजनाको समयसमयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने, यसरी निरीक्षण गर्दा आयोजना समयमा पूरा हुन

नसकेको वा आयोजनाको गुणस्तर न्यून देखिएमा छानबिन गरी दोषी देखिएका सम्बन्धित विभागीय प्रमुख वा आयोजना प्रमुखलाई आवश्यक कारबाही गर्ने,

उल्लिखित कामका सम्बन्धमा नेपाल सरकार र निर्वाचन आयोगप्रति सचिव जिम्मेवार रहन्छ । आयोग र यससँग सम्बन्धित नेपाल सरकारले मागेको कुनै पनि विषयमा अद्यावधिक जानकारी दिने जिम्मेवारी र कर्तव्य आयोगका सचिवको हुन्छ ।

२०३. आयोगको सचिवालय र यसअन्तर्गतको साङ्गठनिक संरचना कसरी स्वीकृत हुन्छ ?

आयोगको साङ्गठनिक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने र आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने कानुनी व्यवस्था रहेको छ । यसअनुसार आयोगले आफ्नो कार्यजिम्मेवारी तथा कार्यबोझसमेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउँछ । आयोगबाट पेस भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणउपर अर्थ मन्त्रालयबाट प्राप्त सहमतिसमेतका आधारमा मूल्याङ्कन गरी नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पेस गर्दछ । सोअनुसारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि कार्यान्वयनमा आउँछ ।

आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ भने आयोग सचिवालयअन्तर्गत ७ प्रदेश निर्वाचन कार्यालय र ७० जिल्ला निर्वाचन कार्यालय रहेका छन् । आयोग सचिवालय र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयको स्वीकृति सङ्गठन संरचना एवम् दरबन्दीअनुसारका कर्मचारी नेपाल सरकारबाट उपलब्ध हुन्छ ।

२०४. आयोगले विशेषज्ञ सेवा कसरी लिन सक्छ ?

आयोगले आवश्यकताअनुसार निर्वाचनको कामका सम्बन्धमा विशेषज्ञको सेवा लिन सक्छ । यसरी लिइएको विशेषज्ञको सेवाको कार्य विवरण र पारिश्रमिक आयोगले निर्धारण गरेबमोजिम हुन्छ । संविधान र प्रचलित सङ्घीय कानुनले आयोगले निर्वाचन गराउनुपर्ने भनी तोकेको निर्वाचनबाहेकका अन्य कुनै निकाय वा सङ्गठित संस्थामा हुने निर्वाचनका लागि आवश्यकताअनुसार आयोगले विशेषज्ञ सेवा प्रदान गर्न सक्ने व्यवस्थासमेत रहेको छ ।

२०५. आयोगको बजेट व्यवस्थापन कसरी हुन्छ ?

निर्वाचन आयोगलाई प्रत्येक आर्थिक वर्षमा आवश्यक पर्ने चालु तथा पुँजीगत बजेटका लागि राष्ट्रिय योजना आयोगबाट बजेट सीमाभित्र रहेर आयोग, आयोग सचिवालय र आयोगअन्तर्गतका कार्यालयहरूको नियमित प्रशासनिक खर्च, कार्यक्रम खर्च र पुँजीगत खर्चअन्तर्गतका क्रियाकलापका लागि आयोगको सचिवालयले क्रियाकलापगत रूपमा बजेट तयार गर्दछ । यसरी तयार भएको बजेटमाथि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल गरी अन्तिम रूप दिएपछि अर्थ मन्त्रालयबाट तयार हुने व्यय अनुमानको विवरणमा समावेश हुन्छ । सङ्घीय संसद्बाट नेपाल सरकारको बजेट स्वीकृत भएपछि अर्थ मन्त्रालयको मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत निर्वाचन आयोगलाई बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुन्छ ।

आयोगका पदाधिकारीहरूलाई दिइने पारिश्रमिक तथा सुविधाको रकमसम्बन्धी खर्च सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने भएकाले त्यस्तो खर्चका लागि सङ्घीय संसद्को स्वीकृति आवश्यक छैन ।

निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनका लागि आयोगको खर्चको व्ययभार सङ्घीय सञ्चित कोषमा रहन्छ । निर्वाचन प्रयोजनका लागि आयोगलाई एकमुष्ट बजेट प्राप्त हुने र त्यस्तो बजेट आयोगबाटै विभिन्न खर्च शीर्षकहरूमा बाँडफाँट गरी प्रचलित कानुनबमोजिम कार्यविधि बनाई सोही कार्यविधिबमोजिम खर्च गरिन्छ । यसै गरी आयोगले निर्वाचनको काम सम्पन्न गर्नका लागि विकास साझेदार संस्थाबाट समेत वित्तीय स्रोत जुटाउन वा सहायता प्राप्त गर्न सक्छ । यस्तो सहायता प्राप्त गर्दा विकास सहायतासम्बन्धी नीतिको प्रतिकूल नहुने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्छ ।

२०६. आयोगले कार्यसम्पादनका सिलसिलामा उठेका निर्वाचनसम्बन्धी विषय वा कानुनी प्रश्नमा राय परामर्श कसरी प्राप्त गर्दछ ?

आयोगले कुनै संवैधानिक वा निर्वाचनसम्बन्धी कानुनी प्रश्नमा निर्णय गर्नुपूर्व राय लिन उपयुक्त देखेमा महान्यायाधिवक्ताको कार्यालय वा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय वा अन्य विशेषज्ञको राय लिन सक्छ । आयोगको आफ्नो काम कर्तव्यका सम्बन्धमा कुनै संवैधानिक अङ्ग वा नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल वा अन्य कुनै निकाय वा संस्थासँग सम्पर्क राख्न, परामर्श गर्न वा राय लिन सक्छ । यसै गरी स्वच्छ र स्वतन्त्र तवरबाट निर्वाचन

गर्ने सन्दर्भमा कुनै राजनीतिक दल वा नागरिक समाजका प्रतिनिधि, निर्वाचनसम्बन्धी विज्ञ वा अन्य सम्बन्धित व्यक्ति वा संस्थासँग छलफल वा परामर्श गरी राय सुझाव प्राप्त गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

२०७. आयोगको वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

आयोगले सम्पादन गरेका काम कारबाहीसहितको विवरण समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । यसरी तयार पारिएको प्रतिवेदन संविधानको धारा २९४ बमोजिम राष्ट्रपतिसमक्ष पेस गरी सार्वजनिक गर्नुपर्दछ । आयोगले राष्ट्रपतिसमक्ष पेस गरेको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने व्यवस्था छ । साथै आयोगले प्रत्येक प्रदेशको काम कारबाहीका सम्बन्धमा अलगअलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेसमेत संवैधानिक व्यवस्था रहेको छ ।

२०८. आयोगले जारी गरेको आदेश ककसले पालना गर्नुपर्छ ?

निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने सन्दर्भमा आयोगले आवश्यक आदेश जारी गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । यसरी आयोगले जारी गरेको आदेश देहायका निकाय, संस्था, सङ्गठन वा व्यक्तिहरूले पालना गर्नुपर्छ :

(क) सरकारी वा अर्धसरकारी निकाय वा संस्था,

(ख) निजी क्षेत्र वा गैरसरकारी संस्था,

(ग) राजनीतिक दल तथा त्यसका पदाधिकारी,

(घ) मतदाता,

(ङ) उम्मेदवार र निजका प्रतिनिधि,

(च) निर्वाचनको प्रचारप्रसार तथा अनुगमनमा संलग्न व्यक्तिहरू,

(छ) आयोगले समय-समयमा तोकेका संस्था वा व्यक्ति ।

आयोगले जारी गरेको आदेश उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवाला निकाय, संस्था, सङ्गठन वा व्यक्तिलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

२०९. जिल्ला निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार केके रहेका छन् ?

निर्वाचन आयोगको सचिवालयअन्तर्गत ७७ वटै जिल्लामा जिल्ला निर्वाचन कार्यालय रहेका छन् भने जिल्ला निर्वाचन कार्यालयको प्रमुखका रूपमा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको जिल्ला निर्वाचन अधिकारी रहने व्यवस्था छ । निर्वाचन आयोग नियमावली, २०७३ ले जिल्ला निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार तोकेको छ तर जिल्ला निर्वाचन अधिकारीको छुट्टै काम, कर्तव्य र अधिकार तोकेको छैन । जिल्ला निर्वाचन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका हैसियतले उक्त कार्यालयलाई तोकिएका अधिकारको प्रयोगका साथै काम, कर्तव्य पूरा गर्ने जिम्मेवारी जिल्ला निर्वाचन अधिकारीमा रहन्छ । यसका अतिरिक्त स्वीकृत कार्यविवरणअनुसार जिल्ला निर्वाचन अधिकारीको मुख्यमुख्य काम निम्नानुसार रहेका छन् :

- मतदाता नामावली रुजु गरी अद्यावधिक गराउने एवम् मतदाता नामावलीको अभिलेख सुरक्षित र सुव्यवस्थित तरिकाले राख्ने,
- आयोगले तोकेअनुसार मतदाताहरूको विवरण र मतदाता नामावलीको प्रतिलिपि तयार गर्ने,
- निर्वाचन सामग्रीहरूको भण्डार तथा मर्मतसम्भारको व्यवस्था गर्ने र जुनसुकै समयमा प्रयोग हुन सक्ने व्यवस्था गरी सुरक्षित रूपमा राख्ने ।
- निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीहरूको यकिन गरी समयमा नै आपूर्ति हुने आवश्यक व्यवस्था मिलाउने तथा निर्वाचन सामग्रीहरूको अद्यावधिक अभिलेख राख्ने,
- जिल्लास्तरमा तोकिएका निर्वाचन/मतदाता शिक्षा तथा प्रचारप्रसारसम्बन्धी कामहरू गर्ने,
- जिल्लास्थित निर्वाचन आचारसंहिता कार्यान्वयन, अनुगमन र प्रतिवेदनसम्बन्धी आयोगले तोकेको कार्य गर्ने,
- मतदान केन्द्रमा पठाइएका सामानहरू मतदान अधिकृतलाई बुझाउने र कार्य समाप्त भएपछि निजहरूबाट फिर्ता बुझिलिने व्यवस्था मिलाउने,

- निर्वाचन प्रयोजनका लागि जिल्ला स्थित सरकारी तथा अर्धसरकारी कार्यालयका कर्मचारीहरूको श्रेणीगत सङ्ख्या र नाम पदसहितको अद्यावधिक लगत तयार राख्ने,

- आयोगले तोकेबमोजिमको विवरणसहित मतदान स्थल र मतदान केन्द्रहरूको लगत राख्ने तथा भूसूचना प्रणालीमा राख्नका लागि मतदान केन्द्रसम्बन्धी आवश्यक विवरण सङ्कलन तथा अद्यावधिक गर्ने,

- जिल्ला स्तरमा निर्वाचनसम्बन्धी गोष्ठी, प्रशिक्षण, प्रचारप्रसार कार्यको व्यवस्था मिलाउने,

- मतदाता परिचय पत्रसम्बन्धी तोकिएका कार्यहरू गर्ने गराउने,

- निर्वाचन आयोगबाट समयसमयमा निर्देशित अन्य कार्यहरू गर्ने ।

२१०. निर्वाचन अवधिमा आयोगले कस्तो संरचना तयार गरी काम गर्दछ ?

निर्वाचनका अवधिमा आयोगले आयोग र अन्तर्गत कार्यालयहरूका अतिरिक्त निम्नानुसारका संरचना तयार गरी कार्य गर्ने गरको छ :

- आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतमध्येबाट निर्वाचन अधिकृतमा नियुक्ति गरी प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन क्षेत्रगत रूपमा निर्वाचन अधिकृतको कार्यालय स्थापना,

- मतदान सम्पन्न गर्न गराउन प्रत्येक मतदान केन्द्रका लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र स्वयंसेवक नियुक्ति,

- केन्द्रमा आयोग र नेपाल सरकारका सुरक्षा निकायहरूको प्रतिनिधित्व रहने गरी Joint Election Operation Center (JEOC) स्थापना,

- आवश्यकताअनुसार विभिन्न विषयगत समिति, एकाइ आदिको गठन ।

२११. निर्वाचनका अवधिमा परिचालन हुने संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) ले केके काम गर्दछ ?

निर्वाचनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय, रक्षा मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधिहरूसमेत रहेको एक संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को गठन गर्ने गरिएको छ । यसरी गठन र परिचालन हुने संयुक्त निर्वाचन सञ्चालन केन्द्रको कार्य जिम्मेवारी देहायअनुसार तोक्ने गरिएको छ :

- निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,
- आयोगमा रहेका सबै शाखाहरूसँग समन्वय गर्ने,
- जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालयमार्फत आयोगमा पेस गर्ने,
- विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,
- जिल्ला स्तरमा विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी सुझावसहित आयोगमा पेस गर्ने,
- निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषयहरू प्रवक्तामार्फत सबैसामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने,
- मुख्य र निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायहरूले पेस गरेका समस्या समाधान गर्ने व्यवस्था मिलाउने,
- निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेस गर्ने,

- निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण अद्यावधिक गर्ने र दैनिक प्रतिवेदनसम्बन्धी काम गर्ने,

- कार्य सम्पन्न गरिसकेपछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेस गर्ने

- आयोगले तोकेबमोजिम निर्वाचन सञ्चालनसम्बन्धी अन्य काम गर्ने ।

२१२. निर्वाचन व्यवस्थापनका सिलसिलामा गठन गरिने प्रहरी सञ्चार एकाइले के काम गर्छ ?

निर्वाचन व्यवस्थापनका सिलसिलामा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकायलगायत अन्य विभिन्न निकायसँगको सञ्चार सहज, चुस्त र प्रभावकारी बनाउन आयोगमा नेपाल प्रहरीको कमान्डमा स्थापना गरिने एकाइ नै प्रहरी सञ्चार एकाइ हो । यसले देहायअनुसारका काम गर्छ :

- मुख्य निर्वाचन अधिकृत एवम् निर्वाचन अधिकृतको कार्यालय तथा मतदान केन्द्रमा पठाउनुपर्ने सूचना वा जानकारी पठाउने,

- मुख्य निर्वाचन अधिकृत एवम् निर्वाचन अधिकृतको कार्यालय तथा मतदान केन्द्रबाट प्राप्त सूचना वा जानकारी संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मार्फत आयोगमा जानकारी गराउने,

- सञ्चार एकाइमा प्राप्त सुरक्षासम्बन्धी सूचना वा जानकारीहरू संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मार्फत आयोगमा जानकारी गराउने ।

२१३. निर्वाचनसम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थापना गरिने कल सेन्टरले केकस्ता काम गर्दछ ?

निर्वाचनका अवधिमा निर्वाचनसम्बन्धी सूचना सहज रूपमा आदानप्रदान गर्नका लागि आयोगले टोल फ्री नम्बरको व्यवस्थासहित आवश्यक जनशक्ति परिचालन गरी सेवा प्रदान गर्न स्थापना भएको केन्द्र नै कल सेन्टर हो । यसले आम नागरिकलगायत निर्वाचनका सरोकारवालाहरूले निर्वाचनका विषयमा राखेका प्रश्न र जिज्ञासा समाधान गर्ने तथा सुझाव र प्रतिक्रिया लिने कार्य गर्दछ । विगतका निर्वाचनको अनुभवले यस्तो कल सेन्टरबाट निर्वाचनसम्बन्धी आम नागरिक तथा सरोकारवालाहरूको चासो,

जिज्ञासा, प्रश्न, मतदाताका समस्याहरू, निर्वाचनका समयमा मतदान र मतगणनामा खटिएका कर्मचारीहरूका समस्याहरू तथा निर्वाचनका सम्बन्धमा राखिएका जिज्ञासाहरू सुन्ने र उपयुक्त सूचना तथा जानकारी दिने काम गर्दै आएकाले निर्वाचन अवधिमा यस्तो संयन्त्र उपयुक्त र प्रभावकारी हुन्छ भन्ने देखिएको छ ।

२१४. निर्वाचन व्यवस्थापन निकाय (Election Management Body - EMB) भन्नाले के बुझिन्छ ?

निर्वाचनमा हुने सबै क्रियाकलापको सञ्चालन, व्यवस्थापन, निर्देशन, रेखदेख र नियन्त्रण गर्न संवैधानिक तथा कानुनी रूपमा स्थापना हुने जिम्मेवार निकाय नै निर्वाचन व्यवस्थापन निकाय हो । विश्वका विभिन्न देशमा यस्ता निकायलाई निर्वाचन आयोग, निर्वाचन परिषद्, निर्वाचन एकाइ, निर्वाचन विभाग, निर्वाचन बोर्ड आदि विभिन्न नामले सम्बोधन गर्ने गरिन्छ । सबैजसो लोकतान्त्रिक देशहरूमा निर्वाचन व्यवस्थापन निकायहरूको व्यवस्था गरिएको हुन्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायको गठन, क्षेत्राधिकार, सदस्यको सङ्ख्या, अधिकारको सीमा आदि विषय त्यस देशको संविधान र कानुनले निर्धारण गरेको हुन्छ । नेपालका सन्दर्भमा संविधानको धारा २४५ बमोजिम गठन हुने संवैधानिक निकाय नै निर्वाचन व्यवस्थापन गर्ने निकाय हो ।

२१५. विश्वमा निर्वाचन व्यवस्थापन गर्ने निकायलाई कसरी वर्गीकरण गर्ने गरेको पाइन्छ ?

विश्वमा निर्वाचन व्यवस्थापन गर्ने निकायलाई देहायअनुसार तीन किसिममा वर्गीकरण गर्ने गरेको पाइन्छ :

क) स्वतन्त्र र स्वायत्त पद्धति

निर्वाचन व्यवस्थापनको स्वतन्त्र पद्धतिको एक प्रमुख विशेषता भनेको संस्थागत रूपमा सरकारी नियन्त्रणबाट स्वतन्त्र हुनु हो । यो पद्धति लागु भएका देशहरूमा निर्वाचन आयोग कार्यकारिणी निकायबाट स्वतन्त्र र स्वायत्त हुने हुन्छ । आफ्नो काम कारबाहीका लागि संसद्प्रति जिम्मेवार हुन्छ । उदाहरणका लागि नेपाल, भारत, मेक्सिको, दक्षिण अफ्रिकाका निर्वाचन आयोगलाई लिन सकिन्छ ।

ख) सरकारी पद्धति

सरकारअन्तर्गत रहेको निकायले निर्वाचन व्यवस्थापन गर्छ । निर्वाचन व्यवस्थापन गर्ने प्रजातान्त्रिक शासन पद्धति स्थापना भइसकेका र खास गरी कर्मचारीतन्त्रको तटस्थताप्रति जनताको विश्वास भएका देशहरूमा यस्तो पद्धति रहेको पाइन्छ । जर्मनी, स्विडेन र नर्वेलगायतका देशहरूमा यस्तो पद्धति रहेको छ ।

ग) मिश्रित पद्धति

मिश्रित पद्धति स्वभावैले दुई पद्धतिको सम्मिश्रणबाट निर्धारण भएको निर्वाचन व्यवस्थापन निकाय हो । जसअन्तर्गत नीतिगत अनुगमनकारी अधिकार भएको स्वतन्त्र निकाय तथा निर्वाचन प्रक्रिया कार्यान्वयन गर्ने जिम्मेवारी लिएको सरकारी निकायको संलग्नता रहने गर्दछ । स्पेन, कोस्टारिका, अर्जेन्टिना, फ्रान्स, जापान आदिका निर्वाचन व्यवस्थापन निकायहरू मिश्रित पद्धतिबमोजिमका रहेका छन् ।

२१६. निर्वाचन व्यवस्थापन गर्ने निकायका निर्देशक सिद्धान्तहरू केके हुन् ?

निर्वाचन व्यवस्थापन गर्ने निकायका मुख्य निर्देशक सिद्धान्तहरू निम्नानुसार छन् :

- स्वायत्तता (Independence),
- तटस्थता (Impartiality),
- निष्ठा (Integrity),
- पारदर्शिता (Transparency),
- दक्षता (Efficiency),
- व्यावसायिकता (Professionalism),
- सेवामुखी (Service-Mindedness) ।

४.२ अन्तर्राष्ट्रिय सम्बन्ध

२१७. नेपालको निर्वाचन आयोगको कुनकुन अन्तर्राष्ट्रिय संस्थासँग आबद्धता रहेको छ ?

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार गर्नु निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार हुने उल्लेख गरेको छ भने आयोगको रणनीतिक योजनाले अन्तर्राष्ट्रिय सङ्घसंस्थासँगको आबद्धता विस्तारलाई नीतिगत रूपमा स्वीकार गरको छ । यसअनुसार दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (Forum of the Election Management Bodies of South Asia - FEMBoSA) को निर्वाचन आयोग नेपाल संस्थापक सदस्य हो । निर्वाचन आयोगले यसको बैठकमा नियमित रूपमा सहभागिता जनाउने गरेको छ । त्यसै गरी एसियाली निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (Association of Asian Election Authorities - AAEA) को सदस्य रहेको छ । विश्वका निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (Association of World Electoral Bodies - AWEB) को वार्षिक साधारण सभामा निर्वाचन आयोगले समयसमयमा भाग लिँदै आएको छ । त्यसै गरी निर्वाचन व्यवस्थापनका सन्दर्भमा निर्वाचन आयोगले जुनसुकै देशका EMB सँग सम्पर्क र सम्बन्ध कायम गर्न सक्ने हुनाले हाल भारत, दक्षिण कोरिया र अस्ट्रेलियाका निर्वाचन व्यवस्थापन निकायसँग सहयोग आदान प्रदान सम्बन्धमा आपसी समझदारी (Memorandum of Understanding - MOU) गरेको छ ।

२१८. एसियाली देशहरूको निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (AAEA) स्थापनाको उद्देश्य के हो ?

एसियाली देशहरूको निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (Association of Asian Election Authorities - AAEA) निर्वाचनलाई पारदर्शी बनाउन पहल गर्ने, स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन निकायको स्थापनामा पहल गर्ने, निर्वाचन व्यवस्थापन निकायलाई व्यावसायिक बनाउने, निर्वाचनमा सहभागिता बढाउने जस्ता उद्देश्य राखी स्थापना भएको एसियाली देशहरूको साझा सङ्गठन हो । यस सङ्गठनले आफ्ना उद्देश्य पूरा गर्नका लागि मुख्यतया तालिम तथा कार्यशाला आयोजना गर्नुका साथै निर्वाचन पर्यवेक्षणको कार्यसमेत गर्दै आएको छ । निर्वाचन आयोग नेपाल एसियाली देशहरूको निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सङ्गठन (Association of Asian Election Authorities - AAEA) को सदस्य रही वार्षिक साधारण सभा तथा अन्य विशेष कार्यक्रमहरूमा सहभागिता जनाउँदै आएको छ ।

२१९. दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको मञ्च (FEMBoSA) कस्तो अन्तर्राष्ट्रिय मञ्च हो ?

दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको मञ्च (Forum of the Election Management Bodies of South Asia - FEMBoSA) दक्षिण एसियाली आठ राष्ट्रका निर्वाचन व्यवस्थापन गर्ने निकायको साझा सङ्गठनका रूपमा रहेको छ । दक्षिण एसियाली राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरूबिच नियमित सम्पर्क कायम राख्ने, निर्वाचन व्यवस्थापनसम्बन्धी विषयका सिकाइ आदान प्रदान गर्ने, स्वच्छ र स्वतन्त्र निर्वाचन गर्न समन्वय कायम गर्ने जस्ता उद्देश्य राखी यसको स्थापना भएको हो । FEMBoSA को बैठक हरेक वर्ष सदस्य राष्ट्रले पालैपालो आयोजना गर्ने व्यवस्था छ । बैठकमा निर्वाचन व्यवस्थापन निकायका प्रमुख तथा अन्य पदाधिकारीहरू उपस्थिति भई निर्वाचन व्यवस्थापनका विषयमा अनुभव आदानप्रदान गर्ने, नयाँ विषयमा साझा धारणा विकास गर्ने, समान समस्या समाधानका लागि पहल गर्ने अभ्यास हुँदै आएको छ । प्रत्येक वर्ष हुने बैठकमा संयुक्त घोषणापत्र जारी हुने र घोषणापत्रमा उल्लेख भएबमोजिमका गतिविधिहरू सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरूले आफ्नो कार्यक्रमभित्र समावेश गरी कार्यान्वयन गर्ने प्रचलनसमेत रहँदै आएको छ ।

२२०. निर्वाचन आयोगसँग FEMBoSA को सम्बन्ध कस्तो रहेको छ ?

निर्वाचन आयोग दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च FEMBoSA को संस्थापक सदस्य हो । हरेक वर्ष हुने यसको बैठकमा आयोग सहभागी भई स्वच्छ र स्वतन्त्र निर्वाचन गर्न सदस्य राष्ट्रहरूबिच समन्वय कायम गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निभाउँदै आएको छ । सन् २०१४ मा FEMBoSA को पाँचौँ बैठक निर्वाचन आयोगको आयोजनामा काठमाडौँमा सम्पन्न भएको थियो । उक्त बैठकपश्चात् एक वर्षसम्म यसको अध्यक्ष भई निर्वाचन आयोगले कार्य सम्पादन गरिसकेको छ ।

२२१. FEMBoSA का हालसम्म कुनकुन देशमा कुनकुन बैठक सम्पन्न भएका छन् ?

सन् २०२० सम्म FEMBoSA का १० ओटा बैठक सम्पन्न भएका छन् । पहिलो बैठक सन् २०१० मा बङ्गलादेशमा, दोस्रो बैठक सन् २०११ मा पाकिस्तानमा, तेस्रो बैठक सन् २०१२ मा भारतमा, चौथो बैठक सन् २०१३ मा भुटानमा, पाँचौँ बैठक सन् २०१४ मा नेपालमा, छैटौँ बैठक सन् २०१५ मा श्रीलङ्कामा, सातौँ बैठक सन् २०१६ मा माल्दिभ्समा, आठौँ बैठक सन् २०१७ मा अफगानिस्तानमा, नवौँ बैठक सन् २०१८ मा

बङ्गलादेशमा र दशौँ बैठक सन् २०२० मा भारतमा सम्पन्न भएका छन् । आगामी एघारौँ बैठक भुटानको थिम्पुमा हुने तय भएको छ ।

२२२. SAIDES भनेको के हो ?

काठमाडौँमा सम्पन्न FEMBoSA को पाँचौँ बैठकले विभिन्न विषयहरू समेटी काठमाडौँ घोषणापत्र जारी गरेको थियो । घोषणापत्रमा समावेश भएको लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एसियाली अध्ययन केन्द्र (South Asian Institute of Democracy and Electoral Studies - SAIDES) नेपालमा स्थापना गर्ने निर्णय उक्त बैठकबाट भएको थियो । देहायका उद्देश्य प्राप्तिका निम्ति SAIDES को स्थापना गर्ने विषयमा FEMBoSA का सदस्य राष्ट्रबिच सहमति कायम भएको देखिन्छ :

- FEMBoSA मा आबद्ध निर्वाचन व्यवस्थापन निकायहरूबिच समन्वय गर्दै अनुभव आदानप्रदानको व्यवस्था मिलाउने,
- लोकतन्त्र र निर्वाचनसम्बन्धी विषयहरूमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा खोज, अन्वेषण, अध्ययन तथा अनुसन्धान गर्ने,
- निर्वाचन व्यवस्थापन निकायहरूको क्षमता विकासका लागि निर्वाचन र लोकतन्त्रसम्बद्ध विषयहरूमा तालिम कार्यक्रम सञ्चालन गर्ने,
- निर्वाचन व्यवस्थापन निकायहरूबिच शैक्षिक तथा प्राज्ञिक अध्ययन भ्रमणका कार्यक्रमहरू सञ्चालन गर्ने,
- निर्वाचन व्यवस्थापनसम्बन्धी विशिष्ट ज्ञान, नयाँ खोज, सिप र क्षमतालगायतका विषय समेट्ने गरी लेख, प्रतिवेदन, निर्वाचनसम्बन्धी नयाँ पद्धति तथा डाटाबेस व्यवस्थित गर्ने ।

२२३. ANFREL भनेको के हो ?

एसियाली मुलुकहरूमा निर्वाचनका क्षेत्रमा सहयोग गर्ने उद्देश्यले सन् १९९७ मा स्थापना गरिएको एक गैरसरकारी संस्था Asian Network for Free Election - ANFREL हो । स्वतन्त्र निर्वाचनका लागि एसियाली सञ्जाल (ANFREL) ले निर्वाचनको पर्यवेक्षण, निर्वाचनका सरोकारवालाहरूको क्षमता विकास, निर्वाचनसम्बन्धी अभियान र वकालत जस्ता कार्यहरूका साथै आवश्यकताअनुसार सुझावहरूसमेत उपलब्ध गराउँछ । यस्ता

कार्यहरूले निर्वाचन व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा लोकतान्त्रिक संस्थाहरूको सबलीकरणमा उल्लेखनीय सहयोग पुग्दै आएको छ ।

४.३ नीति, योजना र कार्यक्रम

२२४. नीति भनेको के हो ?

नीति भविष्यमा गरिने कार्यको मार्गदर्शन हो । कुनै काम गर्ने इच्छाको अभिव्यक्ति हो । नीति भनेको कुनै समस्या वा सरोकारका विषयमा कर्ता वा कर्ताहरूको समूहद्वारा अवलम्बन गरिने कार्यको उद्देश्यमूलक ढाँचा हो पनि भन्न सकिन्छ ।

सार्वजनिक प्राधिकारीले कुनै काम गर्ने वा नगर्ने सम्बन्धमा गरेको निर्णयलाई सार्वजनिक नीतिका रूपमा बुझ्न सकिन्छ । कुनै कार्य सम्पन्न गर्नका लागि त्यसका मुख्यमुख्य प्रक्रियाहरू समेटी तयार पारिएको समष्टिगत मार्गदर्शन नै नीति हो भने सामाजिक रूपान्तरणका लागि वा सार्वजनिक सरोकारका विषयहरूलाई सम्बोधन गर्न सरकारद्वारा निर्माण गरिएको नीति सार्वजनिक नीति हो ।

राज्यका हरेका कामकारबाही सार्वजनिक नीतिअन्तर्गत नै सञ्चालन गरिन्छन् । सार्वजनिक नीतिहरू सरकारी कार्यसँग सम्बन्धित, जटिल, एक अर्कामा निर्भर रहने तथा बहुआयामिक प्रकृतिका हुन्छन् । कुनै निश्चित विषयक्षेत्रलाई सम्बोधन गर्न सरकारले विषयगत नीतिहरू (जस्तै : औद्योगिक नीति, वाणिज्य नीति, पर्यटन नीति, श्रम नीति आदि) निर्माण गर्दछ । देशको संविधान मूल कानुनका साथै मुख्य नीतिका रूपमा रहेको हुन्छ भने ऐन, नियमलगायतका कानुनहरू र न्यायपालिकाले प्रतिपादन गरेका कानुनी सिद्धान्तहरूसमेत सार्वजनिक नीतिअन्तर्गत समेटिन्छन् ।

२२५. योजना भनेको के हो ?

सामान्य अर्थमा भन्नुपर्दा कुनै उद्देश्य प्राप्तिका लागि केकस्ता काम, के कुन समयमा, कसले र कसरी गर्ने एवम् त्यस्तो कार्य गर्न केकस्तो र केकति स्रोत साधन आवश्यक हुन्छ र त्यस्तो स्रोत साधन कसरी प्राप्त गर्न सकिन्छ भनी अग्रीम रूपमा निर्दिष्ट गर्ने कार्य नै योजना हो । अर्को शब्दमा भन्दा निश्चित उद्देश्य, लक्ष्य र रणनीति तय गरी उपलब्ध स्रोत साधनको उपयोगद्वारा तोकिएका समयमा तोकिएका कार्य सम्पन्न गर्न निर्माण गरिएको खाका नै योजना हो । यो एक महत्त्वपूर्ण व्यवस्थापकीय कार्यका साथै विकास व्यवस्थापनको महत्त्वपूर्ण औजार हो ।

२२६. कार्यक्रम भनेको के हो ?

निश्चित उद्देश्य एवम् लक्ष्य प्राप्तिका लागि तय गरिएका सिलसिलेवार क्रियाकलापहरूको एकीकृत रूप नै कार्यक्रम हो । कार्यक्रम कुनै पनि नीति, रणनीति तथा योजना कार्यान्वयन गर्ने महत्त्वपूर्ण औजार हो । आवधिक विकास योजना तथा आवधिक रणनीतिक योजनाहरू वार्षिक कार्यक्रमका माध्यमबाट कार्यान्वयन गरिन्छन् । कुनै पनि नीति तथा आवधिक योजनामा समावेश गरिएका कार्यनीति तथा क्रियाकलापहरूलाई सिलसिलेवार रूपमा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिन्छ । कुनै पनि कार्यक्रम तयार गर्दा निर्दिष्ट क्रियाकलापहरू, क्रियाकलाप सञ्चालन गर्ने समय, सहभागिता, लागत जस्ता पक्षहरूलाई स्पष्ट रूपमा परिभाषित गरिन्छ ।

२२७. आवधिक निर्वाचन योजना भन्नाले के बुझिन्छ ?

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा निश्चित उद्देश्य, लक्ष्य र रणनीति तय गरी उपलब्ध स्रोत साधनको उपयोगद्वारा तोकिएका समयमा तोकिएका कार्य सम्पन्न गर्ने गरी निर्माण गरिएको योजना नै आवधिक निर्वाचन योजना हो । आवधिक निर्वाचन योजना लामो अवधि (१५ देखि २० वर्ष) को वा मध्यम अवधि (३ देखि ७ वर्ष) को वा वार्षिक हुन सक्छ । आवधिक निर्वाचन योजनामा मुख्य रूपमा लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा क्रियाकलाप, कार्ययोजना, अपेक्षित उपलब्धि र अनुगमन तथा मूल्याङ्कन व्यवस्था जस्ता विषयहरू समावेश गरिएको हुन्छ ।

२२८. रणनीतिक योजना भनेको के हो ?

रणनीतिक योजना भनेको निश्चित समय अवधिभित्र सञ्चालन गरिने सूचीकृत क्रियाकलापहरू समावेश भएको औपचारिक दस्तावेज हो । सामान्य अर्थमा 'रणनीतिक योजना' ले कुनै पनि सङ्गठनको वर्तमान स्थितिको मूल्याङ्कन गरी भविष्यमा निश्चित समय अर्थात् साधारणतया ४-५ वर्षमा परिकल्पना गरिएको अवस्थामा कसरी पुऱ्याउने भन्ने रणनीतिसहितको खाका प्रस्तुत गर्दछ । रणनीतिक योजनालाई सङ्गठनको आन्तरिक र बाह्य तत्त्वहरूको समीक्षा गरी योजना अवधिमा सङ्गठनलाई कुन अवस्थामा स्थापित गर्ने, कसरी योजना तर्जुमा गर्ने तथा उक्त तर्जुमा गरिएको योजनाको कार्यान्वयन कसरी गर्ने भन्ने औजारका रूपमा समेत प्रस्तुत गर्न सकिन्छ । यो लिखित मार्गदर्शन भएकाले यसले कुनै पनि संस्थालाई वर्तमान स्थितिबाट भविष्यमा परिकल्पना

गरेको अवस्थामा पुऱ्याउने रणनीति प्रस्तुत गर्दछ । सैद्धान्तिक रूपमा रणनीतिक योजनामा निम्न पक्षहरू समावेश भएको हुनुपर्दछ :

(क) दूरदृष्टि वा सोच तथा अभियान,

(ख) उद्देश्य तथा लक्ष्य,

(ग) परिमाणात्मक लक्ष्य र सीमा,

(घ) अपेक्षित परिणति र परिणाम,

(ङ) सरोकारवालाहरूको भूमिकाको विश्लेषण,

(च) समस्या र चुनौतीको समीक्षा,

(छ) सबल पक्ष र अवसरहरूको विश्लेषण,

(ज) नीतिगत प्रतिबद्धता,

(झ) रणनीतिक हस्तक्षेप र विकल्पहरू,

(ञ) कार्यनीति तथा प्रमुख क्रियाकलापहरू,

(ट) कार्यान्वयनका लागि आवश्यक स्रोतसाधन,

(ठ) अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण ।

२२९. आयोगले तर्जुमा गरेका मुख्य नीतिहरू केके हुन् ?

निर्वाचन आयोग ऐन, २०७३ ले आयोगलाई निर्वाचनसम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने तथा त्यसको कार्यान्वयन र अनुगमन गर्ने कार्यको जिम्मेवारी दिएको छ । निर्वाचन व्यवस्थापनमा एकरूपता, स्पष्टता र सरलताका लागि आयोगले आवश्यक नीति तर्जुमा गर्दै आएको छ । हालसम्म आयोगले तर्जुमा गरेका नीतिहरू देहायबमोजिम रहेका छन् :

- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशीकरण नीति, २०७७,

- निर्वाचन व्यवस्थापनमा मानव संशाधन नीति, २०७७,
- निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७,
- मतदाता शिक्षा तथा तालिम नीति,
- निर्वाचन पर्यवेक्षण नीति,
- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति,
- आयोगका पञ्चवर्षीय रणनीतिक योजना ।

२३०. आयोगलाई रणनीतिक योजना किन आवश्यक पर्दछ ?

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगलाई सक्षम, सुदृढ र व्यावसायिक निकायका रूपमा विकास गर्दै लैजान रणनीतिक योजना आवश्यक हुन्छ । आयोगले सञ्चालन गर्ने सबै निर्वाचनहरू व्यावसायिक, पारदर्शी र विश्वनीय ढङ्गले कुशलतापूर्वक व्यवस्थापन गर्न निर्वाचनका सबै चरण र प्रक्रियालाई योजनाबद्ध एवम् निरन्तर सुधारको आवश्यकता पर्ने भएकाले सोका निम्ति आयोगले रणनीतिक योजना तर्जुमा गर्नुपर्दछ । तोकिएको समयसीमाभित्र निर्वाचन सामग्रीको बन्दोबस्ती र मानवीय संसाधनको तयारी गरी विश्वसनीय एवम् स्वीकार्य निर्वाचन सम्पन्न गर्नुपर्ने भएकाले यसका लागि रणनीतिक योजनाको आवश्यकता रहन्छ । यसै सिलसिलामा पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०६५/६६-२०६९/७०), दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२-२०७५/७६) कार्यान्वयन पूरा गरी हाल तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा रहेको छ ।

२३१. आयोगको पहिलो रणनीतिक योजनाका मुख्यमुख्य उपलब्धिहरू केके थिए ?

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा समग्र सुधार गर्ने उद्देश्यले आ.व. २०६५/०६६ देखि रणनीतिक योजना कार्यान्वयनको प्रारम्भ गरेको हो । विशेषतः संविधान सभा सदस्य निर्वाचन, २०६४ बाट प्राप्त अनुभव, निर्वाचन सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त सुझाव र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण प्रतिवेदनले औँल्याएका विषयहरूलाई समेटेर पहिलो पञ्चवर्षीय रणनीतिक योजना (

२०६५/०६६-२०७०/०७१) तयार गरिएको थियो । यस रणनीतिक योजनाका अवधिमा आयोगको संस्थागत सुदृढीकरण तथा निर्वाचनको विधि र प्रक्रियाको सुधारमा भएका मुख्य उपलब्धिहरू देहायबमोजिम रहेका छन् :

- बायोमेट्रिक विवरण तथा फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यको सुरुआत,
- मतदाता परिचय पत्रसम्बन्धी व्यवस्थाको प्रारम्भ,
- निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना तथा सञ्चालन,
- आयोग र यसअन्तर्गत कार्यरत जनशक्तिको क्षमता विकास,
- संविधान र प्रचलित कानुनबमोजिम आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा,
- सरोकारवालासँगको सहयोग, समन्वय एवम् अन्तर्सम्बन्धका लागि संस्थागत संरचनाको स्थापना,
- निर्वाचनको सञ्चालन तथा व्यवस्थापनमा आधुनिकीकरण र सुधार,
- भौगोलिक सूचना प्रणाली, इभेन्ट ट्र्याकिङ्ग प्रणाली, जोखिम न्यूनीकरण औजार, मोबाइल एप्स, संयुक्त निर्वाचन सञ्चालन संयन्त्र तथा कल सेन्टर जस्ता नवीनतम प्रविधि र प्रयासको थालनी ।

२३२. आयोगको दोस्रो रणनीतिक योजनाका मुख्यमुख्य उपलब्धिहरू केके थिए ?

पहिलो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको समीक्षा र पृष्ठपोषणसमेतका आधारमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, (२०७१।७२-२०७५।७६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । यो रणनीतिक योजना कार्यान्वयनको समीक्षा गर्दा योजनाले निर्दिष्ट गरेका कुल १२६ ओटा क्रियाकलापहरूमध्ये ३९ ओटा क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन भएका, ६१ ओटा क्रियाकलापहरू आंशिक रूपमा कार्यान्वयन भएका र २६ ओटा क्रियाकलापहरू कार्यान्वयन हुन नसकेको अवस्था पहिचान गरिएको थियो ।

यसरी हेर्दा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनबाट मुख्य रूपमा देहायबमोजिमका उपलब्धिहरू हासिल भएको देखिन्छ :

- मतदातालाई Quick Response Code (QR Code) सहितको मतदाता परिचय पत्रको उपलब्ध गराउने कार्यको सुरुआत,
- निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगमा विस्तार,
- निर्वाचन आयोगको व्यावसायिक क्षमता र दक्षतामा अभिवृद्धिका लागि BRIDGE मोडुल र अन्य तालिमको निरन्तरता,
- दक्षिण एसियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूसँग आपसी सहयोग र सहकार्यमा विस्तार,
- निर्वाचन व्यवस्थापनमा संलग्न निकायहरूबिच पारस्परिक ज्ञान र अनुभव आदान प्रदानको सुरुआत,
- आयोग र सचिवालयबिचको आन्तरिक सञ्चार प्रणालीमा सुधार,
- फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्न निरन्तर, विशेष र घुम्ती कार्यक्रम सञ्चालन,
- निर्वाचन शिक्षा तथा सूचनासम्बन्धी रेडियो तथा टेलिभिजन कार्यक्रम प्रसारण,
- मतदाता शिक्षा प्रयोजनका लागि प्रदेशस्तरीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना,
- घुम्ती मतदाता शिक्षा सामग्रीको प्रयोगमा विस्तार,
- महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम तथा अन्य समुदायका लक्षित वर्गको राजनीतिक प्रतिनिधित्व बढाउने समावेशी कार्यक्रमहरूको सञ्चालन,
- निर्वाचन अवधिमा Event Tracking System को प्रयोग,

- जोखिम व्यवस्थापनका प्रावधानलाई संस्थागत गर्नेसम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन,
- १६ ओटा जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन निर्माण,
- निर्वाचनसम्बन्धी लैङ्गिक तथा समावेशीकरण नीति निर्माण तथा कार्यान्वयन,
- निर्वाचन विवाद निरूपण र निर्वाचन प्रचारप्रसार खर्च व्यवस्थापनसम्बन्धी सफ्टवेयर निर्माण ।

२३३. आयोगको तेस्रो रणनीतिक योजनाको दूरदृष्टि, ध्येय र लक्ष्य के हो ?

पहिलो र दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका सिकाइ, अनुभव तथा उपलब्धि, नेपालको आवधिक योजनामा समावेश भएको निर्वाचनसम्बन्धी विषय, वि.सं. २०७४ सालमा सम्पन्न भएका सबै तहको निर्वाचनको समीक्षाबाट प्राप्त पृष्ठपोषण, निर्वाचन आयोगले राजनीतिक दल र सरोकारवालाहरूसँग विभिन्न समयमा सम्पन्न गरेका अन्तर्क्रिया र छलफलबाट प्राप्त सुझाव तथा अन्तर्राष्ट्रिय स्तरमा प्रयोग भएका निर्वाचन प्रणालीका अनुभवसमेतका आधारमा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना, (२०७६।७७-२०८०।०८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । आयोगको तेस्रो रणनीतिक योजनाको दूरदृष्टि, ध्येय र लक्ष्य देहायअनुसार रहेका छन् :

दूरदृष्टि (Vision)	स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन ।
ध्येय (Mission)	आयोगलाई स्वायत्त, सक्षम र सुदृढ निकायका रूपमा स्थापित गरी आवधिक निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय रूपबाट सञ्चालन गर्ने ।
लक्ष्य (Goal)	स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनमार्फत नागरिकलाई मताधिकारको निर्बाध उपभोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान गर्ने ।

२३४. आयोगको तेस्रो रणनीतिक योजनाका रणनीतिहरू केके रहेका छन् ?

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाका पाँच रणनीतिहरू रहेका छन् । आयोगले यी रणनीतिहरूलाई आयोगलाई क्रियाशील, सक्षम र प्रभावकारी निर्वाचन व्यवस्थापन निकायका रूपमा स्थापित गर्दै व्यावसायिक, पारदर्शी एवम् विश्वसनीय ढङ्गले कुशलतापूर्वक निर्वाचन व्यवस्थापन गर्नका लागि गरिने योजनाबद्ध एवम् निरन्तर सुधारका पाँच स्तम्भका रूपमा लिएको छ ।

(१) आयोगको संस्थागत सुदृढीकरण गर्ने,

(२) निर्वाचन व्यवस्थापन सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने,

(३) निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी सुधार गर्ने,

(४) संविधान र कानुनबमोजिम राजनीतिक दल दर्ता र नियमनलाई व्यवस्थित गर्ने,

(५) निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।

२३५. आयोगको तेस्रो रणनीतिक योजनाको पहिलो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ?

आयोगको संस्थागत सुदृढीकरण तेस्रो रणनीतिक योजनाको पहिलो रणनीति हो । यसअन्तर्गत देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

- आयोगको सङ्गठनात्मक पुनर्संरचना गरिने,
- मानव संशाधनको क्षमता अभिवृद्धि गरिने,
- आयोगका पदाधिकारी र कर्मचारीको आचारसंहिता तयार गरी कार्यान्वयन गरिने,
- आयोग र यसअन्तर्गत कार्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधार गरिने,
- युनिफाइड पोर्टल (एकीकृत विद्युतीय तथ्याङ्क भण्डार) विकास गरी महत्त्वपूर्ण अभिलेख तथा तथ्याङ्कलाई व्यवस्थित गरिने,
- आयोगको डाटा सेन्टरलाई सुदृढीकरण गरिने,

- निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई प्रदेश तहमा विस्तार गरिने,
- राष्ट्रिय नीतिको परिधिभित्र रही वैदेशिक सहायता परिचालन गरिने,
- अन्तर्राष्ट्रिय सङ्घसंस्थासँगको आबद्धता विस्तार गरिने,
- आयोग र यसअन्तर्गतका कार्यालयको काम कारबाहीमा कागजको प्रयोग कम गर्दै लगिने,
- निर्वाचन सञ्चालनका लागि मानवस्रोत विकास र उपयोगसम्बन्धी मापदण्ड र कार्यविधि तयार गरिने,
- निर्वाचनसम्बन्धी पुराना अभिलेख तथा विवरणको अर्काइभ (Archive) तयार गरी संरक्षण गरिने,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गरिने ।

२३६. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको दोस्रो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ?

निर्वाचन व्यवस्थापन सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने आयोगको तेस्रो रणनीतिक योजनाको दोस्रो रणनीति हो । यस अन्तर्गत देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

- अनलाइनमार्फत मतादाता दर्ता र अद्यावधिक गर्ने प्रणाली अवलम्बन गरिने,
- वेबसाइट र मोबाइल एप्सको समयानुकूल परिमार्जन र अद्यावधिक गरी निरन्तर सञ्चालन गरिने,
- मतदाता नामावली दर्ता प्रणालीलाई राष्ट्रिय परिचय पत्र प्रणालीसँग आबद्ध गर्दै लगिने,
- मतदान केन्द्रहरूको पुनरावलोकन गरी भूसूचना प्रणालीमा आबद्ध गरिने,
- आवधिक निर्वाचन योजना तथा क्यालेन्डर तयार गरी कार्यान्वयनमा ल्याइने,

- निर्वाचन सामग्रीको मापदण्ड तयार गरी सामग्री व्यवस्थापन कार्यलाई विकेन्द्रित गर्दै लगिने,
- निर्वाचन व्यवस्थापनलाई मितव्ययी बनाउँदै लगिने,
- निर्वाचन जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लगिने,
- मतदान प्रक्रियामा विद्युतीय मतदान यन्त्रको प्रयोगलाई बढाउँदै लगिने,
- मतदान स्थलमा मतगणना गर्ने कार्यको थालनी गरिने,
- आयोग र मातहत कार्यालयबाट एकैसाथ सूचना प्रवाह हुने विद्युतीय प्रणालीको विकास र सञ्चालन गरिने,
- निर्वाचनमा सञ्चार माध्यम एवम् सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने ।

२३७. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तेस्रो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ?

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी सुधार गर्ने विषय तेस्रो रणनीतिका रूपमा रहेको छ । यसअन्तर्गत देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

- निर्वाचनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिने,
- निर्वाचन आयोग ऐनमा समसामयिक परिमार्जन गरिने,
- एकीकृत निर्वाचन कानुनको तर्जुमा गरिने,
- राजनीतिक दल दर्ता तथा नियमनसम्बन्धी कानुन परिमार्जन गरिने,
- विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकारका सम्बन्धमा कानुनी व्यवस्थाका लागि पहल गरिने,
- निर्वाचनसँग सम्बन्धित निर्देशिका तथा कार्यविधिहरूको तर्जुमा तथा परिमार्जन गरिने,

- निर्वाचनमा संलग्न हुने जनशक्ति तथा सरोकारवाला व्यक्ति एवम् संस्थाको आचारसंहिता तयार गरी लागु गरिने,
- निर्वाचन विवाद निरूपण कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिने ।

२३८. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको चौथो रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ?

आयोगको तेस्रो रणनीतिक योजनाको चौथो रणनीतिमा संविधान र कानुनबमोजिम राजनीतिक दल दर्ता र नियमनलाई व्यवस्थित गर्ने रहेको छ । यसअन्तर्गत देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

- सूचना प्रविधिको प्रयोग गरी राजनीतिक दल दर्ता र अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाइने,
- आयोग र राजनीतिक दलबिचको प्रभावकारी समन्वयका लागि उपयुक्त संयन्त्रको व्यवस्था गरिने,
- राजनीतिक दलका लागि राज्यकोषबाट दिइने अनुदानसम्बन्धी मापदण्ड र प्रक्रिया निर्धारण गर्न पहल गरिने,
- प्रविधिमा आधारित प्रणालीको विकास गरी राजनीतिक दलको कोष व्यवस्थापन र निर्वाचन खर्चको अभिलेख व्यवस्थित गरिने,
- निर्वाचन आचारसंहिता निगरानी प्रणालीको विकास गरी आचारसंहिता पालनालाई प्रभावकारी बनाइने,
- राजनीतिक दलहरूको स्वमूल्याङ्कन प्रणालीको विकास गरिने,
- निर्वाचित जनप्रतिनिधिहरूको एकीकृत अभिलेख तयार गरी अद्यावधिक गरिने,
- आयोग र राजनीतिक दलका पदाधिकारी तथा निर्वाचनका सरोकारवालाबिचको अन्तर्सम्बन्धलाई सुदृढ गर्दै लगिने ।

२३९. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको पाँचौ रणनीतिअन्तर्गत केकस्ता कार्यनीतिहरू रहेका छन् ?

निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने आयोगको तेस्रो रणनीतिक योजनाको पाँचौ रणनीति हो । यसअन्तर्गत देहायबमोजिमका कार्यनीतिहरू निर्धारण गरिएका छन् :

- निर्वाचन शिक्षा र मतदाता शिक्षामा महाविद्यालय, विद्यालय, राजनीतिक दल, स्थानीय तह, गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, निजी क्षेत्र एवम् नागरिक समाजको सहभागिता अभिवृद्धि गरिने,

- निर्वाचन व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्य बढाउँदै लगिने,

- आयोगको प्रचार सामग्री सम्प्रेषणमा नेपाल सरकारको लोक कल्याणकारी विज्ञापनको उपयोग गरिने,

- सार्वजनिक प्रशिक्षण केन्द्रहरूबाट सञ्चालन हुने विषयगत तालिममा निर्वाचन एवम् नागरिक शिक्षालाई आन्तरिकीकरण गरिने,

- निर्वाचनका प्रक्रियामा लैङ्गिक तथा समावेशिता अभिवृद्धि गरिने,

- निर्वाचनका प्रक्रियाहरूमा सरोकारवालाको भूमिका पहिचान गरी समन्वय र सहकार्य गरिने,

- लोकसेवा आयोगलगायत सार्वजनिक तथा निजी क्षेत्रका प्रतिस्पर्धात्मक परीक्षाका पाठ्यक्रममा निर्वाचनसम्बन्धी विषयलाई समावेश गर्न पहल गरिने,

- निर्वाचनसँग सम्बन्धित विषयमा संलग्न गैरसरकारी संस्था र अन्य निकायबिच समन्वय र सहकार्य प्रवर्द्धन गरिने,

- निर्वाचनसम्बन्धी नागरिक सचेतनाका लागि सूचना, शिक्षा तथा सञ्चार सामग्रीको तयारी र वितरणको प्रबन्ध गरिने,

- निर्वाचनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नवीनतम ज्ञान, सिप र असल अभ्यासहरूको अवलम्बन गर्न अध्ययन, अनुसन्धान, सङ्कलन प्रकाशन र प्रचारप्रसार गरिने,

- मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई स्थानीय तहसँग समन्वय गरी सञ्चालन गरिने,

- निर्वाचन अनुगमन तथा पर्यवेक्षणलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने ।

२४०. आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचन व्यवस्थापन सुधारका लागि केकस्ता क्रियाकलापहरू रहेका छन् ?

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचन व्यवस्थापन सुधारका लागि निर्धारण गरिएका मुख्य क्रियाकलापहरू देहायबमोजिम रहेका छन् :

- अनलाइनमार्फत मतादाता दर्ता र अद्यावधिक गर्ने प्रणाली अवलम्बन गर्ने,

- वेबसाइट र मोबाइल एप्सको समयानुकूल परिमार्जन र अद्यावधिक गरी निरन्तर सञ्चालन गर्ने,

- मतदाता नामावली दर्ता प्रणालीलाई राष्ट्रिय परिचय पत्र प्रणालीसँग आबद्ध गर्ने,

- मतदान केन्द्रहरूको पुनरावलोकन गरी भूसूचना प्रणालीमा आबद्ध गर्ने,

- आवधिक निर्वाचन योजना तथा क्यालेन्डर तयार गरी कार्यान्वयनमा ल्याउने,

- निर्वाचन सामग्रीको मापदण्ड तयार गरी सामग्री व्यवस्थापन कार्यलाई विकेन्द्रित गर्ने,

- निर्वाचन जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

- मतदान प्रक्रियामा विद्युतीय मतदान यन्त्रको प्रयोगलाई बढाउँदै लैजाने,

- मतदान स्थलमा मतगणना गर्ने कार्यको थालनी गर्ने,

- आयोग र मातहत कार्यालयबाट एकैसाथ सूचना प्रवाह हुने विद्युतीय प्रणालीको विकास र सञ्चालन गर्ने,

- निर्वाचनमा सञ्चार माध्यम एवम् सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउने ।

२४१. निर्वाचनमा रणनीतिक योजना कसरी सुरु भएको मानिन्छ ?

दोस्रो विश्वयुद्धका समयमा सैनिकहरूले आफनो युद्ध रणनीति तयार गर्न पहिलोपटक रणनीतिक योजना तयार गरेको पाइन्छ । यसको विकासक्रमसँगै विश्वका विभिन्न मुलुकमा विषयक्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी सोहीअनुरूप कार्य गर्ने प्रक्रियाको थालनी भएको पाइन्छ । निर्वाचनका सम्बन्धमा निर्वाचन व्यवस्थापन गर्ने निकायहरूलाई सक्षम, सुदृढ र व्यावसायिक बनाई विश्वसनीय र स्वीकार्य निर्वाचन सम्पन्न गर्न सन् २००० को सुरुदेखि रणनीतिक योजना निर्माण प्रक्रियाको थालनी भएको पाइन्छ । अस्ट्रेलिया, न्युजिल्यान्ड, संयुक्त अधिराज्य, क्यानडा, दक्षिण अफ्रिका, घाना, सियरालियोन, भारत, पाकिस्तानलगायतका लोकतन्त्र स्थापित भइसकेका तथा कतिपय भर्खर लोकतन्त्र अभ्यास गर्न थालेका मुलुकले निर्वाचनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी दीर्घकालीन लक्ष्य हासिल गर्न प्रयास गरेका उदाहरणहरू रहेका छन् । नेपालका सन्दर्भमा निर्वाचन आयोगले सन् २००८ बाट रणनीतिक योजनाको थालनी गरेको हो भने हाल तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको छ ।

२४२. निर्वाचन व्यवस्थापनमा रणनीतिक योजनाको कस्तो भूमिका रहेको हुन्छ ?

निर्वाचन व्यवस्थापनका लागि तथ्यमा आधारित नीति निर्माण, योजनामा आधारित सुधार कार्यक्रम, समयसारणीमा आधारित कार्ययोजना तथा नतिजामा आधारित क्रियाकलाप अग्रीम तय गरिनुपर्दछ । निर्वाचन व्यवस्थापनका विविध पक्षलाई समेटी समयको माग र आवश्यकताअनुसार सुधार र परिमार्जन गर्न रणनीतिक योजना महत्त्वपूर्ण औजार हुन सक्दछ । रणनीतिक योजनाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय रूपमा सम्पन्न गर्नका लागि स्पष्ट मार्ग निर्देश गर्ने भएकाले निर्वाचन व्यवस्थापन गर्नका लागि रणनीतिक योजनाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसै गरी रणनीतिक योजनाले निर्वाचन व्यवस्थापन गर्ने निकायलाई आवश्यक पर्ने स्रोत, साधन, अधिकार र जिम्मेवारीको योजनाबद्ध व्यवस्थापन गर्न प्रेरित र निर्देशित गर्दछ । रणनीतिक योजनाले संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्न निर्वाचन व्यवस्थापन निकायलाई सहयोग गर्दछ ।

यसबाट निर्वाचन व्यवस्थापन निकाय परिवर्तित समय र सन्दर्भअनुसार निर्वाचन सञ्चालन गर्न सक्षम हुन्छ । रणनीतिक योजनाले निर्वाचन व्यवस्थापन निकायको वर्तमान अवस्थामा रणनीतिक सुधारमार्फत अपेक्षित स्थितिमा पुग्नका लागि स्पष्ट कार्ययोजनासमेत समेट्ने हुँदा उपलब्ध स्रोत साधनबाट तोकिएको समयमै निश्चित उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउँछ ।

२४३. निर्वाचन रणनीतिक योजना सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ?

अन्तर्राष्ट्रिय स्तरमा रणनीतिक योजना तर्जुमा र कार्यान्वयनसम्बन्धी सर्वसम्मत विधि वा सर्वमान्य अवधारणा अपनाइएको पाइँदैन । मुलुकको राजनीतिक पृष्ठभूमि, जनचेतनाको स्तर, सामाजिक विविधता, आर्थिक अवस्था तथा शासकीय प्रणालीअनुरूप निर्वाचन व्यवस्थापन निकायले रणनीतिक योजना निर्माण गर्ने गरेको पाइन्छ । पछिल्लो समयमा विज्ञान र प्रविधिमा भएको द्रुतत्तर विकासका कारण आर्थिक, सामाजिक तथा राजनीतिक प्रणालीमा व्यापक परिवर्तन आएको छ । यसबाट स्थापित र नवोदित लोकतान्त्रिक मुलुकका निर्वाचन व्यवस्थापन निकायलाई आम मतदाताको बढ्दो आकाङ्क्षाअनुरूप मताधिकारको प्रत्याभूति कसरी गर्ने भन्ने दबाब बढ्दै गएको छ । विज्ञान तथा प्रविधिका क्षेत्रमा भएको प्रगतिले आम नागरिकहरूलाई विद्युतीय युगमा रूपान्तरण गराएसँगै निर्वाचनका विधि र प्रक्रियामा तदनुसार सुधार गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । यसबाट निर्वाचनका विविध प्रक्रियामा समयानुकूल गर्नुपर्ने सुधार, सङ्गठनको क्षमता अभिवृद्धि तथा संस्थागत सुधार गर्न रणनीतिक योजनालाई व्यवस्थापकीय औजारका रूपमा प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ । यस्तो योजना केवल मतदानका दिनमा मात्र गरिने क्रियाकलापमा केन्द्रित नभई निर्वाचनका सम्पूर्ण प्रक्रियामा गर्नुपर्ने सुधारका सम्बन्धमा निर्वाचन व्यवस्थापन निकायको महत्त्वपूर्ण औजारका रूपमा प्रयोग गर्ने अभ्यास बढ्दै गएको छ ।

४.४ निर्वाचनमा लैङ्गिक समानता तथा समावेशिता

२४४. लैङ्गिक समानता भनेको के हो ?

लिङ्गका आधारमा बिनाभेदभाव सबैले समान रूपमा अवसर र अधिकारको प्रयोग गर्न पाउने अवस्था लैङ्गिक समानता हो । मूलतः लैङ्गिक समानताले महिला र पुरुषलाई अवसर, जिम्मेवारी, अधिकार, सेवा, लाभ, स्रोत साधन आदिमा समान अवसर, पहुँच र नियन्त्रणमा जोड दिन्छ । महिला र पुरुष आफ्नो व्यक्तिगत विकास र छनोट गर्न समान

र स्वतन्त्र छन् भन्ने मान्यता नै लैङ्गिक समानता हो । राज्यले महिला विरुद्ध हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्य गरी उनीहरूको हक अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि अधिकारवादी अवधारणाअनुरूप नीतिगत, कानुनी र संस्थागत सुधारका साथै शासकीय प्रणालीमा महिला सहभागिता बढाउने, आयआर्जन तथा स्रोतसाधनमाथि महिलाको पहुँच एवम् नियन्त्रण वृद्धि गर्ने, परम्पराजन्य हिंसा तथा प्रचलनका विरुद्ध सचेतना अभिवृद्धि गर्ने, सिप र क्षमताको विकास गर्ने, महिलालाई नीति निर्माणका उच्च तहमा पुऱ्याउने र सामाजिक न्याय प्रवर्द्धन गर्ने कार्यमा विशेष ध्यान दिनुपर्दछ । निर्वाचनका सन्दर्भमा लैङ्गिक समानताले लिङ्गका आधारमा बिना कुनै भेदभाव सबै मतदाताले निर्वाचनका सबै प्रक्रियाहरूमा समान रूपमा सहभागी हुन पाउने र आफ्नो मताधिकारको प्रयोग गर्न पाउने अवस्थालाई जनाउँछ ।

२४५. समावेशिता भनेको के हो ?

धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा कसैलाई भेदभाव नगरी राज्यका हरेक क्षेत्रमा सबैको सहभागिता हुने अवस्थाको सिर्जना नै समावेशिता हो । समावेशिताले जातीय, वर्गीय, लैङ्गिक, भौगोलिक, धार्मिक र भाषिक जस्ता कारणले राज्यका मूल प्रवाहमा आउन नसकेको वर्गलाई शासकीय प्रणालीका राजनीतिक, सामाजिक, प्रशासनिक र आर्थिक आयामहरूमा मूलप्रवाहीकरण गर्दछ । यो वञ्चितिको अवस्थामा परेका वर्ग र समुदायलाई स्रोत, साधन र शक्तिमा न्यायोचित पहुँच र साझेदारी कायम गरी न्यायपूर्ण समाज निर्माण गर्ने अवधारणा हो । समावेशीकरणलाई सबै जातजाति, भाषा, धर्म, लिङ्ग, पेसा, वर्ग, क्षेत्रको आवाज, छनोट, आवश्यकता र अधिकार स्थापित गर्ने प्रक्रियाका रूपमा लिइन्छ । त्यसैले राज्य प्रणालीका सबै क्षेत्रमा पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठा कायम गर्ने नवीनतम अवधारणा भएकाले कुनै पनि मुलुकले संरक्षण, विकास, सशक्तीकरण, अवसर र आरक्षण जस्ता विधि अवलम्बन गरी समावेशितालाई स्थापित गर्नुपर्दछ ।

२४६. नेपालको संविधानमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ?

नेपालको संविधानको प्रस्तावनामा आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । त्यसै गरी सामाजिक न्यायको

हकअन्तर्गत सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने कुरा उल्लेख गरिएको छ । यसअनुसार नेपालको संविधानमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन गरिएका मुख्य व्यवस्थाहरू देहायबमोजिम रहेका छन् :

- राष्ट्रपति र उपराष्ट्रपतिमा फरकफरक लिङ्ग वा समुदायबाट निर्वाचित गरिनुपर्ने,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा, प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने र त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने,
- सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने,
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित गर्नुपर्ने एवम् नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा एक जना महिलासहित तीन जनाको प्रतिनिधित्व हुने,
- प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने,
- प्रदेश सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने,

- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,

- गाउँ वा नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने,

- गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्यसमेत गाउँ कार्यपालिकाको सदस्य हुने,

- नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने ।

२४७. सङ्घीय संसद्मा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गर्न केकस्तो व्यवस्था गरिएको छ ?

सङ्घीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचित गर्नुपर्ने व्यवस्थाबमोजिम कम्तीमा २१ जना महिला सदस्य निर्वाचित हुने एवम् राष्ट्रपतिबाट मनोनीत हुने तीन जनामध्ये कम्तीमा एक जना महिला हुनुपर्ने व्यवस्था रहेको छ । प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

यसै गरी प्रतिनिधि सभाका चालिस प्रतिशत सदस्यको निर्वाचन राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था गरिएबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभामा प्रतिनिधित्व गर्न नसकेका राजनीतिक दलले समेत समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रतिनिधित्व गर्न सक्छन् । प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरकफरक राजनीतिक दलबाट हुनुपर्ने व्यवस्थासमेत गरिएको छ ।

२४८. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा दलको सदस्यता प्राप्त गर्न नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गका आधारमा बन्देज लगाइएको, वञ्चित गरेको वा विभेद गरेको देखिएमा दल दर्ता हुन नसक्ने प्रावधान राखी प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउने प्रयास गरिएको छ । राजनीतिक दलको सङ्गठनात्मक संरचना र विधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरूमध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुका साथै दलको सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

२४९. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ?

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने, भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याका आधारमा उम्मेदवारको बन्द सूची पेस गर्दा दलित १३.८ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, खस आर्य ३१.२ प्रतिशत, मधेसी १५.३ प्रतिशत, थारू ६.६ प्रतिशत र मुस्लिम ४.४ प्रतिशत उम्मेदवार रहने गरी गर्नुपर्ने प्रावधान रहेको छ । यसरी उम्मेदवारको बन्द सूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गर्नुपर्दछ । समानुपातिक निर्वाचन प्रणालीतर्फबाट सदस्य निर्वाचित गर्दा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला सदस्यको प्रतिनिधित्व हुने गरी निर्वाचित गर्नुपर्दछ । यसअनुसार कुनै राजनीतिक दलको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा त्यस्तो दलबाट सङ्घीय संसद्मा निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने तथा अन्य क्लस्टरबाट समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारीका लागि तोकिएको प्रतिशतबमोजिम हुने गरी सदस्य निर्वाचित गर्नुपर्ने कानुनी प्रावधान रहको छ ।

२५०. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य नियमावली, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलन समेतलाई ध्यान दिई जनसङ्ख्याका आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम उम्मेदवारको बन्द सूची तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । दलले उम्मेदवारको बन्द सूची तयार गर्दा अपाङ्गता भएका व्यक्तिको समेत उम्मेदवारी हुने गरी बन्द सूची तयार गर्नुपर्छ । समानुपातिक निर्वाचन प्रणालीतर्फबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला सदस्यको प्रतिनिधित्व हुने गरी निर्वाचित गर्नुपर्दछ । यसअनुसार कुनै राजनीतिक दलको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा प्रत्येक प्रदेशका लागि तोकिएको उम्मेदवारको बन्द सूचीको समावेशी आधारबमोजिम तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ । प्रदेश सभाको सभामुख वा उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था छ ।

२५१. प्रदेश सभामा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चितता गर्न कस्तो व्यवस्था गरिएको छ ?

प्रदेश सभामा लैङ्गिक समावेशितालाई सुनिश्चित गर्न नेपालको संविधानले प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने एवम् सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरेको छ । यसै गरी, प्रदेश सभा सदस्यको चालिस प्रतिशत सदस्यको निर्वाचन राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था गरिएबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रदेश सभामा

प्रतिनिधित्व गर्न नसकेका राजनीतिक दलले समेत समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रतिनिधित्व गर्न सक्ने व्यवस्था गरिएको छ । यसका अतिरिक्त प्रदेश सभाको सभामुख र उपसभामुख फरकफरक लिङ्ग र राजनीतिक दलबाट हुनुपर्ने व्यवस्था गरी एकभन्दा बढी दलको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ ।

२५२. प्रदेश नं.१ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति ४६.७९ प्रतिशत, खस आर्य २७.८४ प्रतिशत, थारू ४.१५ प्रतिशत, दलित १०.०६ प्रतिशत, मधेसी ७.५७ प्रतिशत र मुस्लिम ३.५९ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट १७.५३ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.४४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५३. प्रदेश नं.२ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति ६.६१ प्रतिशत, खस आर्य ४.८९ प्रतिशत, थारू ५.२७ प्रतिशत, दलित १७.२९ प्रतिशत, मधेसी ५४.३६ प्रतिशत र मुस्लिम ११.५८ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट २५.१७ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट २.११

प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५४. बाग्मती प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति ५३.१७ प्रतिशत, खस आर्य ३७.०९ प्रतिशत, थारू १.६६ प्रतिशत, दलित ५.८४ प्रतिशत, मधेसी १.५७ प्रतिशत र मुस्लिम ०.६७ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट ७.७७ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट १.०० प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५५. गण्डकी प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति ४२.३७ प्रतिशत, खस आर्य ३७.२४ प्रतिशत, थारू १.७२ प्रतिशत, दलित १७.४४ प्रतिशत, मधेसी ०.५२ प्रतिशत र मुस्लिम ०.७१ प्रतिशत

रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट ६.०२ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.०८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५६. लुम्बिनी प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति १९.५८ प्रतिशत, खस आर्य २८.८४ प्रतिशत, थारू १५.१८ प्रतिशत, दलित १५.११ प्रतिशत, मधेसी १४.३५ प्रतिशत र मुस्लिम ६.९४ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारीको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट ८.४७ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट १.१७ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५७. कर्णाली प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था

छ । त्यसै गरी आदिवासी जनजाति १३.६३ प्रतिशत, खस आर्य ६२.२ प्रतिशत, थारू ०.५ प्रतिशत, दलित २३.२५ प्रतिशत, मधेसी ०.२४ प्रतिशत र मुस्लिम ०.१८ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारीको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट १.४७ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट ३२.४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५८. सुदूर पश्चिम प्रदेशमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन कानुनी व्यवस्था कस्तो रहेको छ ?

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा नियमावली २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिएको कुल सङ्ख्याको ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आदिवासी जनजाति ३.६१ प्रतिशत, खस आर्य ६०.०२ प्रतिशत, थारू १७.२१ प्रतिशत, दलित १७.२९ प्रतिशत, मधेसी १.६४ प्रतिशत र मुस्लिम ०.२३ प्रतिशत रहने गरी उम्मेदवारी दिनुपर्दछ । यसरी दलले उम्मेदवारीको बन्द सूची पेस गर्दा अल्पसङ्ख्यक समुदायबाट २.३७ प्रतिशत र प्रदेशअन्तर्गतको पिछडिएको क्षेत्रबाट १२.७८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा प्रदेश सभामा दलका तर्फबाट निर्वाचित कुल सदस्यको एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य क्लस्टरतर्फबाट निर्वाचित गर्दा उम्मेदवारीका लागि तोकिएको प्रतिशतमा सदस्य निर्वाचित गर्नुपर्दछ ।

२५९. स्थानीय तह निर्वाचनमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउने सम्बन्धमा केकस्तो कानुनी व्यवस्था गरिएको छ ?

स्थानीय तहको निर्वाचनमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन स्थानीय तह निर्वाचन ऐन, २०७३ तथा नियमावली २०७३ ले एउटै दलले

गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिँदा एक जना महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा मनोनयन पत्र पेस गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्ने प्रावधान रहेको छ । गाउँ कार्यपालिकामा गाउँ सभाले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित दुई जना सदस्य रहने तथा नगरपालिकामा नगर सभाले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित तीन जना सदस्य रहने व्यवस्था छ । जिल्ला समन्वय समितिमा जिल्ला सभाले निर्वाचित गरेका कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सदस्य रहने कानुनी प्रावधान रहेको छ ।

२६०. निर्वाचन आयोगले निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन केकस्तो प्रयास गरेको छ ?

निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन मुख्यतः नियमावली, निर्देशिका, कार्यविधि तथा आचारसंहिता निर्माण गर्दा निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउने प्रावधानलाई समेट्ने प्रयास गरिएको छ । यसका अतिरिक्त संविधान तथा ऐनहरूले दिएको अधिकार प्रयोग गरी संविधान र ऐनमा रहेका लैङ्गिक तथा समावेशीकरणसम्बन्धी व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रबन्ध गरेको, मतदाता शिक्षालाई लैङ्गिकमैत्री तथा समावेशी बनाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्वाचनका समयमा विभिन्न भाषामा पोस्टर, पम्प्लेट तथा सूचना जारी गर्ने गरेको, मतदाता शिक्षा स्वयम्सेवक नियुक्त गर्दा महिला स्वास्थ्य स्वयम्सेविका, महिला शिक्षकलाई प्राथमिकता दिने गरेको तथा मतदानको दिन महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गर्नुका साथै वृद्धवृद्धा, गर्भवती, अशक्तलगायतका मतदाताका लागि विशेष प्रबन्ध गरी सहज रूपमा मतदान गर्ने व्यवस्था मिलाउने जस्ता अन्य कार्यहरू निर्वाचन आयोगले गर्दै आएको छ । त्यसै गरी मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाउने तथा निर्वाचनसम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्ने व्यवस्थाअनुरूपका कार्यहरू गर्दै आएको छ ।

परिच्छेद - ५

राजनीतिक दल दर्ता र नियमन

२६१. राजनीतिक दल भनेको के हो ? १७५

२६२. नेपालमा राजनीतिक दलको विकास कसरी भएको पाइन्छ ? १७६

२६३. नेपालको संविधानमा राजनीतिक दलसम्बन्धी के व्यवस्था रहेको छ ? १७६

२६४. राजनीतिक दल दर्ताका लागि पूरा गर्नुपर्ने पूर्वसर्तहरू केके हुन् ? १७७

२६५. राजनीतिक दल दर्ताका लागि आवश्यक पर्ने विवरण तथा कागजात केके हुन् ? १७८

२६६. कस्तो अवस्थामा राजनीतिक दल दर्ता हुन सक्दैन ? १७८

२६७. निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दल दर्ता गर्न केके सर्त पूरा गर्नुपर्छ ? १७९

२६८. राजनीतिक दलको विधानमा उल्लेख हुनुपर्ने कुराहरू केके हुन् ? १८०

२६९. राजनीतिक दलको सदस्यता प्राप्त गर्न चाहिने योग्यता केके हुन् ? १८१

२७०. राजनीतिक दलका काम, कर्तव्य र अधिकार केके रहेका छन् ? १८२

२७१. राजनीतिक दलले गर्न नहुने काम केके हुन् ? १८३

२७२. राजनीतिक दलको सदस्यले कस्तो अवस्थामा दल त्याग गरेको मानिन्छ ? १८४

२७३. राजनीतिक दलका तर्फबाट निर्वाचित सदस्यले दल त्याग गरेमा के हुन्छ ? १८५

२७४. कस्तो अवस्थामा दल त्याग गरेको मानिँदैन ? १८५

२७५. दलबाट निष्कासन गर्दा कस्तो प्रक्रिया अवलम्बन गरिन्छ ? १८६

२७६. राजनीतिक दलको विभाजन कसरी हुन्छ ? १८६

२७७. राजनीतिक दलको एकीकरण कसरी हुन्छ ? १८७

२७८. एकीकृत दल दर्ता गर्दा आवश्यक पर्ने विवरण तथा कागजातहरू केके हुन् ? १८७

२७९. एकीकृत दल दर्ता गर्ने प्रक्रिया कस्तो छ ? १८८

२८०. दलको दर्ता खारेज प्रक्रिया कस्तो छ ? १८८

२८१. राजनीतिक दलको केकस्तो काम कारबाहीमा आयोगले रोक लगाउन सक्दछ ? १८९

२८२. आयोगले दलको काम कारबाहीमा कस्तो प्रक्रियाबाट रोक लगाउँछ ? १८९

२८३. दलको सङ्गठनात्मक संरचनासम्बन्धी केकस्तो कानुनी व्यवस्था रहेको छ ? १८९

२८४. दलका पदाधिकारीको निर्वाचन अनुगमनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ? १९०

२८५. दलका सदस्य वा पदाधिकारीको अनुशासनात्मक कारबाहीसम्बन्धी व्यवस्था कस्तो रहेको छ ? १९०

२८६. नेपालमा संसदीय दलको गठन कसरी हुन्छ ? १९१

२८७. संसदीय दलमा कुनकुन पदाधिकारी हुन्छन् ? १९१

२८८. संसदीय अभ्यासमा निर्देशन (ह्विप) भनेको के हो ? १९१

२८९. राजनीतिक दलको मान्यतासम्बन्धी विवाद भनेको के हो ? १९२

२९०. राजनीतिक दलबिचको विवाद निरूपण कसरी गरिन्छ ? १९२

२९१. आयोगले राजनीतिक दलहरूसँग केकस्ता विषयमा परामर्श गर्न सक्छ ? १९२

२९२. राजनीतिक दलले कुनकुन विषयमा भएको परिवर्तन, संशोधन वा हेरफेर आयोगलाई जानकारी गराउनुपर्छ ? १९४

२९३. राजनीतिक दलका पदाधिकारीको सम्पत्ति विवरण कहाँ पेस गरिन्छ ? १९४

२९४. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कसुरमा केकति जरिवाना गर्न सक्दछ ? १९५

२९५. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कार्यमा के कति जरिवाना गर्न सक्दछ ? १९५

२९६. निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कार्यमा केकति जरिवाना गर्न सक्दछ ? १९७

२९७. राजनीतिक दलले आफ्ना पदाधिकारी, सदस्य र कार्यकर्ताको आचरण केकसरी व्यवस्थित गर्ने प्रावधान रहेको छ ? १९८

२९८. राजनीतिक दलले सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा के हुन्छ ? १९८

२९९. राजनीतिक दलले केकस्ता कार्य गर्दा स्थानीय प्रशासनलाई जानकारी गराउनुपर्छ ? १९८

३००. राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेसम्बन्धी कानुनी व्यवस्था के रहेको छ ? १९९

३०१. राजनीतिक दलको वार्षिक आयव्यय विवरण पेस गर्नुपर्नेसम्बन्धी व्यवस्था कस्तो छ ? १९९

३०२. राजनीतिक दलले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने विवरण केके हुन् ? २००

३०३. निर्वाचनका सन्दर्भमा थ्रेसहोल्ड भन्नाले के बुझिन्छ ? २००

परिच्छेद - ५
राजनीतिक दल दर्ता र नियमन

२६१. राजनीतिक दल भनेको के हो ?

सामान्य अर्थमा राजनीतिक शक्ति प्राप्त गरी निर्वाचनका माध्यमबाट राज्य सञ्चालन गर्न व्यक्ति वा व्यक्तिको समूहले तयार गरेको सङ्गठित स्वरूप राजनीतिक दल हो । राजनीतिक दल एउटा राजनीतिक संस्था भएकाले यो शासनमा राजनीतिक शक्ति प्राप्त गर्न र त्यसलाई निरन्तरता दिन प्रयत्नशील हुन्छ । राजनीतिक दललाई राजनीतिक अधिकार प्राप्तिका लागि राजनीतिक शक्तिको अभ्यास गर्न सङ्गठित व्यक्तिहरूको समूहका रूपमा पनि लिइन्छ । यो यस्तो सङ्गठन हो जसले सार्वजनिक नीतिमा प्रभाव पार्न, आफ्नो नीति र सिद्धान्तअनुरूप नीति तर्जुमा र कार्यान्वयन गर्न, सरकार सञ्चालन गर्न तथा निर्वाचनमा विजयी हुन क्रियाशील भई आफ्ना गतिविधिहरू सञ्चालन गर्दछ । १८ औँ शताब्दीमा बेलायतबाट पुरातनवादी 'टोरीज' विरुद्ध 'हेविग्ज' समूहपछि आधुनिक राजनीतिक दलको उदय भएको मानिन्छ । जहाँ लोकतन्त्र र बहुलवादमा आधारित संसदीय निर्वाचन पद्धति रहेको हुन्छ, त्यहाँ राजनीतिक दलको अस्तित्व प्रभावशाली हुन्छ किनकि लोकतन्त्रमा कुनै पनि राजनीतिक दल स्थापना गर्न, निर्वाचनमा भाग लिन, प्रचारप्रसार गर्न, स्वतन्त्र रूपमा आफ्नो विचार, नीति, कार्यक्रम र प्रतिबद्धता जनतासमक्ष लैजान तथा जनतालाई राजनीतिक दल छनोट गर्न कुनै अवरोध हुँदैन । त्यसैले लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दल खोल्न पाउने अधिकारलाई मौलिक हकका रूपमा उल्लेख गरिएको हुन्छ । सङ्क्षेपमा भन्ने हो भने लोकतान्त्रिक शासन प्रणालीमा सर्वसाधारण जनताको हक अधिकारको सम्मान गर्दै राष्ट्रको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउन जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्ने उद्देश्यले समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध नागरिकहरूले गठन गरेको सङ्गठनलाई राजनीतिक दल भनिन्छ । यस्ता दलले निश्चित दर्शन, कार्यक्रम र दृष्टिकोणलाई एकत्रित रूपमा आफ्नो विधान, नियमावली, घोषणापत्रमा समेटेका हुन्छन् । आफ्नो विधान र कानुनबमोजिम राजनीतिक क्रियाकलाप सञ्चालन गर्दछन् । यस्ता दल मुलुकको संविधान तथा प्रचलित ऐन, नियमबमोजिम दर्ता भएका हुन्छन् ।

२६२. नेपालमा राजनीतिक दलको विकास कसरी भएको पाइन्छ ?

नेपालमा राजनीतिक दलको इतिहास हेर्ने हो भने वि.सं. १९९३ मा राणाकालमा स्थापना भएको नेपाल प्रजापरिषद् नै पहिलो पार्टी हो । जसको उद्देश्य राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्नु थियो । जुन वि.सं. २००७ सालमा आएर प्राप्त भयो । त्यसपछि नेपालमा अन्य राजनीतिक दलहरू स्थापना भए । राणाशासनमा दलको अस्तित्व नभए पनि प्रजापरिषद्ले लुकिछिपी राजनीतिक क्रियाकलाप सञ्चालन गरी जनतालाई सङ्गठित गरेको थियो । २०१५ सालमा सम्पन्न पहिलो प्रतिनिधि सभा सदस्य निर्वाचनमा ९ ओटा दल सहभागी थिए भने २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनसम्म आइपुग्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४९ ओटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए । वि.सं. २०१७ देखि २०४७ सालसम्मको पञ्चायती शासन व्यवस्थामा दलहरू प्रतिबन्धित रहेका कारण दलहरूको भूमिका प्रत्यक्ष हुन सकेन । तैपनि दलहरूले भूमिगत रूपमा देशैभरि राजनीतिक, सामाजिक, सांस्कृतिक, साङ्गठनिक कार्यक्रम सञ्चालन गरिरहे, फलस्वरूप पञ्चायती व्यवस्था विरुद्ध जनआन्दोलन २०४६ सम्पन्न भई बहुदलीय व्यवस्थाको पुनःस्थापना भएसँगै राजनीतिक दलको सक्रियता बढ्न गयो । वि.सं. २०५९ सालमा प्रतिनिधि सभा विघटन गरी तत्कालीन राजाबाट शासन सत्ता आफ्नो हातमा लिएपछि नेपालमा नयाँ राजनीतिक समीकरण विकसित भयो । जसले २०६२।६३ को जनआन्दोलनको नेतृत्व गरी संसद् पुनःस्थापना र संविधान सभा निर्वाचनको आधार तयार गऱ्यो । वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनपछि वि.सं. २०६५ जेठ १५ मा राजतन्त्रको विधिवत् अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । वि.सं.२०७० सालमा अर्को संविधान सभा निर्वाचन सम्पन्न भई वि.सं.२०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएपछि वि.सं.२०७४ सालमा सम्पन्न भएको सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरूको उल्लेखनीय सहभागिताबाट विभिन्न राजनीतिक दल तथा स्वतन्त्रसमेत करिब ३५,९२५ जनप्रतिनिधि राज्य सञ्चालनमा सहभागी रहेको अवस्था छ । आयोगमा रहेको राजनीतिक दल दर्ता अभिलेखअनुसार वि.सं. २०७७ असार मसान्तसम्म कुल १३२ ओटा दल दर्ता कायम रहेका छन् ।

२६३. नेपालको संविधानमा राजनीतिक दलसम्बन्धी के व्यवस्था रहेको छ ?

नेपालको संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई प्रस्तावनामा उल्लेख गरी स्वतन्त्रताको हकअन्तर्गत राजनीतिक दल खोल्न पाउने

अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । नेपालको संविधानको भाग २९ धारा २६९, २७०, २७१ र २७२ मा राजनीतिक दलको गठन दर्ता र सञ्चालन, राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज, राजनीतिक दलका रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्ने व्यवस्था र राजनीतिक दलसम्बन्धी अन्य व्यवस्था उल्लेख गरिएको छ । यसअनुसार समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न तोकिएका सर्त पूरा गरी दलको गठन, दर्ता र सञ्चालन गर्न पाउने व्यवस्था रहेको छ । यसरी गठन भएको राजनीतिक दल कानुनबमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनुपर्ने तथा निर्वाचन प्रयोजनका लागि प्रत्येक निर्वाचनमा मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दल दर्ता हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । साथै संविधानले राजनीतिक दलको गठन, दर्ता, सञ्चालन, सुविधा तथा तत्सम्बन्धी अन्य विषय सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेको छ ।

२६४. राजनीतिक दल दर्ताका लागि पूरा गर्नुपर्ने पूर्वसर्तहरू केके हुन् ?

नेपालको संविधानले राजनीतिक दलको गठन, दर्ता, सञ्चालन, सुविधा तथा तत्सम्बन्धी अन्य विषय सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेबमोजिम राजनीतिक दलको गठन, दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न र दलको काम कारबाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउन राजनीतिक दलसम्बन्धी ऐन, २०७३ जारी गरिएको छ । यस ऐनले राजनीतिक कामकारबाही सञ्चालन गर्न गठन हुने राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुनुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाअनुसार राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुनका लागि त्यस्तो राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने, दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था उल्लेख भएको हुनुपर्ने, दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने जस्ता पूर्वसर्तहरू रहेका छन् । तर विशेष परिस्थितिमा भने पाँच वर्षभित्रमा पदाधिकारीको निर्वाचन हुन नसकेमा छ महिना म्याद थप्न सक्ने गरी विधानमा व्यवस्था गर्न सकिने सुविधासमेत रहेको छ ।

२६५. राजनीतिक दल दर्ताका लागि आवश्यक पर्ने विवरण तथा कागजात केके हुन् ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम निर्वाचन आयोगमा दर्ता हुनका लागि राजनीतिक दलको प्रमुख पदाधिकारीले केन्द्रीय समितिको निर्णयसहित दल दर्ताका लागि तोकिएको ढाँचामा आयोगसमक्ष निवेदन दिनुपर्छ । यसरी निवेदन दिँदा देहायबमोजिमका विवरण तथा कागजात संलग्न गर्नुपर्दछ :

(क) दलको विधान, नियमावली र घोषणापत्र,

(ख) झन्डा र चिह्नको नमुना,

(ग) कम्तीमा पाँच सय जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धतापत्र,

(घ) प्रतिबद्धता जनाउने व्यक्तिको नागरिकता वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपिसहितको हस्ताक्षर,

(ङ) प्रतिबद्धता जनाउने व्यक्तिले अर्को दलको सदस्य नभएको भनी गरेको उद्घोषणपत्र,

(च) कम्तीमा एक्काइस सदस्य केन्द्रीय समितिको गठनसम्बन्धी विवरण तथा कागजात,

(छ) केन्द्रीय समितिले दल दर्ताका लागि गरेको निर्णयको प्रतिलिपि,

(ज) आयोगले आवश्यक ठानेमा अन्य विवरण तथा कागजातहरू ।

२६६. कस्तो अवस्थामा राजनीतिक दल दर्ता हुन सक्दैन ?

नेपालको संविधानले राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने तथा एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय संविधानको प्रतिकूल हुने र स्वतः अमान्य हुने व्यवस्था गरेको छ । यस संवैधानिक

व्यवस्थाबमोजिम राजनीतिक दलको गठन, दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न जारी भएको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले देहायको अवस्थामा राजनीतिक दल दर्ता हुन नसक्ने व्यवस्था गरेको छ :

(क) दलको विधान र नियमावली लोकतान्त्रिक नभएमा,

(ख) विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था नभएमा,

(ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा समावेशी प्रतिनिधित्वको व्यवस्था नगरेमा,

(घ) दलको नाम, उद्देश्य, चिह्न वा झन्डा, देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा विखण्डित गर्ने प्रकृतिको रहेमा,

(ङ) दलको सदस्यता प्राप्त गर्न नेपालका नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गका आधारमा बन्देज लगाइएको, वञ्चित गरेको वा विभेद गरेको देखिएमा,

(च) दलको विधानमा उल्लेख हुनुपर्ने विवरणहरू उल्लेख नभएमा,

(छ) दलको नाम वा चिह्न आयोगमा दर्ता कायम रहेको दलको नाम वा चिह्नसँग मिल्ने भएमा,

(ज) आयोगले माग गरेको विवरण वा कागजात उपलब्ध नगराएमा वा पदाधिकारी वा सदस्यको हस्ताक्षर सनाखत हुन नसकेमा ।

२६७. निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दल दर्ता गर्न केके सर्त पूरा गर्नुपर्छ ?

नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम निर्वाचन आयोगमा दर्ता भएको कुनै पनि राजनीतिक दलले तोकिएको निर्वाचनमा भाग लिन चाहेमा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गराउनुपर्छ । यस्तो दल दर्ताका लागि आयोगमा निवेदन दिँदा निवेदनका साथ दलको विधान, घोषणापत्र, नियमावली, झन्डा र चिह्नको नमुना, कम्तीमा एक्काइस सदस्य केन्द्रीय समितिको व्यवस्था,

अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनलगायतका कागजात तथा विवरण पेस गर्नुपर्दछ । यसका साथै दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने, दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको हुनुपर्ने, दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्व गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था भएको हुनुपर्ने जस्ता सर्तहरू पूरा गरेको हुनुपर्छ ।

२६८. राजनीतिक दलको विधानमा उल्लेख हुनुपर्ने कुराहरू केके हुन् ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दलको विधानमा निम्नानुसारका कुराहरू उल्लेख भएको हुनुपर्छ :

- दलको पूरा नाम, छोटकरी नाम, दलको छाप, चिह्न वा झन्डासम्बन्धी विवरण,
- केन्द्रीय कार्यालय रहने स्थान र दलको सङ्गठनात्मक संरचना,
- दलको उद्देश्य तथा कार्यक्रम,
- दलको सदस्यता प्राप्त हुने तथा गुम्ने अवस्था,
- केन्द्रीय समिति, प्रदेश समिति र स्थानीय तहमा रहने पदाधिकारीको विवरण,
- केन्द्रीय समिति, प्रदेश समिति र स्थानीय तहका पदाधिकारीको निर्वाचन र मनोनयनसम्बन्धी व्यवस्था,
- महाधिवेशनसम्बन्धी व्यवस्था,
- दलका विभिन्न समिति वा एकाइको बैठक बोलाउने र निर्णय गर्ने कार्यविधि,
- सदस्य वा पदाधिकारीलाई हुन सक्ने अनुशासनात्मक कारबाही, पुनरावेदन सुन्नेसम्बन्धी संयन्त्र,
- दलको कोष, आर्थिक व्यवस्थापन र त्यसका लागि जिम्मेवार पदाधिकारी,
- उम्मेदवार मनोनयनसम्बन्धी कार्यविधि,

- लेखा, लेखापरीक्षण तथा लेखापरीक्षण समिति,
- नीति तथा कार्यक्रम निर्माणमा सदस्य वा तल्ला निकायलाई सहभागी गराउने प्रक्रिया,
- दलको विधान संशोधनको कार्यविधि,
- दल विघटन हुने अवस्था र सम्पत्ति तथा दायित्वको व्यवस्थापन,
- दलका विभिन्न समितिमा हुनुपर्ने समानुपातिक समावेशी व्यवस्था,
- नियमावली बनाउने अधिकार, आन्तरिक परिपत्र गर्ने व्यवस्था,
- सदस्यता तथा नवीकरण शुल्कसम्बन्धी व्यवस्था,
- सदस्यता दर्ता किताबसम्बन्धी व्यवस्था ।

२६९. राजनीतिक दलको सदस्यता प्राप्त गर्न चाहिने योग्यता केके हुन् ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको विधानबमोजिम अधिकार प्राप्त अधिकारीले दलको सदस्यता वितरण गर्न सक्ने र यसरी सदस्यता वितरण गर्दा देहायको योग्यता पुगेका नेपाली नागरिकलाई वितरण गर्न सकिने व्यवस्था गरेको छ :

(क) दलको सदस्यता प्राप्त गर्ने नेपाली नागरिक अठार वर्ष उमेर पूरा भएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको,

(घ) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानुनबमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको ।

२७०. राजनीतिक दलका काम, कर्तव्य र अधिकार केके रहेका छन् ?

नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही राजनीतिक दलले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको विषयमा सम्बन्धित राजनीतिक दलको विधानमा उल्लेख गरेको हुनुपर्दछ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले गरेको व्यवस्थाअनुसार दलको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् :

- प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणसम्बन्धी कार्य,
- मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,
- राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुऱ्याउने,
- राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिका रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,
- दलीय सहमति र समन्वयको संस्कृतिको विकास गर्ने,
- नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,
- सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुऱ्याउने,
- सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैरसरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,
- लोकतन्त्रको प्रवर्द्धन, विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने,
- सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

- स्वयम्सेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

- विपद् जोखिम न्यूनीकरण शिक्षा अभियान सञ्चालन गरी पूर्वतयारी कार्यमा सहयोग पुऱ्याउने,

- राष्ट्रिय विपत्तिका समयमा खोज, उद्धार, सहयोग, पुनःस्थापनालगायत अन्य आवश्यक सहयोग गर्ने,

- आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने,

- निर्वाचन आयोगबाट सञ्चालित कार्यक्रममा सहयोग पुऱ्याउने ।

२७१. राजनीतिक दलले गर्न नहुने काम केके हुन् ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको काम, कर्तव्य र अधिकारको उल्लेख गर्नुका साथै राजनीतिक दलले गर्न वा गराउन नहुने कामसमेत उल्लेख गरेको छ । यस ऐनबमोजिम राजनीतिक दलले गर्न वा गराउन नहुने काम देहायअनुसार रहेका छन् :

- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने,

- राष्ट्रका विरुद्ध जासुसी गर्ने, गराउने,

- राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

- नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

- राज्यद्रोह गर्ने,

- सङ्घीय एकाइबिचको सुसम्बन्धमा खलल पार्ने,

- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबिचको सुसम्बन्धमा खलल पार्ने,
- दलको सदस्यता प्राप्त गर्न नेपाली नागरिकलाई जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गका आधारमा बन्देज लगाउने वा कुनै जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने,
- नागरिकहरूबिच विभेद गर्ने,
- हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य गर्ने,
- खुकुरी, भालालगायतका हातहतियार वा विष्फोटक पदार्थ वा लाठी, भाटा लिई प्रदर्शन गरी जुलुस, आमसभा गर्ने वा विरोध प्रदर्शन गर्ने,
- अधिकार प्राप्त अधिकारीको पूर्वस्वीकृतिबिना कुनै पनि सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति प्रयोग वा अतिक्रमण गर्ने, गराउने,
- सरकारी, सार्वजनिक, सामुदायिक वा निजी सम्पत्तिको तोडफोड, हानी नोक्सानी वा क्षति पुऱ्याउने, पुऱ्याउन लगाउने,
- सर्वसाधारणलाई असुविधा हुने गरी सार्वजनिक सेवा प्रवाहमा अवरोध पुऱ्याउने,
- राजनीतिक गतिविधिमा बालबालिकालाई प्रयोग गर्ने,
- प्रचलित कानुनबमोजिम दलले गर्न नहुने अन्य कुनै काम गर्ने, गराउने ।

२७२. राजनीतिक दलको सदस्यले कस्तो अवस्थामा दल त्याग गरेको मानिन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको विधानबमोजिम सदस्यले कुनै पनि बखत दल त्याग गर्न सक्ने व्यवस्था गरेको छ । कुनै सदस्यले सम्बन्धित दलको सदस्यबाट लिखित रूपमा राजीनामा दिएमा, अर्को दलको सदस्यता लिएमा वा निज आफैँले वा निजसमेत संलग्न भई अर्को दल गठन गरेमा निजले राजनीतिक दल त्याग गरेको मानिन्छ ।

२७३. राजनीतिक दलका तर्फबाट निर्वाचित सदस्यले दल त्याग गरेमा के हुन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले कुनै पनि राजनीतिक दलका तर्फबाट उम्मेदवार भई सङ्घीय संसद्, प्रदेश सभाको सदस्य वा स्थानीय तहको सदस्यमा निर्वाचित भएको कुनै पदाधिकारीले त्यस्तो पदको पदावधि कायम रहेसम्म जुन दलको उम्मेदवार भई निर्वाचित भएको हो त्यस्तो दल त्याग गर्न नपाउने व्यवस्था गरेको छ । यदि कुनै निर्वाचित पदाधिकारीले आफू निर्वाचित भएको दलको सदस्यता त्याग गरेमा निज निर्वाचित भएको पद निजले दल त्याग गरेको मितिदेखि स्वतः रिक्त भएको मानिने कानुनी व्यवस्था छ । सङ्घीय संसद् वा प्रदेश सभाको सदस्य रहेको दलको सदस्यले दल त्याग गरेमा वा निजलाई दलबाट निष्कासन गरिएमा त्यसको निर्णयसहितको सूचना सम्बन्धित सभाको सचिवालयलाई दिनुपर्ने र उक्त सूचना सभामुख वा अध्यक्षसमक्ष पेस हुनुपर्ने व्यवस्था छ । यसरी प्राप्त भएको सूचना सभामुख वा अध्यक्षबाट सम्बन्धित सदन वा सभालाई दिएपछि वा सचिवालयको सूचना पाटीमा टाँस भएपछि त्यस्तो सदस्यको पद रिक्त भएको मानी सोको जानकारी निर्वाचन आयोगलाई दिनुपर्दछ । स्थानीय तहको सदस्यको हकमा कुनै दलका तर्फबाट उम्मेदवार भई निर्वाचित भएको पदाधिकारीले दल त्याग गरेमा सो दलको केन्द्रीय समितिले निर्णय गरी निर्णयको प्रतिलिपिसहित निजले दल त्याग गरेको व्यहोराको जानकारी आयोगलाई दिनुपर्दछ । यसरी जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र आयोगले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सोको सूचना प्रकाशन गरेपछि त्यस्तो सदस्यको पद स्वतः रिक्त भएको मानिन्छ ।

२७४. कस्तो अवस्थामा दल त्याग गरेको मानिँदैन ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दल त्याग गरेको नमानिनेसम्बन्धी व्यवस्था गरेको छ । यसअनुसार देहायको अवस्थामा कुनै राजनीतिक दलको सदस्यले दल त्याग गरेको मानिँदैन :

- प्रतिनिधि सभाको सभामुख वा उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष वा उपाध्यक्ष वा प्रदेश सभाका सभामुख वा उपसभामुखमा निर्वाचित सदस्यले दलको सदस्यताबाट लिखित रूपमा राजीनामा दिएमा,

- प्रतिनिधि सभाको सभामुख वा उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष वा उपाध्यक्ष वा प्रदेश सभाका सभामुख वा उपसभामुखले सचेतकले दिएको निर्देशन (ह्विप) विपरीत मतदान गरेमा, तटस्थ रहेमा वा अनुपस्थित भएमा,

- सङ्घीय संसद्को कुनै सदन वा प्रदेश सभाको अध्यक्षता गरेको सदस्यले अध्यक्षता गर्दाका बखत सचेतकले दिएको निर्देशन विपरीत मतदान गरेमा वा तटस्थ रहेमा,

- एकीकरण वा गाभिएको दलको सदस्य भएमा,

- कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसद्का संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरूसमेत भई नयाँ दल गठन गरेमा ।

२७५. दलबाट निष्कासन गर्दा कस्तो प्रक्रिया अवलम्बन गरिन्छ ?

कुनै राजनीतिक दलको सदस्यले उक्त दलको विधान विपरीत कार्य गरेको वा संसदीय दलको नेताको निर्देशन पालना नगरेका कारण परेको उजुरीका आधारमा सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई सम्बन्धित दलबाट निष्कासन गर्न सक्दछ । निष्कासन गर्नुअघि केन्द्रीय समितिले आफैँले वा जाँचबुझ समिति गठन गरी त्यस्तो सदस्यलाई मनासिब माफिकको सुनुवाइको मौका दिनुपर्छ । पेस भएको सफाइ सन्तोषजनक नभएमा वा जाँचबुझ गर्दा आरोपित सदस्यलाई दलबाट निष्कासन गर्नुपर्ने देखिएमा सम्बन्धित दलको विधानमा व्यवस्था भएबमोजिम केन्द्रीय समितिले कारण र आधार खुलाई दलको सदस्यबाट निष्कासन गर्न सक्दछ ।

२७६. राजनीतिक दलको विभाजन कसरी हुन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार कुनै राजनीतिक दलको केन्द्रीय समिति र सङ्घीय संसद्का संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यले निर्णय गरी छुट्टै नयाँ दल बनाउन सक्दछन् । त्यसरी दल विभाजन गर्दा एकातिर केन्द्रीय समितिका कम्तीमा चालिस प्रतिशत सदस्यको समर्थन आवश्यक पर्छ भने अर्कातिर सङ्घीय संसद्का संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यहरूले समर्थन गरी हस्ताक्षर गरेको छुट्टाछुट्टै समर्थनपत्र हुनुपर्दछ । यसरी दल विभाजन भई गठन भएको राजनीतिक दलले छुट्टै नयाँ दल बनाएमा त्यस्तो दल दर्ताका लागि कम्तीमा एक्काइस सदस्य भएको केन्द्रीय समितिको व्यवस्था, दलको विधान, नियमावली तथा घोषणापत्र, दलको झन्डा तथा चिह्नको नमुना तथा प्रचलित कानुनबमोजिमको विवरण र कागजातसहित निर्वाचन आयोगसमक्ष निवेदन दिनुपर्दछ । आयोगले दल दर्ताका लागि निवेदन परेको

मितिले ३५ दिनभित्र आवश्यक जाँचबुझ गरी नयाँ दलका रूपमा दर्ता गर्ने वा दल दर्ता गर्न नमिल्ने भएमा सोको जानकारी निवेदकलाई दिनुपर्दछ । यसरी गठन भएको दल आयोगबाट मान्यता प्राप्त गरेको मितिले पाँच वर्षसम्म त्यस्तो दलबाट छुट्टिई अर्को दल गठन हुन सक्दैन ।

२७७. राजनीतिक दलको एकीकरण कसरी हुन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरू एक आपसमा सम्झौता गरी एकीकरण हुन वा गाभिन सक्छन् । एकीकरण हुनका लागि एक आपसमा सम्झौता भएको मितिले पैंतालिस दिनभित्र दलले आफ्नो विधान, नियमावली, घोषणापत्र, केन्द्रीय समितिको निर्णय र सम्झौताको प्रतिलिपिसहित निर्वाचन आयोगमा निवेदन दिनुपर्छ । निवेदन साथ त्यस्ता दलमध्ये कुनै दलको नाममा गाभिने वा नयाँ नाममा एकीकरण हुने भन्ने कुराका अतिरिक्त कम्तीमा एक्काइस सदस्य भएको केन्द्रीय समितिको व्यवस्था, दलको विधान, नियमावली तथा घोषणापत्र, दलको झन्डा तथा चिह्नको नमुना तथा प्रचलित कानुनबमोजिमको विवरण र कागजातसहित निर्वाचन आयोगसमक्ष निवेदन दिनुपर्दछ । आयोगले दल दर्ताका लागि निवेदन परेको मितिले ३५ दिनभित्र आवश्यक जाँचबुझ गरी नयाँ दलका रूपमा दर्ता गर्ने वा दल दर्ता गर्न नमिल्ने भएमा सोको जानकारी निवेदकलाई दिनुपर्दछ । यसरी गठन भएको दल गाभिनु वा एकीकरण हुनुपूर्व कायम रहेका दलको नाम, झन्डा वा चिह्न एकीकरण भएको वा गाभिएको एक वर्षसम्म कसैले प्रयोग गर्न नसक्ने कानुनी व्यवस्था रहेको छ । साथै दल एकीकरण भएको वा गाभिएका बखत दलको सम्पत्ति वा दायित्वको व्यवस्थापनसम्बन्धी कुरा उल्लेख नभएमा त्यस्तो सम्पत्ति वा दायित्वमा एकीकरण भएको वा गाभिएको दलको स्वामित्व रहन्छ ।

२७८. एकीकृत दल दर्ता गर्दा आवश्यक पर्ने विवरण तथा कागजातहरू केके हुन् ?

निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरू एक आपसमा सम्झौता गरी एकीकरण हुन वा गाभिन सक्छन् । यसरी एकीकरण भई वा गाभिई गठन भएको एकीकृत दल दर्ता गर्न साविकका दलहरूको केन्द्रीय समितिले एकीकरण हुन छुट्टाछुट्टै गरेको निर्णय, एकीकरण हुन वा गाभिनका लागि गरेको सम्झौतापत्रको प्रतिलिपि, एकीकरण भई वा गाभिई कायम भएको दलको केन्द्रीय समितिको निर्णयको प्रतिलिपि, एकीकरण भई वा गाभिई कायम भएको दलको विधान, नियमावली र घोषणापत्र, एकीकरण भएका दलका केन्द्रीय समितिका पदाधिकारीहरूको नागरिकताको प्रमाण

पत्रको प्रतिलिपि, एकीकरण हुनुअघि दर्ता भएका दलको दल दर्ता प्रमाण पत्र र प्रमुख पदाधिकारीले दिएको अधिकारपत्रसहित आयोगमा दिएको निवेदन, नयाँ नाममा एकीकरण हुने दलको नाम, झन्डा, चिह्न, सम्पत्ति वा दायित्वको विवरण जस्ता विवरण तथा कागजातहरू आवश्यक हुन्छन् ।

२७९. एकीकृत दल दर्ता गर्ने प्रक्रिया कस्तो छ ?

निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरू एक आपसमा सम्झौता गरी एकीकरण भई वा गाभिई गठन हुने एकीकृत दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन प्राप्त भएपछि निवेदनसाथ पेस भएका कागजातहरूको आवश्यक जाँचबुझ गरिन्छ । यसरी जाँचबुझ गर्दा तोकिएको कार्यविधि र सर्त पूरा भएको नदेखिएमा सात दिनको समय दिई आयोगले थप विवरण, कागजात वा थप प्रमाण माग गर्न सक्दछ । तोकिएको कार्यविधि र सर्त पूरा भएको देखिएमा आयोगले पैँतालिस दिनभित्र दल एकीकरण गर्ने वा गाभिने निर्णय गरी दल एकीकरण भएको वा गाभिएको जानकारी र एकीकरण भएको दलको दल दर्ता प्रमाण पत्र सम्बन्धित दललाई उपलब्ध गराइन्छ । नयाँ नाममा एकीकरण भएको दल दर्ता गरी साविकका दलहरूको दर्ता रद्द गरिन्छ । साविकका दलहरूले एकीकरणअघि प्रयोग गरेका नाम, झन्डा, चिह्न एकीकरण भएको एक वर्षसम्म कसैले प्रयोग गर्न पाउँदैनन् । दल एकीकरणको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुका साथै एकीकरण भएको वा गाभिएको दलको विवरण आयोगको दल दर्ता किताबमा समेत अभिलेख राखिन्छ ।

२८०. दलको दर्ता खारेज प्रक्रिया कस्तो छ ?

निर्वाचन आयोगमा दर्ता कायम रहेको कुनै दलले दर्ता खारेज गर्न चाहेमा दलको विधानबमोजिम केन्द्रीय समितिबाट निर्णय गरी दलको दर्ता खारेजीका लागि तोकिएका कागजातसहित आयोगमा निवेदन दिनुपर्छ । यस्तो निवेदन प्राप्त भएमा आयोगले आवश्यक अध्ययन र जाँचबुझ गरी त्यस्तो दलको दर्ता खारेज गर्दछ । राजनीतिक दलसम्बन्धी ऐनबमोजिम दलले गर्न नहुने काम गरेमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्न सक्छ । दल दर्ता खारेज गर्नुअघि आयोगले त्यस्तो दललाई आफ्नो सफाइ पेस गर्न मनासिव माफिकको मौका दिन्छ । आयोगमा पेस गरेका कागज प्रमाण र दलले पेस गरेको सफाइ सन्तोषजनक नभएमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्ने निर्णय गरी दल दर्ता खारेजीको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्छ । त्यसरी खारेज भएको दलको नाम, झन्डा, चिह्न दल दर्ता खारेजको निर्णय भएको मितिले एक वर्षसम्म अन्य

दललाई प्रदान गर्न पाइँदैन । खारेज भएको दलको सम्पत्ति दलको विधानमा अन्यथा उल्लेख भएकामा बाहेक नेपाल सरकारको हुन्छ ।

२८१. राजनीतिक दलको केकस्तो काम कारबाहीमा आयोगले रोक लगाउन सक्दछ ?

कुनै राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रका विरुद्ध जासुसी गराउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, नेपालको सुरक्षामा आँच पुऱ्याउने, राज्यद्रोह, सङ्घीय एकाइबिचको सुसम्बन्धमा खलल पर्ने, जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने, सामाजिक सहिष्णुतामा खलल पुऱ्याउने, दलको सदस्यता वितरणमा विभेद गर्ने, नागरिकहरूबिच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, सार्वजनिक नैतिकता प्रतिकूल हुने कार्य गर्ने जस्ता काम कारबाही गरेका आधारमा त्यस्तो काम कारबाहीउपर रोक लगाउन नेपाल सरकारबाट लेखी आएमा आवश्यक छानबिन गरी त्यस्तो काम कारबाहीमा रोक लगाउनुपर्ने देखिएमा आयोगले त्यस्तो काम, कारबाही रोक्न सम्बन्धित दललाई आदेश दिन्छ ।

२८२. आयोगले दलको काम कारबाहीमा कस्तो प्रक्रियाबाट रोक लगाउँछ ?

कुनै राजनीतिक दलले नेपालको संविधानको धारा १७ बमोजिम राजनीतिक दल खोल्ने स्वतन्त्रतासम्बन्धी हकअधिकारको उपभोग गर्दा सोही धाराको उपधारा (३) बमोजिम प्रतिबन्धित कुनै काम कारबाही गरेको अवस्थामा नेपाल सरकारले त्यस्तो काम, कारबाहीउपर रोक लगाउन आयोगमा लेखी पठाउनुपर्ने कानुनी व्यवस्था छ । नेपाल सरकारबाट लेखी आएमा आयोगले निश्चित अवधि तोकी आयोगको कुनै पदाधिकारी वा कर्मचारीलाई छानविन गर्न खटाउँछ । छानविन गर्न खटाइएका कर्मचारीले सोसम्बन्धमा सम्बन्धित दलसँग पत्राचार गर्ने, दलका पदाधिकारीसँग छलफललगायतका प्रक्रिया अपनाउन सक्छन् । छानविनबाट सम्बन्धित दलले उक्त काम, कारबाही गरेको प्रमाणित भएमा आयोगले निर्णय गरी त्यस्ता काम, कारबाही तुरुन्त रोक्न उक्त दललाई आदेश दिई सोको जानकारी नेपाल सरकारलाई दिन्छ ।

२८३. दलको सङ्गठनात्मक संरचनासम्बन्धी केकस्तो कानुनी व्यवस्था रहेको छ ?

कुनै पनि राजनीतिक दलको विधान उक्त दलका लागि संविधानसरह हुन्छ । दलको सङ्गठन संरचना तथा पदाधिकारीसम्बन्धी व्यवस्था उक्त दलको विधानमा उल्लेख

भएबमोजिम हुन्छ । विधानमा दलको सङ्गठनात्मक संरचनाको व्यवस्था गर्दा स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा कार्यकारी अधिकार प्रयोग गर्न सक्ने गरी समिति रहने व्यवस्था गर्नुपर्दछ । स्थानीय तहको सङ्गठनात्मक संरचनाको व्यवस्था गर्दा जिल्ला स्तरको सङ्गठनात्मक संरचनासमेत रहने गरी व्यवस्था गर्न सकिन्छ । केन्द्रीय तथा प्रदेश तहमा रहने समितिमा प्रत्येक पदाधिकारीको निर्वाचन दलको विधानमा व्यवस्था भएबमोजिम प्रत्येक पाँच वर्षमा कम्तीमा एकपटक गर्नुपर्दछ । तर विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्रमा केन्द्रीय समिति तथा प्रदेश समितिका पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसक्ने भएमा विधानमा व्यवस्था भएबमोजिम निर्वाचन आयोगलाई जानकारी गराई त्यस्तो पदावधि पूरा भएको मितिले छ महिनाभित्र निर्वाचन सम्पन्न गर्नुपर्छ ।

२८४. दलका पदाधिकारीको निर्वाचन अनुगमनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

राजनीतिक दलको सङ्घीय तहमा रहने केन्द्रीय समिति तथा प्रदेश तहमा रहने प्रदेश समितिका पदाधिकारीको निर्वाचन विधानमा व्यवस्था भएबमोजिम पाँच वर्षमा कम्तीमा एकपटक गर्नुपर्ने र त्यस्ता समितिका पदाधिकारीको विवरण निर्वाचन भएको मितिले एक महिनाभित्र निर्वाचन आयोगमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । केन्द्रीय समिति र प्रदेश समितिका पदाधिकारीको निर्वाचन कानुनबमोजिम भएनभएको सम्बन्धमा निर्वाचन आयोगले अनुगमन गर्न सक्छ ।

२८५. दलका सदस्य वा पदाधिकारीको अनुशासनात्मक कारबाहीसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दलको विधानमा सदस्य वा पदाधिकारीलाई हुन सक्ने अनुशासनात्मक कारबाहीसम्बन्धी व्यवस्था उल्लेख हुनुपर्ने व्यवस्था गरेको छ । यसरी गरिएको विधानको व्यवस्थाबमोजिम दलको सदस्य वा पदाधिकारीले दलको विधान विपरीत काम गरेमा वा दलको आचारसंहिता पालना नगरेमा दलले अनुशासनात्मक कारबाही गर्न सक्छ । त्यस्तो कारबाही गर्नुअघि निजलाई सफाइ पेस गर्न मौका दिई स्पष्टीकरण सोधी पेस हुन आएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा आधार र कारणसमेत स्पष्ट खुलाई त्यस्तो सदस्य वा पदाधिकारीलाई अनुशासनात्मक कारबाही गर्न सकिने व्यवस्था रहेको छ । यसरी गरिएको कारबाहीउपर दलको विधानबमोजिम पुनरावेदन सुन्ने उपयुक्त संयन्त्रको व्यवस्था हुनुपर्दछ र यस संयन्त्रले भएको कारबाही सदर, बदर वा संशोधन गर्न सक्दछ ।

२८६. नेपालमा संसदीय दलको गठन कसरी हुन्छ ?

नेपालमा सङ्घीय संसद् वा प्रदेश सभाको निर्वाचनमा कम्तीमा दुई स्थानमा निर्वाचित भई प्रतिनिधित्व गर्ने राजनीतिक दलले सङ्घीय संसदीय दल वा प्रदेश संसदीय दल गठन गर्न सक्छन् । यसरी दलबाट निर्वाचित भई सङ्घीय संसद् वा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक व्यक्ति स्वतः सम्बन्धित संसदीय दलको सदस्य हुन्छन् । संसदीय दल गठन प्रयोजनका लागि सम्बन्धित राजनीतिक दलले दलको नाम तथा केन्द्रीय कार्यालय, दलको विधान र नियमावली, संसदीय दलको विधान, निर्वाचित जनप्रतिनिधिको सङ्ख्या र नामसहितको विवरण सङ्घीय संसद्को सचिवालय वा प्रदेश सभाको सचिवालयलाई उपलब्ध गराउनुपर्दछ ।

२८७. संसदीय दलमा कुनकुन पदाधिकारी हुन्छन् ?

संसदीय दलमा दलका नेता, उपनेता, सचेतक वा सदस्य सचिव रहन्छन् । संसद्मा प्रतिनिधित्व गर्ने दलका निर्वाचित सदस्यहरूले आफूमध्येबाट एक जना सदस्यलाई संसदीय दलको नेता निर्वाचित गर्दछन् । सम्बन्धित दलको विधानमा अन्यथा व्यवस्था भएकामा बाहेक संसदीय दलको नेताले संसदीय दलका सदस्यमध्येबाट आवश्यकताअनुसार उपनेता, सचेतक वा सदस्य सचिव मनोनयन गर्दछन् । संसदीय दलका पदाधिकारीको विवरण सम्बन्धित संसदीय दलका नेता वा सचेतकले सम्बन्धित सदन वा सभाको सचिवालयलाई उपलब्ध गराउनुपर्छ ।

२८८. संसदीय अभ्यासमा निर्देशन (ह्विप) भनेको के हो ?

संसदीय शासन प्रणालीमा संसद्मा प्रतिनिधित्व गर्ने दलले संसदीय दल गठन गर्दछन् । संसदीय दलले आफ्नो संसदीय दलको नेता निर्वाचित गर्दछन् भने आवश्यकताअनुसार उपनेता, सचेतक वा सदस्य सचिव मनोनयन गर्दछन् । संसद्मा पेस भएका सरकारको विश्वास वा अविश्वासको प्रस्ताव, सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, राष्ट्रिय वा सार्वजनिक महत्त्वको विषयका प्रस्ताव सङ्घीय संसद्को सदन वा प्रदेश सभामा निर्णयार्थ प्रस्तुत हुँदा प्रस्तावको पक्ष वा विपक्षमा मतदान गर्न संसदीय दलका नेताको निर्देशनमा संसदीय दलको सचेतकले संसद् सदस्यलाई दिने निर्देशनलाई ह्विप भनिन्छ । दलको सचेतकले दिएको यस्तो निर्देशन प्रत्येक सदस्यले पालना गर्नुपर्छ । यदि कुनै सदस्यले निर्देशन वा ह्विपको पालना नगरेमा सोको विवरण सचेतकले दलको केन्द्रीय समितिलाई दिनुपर्दछ ।

२८९. राजनीतिक दलको मान्यतासम्बन्धी विवाद भनेको के हो ?

दुई वा दुईभन्दा बढी दलबिच वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षबिच विभिन्न विषयमा विवाद उत्पन्न हुन सक्छन् । दलको नाम, छाप, विधान, झन्डा वा चिह्न, दलका पदाधिकारी, केन्द्रीय समिति वा सो समितिको निर्णयको आधिकारिकता जस्ता विषयमा दुई वा दुईभन्दा बढी दलबिच वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षबिच विवाद उत्पन्न भएमा त्यस्ता विवादहरूलाई राजनीतिक दलको मान्यतासम्बन्धी विवाद मानिन्छ ।

२९०. राजनीतिक दलबिचको विवाद निरूपण कसरी गरिन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको विवाद र विवाद निरूपणसम्बन्धी कार्यविधिको व्यवस्था गरेको छ । जसअनुसार राजनीतिक दलबिच भएको विवादको निरूपणका सम्बन्धमा दलले र दलभित्रका आधिकारिकता दाबी गर्ने पक्षले उजुरी दिन सक्छन् । आधिकारिकता दाबी गर्ने पक्षले चालिस प्रतिशत केन्द्रीय सदस्यको हस्ताक्षरसहित विवाद प्रारम्भ भएको तिस दिनभित्र निर्वाचन आयोगमा निवेदन दिनुपर्छ । यसरी निवेदन परेमा आयोगले दाबीका सम्बन्धमा लिखित जवाफ पेस गर्न अर्को पक्षलाई पन्ध्र दिनको सूचना दिनुपर्छ । त्यस्तो सूचना प्राप्त गर्ने दल वा पक्षले तोकिएको अवधिभित्र आधार र प्रमाणसहित आयोगमा लिखित जवाफ पेस गर्नुपर्छ । लिखित जवाफ पेस भएपछि वा पेस नभए पनि अवधि समाप्त भएपछि आयोगले विवादका सम्बन्धित पक्षहरूलाई आपसी सहमतिबमोजिम विवाद निरूपण गर्ने प्रयोजनका लागि आयोगमा उपस्थित हुन सूचना दिनुपर्छ । विवादका पक्षहरू उपस्थित भई विवाद निरूपण गर्न सहमत भएमा आयोगले पक्षहरूबिच कायम भएको सहमतिबमोजिम विवादको निरूपण गर्दछ । विवादित पक्षबिच सहमति कायम हुन नसकेमा दल वा विवादका पक्षबाट पेस भएका प्रमाण, सम्बन्धित दलको विधान, अन्य सम्बद्ध कुरा र बुझिएका प्रमाणका आधारमा लिखित जवाफ पेस भएकामा लिखित जवाफ पेस भएको मितिबाट र जवाफ पेस नभएकामा पेस गर्ने अवधि नाघेको मितिबाट पैँतालिस दिनभित्र आयोगले निर्णय गर्नुपर्छ ।

२९१. आयोगले राजनीतिक दलहरूसँग केकस्ता विषयमा परामर्श गर्न सक्छ ?

राजनीतिक दल निर्वाचन आयोगको प्रमुख सरोकारवाला हुन् । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, व्यवस्थित र मितव्ययी बनाउन तथा भयरहित

वातावरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचनका तीन वटै चरणमा आयोगबाट सम्पादन हुने विभिन्न गतिविधिमा राजनीतिक दलहरूको सहभागिता र अन्तर्सम्बन्ध महत्त्वपूर्ण हुन्छ । त्यसैले निर्वाचन आयोगले राजनीतिक दलहरूसँग विभिन्न विषयमा परामर्श, अन्तर्क्रिया तथा छलफल गरिरहनुपर्दछ । कुनै महत्त्वपूर्ण विषयमा छलफल, परामर्श वा अन्तर्क्रिया गर्दा आयोगले दलका प्रमुख पदाधिकारीलाई आमन्त्रण गर्न सक्छ । आयोगबाट आमन्त्रण भएको त्यस्तो बैठकमा भाग लिनु सम्बन्धित दल तथा त्यसका पदाधिकारीको कर्तव्य हुने कानुनी व्यवस्था छ । आयोगले राजनीतिक दलसँग गर्ने परामर्श, अन्तर्क्रिया तथा छलफल गर्दा प्रदेश वा स्थानीय स्तरमा समेत गर्न सक्छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ तथा नियमावलीले गरेको व्यवस्थाअनुसार आयोगले राजनीतिक दलहरूसँग देहायका विषयमा परामर्श गर्न सक्दछ :

(क) निर्वाचन प्रणालीसम्बन्धी,

(ख) निर्वाचन तथा राजनीतिक दलसम्बन्धी कानुन,

(ग) निर्वाचन वा जनमत सङ्ग्रह,

(घ) राजनीतिक दलको लेखा तथा लेखापरीक्षण,

(ङ) आयोगले तयार गरेको कुनै कानुनी वा नीतिगत विषय,

(च) मतदाता नामावली सङ्कलन,

(छ) निर्वाचन आचारसंहिता,

(ज) मतदानको माध्यम र प्रक्रिया,

(झ) निर्वाचन खर्च,

(ञ) मतदाता शिक्षा,

(ट) निर्वाचन सुरक्षा,

(ठ) दलको दायित्व तथा दल व्यवस्थापन,

(ड) आयोगले उपयुक्त ठानेका अन्य विषय ।

२९२. राजनीतिक दलले कुनकुन विषयमा भएको परिवर्तन, संशोधन वा हेरफेर आयोगलाई जानकारी गराउनुपर्छ ?

निर्वाचन आयोगमा दर्ता कायम रहेको कुनै पनि राजनीतिक दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयका सम्बन्धमा दलबाट निर्णय भएको मितिले तिस दिनभित्र आयोगलाई जानकारी गराउनुपर्छ । राजनीतिक दलबाट आयोगलाई प्राप्त जानकारीका सम्बन्धमा आयोगले आवश्यक अध्ययन र जाँचबुझ गर्दा कानुनबमोजिम भए गरेको पाइएमा त्यस्तो जानकारीबमोजिमको अभिलेख राख्ने वा अद्यावधिक गर्ने गर्दछ । यसरी अभिलेख राख्ने तथा अद्यावधिक गर्ने क्रममा आयोगले त्यस्तो परिवर्तन, संशोधन वा हेरफेर संविधान, ऐन, नियमावली तथा दलको विधानबमोजिम भए नभएको र सो सम्बन्धमा आधिकारिक निर्णय भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्दछ । आयोगबाट जाँचबुझ हुँदा परिवर्तन, संशोधन वा हेरफेर गर्न नमिल्ने अवस्था भएमा सोको कारण खुलाई सुधारसहितको विवरण पेस गर्न सात दिनको समय दिई सम्बन्धित दललाई सूचित गर्नुपर्दछ । तोकिएको अवधिभित्र त्यस्तो विवरण प्राप्त भएमा र आयोग त्यस विषयमा सन्तुष्ट भएमा अद्यावधिक गर्ने तथा परिवर्तन, संशोधन वा हेरफेर हुन नसक्ने देखिएमा सोही व्यहोराको जानकारी सम्बन्धित दललाई दिनुपर्दछ ।

२९३. राजनीतिक दलका पदाधिकारीको सम्पत्ति विवरण कहाँ पेस गरिन्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार राजनीतिक दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले निर्वाचित भएको साठी दिनभित्र आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी दलको केन्द्रीय कार्यालयमा पेस गर्नुपर्छ । यस्तो सम्पत्ति विवरण प्राप्त भएपछि कार्यालयले सोको अभिलेख चुस्त तथा दुरुस्त तरिकाले राख्नुका साथै सम्पत्ति विवरण पेस गर्ने र नगर्ने पदाधिकारी र सदस्यको नाम सम्पत्ति विवरण पेस गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गर्नुपर्छ । त्यस्तो सम्पत्ति विवरण नबुझाउने र प्रकाशन नगर्ने राजनीतिक दललाई आयोगले जरिवाना गर्न सक्ने व्यवस्था छ ।

२९४. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कसुरमा केकति जरिवाना गर्न सक्दछ ?

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम राजनीतिक दलबाट भए, गरे वा गराएको कसुरमा आयोगले राजनीतिक दललाई देहायबमोजिमको कसुरमा निम्नअनुसारको जरिवाना गर्न सक्दछ :

(क) निर्वाचन प्रचारप्रसारका क्रममा आयोगले तोकेभन्दा बाहेकका अन्य कार्य गरेमा पच्चिस हजार रुपैयाँसम्म,

(ख) निर्वाचन प्रचारप्रसारका क्रममा आयोगले तोकेभन्दा बाहेक सवारी साधनको प्रयोग गरेमा पच्चिस हजार रुपैयाँसम्म,

(ग) सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरेमा पचास हजार रुपैयाँसम्म,

(घ) निर्वाचन प्रचारप्रसारमा राजनीतिक दलले कानुन विपरीत आर्थिक सहयोग लिएमा एक लाख रुपैयाँसम्म,

(ङ) तोकिएको व्यक्तिबाहेक निर्वाचन प्रचारप्रसारका क्रममा अन्य व्यक्तिबाट खर्च गराएमा पच्चिस हजार रुपैयाँसम्म,

(च) निर्वाचन प्रचारप्रसारमा आयोगले तोकेभन्दा बढी खर्च गरेमा खर्च भए बराबरको रकम,

(छ) निर्वाचन प्रचारप्रसार अभियानमा निषेधित कार्यका लागि आर्थिक सहयोग लिएमा वा खर्च गरेमा त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम,

(ज) निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक नगरेमा पन्ध्र हजार रुपैयाँसम्म ।

२९५. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कार्यमा के कति जरिवाना गर्न सक्दछ ?

निर्वाचन आयोगले दललाई पाँच हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले गरेको छ । यस व्यवस्थाअनुसार देहायबमोजिमका गतिविधि गरे गराएमा राजनीतिक दललाई आयोगले जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ :

(क) कुनै दलले देहायको काम गरेमा आयोगले पचासहजार रुपैयाँसम्म जरिवाना गर्न सक्छ :

- सरकारी, सार्वजनिक सम्पत्तिको अतिक्रमण, हानी नोक्सानी, सार्वजनिक सेवा प्रवाहमा अवरोध, राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग, दलले गर्न नहुने काम गरेमा,
- केन्द्रीय समिति र प्रदेश समितिको निर्वाचन नगरेमा,
- साङ्गठनिक संरचनामा समानुपातिक समावेशी प्रतिनिधित्व नगराएमा,
- लगातार तीन वर्षसम्म लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा,
- स्वेच्छिक आर्थिक सहयोग र आर्थिक सहायता रकमको लेखा विवरण आयोगमा पेस नगरेमा,
- दलको काम कारबाही रोक्न नेपाल सरकारले दिएको आदेश पालना नगरेमा ।

(ख) लेखा नराखेमा, लेखापरीक्षण नगराएमा वा लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा एवम् सोसम्बन्धी स्पष्टीकरण पेस नगरेमा बिस हजार रुपैयाँसम्म,

(ग) दलको हिसाब किताब र लेखासम्बन्धी विवरण नदिएमा वा निरीक्षण गर्न नदिएमा दश हजार रुपैयाँसम्म,

(घ) लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगरेमा सात हजार रुपैयाँसम्म,

(ङ) लेखापरीक्षण प्रतिवेदन जाँचसम्बन्धी कागजात एवम् विवरण पेस नगरेमा वा सम्पत्ति विवरण प्रकाशन नगरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दलले गर्नुपर्ने अन्य काम नगरेमा वा गर्न नहुने काम गरेमा पाँच हजार रुपैयाँसम्म ।

२९६. निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले राजनीतिक दललाई केकस्तो कार्यमा केकति जरिवाना गर्न सक्दछ ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले आचारसंहिताको पालना नगर्ने तथा निर्वाचन खर्चको विवरण पेस नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई जरिवाना गर्न सक्ने कानुनी प्रावधान रहेको छ । आचारसंहिताको उल्लङ्घन तथा निर्वाचन खर्च विवरण पेस नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले देहायबमोजिमको जरिवाना गर्न सक्छ :

(क) आयोगले बनाएको आचारसंहिता पालना भए नभएका सम्बन्धमा आयोगले आवश्यकताअनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गरी जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिने र आयोगले दिएको आदेशबमोजिम कामकारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने,

(ख) तोकिएको अधिकतम हदभन्दा बढी खर्च गर्ने वा तोकिएको अवधिमा खर्च विवरण पेस नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने,

(ग) कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण पेस नगरेमा वा पेस भएको विवरणमा लेखापरीक्षण हुँदा लेखापरीक्षकको प्रतिवेदनका आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानुनी प्रयोजनका लागि गैरकानुनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्ने ।

२९७. राजनीतिक दलले आफ्ना पदाधिकारी, सदस्य र कार्यकर्ताको आचरण केकसरी व्यवस्थित गर्ने प्रावधान रहेको छ ?

राजनीतिक दलले नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ र दलको विधानको अधीनमा रही आफ्नो दल, पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्छ । दलले आचारसंहिता बनाई लागु गरेको जानकारी निर्वाचन आयोगलाई दिनुपर्छ । सम्बन्धित दल, पदाधिकारी, सदस्य र कार्यकर्ताले त्यस्तो आचारसंहिता पालना गर्नुपर्छ । आचारसंहिता पालना नगर्ने पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दलको विधानबमोजिम कारबाही गर्नुपर्ने कानुनी व्यवस्था छ । यसरी भएको कारबाहीउपर चित्त नबुझेमा पुनरावेदन गर्न पाउने र पुनरावेदन सुन्नका लागि प्रत्येक दलले एक पुनरावेदन संयन्त्र गठन गर्नुपर्दछ ।

२९८. राजनीतिक दलले सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा के हुन्छ ?

कुनै राजनीतिक दलले सरकारी, सामुदायिक, सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन लगाएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतले पैँतालिस दिनभित्र सोको क्षतिपूर्ति दाबी गरी सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सक्छ । यस्तो उजुरीउपर सम्बन्धित अदालतले सुनुवाइ गरी नोक्सानीको मनासिब क्षतिपूर्ति भराई दिनुपर्छ । त्यस्तो क्षतिपूर्ति तिर्ने दायित्व सम्बन्धित दलको प्रमुख पदाधिकारीको हुन्छ । क्षतिपूर्ति भराइदिनेसम्बन्धी अदालतको निर्णयमा चित्त नबुझ्ने दलले क्षतिपूर्तिबापत भराउनुपर्ने रकम धरौटी राखी सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने कानुनी व्यवस्था छ ।

२९९. राजनीतिक दलले केकस्ता कार्य गर्दा स्थानीय प्रशासनलाई जानकारी गराउनुपर्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार कुनै राजनीतिक दलले सभा, जुलुस वा ऱ्याली जस्ता कार्य गर्न चाहेमा सोको जानकारी सम्बन्धित स्थानीय प्रशासनलाई दिनुपर्छ । स्थानीय प्रशासनको अनुमति नलिई राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको सभा, जुलुस वा ऱ्याली गर्न वा गराउनुहुँदैन । राजनीतिक दलले सभा, जुलुस वा ऱ्याली गर्नुभन्दा कम्तीमा बहत्तर घण्टाअघि त्यसको जानकारी सम्बन्धित स्थानीय प्रशासनलाई दिनुपर्छ ।

निर्वाचनका समयमा कुनै उम्मेदवार वा राजनीतिक दलले जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला गर्नुअघि सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासन र प्रहरीलाई जानकारी गराउनुपर्छ । त्यस्तो जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला गर्ने समय, मिति, मार्ग र स्थानका बारेमा कम्तीमा ४८ घण्टाअगावै जानकारी गराउनुपर्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०७२ ले गरेको छ ।

३००. राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेसम्बन्धी कानुनी व्यवस्था के रहेको छ ?

प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलका रूपमा मान्यता प्राप्त गर्ने कानुनी व्यवस्था रहेको छ । वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचन परिणामअनुसार चार ओटा राजनीतिक दलले राष्ट्रिय दलका रूपमा मान्यता प्राप्त गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.), नेपाली काँग्रेस, राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टी राष्ट्रिय दलका रूपमा मान्यता प्राप्त गरेका राजनीतिक दल हुन् ।

३०१. राजनीतिक दलको वार्षिक आयव्यय विवरण पेस गर्नुपर्नेसम्बन्धी व्यवस्था कस्तो छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलले आफ्नो आयव्ययको वास्तविक हिसाब किताब देखिने गरी आयोगले तोकिदिएको ढाँचाबमोजिम लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । दलको लेखा विद्युतीय अभिलेखमा पनि राख्न सकिने व्यवस्था छ । प्रत्येक दलले लेखाको अभिलेख राख्ने प्रयोजनका लागि जिम्मेवार पदाधिकारी तोकी आयोगलाई जानकारी गराउनुपर्ने र आयोगले तोकेको अधिकृत वा विशेषज्ञले दलको हिसाब किताब र लेखा जुनसुकै बखत माग गर्न वा निरीक्षण गर्न सक्ने कानुनी व्यवस्था छ । राजनीतिक दलले यसरी राखेको वार्षिक आयव्ययको विवरणको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कानुनबमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई एक महिनाभित्र आयोगमा पेस गर्नुपर्ने र आयोगमा पेस गरेको मितिले एक महिनाभित्र सार्वजनिक गर्नुपर्छ । तोकिएको समयभित्र लेखापरीक्षण प्रतिवेदन नबुझाउने दललाई आयोगले स्पष्टीकरण पेस गर्न आदेश दिने र यसरी दिएको आदेशबमोजिम स्पष्टीकरण पेस गर्नु राजनीतिक दलको कर्तव्य हुन्छ ।

३०२. राजनीतिक दलले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने विवरण केके हुन् ?

निर्वाचन आयोगमा दर्ता कायम रहेको प्रत्येक राजनीतिक दलले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफ्नो आय र व्ययको लेखापरीक्षण गराई एक महिनाभित्र निर्वाचन आयोगमा लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । यस्तो लेखापरीक्षण प्रतिवेदनमा स्थिर पुँजी, चालु पुँजी, आय, व्यय, बैङ्क मौज्दात र आयोगले समयसमयमा विवरण राख्न निर्देशन दिएका विषयहरू खुलाइएको हुनुपर्छ । स्थिर पुँजीमा चल तथा अचल सम्पत्ति समावेश गर्नुपर्छ भने चालु पुँजीअन्तर्गत नगद, बैङ्क ब्यालेन्स, ऋण, पेस्की र बैङ्क जम्मासम्बन्धी विवरणहरू समावेश गर्नुपर्छ । त्यस्तै गरी आयतर्फ सदस्यता शुल्क, कुनै व्यक्ति वा संस्थाबाट प्राप्त सहयोगका साथै अन्य आय खुलाउनुपर्छ भने व्ययतर्फ निर्वाचन खर्च, प्रशासकीय र साधारण खर्च, कर्मचारी खर्च र अन्य खर्च समावेश गर्नुपर्छ । बैङ्क मौज्दातमा गत वर्षको बैङ्क मौज्दात र यस वर्षको बैङ्क मौज्दात खुलाउनुपर्छ ।

३०३. निर्वाचनका सन्दर्भमा थ्रेसहोल्ड भन्नाले के बुझिन्छ ?

सबै निर्वाचन प्रणालीमा प्रतिनिधित्वका लागि थ्रेसहोल्ड राखिएको हुन्छ । यो कुनै पनि सदन वा सभामा प्रतिनिधित्वका लागि प्राप्त गर्नुपर्ने न्यूनतम मतदाताको समर्थन हो, जुन सङ्ख्या वा प्रतिशतमा तोकिन्छ । थ्रेसहोल्ड औपचारिक तथा प्राकृतिक गरी दुई प्रकृतिका हुन्छन् । संविधान वा कानुनमा नै तोकिएको थ्रेसहोल्डलाई औपचारिक र निर्वाचन प्रणालीद्वारा व्यवस्थित गरिएको थ्रेसहोल्डलाई प्राकृतिक थ्रेसहोल्ड भन्ने गरिन्छ । यसर्थ निर्वाचनका सन्दर्भमा राजनीतिक दलका तर्फबाट प्रतिनिधित्वका लागि तोकिएको मत अनुपात तथा निर्वाचित सिट सङ्ख्याको सीमा नै थ्रेसहोल्ड हो । नेपालमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ ले समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कम्तीमा एक सिट प्राप्त गर्ने दलले मात्र प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने तथा राष्ट्रिय दलका रूपमा मान्यता प्राप्त गर्ने गरी थ्रेसहोल्ड तोकेको छ । त्यसै गरी प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलका तर्फबाट मात्र प्रदेश सभामा उम्मेदवार निर्वाचित हुने व्यवस्था गरी प्रदेशको हकमा एक दशमलव पाँच प्रतिशतलाई थ्रेसहोल्ड तोकेको छ ।

परिच्छेद - ६

मतदाता दर्ता, मतदाता नामावली र मतदाता परिचय पत्र

३०४.	मतदाता भन्नाले कसलाई जनाउँछ ?	२०३
३०५.	मतदाता दर्ता भनेको के हो ?	२०४
३०६.	मतदाता नामावलीमा कस्ता व्यक्तिले नाम दर्ता गर्न सक्छन् ?	२०४
३०७.	मतदाता नामावलीका आधारभूत मान्यता केके हुन् ?	२०४
३०८.	मतदाता दर्ता तथा अद्यावधिक कसरी गरिन्छ ?	२०५
३०९.	आयोगले कसरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दछ ?	२०५
३१०.	मतदाता दर्ता कति प्रकारबाट गरिन्छ ?	२०६
३११.	स्थायी मतदाता दर्ता र अद्यावधिक कसरी गरिन्छ ?	२०६
३१२.	निरन्तर मतदाता दर्ता र अद्यावधिक कसरी गरिन्छ ?	२०७
३१३.	आवधिक दर्ता र अद्यावधिक भनेको के हो ?	२०७
३१४.	विदेशबाट मतदाता दर्ता (Out of country registration) भनेको के हो ?	२०८
३१५.	मतदाता नामावलीमा नाम दर्ता गर्न केके कागजात आवश्यक पर्दछ ?	२०८
३१६.	मतदाता दर्ता प्रक्रियामा दाबी विरोध भन्नाले के बुझिन्छ ?	२०९
३१७.	अन्तिम मतदाता नामावली भनेको के हो ?	२०९
३१८.	मतदाता नामावलीलाई किन निर्वाचनको आधार स्तम्भ मानिन्छ ?	२०९
३१९.	मतदाता परिचय पत्र भनेको के हो ?	२१०
३२०.	मतदाता परिचय पत्र कसरी वितरण गरिन्छ ?	२१०
३२१.	निर्दिष्ट मिति (Cut off date) भनेको के हो ?	२११
३२२.	कस्ता व्यक्तिहरूको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिन्छ ?	२११
३२३.	नाम दर्ता अधिकारी भन्नाले कसलाई बुझाउँछ ?	२१२
३२४.	मतदाता नामावलीमा नाम दर्ता प्रयोजनका लागि स्थायी बसोबास भन्नाले के बुझिन्छ ?	२१२

३२५.	विवाह गरी वा बसाइँ सरिगएका व्यक्तिको नाम कसरी दर्ता हुन्छ ?	२१३
३२६.	मतदाता नामावलीमा नाम दर्ता गर्न विवरण दिने दायित्व कसको हुन्छ ?	२१३
३२७.	मतदाता नामावलीमा विवरण कसरी सच्याउन सकिन्छ ?	२१४
३२८.	कुनै मतदाताको नाम मतदाता नामावलीमा दोहोरो परेमा कसरी हटाउनुपर्छ ?	२१४
३२९.	मतदाता नामावली कस्तो अवस्थामा रद्द हुन्छ ?	२१५
३३०.	मतदाता नामावली कसरी प्रमाणित गरिन्छ ?	२१६
३३१.	आयोगले मतदाता नामावली तयार गर्दा कुनकुन निकायको सहयोग लिन सक्छ ?	२१६
३३२.	मतदाता नामावलीको दुरुपयोग भएमा कस्तो क्षतिपूर्ति दाबी गर्न सकिन्छ ?	२१६
३३३.	मतदाता परिचय पत्र हराएमा वा नासिएमा कसरी पुनः प्राप्त हुन्छ ?	२१७
३३४.	एकपटक मतदाता नामावलीमा नाम दर्ता गराइसकेपछि किन पुनः नाम दर्ता गराउनुहुँदैन ?	२१७
३३५.	मतदाता नामावलीमा नाम दर्ता भएको कस्तो मतदाताले मतदान गर्न पाउँदैन ?	२१८

परिच्छेद - ६

मतदाता दर्ता, मतदाता नामावली र मतदाता परिचय पत्र

३०४. मतदाता भन्नाले कसलाई जनाउँछ ?

सामान्यतया निर्वाचनमा मतदान गर्न योग्य नागरिकलाई मतदाता भनिन्छ । नेपालका सन्दर्भमा हेर्दा निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गरेको देहायबमोजिमका व्यक्ति मतदाता हुने कानुनी व्यवस्था रहेको छ :

- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य,
- प्रतिनिधि सभाको सदस्य र प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको व्यक्ति,
- राष्ट्रिय सभाको सदस्यको निर्वाचनका लागि प्रत्येक प्रदेश सभाका सदस्य, नगर कार्यपालिका प्रमुख र उपप्रमुख तथा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष,
- नगर कार्यपालिका प्रमुख र उपप्रमुखको निर्वाचनका लागि सम्बन्धित नगरपालिकाभित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,
- गाउँ कार्यपालिका अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका लागि सम्बन्धित गाउँपालिकाभित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,
- नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति ।

३०५. मतदाता दर्ता भनेको के हो ?

मतदाता दर्ताले मतदान गर्ने प्रयोजनका लागि मतदाताको नाम मतदाता नामावलीमा दर्ता गर्ने कार्यलाई बुझाउँछ । मतदाता दर्ताका लागि विभिन्न मुलुकले आ-आफ्नो कानुनबमोजिम दर्ता प्रक्रिया निर्धारण गरेका हुन्छन् । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा हुलाक (Postal) मार्फत, अनलाइन (Online) मार्फत र व्यक्ति स्वयम् उपस्थित भएर (Inperson) मतदाता दर्ता गर्ने प्रचलन छ । नेपालका सन्दर्भमा निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडालाई आधार मानी व्यक्ति स्वयम् उपस्थित गराएर मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरिन्छ । नेपाली नागरिकता प्रमाण पत्र तथा अन्य व्यक्तिगत विवरणसहित तोकिएको स्थानमा गई Biometric Based Voter Registration System - BBVRS मार्फत फोटो र औँठा छापसहितको व्यक्तिगत विवरण उपलब्ध गराई नाम दर्ता गर्ने कार्य नै मतदाता दर्ता हो ।

३०६. मतदाता नामावलीमा कस्ता व्यक्तिले नाम दर्ता गर्न सक्छन् ?

सम्बन्धित देशको प्रचलित कानुनबमोजिम निर्वाचन प्रयोजनका लागि मतदाता हुन योग्यता पुगेका व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्छन् । नेपालको संविधानले बालिग मताधिकार र आवधिक निर्वाचनलाई प्रस्तावनामा उल्लेख गरी १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुनबमोजिम मतदानको अधिकार हुने व्यवस्था गरेबमोजिम १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका र कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएका नागरिकहरूले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने व्यवस्था छ । यसरी नाम दर्ता गरेका व्यक्तिहरूको मतदाताका रूपमा अन्तिम मतदाता नामावलीमा नाम समावेश हुन १८ वर्ष उमेर पूरा भएको हुनुपर्छ ।

३०७. मतदाता नामावलीका आधारभूत मान्यता केके हुन् ?

मतदाता नामावली निर्वाचन व्यवस्थापनको आधारस्तम्भ हो । मतदाता शिक्षा, मतदान केन्द्र, मतपत्र, मतदान सामग्री जस्ता पक्षहरूको व्यवस्थापन मतदाता सङ्ख्यामा आधारित भएर गरिन्छ । मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले मात्र निर्वाचनमा मतदान गर्न पाउने हुँदा मतदाता नामावलीमा यथासम्भव सबै योग्य मतदातालाई समावेश गर्ने एवम् मतदाता नामावली शुद्ध बनाउने विषयमा सरोकारवाला

सबैले ध्यान दिनुपर्दछ । सैद्धान्तिक रूपमा हेर्दा मतदाता नामावलीका आधारभूत मान्यताहरू देहायबमोजिम रहेका छन् :

- वैधानिकता,
- निष्पक्षता,
- तथ्यपरकता,
- दिगोपना,
- पूर्णता र शुद्धता,
- समयपरकता ।

३०८. मतदाता दर्ता तथा अद्यावधिक कसरी गरिन्छ ?

नेपालमा मतदाता दर्ता गर्ने कार्य निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा निरन्तर दर्ताका रूपमा र विशेष अभियानका रूपमा गर्ने गरिन्छ । देशका ७७ वटै जिल्लाका जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र निर्वाचन आयोगबाट तोकिएका इलाका प्रशासन कार्यालयबाट प्रचलित कानुनबमोजिम निरन्तर रूपमा मतदाता दर्ता गरिन्छ भने समयसमयमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा एकीकृत घुम्ती टोलीमार्फत पनि मतदाता दर्ता गर्ने गरिन्छ । त्यसै गरी आयोगको निर्णयानुसार मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रममार्फत आयोगबाट तोकिएको मितिमा स्थानीय तह वा वडा स्तरसम्म गई मतदाता नामावली सङ्कलन र अद्यावधिकको कार्य गरिन्छ ।

३०९. आयोगले कसरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दछ ?

आयोगले सबै जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयमार्फत निरन्तर मतदाता नामावली सङ्कलनको कार्य गर्दै आएको छ । यस्तो कार्यक्रमका लागि जिल्ला निर्वाचन अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारी तोकिन्छ भने आवश्यकताअनुसार सहायक नाम दर्ता अधिकारी नियुक्त गरिन्छ । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा मतदाताको फोटो खिच्ने, औँठा छाप सङ्कलन गर्ने र मतदाताको नाम तथा विवरण मतदाता दर्ता कितावमा दर्ता गरी

कम्प्युटरमा प्रविष्ट गर्नेसमेतका काम गर्नका लागि दर्ता कर्मचारी र सहायक दर्ता कर्मचारी नियुक्त गर्छ । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आयोगदेखि स्थानीय तहसम्म आवश्यक समितिहरू रहन्छन् ।

तथापि निरन्तर दर्तामा नाम दर्ता गर्न छुट भएका मतदाताहरूको नाम दर्ता गर्न र दर्ता भएका नामावलीमा भएका त्रुटि सच्याउने, ठाउँ सारी गर्ने, नाम हटाउने, उजुरी सुन्नेलगायतका कार्यका लागि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम सञ्चालन गर्ने गर्दछ ।

३१०. मतदाता दर्ता कति प्रकारबाट गरिन्छ ?

सामान्यतः स्थायी दर्ता, अस्थायी दर्ता र नागरिक दर्ता गरी तीन प्रकारबाट मतदाता दर्ता गर्ने प्रचलन रहेको पाइन्छ । मतदाता नामावलीमा एकपटक नाम दर्ता गरेपछि सोही विवरणका आधारमा त्यसपछिका निर्वाचनका लागि मतदाता नामावली तयार गर्ने र सोही मतदाता नामावलीमा विवरण अद्यावधिक गर्ने तथा नयाँ मतदाता दर्ता गर्दै जाने दर्ता प्रक्रिया नै **स्थायी मतदाता दर्ता** हो । तोकिएको निर्वाचन विशेषका लागि मतदाता नामावली तयार पार्न गरिने दर्ता **अस्थायी मतदाता दर्ता** हो । यसरी तयार गरिएको मतदाता नामावली सो निर्वाचन सम्पन्न भएपछि प्रयोगमा आउँदैन । राज्यद्वारा निर्वाचनलगायतका विभिन्न प्रशासनिक उद्देश्यका लागि आफ्ना नागरिकहरूको विवरण अद्यावधिक गर्नका लागि गरिने दर्ता **नागरिक** दर्ता हो । देशका प्रत्येक व्यक्तिलाई जन्मनासाथ प्रदान गरिने बेग्लाबेग्लै नम्बरका आधारमा भएको नागरिक दर्ता सूचीबाट निर्वाचन प्रयोजनार्थ उमेर पुगेका मतदाताको मात्र आवश्यक विवरणसहित छुट्टै मतदाता नामावली तयार गरिन्छ । नेपालका सन्दर्भमा स्थायी दर्ता र अस्थायी दर्ता मात्र प्रचलनमा रहेका छन् । आयोगले मतदाता नामावली दर्ता प्रक्रियालाई राष्ट्रिय परिचय पत्र प्रणालीसँग आबद्धता गर्दै लाने नीति लिएको हुँदा भविष्यमा राष्ट्रिय परिचय पत्रमा दर्ता भएका नागरिकहरूको विवरण लिई मतदाता नामावली तयार गर्ने आयोगको योजना रहेको छ ।

३११. स्थायी मतदाता दर्ता र अद्यावधिक कसरी गरिन्छ ?

मतदाता नामावलीमा एकपटक नाम दर्ता गरेपछि सोही विवरणका आधारमा त्यसपछिका निर्वाचनका लागि मतदाता नामावली तयार गर्ने र सोही मतदाता नामावलीमा विवरण

अद्यावधिक गर्ने तथा नयाँ मतदाता दर्ता गर्दै जाने दर्ता प्रक्रिया नै स्थायी मतदाता दर्ता हो । स्थायी मतदाता दर्ताअन्तर्गत निरन्तर मतदाता दर्ता र आवधिक मतदाता दर्ता पर्दछन् । नाम दर्ता अधिकारीसमक्ष प्राप्त सूचना, स्थानीय पञ्जिकाधिकारीले गरेको व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण, जिल्ला प्रशासन कार्यालयबाट प्राप्त नागरिकता त्याग गरेको सम्बन्धी विवरण र गृह मन्त्रालयबाट प्राप्त नागरिकता रद्द गरेको सम्बन्धी विवरणका आधारमा यस्तो मतदाता नामावली अद्यावधिक गरिन्छ ।

३१२. निरन्तर मतदाता दर्ता र अद्यावधिक कसरी गरिन्छ ?

निर्वाचन व्यवस्थापन गर्ने निकायका स्थानीय कार्यालय तथा तोकिएका स्थानबाट मतदाता नामावलीमा नियमित रूपमा नाम दर्ता गर्ने प्रक्रिया निरन्तर मतदाता दर्ता हो । निरन्तर दर्ता स्थायी मतदाता दर्ता प्रणालीको एक प्रकार हो । नेपालमा ७७ वटै जिल्लाका जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र निर्वाचन आयोगले तोकेका इलाका प्रशासन कार्यालयहरूमा निरन्तर रूपमा मतदाता दर्ता गर्ने व्यवस्था छ । यस्तो दर्ता प्रक्रियामा मतदाताले नाम दर्ता गर्ने निकायमा कार्यालय समयमा गई आफ्नो नाम दर्ता गराउन सक्छन् । यस प्रणालीमा मौजुदा मतदाता नामावलीमा योग्य मतदाताहरूको विवरण थप गर्ने तथा मतदाता नामावलीमा रहेका त्रुटि सच्याउने एवम् मतदाताको नाम नामावलीबाट हटाउनेलगायतका अद्यावधिक कार्य निरन्तर रूपमा गरी अन्तिम मतदाता नामावली तयार पारिन्छ ।

३१३. आवधिक दर्ता र अद्यावधिक भनेको के हो ?

मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्नका लागि निश्चित अवधि तोकी त्यस्तो अवधिभित्र मात्र मतदाता दर्ता तथा अद्यावधिक गर्ने कार्य आवधिक दर्ता हो । यो दर्ता स्थायी दर्ता प्रणालीको एक प्रकार हो । यस्तो दर्ता प्रक्रियामा निरन्तर मतदाता दर्तामा जस्तो दर्ताको कार्य नियमित रूपमा हुँदैन । तोकिएको समयावधिभित्र मतदाताको नाम दर्ता गर्ने तथा साविकको मतदाता नामावली अद्यावधिक गर्ने जस्ता कार्यहरू सम्पन्न गरी अन्तिम मतदाता नामावली तयार पारिन्छ । नेपालका सन्दर्भमा निरन्तर र आवधिक दर्ता प्रक्रिया दुबै अवलम्बन गरी मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने गरिएको छ । यसअनुसार सबै जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, तोकिएका इलाका प्रशासन कार्यालय र घुम्ती सेवामार्फत निरन्तर मतदाता दर्ता एवम् आयोगबाट विशेष अभियान सञ्चालन गरी समयसमयमा आवधिक दर्ता गर्ने गरिँदै आएको छ ।

३१४. विदेशबाट मतदाता दर्ता (Out of country registration) भनेको के हो ?

विदेशबाटै आफ्नो देशको मतदाता नामावलीमा नाम दर्ता गराउन सकिने व्यवस्थालाई विदेशबाट मतदाता दर्ता (Out of country voter registration) भनिन्छ । विदेशमा रहेका आफ्ना नागरिकहरूको मताधिकार सुरक्षित गर्न राज्यले यस्तो व्यवस्था गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ । नेपालको निर्वाचनसम्बन्धी मौजुदा कानुनमा यस्तो दर्ताको प्रावधान रहेको छैन । तर वैदेशिक रोजगारी, उच्च शिक्षालगायतका कारणबाट विदेशमा रहेका नेपालीहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएसँगै यस्तो दर्ताको माग निरन्तर बढ्दै गएको छ । नेपालको मतदाता दर्ता व्यक्ति स्वयम् उपस्थित भई दर्ता गर्ने प्रक्रियामा आधारित भएकाले विदेशबाट मतदाता दर्ता गर्न अनलाइन वा पोस्टल दर्ता प्रक्रियामा जानुपर्ने हुन्छ । मतदाता नामावलीलगायतका निर्वाचनसम्बन्धी कानुनमा आवश्यक संशोधन गरी विदेशस्थित नेपाली कूटनीतिक नियोग वा तोकिएको अन्य स्थानमा निरन्तर दर्ता डेस्कको व्यवस्था गरी वा अनलाइनमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने व्यवस्था गर्न सकेमा विदेशमा रहेका सबै नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर प्राप्त गर्दछन् ।

३१५. मतदाता नामावलीमा नाम दर्ता गर्न केके कागजात आवश्यक पर्दछ ?

मतदाता नामावली ऐन, २०७३ ले कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको एवम् अठार वर्ष उमेर पुगेको नेपाली नागरिकको नाम मतदाताका रूपमा मतदाता नामावलीमा दर्ता गरिने व्यवस्था गरेको छ । मतदाता नामावलीमा नाम दर्ता गर्न उल्लिखित योग्यता पुस्ट्याइँ गर्ने नेपाली नागरिकताको प्रमाण पत्र आवश्यक हुन्छ । नागरिकतामा भएको स्थायी ठेगाना र हाल बसोबास रहेको स्थायी ठेगाना फरक भएमा फरक हुनुको कारण जनिने बसाइँसराइ वा विवाह दर्ताको प्रमाण पत्र आवश्यक पर्छ । यदि कुनै व्यक्तिको जन्म वा उमेर वा बासस्थान नागरिकताको प्रमाण पत्रबाट मात्र खुल्न नसकेमा नाम दर्ता अधिकारीले थप प्रमाणका रूपमा जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा सम्बन्धित वडाको सिफारिस माग गर्न सक्ने कानुनी प्रावधान रहेको छ । फोटो, औँठा छापलगायतका बायोमेट्रिक विवरण आवश्यक पर्ने हुँदा मतदाता नामावलीमा नाम दर्ता गर्न माथि उल्लेख भएअनुसारका कागजातसहित सम्बन्धित व्यक्ति स्वयम् मतदाता दर्ता स्थलमा उपस्थित हुनुपर्दछ ।

३१६. मतदाता दर्ता प्रक्रियामा दाबी विरोध भन्नाले के बुझिन्छ ?

झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेमा त्यस्तो कार्यले कानुनी मान्यता प्राप्त गर्न सक्दैन । मतदाता नामावली ऐन, २०७३ बमोजिम आयोगबाट अन्तिम मतदाता नामावली तयारी गर्न दाबी विरोधको कानुनी प्रक्रिया पूरा गर्नुपर्दछ । यसका लागि आयोगले सूचना जारी गर्दछ । अन्तिम मतदाता नामावली तयार पार्ने प्रयोजनका लागि आयोगले प्रकाशन गरेको मतदाता नामावलीमा समावेश भएको कुनै व्यक्तिको विवरण झुट्टा कागजात वा विवरणका आधारमा दर्ता भएको भनी सोसम्बन्धमा कुनै व्यक्तिले उजुरी दिने कार्यलाई दाबी विरोध भनिन्छ । यस्तो उजुरीउपर आवश्यक छानबिन गरी सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्दछन् । दाबी विरोधको प्रक्रियाले मतदाता नामावलीलाई तथ्यपरक, समयपरक र वैधानिक बनाउन सहयोग गर्दछ ।

३१७. अन्तिम मतदाता नामावली भनेको के हो ?

दाबी विरोधको प्रयोजनका लागि निर्वाचन आयोगले प्रकाशन गरेको मतदाता नामावलीमा सो प्रक्रिया सम्पन्न भइसकेपछि मतदाता नामावलीमा हेरफेर वा थपघट गर्नुपर्ने भएमा गर्ने तथा आयोगमा रहेको केन्द्रीय डाटाबेसमा मतदाताको नाम दोहोरो परे नपरेको यकिनसमेत गरी सम्बन्धित निर्वाचनका लागि योग्य मतदाताहरूका रूपमा कायम हुने भनी आयोगबाट स्वीकृत भएको मतदाता नामावली नै अन्तिम मतदाता नामावली हो । आयोगले सम्बन्धित निर्वाचनका लागि यस्तो अन्तिम मतदाता नामावली प्रकाशन गर्ने गरेको छ । यसरी सम्बन्धित निर्वाचनका लागि मतदाता बालिग हुने निर्दिष्ट मिति (Cut off date) का आधारमा निर्वाचन आयोगले उक्त निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली तयार गर्नुपर्ने कानुनी व्यवस्था छ ।

३१८. मतदाता नामावलीलाई किन निर्वाचनको आधार स्तम्भ मानिन्छ ?

निर्वाचन भनेको जनता वा मतदाताको रोजाइका आधारमा प्रतिनिधि चयन गर्ने विधिसम्मत तरिका वा प्रक्रिया हो । निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गर्दछ । कुनै पनि निर्वाचनको सञ्चालन तथा व्यवस्थापनको पहिलो सर्त भनेको सो निर्वाचनमा मतदाता कोको हुन् र मतदाता कति छन् भन्ने यकिन गर्नु हो । आधुनिक लोकतान्त्रिक मुलुकमा सार्वभौमसत्ता जनतामा निहित हुने, जनताले सार्वभौमिक अधिकारको उपयोग मतदानमार्फत गर्ने, मतदाताको मतबाट नै प्रतिनिधि

चयन हुने, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना तथा सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने भएकाले मतदाता नामावलीलाई निर्वाचनको आधार स्तम्भ मानिन्छ । यसका अतिरिक्त निर्वाचनका सिलसिलामा मतदाता शिक्षा कार्यक्रम र सामग्री, मतदान केन्द्र निर्धारण, मतपत्र र मतदान सामग्रीको व्यवस्था, मतदान कर्मचारीको प्रबन्धलगायतका पक्षहरूमा व्यवस्थापकीय निर्णयका लागि मतदाता सङ्ख्यालाई मुख्य आधारका रूपमा लिइनेसमेत कारणले मतदाता नामावलीलाई निर्वाचन व्यवस्थापनको आधार स्तम्भ मानिन्छ ।

३१९. मतदाता परिचय पत्र भनेको के हो ?

निर्वाचन आयोगले तयार गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताको पहिचान खुल्ने गरी आयोगले जारी गरेको फोटोसहितको विवरण भएको परिचय पत्र नै मतदाता परिचय पत्र हो । फोटोसहितको मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई निर्वाचन आयोगले परिचय पत्र उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । मुख्यतः मतदानका समयमा मतदाताको पहिचानका लागि यसको प्रयोग गरिन्छ । मतदाता परिचय पत्रको प्रयोगले मतदान कर्मचारी तथा मतदान प्रतिनिधिलाई मतदाता पहिचान गर्न सहज हुने, गलत व्यक्तिले मतदान गर्न नपाउने, मतदान कार्यको व्यवस्थापन गर्न सजिलो हुने, मतदान स्थलको सुरक्षा प्रबन्ध सहज हुने र निर्वाचनको वैधतामा योगदान पुग्ने हुँदा मतदाता परिचय पत्रको प्रयोग गरिन्छ ।

३२०. मतदाता परिचय पत्र कसरी वितरण गरिन्छ ?

निर्वाचन आयोगले जारी गर्ने मतदाता परिचय पत्रमा मतदाता क्रमसङ्ख्या, मतदाताको नाम थर, जन्म मिति, लिङ्ग, मतदाताको नागरिकता नं. र जारी गरेको जिल्ला, मतदाताको बाबु आमाको नाम, मतदाताको पति वा पत्नीको नाम, मतदाताको स्थायी ठेगाना, मतदान स्थल जस्ता विवरणका अतिरिक्त QR Code (Quick Response Code) समेत समावेश गरिन्छ । निर्वाचन आयोगले जारी गरेको मतदाता परिचय पत्र वितरणको व्यवस्था सम्बन्धित निर्वाचन कार्यालयले गर्छ । सामान्यतया मतदाता परिचय पत्र निर्वाचनको अवधिमा छपाइ गरी मतदान हुने दिनभन्दा केही दिनअगाडि वितरण गरिन्छ । मतदाताको सहजताका लागि मतदाता परिचय पत्रको वितरण सम्बन्धित मतदान केन्द्रबाट हुने व्यवस्था मिलाइएको हुन्छ । मतदान केन्द्रमा वितरण हुन नसकी बाँकी रहेका मतदाता परिचय पत्रहरू सम्बन्धित निर्वाचन कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

३२१. निर्दिष्ट मिति (Cut off date) भनेको के हो ?

कुनै निर्वाचनको प्रयोजनका लागि कुन मितिसम्ममा तोकिएको उमेर पूरा भएका मतदातालाई मतदानका लागि योग्य मान्ने भनी सम्बन्धित निर्वाचन कानुन वा निर्वाचन व्यवस्थापन गर्ने निकायबाट तोकिएको मिति नै मतदाता बालिग हुने निर्दिष्ट मिति (Cut off date) हो । नेपालको संविधानले १८ वर्ष उमेर पूरा गरेको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुनबमोजिम मतदानको अधिकार हुने उल्लेख गरेबमोजिम मतदाता नामावली ऐन, २०७३ बमोजिम आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा १८ वर्ष उमेर पूरा गरेको व्यक्तिको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने व्यस्था रहेको छ । यसै व्यवस्थाबमोजिम आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तोकेको निर्दिष्ट मिति नै Cut off date हो । यसले निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली तयार गर्न सघाउनुका साथै योग्य मतदाता पहिचान गर्न मद्दत गर्दछ । नेपालका सन्दर्भमा त्यस्तो निर्दिष्ट मितिसम्ममा १८ वर्ष उमेर पूरा भएको र अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मतदान गर्न पाउने व्यवस्था रहेको छ ।

३२२. कस्ता व्यक्तिहरूको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिन्छ ?

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आफ्नो नाम समावेश भएको सम्बन्धित स्थानीय तहको वडामा रहको मतदान केन्द्रबाट मतदान गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । तर राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, कारागारमा रहेका थुनुवा र कैदी, वृद्धाश्रममा बसेका व्यक्तिलगायतका मतदाताले आफ्नो नाम रहेको मतदान केन्द्रमा उपस्थित भई मतदान गर्न असमर्थ हुन सक्छन् । त्यस्ता मतदाताको मताधिकारको सुनिश्चितताका लागि मतदाता नामावली ऐन, २०७३ ले समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको प्रयोजनका लागि अस्थायी मतदाता नामावली तयार गराउन सक्ने व्यवस्था गरेको छ । अस्थायी मतदाता नामावलीमा आयोगले स्वीकृत गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका देहायका व्यक्तिको नाम समावेश गरिने प्रावधान छ :

- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,
- ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी,

- निर्वाचन कसुरमा सजाय भोगिरहेको व्यक्तिबाहेक कारागारमा रहेका थुनुवा र कैदी,
- निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेको व्यक्ति,
- आयोगले तोकेको अन्य व्यक्ति ।

३२३. नाम दर्ता अधिकारी भन्नाले कसलाई बुझाउँछ ?

निर्वाचनका लागि मतदाताको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार वा अद्यावधिक गर्न र तत्सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि अधिकार प्राप्त व्यक्तिलाई नाम दर्ता अधिकारी भनिन्छ । मतदाता नामावली ऐन, २०७३ ले **नाम दर्ता अधिकारी** भन्नाले प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी सम्झनुपर्छ भनी परिभाषित गरेको छ । यसअनुसार प्रत्येक जिल्लामा एक जना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकताअनुसार नाम दर्ता अधिकारी तथा सहायक नाम दर्ता अधिकारी तोक्न सक्ने व्यवस्था छ । निर्वाचन आयोगको निर्णयअनुसार सचिवालयले प्रत्येक जिल्लाका जिल्ला निर्वाचन अधिकारीलाई **प्रमुख नाम दर्ता अधिकारी** तोक्ने गरेको छ । प्रमुख नाम दर्ता अधिकारीले आफ्नो जिल्लामा सञ्चालन हुने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन, समन्वय, नियमन तथा निर्देशन गर्दछ । आयोगबाट स्थानीय तहको वडा स्तरबाट मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन भएको अवस्थामा सम्बन्धित वडाको वडा सचिव वा अन्य कर्मचारीलाई **सहायक नाम दर्ता अधिकारी** नियुक्त गरिन्छ ।

३२४. मतदाता नामावलीमा नाम दर्ता प्रयोजनका लागि स्थायी बसोबास भन्नाले के बुझिन्छ ?

मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा बसोबास गर्दै आएको व्यक्तिलाई स्थायी रूपमा बसोबास गरेको मानिने व्यवस्था छ । कुनै निर्वाचन

क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति जनप्रतिनिधि निर्वाचित भई आफ्नो पदावधिका समयमा त्यस्तो निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था एवम् कुनै व्यक्ति व्यापार, व्यवसाय, रोजगार, अध्ययन, अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधी उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानुनबमोजिम थुना वा कैदमा रहेको अवस्थाको बसोबासलाई समेत आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी रूपमा बसोबास गरेको मानिन्छ ।

३२५. विवाह गरी वा बसाइँ सरिगएका व्यक्तिको नाम कसरी दर्ता हुन्छ ?

कुनै गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति वैवाहिक वा अन्य कारणले बसाइँ सरी सोही वा अर्को गाउँपालिका वा नगरपालिकाको वडामा बसोबास गरेमा त्यस्ता व्यक्तिको नाम निज बसिआएको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा दर्ता गर्न सकिन्छ । त्यस्ता व्यक्तिले नाम दर्ता गराउनका लागि मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को अनुसूची ८ अनुसारको मतदाता नामावली सार्नका लागि दिने दरखास्त फारम भरी विवाह भएको वा बसाइँ सरिआएको पुष्टि हुने प्रमाणका साथै साबिकमा गरेको नाम दर्तासम्बन्धी प्रमाण पेस गर्नुपर्छ । यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित स्थानीय तहभित्रको एक वडाबाट अर्को वडामा भए सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले, एउटै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा भए प्रमुख नाम दर्ता अधिकारीले र एक जिल्लाबाट अर्को जिल्लामा नामसारी गर्नुपर्ने भए निर्वाचन आयोगसँग समन्वय गरी सम्बन्धित जिल्लाको प्रमुख नाम दर्ता अधिकारीले नामसारी दर्ता गर्छ ।

३२६. मतदाता नामावलीमा नाम दर्ता गर्न विवरण दिने दायित्व कसको हुन्छ ?

नागरिकले आफ्नो मताधिकारको प्रयोग तथा निर्वाचित प्रतिनिधित्वमार्फत शासन प्रक्रियामा सहभागी हुनका लागि मतदाता नामावलीमा नाम दर्ता हुनु अनिवार्य हुन्छ । मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि आवश्यक पर्ने नेपाली नागरिकताको प्रमाण पत्र, बसाइँ सराइ दर्ता प्रमाण पत्र, विवाह दर्ता प्रमाण पत्र तथा नाम दर्ता अधिकारीले थप प्रमाण माग गरेकामा त्यस्ता कागजात तथा विवरण सम्बन्धित अधिकारीसमक्ष पेस गर्नु मतदाता नामावलीमा नाम दर्ता गर्न चाहने सम्बन्धित व्यक्तिको दायित्व हो । निर्वाचन कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा तोकिएका इलाका प्रशासन कार्यालयबाट नियमित रूपमा नाम दर्ता हुने भएकाले सोबमोजिम आफ्नो

विवरण तथा आवश्यक कागजातसमेत लिई नामावली दर्ताका लागि आफैँ उपस्थित हुनु मतदाताको कर्तव्य हुन्छ । त्यसै गरी आयोगको निर्णयबमोजिम स्थानीय तहका वडाबाट वा निर्वाचन कार्यालयले घुम्ती सेवामार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरेका अवस्थामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडामा आफ्नो स्थायी बसोबास रहेको प्रमाण कागज र अन्य आवश्यक कागजात तथा विवरणहरू पेस गर्ने दायित्व मतदाता नामावलीमा नाम दर्ता गर्न चाहने योग्यता पुगेको प्रत्येक नेपाली नागरिकको हुन्छ ।

३२७. मतदाता नामावलीमा विवरण कसरी सच्याउन सकिन्छ ?

मतदाता नामावली ऐन, २०७३ बमोजिम तयार पारेको वा अद्यावधिक गरिएको मतदाता नामावली निर्वाचन आयोगले निर्दिष्ट गरेको स्थान र समयमा प्रकाशन गर्छ । यसरी प्रकाशित नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनका लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ बमोजिम मतदाता नामावलीमा नाम हटाउन वा त्रुटि सच्याउन वा दाबी विरोध गर्न वा दोहोरो नाम हटाउन सूचना दिने दरखास्त फारम भरी प्रमुख नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीसमक्ष निवेदन दिन सक्दछ । यसरी पेस भएको विवरण सच्याउने निवेदनका सम्बन्धमा आवश्यक छानबिन गरी गराई प्रमुख नाम दर्ता अधिकारीले विवरण सच्याउने वा यथावत राख्ने विषयमा निर्णय गर्दछ ।

३२८. कुनै मतदाताको नाम मतदाता नामावलीमा दोहोरो परेमा कसरी हटाउनुपर्छ ?

कुनै मतदाताको नाम एकभन्दा बढी गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश गर्नु गैरकानुनी हुने भएकाले नामावली दोहोरो परेको जानकारी हुनासाथ सम्बन्धित मतदाताले आफ्नो एक स्थानको नाम हटाउनेतर्फ आवश्यक कारबाही प्रारम्भ गर्नुपर्छ । निर्वाचन आयोगले अन्तिम मतदाता नामावली प्रकाशन गर्नुअगावै केन्द्रीय डाटाबेसमा मतदाता नामावली दोहोरिएको यकिन गरी पुनरावलोकन गर्ने भएकाले यसरी अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपूर्व आफूले रोजेको स्थानको मतदाता नामावलीमा मात्र नाम राखी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउनका लागि मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ ले तोकेबमोजिमको फारम भरी देहायबमोजिम निवेदन दिनुपर्छ :

- एउटै गाउँपालिका वा नगरपालिकाको वडाभित्र भए सहायक नाम दर्ता अधिकारीसमक्ष,

- एउटै जिल्लाको फरकफरक गाउँपालिका वा नगरपालिकामा भए जिल्लाको प्रमुख नाम दर्ता अधिकारीसमक्ष,

- फरकफरक जिल्लाको गाउँपालिका वा नगरपालिकामा भए निज आफैँले वा नाम दर्ता अधिकारीमार्फत निर्वाचन आयोगसमक्ष ।

यसरी निवेदन प्राप्त भएमा सहायक नाम दर्ता अधिकारी, प्रमुख नाम दर्ता अधिकारी वा आयोगले तोकेको अधिकारीले आवश्यक जाँचबुझ तथा छानबिन गरी दोहोरो परेको नाम हटाउने कानुनी व्यवस्था रहेको छ । निवेदन प्राप्त नभए तापनि आयोगलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त भएमा निज मतदाता स्थायी बसोबास गर्दै आएको गाउँपालिका वा नगरपालिकाको वडाको कायम गरी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्छ । नाम दर्ता अधिकारी स्वयम्लाई जानकारी प्राप्त भएमा एउटै वडाभित्र भए सहायक नाम दर्ता अधिकारीले र एउटै जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकामा दोहोरो परेकामा प्रमुख नाम दर्ता अधिकारीले स्थायी बसोबासको कायम गरी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन सक्ने प्रावधान छ ।

३२९. मतदाता नामावली कस्तो अवस्थामा रद्द हुन्छ ?

सही सत्य विवरण पेस गरी आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउनु मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुन्छ । यदि कसैले झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावली प्रकाशन भएको कुरा प्रमाणबाट स्पष्ट देखिन आएमा आयोगले त्यस्तो मतदाता नामावली रद्द गर्ने कानुनी व्यवस्था छ । मतदाता नामावली ऐन, २०७३ ले कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएमा वा दर्ता गराउनका लागि दरखास्त दिएमा त्यस्ता व्यक्तिलाई निर्वाचन कसुर गरेको मानी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेकाले मतदाता नामावलीको शुद्धतामा ध्यान दिनु प्रत्येक नागरिकको कर्तव्य हुन्छ ।

३३०. मतदाता नामावली कसरी प्रमाणित गरिन्छ ?

कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले त्यस्तो व्यहोरा प्रमाणित गरिपाऊँ भनी निर्वाचन आयोग वा निर्वाचन कार्यालय वा आयोगबाट अधिकार प्राप्त अधिकारीसमक्ष दरखास्त दिन सक्छ । यसरी दरखास्त प्राप्त भएमा त्यस्तो दरखास्त दिने व्यक्तिको नाम मतदाता नामावलीमा भए मतदाता भएको व्यहोरा प्रमाणित गरिदिनुपर्ने कानुनी व्यवस्था छ । उल्लिखित कानुनी व्यवस्थाबमोजिम निर्वाचन कार्यालय वा निर्वाचन आयोगबाट तोकिएबमोजिम मतदाता नामावलीको व्यहोरा प्रमाणित गरिन्छ । मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले तयार गरेको मतदाता नामावली स्थायी वा अस्थायी मतदानको प्रयोजनका लागि प्रमाणका रूपमा लिन सकिन्छ । मतदानको प्रयोजनका लागि र प्रचलित कानुनमा विशेष व्यवस्था भएको अवस्थाबाहेक अन्य प्रयोजनका लागि प्रमाण नलाग्ने हुँदा कानुनबमोजिमको प्रयोजनका लागि मात्र प्रमाणित गरिदिनुपर्दछ ।

३३१. आयोगले मतदाता नामावली तयार गर्दा कुनकुन निकायको सहयोग लिन सक्छ ?

नेपालको संविधानले निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्नु आयोगको प्रमुख कार्य हुने कुरा स्पष्ट गरेको छ । आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसै गरी निर्वाचनसम्बन्धी कार्यका लागि आयोगले सरकारी निकाय तथा सार्वजनिक एवम् निजी संस्थाबाट आवश्यक सहयोग लिन सक्ने व्यवस्था भएकाले मतदाता नामावली तयार गर्ने सिलसिलामा निर्वाचन आयोग तथा नाम दर्ता अधिकारीले आवश्यकताअनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा निकाय, नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्था वा निकाय, राजनीतिक दल वा सामाजिक सङ्घसंस्था तथा अन्य निकाय वा व्यक्तिको समेत सहयोग लिन सक्छ । यसरी मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यमा निर्वाचन आयोग तथा नाम दर्ता अधिकारीलाई आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुन्छ ।

३३२. मतदाता नामावलीको दुरुपयोग भएमा कस्तो क्षतिपूर्ति दाबी गर्न सकिन्छ ?

मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले तयार गरेको मतदातासम्बन्धी विवरण आयोगले सम्बन्धित प्रयोजनका निम्ति मात्र प्रयोग गर्नुपर्दछ ।

निर्वाचन आयोगले आफूले सङ्कलन गरेको मतदाताको विवरण नेपाल सरकारले प्रयोजन खुलाई माग गरेमा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । यसरी उपलब्ध गराएको विवरण नेपाल सरकार वा अन्य निकायले जुन प्रयोजनका लागि प्राप्त गरेको हो त्यसबाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नुहुँदैन । त्यसैले निर्वाचन आयोगमा रहेको वा आयोगले उपलब्ध गराएको मतदातासम्बन्धी विवरण दुरुपयोग भएको वा अनधिकृत रूपमा प्रकाशन भएको वा वितरण भएको कारणबाट कुनै व्यक्तिलाई शारीरिक वा मानसिक हानी नोक्सानी पुगेमा त्यस्तो हानी नोक्सानी पुगेको व्यक्तिले त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्तिबाट क्षतिपूर्ति दाबी गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । यस्तो क्षतिपूर्तिको दाबी गर्दा त्यसरी नोक्सानी पुगेको मितिले ६ महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मर्का पर्ने पक्षले दाबी पेस गर्नुपर्दछ । यसरी पेस भएको दाबी सही ठहरेमा प्रचलित कानुनबमोजिमको कार्यविधि अपनाई जिल्ला अदालतले त्यस्तो व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ ।

३३३. मतदाता परिचय पत्र हराएमा वा नासिएमा कसरी पुनः प्राप्त हुन्छ ?

सामान्यतया मतदाता परिचय पत्र निर्वाचनको अवधिमा तयार गरी मतदान हुने दिनभन्दा केही दिनअगाडि सम्बन्धित मतदान केन्द्रबाट मतदातालाई उपलब्ध गराइन्छ । परिचय पत्र प्राप्त गर्न मतदाता स्वयम् वा एकाघरको सदस्य उपस्थित हुनुपर्छ । मतदान केन्द्रबाट वितरण हुन नसकी बाँकी रहेका परिचय पत्रहरू निर्वाचन कार्यालयबाट प्राप्त गर्न सकिन्छ । एकपटक उपलब्ध गराएको मतदाता परिचय पत्र हराएमा वा नासिएमा पुनः तयार गरी वितरण गर्ने सम्बन्धमा निर्वाचन कानुनमा स्पष्ट व्यवस्था छैन । तर विगतमा मतदाता परिचय पत्र हराएका वा नासिएका मतदाताहरूको निवेदन निर्वाचन कार्यालयमार्फत प्राप्त गरी सोही आधारमा वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनअघि हराएका वा नासिएका मतदाता परिचय पत्रहरू छपाइ गरी सम्बन्धित निर्वाचन कार्यालयमार्फत वितरणको व्यवस्था मिलाइएको थियो ।

३३४. एकपटक मतदाता नामावलीमा नाम दर्ता गराइसकेपछि किन पुनः नाम दर्ता गराउनुहुँदैन ?

नेपालले प्रयोग गरेको मतदाता दर्ता प्रणाली स्थायी प्रकृतिको हो । यसमा एकपटक नाम दर्ता गराइसकेपछि निर्वाचन आयोगले त्यही विवरणका आधारमा अद्यावधिकसमेत गरी कुनै पनि निर्वाचनका लागि अन्तिम मतदाता नामावली तयार गर्छ । एकपटक दर्ता गराइसकेको नाममा त्रुटि भएमा सच्याउन वा वैवाहिक वा अन्य कारणले बसाइँ सरी

सोही वा अर्को गाउँपालिका वा नगरपालिकाको वडामा बसोबास गरेमा त्यस्ता व्यक्तिको नाम निज बसिआएको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा नामसारी दर्ता गर्न आवश्यक भएमा सोको समेत सुविधा भएको हुँदा सोअनुसार त्रुटि सच्याउने वा नामसारी दर्ता गर्ने प्रक्रिया अपनाउनुपर्छ तर पुनः नाम दर्ता गराउनुहुँदैन ।

३३५. मतदाता नामावलीमा नाम दर्ता भएको कस्तो मतदाताले मतदान गर्न पाउँदैन ?

मतदाता नामावली ऐन, २०७३ बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भई मतदाता परिचय पत्र प्राप्त प्रत्येक मतदाताले निर्वाचनमा मतदान गर्न पाउँछन् । मतदान गर्न पाउने प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएकाले कसैलाई पनि मताधिकारबाट वञ्चित गरिनुहुँदैन । तथापि कतिपय अवस्थामा अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले समेत मतदान गर्न नपाउने गरी कानुनी व्यवस्था गर्ने गरेको अन्तर्राष्ट्रिय अभ्यास पाइन्छ । नेपालका सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ ले मानसिक सन्तुलन ठिक नभएको व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था गरेको छ । त्यसै गरी निर्वाचन कसुर तथा सजायसम्बन्धी सङ्घीय कानुनबमोजिम कैदको सजाय पाई त्यस्तो सजाय भोगिरहेको वा त्यस्तो कानुनबमोजिम एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय भोगिसकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको व्यक्तिले पनि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको भए तापनि मतदान गर्न नपाउने व्यवस्था रहेको छ ।

परिच्छेद - ७

निर्वाचन व्यवस्थापन

७.१	**निर्वाचन चक्र**	**२३१**
३३६.	निर्वाचन व्यवस्थापन भनेको के हो ?	२३१
३३७.	निर्वाचन चक्र भनेको के हो ?	२३१
३३८.	निर्वाचनपूर्वको चरण भनेको के हो ?	२३२
३३९.	निर्वाचनपूर्वको चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?	२३२
३४०.	निर्वाचन अवधि भनेको के हो ?	२३३
३४१.	निर्वाचन अवधिको चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?	२३३
३४२.	निर्वाचनपश्चात्को चरण भनेको के हो	२३४
३४३.	निर्वाचनपश्चात्को चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?	२३४
३४४.	निर्वाचन चक्रका सबै चरणमा निरन्तर चलिरहने मुख्य कार्यहरू केके हुन् ?	२३४
३४५.	निर्वाचनलाई किन एक दिवसीय कार्य (Single Day Event) मानिँदैन ?	२३५
३४६.	निर्वाचनलाई किन बृहत् व्यवस्थापकीय कार्य (Biggest Logistics Event) मानिन्छ ?	२३५
३४७.	निर्वाचनका सन्दर्भमा 'There is no tomorrow in election' किन भन्ने गरिन्छ ?	२३६
३४८.	निर्वाचन सम्पन्न भइसकेपछि निर्वाचन आयोगले के काम गर्छ ?	२३६
३४९.	निर्वाचन सञ्चालन कार्यतालिका (Election Operational Calendar) भन्नाले के बुझिन्छ ?	२३७
७.२	**विभिन्न तहका निर्वाचन**	**२३७**
३५०.	स्थानीय तह भनेको के हो ?	२३७
३५१.	गाउँपालिका भनेको के हो ?	२३८
३५२.	गाउँ कार्यपालिका भनेको के हो ?	२३८
३५३.	गाउँ सभा भनेको के हो ?	२३८
३५४.	नगरपालिका भनेको के हो ?	२३९

३५५. नगर कार्यपालिका भनेको के हो ? २३९

३५६. नगर सभा भनेको के हो ? २४०

३५७. जिल्ला सभा भनेको के हो ? २४०

३५८. जिल्ला समन्वय समितिको गठन कसरी हुन्छ ? २४१

३५९. गाउँपालिका तथा नगरपालिकाको निर्वाचन कसरी हुन्छ ? २४१

३६०. गाउँपालिका र नगरपालिकामा न्यायिक समितिको गठन कसरी हुन्छ ? २४२

३६१. स्थानीय कार्यपालिकालाई समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ? २४२

३६२. स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन केकस्तो योग्यता चाहिन्छ ? २४३

३६३. स्थानीय तहका जनप्रतिनिधिहरूको शपथ ग्रहणसम्बन्धी व्यवस्था के छ ? २४३

३६४. स्थानीय तहका पदाधिकारीको पद कुन अवस्थामा रिक्त हुन्छ ? २४३

३६५. प्रदेश सभा भनेको के हो ? २४४

३६६. प्रदेश सभाको गठन कसरी हुन्छ ? २४४

३६७. सात प्रदेशका प्रदेश सभामा जम्मा कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ? २४५

३६८. समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा ध्यान दिनुपर्ने विषय केके हुन् ? २४६

३६९. प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन केके योग्यता चाहिन्छ ? २४७

३७०. प्रदेश सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ? २४७

३७१. सङ्घीय संसद् भनेको के हो ? २४८

३७२. प्रतिनिधि सभाको गठन कसरी हुन्छ ? २४८

३७३. समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा ध्यान दिनुपर्ने विषय केके हुन् ? २४९

३७४. प्रतिनिधि सभाको कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति कसरी गरिन्छ ? २५०

३७५. प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ? २५०

३७६. प्रतिनिधि सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ? २५१

३७७. राष्ट्रिय सभाको गठन कसरी हुन्छ ? २५१

३७८. राष्ट्रिय सभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचक मण्डल भन्नाले के बुझिन्छ ? २५२

३७९. नेपालको संविधानमा निर्वाचक मण्डलमार्फत हुने निर्वाचन कुनकुन हुन् ? २५३

३८०. राष्ट्रिय सभा सदस्यको रिक्त स्थानको पूर्ति गर्नेसम्बन्धी के व्यवस्था रहेको छ ? २५३

३८१. राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ? २५४

३८२. राष्ट्रिय सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ? २५४

३८३. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ? २५५

३८४. राष्ट्रपति तथा उपराष्ट्रपतिको पद कुन अवस्थामा रिक्त हुन्छ ? २५६

३८५. राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि बाँकी रहदै पद रिक्त भएमा सो पदपूर्ति कसरी गरिन्छ ? २५६

७.३ निर्वाचन अधिकृतको नियुक्ति, कार्यालय स्थापना, काम, कर्तव्य र अधिकार २५७

३८६. निर्वाचन अधिकृत भन्नाले कसलाई बुझाउँछ ? २५७

३८७. निर्वाचन अधिकृतको मुख्य काम के हो ? २५७

३८८. स्थानीय तह निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ? २५८

३८९. प्रदेश सभा सदस्य एवम् प्रतिनिधि सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ? २५८

३९०. राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ? २५९

३९१. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ? २६०

३९२. निर्वाचन अधिकृतको कार्यालय कति अवधिसम्म सञ्चालनमा रहन्छ ? २६०

३९३. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार केके हुन् ? २६१

७.४ निर्वाचन कार्यक्रम २६२

३९४. निर्वाचन कार्यक्रम भन्नाले के बुझिन्छ ? २६२

३९५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार भन्नाले कसलाई बुझाउँछ ? २६३

३९६. समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार भन्नाले कसलाई बुझाउँछ ? २६३

३९७. उम्मेदवारले झुट्टा विवरण वा कागजातसहित मनोनयन पत्र पेस गरेमा कस्तो सजाय हुन्छ ? २६४

३९८. लाभको पद भन्नाले के बुझिन्छ ? २६४

३९९. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ? २६५

४००. राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ? २६५

४०१. प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेद्वारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ? २६६

४०२. प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ? २६७

४०३. स्थानीय तह निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ? २६७

४०४. निर्वाचनमा उम्मेदवारी दर्ता कहाँ गरिन्छ ? २६८

४०५. निर्वाचन प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ? २६८

४०६. निर्वाचन प्रतिनिधि हुन कस्तो योग्यता पूरा गरेको हुनुपर्दछ ? २६९

४०७. निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार केके हुन् ? २७०

४०८. मतदान प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ? २७०

४०९. मतगणना प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ? २७१

४१०. निर्वाचनमा प्रस्तावक तथा समर्थक भन्नाले कसलाई बुझाउँछ ? २७१

४११. विभिन्न तह र पदको निर्वाचनमा प्रस्तावक र समर्थकसम्बन्धी कस्तो व्यवस्था रहेको छ ? २७२

४१२. उम्मेदवार विरुद्धको दाबी विरोध भनेको के हो ? २७३

४१३. उम्मेदवारको अयोग्यता सम्बन्धमा उजुरीको प्रक्रिया कस्तो रहेको छ ? २७४

४१४. सार्वजनिक पद धारण गरेको व्यक्ति' भन्नाले कसलाई बुझाउँछ ? २७४

७.५ निर्वाचन प्रचारप्रसार तथा आचारसंहिता २७४

४१५. निर्वाचन प्रचारप्रसार भनेको के हो ? २७४

४१६. आयोगले निर्वाचन प्रचारप्रसारलाई व्यवस्थित गर्न कस्तो संयन्त्रको व्यवस्था गरेको छ ? २७५

४१७. निर्वाचन प्रचारप्रसारमा समान अवसर Level Playing Field भनेको के हो ? २७६

४१८. निर्वाचन प्रचारप्रसारमा समान अवसर Level Playing Field को वातावरण किन आवश्यक हुन्छ ? २७६

४१९. निर्वाचन प्रचारप्रसारको अवधिमा राजनीतिक दल वा उम्मेदवारले केकस्ता क्रियाकलाप गर्न हुँदैन ? २७७

४२०. निर्वाचन आचारसंहिता भनेको के हो ? २८०

४२१. नमुना आचारसंहिता (Model Code of Conduct) भनेको के हो ? २८१

४२२. निर्वाचन आचारसंहिता ककसलाई लागु हुन्छ ? २८१

४२३. निर्वाचन आचारसंहिता लागु भएपछि तीनै तहका सरकारबाट गर्न नहुने कामहरू केके हुन् ? २८२

४२४. निर्वाचन आचारसंहिता लागु भएपछि राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण केके हुन् ? २८४

४२५. निर्वाचनका अवधिमा आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण केके हुन् ? २८६

४२६. निर्वाचन आचारसंहिता पालनाको अनुगमन कसले गर्दछ ? २८७

४२७. निर्वाचन आचारसंहिता उल्लङ्घनको उजुरी कहाँ दिनुपर्दछ ? २८८

४२८. निर्वाचन अवधिमा जुलुस, आमसभा, ञ्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण केके हुन् ? २८८

४२९. निर्वाचनमा सवारी साधनको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण केके हुन् ? २९०

४३०. राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसार खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरण केके हुन् ? २९१

४३१. निर्वाचनमा मौन अवधिका समयमा पालना गर्नुपर्ने आचारणहरू के के हुन् ? २९२

४३२. मतदानका दिन पालना गर्नुपर्ने आचरण केके हुन् ? २९३

४३३. निर्वाचनमा खटिने कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण केके हुन् ? २९४

४३४. निजी तथा गैरसरकारी संस्था एवम् सोका पदाधिकारी र कर्मचारीहरूले निर्वाचन अवधिभर पालना गर्नुपर्ने आचरण केके हुन् ? २९४

४३५. निर्वाचन अवधिभर कसैले निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले नगद वा जिन्सी लिए वा दिएमा केकस्तो सजाय हुने व्यवस्था छ ? २९५

४३६. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्यक्रमबारे कहाँ जानकारी गराउनुपर्छ ? २९५

४३७. निर्वाचन आचारसंहितासम्बन्धी द्विविधा भएमा थप जानकारीका लागि कहाँ सम्पर्क गर्नुपर्छ ? २९५

७.६ निर्वाचनमा बजेट, जनशक्ति र सामग्री व्यवस्थापन २९६

४३८. निर्वाचनमा बजेट व्यवस्थापन भनेको के हो ? २९६

४३९. निर्वाचन सञ्चालन खर्च भनेको के हो ? २९६

४४०. निर्वाचन व्यवस्थापन खर्चभित्र केकस्ता खर्चहरू पर्दछन् ? २९७

४४१. निर्वाचन सञ्चालन खर्च बढ्दै जानुका कारणहरू केके हुन् ? २९७

४४२. निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन खर्चको पारदर्शिता र जवाफदेहिता सम्बन्धमा केकस्तो कानुनी व्यवस्था रहेको छ ? २९८

४४३. निर्वाचनमा खटिने जनशक्तिको बिमासम्बन्धी केकस्तो व्यवस्था रहेको छ ? २९९

४४४. निर्वाचनका समयमा केकस्ता जनशक्तिको आवश्यकता पर्छ ? २९९

४४५. निर्वाचनका लागि आवश्यक जनशक्ति कसरी परिचालन गरिन्छ ? ३००

४४६. निर्वाचनमा खटिएका कर्मचारीले प्रचलित कानुनबमोजिम काम नगरेमा कस्तो कारबाही हुने व्यवस्था छ ? ३००

४४७. निर्वाचन सामग्री भन्नाले के बुझिन्छ ? ३०१

४४८. निर्वाचन सामग्री मतदान केन्द्रसम्म पुऱ्याउने प्रबन्ध कसरी मिलाइएको हुन्छ ? ३०१

४४९. निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याएमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ? ३०२

७.७ सुरक्षा र जोखिम व्यवस्थापन ३०२

४५०. निर्वाचनमा सुरक्षा प्रबन्ध भनेको के हो ? ३०२

४५१. निर्वाचनमा सुरक्षा प्रबन्धसम्बन्धी केकस्ता संवैधानिक र कानुनी व्यवस्था रहेका छन् ? ३०३

४५२. निर्वाचनमा सुरक्षा प्रबन्धको मुख्य उद्देश्य के हो ? ३०३

४५३. निर्वाचनमा सुरक्षा प्रबन्धको मुख्य जिम्मेवारी कसको हुन्छ ? ३०४

४५४. निर्वाचनका समयमा केकस्ता सुरक्षा संयन्त्र स्थापना गरिने प्रचलन रहेको छ ? ३०५

४५५. निर्वाचनका समयमा उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको गठन कसरी हुन्छ ? ३०५

४५६. उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका मुख्यमुख्य कार्यहरू केके हुन् ? ३०६

४५७. निर्वाचनका समयमा निर्वाचन सुरक्षा समन्वय समितिको गठन कसरी हुन्छ ? ३०६

४५८. निर्वाचन सुरक्षा समन्वय समितिको मुख्य मुख्य कार्यहरू केके हुन् ? ३०७

४५९. निर्वाचनका समयमा जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिको गठन कसरी हुन्छ ? ३०७

४६०. जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिका मुख्यमुख्य कार्यहरू केके हुन् ? ३०८

४६१. निर्वाचनमा ककसको सुरक्षा व्यवस्था मिलाइएको हुन्छ ? ३०९

४६२. निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र उम्मेदवारहरूले जुलुस, आमसभालगायत कार्यक्रम गर्दा सुरक्षा व्यवस्था कसरी मिलाइन्छ ? ३१०

४६३. निर्वाचन सामग्रीको सुरक्षा व्यवस्था कसरी गरिन्छ ? ३१०

४६४. राजनीतिक दलका नेता एवम् उम्मेदवारको सुरक्षा व्यवस्था कसरी गरिन्छ ? ३११

४६५. मतदान केन्द्र र त्यसका वरिपरिको सुरक्षा प्रबन्ध कसरी गरिएको हुन्छ ? ३११

४६६. निर्वाचनका समयमा सुरक्षा निकायहरूसँग कसरी समन्वय गरिन्छ ? ३१२

४६७. निर्वाचन जोखिम (Election Risk) भनेको के हो ? ३१२

४६८. निर्वाचन जोखिम व्यवस्थापन (Election Risk Management) भन्नाले के बुझिन्छ ? ३१३

४६९. निर्वाचन जोखिम व्यवस्थापन औजार ERM Tool ले निर्वाचनमा जोखिम न्यूनीकरण गर्न कसरी सहयोग पुऱ्याउँछ ? ३१३

७.८ निर्वाचन तथा मतदाता शिक्षा ३१४

४७०. नागरिक शिक्षा भनेको के हो ? ३१४

४७१. निर्वाचन शिक्षा भनेको के हो ? ३१४

४७२. मतदाता शिक्षा भनेको के हो ? ३१५

४७३. निर्वाचन शिक्षा र मतदाता शिक्षामा के भिन्नता छ ? ३१५

४७४. मतदाता सूचना भन्नाले कस्ता सूचनालाई बुझाउँछ ? ३१५

४७५. मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुका उद्देश्यहरू के हुन् ? ३१६

४७६. निर्वाचन शिक्षा प्रदान गर्नका लागि आयोगले केकस्तो व्यवस्था गरेको छ ? ३१६

४७७. निर्वाचन शिक्षा तथा सूचना केन्द्रले के काम गर्छ ? ३१७

४७८. घुम्ती निर्वाचन शिक्षा (Mobile Electoral Education) भनेको के हो ? ३१७

४७९. नमुना मतदान (Mock Election) भनेको के हो ? ३१७

४८०. सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा भनेको के हो ? ३१८

४८१. आयोगले समुदायमा आधारित संस्थामार्फत कसरी निर्वाचन शिक्षा प्रदान गर्छ ? ३१८

४८२. मतदाता शिक्षा कार्यक्रम कसरी सञ्चालन गरिन्छ ? ३१८

४८३. मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा आयोगको कस्तो भूमिका रहेको हुन्छ ? ३१९

४८४. आयोगले निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि केकस्ता कार्यक्रम सञ्चालन गर्दछ ? ३२०

४८५. लोकतन्त्र, सुशासन र निर्वाचनको क्षेत्रमा BRIDGE भनेको के हो ? ३२०

४८६. निर्वाचनमा BRIDGE को के महत्त्व रहेको छ ? ३२१

७.९ मतपत्र व्यवस्थापन ३२१

४८७. मतपत्र भनेको के हो ? ३२१

४८८. मतपत्र छपाइको निर्णय कसरी गरिन्छ ? ३२२

४८९. स्थानीय स्तरमा मतपत्र छपाइ गर्न केकस्ता कठिनाइहरू रहेका छन् ? ३२२

४९०. मतपत्र निर्धारण गर्ने जिम्मेवारी कसको हुन्छ ? ३२३

४९१. मतपत्रको आकार कसरी निर्धारण गरिन्छ ? ३२३

४९२. मतपत्रमा राखिने निर्वाचन चिह्न कसरी निर्धारण गरिन्छ ? ३२४

४९३. मतपत्रको ढुवानी कसरी गरिन्छ ? ३२४

४९४. निर्वाचन चिह्न बैङ्क भनेको के हो ? ३२४

४९५. उम्मेदवार पहिचान गर्नका लागि मतपत्रमा केकस्ता विवरणहरू राख्ने अन्तर्राष्ट्रिय प्रचलन छ ? ३२५

४९६. अन्तर्राष्ट्रिय स्तरमा केकस्ता मतपत्रहरू प्रचलनमा रहेका छन् ? ३२६

७.१० मतदान, मतदान स्थल तथा मतदान केन्द्र व्यवस्थापन ३२६

४९७. मतदान स्थल र मतदान केन्द्र भनेको के हो ? ३२६

४९८. मतदान स्थल निर्धारण गर्दा लिइने आधारहरू के हुन् ? ३२६

४९९. मतदान स्थलमा आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरू केके हुन् ? ३२७

५००. मतदान केन्द्रको ढाँचा कस्तो हुन्छ ? ३२७

५०१. मतदान कार्यमा राजनीतिक दल र उम्मेदवारको कस्तो भूमिका हुन्छ ? ३२८

५०२. निर्वाचनमा खटिने कर्मचारीको भूमिका कस्तो हुनुपर्छ ? ३२८

५०३. मतदान अधिकृतको भूमिका कस्तो हुन्छ ? ३२९

५०४. मतदान प्रक्रिया कसरी प्रारम्भ हुन्छ ? ३३०

५०५. मतदान कसरी गरिन्छ ? ३३०

५०६. मतदानको समाप्ति कसरी हुन्छ ? ३३१

५०७. मतदान प्रक्रियामा स्वयमसेवकको भूमिका कस्तो हुन्छ ? ३३१

५०८. मतदान प्रक्रिया कस्तो हुन्छ ? ३३२

५०९. मतपत्र दिने कर्मचारीले केके कुरामा ध्यान पुऱ्याउनुपर्दछ ? ३३२

५१०. मतदान अधिकृतले मतदानको दिन गर्नुपर्ने जिम्मेवारी के हो ? ३३३

५११. सहायक मतदान अधिकृतले मतदानका दिन केके काम गर्नुपर्छ ? ३३४

५१२. मतदाताले मतदानका दिन केके कुरामा ध्यान दिनुपर्छ ? ३३५

५१३. मतदान कार्यमा दृष्टिविहीन वा शारीरिक रूपमा अशक्त मतदातालाई केकस्तो सुविधाको व्यवस्था मिलाउनुपर्दछ ? ३३६

५१४. मतदानका दिन मतदाताले केकस्ता कार्य गर्नु गराउनुहुँदैन ? ३३६

५१५. मतदानका दिन सुरक्षाकर्मीको भूमिका कस्तो हुनुपर्दछ ? ३३७

५१६. मतदान समाप्त भइसकेपछि गर्नुपर्ने कामहरू केके हुन् ? ३३८

५१७. मतदान केन्द्रमा हुनुपर्ने न्यूनतम पूर्वाधारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड कस्तो रहेको पाइन्छ ? ३३८

७.११ मतगणना व्यवस्थापन **३३९**

५१८. मतगणना प्रारम्भ गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रियाहरू केके हुन् ? ३३९

५१९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मतगणना कसरी गर्नुपर्छ ? ३३९

५२०. मतगणना स्थललाई सुरक्षित बनाउन केके कुरामा ध्यान दिनुपर्छ ? ३४०

५२१. मतगणनामा राजनीतिक दल, उम्मेदवार र प्रतिनिधिको भूमिका कस्तो हुनुपर्छ ? ३४०

५२२. मतगणनामा सुरक्षाकर्मीको भूमिका कस्तो हुनुपर्छ ? ३४१

५२३. मतगणनामा जनशक्ति व्यवस्थापन कसरी गरिन्छ ? ३४२

५२४. मतगणना स्थलमा निर्वाचन अधिकृतको भूमिका कस्तो हुन्छ ? ३४२

५२५. कस्तो मतपत्र बदर हुन्छ ? ३४३

५२६. मतगणना स्थलमा कसलाई प्रवेश अनुमति दिइन्छ ? ३४४

५२७. मतपरिणाम कसले प्रकाशन गर्छ ? ३४५

५२८. मतगणनासम्बन्धी सामग्री बिगारेमा वा नोक्सान गरेमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ? ३४६

५२९. मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले गर्नुपर्ने काम केके हुन् ? ३४६

५३०. मतगणना गरिसकेपछि मतपत्रको व्यवस्थापन कसरी गरिन्छ ? ३४७

७.१२ निर्वाचन अनुगमन तथा पर्यवेक्षण ३४७

५३१. निर्वाचन अनुगमन भनेको के हो ? ३४७

५३२. निर्वाचन अनुगमन किन गरिन्छ ? ३४८

५३३. निर्वाचनको अनुगमन कुन विधिबाट गरिन्छ ? ३४९

५३४. निर्वाचन अनुगमन टोलीको मुख्य जिम्मेवारी के हुन्छ ? ३५०

५३५. आयोगले निर्वाचन अनुगमनका लागि केकस्तो व्यवस्था गरेको छ ? ३५१

५३६. निर्वाचन पर्यवेक्षण भन्नाले के बुझिन्छ ? ३५२

५३७. निर्वाचन पर्यवेक्षण किन आवश्यक छ ? ३५२

५३८. निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित गर्न केकस्तो कानुनी व्यवस्था गरिएको छ ? ३५३

५३९. राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षण अनुमति प्राप्त गर्ने आधार केके हुन् ? ३५४

५४०. अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षण अनुमति प्राप्त गर्ने आधार केके हुन् ? ३५५

५४१. निर्वाचन पर्यवेक्षण संस्थाका कर्तव्यहरू केके हुन् ? ३५६

५४२. निर्वाचन पर्यवेक्षकले पर्यवेक्षण गर्दा केकस्तो कर्तव्य पालना गर्नुपर्दछ ? ३५७

५४३. पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले केकस्तो आचरण पालना गर्नुपर्छ ? ३५८

५४४. निर्वाचन पर्यवेक्षणको अनुमति कसरी दिइन्छ ? ३५९

५४५. निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरूले बुझाउनुपर्ने पर्यवेक्षण प्रतिवेदनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ? ३६०

५४६. राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षण र पर्यवेक्षकमा के भिन्नता रहेको छ ? ३६०

५४७. नेपालमा निर्वाचनसम्बन्धी पर्यवेक्षण गर्ने मुख्यमुख्य संस्थाहरू कुनकुन हुन् ? ३६०

परिच्छेद - ७
निर्वाचन व्यवस्थापन

७.१ निर्वाचन चक्र

३३६. निर्वाचन व्यवस्थापन भनेको के हो ?

निर्वाचनका लागि योजना बनाउने, आवश्यक सङ्गठन संरचना निर्माण गर्ने, जनशक्ति तथा स्रोत साधनको व्यवस्था गर्ने, निर्देशन तथा नियन्त्रण गर्ने र प्रतिवेदन गर्ने जस्ता कार्यहरूको समष्टि नै निर्वाचन व्यवस्थापन हो । अर्को शब्दमा निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण, निर्देशन र प्रतिवेदन गर्ने कार्य निर्वाचन व्यवस्थापन हो । निर्वाचन व्यवस्थापनअन्तर्गत मुख्य रूपमा जनशक्ति, आर्थिक स्रोत, निर्वाचन सामग्री, मतदाता नामावली, सूचना प्रविधि, निर्वाचन सुरक्षा, मतदाता शिक्षा, मतदान केन्द्र, मतदान, मतगणना एवम् मतपरिणाम, अभिलेखीकरण र प्रतिवेदनसम्बन्धी कार्यहरू समेटिन्छन् । निर्वाचन व्यवस्थापनसम्बन्धी कार्य देशको निर्वाचन व्यवस्थापन निकायले गर्दछ । निर्वाचन व्यवस्थापनको तरिका निर्वाचन व्यवस्थापन गर्ने निकायको किसिममा समेत भर पर्दछ । नेपालमा निर्वाचन व्यवस्थापन गर्ने संवैधानिक निकायका रूपमा निर्वाचन आयोग रहेकाले नेपालको संविधान र प्रचलित निर्वाचन कानुनको अधीनमा रही निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन निर्वाचन आयोगले गर्दछ ।

३३७. निर्वाचन चक्र भनेको के हो ?

निर्वाचन व्यवस्थापनका सिलसिलामा गरिने सम्पूर्ण कार्यहरूलाई विभिन्न अवधिमा विभाजन गरी चरणबद्ध रूपमा सम्पादन गरिने कार्यहरूको समष्टिगत रूप नै निर्वाचन चक्र हो । निर्वाचन व्यवस्थापनसम्बन्धी कार्यहरूलाई निर्वाचनपूर्वको चरण, निर्वाचन अवधिको चरण र निर्वाचनपश्चात्को चरणमा वर्गीकरण गरी सम्पादन गर्ने गरिन्छ । तोकिएको निर्वाचनका लागि गर्नुपर्ने पूर्वतयारीदेखि निर्वाचनको समीक्षा एवम् प्रतिवेदन पेस गर्नेसम्मका कार्यहरूको चरणबद्ध प्रक्रिया पार गरेपछि मात्र निर्वाचन चक्र पूरा हुन्छ । एउटा निर्वाचन सम्पन्न भएपछि सोको समीक्षा गरी कानुनी तथा अन्य व्यवस्थापकीय एवम् प्रक्रियागत सुधार गर्दै आगामी निर्वाचनका लागि तयारी प्रारम्भ गरिने भएकाले

निर्वाचन चक्र निरन्तर चलिरहन्छ । सामान्यतया निर्वाचन चक्रअन्तर्गत सम्पादन गरिने मुख्यमुख्य क्रियाकलापहरूलाई देहायको चक्रमा उल्लेख गरिएको छ :

३३८. निर्वाचनपूर्वको चरण भनेको के हो ?

निर्वाचन चक्रका तीन चरणमध्ये निर्वाचन व्यवस्थापनमा समयावधिका दृष्टिले सबैभन्दा लामो अवधि भएको चरण निर्वाचनपूर्वको चरण हो । निर्वाचनपूर्वको चरण भनेको कुनै निर्वाचनको व्यवस्थापकीय सुधारको कार्य प्रारम्भदेखि निर्वाचनको मिति घोषणा हुनुभन्दा अगाडिको निश्चित अवधिको चरण हो । निर्वाचनपूर्वको चरणका सम्बन्धमा विभिन्न देशमा विभिन्न समयावधिको अभ्यास रहेको पाइन्छ । यस चरणलाई निर्वाचनको नीतिगत, कानुनी, व्यवस्थापकीय एवम् पूर्वाधार निर्माण तथा तथा सुधारको चरण पनि भनिन्छ । निर्वाचनपूर्वको चरण जति व्यवस्थित, प्रभावकारी र कार्यात्मक हुन्छ त्यति नै निर्वाचन अवधिको कार्य सहज हुन्छ ।

३३९. निर्वाचनपूर्वको चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?

निर्वाचनपूर्वको चरणमा निर्वाचनको नीतिगत, कानुनी एवम् व्यवस्थापकीय सुधार तथा पूर्वाधार निर्माणका कार्यहरूका साथै रणनीतिक योजनाले निर्देश गरेका

क्रियाकलापहरूको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिन्छ । निर्वाचन कानुनमा संशोधन, परिमार्जन तथा नयाँ कानुन निर्माण, सङ्गठन संरचनाको अध्ययन, कार्य जिम्मेवारी निर्धारण तथा साङ्गठनिक सुधार, सूचना प्रविधिको प्रयोग तथा संस्थागत व्यवस्था, जनशक्तिको आँकलन, वर्गीकरण तथा क्षमता अभिवृद्धि, बजेट प्रक्षेपण, निर्माण र स्रोत व्यवस्थापन, निर्वाचन सञ्चालन योजना तथा समय तालिका निर्माण, तालिम पाठ्यक्रम, स्रोत सामग्री तथा निर्देशिका तर्जुमा, तालिम, गोष्ठी, सेमिनार तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन, निरन्तर मतदाता नामावली दर्ता तथा विशेष अभियान सञ्चालन, नागरिक तथा मतदाता शिक्षा, सरोकारवालासँग अन्तरसंवाद, समन्वय र अन्तर्सम्बन्धको विकास, राजनीतिक दल दर्ता तथा नियमनलगायतका कार्यहरू यस चरणका मुख्यमुख्य क्रियाकलापहरू हुन् ।

३४०. निर्वाचन अवधि भनेको के हो ?

निर्वाचन व्यवस्थापनमा निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचनपश्चात् गरी निर्वाचनका तीन चरण रहन्छन् । त्यसमध्ये निर्वाचन अवधि निर्वाचन प्रक्रियाको सबैभन्दा महत्त्वपूर्ण चरण हो । यसमा निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीको व्यवस्थापन, जनशक्तिको आँकलन, तालिम प्रशिक्षण तथा कार्यशाला, मतपत्र डिजाइन, छपाइ तथा ढुवानी आदि कार्य गरिन्छ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम 'निर्वाचन अवधि' भन्नाले निर्वाचन हुने मितिभन्दा एक सय बिस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि भन्ने बुझिन्छ । तर एक सय बिस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिन्छ । त्यसैले निर्वाचन घोषणा, अन्तिम मतदाता नामावली प्रकाशन, निर्वाचन सामग्री व्यवस्थापन, निर्वाचन कार्यक्रम प्रकाशन, कर्मचारी व्यवस्थापन, निर्वाचन सुरक्षा व्यवस्था, उम्मेदवारी मनोनयन, प्रचारप्रसार, मतदान र मतगणनाको परिणाम प्रकाशनसम्मको कार्य गर्ने अवधि नै निर्वाचन अवधि हो ।

३४१. निर्वाचन अवधिको चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?

निर्वाचन अवधिको चरण भनेको निर्वाचन चक्रमा पर्ने दोस्रो चरण हो । यस चरणमा मतदाताको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने निर्दिष्ट मिति (Cut off date) तय गर्ने, अन्तिम मतदाता नामावली तयारी गर्ने, निर्वाचन सामग्रीको व्यवस्थापन गर्ने, निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी

तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचारसंहिता लागु गर्ने, निर्धारित मतदान स्थलहरूमा मतदान केन्द्र तोक्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आँकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्ने, मतदाता शिक्षा सञ्चालन गर्ने, मतदाता परिचय पत्र छपाइ तथा ढुवानी र वितरण, गर्ने सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा परिणाम घोषणा गर्नेलगायतका क्रियाकलाप गरिन्छ ।

३४२. निर्वाचनपश्चात्को चरण भनेको के हो ?

निर्वाचनपश्चात्को चरण निर्वाचन चक्रका तीन चरणमध्ये अन्तिमको चरण हो । तोकिएको निर्वाचनको अन्तिम परिणाम घोषणा भइसकेपछि अर्को निर्वाचनको व्यवस्थापकीय सुधारका कार्य प्रारम्भ नहुँदासम्मको अवधिलाई निर्वाचनपश्चात्को चरण भनिन्छ । यस चरणमा निर्वाचन व्यवस्थापन निकायले निर्वाचनका सरोकारवालाहरूको सहभागितामा बृहत् समीक्षा गरी निर्वाचन व्यवस्थापनमा आवश्यक सुधारका लागि पृष्ठपोषणसमेत प्राप्त गर्दछ । यससँगै तोकिएको निर्वाचनको एउटा चक्र पूरा हुन्छ ।

३४३. निर्वाचनपश्चात्को चरणमा गरिने मुख्यमुख्य क्रियाकलापहरू केके हुन् ?

निर्वाचनपश्चात्को चरणमा मुख्य रूपमा निर्वाचनको समग्र मूल्याङ्कन गर्ने, निर्वाचन प्रतिवेदन तयार गरी संविधान तथा निर्वाचन कानुनले तोकेका पदाधिकारीसमक्ष पेस गर्ने, निर्वाचन पर्यवेक्षण संस्थाहरूबाट पर्यवेक्षण प्रतिवेदन प्राप्त गर्ने, निर्वाचन समीक्षा गरी सुधारका क्षेत्र पहिचान गर्ने एवम् सुधारका कार्यहरूसहितको कार्ययोजना निर्माण गर्नेलगायतका क्रियाकलापहरू गरिन्छन् । निर्वाचन समीक्षाबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यकताअनुसार रणनीतिक योजना परिमार्जनसमेत गरिन्छ ।

३४४. निर्वाचन चक्रका सबै चरणमा निरन्तर चलिरहने मुख्य कार्यहरू केके हुन् ?

निर्वाचन व्यवस्थापनअन्तर्गत सम्पादन गरिने कार्यहरूमध्ये कतिपय कार्यहरू निश्चित समयावधिमा मात्र सम्पादन गर्ने प्रकृतिका हुन्छन् भने केही कार्यहरू निरन्तर रूपमा सम्पादन गर्नुपर्ने हुन्छ । सामान्यतया मतदाता नामावली प्रशोधन, तालिम सञ्चालन, नागरिक तथा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन, राजनीतिक दल दर्ता, निर्वाचनका

सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया निर्वाचन चक्रका सबै चरणमा निरन्तर चलिरहने मुख्य कार्यहरू हुन् ।

३४५. निर्वाचनलाई किन एक दिवसीय कार्य (Single Day Event) मानिँदैन ?

आममतदाताले मतदानको दिनलाई मात्र निर्वाचन मान्ने गरेको भए तापनि एउटा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन व्यवस्थापन गर्ने निकायले लामो समयदेखि तयारीका कार्यहरू निरन्तर गरिरहनुपर्ने हुन्छ । कुनै पनि निर्वाचनमा गर्नुपर्ने व्यवस्थापकीय कार्यहरूलाई निर्वाचनपूर्वको चरण, निर्वाचन अवधिको चरण र निर्वाचनपश्चात्को चरणमा क्रमबद्ध रूपमा सम्पादन गरिन्छ । यसरी निर्वाचन व्यवस्थापनसम्बन्धी कार्यहरू निर्वाचन व्यवस्थापन गर्ने निकायले निरन्तर रूपमा गरिरहनुपर्ने हुँदा निर्वाचनलाई एक दिवसीय कार्य मानिँदैन । अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विश्वका अधिकांश निर्वाचन व्यवस्थापन निकायले निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि विभिन्न अवधिका तीन चरणको चक्रअनुसार कार्य सम्पादन गर्ने प्रचलन रहेकाले पनि निर्वाचनलाई एक दिवसीय कार्यका रूपमा नलिई निरन्तर प्रक्रियाका रूपमा लिने गरिन्छ ।

३४६. निर्वाचनलाई किन बृहत् व्यवस्थापकीय कार्य (Biggest Logistics Event) मानिन्छ ?

निर्वाचन व्यवस्थापनमा छोटो अवधिमा ठुलो परिमाणमा मतपत्रलगायत निर्वाचन सामग्रीको प्रयोग, पर्याप्त सङ्ख्यामा जनशक्तिको खटनपटन, मतदाता, उम्मेदवार र सामग्रीको सुरक्षा व्यवस्थालगायत कार्य गर्नुपर्ने भएकाले यो जटिल एवम् चुनौतीपूर्ण व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनमा एकै समयमा बहुसङ्ख्यक क्रियाकलापहरू विभिन्न सरोकारवालाहरूको आपसी सहयोग, समन्वय र सहकार्यबाट सम्पन्न गरी निर्धारित परिणाम निकाल्नुपर्ने हुन्छ । यसका लागि देशभरका सबै योग्य मतदाताहरूको अन्तिम मतदाता नामावली तयारी, छपाइ र ढुवानी गर्ने, पूर्वनिर्धारित मतदान स्थलमा मतदाता सङ्ख्या तथा निर्धारित मापदण्डअनुसार मतदान केन्द्र तोक्ने, मतदानका लागि आवश्यक पर्ने मतदान सामग्रीको खरिद, ढुवानी र वितरण गर्ने, मतपत्रको छपाइ र ढुवानी गर्ने, मतदाता शिक्षा सामग्रीको तयारी, छपाइ, ढुवानी, वितरण र प्रचारप्रसार गर्ने, राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसार कार्यको नियमन गर्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको व्यवस्था, तालिम, खटनपटन तथा परिचालन गर्ने, निर्वाचनको सुरक्षा व्यवस्थापन गर्ने, मतदान, मतपेटिकाको ओसारपसार र मतगणना तथा मत परिणाम घोषणा गर्ने, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पर्यवेक्षणको

व्यवस्था गर्नेलगायतका कार्यहरू एकै समयमा एउटै व्यवस्थापनअन्तर्गत सम्पन्न गर्नुपर्ने भएको हुनाले निर्वाचनलाई बृहत् व्यवस्थापकीय कार्य मानिन्छ ।

३४७. निर्वाचनका सन्दर्भमा 'There is no tomorrow in election' किन भन्ने गरिन्छ ?

निर्वाचन तोकिएको मितिमा सम्पन्न गर्नुपर्ने हुनाले निर्वाचनका सिलसिलामा सम्पन्न गर्नुपर्ने क्रियाकलापलाई समेटी निर्वाचन क्यालेन्डर तयार गरिन्छ । निर्वाचनका हरेक अघिल्ला क्रियाकलापले पछिल्ला क्रियाकलापलाई असर गर्ने तथा पछिल्ला क्रियाकलापले अघिल्ला क्रियाकलापलाई पछ्याउनुपर्ने हुँदा प्रत्येक क्रियाकलाप एकअर्कासँग अन्तर्सम्बन्धित हुनुका साथै निर्वाचन क्यालेन्डरबमोजिम निर्धारित मिति र समयमा सम्पन्न गरिसक्नुपर्ने प्रकृतिका हुन्छन् । उदाहरणका लागि तोकिएको मितिमा मतपत्र छपाइ भएन भने ढुवानी गर्ने मितिमा मतपत्र ढुवानी हुन सक्दैन, समयमा मतदान केन्द्रमा मतपत्र नपुगे मतदान कार्यमा बाधा पर्दछ । यसरी निर्वाचन सञ्चालन र व्यवस्थापनको काम तोकिएको निर्वाचन मितिलाई आधार मानी उक्त दिन सम्पूर्ण बन्दोबस्तसहित निर्वाचन सम्पन्न गर्न सक्ने गरी दोहोरो अवधारणा (टप डाउन तथा बटम अप) अनुसार समीक्षा, सुधार, समायोजन र कार्य सम्पादन गर्दै दैनिक नतिजामा पुग्नुपर्ने हुनाले यसमा निर्दिष्ट क्रियापकलापहरू तोकिएको मिति र समयमा नै सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले निर्वाचन व्यवस्थापनका कुनै पनि क्रियाकलापमा भोलि भन्न मिल्दैन ।

३४८. निर्वाचन सम्पन्न भइसकेपछि निर्वाचन आयोगले के काम गर्छ ?

बाहिरबाट झट्ट हेर्दा निर्वाचनको अवधिमा मात्र निर्वाचन आयोगको काम हुने जस्तो देखिए तापनि आयोगले एउटा निर्वाचन सम्पन्न गर्नका लागि लामो समयदेखि तयारीका कार्यहरू निरन्तर गरिरहनुपर्छ । एउटा निर्वाचन सम्पन्न भएसँगै अर्को निर्वाचनको तयारीमा लागिहाल्नुपर्ने हुन्छ । आयोगले एउटा निर्वाचन सम्पन्न भइसकेपछि अर्को निर्वाचनको तयारीको सिलसिलामा निर्वाचन कानुनको परिमार्जन तथा सुधार, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, मतदान स्थल पुनरावलोकन, सङ्गठनात्मक सुदृढीकरण, निर्वाचन व्यवस्थापन सुधार, अनुसन्धान तथा तालिम, राजनीतिक दल र सरोकारवालाहरूसँग सहकार्यलगायत रिक्त स्थानमा पद पूर्तिका लागि गरिने उपनिर्वाचनको व्यवस्थापनका कार्यहरू गर्दछ । यसका अतिरिक्त निर्वाचन आयोगले वार्षिक कार्यक्रम तथा बजेटबमोजिम नियमित कार्य गर्नुका साथै आयोगको रणनीतिक योजनाले परिलक्षित गरेका उद्देश्य प्राप्तिमा निरन्तर क्रियाशील रहन्छ ।

३४९. निर्वाचन सञ्चालन कार्यतालिका (Election Operational Calendar) भन्नाले के बुझिन्छ ?

तोकिएको कुनै निर्वाचन सम्पन्न गर्न सम्पादन गरिने मुख्य क्रियाकलापहरूको समयबद्ध कार्यतालिका नै निर्वाचन सञ्चालन कार्यतालिका (Election Operational Calendar) हो । यसमा निर्वाचनको घोषणा भएदेखि मतदान गर्नेसम्मका निर्वाचन व्यवस्थापनसम्बन्धी सबैजसो क्रियाकलापहरू सिलसिलेवार रूपमा समेटिएको हुन्छ । मतदाताको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने निर्दिष्ट मिति (Cut off date) तोक्ने, अन्तिम मतदाता नामावली प्रकाशन, निर्वाचनसम्बन्धी कार्यविधि तथा निर्देशिका बनाउने, राजनीतिक दल दर्ता, मतदान केन्द्र निर्धारण, निर्वाचन सामग्री व्यवस्था, निर्वाचन कार्यक्रम, निर्वाचन अधिकृतको नियुक्ति र खटनपटन, तालिम र मतदाता शिक्षा, मतदान अधिकृतको नियुक्ति र खटनपटन आदि यस तालिकामा समावेश गरिने मुख्य विषय हुन् ।

७.२ विभिन्न तहका निर्वाचन

३५०. स्थानीय तह भनेको के हो ?

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेबमोजिम राज्य संरचनाको तल्लो तह एवम् जनताको नजिकको शासकीय एकाइ स्थानीय तह हो । यसअनुसार नेपालको संविधानले स्थानीय तह भन्नाले संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ । स्थानीय नेतृत्वको विकास गर्दै शासनमा पहुँच, सहभागिता, प्रतिनिधित्व, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी लोकतन्त्रका लाभहरूको न्यायोचित वितरणद्वारा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारलाई संस्थागत गर्ने शासकीय संरचना स्थानीय तह हो । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित स्थानीय तह पुनर्संरचना आयोगको सिफारिस तथा नेपाल सरकारको निर्णयबमोजिम नेपालमा महानगरपालिका- ६, उपमहानगरपालिका- ११, नगरपालिका-२७६, गाउँपालिका- ४६० समेत ७५३ गाउँपालिका तथा नगरपालिका र ७७ जिल्ला सभा रहेका छन् ।

३५१. गाउँपालिका भनेको के हो ?

गाउँपालिका एक निश्चित भौगोलिक क्षेत्रभित्र स्थानीय तहमा नै शासकीय अभ्यास गर्नका लागि नेपालको संविधानबमोजिम गठन हुने राज्य संरचनाका तीन तहमध्ये सबैभन्दा तल्लो तहको शासकीय संरचना हो । नेपालको संविधानबमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्डका आधारमा निश्चित भौगोलिक क्षेत्र, जनसङ्ख्या, बसोबासको अवस्था, सामाजिक सांस्कृतिक सम्बन्ध, भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था, आन्तरिक आयको सम्भाव्यता तथा आर्थिक गतिविधिलगायतका आधारमा न्यूनतम सहरी सुविधा नपुगेका ग्रामीण क्षेत्रलाई समेटी गाउँपालिका स्थापना गरिएको छ । गाउँपालिका जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको हुन्छ । हाल नेपालमा गाउँपालिकाको कुल सङ्ख्या ४६० रहेको छ । गाउँपालिकामा कम्तीमा ५ देखि बढीमा २१ ओटासम्म वडाहरू रहन सक्ने कानुनी व्यवस्था रहेको छ । गाउँपालिकामा व्यवस्थापकीय कार्य गर्न गाउँसभा, कार्यकारिणीसम्बन्धी कार्य गर्न गाउँ कार्यपालिका तथा न्यायिक कार्य सम्पादन गर्न न्यायिक समिति रहने व्यवस्था छ ।

३५२. गाउँ कार्यपालिका भनेको के हो ?

गाउँपालिकाको कार्यकारिणी अङ्ग गाउँ कार्यपालिका हो । नेपालको संविधान र प्रचलित अन्य कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकाको हुन्छ । एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, प्रत्येक वडाका वडा अध्यक्ष, गाउँसभाले आफूमध्येबाट निर्वाचित गरेका महिला सदस्य-४ जना र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका सदस्य- २ जना रहेको गाउँ कार्यपालिकाको गठन हुने संवैधानिक व्यवस्था रहेको छ । प्रचलित कानुनी व्यवस्थाअनुसार गाउँ कार्यपालिकामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यसहित कम्तीमा १३ र बढीमा २९ जना सदस्य रहन सक्दछन् । गाउँ कार्यपालिकाका सदस्यको पदावधि पाँच वर्षको हुने संवैधानिक प्रावधान छ ।

३५३. गाउँ सभा भनेको के हो ?

गाउँपालिकाको व्यवस्थापकीय कार्य गर्ने अङ्ग गाउँ सभा हो । नेपालको संविधानको अधीनमा रही गाउँपालिकाको व्यवस्थापकीय अधिकार गाउँ सभामा निहित रहन्छ । गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, गाउँपालिकाभित्रका वडाका वडा अध्यक्षहरू, प्रत्येक वडाबाट निर्वाचित हुने एक दलित महिला, एक महिलासहित ४ जना सदस्यहरू रहने

व्यवस्था छ । त्यसै गरी गाउँ सभाले गाउँपालिकाभित्रका दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका २ जना सदस्यहरूसमेत गाउँसभामा रहने कानुनी व्यवस्था छ । गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष गाउँसभाका पदेन अध्यक्ष र उपाध्यक्ष हुन्छन् । नेपालको संविधानले गाउँ सभाको कार्यकाल पाँच वर्षको हुने र कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को गाउँ सभाको निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ भने स्थानीय तह निर्वाचन ऐन, २०७३ ले गाउँसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि अर्को गाउँ सभा सदस्यको निर्वाचन हुने व्यवस्था गरेको छ ।

३५४. नगरपालिका भनेको के हो ?

नगरपालिका भनेको न्यूनतम् सहरी सुविधा पुगेको एक निश्चित भौगोलिक क्षेत्रभित्र स्थानीय तहमा नै शासकीय अभ्यास गर्नका लागि नेपालको संविधानबमोजिम गठन हुने राज्य संरचनाका तीन तहमध्ये सबैभन्दा तल्लो तहको शासकीय संरचना हो । नेपालको संविधानबमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्डका आधारमा निश्चित भौगोलिक क्षेत्र, जनसङ्ख्या तथा जनघनत्व, प्रशासनिक सुगमता, सामाजिक सांस्कृतिक सम्बन्ध, भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था, आन्तरिक आयको सम्भाव्यता तथा आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, बैङ्क तथा वित्तीय सेवाको अवस्था, फोहर मैला व्यवस्थापनलगायतका आधारमा न्यूनतम सहरी सुविधा पुगेको क्षेत्रलाई समेटी नगरपालिका स्थापना गरिएको छ । नगरपालिका जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको हुन्छ । हाल नेपालमा ६ महानगरपालिका, ११ नगरपालिका र २७३ नगरपालिकासमेत कुल २९३ नगरपालिका रहेका छन् । नगरपालिकामा कम्तीमा ९ देखि बढीमा ३५ ओटा सम्म वडाहरू रहन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकामा व्यवस्थापकीय कार्य गर्न नगर सभा, कार्यकारिणीसम्बन्धी कार्य गर्न नगर कार्यपालिका तथा न्यायिक कार्य सम्पादन गर्न न्यायिक समिति रहने व्यवस्था छ ।

३५५. नगर कार्यपालिका भनेको के हो ?

नगरपालिकाको कार्यकारिणी अङ्ग नगर कार्यपालिका हो । नेपालको संविधान र प्रचलित अन्य कानुनको अधीनमा रही नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा नगर कार्यपालिकाको हुन्छ । एक जना प्रमुख, एक जना उपप्रमुख, प्रत्येक वडावाट एकएक जना वडा अध्यक्ष, नगर सभाले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र नगर सभाले दलित वा अल्पसङ्ख्यकमध्येबाट

निर्वाचित गरेका ३ जना रहेको नगर कार्यपालिकाको गठन हुने संवैधानिक व्यवस्था रहेको छ । प्रचलित कानुनी व्यवस्थाअनुसार नगर कार्यपालिकामा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यसहित कम्तीमा १९ र बढीमा ४५ जना सदस्य रहन सक्दछन् । नगर कार्यपालिकाका सदस्यको पदावधि पाँच वर्षको हुने संवैधानिक प्रावधान छ ।

३५६. नगर सभा भनेको के हो ?

नगर सभा नगरपालिकाको व्यवस्थापकीय कार्य गर्ने अङ्ग हो । नेपालको संविधानको अधीनमा रही नगरपालिकाको व्यवस्थापकीय अधिकार नगर सभामा निहित हुन्छ । नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, नगरपालिकाभित्रका वडाका वडा अध्यक्षहरू, प्रत्येक वडाबाट एक जना दलित महिला, एक जना महिलासहित चार जना सदस्य रहने कानुनी प्रावधान छ । त्यसै गरी नगर सभाले दलित वा अल्पसङ्ख्यकमध्येबाट निर्वाचित गरेका ३ जना सदस्यसमेत नगर सभामा सदस्य रहने व्यवस्था छ । नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख नगर सभाको पदेन प्रमुख र उपप्रमुख हुन्छन् । नेपालको संविधानले नगर सभाको कार्यकाल पाँच वर्षको हुने र कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ भने स्थानीय तह निर्वाचन ऐन, २०७३ ले नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि अर्को नगर सभा सदस्यको निर्वाचन हुने व्यवस्था गरेको छ ।

३५७. जिल्ला सभा भनेको के हो ?

प्रत्येक जिल्लामा सम्बन्धित जिल्लाभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुखहरू सदस्य रहको जिल्ला सभा गठन हुने संवैधानिक प्रावधान छ । संविधानमा व्यवस्था भएअनुसार जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्ने, विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने, जिल्लामा रहने सङ्घीय तथा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने कार्य गर्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानमा उल्लिखित उक्त काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कामको विवरण तयार गर्ने, त्यस्ता कामको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी सुझाव र मार्गदर्शन दिने, गाउँपालिका र नगरपालिकाको क्षमता विकासका लागि सङ्घ तथा प्रदेशसँग समन्वय गर्ने, गाउँपालिका र नगरपालिकाको विवाद समाधानमा समन्वय र सहजीकरण गर्ने, विपद् व्यवस्थापनसम्बन्धी योजना र

कार्यको समन्वय गर्ने, जिल्लाभित्र भएका विकास तथा निर्माणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन वार्षिक समीक्षा गरी सुझाव दिनेलगायत नेपाल सरकार र प्रदेश सरकारले तोकेका अन्य कार्य जिल्ला सभाले गर्न सक्ने व्यवस्था गरेको छ ।

३५८. जिल्ला समन्वय समितिको गठन कसरी हुन्छ ?

जिल्ला सभाका तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरू सम्पादन गर्न प्रत्येक जिल्लामा एक जिल्ला समन्वय समिति रहने संवैधानिक व्यवस्था छ । जिल्ला सभाले निर्वाचित गरेका एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको गठन हुन्छ । जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच वर्षको हुन्छ । जिल्लाभित्रका गाउँ सभा र नगर सभाका सदस्यहरूले जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यमा उम्मेदवारी दिन पाउँछन् भने जिल्ला सभाका सदस्यहरू मात्र मतदाताका रूपमा रहन्छन् । संविधान र कानुनमा स्पष्ट उल्लेख नभए तापनि जिल्ला समन्वय समितिको निर्वाचन गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डलबाट हुने अप्रत्यक्ष निर्वाचन हो । जिल्ला समन्वय समितिको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढी मत ल्याउने निर्वाचित हुने व्यवस्थाबमोजिम हुन्छ ।

३५९. गाउँपालिका तथा नगरपालिकाको निर्वाचन कसरी हुन्छ ?

गाउँपालिका तथा नगरपालिकाको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढी मत ल्याउने निर्वाचित हुने व्यवस्थाबमोजिम बालिग मताधिकारका आधारमा गोप्य मतदानको प्रक्रियाबाट हुन्छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख, गाउँपालिका र नगरपालिकाका वडाका वडा अध्यक्ष, दलित महिला वडा सदस्य र महिला वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार हुन्छ भने गाउँपालिका र नगरपालिकाको वडाका अन्य समूहका वडा सदस्यको निर्वाचन बढी मत ल्याउने निर्वाचित हुने व्यवस्थाबमोजिम हुन्छ । नेपालको संविधानले गाउँपालिकाको अध्यक्ष र नगरपालिकाको प्रमुख पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति गाउँपालिका र नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था गरेको छ ।

३६०. गाउँपालिका र नगरपालिकामा न्यायिक समितिको गठन कसरी हुन्छ ?

न्यायको विकेन्द्रीकरण तथा न्यायमा सर्वसाधारणको सहज पहुँचका लागि कानुनबमोजिम आफ्नो क्षेत्राधिकारभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिका र नगरपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था छ । गाउँपालिकामा गाउँ कार्यपालिकाका उपाध्यक्ष र नगरपालिकामा नगर कार्यपालिकाका उपप्रमुखको संयोजकत्वमा सम्बन्धित सभाले आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यसहित तीन सदस्यीय न्यायिक समिति गठन हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिलाई निश्चित विषयमा प्रचलित कानुनले निर्धारण गरेको कार्यविधि अपनाई निर्णय गर्ने क्षेत्राधिकार र केही विषयमा मेलमिलापको माध्यमबाट विवाद निरूपण गर्ने गरी अधिकार तोकेको छ । यस ऐनले न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यले सामूहिक रूपमा गर्ने र बहुमतको राय न्यायिक समितिको निर्णय हुने व्यवस्था गरेको छ ।

३६१. स्थानीय कार्यपालिकालाई समावेशी बनाउन केकस्तो व्यवस्था गरिएको छ ?

स्थानीय कार्यपालिका भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिका बुझ्नुपर्दछ । स्थानीय कार्यपालिकालाई लैङ्गिक तथा समावेशी बनाउनका लागि गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निश्चित सङ्ख्यामा महिला र दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । स्थानीय तहको निर्वाचनमा राजनीतिक दलका तर्फबाट अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुख दुबै पदमा उम्मेदवारी दिँदा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना एवम् नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखमध्ये एक जना महिला उम्मेदवार हुनुपर्ने कानुनी व्यवस्था छ । गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा सम्बन्धित सभाबाट निर्वाचित हुने सदस्यहरू पूर्णरूपमा लैङ्गिक तथा समावेशी सिद्धान्तअनुरूप निर्वाचित गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । जसअनुसार गाउँ कार्यपालिकामा गाउँ सभाले आफूमध्येबाट चार जना महिला सदस्य तथा गाउँपालिकाभित्रका गाउँपालिका निर्वाचनमा उम्मेदवार हुन योग्य दुईजना दलित वा अल्पसङ्ख्यक समुदायका सदस्यको निर्वाचन गर्नुपर्ने तथा नगर कार्यपालिकामा नगर सभाले आफूमध्येबाट पाँच जना महिला सदस्य र नगरपालिकाभित्रका नगरपालिका निर्वाचनमा उम्मेदवार हुन योग्य तीन जना दलित वा अल्पसङ्ख्यक समुदायका सदस्यको निर्वाचन गर्नुपर्छ ।

३६२. स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन केकस्तो योग्यता चाहिन्छ ?

स्थानीय तहको निर्वाचनले गाउँपालिका र नगरपालिकाको निर्वाचनलाई जनाउँछ । गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख पदमा उम्मेदवार हुनका लागि २१ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानुनले अयोग्य नभएको हुनुपर्दछ । त्यसै गरी गाउँपालिका र नगरपालिकाको वडा अध्यक्ष र वडा सदस्यको उम्मेदवार हुनका लागि २१ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक, गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानुनले अयोग्य नभएको हुनुपर्दछ ।

३६३. स्थानीय तहका जनप्रतिनिधिहरूको शपथ ग्रहणसम्बन्धी व्यवस्था के छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका अध्यक्ष तथा प्रमुखले निर्वाचित भएको सात दिनभित्र आफ्नो कार्यभार सम्हाल्नुअगावै सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ । उपाध्यक्ष, उपप्रमुख, वडाअध्यक्ष र वडा सदस्यले अध्यक्ष वा प्रमुखसमक्ष आफ्नो कार्यभार सम्हाल्नुअगावै पद तथा गोपनीयताको शपथ लिनुपर्छ ।

३६४. स्थानीय तहका पदाधिकारीको पद कुन अवस्थामा रिक्त हुन्छ ?

स्थानीय तहका पदाधिकारी भन्नाले गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र सदस्य, नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख र सदस्य एवम् जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यलाई बुझाउँछ । स्थानीय तहका पदाधिकारीको पद देहायको अवस्थामा रिक्त हुने कानुनी व्यवस्था छ :

- लिखित राजीनामा दिएमा,
- पदावधि समाप्त भएमा,
- दल त्याग गरेमा,
- सदस्यताको योग्यता नभएमा वा नरहेमा,
- निजको मृत्यु भएमा ।

त्यसै गरी नेपालको संविधानको धारा २२० को उपधारा (४) ले जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पदमा कुनै गाउँ सभा वा नगर सभाको सदस्य निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभा सदस्य पद स्वतः रिक्त हुने व्यवस्था गरेको छ ।

३६५. प्रदेश सभा भनेको के हो ?

नेपालको संविधानले तीन तहका सङ्घीय एकाइको व्यवस्था गरेको छ । त्यसमध्ये प्रादेशिक तहको सङ्घीय एकाइ प्रदेश हो । प्रदेश कानुनको निर्माणलगायत प्रदेश तहको व्यवस्थापकीय कार्य सम्पन्न गर्न एक सदनात्मक व्यवस्थापिका रहने व्यवस्था छ । यस्तो व्यवस्थापिकालाई प्रदेश सभा भनिन्छ । प्रदेश सभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कायम भएको सदस्य सङ्ख्याको दोब्बर सङ्ख्या र उक्त सङ्ख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशत सदस्यहरू समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुने गरी कायम भएको सङ्ख्यामा सदस्य रहने संवैधानिक व्यवस्था रहेको छ । नेपालको संविधानको अधीनमा रही प्रदेशको व्यवस्थापकीय अधिकार प्रदेश सभामा निहित रहन्छ । संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।

३६६. प्रदेश सभाको गठन कसरी हुन्छ ?

नेपालको संविधानबमोजिम सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुन्छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनबाट निर्वाचित गरी प्रदेश सभाको गठन हुन्छ । यसरी प्रदेश सभा गठनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचन गरिन्छ । प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी संवैधानिक प्रावधानका कारण प्रत्येक प्रदेशमा प्रदेश सभा सदस्यको सङ्ख्या फरकफरक हुन सक्छ । तथापि प्रत्येक प्रदेशमा ६० प्रतिशत प्रदेश सभा सदस्य प्रदेशअन्तर्गतका प्रत्येक निर्वाचन क्षेत्रबाट एक व्यक्ति एक मतका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम र ४० प्रतिशत सदस्यहरू राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने संवैधानिक व्यवस्था छ । संविधानबमोजिम

अगावै विघटन भएकामा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ । सम्बन्धित प्रदेशमा सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश लागु रहेको अवस्थामा प्रदेश ऐनबमोजिम प्रदेश सभाको कार्यकाल एक वर्षमा नबढ्ने गरी थप गर्न सकिन्छ । यसरी थप गरिएको कार्यकाल सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुने व्यवस्था छ ।

३६७. सात प्रदेशका प्रदेश सभामा जम्मा कति जना सदस्य निर्वाचित हुने व्यवस्था छ ?

सातवटै प्रदेश सभामा गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ तीन सय तिस जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई सय बिस जना गरी जम्मा पाँच सय पचास जना सदस्य निर्वाचित हुने व्यवस्था छ । प्रदेश सभामा निर्वाचित हुने सदस्यको प्रदेशगत विवरण देहायबमोजिम छ :

प्रदेश	**निर्वाचित हुने सदस्य सङ्ख्या**		
	पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट	**समानुपातिक निर्वाचन प्रणालीबाट**	**जम्मा**
प्रदेश नं.१	५६ (छपन्न)	३७ (सैंतिस)	९३ (त्रियानब्बे)
प्रदेश नं.२	६४ (चौंसट्ठी)	४३ (त्रिचालिस)	१०७ (एक सय सात)
बाग्मती प्रदेश	६६ (छैंसट्ठी)	४४ (चवालिस)	११० (एक सय दश)
गण्डकी प्रदेश	३६ (छत्तीस)	२४ (चौबिस)	६० (साठी)
लुम्बिनी प्रदेश	५२ (बाउन्न)	३५ (पैंतिस)	८७ (सतासी)
कर्णाली प्रदेश	२४ (चौबिस)	१६ (सोह्र)	४० (चालिस)
सुदूर पश्चिम प्रदेश	३२ (बत्तिस)	२१ (एक्काइस)	५३ (त्रिपन्न)
जम्मा	**३३०** **(तीन सय तिस)**	**२२०** **(दुई सय बिस)**	**५५०** **(पाँच सय पचास)**

३६८. समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा ध्यान दिनुपर्ने विषय केके हुन् ?

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मतदाताले आफ्नो रोजाइको राजनीतिक दललाई मत दिने र राजनीतिक दलले प्राप्त गरेको मतका आधारमा दललाई प्राप्त हुने सिट सङ्ख्याअनुसार बन्द सूचीमा समावेश भएका उम्मेदवारलाई निर्वाचित गर्ने गर्दछन् । नेपालले अवलम्बन गरेको समानुपातिक निर्वाचन प्रणालीमा मतदातालाई उम्मेदवार छनोटको अवसर नहुने हुँदा राजनीतिक दलले नै भूगोल र जनसङ्ख्याको बनोटबमोजिम समावेशी एवम् समानुपातिक प्रतिनिधित्व गराउने प्रयत्न गर्नुपर्ने हुन्छ । तसर्थ, समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा देहायका विषयमा ध्यान दिनुपर्दछ :

- उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई प्रदेशको जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्ने,

- उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने,

- समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्ने,

- कुल उम्मेदवारको कम्तीमा पचास प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नुपर्ने,

- समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्धारित कुल सदस्य सङ्ख्याभन्दा बढी हुने गरी उम्मेदवारको नाम समावेश गर्न नहुने,

- उम्मेदवारको बन्दसूची सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समिति वा सोसरहको समितिबाट स्वीकृत गराई तोकिएको समयभित्र निर्वाचन आयोगमा पेस गर्नुपर्ने,

- उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिले सो दलका तर्फबाट उम्मेदवार हुन मन्जुर गरेको मन्जुरनामा पेस गर्नुपर्ने ।

३६९. प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन केके योग्यता चाहिन्छ ?

नेपालको संविधानले नेपालको नागरिक, सम्बन्धित प्रदेशको मतदाता रहेको, पच्चिस वर्ष उमेर पूरा भएको, नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, कुनै कानुनले अयोग्य नभएको र कुनै लाभको पदमा बहाल नरहेको व्यक्ति प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन योग्य हुने व्यवस्था गरेको छ । संविधानबमोजिम प्रदेश सभा सदस्यको उम्मेदवार हुने प्रयोजनका लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पद सम्झनुपर्ने व्यवस्था छ । साथै निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति प्रदेश सभाको सदस्य पदमा निर्वाचित भएमा त्यस्तो पदको शपथ ग्रहण गरेको दिनदेखि निजको साविकको पद स्वतः रिक्त हुने व्यवस्था छ ।

३७०. प्रदेश सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ?

देहायको कुनै अवस्थामा प्रदेश सभा सदस्यको स्थान रिक्त हुने संवैधानिक व्यवस्था छ :

- प्रदेश सभाको सभामुखसमक्ष लिखित राजीनामा दिएमा,
- प्रदेश सभा सदस्यका लागि आवश्यक योग्यता नभएमा वा नरहेमा,
- प्रदेश सभाको कार्यकाल समाप्त भएमा वा विघटन भएमा,
- प्रदेश सभालाई सूचना नदिई लगातार दश ओटा बैठकमा अनुपस्थित रहेमा,
- जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले सङ्घीय कानुनबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा,
- मृत्यु भएमा ।

३७१. सङ्घीय संसद् भनेको के हो ?

नेपालको संविधानले तीन तहका सङ्घीय एकाइको व्यवस्था गरेको छ । त्यसमध्ये केन्द्रीय तहको सङ्घीय एकाइ सङ्घ हो । सङ्घीय कानुनको निर्माणलगायत सङ्घीय तहको व्यवस्थापकीय कार्य सम्पन्न गर्न प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको सङ्घीय व्यवस्थापिकाको गठन हुने संवैधानिक व्यवस्था छ जसलाई सङ्घीय संसद् भनिन्छ । सङ्घीय संसद्मा प्रतिनिधि सभाका २७५ जना र राष्ट्रिय सभाका ५९ जना गरी कुल ३३४ सदस्य रहन्छन् । नेपालको संविधानको अधीनमा रही सङ्घको व्यवस्थापकीय अधिकार सङ्घीय व्यवस्थापिकामा निहित रहन्छ । संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ भने स्थायी सदनका रूपमा रहने राष्ट्रिय सभाका सदस्यको कार्यकाल छ वर्षको हुन्छ ।

३७२. प्रतिनिधि सभाको गठन कसरी हुन्छ ?

प्रतिनिधि सभा सङ्घीय व्यवस्थापिकामा रहने दुई सदनमध्येको एक सदन हो । प्रतिनिधि सभालाई तल्लो सदन पनि भन्ने गरिन्छ । नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैँसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एक सय पैँसठ्ठी अर्थात् ६० प्रतिशत सदस्य तथा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने ११० जना अर्थात् ४० प्रतिशत सदस्य गरी जम्मा २७५ जना सदस्य रहन्छन् । प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका एक जना सभामुख र एक जना उपसभामुख रहन्छन् । संविधानबमोजिम अगावै विघटन भएकामा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश लागु भएको अवस्थामा सङ्घीय ऐनबमोजिम एक वर्षमा नबढ्ने गरी कार्यकाल थप गर्न सकिन्छ । यसरी थप गरिएको कार्यकाल सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुने व्यवस्था छ ।

३७३. समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा ध्यान दिनुपर्ने विषय केके हुन् ?

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मतदाताले आफ्नो रोजाइको राजनीतिक दललाई मत दिने र राजनीतिक दलले प्रप्त गरेको मतका आधारमा दललाई प्राप्त हुने सिट सङ्ख्याअनुसार बन्दसूचीमा समावेश भएका उम्मेदवारलाई निर्वाचित गर्ने गर्दछन् । समानुपातिक निर्वाचन प्रणालीमा मतदातालाई उम्मेदवार छनोटको अवसर नहुने हुँदा राजनीतिक दलले नै भूगोल र जनसङ्ख्याको बनोटबमोजिम समावेशी एवम् समानुपातिक प्रतिनिधित्व गराउने प्रयत्न गर्नुपर्ने हुन्छ । तसर्थ, समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा देहायका विषयमा ध्यान दिनुपर्दछ :

- उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र समूहको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बन्दसूची तयार गर्नुपर्ने,

- उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने,

- समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्ने,

- कुल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने,

- समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्धारित कुल सदस्य सङ्ख्याभन्दा बढी हुने गरी उम्मेदवारको नाम समावेश गर्न नहुने,

- उम्मेदवारको बन्दसूची तयार गर्दा प्रत्येक समावेशी आधारमा समावेश गरिएका उम्मेदवार छुट्टिने गरी तोकिएको ढाँचामा तयार गर्नुपर्ने,

- उल्लिखित प्रावधानबमोजिम तयार गरिएको उम्मेदवारको बन्दसूची तोकिएको समयभित्र निर्वाचन अयोगमा पेस गर्नुपर्ने,

- उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिले सो दलका तर्फबाट उम्मेदवार हुन मन्जुर गरेको मन्जुरनामा पेस गर्नुपर्ने ।

३७४. प्रतिनिधि सभाको कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति कसरी गरिन्छ ?

प्रतिनिधि सभाको कार्यकाल ६ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएमा त्यस्तो पद उपनिर्वाचनबाट पूर्ति गरिन्छ । साथै समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित सदस्यको स्थान रिक्त भएमा सङ्घीय संसद् सचिवालयले आयोगलाई जानकारी गराउनुपर्ने र आयोगले सम्बन्धित दललाई अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाउन सात दिनको समय दिई जानकारी गराउनुपर्दछ । राजनीतिक दलले केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयअनुसार जुन समावेशी समूहको सदस्यको पद रिक्त भएको हो उपलब्ध भएसम्म सोही समूहको बन्द सूचीमा कायम रहेको अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाएपछि आयोगले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्दछ ।

३७५. प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ?

प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता चाहिन्छ :

- नेपालको नागरिक,
- मतदाता नामावलीमा नाम समावेश भएको,
- पच्चिस वर्ष उमेर पूरा भएको,
- कुनै सङ्घीय कानुनले अयोग्य नभएको र
- कुनै लाभको पदमा बहाल नरहेको ।

संविधानबमोजिम प्रतिनिधि सभा सदस्यको उम्मेदवार हुने प्रयोजनका लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पद सम्झनुपर्ने व्यवस्था छ । साथै निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित भएमा त्यस्तो पदको शपथ ग्रहण गरेको दिनदेखि निजको साविकको पद स्वतः रिक्त हुने व्यवस्था छ ।

प्रतिनिधि सभाको सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कायम भएका १६५ निर्वाचन क्षेत्रमध्ये कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन सक्छ । तर कुनै पनि उम्मेदवारले एकभन्दा बढी निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन पाइँदैन । साथै समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिन पाउँदैन ।

३७६. प्रतिनिधि सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ?

प्रतिनिधि सभा सदस्यको पद देहायको अवस्थामा रिक्त हुने संवैधानिक व्यवस्था छ :

- सभामुखसमक्ष लिखित राजीनामा दिएमा,
- प्रतिनिधि सभाको सदस्यका लागि आवश्यक योग्यता नभएमा वा नरहेमा,
- प्रतिनिधि सभाको कार्यकाल समाप्त भएमा,
- प्रतिनिधि सभालाई सूचना नदिई लगातार १० ओटा बैठकमा अनुपस्थित रहेमा,
- सम्बन्धित दलले सङ्घीय कानुनबमोजिम दल त्याग गरेको सूचना दिएमा,
- मृत्यु भएमा ।

३७७. राष्ट्रिय सभाको गठन कसरी हुन्छ ?

राष्ट्रिय सभा सङ्घीय व्यवस्थापिकामा रहने दुई सदनमध्ये एक हो । राष्ट्रिय सभालाई माथिल्लो सदन पनि भनिन्छ भने यो स्थायी सदनका रूपमा रहन्छ । राष्ट्रिय सभामा

निर्वाचित छपन्न जना र मनोनीत तीन जना गरी जम्मा उनन्साठी सदस्य रहन्छन् । जसमध्ये प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित, एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचक मण्डलद्वारा निर्वाचित हुने ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा १ जना महिलासहित ३ जना रहने व्यवस्था छ । राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको थियो सोही तरिकाले हुन्छ । राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुने भए तापनि एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने हुँदा राष्ट्रियसभा सदस्यका लागि प्रत्येक दुई वर्षमा निर्वाचन हुन्छ । नेपालको संविधान जारी भएपछि पहिलोपटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्ष कायम गरिएको छ । राष्ट्रिय सभामा सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका एक जना अध्यक्ष र एक जना उपाध्यक्ष रहन्छन् ।

३७८. राष्ट्रिय सभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचक मण्डल भन्नाले के बुझिन्छ ?

निर्वाचक मण्डल भन्नाले निर्वाचित जनप्रतिनिधिहरू नै मतदाता भएर कुनै प्रतिनिधिको निर्वाचन गर्न मतदाताका रूपमा तोकिएको समूहलाई बुझिन्छ । निर्वाचक मण्डलमार्फत हुने निर्वाचनमा उम्मेदवारलाई सबै बालिग मतदाताले प्रत्यक्ष रूपमा आफैँ मतदान गर्न पाउँदैनन् । आफूले मत दिएर निर्वाचक मण्डलमा पठाएको व्यक्तिले दिएको मत नै आफ्नो मत हो भन्ने बाध्यता मतदातालाई हुन्छ । नेपालका सन्दर्भमा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन र राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि निर्वाचक मण्डल रहने व्यवस्था छ । राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि तोकिएको निर्वाचक मण्डलमा प्रदेश सभाका सदस्यहरू, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख रहन्छन् । तर निर्वाचक मण्डलका सदस्यहरूको मतभार सङ्घीय कानुनबमोजिम फरकफरक हुने संवैधानिक व्यवस्था भएअनुसार राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ ले प्रदेश सभा सदस्यको मतभार ४८ र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखको मतभार १८ निर्धारण गरेको छ ।

३७९. नेपालको संविधानमा निर्वाचक मण्डलमार्फत हुने निर्वाचन कुनकुन हुन् ?

नेपालको संविधानअनुसार राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभा सदस्यको निर्वाचन निर्वाचक मण्डलमार्फत हुने व्यवस्था छ । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहन्छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ ले सङ्घीय संसद्का सदस्यको मतभार ७९ र प्रदेश सभा सदस्यको मतभार ४८ निर्धारण गरेको छ ।

राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि प्रदेश सभाका सदस्यहरू, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डल रहन्छ । राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ ले प्रदेश सभा सदस्यको मतभार ४८ र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखको मतभार १८ निर्धारण गरेको छ ।

संविधान र कानुनमा स्पष्ट उल्लेख नभए तापनि जिल्ला समन्वय समितिको निर्वाचन गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डलबाट हुने व्यवस्था छ । यसमा निर्वाचक मण्डलका सदस्यहरूको मतभार तोकिएको छैन ।

३८०. राष्ट्रिय सभा सदस्यको रिक्त स्थानको पूर्ति गर्नेसम्बन्धी के व्यवस्था रहेको छ ?

राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुने भए तापनि एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने हुँदा राष्ट्रिय सभा सदस्यका लागि प्रत्येक दुई वर्षमा निर्वाचन हुन्छ । नेपालको संविधान जारी भएपछि पहिलोपटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्ष कायम गरिएको छ । राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको थियो सोही तरिकाले हुन्छ । राष्ट्रिय सभामा निर्वाचित कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको पैँतिस दिनभित्र नेपाल सरकारले तोकेको मितिमा आयोगले त्यस्तो रिक्त सदस्यको पद बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पूर्ति गर्ने व्यवस्था छ । यस्तो उपनिर्वाचन गर्नुपर्ने अवस्थामा जुन समूह र तरिकाबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको हो सोही समूह र तरिकाबाट मतदाताले दिने एक मतका आधारमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुने व्यवस्था छ ।

३८१. राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ?

नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा व्यवस्था भएबमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनका लागि देहायअनुसारको योग्यता आवश्यक हुन्छ :

- नेपालको नागरिक,
- पैंतिस वर्ष उमेर पूरा भएको,
- कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,
- नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,
- कुनै सङ्घीय कानुनले अयोग्य नभएको,
- कुनै लाभको पदमा बहाल नरहेको ।

नेपालको संविधानबमोजिम राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुने प्रयोजनका लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पद हो । राजनीतिक पदमा बहाल रहेको व्यक्ति राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित भएमा त्यस्तो पदको शपथ ग्रहण गरेको दिनदेखि निजको साविकको पद स्वतः रिक्त हुने व्यवस्था छ ।

३८२. राष्ट्रिय सभा सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ ?

राष्ट्रिय सभा सदस्यको पद देहायको अवस्थामा रिक्त हुन्छ :

- अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,
- राष्ट्रिय सभाको सदस्यका लागि आवश्यक योग्यता नभएमा वा नरहेमा,
- राष्ट्रिय सभाको पदावधि समाप्त भएमा,
- राष्ट्रिय सभालाई सूचना नदिई लगातार १० ओटा बैठकमा अनुपस्थित रहेमा,

- सम्बन्धित दलले सङ्घीय कानुनबमोजिम दल त्याग गरेको सूचना दिएमा,
- मृत्यु भएमा ।

३८३. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुनका लागि केकस्तो योग्यता चाहिन्छ ?

नेपालको संविधान र राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपति निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता आवश्यक हुन्छ :

- सङ्घीय संसद्को सदस्य हुन योग्य भएको,
- कम्तीमा पैँतालिस वर्ष उमेर पूरा भएको,
- कुनै कानुनले अयोग्य नभएको,
- वंशजका आधारमा नेपाली नागरिक भएको,
- कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,
- कुनै लाभको पदमा बहाल नरहेको ।

तर दुईपटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपति तथा उपराष्ट्रपति पदमा उम्मेदवार हुने प्रयोजनका लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पद सम्झनुपर्दछ ।

उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया, पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिसरह हुने संवैधानिक व्यवस्था रहेको हुँदा उपराष्ट्रपति निर्वाचनका लागि उम्मेदवार हुन माथि उल्लेख भएबमोजिमकै योग्यता आवश्यक हुन्छ ।

३८४. राष्ट्रपति तथा उपराष्ट्रपतिको पद कुन अवस्थामा रिक्त हुन्छ ?

राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने तथा यसबमोजिम पदावधि समाप्त भएको राष्ट्रपतिले अर्को निर्वाचित राष्ट्रपतिले पदभार नसम्हालेसम्म संविधानबमोजिमको कार्य सम्पादन गर्ने संवैधानिक व्यवस्था छ । राष्ट्रपति वा उपराष्ट्रपतिको पद देहायको कुनै अवस्थामा रिक्त हुन्छ :

- राष्ट्रपतिले उपराष्ट्रपतिसमक्ष र उपराष्ट्रपतिले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,
- संविधान र कानुनको गम्भीर उल्लङ्घन गरेका आधारमा प्रतिनिधि सभाबाट निजका विरुद्ध महाभियोगको प्रस्ताव पारित भएमा,
- पदावधि समाप्त भएमा,
- मृत्यु भएमा ।

नेपालको संविधानको धारा २८० ले राष्ट्रपतिको कार्य गर्नेसम्बन्धी विशेष व्यवस्थाअन्तर्गत राष्ट्रपति र उपराष्ट्रपति दुवैको पद रिक्त भएमा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भई कार्यभार नसम्हालेसम्म राष्ट्रपतिबाट गरिने कार्य प्रतिनिधि सभाको सभामुखले सम्पादन गर्ने व्यवस्था गरेको छ ।

३८५. राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि बाँकी रहदै पद रिक्त भएमा सो पदपूर्ति कसरी गरिन्छ ?

राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि बाँकी रहदै कुनै कारणले पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी निर्वाचन आयोगले निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्छ । राष्ट्रपति र उपराष्ट्रपतिको पद एकैपटक रिक्त भएका अवस्थामा राष्ट्रपतिको निर्वाचन भई परिणाम घोषणा भएको सात दिनभित्र आयोगले उपराष्ट्रपति निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ । यसरी पदावधि बाँकी छँदै रिक्त हुन आएको राष्ट्रपति तथा उपराष्ट्रपतिको पद नेपालको संविधान र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिमको प्रक्रिया पूरा गरी सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट निर्वाचनद्वारा पूर्ति गरिन्छ ।

७.३ निर्वाचन अधिकृतको नियुक्ति, कार्यालय स्थापना, काम, कर्तव्य र अधिकार

३८६. निर्वाचन अधिकृत भन्नाले कसलाई बुझाउँछ ?

निर्वाचन अधिकृत भन्नाले निर्वाचनको कामका लागि आयोगले नियुक्त गरेको मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतसमेतलाई बुझाउँछ । आयोगको सङ्गठन संरचनामा यो पद निर्वाचन अवधिका समयमा मात्र रहन्छ । आफूलाई तोकिएको निर्वाचन क्षेत्रभित्र निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्नु निर्वाचन अधिकृतको मुख्य जिम्मेवारी हुन्छ । सामान्यतया न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गरिन्छ । कुनै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र भएमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र अन्य न्यायाधीश एवम् न्याय सेवाका अधिकृत कर्मचारीहरूलाई निर्वाचन अधिकृतमा नियुक्ति गरिन्छ । राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृतमा नियुक्त गरिन्छ ।

स्थानीय तह निर्वाचनको हकमा न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्त गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत निर्वाचन अधिकृतमा नियुक्ति गर्न सकिने व्यवस्था छ ।

३८७. निर्वाचन अधिकृतको मुख्य काम के हो ?

स्थानीय तहका जनप्रतिनिधिदेखि राष्ट्रपतिसम्मका सबै किसिमका निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी निर्वाचन अधिकृतको हो । निर्वाचन आयोगको निर्देशनका अधीनमा रही आफूलाई तोकिएको जिम्मेवारीभित्रको निर्वाचनसम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गर्ने कर्तव्य निर्वाचन अधिकृतको हुन्छ । निर्वाचन कार्यक्रमबमोजिम उम्मेदवारको मनोनयन दर्ता, मनोनयनउपर उजुरी लिने, उजुरीउपर छानबिन गर्ने, उम्मेदवारको अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, निर्वाचन चिह्न वितरण गर्ने, आचारसंहिताको पालना गराउने, मतदानका लागि कर्मचारी खटाउने, मतदान गराउने, मतगणना गराउने, आफनो क्षेत्रको निर्वाचन विवाद निरूपण गर्ने र

निर्वाचन परिणाम प्रकाशन गरी आयोगमा प्रतिवेदन बुझाउने आदि निर्वाचन अधिकृतका मुख्य काम हुन् ।

३८८. स्थानीय तह निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ?

स्थानीय तह निर्वाचनका लागि न्यायपरिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने व्यवस्था रहेको छ । तर न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्त गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत निर्वाचन अधिकृत नियुक्त गर्न सकिने कानुनी व्यवस्था रहेको छ ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको पदमा नियुक्तिका लागि आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतको विवरण उपलब्ध गराउने सम्बन्धमा न्याय परिषद् र न्याय सेवा आयोगको परामर्शका लागि निर्वाचन आयोगको निर्णयानुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिन्छ । आवश्यक सङख्यामा न्याय सेवाका अधिकृत उपलब्ध हुन नसकेका अवस्थामा अन्य सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत माग गरी आयोगको निर्णयानुसार सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा पत्राचार गरिन्छ । आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीश तथा अन्य अधिकृतको विवरण प्राप्त भएपछि निर्वाचन आयोगसमक्ष पेस गरी आयोगबाट निर्णय भएबमोजिम स्थानीय तहसमेत तोकी निर्वाचन अधिकृतको पदमा नियुक्त गरिन्छ ।

३८९. प्रदेश सभा सदस्य एवम् प्रतिनिधि सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ?

प्रदेश सभा सदस्य एवम् प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने व्यवस्था रहेको छ । कुनै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र भएमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र अन्य न्यायाधीश एवम् न्याय सेवाका अधिकृत कर्मचारीहरूलाई निर्वाचन अधिकृतमा नियुक्त गरिन्छ । मुख्य निर्वाचन अधिकृतमा नियुक्त

जिल्ला न्यायाधीशलाई जिल्लाको सदरमुकाम रहेको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतका रूपमा समेत काम गर्ने गरी जिम्मेवारी तोकिन्छ ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको पदमा नियुक्तिका लागि आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतको विवरण उपलब्ध गराउने सम्बन्धमा न्याय परिषद् र न्याय सेवा आयोगको परामर्शका लागि निर्वाचन आयोगको निर्णयानुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिन्छ । आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीश तथा अन्य अधिकृतको विवरण प्राप्त भएपछि निर्वाचन आयोगसमक्ष पेस गरी आयोगबाट निर्णय भएबमोजिम निर्वाचन क्षेत्रसमेत तोकी मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको पदमा नियुक्त गरिन्छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि भने आयोगले एक जना निर्वाचन अधिकृत र आवश्यक सङ्ख्यामा सहायक निर्वाचन अधिकृत नियुक्त गर्न सक्ने व्यवस्था छ । वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगका सचिवलाई समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृत तोकिएको थियो ।

३९०. राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ?

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रत्येक प्रदेशमा एक जना निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था रहेको छ । निर्वाचन आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्दछ । राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सम्बन्धित प्रदेशको उच्च अदालत रहेको जिल्लाको जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतका रूपमा नियुक्त गर्ने अभ्यास रहेको छ ।

निर्वाचन अधिकृतको पदमा नियुक्त गर्न आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीशको विवरण उपलब्ध गराउने सम्बन्धमा न्याय परिषद्को परामर्शका लागि निर्वाचन आयोगको निर्णयानुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिन्छ । आवश्यक सङ्ख्याका जिल्ला न्यायाधीशको विवरण प्राप्त भएपछि निर्वाचन आयोगसमक्ष पेस गरी आयोगबाट निर्णय भएबमोजिम प्रदेश तोकी निर्वाचन अधिकृतको पदमा नियुक्त गरिन्छ ।

३९१. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा निर्वाचन अधिकृतको नियुक्ति कसरी गरिन्छ ?

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा सम्पादन गर्नुपर्ने कामका लागि निर्वाचन आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था रहेको छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरकफरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने हुँदा राष्ट्रपतिको निर्वाचन सम्पन्न भइसकेपछि उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया सुरु हुन्छ । उल्लिखित दुवै निर्वाचनका लागि एकै जना निर्वाचन अधिकृत नियुक्त गर्ने अभ्यास रहेको छ ।

निर्वाचन अधिकृतको पदमा नियुक्ति गर्न उच्च अदालतका न्यायाधीशको विवरण उपलब्ध गराउने सम्बन्धमा न्याय परिषद्को परामर्शका लागि निर्वाचन आयोगको निर्णयानुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिन्छ । आवश्यक सङ्ख्याका उच्च अदालतका न्यायाधीशको विवरण प्राप्त भएपछि निर्वाचन आयोगसमक्ष पेस गरी आयोगबाट निर्णय भएबमोजिम निर्वाचन अधिकृतको पदमा नियुक्त गरिन्छ ।

३९२. निर्वाचन अधिकृतको कार्यालय कति अवधिसम्म सञ्चालनमा रहन्छ ?

कुनै पनि निर्वाचनमा निर्वाचन आयोगले तोकेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिन्छ । निर्वाचन अधिकृतको कार्यालय सञ्चालन अवधि आयोगबाट प्रकाशित हुने निर्वाचन कार्यक्रममा निर्भर रहने हुँदा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन अवधि निर्वाचनको किसिमअनुसार फरकफरक हुन्छ । निर्वाचन अधिकृतको कार्यालय सामान्यतया निर्वाचन कार्यक्रम सुरु हुनुभन्दा एक हप्ताअगाडि आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रममा उल्लेख भएको मितिमा स्थापना भई निर्वाचन परिणाम घोषणा भएको मितिले सामान्यतः ७ दिन पछिसम्म (आयोगले तोकेबमोजिम) सञ्चालनमा रहन्छ । निर्वाचनको किसिमअनुसार निर्वाचन कार्यक्रम लामो तथा छोटो अवधिको हुने हुँदा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन अवधि पनि लामो वा छोटो हुन्छ । राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन अवधि सबैभन्दा कम (करिब पाँच हप्ता) हुन्छ भने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन अवधि सबैभन्दा बढी (करिब चार महिना) हुन्छ ।

३९३. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार केके हुन् ?

निर्वाचन अधिकृत भन्नाले निर्वाचनको कामका लागि आयोगले नियुक्त गरेको मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतसमेतलाई बुझाउँछ । निर्वाचनको किसिमअनुसार निर्वाचन अधिकृतका काम, कर्तव्य र अधिकारमा केही भिन्नता रहे तापनि अधिकांश काम, कर्तव्य र अधिकार समान हुन्छन् । प्रचलित निर्वाचन कानुनमा व्यवस्था भएबमोजिम निर्वाचन अधिकृतका काम, कर्तव्य र अधिकार सामान्यतया देहायबमोजिमका हुन्छन् :

- तोकिएको निर्वाचन क्षेत्रभित्रका मतदान केन्द्रको जाँचबुझ गरी आयोगमा सिफारिस गर्ने तथा आयोगबाट प्राप्त मतदान केन्द्रको सूची प्रकाशन गर्ने,
- निर्वाचन कार्यक्रम प्रकाशन गर्ने,
- निर्वाचनका लागि आवश्यक पर्ने कर्मचारी नियुक्ति र खटनपटन गर्ने,
- आयोगबाट प्राप्त मतपत्रलगायतका निर्वाचन सामग्री बुझिलिने,
- निर्वाचनमा संलग्न हुने कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने गराउने,
- मतपत्रलगायतका निर्वाचन सामग्रीहरू मतदान अधिकृतलाई उपलब्ध गराउने,
- मतदान केन्द्र तथा मतगणना स्थलको सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,
- राजनीतिक दलसँग अन्तर्क्रिया गर्ने,
- आचारसंहिताको पालना गर्ने गराउने,
- मतदान कार्यको अनुगमन निरीक्षण तथा रेखदेख गर्ने गराउने,
- मतदान समाप्त भएपछि मतपेटिका बुझी सुरक्षित राख्ने,
- सबै मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

- मतगणनाको परिणामबारे समयसमयमा मतगणना स्थलमा जानकारी गराई सोको विवरण आयोगमा पठाउने,
- निर्वाचन परिणाम घोषणा गर्ने र सोको विवरण आयोगमा पठाउने,
- मतदान अधिकृतबाट प्राप्त निर्वाचन सामग्रीहरू निर्वाचन कार्यालयमा बुझाउने,
- आयोगबाट स्वीकृत आर्थिक निर्देशिकाबमोजिम खर्च लेख्ने र लेखा राख्ने,
- आन्तरिक लेखा परीक्षण गराई सोसम्बन्धी सम्पूर्ण विवरण आयोगमा बुझाउने,
- निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,
- निर्वाचन अधिकृतले सुनुवाइ गर्ने भनी तोकिएका निर्वाचन विवादको सुनुवाइ गर्ने,
- प्रचलित कानुनी व्यवस्था र निर्वाचन आयोगले समयसमयमा दिएका आदेश वा निर्देशनका अधीनमा रही निर्वाचन कार्यक्रमअनुसारका सबै कार्यक्रम सम्पन्न गर्ने ।

उल्लिखितका अतिरिक्त आयोगको निर्देशनका अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रका निर्वाचन क्षेत्रहरूको निर्वाचनसम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुन्छ । त्यसै गरी निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशनमा रही निर्वाचनसम्बन्धी काममा निर्वाचन अधिकृतलाई सहयोग गर्न सहायक निर्वाचन अधिकृतको कर्तव्य हुन्छ ।

७.४ निर्वाचन कार्यक्रम

३९४. निर्वाचन कार्यक्रम भन्नाले के बुझिन्छ ?

निर्वाचनका समयमा निर्वाचन अधिकृतको कार्यालयबाट सञ्चालन गरिने उम्मेदवारको मनोनयन पत्र दर्तादेखि मतदानसम्मका क्रियाकलापहरू सिलसिलेवार रूपमा समेटिएको कार्यक्रम नै निर्वाचन कार्यक्रम हो । सामान्यतया निर्वाचन प्रणालीअनुसार निर्वाचन कार्यक्रम छुट्टाछुट्टै प्रकाशन गर्ने गरिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारका विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली

प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गरिएको हुन्छ । यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूको निवेदन पेस गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने, राजनीतिक दलहरूले निवेदन पेस गर्ने, निवेदन पेस गरेका दलहरूको नाम प्रकाशन गर्ने, दलले उम्मेदवारको बन्दसूची पेस गर्ने, बन्दसूची सार्वजनिक गर्ने, दाबी विरोधको प्रक्रिया पूरा गरी उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गरिएको हुन्छ । नेपालमा यस्तो निर्वाचन कार्यक्रम निर्वाचन आयोगले तयार गरी निर्वाचनका सरोकारवाला एवम् आम नागरिकको जानकारीका लागि नेपाल राजपत्रमा प्रकाशन गर्नुका साथै निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपश्चात् सो कार्यालयमा समेत प्रकाशन गरिन्छ ।

३९५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार भन्नाले कसलाई बुझाउँछ ?

उम्मेदवार भन्नाले प्रचलित कानुनबमोजिम तोकिएको निर्वाचनका लागि उम्मेदवार हुन मनोनयन गरिएको व्यक्ति भन्ने बुझिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रमअनुसार उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने जस्ता प्रक्रिया पूरा गरी उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिन्छ । अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरू मात्र निर्वाचन चिह्न प्राप्त गरी निर्वाचनको प्रतिस्पर्धामा रहन्छन् । मतगणना सम्पन्न भएपछि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गरी निर्वाचन आयोगले तोकेको ढाँचामा प्रमाण पत्र प्रदान गरिन्छ । यसरी निर्वाचन सम्पन्न भएपछि अन्य उम्मेदवारको उम्मेदवारी स्वतः समाप्त हुन्छ ।

३९६. समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार भन्नाले कसलाई बुझाउँछ ?

समानुपातिक निर्वाचन प्रणालीतर्फ सम्बन्धित निर्वाचन कानुनमा व्यवस्था भएबमोजिमका आधारमा राजनीतिक दलले तयार गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिहरू नै उम्मेदवारका रूपमा रहन्छन् । यसरी पेस भएको बन्दसूची निर्वाचन आयोगले जाँचबुझ गरी दाबी विरोधसमेतका लागि प्रकाशन गर्छ । दाबी

विरोधको प्रक्रिया पूरा भएपछि निर्वाचन आयोगले उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गरी सम्बन्धित दललाई समेत उपलब्ध गराउँछ । यसरी प्रकाशन गरिने अन्तिम बन्दसूचीमा नाम समावेश भएको व्यक्तिलाई सम्बन्धित सभाको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार भनिन्छ । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनका लागि सम्बन्धित दलले आयोगमा पेस गरेको उम्मेदवारको बन्दसूचीलाई नै त्यस्तो उम्मेदवारको मनोनयन पत्र मानिने कानुनी व्यवस्था छ । राजनीतिक दलले पेस गरेको बन्दसूचीमा समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशतभन्दा बढी सङ्ख्यामा उम्मेदवारी दिनुपर्दछ । समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको नाम मनोनयन गर्ने दलले बन्दसूचीबाट हटाउन लेखी पठाएबमोजिम आयोगले नाम हटाएकामा बाहेक त्यस्तो सभाको कार्यकाल रहेसम्म त्यस्तो व्यक्तिको उम्मेदवारी कायमै रहन्छ ।

३९७. उम्मेदवारले झुट्टा विवरण वा कागजातसहित मनोनयन पत्र पेस गरेमा कस्तो सजाय हुन्छ ?

कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवारी दिने व्यक्तिले उक्त पदका निम्ति आवश्यक पर्ने योग्यता र तोकिएबमोजिमका कागज प्रमाणसहित उम्मेदवारी दिनुपर्दछ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ अनुसार कसैले पनि उम्मेदवारी दिँदा झुटो विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेस गर्न वा गर्न लगाउन हुँदैन । झुटो विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेस गरेमा त्यस्तो व्यक्तिको उम्मेदवारी बदर गरी निजलाई निर्वाचन अधिकृतले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । यदि झुटो विवरण दिई उम्मेदवार मनोनयन गरी त्यस्तो उम्मेदवार विजयी भएकामा निजले पेस गरेको विवरण तथा कागजात झुटो ठहरी उक्त व्यक्ति उम्मेदवार हुन अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुने कानुनी व्यवस्था छ ।

३९८. लाभको पद भन्नाले के बुझिन्छ ?

नेपालको संविधानबमोजिम लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पदलाई बुझाउँछ । सामान्यतया नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक

पाउने गरी बहाल रहेको व्यक्तिलाई लाभको पदमा रहेको मानिएको छ । यसरी लाभको पदमा बहाल रहेको कुनै व्यक्ति प्रचलित कानुनबमोजिम कुनै पनि निर्वाचनमा उम्मेदवार हुन योग्य हुँदैन ।

३९९. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ?

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा देहायका कागजात पेस गर्नु पर्दछ :

- उम्मेदवारले वंशजका आधारमा प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
- कुनै गाउँपालिका वा नगरपालिकाको तत्काल कायम रहेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- अन्तिम मतदाता नामावलीमा प्रस्तावक र समर्थकको नाम रहेको निस्सा वा मतदाता परिचय पत्रको प्रतिलिपि,
- धरौटी जम्मा गरेको नगदी रसिद वा बैङ्क भौचर,
- दलको उम्मेदवारका हकमा सो दलले मनोनयन गरेको औपचारिक पत्र ।

४००. राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ?

राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा देहायका कागजात पेस गर्नुपर्दछ :

- उम्मेदवारको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
- कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाता नामावलीको उतार,
- धरौटी जम्मा गरेको रसिद वा भौचर,

- दलको उम्मेदवारको हकमा सो दलले मनोनयन गरेको औपचारिक पत्र,
- दलित पदका लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुने पदका लागि उम्मेदवारी दिने अपाङ्गता भएका व्यक्तिले प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले दिएको अपाङ्गताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र अल्पसङ्ख्यक समुदायका व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- प्रस्तावक र समर्थकको नाम सम्बन्धित प्रदेशको निर्वाचक मण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण,
- उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा ।

४०१. प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेद्वारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ?

प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा देहायका कागजात पेस गर्नुपर्दछ :

- नेपाली नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्रको प्रतिलिपि,
- उम्मेदवार, प्रस्तावक र समर्थकको मतदाता नामावलीमा नाम रहेको निस्सा वा मतदाता परिचय पत्रको प्रतिलिपि,
- धरौटी जम्मा गरेको रसिद वा भौचर,
- दलको उम्मेदवारको हकमा सो दलले मनोनयन गरेको औपचारिक पत्र ।

४०२. प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ?

प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा देहायका कागजात पेस गर्नुपर्दछ :

- नेपाली नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्रको प्रतिलिपि,
- सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- अन्तिम मतदाता नामावलीमा प्रस्तावक र समर्थकको नाम रहेको निस्सा,
- धरौटी जम्मा गरेको रसिद वा भौचर,
- दलको उम्मेदवारको हकमा सो दलले मनोनयन गरेको औपचारिक पत्र ।

४०३. स्थानीय तह निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजातहरू केके हुन् ?

स्थानीय तह निर्वाचनमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा देहायका कागजात पेस गर्नुपर्दछ :

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
- वडा अध्यक्ष र वडा सदस्य पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- दलित महिला वडा सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदका लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य रहेको निस्सा,

- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

- गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

- जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदका लागि सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाको सदस्य रहेको निस्सा,

- प्रस्तावक र समर्थकको मतदाता नामावलीमा नाम रहेको निस्सा वा मतदाता परिचय पत्रको प्रतिलिपि,

- धरौटी जम्मा गरेको नगदी रसिद वा बैङ्क भौचर,

- दलको उम्मेदवारका हकमा सो दलले मनोनयन गरेको औपचारिक पत्र ।

४०४. निर्वाचनमा उम्मेदवारी दर्ता कहाँ गरिन्छ ?

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि निर्वाचन आयोगबाट प्रकाशन गरिएको निर्वाचन कार्यक्रममा उल्लेख भएको मिति र समयमा उम्मेदवार निज स्वयम्ले वा निजको प्रतिनिधि वा प्रस्तावक वा समर्थकमार्फत् सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्नुपर्छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि निर्वाचन आयोगबाट प्रकाशन गरिएको निर्वाचन कार्यक्रममा उल्लेख भएको मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा दलले उम्मेदवारको बन्दसूची पेस गर्नुपर्दछ । विभिन्न निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोगले तोकेको स्थानमा स्थापना गरिने हुँदा कुन निर्वाचनका लागि उम्मेदवारी मनोनय गरिने हो सोही निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गरिन्छ ।

४०५. निर्वाचन प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ?

निर्वाचन प्रयोजनका लागि उम्मेदवार वा राजनीतिक दलले नियुक्त गरेको प्रतिनिधिलाई निर्वाचन प्रतिनिधि भनिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको

निर्वाचनमा कुनै उम्मेदवारले निर्वाचनसम्बन्धी आफ्ना तर्फबाट गर्नुपर्ने काम र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका सम्बन्धमा दलका तर्फबाट गर्नुपर्ने काम कारबाही गर्न निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्छन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा दलले आफ्ना तर्फबाट आयोगमा गर्नुपर्ने काम गर्न एक जना र प्रत्येक निर्वाचन क्षेत्रमा एक जना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्ने व्यवस्था छ । यसरी निर्वाचन प्रतिनिधि तोक्दा उम्मेदवारले सोको लिखित जानकारी निर्वाचन अधिकृतलाई र दलले आयोगलाई दिनुपर्दछ ।

४०६. निर्वाचन प्रतिनिधि हुन कस्तो योग्यता पूरा गरेको हुनुपर्दछ ?

निर्वाचनसम्बन्धी कानुनले निर्वाचन प्रतिनिधिको योग्यता निर्वाचन आयोगले तोकेबमोजिम हुने व्यवस्था गरको छ । यसअनुसार निर्वाचन आयोगले विभिन्न तहका निर्वाचनमा नियमावली तथा कार्यविधिमा व्यवस्था गरी निर्वाचन प्रतिनिधिको योग्यता तोक्ने गरेको छ । निर्वाचन प्रतिनिधिको योग्यता मूलतः देहायबमोजिम रहेको छ :

- नेपालको नागरिक,
- एक्काइस वर्ष उमेर पूरा भएको,
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवारले नियुक्त गर्ने निर्वाचन प्रतिनिधिका हकमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा दलले आयोगमा गर्नुपर्ने कामका लागि नियुक्त गर्ने निर्वाचन प्रतिनिधिको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रत्येक निर्वाचन क्षेत्रमा गर्नुपर्ने कामका लागि सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,
- साधारण लेखपढ गर्न जानेको,
- सम्बन्धित निर्वाचनमा उम्मेदवार हुन अयोग्य नभएको,

- प्रचलित कानुनले अयोग्य नभएको ।

४०७. निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार केके हुन् ?

निर्वाचनसम्बन्धी कानुनमा व्यवस्था भएबमोजिमको कार्य गर्नु निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार हुने व्यवस्था छ । निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् :

- प्रत्येक मतदान केन्द्रका लागि तोकिएबमोजिम मतदान प्रतिनिधि र मतगणना स्थलमा उपस्थित रहन तोकिएबमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्ने,
- आफूले नियुक्त गरेको मतदान वा मतगणना प्रतिनिधिको नियुक्ति बदर गरी अर्को प्रतिनिधि तोक्न सक्ने,
- मतदान, मतगणना वा निर्वाचनसम्बन्धी अन्य कार्यमा उम्मेदवार वा दलको प्रतिनिधित्व गर्ने,
- मतदान, मतगणना वा निर्वाचनसम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवार वा दलको प्रतिनिधिका रूपमा सहीछाप गर्ने,
- निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने ।

४०८. मतदान प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ?

निर्वाचनमा मतदानसम्बन्धी कामका लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रका लागि तोकेको प्रतिनिधि नै मतदान प्रतिनिधि हो । सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिन्छ । मतदान प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित मतदान अधिकृतलाई दिनुपर्दछ । प्रचलित निर्वाचनसम्बन्धी कानुन तथा आचारसंहिताको पूर्ण पालना गरी शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग एवम् मतदानसम्बन्धी तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुन्छ ।

४०९. मतगणना प्रतिनिधि भन्नाले कसलाई बुझाउँछ ?

मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले तोकेको स्थान, मिति र समयमा उपस्थित उम्मेदवार वा प्रतिनिधिको रोहवरमा मुचुल्का गराई मतगणना सुरु गर्नुपर्दछ । उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनासम्बन्धी कार्यका लागि नियुक्त गरेको प्रतिनिधिलाई मतगणना प्रतिनिधि भनिन्छ । उम्मेदवार तथा प्रतिनिधिले मतगणना टोली सङ्ख्याका आधारमा निर्वाचन अधिकृतले तोकिदिएको सङ्ख्यामा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्छन् । मतगणना प्रतिनिधि नियुक्त गर्दा सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई नियुक्त गर्नुपर्दछ । उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेकामा बाहेक मतगणना प्रतिनिधिको कार्यावधि निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहन्छ । मतगणना प्रतिनिधि नियुक्त गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई प्राप्त भएपछि मतगणना प्रतिनिधिलाई परिचय पत्र उपलब्ध गराउनुपर्दछ । निर्वाचनसम्बन्धी कानुनमा भएको व्यवस्था, निर्वाचन आचारसंहिता तथा मतपत्र सदर बदर हुनेसम्बन्धी कानुनी व्यवस्थाको प्रतिकूल नहुने गरी कार्य गर्नु, शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु र मतगणना गर्दा तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुन्छ ।

४१०. निर्वाचनमा प्रस्तावक तथा समर्थक भन्नाले कसलाई बुझाउँछ ?

निर्वाचनमा प्रस्तावक तथा समर्थक भन्नाले निर्वाचन गर्नुपर्ने कुनै पदका लागि कुनै व्यक्तिलाई उम्मेदवारका रूपमा मनोनयनका लागि प्रस्ताव गर्ने तथा समर्थन गर्ने व्यक्तिलाई बुझाउँछ । उम्मेदवारले निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्ने मनोनयन पत्रको निर्धारित स्थानमा प्रस्तावक र समर्थकको नाम, थर उल्लेख गरी सहीछाप गरेको हुनुपर्छ । एक जना व्यक्तिले एक पदका लागि एक जना उम्मेदवारको मात्र प्रस्तावक वा समर्थक बन्न सक्ने कानुनी व्यवस्था छ । प्रस्तावक तथा समर्थक हुनका लागि आवश्यक पर्ने योग्यता सम्बन्धित निर्वाचन कानुनमा तोकिएको हुन्छ । सामान्यतः गाउँपालिका, नगरपलिका, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रस्तावक हुनका लागि सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति, जिल्ला समन्वय समितिको निर्वाचनमा जिल्ला सभा सदस्य, राष्ट्रिय सभा सदस्य निर्वाचनमा उक्त निर्वाचनका लागि तयार भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति तथा राष्ट्रपति

र उपराष्ट्रपति निर्वाचनमा उक्त निर्वाचनका लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति प्रस्तावक हुन सक्ने व्यवस्था छ ।

४११. विभिन्न तह र पदको निर्वाचनमा प्रस्तावक र समर्थकसम्बन्धी कस्तो व्यवस्था रहेको छ ?

निर्वाचन कानुनले विभिन्न तह र पदको निर्वाचनका लागि उम्मेदवार मनोनयन गर्दा प्रस्तावक र समर्थक सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ । विभिन्न निर्वाचनसम्बन्धी कानुनमा भएको व्यवस्थाबमोजिम निर्वाचन हुने पद तथा सो पदका लागि आवश्यक प्रस्तावक र समर्थकको योग्यता देहायबमोजिम तोकिएको छ :

निर्वाचन हुने पद	प्रस्तावकको योग्यता	समर्थकको योग्यता
गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष र वडा सदस्य	सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति	सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति
अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख	सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति	सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति
गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य	सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य	सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य
जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य	सम्बन्धित जिल्ला सभाको सदस्य	सम्बन्धित जिल्ला सभाको सदस्य
प्रदेश सभा सदस्य	सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति	सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति

प्रतिनिधि सभा सदस्य	सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति	सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति
राष्ट्रिय सभा सदस्य	राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले तत्काल तयार पारेको सम्बन्धित प्रदेशको निर्वाचक मण्डलको नामावलीमा नाम भएको व्यक्ति	राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले तत्काल तयार पारेको सम्बन्धित प्रदेशको निर्वाचक मण्डलको नामावलीमा नाम भएको व्यक्ति
राष्ट्रपति र उपराष्ट्रपति	राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचनका लागि निर्वाचन आयोगले तत्काल तयार पारेको निर्वाचक मण्डलको नामावलीमा नाम समावेश भएका व्यक्ति	राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचनका लागि निर्वाचन आयोगले तत्काल तयार पारेको निर्वाचक मण्डलको नामावलीमा नाम समावेश भएका व्यक्ति

४१२. उम्मेदवार विरुद्धको दाबी विरोध भनेको के हो ?

तोकिएको निर्वाचनका लागि कुनै उम्मेदवारले दर्ता गरेको उम्मेदवारीको मनोनयन पत्रउपर निजको योग्यताका सम्बन्धमा निर्वाचन अधिकृतसमक्ष दिने उजुरी उम्मेदवार विरुद्धको दाबी विरोध हो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनका हकमा कुनै उम्मेदवारको योग्यताका सम्बन्धमा प्रतिस्पर्धी उम्मेदवार वा निजको प्रतिनिधिले दाबी विरोधको उजुरी दिन सक्छन् । समानुपातिक निर्वाचन प्रणालीका हकमा भने मतदाताले समेत यस्तो दाबी विरोधको उजुरी गर्न सक्ने व्यवस्था छ । दाबी विरोधको उजुरी निर्वाचन कार्यक्रममा तोकिएको मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गराउनुपर्छ । यस्तो दाबी विरोधको उजुरीउपर सम्बन्धित निर्वाचन अधिकृतले आवश्यक छानबिन गरी निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र निर्णय गर्दछन् ।

४१३. उम्मेदवारको अयोग्यता सम्बन्धमा उजुरीको प्रक्रिया कस्तो रहेको छ ?

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनबमोजिम उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाणसहित सम्बन्धित निर्वाचन अधिकृतमार्फत निर्वाचन आयोगसमक्ष उजुरी दिन सक्ने व्यवस्था रहेको छ । यसरी उजुरी प्राप्त भएमा सम्बन्धित निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्ने र स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी उजुरी र तत्सम्बन्धी कागजात निर्वाचन आयोगमा पठाउनुपर्दछ । यसरी प्राप्त उजुरीका सम्बन्धमा आयोगले सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्छ । आयोगसमक्ष उजुरी प्राप्त भएको सात दिनभित्र यस्तो उजुरीउपर निर्णय गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

४१४. सार्वजनिक पद धारण गरेको व्यक्ति' भन्नाले कसलाई बुझाउँछ ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले 'सार्वजनिक पद धारण गरेको व्यक्ति' भन्नाले संविधान, अन्य प्रचलित कानुन वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालना गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्ने र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउने कुरा स्पष्ट गरेको छ । यसअनुसार गाउँ सभा सदस्य, नगर सभा सदस्य, जिल्ला समन्वय समिति सदस्य, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य तथा राष्ट्रपति र उपराष्ट्रपति पदमा निर्वाचित भएको व्यक्तिलाई सार्वजनिक पदधारण गरेको व्यक्ति सम्झनुपर्दछ ।

७.५ निर्वाचन प्रचारप्रसार तथा आचारसंहिता

४१५. निर्वाचन प्रचारप्रसार भनेको के हो ?

निर्वाचन प्रचारप्रसार भनेको निर्वाचन अवधि विशेषतः उम्मेदवारको मनोनयनपश्चात् तथा मौन अवधि सुरु हुनुअगाडिका समयमा राजनीतिक दल तथा उम्मेदवारका तर्फबाट आम मतदातालाई आफ्नो पक्षमा मतदान गर्नका लागि गरिने आव्हान एवम् प्रचारात्मक कार्य हो । निर्वाचन प्रचारप्रसारअन्तर्गत सभा, जुलुस, पर्चा पम्प्लेटिङ, बैठक, मतदाता भेटघाट, घरदैलो कार्यक्रम, परिसंवाद, आमसञ्चार तथा सामाजिक सञ्जालका

माध्यमबाट प्रचारप्रसार आदि पर्दछन् । निर्वाचन कार्यक्रमबमोजिम उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका उम्मेदवार एवम् राजनीतिक दलहरूले घोषणापत्र र कार्यक्रमबारे जानकारी गराउँदै आफ्नो पक्षमा मतदान गर्न मतदातालाई अपिल गर्न प्रचारप्रसारको कार्य गर्ने गर्दछन् । निर्वाचन प्रचारप्रसारको अवधि निर्वाचन कार्यक्रमबमोजिम उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेपछि मौन अवधि सुरु नहुँदासम्म कायम रहन्छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि निर्वाचन प्रचारप्रसारका लागि बढीमा पन्ध्र दिनको अवधि रहने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्ने व्यवस्था छ । अन्य निर्वाचनको हकमा प्रचारप्रसारको अवधि आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रममा तोकिएबमोजिम हुन्छ ।

४१६. आयोगले निर्वाचन प्रचारप्रसारलाई व्यवस्थित गर्न कस्तो संयन्त्रको व्यवस्था गरेको छ ?

निर्वाचन प्रचारप्रसारलाई व्यवस्थित गर्न निर्वाचन कानुनमा विभिन्न प्रावधान राखिएका छन् । विभिन्न किसिमका निर्वाचनमा गरिने प्रचारप्रसारलाई व्यवस्थित गर्न निर्वाचन आयोगले जारी गर्ने निर्वाचन आचारसंहितामा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणअन्तर्गत सामान्य आचरणका अतिरिक्त विषयगत आचरणका रूपमा जुलुस, आमसभा, च्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण, सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण, प्रचारप्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण, निर्वाचन खर्चसम्बन्धी लगायतका आचरणको व्यवस्था गरेको छ । त्यस्ता आचरण पालना गर्न निर्वाचन आयोगले सम्बन्धित सबैलाई अपिल गर्नुका साथै राजनीतिक दलसँग छलफलसमेत गर्दछ । निर्वाचन प्रचारप्रसारका क्रममा राजनीतिक दल, उम्मेदवार वा अन्य व्यक्तिले त्यस्ता आचरण पालना गरे नगरेको अनुगमन गर्न एवम् पालना गराउन निम्नानुसारका संयन्त्रको परिचालन गर्ने गरेको छ :

- आचारसंहिता अनुगमन समिति,
- सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय,
- उच्चस्तरीय अनुगमन अधिकृत वा अनुगमन टोली,
- स्थानीय प्रशासन,

- आमसञ्चार अनुगमनका लागि मिडिया मोनिटरिङ युनिट,
- उच्चस्तरीय अनुगमन समिति,
- निर्वाचन आयोग ।

कुनै राजनीतिक दल वा उम्मेदवार वा व्यक्तिले प्रचारप्रसारका क्रममा आचरण उल्लङ्घन गरेमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ अन्तर्गत कसुरको प्रकृतिअनुसार सजाय हुने व्यवस्था रहेको छ ।

४१७. निर्वाचन प्रचारप्रसारमा समान अवसर Level Playing Field भनेको के हो ?

निर्वाचनमा भाग लिएका राजनीतिक दल, दलका तर्फबाट प्रतिस्पर्धी उम्मेदवार र स्वतन्त्र उम्मेदवार सबैले समान रूपमा निर्वाचन प्रचारप्रसारलगायत निर्वाचनका प्रक्रियाहरूमा स्वस्थ प्रतिस्पर्धाका लागि समान अवसरको वातावरण सिर्जना गर्नुलाई निर्वाचन प्रचारप्रसारमा समान अवसर Level Playing Field भन्ने प्रचलन छ । निर्वाचन व्यवस्थापन गर्ने निकाय एवम् निर्वाचनमा खटिने कर्मचारीको निष्पक्ष व्यवहार, आचारसंहिताको प्रभावकारी पालना, निर्वाचनमा स्वतन्त्रतापूर्वक भाग लिन पाउने वातावरणको निर्माण आदि उपायबाट निर्वाचनका सबै प्रतिस्पर्धीका लागि समान अवसरको अवस्था निर्माण गर्न सकिन्छ । समान अवसरको वातावरणले विश्वसनीय निर्वाचनको प्रत्याभूति प्रदान गर्नुका साथै विजय वा पराजय हुने दल एवम् उम्मेदवारलाई परिणाम स्वीकार गर्न सहज बनाउँछ ।

४१८. निर्वाचन प्रचारप्रसारमा समान अवसर Level Playing Field को वातावरण किन आवश्यक हुन्छ ?

निर्वाचन व्यवस्थापन निकायले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने उद्देश्य लिएको हुन्छ । यसका निम्ति मुख्य रूपमा निर्वाचनमा भाग लिएका दल वा उम्मेदवारहरूबिच समान व्यवहारको अवस्था सुनिश्चित गर्नु अपरिहार्य हुन्छ । निर्वाचन व्यवस्थापनका सन्दर्भमा निष्पक्षता र तटस्थता कायम गर्न पनि निर्वाचन प्रचारप्रसारमा समान अवसरको सुनिश्चितता गरिनु आवश्यक हुन्छ । देहायका कारणले निर्वाचन प्रचारप्रसारका समयमा दल वा उम्मेदवारका लागि समान अवसर Level Playing Field को वातावरण निर्माण गर्न आवश्यक देखिन्छ :

- निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयमुक्त र विश्वसनीय बनाउन,
- निर्वाचन व्यवस्थापन गर्ने निकायले दल र उम्मेदवारप्रति निष्पक्ष र पक्षपातरहित व्यवहारको सुनिश्चित गर्न,
- सत्तारुढ दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारका क्रममा सरकारी वा सार्वजनिक स्रोत साधनको प्रयोग गर्नबाट रोक्न,
- दल वा उम्मेदवारको निर्वाचन खर्च नियमन गर्न,
- दल वा उम्मेदवार वा तिनका समर्थकको विचार, अभिव्यक्ति र अभिमतको स्वतन्त्रता सुनिश्चित गर्न ।

यस्तो समान अवसर Level Playing Field को अवस्था प्रचलित निर्वाचन कानुनको प्रभावकारी कार्यान्वयन र सबै सरोकारवालाको सहमतिमा निर्माण गरिएको आचारसंहिताको सही पालनाले मात्र सम्भव हुन्छ ।

४१९. निर्वाचन प्रचारप्रसारको अवधिमा राजनीतिक दल वा उम्मेदवारले केकस्ता क्रियाकलाप गर्न हुँदैन ?

निर्वाचन आयोगले निर्वाचन आचारसंहिताको माध्यमबाट निर्वाचन प्रचारप्रसारको अवधिमा राजनीतिक दल वा उम्मेदवारलाई देहायका क्रियाकलाप गर्न प्रतिबन्ध लगाएको हुन्छ :

- धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायका आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन,
- उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न (तर उम्मेदवार वा राजनीतिक दलको सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामका बारेमा आलोचना गर्न बाधा पर्दैन)
- कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचारप्रसार गर्न वा गराउन,

- प्रचलित कानुनबमोजिम निर्वाचनसम्बन्धी कसुर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन,

- उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन,

- कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्न वा गराउन,

- उम्मेदवार वा राजनीतिक दलको नाम वा निर्वाचन चिह्न अङ्कित ज्याकेट, कमिज, टिसर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन,

- निर्वाचनसम्बन्धी प्रचारप्रसारका लागि धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचनालगायत कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन,

- निजी घरजग्गामा त्यस्तो घर वा जग्गाधनीको स्वीकृति नलिई राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन,

- महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन,

- अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचारप्रसार गर्न वा गराउन,

- निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन,

- प्रचलित कानुनबमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन,

- सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन,

- उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको परिणामका सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न,

- निर्वाचन प्रचारप्रसारका लागि निर्वाचन अधिकृतबाट अनुमति प्राप्त भएभन्दा बढी सवारी साधन प्रयोग गर्न,

- एउटा उम्मेदवार वा दलको नाममा अनुमति प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवार वा दलले प्रयोग गर्न वा गराउन,

- नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले निर्वाचनका लागि राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रममा भाग लिँदा सरकारी सवारी साधनको प्रयोग गर्न,

- प्रचारप्रसारका लागि आयोगले तोकेकोभन्दा बढी रकम खर्च गर्न,

- कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन,

- स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला गर्न वा गराउन,

- उम्मेदवार वा राजनीतिक दलले प्रयोग गरेको सवारी साधनमा ३ फिट × ५ फिटभन्दा ठुलो आकारको ब्यानर वा झन्डा प्रयोग गर्न वा गराउन,

- उम्मेदवारले प्रयोग गरेको सवारी साधनमा ३ फिट × ३ फिटभन्दा ठुलो आकारको पोस्टरको प्रयोग गर्न वा गराउन,

- जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १० इन्च × १८ इन्चभन्दा ठुलो आकारको झन्डा प्रयोग गर्न वा गराउन,

- उम्मेदवार वा राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन,

- एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला गर्न वा गराउन,

- प्रचलित कानुन वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री जुलुस, आमसभा, ञ्याली, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न वा गराउन,

- मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला आयोजना गर्न, नारा लगाउन वा राजनीतिक दल वा त्यस्ता दलसँग आबद्ध संस्थाको झन्डा, निर्वाचन चिह्न वा प्रचारप्रसार हुने कुनै सामग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन,

- आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक तथा लाउडस्पिकर र ध्वनि उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न,

- निर्वाचन प्रचारप्रसारका क्रममा मोटरसाइकललगायत मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरुगाडा जस्ता सवारी साधनको ञ्याली गर्न वा गराउन ।

४२०. निर्वाचन आचारसंहिता भनेको के हो ?

निर्वाचनका सरोकारवालाले पालना गर्नुपर्ने आचरण र मर्यादा सम्बद्ध संहिता नै निर्वाचन आचारसंहिता हो । मूलतः आचारसंहिता नैतिक बन्धन हो तर यसलाई कानुनमा नै व्यवस्था गरिएको अवस्थामा यो बाध्यकारी कानुनी बन्धनका रूपमा समेत रहन्छ । निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न विभिन्न सरकारी निकाय, राजनीतिक दल, उम्मेदवार, सङ्घसंस्था, आमसञ्चार, व्यक्ति तथा निर्वाचनका अन्य सरोकारवालाले पालना गर्नुपर्ने आचरण र मर्यादालाई आचारसंहितामा समेटिएको हुन्छ । यस्तो आचारसंहिता निर्वाचनका सिद्धान्तमा आधारित भई सरोकारवालाको सुझाव र राजनीतिक दलको सहमतिमा तयार गरिन्छ भने आचारसंहिता पालना गर्नु सरोकारवाला सम्बद्ध सबैको कर्तव्य हुन्छ । निर्वाचन

आचारसंहिता निर्माण गरी जारी गर्ने एवम् सोको प्रभावकारी कार्यान्वयन गराउने कार्य निर्वाचन व्यवस्थापन गर्ने निकायले गर्दछ ।

४२१. नमुना आचारसंहिता (Model Code of Conduct) भनेको के हो ?

निर्वाचनका सिद्धान्तमा आधारित भई सरोकारवालाको सुझाव र राजनीतिक दलको सहमतिमा तयार पारिएको एवम् अक्षरशः पालना गर्न सहमति व्यक्त गरिएको आचरण र मर्यादा सम्बद्ध कानुनी एवम् नैतिक बन्धनको सँगालो आचारसंहिता (Code of Conduct) हो । निर्वाचन आचारसंहिताले विशेष गरी राजनीतिक दल, उम्मेदवार, आमसञ्चार र सरकारी निकाय तथा पदाधिकारीले पालना गर्नुपर्ने आचरण तथा मर्यादालाई जोड दिएको हुन्छ । जुनसुकै निर्वाचनका लागि उपयुक्त हुने गरी तयार पारिएको आचारसंहिता (Code of Conduct) नै नमुना आचारसंहिता (Model Code of Conduct) हो । निर्वाचन आयोगले वि.सं. २०७० सालसम्मका निर्वाचनमा प्रत्येक निर्वाचनलाई लक्षित गरी विशेष आचारसंहिता स्वीकृत गरी कार्यान्वयन गर्दै आएको थियो । वि.सं.२०७२ सालमा आयोगले राजनीतिक दल तथा अन्य निर्वाचन सरकोकारवालाहरूको सहमतिमा नमुनाका रूपमा निर्वाचन आचारसंहिता, २०७२ जारी गऱ्यो जसलाई नमुना आचारसंहिता (Model Code of Conduct) का रूपमा लिइएको छ । यसरी जारी भएको आचारसंहिता निर्वाचन आयोगले तोकेको मितिदेखि लागु हुने व्यवस्था रहेको छ । यस आचारसंहितामा नसमेटिएका विषय कुनै निर्वाचनका लागि आचारसंहिताका रूपमा थप गर्नुपर्ने भएमा आयोगले निर्णय गरी लागु गर्न सक्छ ।

४२२. निर्वाचन आचारसंहिता ककसलाई लागु हुन्छ ?

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७२ देहायबमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागु हुने व्यवस्था छ :

- नेपाल सरकार र नेपाल सरकारका मन्त्री,
- प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,
- स्थानीय तह,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,

- सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
- सरकारी तथा अर्धसरकारी संस्थाका कार्यालय तथा कर्मचारी,
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,
- निर्वाचनको काममा संलग्न कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलका भातृ सङ्गठन,
- उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
- सार्वजनिक पद धारणा गरेको व्यक्ति,
- पर्यवेक्षक,
- सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
- निजी तथा गैरसरकारी संस्था,
- नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी,
- आयोगले तोकेका अन्य व्यक्ति तथा निकाय ।

निर्वाचन आचारसंहिता सामान्यतया निर्वाचनको मिति घोषणा भएपश्चात् निर्वाचन आयोगले तोकेको मितिदेखि लागु हुन्छ । उल्लिखित निकायहरूलाई अलगअलग मितिदेखि आचारसंहिता लागु हुने गरी आयोगले तोक्न सक्छ ।

४२३. निर्वाचन आचारसंहिता लागु भएपछि तीनै तहका सरकारबाट गर्न नहुने कामहरू केके हुन् ?

निर्वाचन आचारसंहिता, २०७२ अनुसार निर्वाचन आचारसंहिता लागु भएपछि तीनै तहका सरकार तथा सार्वजनिक संस्थाले गर्न नहुने कामहरू देहायबमोजिम छन् :

- नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा निर्वाचनको प्रचारप्रसार गर्न,

  तर उम्मेदवार भएको मन्त्रीले आफनो निर्वाचन क्षेत्रमा प्रचारप्रसार गर्न भने बाधा नपर्ने,

- वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा, स्वीकृति, सञ्चालन र सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न,

- योजनाको शिलान्यास, उद्घाटन, सर्वेक्षण, अध्ययन वा सोका लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न वा गराउन,

- कुनै उम्मेदवार, राजनीतिक दल तथा तिनका भातृसङ्गठन वा व्यक्तिलाई सरकारी भवन, अतिथि गृह, सभा गृह, सवारी साधन तथा अन्य सामग्री प्रयोग गर्न दिन,

- नयाँ पद सिर्जना गर्न, पदपूर्तिका लागि विज्ञापन गर्न, रिक्त पदपूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड, अन्य आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न,

  तर लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमित रूपमा हुने पदपूर्तिसम्बन्धी कारबाही गर्न बाधा नपर्ने,

- कर्मचारीलाई निर्वाचनका काममा बाहेक अन्यत्र सरुवा, बढुवा गर्न वा काजमा खटाउन,

  तर प्रचलित कानुनबमोजिम नियमित रूपमा हुने बढुवा तथा पदस्थापना गर्न सकिने,

- निर्वाचन अवधिभर मुलुकलाई प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनका लागि विदेश भ्रमणमा खटाउन,

तर विशेष परिस्थिति परी कुनै कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको अवस्थामा आयोगको सहमतिमा खटाउन सकिने,

- विगतको निर्वाचनमा आयोगले कारबाहीका लागि सिफारिस गरेको वा निर्वाचनसम्बन्धी कसुरमा अदालतबाट कसुरदार ठहरिएको र राजनीतिक दलसँग आबद्ध भातृसंस्थाका पदाधिकारीलाई निर्वाचनसम्बन्धी जिम्मेवारी दिन ।

४२४. निर्वाचन आचारसंहिता लागु भएपछि राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण केके हुन् ?

निर्वाचन आचारसंहिता लागु भएपछि उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण देहायबमोजिम छन् :

- धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायका आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,

- उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने,

  तर उम्मेदवार वा राजनीतिक दलको सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामका बारेमा आलोचना गर्न बाधा नपर्ने,

- कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

- प्रचलित कानुनबमोजिम निर्वाचनसम्बन्धी कसुर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने,

- उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

- मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने,

- आयोगद्वारा सञ्चालित मतदाता नामावली सङ्कलन, मतदाता शिक्षालगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी त्यस्ता कार्यक्रमसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

- कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्न वा गराउन नहुने,

- उम्मेदवार वा राजनीतिक दलको नाम वा निर्वाचन चिह्न अङ्कित ज्याकेट, कमिज, टिसर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

- निर्वाचनसम्बन्धी प्रचारप्रसारका लागि धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचनालगायत कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन नहुने,

- निजी घरजग्गामा त्यस्तो घर जग्गाधनीको स्वीकृति नलिई राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

- महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

- अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

- निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

- प्रचलित कानुनबमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

- सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

- उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको परिणामका सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न नहुने ।

४२५. निर्वाचनका अवधिमा आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण केके हुन् ?

निर्वाचनको अवधिमा आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण देहायबमोजिम छन् :

- निर्वाचनसम्बन्धी शिक्षामूलक समाचार र सूचनालाई उच्च प्राथमिकता दिनुपर्ने,
- सूचना वा समाचार तथ्यमा आधारित भई निष्पक्ष रूपमा सम्प्रेषण गर्ने,
- पेसागत आचरण एवम् मान्यता विपरीत हुने काम कारबाही गर्न नहुने,
- विभिन्न जातजाति सम्प्रदाय, लिङ्ग, धर्म, भाषाभाषी र क्षेत्रबिचको सम्बन्ध र सद्भावमा खलल नपर्ने गरी सूचना वा समाचार प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्ने,
- राजनीतिक दल तथा उम्मेदवारलाई समान अवसर दिनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न वा गराउन नहुने,
- उम्मेदवार वा राजनीतिक दलका सम्बन्धमा आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी र सशुल्क विज्ञापन भएको जनाउने गरी निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

  तर मौन अवधिमा त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न पाइँदैन ।
- उम्मेदवार वा राजनीतिक दलको निर्वाचनसम्बन्धी प्रकाशन, प्रसारण वा सम्प्रेषण गरेको प्रत्येक सूचना वा विज्ञापनको मिति र समयको अभिलेख अद्यावधिक राख्नुपर्ने,

- निर्वाचन तथा मतदाता शिक्षालगायतका सामग्री स्थानीय स्तरमा प्रयोग भइरहेका सबै भाषालाई समेट्ने गरी समानुपातिक आधारमा प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्ने,

- उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा आधारहीन सामग्री एस.एम.एस, फेसबुक, ट्विटर, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण वा सम्प्रेषण नगर्ने ।

४२६. निर्वाचन आचारसंहिता पालनाको अनुगमन कसले गर्दछ ?

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको पालना भए नभएका सम्बन्धमा आयोगले आवश्यकताअनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने कानुनी व्यवस्था छ । आयोगले निम्नानुसारका संयन्त्रमार्फत निर्वाचन आचारसंहिता पालना भएनभएको अनुगमन गर्न सक्छ :

- आचारसंहिता अनुगमन अधिकृत,
- सम्बन्धित निर्वाचन अधिकृत,
- उच्चस्तरीय अनुगमन अधिकृत वा अनुगमन टोली,
- जिल्ला स्तरीय आचारसंहिता अनुगमन समिति,
- स्थानीय प्रशासन,
- आमसञ्चार अनुगमनका लागि मिडिया मोनिटरिङ युनिट,
- आयोगले तोकेको अन्य कुनै संयन्त्र वा पदाधिकारी
- उच्चस्तरीय अनुगमन समिति,
- निर्वाचन आयोग ।

४२७. निर्वाचन आचारसंहिता उल्लङ्घनको उजुरी कहाँ दिनुपर्दछ ?

निर्वाचन आयोग नियमावली, २०७३ मा व्यवस्था भएअनुसार निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा कुनै पनि व्यक्तिले निर्दिष्ट ढाँचामा देहायबमोजिमका निकाय वा पदाधिकारीसमक्ष उजुरी दिन सक्छन् :

- निर्वाचन आयोग,
- जिल्ला स्तरीय अनुगमन समिति
- निर्वाचन अधिकृत,
- अनुगमनकर्ता,
- अनुगमन टोली ।

४२८. निर्वाचन अवधिमा जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण केके हुन् ?

निर्वाचन अवधिमा जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण देहायबमोजिम छन् :

- नागरिक वा व्यक्तिको स्वतन्त्रतासम्बन्धी हकको हनन नहुने गरी सभ्य तरिकाले जुलुस तथा आमसभा गर्नुपर्ने तथा कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन नहुने,
- स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्न वा गराउन नहुने,
- उम्मेदवार वा राजनीतिक दलले जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्नुअघि सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानका बारेमा कम्तीमा ४८ घण्टा अगावै जानकारी गराउनुपर्ने,

- उम्मेदवार वा राजनीतिक दलले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा ३ फिट × ५ फिटभन्दा ठुलो आकारको ब्यानर वा झन्डा प्रयोग गर्न वा गराउन नहुने,

- उम्मेदवारले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा ३ फिट × ३ फिटभन्दा ठुलो आकारको पोस्टरको प्रयोग गर्न वा गराउन नहुने,

- जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १० इन्च × १८ इन्चभन्दा ठुलो आकारको झन्डा प्रयोग गर्न वा गराउन नहुने,

- उम्मेदवार वा राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

- एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला गर्न वा गराउन नहुने,

- प्रचलित कानुन वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री जुलुस, आमसभा, ञ्याली, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न वा गराउन नहुने,

- जुलुस, आमसभा, ञ्याली, बैठक, भेला वा प्रचारप्रसारका कार्यक्रम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने,

- मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला आयोजना गर्न, नारा लगाउन वा राजनीतिक दल वा त्यस्तो दलसँग आबद्ध संस्थाको झन्डा, निर्वाचन चिह्न वा प्रचारप्रसार हुने कुनै सामग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन नहुने,

- आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक तथा लाउडस्पिकर र ध्वनि उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न नहुने,

- निर्वाचन प्रचारप्रसारका क्रममा मोटरसाइकललगायत मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरुगाडा जस्ता सवारी साधनको ञ्याली गर्न वा गराउन नहुने ।

४२९. निर्वाचनमा सवारी साधनको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण केके हुन् ?

निर्वाचनमा राजनीतिक दल वा उम्मेदवारले सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण देहायबमोजिम छन् :

- राष्ट्रपति तथा उपराष्ट्रपति- बढीमा चार ओटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चार ओटा मोटरसाइकल प्रयोग गर्न सक्ने,

- राष्ट्रिय सभा सदस्य - बढीमा चार ओटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चार ओटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चार ओटा घोडा प्रयोग गर्न सक्ने,

- प्रतिनिधि सभा सदस्य - पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले बढीमा चार ओटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चार ओटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चार ओटा घोडा प्रयोग गर्न सक्ने,

- प्रदेश सभा सदस्य - पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले बढीमा दुई ओटा चारपाङ्ग्रे हलुका सवारी साधन र चार ओटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुई ओटा घोडा प्रयोग गर्न सक्ने,

- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य - समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा भाग लिने राजनीतिक दलले एउटा जिल्लामा बढीमा दुई ओटा चारपाङ्ग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चार ओटा घोडा प्रयोग गर्न सक्ने,

- स्थानीय तह - आयोगले तोकेको सङ्ख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्ने,

- महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले बढीमा दुई ओटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुई ओटा मोटरसाइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र एउटा मोटर साइकल प्रयोग गर्न सक्ने,

- उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुई ओटा मोटर साइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुई ओटा घोडा प्रयोग गर्न सक्ने,

  सम्बन्धित निर्वाचन अधिकृतले माथि उल्लिखित सीमाभित्र रही सवारी साधनको अनुमति दिने एवम् यस्तो अनुमतिपत्रको अभिलेख राख्नुपर्ने,

- एउटा उम्मेदवार वा दलको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवार वा दलले प्रयोग गर्न वा गराउन नहुने,

- नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले निर्वाचनका लागि राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रममा भाग लिँदा सरकारी सवारी साधनको प्रयोग गर्न नपाउने,

- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदका लागि समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा प्रचारप्रसारका लागि राजनीतिक दलले आफ्ना तर्फबाट तीनजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनुपर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर प्रयोग गर्न सक्ने,

- राजनीतिक दलले हेलिकप्टर प्रयोग गर्दा समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा राजनीतिक दलका लागि आयोगले निर्धारण गरेको निर्वाचन खर्चको सीमाभित्र रही खर्च गर्न पाउने ।

४३०. राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसार खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरण केके हुन् ?

कुनै निर्वाचनका लागि निर्वाचन आयोगले तोकिदिएको निर्वाचन खर्चको सीमाभित्र रही राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्च गर्नुपर्छ । निर्वाचन खर्चका सम्बन्धमा पालना गर्नुपर्ने अन्य आचरणहरू देहायबमोजिम छन् :

- उम्मेदवार वा राजनीतिक दलले निर्वाचन खर्चका लागि अलग्गै बैङ्क वा वित्तीय संस्थामा खाता खोली निर्वाचनसम्बन्धी सम्पूर्ण कारोबार उक्त खाताबाट सञ्चालन गर्नुपर्ने,

- निर्वाचन खर्चका लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताबाट राजनीतिक दलका हकमा विधानबमोजिम र उम्मेदवारका हकमा उम्मेदवार आफैँ वा निजको आधिकारिक प्रतिनिधिद्वारा खर्च गर्नुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेकोभन्दा बढी खर्च गर्न नपाउने,
- निर्वाचन प्रयोजनका लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएका खाताको सञ्चालन तथा कारोबार पारदर्शी हुनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले पाँच हजार रुपैयाँभन्दा बढी चन्दा लिँदा बैङ्क वा वित्तीय संस्थामार्फत लिनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले चन्दाका रूपमा नगद लिएमा चन्दा दिने व्यक्ति वा संस्थालाई सो रकम बुझेको रसिद वा भरपाई दिनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले गरेको खर्चको अनिवार्य रूपमा बिल भरपाई राख्नुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले निर्वाचनमा भएको खर्चको सम्पूर्ण विवरण प्रचलित कानुनमा तोकिएको समयभित्र आयोगले तोकेका ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलले बुझाएको निर्वाचन खर्चको विवरण सन्तोषजनक नदेखिई आयोगले उक्त खर्चको बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेस गर्न आदेश दिएमा सम्बन्धित उम्मेदवार वा राजनीतिक दलले सक्कल बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्ने ।

४३१. निर्वाचनमा मौन अवधिका समयमा पालना गर्नुपर्ने आचारणहरू के के हुन् ?

निर्वाचन प्रचारप्रसारको कार्य निषेध गरिएको अवधिलाई मौन अवधि भनिन्छ । मतदानका लागि शान्त वातावरण कायम गराउने उद्देश्यले मतदानका दिनभन्दा अघि निश्चित समयावधि तोकी मौन अवधि घोषणा गरिन्छ । मतदान हुने दिन सुरु हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि सुरु भई मतदान सम्पन्न नहुन्जेलसम्म कायम रहन्छ । उम्मेदवार,

राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा पालना गर्नुपर्ने आचरण देहायबमोजिम रहेका छन् :

- निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न नहुने,
- मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदानकेन्द्रको ३०० मिटर वरिपरी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने,
- एस.एम.एस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने,
- उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने ।

४३२. मतदानका दिन पालना गर्नुपर्ने आचरण केके हुन् ?

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मतदानका दिन पालना गर्नुपर्ने आचरण देहायअनुसार रहेका छन् :

- मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनुपर्ने,
- मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने,
- मतदान केन्द्रमा रहेको राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले कुनै दल वा उम्मेदवारको नाम, निर्वाचन चिह्न वा सङ्केत नभएको पहिरन, परिचय पत्र र ब्याजमात्र प्रयोग गर्नुपर्ने,
- कुनै किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने गर्न नहुने,

  तर शारीरिक रूपले अशक्त वा हिँडडुल गर्न नसक्ने मतदाताका लागि मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सकिनेछ ।
- उम्मेदवार, मतदाता, प्रचलित कानुनले अनुमति दिएका व्यक्ति, आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने,

- मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन नहुने ।

४३३. निर्वाचनमा खटिने कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण केके हुन् ?

राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू सम्बन्धित सेवा समूहसम्बन्धी कानुनमा व्यवस्थित गरिएको हुन्छ । निर्वाचनमा खटिने कर्मचारीले आआफ्नो सेवा समूहसम्बन्धी कानुनमा व्यवस्था भएका आचरणका अतिरिक्त निर्वाचन आचारसंहिता, २०७२ मा व्यवस्था भएका देहायबमोजिमका आचरणसमेत पालना गर्नुपर्छ :

- कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नहुने,

- निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही गर्नुपर्ने,

- निर्वाचन अवधिभर मुलुकको प्रतिनिधित्व हुने गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा सार्वजनिक पद धारण गरेको व्यक्ति निर्वाचन आयोगको पूर्वस्वीकृतिबेगर विदेश भ्रमणमा जान वा खटाउन नहुने,

- उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिलाई नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाका भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न नदिने ।

४३४. निजी तथा गैरसरकारी संस्था एवम् सोका पदाधिकारी र कर्मचारीहरूले निर्वाचन अवधिभर पालना गर्नुपर्ने आचरण केके हुन् ?

निजी तथा गैरसरकारी संस्था एवम् सोका पदाधिकारी र कर्मचारीहरूले निर्वाचन अवधिभर पालना गर्नुपर्ने आचरण देहायबमोजिम रहेका छन् :

- उम्मेदवार वा राजनीतिक दलका पक्ष वा विपक्षमा हुने गरी नयाँ नीति कार्यक्रम, उद्घाटन, शिलान्यासलगायत कुनै काम गर्न वा गराउन नहुने,

- उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसारको काम गर्न वा गराउन नहुने,

- भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने ।

४३५. निर्वाचन अवधिभर कसैले निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले नगद वा जिन्सी लिए वा दिएमा केकस्तो सजाय हुने व्यवस्था छ ?

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नका लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम, दानदातव्य वा बकसका रूपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोज आयोजना गर्न र मतदाताले पनि त्यस्तो प्रयोजनका लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्न र सार्वजनिक भोजमा सहभागी हुन प्रतिबन्ध लगाएको छ । त्यस्तो कार्य गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था छ ।

४३६. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्यक्रमबारे कहाँ जानकारी गराउनुपर्छ ?

निर्वाचन प्रचारप्रसारलाई शान्तिपूर्ण, व्यवस्थित र मर्यादित बनाउन राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारसम्बन्धी कार्यक्रमबारे सम्बन्धित स्थानीय प्रशासन र प्रहरीलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । निर्वाचन आचारसंहिता, २०७२ बमोजिम कुनै दलले सभा, जुलुस वा ऱ्याली गर्न चाहेमा त्यस्तो सभा, जुलुस वा ऱ्याली गर्नुभन्दा अघि सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानका बारेमा कम्तीमा अठचालिस घण्टाअगावै जानकारी गराउनुपर्छ ।

४३७. निर्वाचन आचारसंहितासम्बन्धी द्विविधा भएमा थप जानकारीका लागि कहाँ सम्पर्क गर्नुपर्छ ?

निर्वाचन आचारसंहिता, २०७२ ले निर्वाचन आचारसंहिता लागु हुने संस्था, व्यक्ति, निकाय तथा अधिकारीका साथै पालना गर्नुपर्ने आचरण सम्बन्धमा स्पष्ट गरेको छ । उक्त आचारसंहितामा रहेका प्रावधानहरूका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा सम्पर्क गरी स्पष्ट हुन सकिन्छ ।

७.६ निर्वाचनमा बजेट, जनशक्ति र सामग्री व्यवस्थापन

४३८. निर्वाचनमा बजेट व्यवस्थापन भनेको के हो ?

नेपालको संविधानमा व्यवस्था भएबमोजिमका निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको हो । तोकिएको निर्वाचन सम्पन्न गर्नका लागि उल्लेख्य परिमाणमा स्रोत साधन आवश्यक हुन्छ । यसरी आवश्यक पर्ने स्रोत र साधनको व्यवस्थापन गर्न बजेट अनुमान तयार गर्ने, नेपाल सरकारको बजेटमा निर्वाचनका लागि बजेट विनियोजन गर्ने, विनियोजित बजेट निर्वाचन आयोगलाई निकासा दिने, निर्वाचन आयोगले निर्वाचन गराउनका लागि खडा भएका निकायहरूलाई बजेट निकासा गर्ने, नियमानुसार खर्च र लेखाङ्कन गर्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षण गराउनेलगायतका कार्यहरूको समष्टिगत रूप नै निर्वाचन बजेट व्यवस्थापन हो । निर्वाचनको बजेट व्यवस्थापनमा निर्वाचन आयोग र अन्तर्गतका निकायहरू, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र अन्तर्गतका निकायहरूको संलग्नता रहन्छ ।

४३९. निर्वाचन सञ्चालन खर्च भनेको के हो ?

निर्वाचनको सञ्चालन, व्यवस्थापन, रेखदेख, निर्देशन र नियन्त्रणका लागि हुने सम्पूर्ण खर्च निर्वाचन सञ्चालन खर्च हो । यसअन्तर्गत निर्वाचन व्यवस्थापन निकायका लागि हुने नियमित खर्च र निर्वाचन अवधिमा निर्वाचन सञ्चालनका लागि गर्नुपर्ने खर्च समावेश हुन्छन् । निर्वाचन आयोग र अन्तर्गतका निकायका लागि वार्षिक कार्यक्रम तथा बजेटमा विनियोजन भएको रकम नै निर्वाचन व्यवस्थापनको नियमित खर्च हो । यस्तो रकमको व्ययभार सङ्घीय सञ्चित कोषबाट हुने व्यवस्था छ । कुनै आवधिक निर्वाचन वा उपनिर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग र अन्तर्गतका निकायका लागि वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका नियमित खर्च बाहेक नेपाल सरकारबाट भैपरी आउने शीर्षकअन्तर्गत निर्वाचन सञ्चालनका लागि विनियोजन हुने रकम र यसबमोजिम हुने खर्चलाई निर्वाचन सञ्चालन खर्च भनिन्छ । आयोगलाई निर्वाचन सञ्चालन प्रयोजनका लागि छुट्याइएको त्यस्तो बजेट भैपरी रकमको खर्च स्वीकृत कार्यविधिबमोजिम हुने व्यवस्था छ । यस्तो निर्वाचनसम्बन्धी काममा गरेको खर्चको छुट्टै लेखा राखी प्रचलित कानुनबमोजिम लेखा परीक्षणसमेत गर्नुपर्दछ । निर्वाचनको मिति घोषणा भएदेखि निर्वाचन सम्पन्न भई निर्वाचनका स्रेस्ता कागजात बरबुझारथ गर्नेसम्मका विभिन्न क्रियाकलापमा हुने खर्चहरू निर्वाचन सञ्चालन खर्चअन्तर्गत पर्दछन् ।

४४०. निर्वाचन व्यवस्थापन खर्चभित्र केकस्ता खर्चहरू पर्दछन् ?

निर्वाचन व्यवस्थापन खर्चभित्र मुख्य रूपमा देहायका खर्चहरू पर्दछन् :

क. मतदाता नामावली अद्यावधिक र मतदाता परिचय पत्रसम्बन्धी खर्च,

ख. निर्वाचन सामग्री व्यवस्थापन खर्च,

ग. निर्वाचन तथ्याङ्क, भूसूचना तथा जोखिम विश्लेषण खर्च,

घ. राजनीतिक दल सम्बन्धसम्बन्धी खर्च,

ङ. निर्वाचन सञ्चालन खर्च (जस्तैः मतदान केन्द्र पुनरावलोकन, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन र कर्मचारीसम्बन्धी खर्च, बिमा खर्च, मतदान केन्द्रको खर्च, मतगणना खर्च, घुम्ती टोली खर्च),

च. निर्वाचन पर्यवेक्षण र अनुगमन खर्च,

छ. सूचना प्रविधि व्यवस्थापन खर्च,

ज. मतदाता शिक्षा, सूचना तथा तालिम खर्च,

झ. वैदेशिक सम्बन्ध र समन्वय खर्च,

ञ. आयोग र आयोग सचिवालयको प्रशासनिक खर्च (कार्यालय सञ्चालन खर्च, बैठक भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, कर्मचारी प्रोत्साहन भत्ता, भ्रमण खर्च) ।

४४१. निर्वाचन सञ्चालन खर्च बढ्दै जानुका कारणहरू केके हुन् ?

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको अपरिहार्य सर्त हो । पछिल्लो निर्वाचन सञ्चालन खर्च प्रत्येक अघिल्ला निर्वाचन सञ्चालन खर्चभन्दा बढी हुँदै गएको तथ्यले देखाएको छ । निर्वाचन सञ्चालन खर्च बढ्दै जानुका प्रमुख कारण देहायअनुसार रहेका छन् :

- मतदाताको सङ्ख्यामा वृद्धि,
- मुद्रास्फिति एवम् मूल्य वृद्धि,

- कर्मचारीको तलब तथा दैनिक भ्रमण भत्तामा भएको वृद्धि,
- सुरक्षा चुनौतीमा बढोत्तरी,
- राजनीतिक दलको सङ्ख्यामा वृद्धि,
- नीतिगत निर्णयमा हुने फेरबदल,
- निर्वाचन सञ्चालनमा खटाइने जनशक्तिको वृद्धि,
- मतदान केन्द्र र उपकेन्द्रको वृद्धि,
- मतपेटिकाको ढुवानी र केन्द्रीकृत मतगणना प्रणाली ।

४४२. निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन खर्चको पारदर्शिता र जवाफदेहिता सम्बन्धमा केकस्तो कानुनी व्यवस्था रहेको छ ?

निर्वाचन व्यवस्थापनमा निर्वाचन आयोगले गर्ने खर्चको पारदर्शिता र जवाफदेहिता सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

- निर्वाचन व्यवस्थापनका लागि नेपाल सरकारबाट प्राप्त बजेट खर्चका लागि निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन आयोग नियमावली, २०७३, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, भ्रमण खर्च नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई आधार मानी निर्वाचनको आर्थिक व्यवस्थापनका लागि आयोगले अर्थ मन्त्रालयको सहमतिमा बनाएको कार्यविधिबमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ,
- निर्वाचन व्यवस्थापन खर्चको कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखा परीक्षण गरी आन्तरिक नियन्त्रण कायम गरिने र महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण हुने व्यवस्था रहेको छ,
- आयोगले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने व्यवस्था

रहेको छ, यस्तो प्रतिवेदनउपर प्रतिनिधि सभाको सुशासन तथा राज्य व्यवस्था समितिमा छलफल हुन्छ,

- महालेखा परीक्षकको प्रतिवेदनमा औँल्याइएका विषयमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल हुन्छ ।

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने जस्ता कार्यहरू सङ्घीय कानुनबमोजिम हुने र आयोगको वार्षिक प्रतिवेदनका साथै लेखा परीक्षण प्रतिवेदनउपर सङ्घीय संसद्का समितिमा छलफल हुने व्यवस्थाका कारण आयोगको निर्वाचन व्यवस्थापन खर्चका सम्बन्धमा निर्वाचन आयोग सङ्घीय संसद्प्रति जवाफदेही रहन्छ ।

४४३. निर्वाचनमा खटिने जनशक्तिको बिमासम्बन्धी केकस्तो व्यवस्था रहेको छ ?

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचनमा संलग्न जनशक्तिको दुर्घटना बिमा गर्नुपर्ने व्यवस्था गरेको छ । जसअनुसार निर्वाचनको काममा संलग्न पदाधिकारी तथा निर्वाचनमा खटिने कर्मचारी र अन्य जनशक्तिको निर्वाचन अवधिभरका लागि दुर्घटना बिमा निर्वाचन आयोगले गर्छ । यसै गरी निर्वाचनको काममा संलग्न सुरक्षाकर्मीको दुर्घटना बिमा नेपाल सरकारले गर्छ । निर्वाचन आयोगले गर्ने बिमाको हकमा बिमाङ्क रकम आयोगले तोकेबमोजिम र नेपाल सरकारले गर्ने बिमाको हकमा त्यस्तो रकम नेपाल सरकारले तोकेबमोजिम हुन्छ ।

४४४. निर्वाचनका समयमा केकस्ता जनशक्तिको आवश्यकता पर्छ ?

निर्वाचनका समयमा आयोगको सचिवालयदेखि मतदान केन्द्रसम्म आयोगलाई ठुलो सङ्ख्यामा र कामको प्रकृतिअनुसार फरकफरक किसिमका जनशक्तिको आवश्यकता पर्छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक निर्देशिका, आचारसंहिता, कार्यविधि जस्ता कानुनको मसौदा गर्ने कर्मचारी, निर्वाचन कानुनले तोकेबमोजिम निर्वाचन अधिकृतको जिम्मेवारीमा खटिने न्यायाधीश तथा अन्य कर्मचारी, निर्वाचन अधिकृतको कार्यालय सञ्चालन गर्न आवश्यक कर्मचारी, निर्वाचन सामग्री व्यवस्थापन गर्ने कर्मचारी, समानुपातिक निर्वाचन प्रणालीको कार्यान्वयन गर्ने (तथ्याङ्कसम्बन्धी) कर्मचारी, मतपत्र र मतदाता शिक्षा सामग्री डिजाइनिङ गर्ने एवम् छपाइ गर्ने कर्मचारी, विदेशी सङ्घसंस्थाहरूसँग समन्वय एवम् सहकार्य गर्ने कर्मचारी, मतदान सञ्चालन तथा

मतगणना गर्न खटिने कर्मचारी जस्ता जनशक्तिको आवश्यकता पर्छ । त्यसै गरी निर्वाचन आयोगको सचिवालय, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र आदिको सुरक्षाका साथै निर्वाचन सामग्रीको ढुवानी कार्यको सुरक्षासमेतका लागि उल्लेख्य सङ्ख्यामा सुरक्षाकर्मीको आवश्यकता पर्छ । यसका साथै मतदाता शिक्षाका लागि खटिने स्वयम्सेवक तथा मतदान केन्द्रमा खटिने स्वयम्सेवकलगायतका जनशक्ति आवश्यक हुन्छ । यसरी हेर्दा निर्वाचनका समयमा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रशासनिक तथा प्राविधिक जनशक्तिलगायत आवश्यकताअनुसार सहायक कर्मचारी, सुरक्षाकर्मी र स्वयम्सेवक जस्ता जनशक्तिको आवश्यकता पर्छ ।

४४५. निर्वाचनका लागि आवश्यक जनशक्ति कसरी परिचालन गरिन्छ ?

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई आयोगले निर्वाचनका काममा खटाउन वा काममा लगाउन सक्ने कानुनी व्यवस्था छ । आयोग सचिवालय र अन्तर्गत रहेका जनशक्ति निर्वाचनका लागि पर्याप्त नहुने हुँदा आवश्यक पर्ने जनशक्तिको आँकलन गरी त्यस्तो जनशक्ति प्राप्त गर्नेसम्बन्धी कार्यविधि निर्माण गरिन्छ । उक्त कार्यविधिमा निर्दिष्ट प्रक्रियाबमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी काजमा खटाई आयोगले निर्वाचनसम्बन्धी काममा लगाउँछ । निर्वाचन सुरक्षा योजनामुताबिक गृह मन्त्रालयको समन्वयमा सबै सुरक्षा निकायबाट आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी परिचालित हुन्छन् । मतदाता शिक्षाका लागि आवश्यक पर्ने स्वयम्सेवक मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिकाबमोजिम नियुक्त गरी परिचालन गरिन्छ ।

४४६. निर्वाचनमा खटिएका कर्मचारीले प्रचलित कानुनबमोजिम काम नगरेमा कस्तो कारबाही हुने व्यवस्था छ ?

निर्वाचनको काममा नियुक्त गरिएका, खटाइएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश

सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले त्यस्तो काम सम्पादनको सिलसिलामा प्रचलित कानुन वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा सर्तसम्बन्धी प्रचलित कानुनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्न सक्ने व्यवस्था रहेको छ ।

४४७. निर्वाचन सामग्री भन्नाले के बुझिन्छ ?

निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक पर्ने एवम् प्रयोग गरिने सामग्रीहरूलाई निर्वाचन सामग्री भनिन्छ । निर्वाचनका समयमा आयोगको सचिवालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मतदान केन्द्र र मतगणना स्थलमा प्रयोग हुने सामग्रीहरू तथा मतदाता शिक्षाका लागि तयार पारिएका सामग्रीहरू निर्वाचन सामग्रीअन्तर्गत समेटिन्छन् । मतपेटिका, मतपत्र, सुरक्षण सिल, स्वस्तिक छाप, स्ट्याम्प प्याड, छेकाबारा, मतदाता नामावली, औँलामा लगाउने नउड्ने मसी, मतदाता शिक्षा सामग्रीहरू, निर्वाचनसम्बन्धी ऐन, नियम, निर्देशिका, मुचुल्का फारम आदि निर्वाचन सामग्रीका उदाहरण हुन् । निर्वाचन आयोगले एउटा मतदान केन्द्रका लागि ५६ प्रकारका निर्वाचन सामग्री आवश्यक हुने मापदण्ड तयार गरेको छ । निर्वाचनमा प्रयोग हुने सामग्रीहरूमध्ये मतदानका लागि नभई नहुने मतपत्र, मतपेटिका, सुरक्षण सिल, स्वस्तिक छाप र स्ट्याम्प प्याड, मतदाता नामावली, मुचुल्का फारमलाई अत्यावश्यक तथा संवेदनशील निर्वाचन सामग्री मानिन्छ ।

४४८. निर्वाचन सामग्री मतदान केन्द्रसम्म पुऱ्याउने प्रबन्ध कसरी मिलाइएको हुन्छ ?

निर्वाचन सामग्रीहरूमध्ये अधिकांश सामग्रीहरू केन्द्रीय स्तरबाट व्यवस्थापन गरिन्छ भने केही सामग्रीहरू स्थानीय स्तरमा उपलब्धताका आधारमा स्थानीय रूपमा पनि व्यवस्था गरिन्छ । केन्द्रीय स्तरबाट व्यवस्थापन गरिने निर्वाचन सामग्रीहरू आवश्यक सुरक्षा प्रबन्धसहित आयोग सचिवालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा पुऱ्याउने व्यवस्था मिलाउँछ । मतदान केन्द्रका लागि आवश्यक पर्ने सामग्रीहरूमध्ये मतपत्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट र अन्य निर्वाचन सामग्री जिल्ला निर्वाचन कार्यालयबाट सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराइन्छ । त्यस्ता सामग्रीहरू आवश्यक सुरक्षा प्रबन्धसहित मतदान केन्द्रसम्म पुऱ्याउने र समुचित प्रयोगको व्यवस्था मिलाउने जिम्मेवारी मतदान अधिकृतको हुन्छ ।

४४९. निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याएमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ?

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले कसैले पनि निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोस्न, लुट्न, चोर्न, कब्जामा लिन, खोल्न, नष्ट गर्न वा निर्वाचनमा प्रयोग हुन नदिन कुनै किसिमले रोकावट वा हस्तक्षेप गर्न वा गराउन प्रतिबन्ध लगाएको छ । यदि कसैले त्यस्तो बाधा पुऱ्याएमा देहायअनुसार सजाय हुने कानुनी व्यवस्था रहेको छ :

- निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोस्न, लुट्न, चोर्न, कब्जामा लिन, खोल्न, नष्ट गर्न वा निर्वाचनमा प्रयोग हुन नदिन कुनै किसिमले रोकावट वा हस्तक्षेप गर्न वा गराउन खोजेमा त्यस्तो व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने,

- मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने उद्देश्यले मतदाता परिचय पत्र कब्जा गर्ने, बिगार्ने वा खरिद गरेमा त्यस्तो व्यक्तिलाई पच्चिस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने,

- मतदान अधिकृतको स्वीकृतिबिना निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा वा निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचनसम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न वा त्यस्तो कार्य गर्न लगाएमा त्यस्तो व्यक्तिलाई निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने ।

७.७ सुरक्षा र जोखिम व्यवस्थापन

४५०. निर्वाचनमा सुरक्षा प्रबन्ध भनेको के हो ?

निर्वाचन सञ्चालन तथा व्यवस्थापन एक बृहत्, जटिल एवम् संवेदनशील विषय हो । निर्वाचनसँग सम्बन्धित कार्यहरू बिनाअवरोध शान्तिपूर्ण तवरबाट निर्धारित

कार्यतालिकाबमोजिम सम्पादन गर्न आवश्यक सुरक्षाको चाँजोपाँजो मिलाउने कार्य नै निर्वाचनमा सुरक्षा प्रबन्ध हो । निर्वाचन सुरक्षा प्रबन्धअन्तर्गत मतदाता, राजनीतिक दलका नेता तथा प्रतिनिधि, उम्मेदवार र उम्मेदवारका प्रतिनिधि, निर्वाचन प्रचारप्रसारसम्बन्धी सभा जुलुस, निर्वाचन सामग्री, निर्वाचन कार्यालय र निर्वाचनमा संलग्न कर्मचारी एवम् निर्वाचनका अन्य सरोकारवालाहरूको सुरक्षासम्बन्धी विषयहरू समेटिन्छन् । सङ्घीय संसद्, प्रदेश सभा, स्थानीय तहलगायत नेपालको संविधानबमोजिम निर्वाचन आयोगले निर्वाचन गराउनुपर्ने पदहरूको निर्वाचनका लागि मिति घोषणापश्चात् निर्वाचनलाई सुरक्षित, भयरहित, शान्तिपूर्ण एवम् निष्पक्ष रूपमा सम्पन्न गराउन आवश्यक सुरक्षा प्रबन्ध मिलाउनुपर्दछ । निर्वाचन हुने जिल्ला तथा प्रदेश वा सोअन्तर्गतका पालिका सङ्ख्या, निर्वाचित हुने पद, कुल मतदाता सङ्ख्या, मतदान स्थल तथा मतदान केन्द्रको सुरक्षा संवेदनशीलतासमेतको विश्लेषणका आधारमा निर्वाचन क्षेत्र र मतदान केन्द्रहरूलाई सामान्य, संवेदनशील र अतिसंवेदनशील रूपमा वर्गीकरण गरी सुरक्षाकर्मी परिचालन एवम् सुरक्षा स्रोत व्यवस्थापनका लागि निर्वाचन सुरक्षा योजना तयार गर्नुपर्दछ ।

४५१. निर्वाचनमा सुरक्षा प्रबन्धसम्बन्धी केकस्ता संवैधानिक र कानुनी व्यवस्था रहेका छन् ?

नेपालको संविधानको धारा २४७ मा निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ भन्ने व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्ने र आयोगबाट यसरी लेखिआएमा सम्बन्धित सरकारहरूले निर्वाचनमा सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले समन्वयात्मक रूपमा मिलाउँदै आएका छन् ।

४५२. निर्वाचनमा सुरक्षा प्रबन्धको मुख्य उद्देश्य के हो ?

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा अधिकाधिक मतदाताको सहभागितामा शान्तिपूर्ण तवरबाट निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्नु नै निर्वाचन सुरक्षा प्रबन्धको मुख्य उद्देश्य हो । निर्वाचन सामग्रीको पूर्ण सुरक्षा गरी निर्वाचन

कार्यक्रमबमोजिमका क्रियाकलापहरू निर्वाध रूपमा सम्पन्न गर्न निर्वाचन सुरक्षा प्रबन्धको उद्देश्य देहायबमोजिम रहेका छन् :

- निर्वाचन अवधिमा हुने सबै क्रियाकलापहरू सुरक्षित वातावरणमा सम्पादन हुन्छ भन्ने सुनिश्चित गर्नु,
- राजनीतिक दल, समूह वा अन्य पक्षहरूबाट कसैको पक्ष वा विपक्षमा हुन सक्ने कुनै पनि प्रकारको अवाञ्छित क्रियाकलाप तथा गतिविधिहरू गर्न गराउन नदिनु,
- जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयका साथै मतदान सामग्रीहरूको उच्च सुरक्षा व्यवस्था मिलाउनु,
- निर्वाचनमा खटिने निर्वाचनसँग सम्बन्धित पदाधिकारीलगायत कर्मचारीको सुरक्षा व्यवस्था मिलाउनु,
- अति विशिष्ट एवम् विशिष्ट व्यक्तिहरूको आवागमनलाई सुरक्षित पार्नु,
- मतदान स्थललगायत मतगणना स्थलको भरपर्दो सुरक्षा व्यवस्था मिलाउनु,
- निर्वाचन आचारसंहितालाई पूर्ण रूपमा पालना गर्न गराउन सहयोग गर्नु ।

४५३. निर्वाचनमा सुरक्षा प्रबन्धको मुख्य जिम्मेवारी कसको हुन्छ ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्ने व्यवस्था रहेको छ । आयोगबाट लेखिआएमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउनुपर्दछ । निर्वाचनका समयमा निर्वाचन आयोगमा उच्चस्तरीय निर्वाचन सुरक्षा समिति र निर्वाचन सुरक्षा समन्वय समिति वा उपसमितिको गठन गरिन्छ । उक्त समितिहरूमार्फत निर्वाचन आयोगसँग समन्वय गरी गृह मन्त्रालयले एकीकृत निर्वाचन सुरक्षा योजना तयार गर्दछ । यस्तो सुरक्षा योजना सुरक्षा सम्बद्ध सबै मन्त्रालय र मातहतका सुरक्षा निकायहरूबाट समन्वयात्मक रूपमा कार्यान्वयन गरिन्छ । एकीकृत निर्वाचन सुरक्षा योजनाको अधीनमा रही आवश्यकताअनुसार प्रदेश तहमा प्रदेश सरकार र जिल्ला स्तरमा जिल्ला निर्वाचन सुरक्षा

समन्वय समितिले समेत सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न सक्छन् । कानुनतः निर्वाचन सुरक्षा प्रबन्धको मुख्य जिम्मेवारी नेपाल सरकारको हुन्छ ।

४५४. निर्वाचनका समयमा केकस्ता सुरक्षा संयन्त्र स्थापना गरिने प्रचलन रहेको छ ?

निर्वाचनका समयमा निर्वाचन आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका निर्माण गर्दछ । त्यस्तो निर्देशिकामा निर्वाचनका समयमा स्थापना गरिने सुरक्षा संयन्त्रको गठन विधि र जिम्मेवारी स्पष्ट गरिएको हुन्छ । विगतका निर्वाचनहरूलाई हेर्दा देहायबमोजिमका सुरक्षा संयन्त्रहरू स्थापना गरी परिचालन गरिएको पाइन्छ :

- निर्वाचन आयोगमा उच्चस्तरीय निर्वाचन सुरक्षा समिति,
- निर्वाचन आयोगको सचिवालयमा निर्वाचन सुरक्षा समन्वय समिति वा निर्वाचन सुरक्षा समन्वय उपसमिति,
- जिल्ला निर्वाचन सुरक्षा समन्वय समिति ।

उल्लिखित संयन्त्रका अतिरिक्त एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार गृह मन्त्रालयमा केन्द्रीय कमान्ड पोस्ट र केन्द्रीय संयुक्त निर्वाचन सेल तथा प्रदेशमा प्रदेश कमान्ड पोस्ट र प्रदेश निर्वाचन सेलको समेत गठन गरिन्छ ।

४५५. निर्वाचनका समयमा उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको गठन कसरी हुन्छ ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा एक उच्चस्तरीय निर्वाचन सुरक्षा समिति गठन गरिन्छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ अनुसार उक्त समितिको गठन विधि देहायबमोजिम छ :

निर्वाचन आयुक्त (सुरक्षा हेर्ने)	संयोजक
सचिव, गृह मन्त्रालय	सदस्य
सचिव, रक्षा मन्त्रालय	सदस्य
सचिव, निर्वाचन आयोग	सदस्य
रथी, नेपाली सेना	सदस्य

प्रहरी महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल	सदस्य
मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग	सदस्य
सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग	सदस्य सचिव

४५६. उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका मुख्यमुख्य कार्यहरू केके हुन् ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा गठन गरिने उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको काम, कर्तव्य र अधिकारसमेत सोही निर्देशिकामा उल्लेख गरिएको हुन्छ । सामान्यतया यस्तो समितिले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

- निर्वाचन सुरक्षासम्बन्धी नीति तर्जुमा गर्न सहयोग गर्ने,
- समग्र निर्वाचन सुरक्षा व्यवस्थापन र सुरक्षाकर्मी परिचालनको समीक्षा गरी भावी सुरक्षा कार्ययोजना निर्माण गर्ने,
- निर्वाचन सुरक्षा व्यवस्थाको अनुगमन तथा शान्ति सुरक्षाको स्थिति अनुमान र व्यवस्थापन गरी सम्बन्धित सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने,
- निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी नीतिगत निर्णय गर्नुपर्ने विषयमा आवश्यक राय सुझाव निर्वाचन आयोगसमक्ष पेस गर्ने ।

४५७. निर्वाचनका समयमा निर्वाचन सुरक्षा समन्वय समितिको गठन कसरी हुन्छ ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा निर्वाचन सुरक्षा समन्वय समिति वा उपसमिति गठन गर्ने अभ्यास रहेको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ अनुसार निर्वाचन सुरक्षा समन्वय समितिको गठन विधि देहायबमोजिम छ :

सचिव, निर्वाचन आयोग	संयोजक
सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग	सदस्य
सहसचिव, (जेइओसी हेर्ने), निर्वाचन आयोग	सदस्य

उपसचिव, प्रशासन शाखा, निर्वाचन आयोग	सदस्य
उपसचिव, मतदाता नामावली तथा निर्वाचन शाखा, निर्वाचन आयोग	सदस्य
शाखा अधिकृत (कर्मचारी प्रशासन हेर्ने)	सदस्य सचिव

प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको उपनिर्वाचन, २०७६ मा आयोगको प्रशासन महाशाखाका सहसचिवको संयोजकत्वमा प्रशासन शाखाका उपसचिव, आर्थिक प्रशासन शाखाका उपसचिव, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखाका उपसचिव, गृह मन्त्रालयका उपसचिव सदस्य र आयोगको कर्मचारी प्रशासन हेर्ने शाखा अधिकृत सदस्य सचिव रहेको सुरक्षा समन्वय उपसमिति गठन गरिएको थियो ।

४५८. निर्वाचन सुरक्षा समन्वय समितिको मुख्य मुख्य कार्यहरू केके हुन् ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा गठन गरिने निर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकारसमेत सोही निर्देशिकामा उल्लेख गरिएको हुन्छ । सामान्यतया यस्तो समितिले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

- आयोग र स्थानीय सुरक्षा निकायबिच सम्पर्क एवम् समन्वय गर्ने,
- जिल्लाको निर्वाचन सुरक्षाका अवस्थाका बारेमा प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीसँग नियमित सम्पर्कमा रही जानकारी हासिल गर्ने र सोको प्रतिवेदन उच्चस्तरीय निर्वाचन सुरक्षा समितिमा पेस गर्ने,
- उच्चस्तरीय निर्वाचन सुरक्षा समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने वा गर्न लगाउने,
- निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी नीतिगत निर्णयका सम्बन्धमा आवश्यक राय सुझाव आयोगसमक्ष पेस गर्ने ।

४५९. निर्वाचनका समयमा जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिको गठन कसरी हुन्छ ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा प्रत्येक जिल्लामा जिल्ला निर्वाचन सुरक्षा समन्वय समिति गठन गरिन्छ । प्रतिनिधि सभा तथा प्रदेश सभा

सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ अनुसार उक्त समितिको गठन विधि देहायबमोजिम छ :

प्रमुख जिल्ला अधिकारी	संयोजक
जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू	सदस्य
जिल्ला निर्वाचन अधिकारी	सदस्य
सहायक प्रमुख जिल्ला अधिकारी	सदस्य सचिव

४६०. जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिका मुख्यमुख्य कार्यहरू केके हुन् ?

निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिकाबमोजिम निर्वाचनका समयमा गठन गरिने जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकारसमेत सोही निर्देशिकामा उल्लेख गरिएको हुन्छ । सामान्यतया यस्तो समितिले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

- निर्वाचन सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने,
- सुरक्षा योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति, साधन र स्रोतको आँकलन गर्ने,
- निर्वाचन प्रचारप्रसारका क्रममा अप्रिय घटना हुन नदिन राजनीतिक दल र स्थानीय सुरक्षा निकायका प्रतिनिधिसमेत रहेको सुरक्षा कार्यदल गठन गर्ने,
- जिल्लामा उपलब्ध जनशक्ति र साधनस्रोतले नपुग हुने भए थप जनशक्तिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने,
- केन्द्रीय सुरक्षा समिति तथा प्रदेश सुरक्षा समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने,
- निर्वाचन सुरक्षाका लागि उपयुक्त स्थानमा निर्वाचन कमान्ड पोस्ट स्थापना गरी सञ्चालन गर्ने,
- सुरक्षा योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने,

- जिल्लाभित्र निर्वाचन सुरक्षाका लागि सूक्ष्म र बृहत् सुरक्षा योजना रणनीति र कार्यनीति बनाई सोको कार्यान्वयन गर्ने गराउने,
- जिल्लाको समग्र सुरक्षा अवस्थाका सम्बन्धमा दैनिक रूपमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रलाई जानकारी गराउने,
- निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी नीतिगत निर्णयका सम्बन्धमा आवश्यक राय सुझाव आयोगसमक्ष पेस गर्ने ।

४६१. निर्वाचनमा ककसको सुरक्षा व्यवस्था मिलाइएको हुन्छ ?

निर्वाचनमा देहायका व्यक्ति, कार्यालय एवम् वस्तुको सुरक्षा व्यवस्था मिलाइएको हुन्छ :

- मतदाता तथा सर्वसाधारण,
- राजनीतिक दलका नेता तथा प्रतिनिधि,
- उम्मेदवार र तिनका प्रतिनिधि,
- मतदाता नामावली, मतपत्र, मतपेटिकालगायतका निर्वाचन सामग्री,
- निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृत तथा अन्य कर्मचारी,
- जिल्ला निर्वाचन कार्यालय र जिल्ला निर्वाचन अधिकारी तथा अन्य कर्मचारी,
- मतदान केन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,
- मतगणना स्थल र मतगणनामा खटिएका कर्मचारी,
- निर्वाचनका सिलसिलामा आयोजना हुने ञ्याली, आमसभा तथा जुलुसका सहभागी,
- निर्वाचन प्रचारप्रसारमा संलग्न व्यक्ति,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षक,

- निर्वाचन अनुगमन, मतदाता शिक्षा जस्ता निर्वाचनसम्बन्धी कार्यमा खटिएका कर्मचारी तथा पदाधिकारी,
- सञ्चारकर्मी,
- निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यमा संलग्न हुने सहभागी तथा स्रोत व्यक्ति,
- निर्वाचन आयोग, आयोगका पदाधिकारी तथा कर्मचारी ।

४६२. निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र उम्मेदवारहरूले जुलुस, आमसभालगायत कार्यक्रम गर्दा सुरक्षा व्यवस्था कसरी मिलाइन्छ ?

राजनीतिक दल वा उम्मेदवारहरूले जुलुस, आमसभालगायत प्रचारप्रसार कार्य गर्दा पालना गर्नुपर्ने आचरण निर्वाचन आचारसंहितामा उल्लेख गरिएको हुन्छ । निर्वाचन आचारसंहिताअनुसार स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला गर्न वा गराउन हुँदैन । त्यस्तो जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला गर्नुअघि सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानका बारेमा कम्तीमा ४८ घण्टाअगावै जानकारी गराउनुपर्छ ।

राजनीतिक दल तथा उम्मेदवारसँग छलफल तथा समन्वय गरी एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, ञ्याली, बैठक वा भेला नगर्ने व्यवस्था मिलाइन्छ भने यस्ता कार्यक्रम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्न अनुमति दिइन्छ । राजनीतिक दल तथा उम्मेदवारले सञ्चालन गर्ने जुलुस, आमसभालगायतका कार्यक्रमको समय, मिति, मार्ग र स्थानका आधारमा सुरक्षा संवेदनशीलता विश्लेषण गरी आवश्यक सङ्ख्यामा सुरक्षाकर्मीहरू परिचालन गरी सुरक्षा व्यवस्था मिलाइन्छ ।

४६३. निर्वाचन सामग्रीको सुरक्षा व्यवस्था कसरी गरिन्छ ?

निर्वाचनमा प्रयोग हुने सामग्रीहरूमध्ये अधिकांश सामग्रीहरू केन्द्रीय स्तरबाट व्यवस्थापन गरिन्छ भने केही सामग्रीहरू स्थानीय स्तरमा उपलब्धताका आधारमा स्थानीय रूपमा व्यवस्था गरिन्छ । नेपाली सेना वा सशस्त्र प्रहरी बल नेपालको सुरक्षा प्रबन्धमा मतपत्र छपाइ गरिन्छ भने अन्य निर्वाचन सामग्री भण्डारण गर्ने निर्वाचन आयोग परिसरमा

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले सुरक्षा प्रदान गर्छन् । केन्द्रीय स्तरबाट व्यवस्थापन गरिने निर्वाचन सामग्रीहरू आवश्यक सुरक्षा प्रबन्धसहित आयोग सचिवालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा पुऱ्याउँछ । निर्वाचन सामग्रीको संवेदनशीलताअनुसार सुरक्षा निकायको स्कर्टिङको प्रबन्ध गरिएको हुन्छ । निर्वाचन अधिकृतको कार्यालय र उक्त कार्यालयमा रहने मतपत्र एवम् जिल्ला निर्वाचन कार्यालय र सो कार्यालयमा रहने अन्य निर्वाचन सामग्रीहरू सशस्त्र प्रहरी बल नेपालको सुरक्षा प्रबन्धमा रहन्छन् । मतदान केन्द्रका लागि आवश्यक पर्ने मतपत्र, मतपेटिकालगायतका निर्वाचन सामग्रीहरू नेपाल प्रहरीको सुरक्षा प्रबन्धमा मतदान केन्द्रसम्म पुऱ्याइन्छ भने उक्त समयमा नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालबाट नियमित गस्तीको व्यवस्था मिलाइएको हुन्छ । मतदानपश्चात् मतपत्र सिलबन्दी गरिएका मतपेटिकालगायतका अन्य सामग्री तथा कागजातहरू स्थानीय सुरक्षा संवेदनशीलताका आधारमा नेपाली सेना वा सशस्त्र प्रहरी बल नेपाल वा नेपाल प्रहरीको सुरक्षा प्रबन्धमा मतदान केन्द्रदेखि मतगणना स्थलसम्म पुऱ्याइन्छ ।

४६४. राजनीतिक दलका नेता एवम् उम्मेदवारको सुरक्षा व्यवस्था कसरी गरिन्छ ?

निर्वाचनका समयमा जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिले सुरक्षा अवस्थाको विश्लेषण गरी सुरक्षा संवेदनशीलता, सुरक्षा चुनौतीलगायतका आधारमा राजनीतिक दलका नेता तथा उम्मेदवारलाई आवश्यकताअनुसार सुरक्षा व्यवस्था मिलाएको हुन्छ । कुनै राजनीतिक दलका नेता वा उम्मेदवारले आफूलाई सुरक्षा चुनौती भएको कारण खुलाई विशेष सुरक्षा व्यवस्थाका लागि निवेदन दिएमा जिल्ला सुरक्षा समितिले आवश्यक जाँचबुझ गरी निजलाई व्यक्तिगत सुरक्षा अधिकृत (पि.एस.ओ.) उपलब्ध गराउने, आवासमा सुरक्षाकर्मी खटाउने जस्ता उपायहरू अवलम्बन गरी सुरक्षा प्रबन्ध मिलाइन्छ । त्यसै गरी कुनै राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको निर्वाचन प्रचारप्रसारसम्बन्धी जुलुस, ऱ्याली आमसभा आदि कार्यक्रममा सुरक्षा संवेदनशीलताका आधारमा आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी खटाइन्छ ।

४६५. मतदान केन्द्र र त्यसका वरिपरिको सुरक्षा प्रबन्ध कसरी गरिएको हुन्छ ?

प्रत्येक मतदान केन्द्रको सुरक्षा व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला निर्वाचन सुरक्षा समन्वय समितिको हुन्छ । विगतका निर्वाचनहरूको समीक्षा, वर्तमान सुरक्षा अवस्थाको विश्लेषण र एकीकृत निर्वाचन सुरक्षा योजनामा आधारित भई मतदान केन्द्रहरूलाई अति संवेदनशील,

संवेदनशील र सामान्य मतदान केन्द्रका रूपमा वर्गीकरण गरिन्छ । वर्गीकरणका आधारमा सुरक्षा योजनाले मार्गनिर्देशन गरेबमोजिम मतदान केन्द्रमा सुरक्षाकर्मी खटाइन्छ । एकीकृत निर्वाचन सुरक्षा योजनामुताविक सुरक्षा घेराको निर्माण गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाले मतदान केन्द्र र त्यसको वरिपरिको सुरक्षा गर्दछन् । मतदाता आउने जाने मार्गमा समेत आवश्यक सुरक्षा प्रबन्ध प्रदान गर्न घुम्ती सुरक्षा टोली परिचालन गरिएको हुन्छ ।

४६६. निर्वाचनका समयमा सुरक्षा निकायहरूसँग कसरी समन्वय गरिन्छ ?

निर्वाचनका समयमा सम्बन्धित विषय हेर्ने निर्वाचन आयुक्तको संयोजकत्वमा उच्चस्तरीय निर्वाचन सुरक्षा समिति, निर्वाचन आयोगका सचिवको संयोजकत्वमा निर्वाचन सुरक्षा समन्वय समिति, आयोगको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र र प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला निर्वाचन सुरक्षा समन्वय समिति गठन गरिएको हुन्छ । निर्वाचन आयोगमा प्रहरी सञ्चार एकाइको समेत स्थापना गरिएको हुन्छ । उल्लिखित संयन्त्रहरूमार्फत सुरक्षा निकायहरूबिच समन्वय कायम गरिन्छ । खास गरी स्थानीय स्तरमा निर्वाचनका गतिविधिहरू सघन हुँदै जाँदा आयोगमा स्थापना गरिने संयुक्त निर्वाचन सञ्चालन केन्द्रमार्फत सबै सुरक्षा निकाय एवम् सुरक्षा संयन्त्रहरूबिच निरन्तर समन्वय गरिन्छ । प्रहरी सञ्चार एकाइबाट सूचनाको निरन्तर प्रवाह हुन्छ ।

४६७. निर्वाचन जोखिम (Election Risk) भनेको के हो ?

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सिलसिलामा निर्धारित निर्वाचन कार्यक्रम कार्यान्वयन गर्दा आउन सक्ने अवरोध वा रोकावटको सम्भावनालाई निर्वाचन जोखिम भनिन्छ । निर्वाचन जोखिम आन्तरिक र बाह्य गरी दुई किसिमले हुन सक्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायको आन्तरिक व्यवस्थापकीय कमजोरीका कारण उत्पन्न हुने जोखिम आन्तरिक र निर्वाचन व्यवस्थापन गर्ने निकायको व्यवस्थापकीय नियन्त्रणभन्दा बाहिरका कारणले सिर्जना हुने निर्वाचन जोखिम बाह्य जोखिम हुन् । निर्वाचनको कुनै एक क्रियाकलापमा हुने रोकावट वा अवरोधले समग्र निर्वाचनको कार्यतालिकामा नै प्रभाव पार्ने हुन्छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्रममा राजनीतिक, कानुनी, व्यवस्थापकीय, प्राविधिक तथा सुरक्षा क्षेत्रमा निर्वाचन जोखिम उत्पन्न हुन सक्छन् । मतपत्रलगायतका सामग्री ढुवानीमा रोकावट वा अवरोध उत्पन्न भएमा निर्धारित समयमा मतपत्रलगायतका सामग्री मतदान केन्द्रसम्म पुऱ्याउन सकिँदैन र मतदान नै

रोकिन सक्छ । कुनै मतदातालाई मतदान केन्द्रमा जान रोकावट वा अवरोध सिर्जना हुन गएमा मताधिकार हनन् हुने तथा मतदान प्रतिशतमा कमी हुने हुन्छ । यसरी निर्वाचन व्यवस्थापनका कुनै क्षेत्रमा हुने जोखिमले निर्वाचन व्यवस्थापनमा नै प्रतिकूल असर पार्ने भएकाले यो अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

४६८. निर्वाचन जोखिम व्यवस्थापन (Election Risk Management) भन्नाले के बुझिन्छ ?

निर्वाचन प्रक्रियामा उत्पन्न हुन सक्ने जोखिमको न्यूनीकरण वा रोकथामका लागि अवलम्बन गरिने व्यवस्थापकीय कार्यहरूको समष्टि नै निर्वाचन जोखिम व्यवस्थापन हो । निर्वाचन जोखिम व्यवस्थापनले स्थिति विश्लेषण गर्ने, जोखिमका सम्भाव्य क्षेत्र तथा किसिमको आँकलन एवम् पहिचान गर्ने, जोखिम नियन्त्रण तथा न्यूनीकरण योजना तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन र जनशक्तिको प्रबन्ध गर्ने, योजनामा समावेश गरिएका रणनीति तथा कार्यनीतिबमोजिमका क्रियाकलापहरू सञ्चालन एवम् अनुगमन गर्ने र निर्वाचन सम्पन्न भएपश्चात् समीक्षा तथा मूल्याङ्कन गरी सुधारात्मक क्रियाकलापहरू सिफारिस गर्ने जस्ता कार्य समेटिन्छन् । प्रभावकारी निर्वाचन जोखिम व्यवस्थापनका लागि विशेष ज्ञान र दक्षतासहितको मानव संशाधन तथा कम्प्युटर प्रणालीको आवश्यकता पर्दछ । निर्वाचन आयोगले वि.सं. २०७० सालदेखि निर्वाचन जोखिम व्यवस्थापनका लागि **ERM Tool** को प्रयोग गर्दै आएको छ ।

४६९. निर्वाचन जोखिम व्यवस्थापन औजार ERM Tool ले निर्वाचनमा जोखिम न्यूनीकरण गर्न कसरी सहयोग पुऱ्याउँछ ?

निर्वाचनका क्षेत्रमा जोखिमका कारणहरू बुझ्न, जोखिमको तथ्याङ्क विश्लेषण गर्न, निर्वाचनसम्बन्धी हिंसा रोक्न वा कम गर्ने योजना बनाउन तथा निर्वाचन जोखिम व्यवस्थापनमा खटिने मानव स्रोतको क्षमता वृद्धिका लागि निर्माण गरिएको एक प्रकारको कम्प्युटर सफ्टवेयर प्रणालीमा आधारित औजार नै निर्वाचन जोखिम व्यवस्थापन औजार **Election Risk Management Tool** हो । **ERM Tool** ले निर्वाचन जोखिमका सूचनाको विश्लेषण गरी भविष्यमा जोखिम न्यूनीकरणका लागि देहायअनुसार सहयोग पुऱ्याउँछ :

- विगतमा भएका निर्वाचनहरूमा भोगिएका जोखिमका तथ्याङ्कहरू विद्युतीय रूपमा सङ्ग्रह गरी प्रयोगकर्ताहरूलाई निर्वाचन जोखिमका कारकहरूका

सम्बन्धमा सूचना प्रदान गर्दछ जसले आगामी निर्वाचनमा सम्भावित जोखिम विश्लेषण गर्न सहयोग गर्दछ ।

- प्रयोगकर्ताहरूलाई विभिन्न तथ्याङ्क तथा सूचनाहरू अपलोड गर्न, विश्लेषण गर्न, जोखिमको नक्साङ्कन गर्न, जोखिम न्यूनीकरणमा सचेत गराउन तथा जोखिमको अभिलेखीकरण गर्ने कार्य गर्नका लागि सूचना उपलब्ध गराउँदछ ।

- यस औजारमा रहेको संरक्षण तथा न्यूनीकरण मोडुलले अघिल्ला निर्वाचनहरूको जोखिमलाई तुलनात्मक रूपमा प्रस्तुत गर्दछ जसले गर्दा आगामी निर्वाचनको जोखिम न्यूनीकरणका लागि कार्य गर्न सूचना प्रदान गर्दछ ।

यसरी **ERM Tool** ले विगतमा भएका निर्वाचनसँग सम्बन्धित घटनाहरूको सूचना र तथ्याङ्क सङ्गृहीत गर्न आगामी दिनमा त्यस्ता घटना वा जोखिम न्यूनीकरणमा स्पष्ट रणनीति तयार गर्नका लागि आवश्यक सूचना प्रदान गरी निर्वाचन जोखिम न्यूनीकरण योजना बनाउन सहयोग गर्दछ ।

७.८ निर्वाचन तथा मतदाता शिक्षा

४७०. नागरिक शिक्षा भनेको के हो ?

नागरिक चासो र सरोकारका विषयवस्तुमा मत वा विकल्प निर्माण गर्न सक्ने, विकल्प छनोटमा प्रभाव पार्न सक्ने तुल्याउने शिक्षा नै नागरिक शिक्षा हो । सूचना र सिकाइ अनुभवका माध्यबाट लोकतान्त्रिक विधि र प्रक्रियामा सहभागी हुन सक्ने गरी आमनागरिकलाई सक्षम र सशक्त तुल्याउने एक माध्यमका रूपमा नागरिक शिक्षालाई लिइन्छ । यसले राज्यप्रतिको नागरिक कर्तव्य तथा दायित्वका विषयमा समेत सचेत तुल्याउँदै आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक अधिकारप्रति इमान्दार र जिम्मेवार बन्न योगदान पुऱ्याउँछ । नागरिक शिक्षा लोकतन्त्रको मुख्य अन्तरवस्तु हो । शासकीय सबै आयाममा नागरिक शिक्षाका सम्बन्धहरू रहेका हुन्छन् । मतदाता शिक्षा, राजनीतिक शिक्षा, अधिकारसम्बन्धी शिक्षा, शान्ति र विकास एवम् शक्तिको शिक्षा र प्रजातान्त्रिक शिक्षाका क्षेत्रहरू यसभित्र समेटिएको देखिन्छ ।

४७१. निर्वाचन शिक्षा भनेको के हो ?

लोकतन्त्र, संविधान, शासन प्रणाली, सुशासन, निर्वाचन प्रक्रिया, निर्वाचन पद्धति, निर्वाचन प्रणाली, नागरिकको कर्तव्य र अधिकार, सरोकारवालाको भूमिका, राजनीतिक

दललगायतका विषयमा आममतदाता तथा नागरिक सबैलाई निरन्तर रूपमा दिइने शिक्षा नै निर्वाचन शिक्षा हो । निर्वाचन व्यवस्थापन गर्ने निकायलगायत निर्वाचन सम्बद्ध सरोकारवाला संस्थाले निरन्तर रूपमा निर्वाचन शिक्षा प्रदान गरी नागरिकलाई राजनीतिक अधिकारको उपयोग सही तरिकाले गर्न सक्षम तुल्याउँछ । मतदाता शिक्षा निर्वाचन शिक्षाअन्तर्गत पर्दछ ।

४७२. मतदाता शिक्षा भनेको के हो ?

मतदातालाई मतदानका लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकाय वा उसको स्वीकृतिमा अन्य संस्थाद्वारा सञ्चालन गरिने शिक्षा नै मतदाता शिक्षा हो । मतदाता शिक्षाले मतदातालाई मतदान गर्ने सही तरिका सिकाउनुका अतिरिक्त मतदानको महत्त्वका बारेमा समेत बोध गराउँछ । मतदाता शिक्षा निर्वाचन सम्बद्ध कार्यक्रमसँग सम्बन्धित हुन्छ । मतदातालाई लक्षित गरी मतदानमा मतदाताको अधिकाधिक सहभागिताका लागि मतदाता शिक्षा प्रदान गरिन्छ । छापा माध्यम, रेडियो, टेलिभिजन, घरदैलो, आम पहुँचलगायतका माध्यमबाट सबै मतदाता समेटिने गरी बृहत् रूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिन्छ ।

४७३. निर्वाचन शिक्षा र मतदाता शिक्षामा के भिन्नता छ ?

निर्वाचन शिक्षा आम मतदाता तथा नागरिक सबैलाई प्रदान गरिन्छ भने मतदाता शिक्षा निर्वाचनका कुनै कार्यक्रममा आधारित भई मतदातालाई मात्र प्रदान गरिन्छ । निर्वाचन शिक्षाका विषयवस्तु लोकतन्त्र, शासकीय प्रणाली, निर्वाचन जस्ता फराकिला हुन्छन् भने मतदाता शिक्षाका विषयवस्तु निर्वाचन र मतदान कार्यसँग मात्र सीमित रहेका हुन्छन् । निर्वाचन शिक्षा नागरिक शिक्षाको एक अङ्गका रूपमा निरन्तर चलिरहन्छ भने मतदाता शिक्षा निर्वाचनका समयमा मात्र सञ्चालन हुन्छ ।

४७४. मतदाता सूचना भन्नाले कस्ता सूचनालाई बुझाउँछ ?

मतदातालाई मतदान गर्नका लागि सजिलो पार्ने उद्देश्य राखी सम्प्रेषण गरिएका सूचना नै मतदाता सूचना हुन् । मतदान गर्न कहाँ र कहिले जाने ?, मतदान गर्न जाँदा आवश्यक पर्ने कागज वा प्रमाण के हुन् ? लगायतका जानकारी मतदाता सूचनाले प्रदान गर्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायले यस्ता सूचना रेडियो, टेलिभिजन, पोस्टर, पम्प्लेटलगायतका माध्यमबाट मतदातासमक्ष पुऱ्याउँछ ।

४७५. मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुका उद्देश्यहरू के हुन् ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम मतदाता जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने जिम्मेवारी निर्वाचन आयोगको भएको हुँदा आयोगले निर्वाचनका बारेमा मतदातालाई सही समयमा सही सूचना एवम् जानकारी प्रदान गर्दै आएको छ । मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुका उद्देश्यहरू देहायबमोजिम छन् :

- मतदानमा सहभागी हुन प्रेरणा प्रदान गर्न,
- निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी रूपमा सम्पन्न गर्न,
- सुसूचित मतदाता तयार गर्न र निर्वाचनमा अर्थपूर्ण सहभागिता जनाउन,
- योग्य मतदाताको मतदानमा सहभागिता अभिवृद्धि गर्दै बदर मत न्यूनीकरण गर्न,
- अमूल्य मतको महत्त्व बुझाउन,
- योग्य प्रतिनिधि चयन गर्न सहयोग गर्न ।

४७६. निर्वाचन शिक्षा प्रदान गर्नका लागि आयोगले केकस्तो व्यवस्था गरेको छ ?

निर्वाचन शिक्षा प्रदान गर्नका लागि निर्वाचन आयोगले काठमाडौँलगायत प्रदेश १ को विराटनगर, गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेत र सुदूर पश्चिम प्रदेशको धनगढीमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी निर्वाचन शिक्षा कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरेको छ । त्यसै गरी ७७ वटै जिल्ला निर्वाचन कार्यालयहरूबाट विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम तथा सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गर्दै आएको छ । सहजै पहुँच नपुगेका समुदाय र क्षेत्रमा प्रविधिमार्फत घुम्ती निर्वाचन शिक्षा (Mobile Electoral Education) तथा नमुना मतदान (Mock Polling) अभ्यासबाट निर्वाचन शिक्षा सञ्चालन गरिँदै आएको छ । यसका साथै समुदायमा आधारित संस्थाहरूमार्फत निर्वाचन शिक्षालाई समुदाय स्तरसम्म पुऱ्याउनका लागि आवश्यक स्रोत सामग्रीको निर्माण गरेको छ । यसका अतिरिक्त घरदैलो कार्यक्रम; टिभी, रेडियो, एनिमेसन, पोस्टर, पम्पलेट, पत्रपत्रिका, सामाजिक सञ्जाल, वेबसाइट, सांस्कृतिक कार्यक्रम, सडक नाटक, लोक दोहोरीका माध्यमबाट निर्वाचन शिक्षा प्रदान गरिन्छ । साथै निर्वाचनका सरोकारवालाहरूका लागि विभिन्न प्रकारका ब्रिज तथा अन्य तालिममार्फत आयोगले निर्वाचन शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ ।

४७७. निर्वाचन शिक्षा तथा सूचना केन्द्रले के काम गर्छ ?

निर्वाचन शिक्षा तथा सूचना केन्द्रले आममतदाता तथा निर्वाचनका सरोकारवालाहरूलाई लोकतन्त्र, संविधान, निर्वाचन, निर्वाचन प्रणाली र पद्धति, नागरिकका अधिकार र कर्तव्य, निर्वाचनमा सरोकारवालाको भूमिका, राजनीतिक दल तथा शासन प्रणालीका सम्बन्धमा नवीनतम् प्रविधिको प्रयोग गरी अन्तर्क्रियात्मक तरिकाले नागरिक शिक्षा प्रदान गर्छ । केन्द्रमा निर्वाचनसम्बन्धी लघु सङ्ग्रहालय, नेपालको राजनीतिक तथा निर्वाचन इतिहास समेटिएको वृत्तचित्र, अन्तर्क्रियात्मक कक्ष र नमुना मतदान कक्ष रहेका छन् । निर्वाचन शिक्षा प्रदान गर्नका लागि निर्वाचन आयोगले काठमाडौँलगायत प्रदेश १ को विराटनगर, गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेत र सुदूर पश्चिम प्रदेशको धनगढीमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी निर्वाचन शिक्षा कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरेको छ । समूहमा भ्रमण गर्न आउने भ्रमणकर्ताहरूलाई केन्द्रका कर्मचारीहरूले सहजीकरण गर्ने व्यवस्था रहेको छ ।

४७८. घुम्ती निर्वाचन शिक्षा (Mobile Electoral Education) भनेको के हो ?

आयोगले स्थापना गरेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको पहुँचबाट टाढा रहेका मतदाता एवम् सरोकारवालाका लागि उनीहरूकै समुदायमा पुगेर प्रदान गरिने शिक्षा नै घुम्ती निर्वाचन शिक्षा हो । निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट उलपब्ध हुने निर्वाचन शिक्षा एवम् जानकारीका विषयलाई केन्द्रको पहुँचदेखि टाढा रहेका सरोकारवालाहरूलाई उनीहरूकै समुदायमा प्रोजेक्टर/टेलिभिजन, टच प्याड, EVM मेसिन जस्ता प्रविधियुक्त सामग्रीमार्फत निर्वाचन शिक्षा प्रदान गरिन्छ । यसबाट उक्त समुदायका नागरिकलाई लोकतन्त्र र निर्वाचनसम्बन्धी आधारभूत जानकारी प्राप्त गर्ने अवसर उपलब्ध हुन्छ ।

४७९. नमुना मतदान (Mock Election) भनेको के हो ?

निर्वाचनलाई जस्ताको तस्तै बुझ्न र बुझाउनका लागि निर्वाचनमा भाग लिने मतदाताको सहभागितामा उनीहरूलाई नै भूमिका अभिनय गर्न लगाई गरिने मतदानको अभ्यास नै नमुना मतदान हो । यसबाट मतदातामा निर्वाचनप्रति आकर्षण बढाउन, सहभागितामा वृद्धि गर्न एवम् बदर मत प्रतिशत घटाउन सहयोग पुग्न जान्छ । निर्वाचनका समयमा निर्वाचन आयोगले देशका विभिन्न स्थानमा मतदातका बिचमा गई नमुना मतदान अभ्यास गराउँछ । निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण गर्ने टोलीलाई नियमित रूपमा नमुना मतदानको अभ्यास गराइन्छ । नमुना मतदानको

अभ्यासमा संलग्न शिक्षक, विद्यार्थी, आम सर्वसाधारणलाई निर्वाचनका प्रक्रियाबारे सरल ढङ्गबाट बुझ्न र बुझाउन सहयोग पुगेको छ ।

४८०. सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा भनेको के हो ?

माध्यमिक तहमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकलाई निर्वाचनसम्बन्धी ज्ञान प्रदान गर्न सञ्चालन गरिने कार्यक्रम नै **सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा** कार्यक्रम हो । उपत्यकामा रहेका त्यस्ता विषय शिक्षकका लागि आयोगमा र उपत्यकाबाहिरका जिल्लाका शिक्षकका हकमा आयोग वा जिल्ला निर्वाचन कार्यालयमार्फत यस्तो कार्यक्रम सञ्चालन हुँदै आएको छ । वि.सं. २०७० सालमा सामाजिक अध्ययन शिक्षकका लागि निर्वाचन शिक्षा स्रोत सामग्री निर्माण गरी आयोगबाट सुरु गरिएको यो तालिम कार्यक्रम हालसम्म क्रमिक रूपमा ३३ जिल्लामा सञ्चालन भइसकेको छ । आयोगको वार्षिक कार्यक्रम तथा बजेटमा रहेको यो तालिम कार्यक्रम बर्सेनी सञ्चालन भई देशभरका सामाजिक अध्ययन शिक्षकका लागि निर्वाचन शिक्षा प्रदान गर्ने लक्ष्य रहेको छ ।

४८१. आयोगले समुदायमा आधारित संस्थामार्फत कसरी निर्वाचन शिक्षा प्रदान गर्छ ?

निर्वाचन शिक्षालाई स्थानीय स्तर एवम् समुदायसम्म सहज रूपमा पुऱ्याउन निर्वाचन आयोगले विभिन्न तरिका अवलम्बन गर्दै आएको छ । आयोगले समुदायमा आधारित संस्थाहरूबाट निर्वाचन शिक्षा प्रदान गर्ने क्रममा उपनिर्वाचन, २०७६ का सिलसिलामा सामुदायिक सिकाइ केन्द्रबाट समेत निर्वाचन शिक्षा प्रदान गर्न प्रारम्भ गरेको छ । समुदायमा आधारित यस्ता संस्थाका प्रतिनिधिहरूलाई प्रशिक्षक प्रशिक्षण प्रदान गरी त्यस्ता संस्थाबाट सञ्चालन हुने कार्यक्रममा निर्वाचन शिक्षालाई समेत समावेश गरिन्छ । आयोगले निर्वाचन शिक्षासम्बन्धी प्रकाशित १७ ओटा हाते पुस्तिकाको सँगालोमार्फत निर्वाचन शिक्षालाई आमा समूह, युवा सञ्जाल, वन उपभोक्ता समूह, प्राथमिक स्वास्थ्य कार्यकर्ताको समूह, सहकारी जस्ता समुदायमा आधारित संस्थाबाट समेत सञ्चालन गर्ने उद्देश्य राखेको छ ।

४८२. मतदाता शिक्षा कार्यक्रम कसरी सञ्चालन गरिन्छ ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम मतदाता जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने जिम्मेवारी निर्वाचन आयोगको भएको हुँदा आयोगले निर्वाचनका बारेमा मतदातालाई

सही समयमा सही सूचना एवम् जानकारी प्रदान गर्दै आएको छ । विविधतायुक्त माध्यमको प्रयोग गरी प्रदान गरिने मतदाता शिक्षा कार्यक्रममा देहायका माध्यमको प्रयोग गर्ने गरिएको छ :

- **छपाइ विधि :** पर्चा, पम्पलेट, हाते पुस्तिका, ब्रोसर, निमन्त्रणा कार्ड, बरोबर सोधिने प्रश्न र उत्तर, फ्लिप चार्ट आदि प्रकाशन ।

- **रेडियो प्रसारण** : रेडियो तथा एफएमबाट मतदाता शिक्षा सूचना, सन्देश, पिएसए, जिङ्गल, गीति नाटक, परिसंवाद आदि प्रसारण ।

- **घरदैलो कार्यक्रम :** यसअन्तर्गत आयोगले छनोट गरी तालिम प्रदान गरेका मतदाता शिक्षा कार्यकर्तामार्फत गाउँघर, टोल, समुदायसम्म पुगी मतदाता शिक्षा प्रदान गरिन्छ ।

- **टेलिभिजन प्रसारण :** केन्द्रीय तथा स्थानीय टेलिभिजनमार्फत पिएसए, जिङ्गल, सर्ट फिल्म, डकुमेन्ट्री, भिडियो एनिमेसन, टक सो प्रोग्राम आदि प्रसारण ।

- **आउटरिच कार्यक्रम :** लोक दोहरी, सडक नाटक जस्ता लोकप्रिय सांस्कृतिक कार्यक्रममार्फत मतदाता शिक्षा प्रवाह गरिन्छ ।

- **नमुना मतदान कार्यक्रम :** यस कार्यक्रमबाट मतदाताहरूलाई मतदान कसरी गर्ने भन्नेबारे अभ्यास गराइन्छ ।

- **सामाजिक सञ्जाल :** आयोगको वेबसाइट, फेसबुक, ट्विटर, मोबाइल एप्स आदि सोसल मिडियामार्फत निर्वाचन शिक्षा सूचना सन्देश प्रवाह गरिन्छ ।

  यसका साथै आयोगको निर्णयानुसार उपयुक्त अन्य विधि र प्रक्रिया पनि अपनाउन सकिन्छ ।

४८३. मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा आयोगको कस्तो भूमिका रहेको हुन्छ ?

निर्वाचन आयोग ऐन, २०७३ को दफा ३३ बमोजिम मतदातालाई जागरण गराउनुपर्ने प्रमुख दायित्व निर्वाचन आयोगको भएको हुँदा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी बनाउन मतदाता शिक्षा सञ्चालनमा आयोगको अग्रणी भूमिका

हुन्छ । निर्वाचन आयोगको समन्वय र सहकार्यमा निर्वाचन सम्बद्ध सरोकारवालाहरूले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्छन् र सो कार्यको अनुगमन आयोगले गर्दछ ।

४८४. आयोगले निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि केकस्ता कार्यक्रम सञ्चालन गर्दछ ?

निर्वाचनसम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि आयोगले विभिन्न किसिमका प्रशिक्षण, गोष्ठी, सेमिनार, अभिमुखीकरण कार्यक्रम तथा अन्तर्क्रिया कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दछ । आयोगले समयसमयमा देहायका सरोकारवालाहरूका लागि देहायबमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरेको छ :

- राजनीतिक दलका लागि अन्तर्क्रिया तथा लैङ्गिक समानता र निर्वाचन, अपाङ्गता र निर्वाचन जस्ता प्रशिक्षण कार्यक्रम,
- सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा तालिम कार्यक्रम,
- सञ्चारकर्मीका लागि निर्वाचनका समयमा निर्वाचन र सञ्चार विषयक तालिम,
- सुरक्षा निकायका लागि निर्वाचनका समयमा निर्वाचन र सुरक्षा विषयक तालिम,
- पर्यवेक्षण संस्थाका लागि पर्यवेक्षण अभिमुखीकरण आदि ।

४८५. लोकतन्त्र, सुशासन र निर्वाचनको क्षेत्रमा BRIDGE भनेको के हो ?

BRIDGE को पूर्ण रूप Building Resources in Democracy, Governance and Election हो । ब्रिज लोकतन्त्र, सुशासन र निर्वाचनसम्बन्धी विषयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय स्तरको तालिम पाठ्यक्रम र कार्यक्रम हो । सन् १९९० को दशकमा अस्ट्रेलियन निर्वाचन आयोगको नेतृत्वमा विकास गरिएको यस कार्यक्रमले निर्वाचन व्यवस्थापनमा व्यावसायिकताको विकासमा टेवा पुऱ्याएको छ । यो कार्यक्रम लागु गराउन संयुक्त राष्ट्र सङ्घ, International Idea, IFES, AEC सहयोगी संस्थाका रूपमा रहेका छन् । यसमा लोकतन्त्र, सुशासन र निर्वाचनसम्बन्धी विभिन्न १६ ओटा तालिमका मोडुल (विषय) हरू रहेका छन् । कार्यशाला (Workshop) मोडेलमा सञ्चालन गरिने यस कार्यक्रममार्फत सहभागीहरूले सहभागितात्मक शैलीमा

विषयवस्तुसँग सम्बन्धित सीप र ज्ञान हासिल गर्न सक्दछन् । निर्वाचन आयोगसँगको सहकार्यमा सन् २००८ देखि नेपालमा समेत यो कार्यक्रम सञ्चालनमा रहेको छ ।

४८६. निर्वाचनमा BRIDGE को के महत्त्व रहेको छ ?

ब्रिज कार्यक्रमले लोकतन्त्र, सुशासन र निर्वाचन सम्बन्धमा विभिन्न तालिम प्रदान गरी सहभागीलाई सैद्धान्तिक ज्ञान र व्यावहारिक सीप प्रदान गर्दछ । हाल ब्रिजअन्तर्गत निर्वाचनसम्बन्धी विभिन्न १६ ओटा मोडुलका तालिम कार्यक्रमका लागि स्रोत सामग्री उपलब्ध रहेका छन् । कार्यशाला (Workshop) मोडेलमा सञ्चालन गरिने यस कार्यक्रममार्फत सहभागीहरूले सहभागितात्मक शैलीमा विषयवस्तुसँग सम्बन्धित सिप र ज्ञान हासिल गर्न सक्दछन् । निर्वाचन व्यवस्थापनमा नवआगन्तुकका लागि निर्वाचनसम्बन्धी समग्र विषयवस्तु समावेश गरिएको Introductory तालिम, उच्च पदाधिकारीलाई Showcase Workshop, निर्वाचन कानुन तथा निर्वाचन क्षेत्र निर्धारण, निर्वाचनमा रणनीतिक योजना, निर्वाचनमा लैङ्गिक तथा समावेशिता, नागरिक शिक्षा, मतदाता दर्तालगायतका निर्वाचनसम्बन्धी विषयगत तालिम र कार्यशालाको व्यवस्था ब्रिजमा रहेको छ । यस तालिमले निर्वाचनसम्बन्धी पदाधिकारी, कर्मचारी तथा निर्वाचनका सरोकारवालाहरू सबै पक्षको क्षमता विकास गर्न सहयोग गर्ने हुँदा यसको उच्च महत्त्व रहेको छ ।

७.९ मतपत्र व्यवस्थापन

४८७. मतपत्र भनेको के हो ?

निर्वाचनमा मतदाताले आफ्नो मत अभिव्यक्त गर्न तयार गरिएको निर्वाचन सामग्री मतपत्र हो । मतदाताले तोकिएको मतसङ्केत गरी आफ्नो अभिमत प्रकट गर्न र सोको अभिलेखीकरण गर्न मतपत्रको प्रयोग गरिन्छ । निर्वाचनसम्बन्धी प्रचलित कानुनमा मतपत्र भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनुपर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकामा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ भनी परिभाषित गरिएको छ । विश्वव्यापी अभ्यासलाई हेर्दा विभिन्न देशमा विभिन्न किसिम र ढाँचाका मतपत्रहरू प्रचलनमा रहेका पाइन्छन् । नेपालका सन्दर्भमा भने मतपत्रमा उम्मेदवारको नाम वा निर्वाचन चिह्न राख्ने गरिएको छ । अधिकांश निर्वाचनमा उम्मेदवारको निर्वाचन चिह्न समावेश गरिन्छ भने केही निर्वाचनमा मात्र उम्मेदवारको नाम उल्लेख गरिन्छ । मतपत्र छपाइ गर्ने मुख्य जिम्मेवारी निर्वाचन

व्यवस्थापन गर्ने निकायको हुन्छ । नेपालका सन्दर्भमा निर्वाचन आयोगले सञ्चालन तथा व्यवस्थापन गर्ने सबै निर्वाचनमा प्रयोग हुने मतपत्रहरूको ढाँचा तयारी र छपाइको कार्य निर्वाचन आयोगबाट हुने गरेको छ ।

४८८. मतपत्र छपाइको निर्णय कसरी गरिन्छ ?

निर्वाचन आयोगबाट निर्वाचन कार्यक्रम स्वीकृत भएपश्चात् मतपत्रको स्पेसिफिकेसन तयार गरिन्छ । मतपत्रको स्पेसिफिकेसनमा मतपत्रको शिरदेखि पुछार भागसम्म रहने विभिन्न विवरणको विस्तृत व्याख्या गरिएको हुन्छ । मूलतः स्पेसिफिकेसनमा मतपत्रको आकार, कागजको नाप (लम्बाइ चौडाइ), निर्वाचन चिह्न रहने कोठाको नाप तथा अन्य विवरणको नाप, अर्धकट्टीमा रहने विवरण, निर्वाचन चिह्न रहने कोठाको सङ्ख्या, मतपत्र छपाइ गरिने सङ्ख्यागत आधारसहितको विवरण, फरकफरक प्रकारका मतपत्रका ढाँचालगायतका विषय समावेश गरिन्छ । उक्त स्पेसिफिकेसनका आधारमा विभिन्न ढाँचाका मतपत्रको डिजाइन तयार गर्नुका साथै छपाइ हुने मतपत्रको सङ्ख्या पनि यकिन गरिन्छ । उक्त स्पेसिफिकेसन, विभिन्न ढाँचागत मतपत्रका डिजाइन र छपाइ हुने मतपत्रको सङ्ख्यागत विवरणका सम्बन्धमा मतपत्रको व्यवस्थापन तथा आधिकारिकता निर्धारण समितिबाट आयोगमा सिफारिस हुन्छ । मतपत्रको स्पेसिफिकेसन, विभिन्न ढाँचाका मतपत्रको डिजाइनसहितको नमुना मतपत्र र छपाइ हुने मतपत्रको सङ्ख्या आयोगबाट स्वीकृत हुन्छ । साधारणतया पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन भएपछि र समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिने राजनीतिक दलको सङ्ख्या यकिन भएपछि मतपत्र छपाइ गर्ने निर्णय गरिन्छ । निर्वाचन आयोगबाट स्वीकृत मतपत्रको स्पेसिफिकेसन तथा ढाँचाबमोजिम मतपत्र छपाइ गर्न कुनै समस्या उत्पन्न भएमा निर्वाचन आयोगसमक्ष पेस गरी आयोगले निर्णय गरेबमोजिम मतपत्र छपाइ गरिन्छ ।

४८९. स्थानीय स्तरमा मतपत्र छपाइ गर्न केकस्ता कठिनाइहरू रहेका छन् ?

निर्वाचनका लागि मतपत्र अत्यन्तै महत्त्वपूर्ण र संवेदनशील निर्वाचन सामग्री हो । मतपत्रमा सुरक्षण सङ्केतहरू राख्नुपर्ने र छोटो समयमा धेरै सङ्ख्यामा छपाइ गर्नुपर्ने हुन्छ भने मतपत्रको डिजाइन तथा छपाइ गर्न दक्ष जनशक्ति एवम् भरपर्दो सुरक्षाको प्रबन्ध गर्नुपर्ने हुन्छ । मतपत्रको स्पेसिफिकेसन, डिजाइन, सङ्ख्या जस्ता विषय आयोगको निर्णयबाट यकिन गरिन्छ भने ती विषयमा कुनै समस्या आएमा सो सम्बन्धमा आयोगबाटै निर्णय गर्नुपर्ने हुन्छ । स्थानीय स्तरमा मतपत्रको डिजाइन तथा छपाइ गर्न

आवश्यक दक्ष जनशक्ति उपलब्ध हुन नसक्ने, उच्च क्षमता र प्रविधियुक्त छापाखानाहरू सबै स्थानमा उपलब्ध हुन नसक्ने, सुरक्षा प्रबन्ध गर्न जटिल हुने, मतपत्रको गुणस्तरमा एकरूपता कायम गर्न सहज नहुने एवम् मतपत्र छपाइमा हुन सक्ने सामान्य त्रुटिले निर्वाचन व्यवस्थापनमा नै चुनौती सिर्जना गर्न सक्ने भएकाले स्थानीय स्तरमा मतपत्र छपाइ गर्न नसकिएको अवस्था छ ।

४९०. मतपत्र निर्धारण गर्ने जिम्मेवारी कसको हुन्छ ?

मतपत्र निर्धारण गर्ने जिम्मेवारी निर्वाचन व्यवस्थापन गर्ने निकायको हुन्छ । मतपत्र निर्धारणअन्तर्गत उम्मेदवारको नाम वा निर्वाचन चिह्नको निर्धारण, मतपत्रको आकार र ढाँचा निर्धारण एवम् छापिने मतपत्रको सङ्ख्या निर्धारण जस्ता विषयहरू पर्दछन् । कुनै पनि निर्वाचनमा कस्तो आकार र प्रकारको मतपत्र प्रयोगमा ल्याउने भन्ने विषय मौजुदा निर्वाचन कानुनमा रहेका प्रावधान, निर्वाचन प्रणाली, निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको सङ्ख्या, उम्मेदवारको सङ्ख्या, मतदाताको सङ्ख्या, मतपत्र छपाइ गर्ने छापाखानाको उपलब्धतालगायतका पक्षले निर्धारण गर्दछन् । नेपालका सन्दर्भमा निर्वाचन आयोगले उल्लिखित पक्षहरूलाई मध्यनजर गरी मतपत्रको निर्धारण गर्दछ । निर्वाचन आयोगबाट स्वीकृत मतपत्रको स्पेसिफिकेसन र नमुनालाई मुख्य आधार मानी मतपत्रको ढाँचा निर्धारण गरिन्छ । मतपत्रलाई प्रदेश, जिल्ला तथा निर्वाचन क्षेत्रअनुसार कोडिङ गरिन्छ । यसका साथै कागजको आकार प्रकार, उम्मेदवारको सङ्ख्याअनुसारको कोठा, मतपत्रको क्रमसङ्ख्या (कति सङ्ख्यामा मतपत्र छपाइ हुने हो सो आधारमा), मतपत्रमा रहने सुरक्षण सङ्केतलगायतका प्राविधिक पक्षलाई समेत ध्यान दिनु मतपत्र निर्धारण गर्ने निकायको जिम्मेवारी हुन्छ ।

४९१. मतपत्रको आकार कसरी निर्धारण गरिन्छ ?

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि निर्वाचन क्षेत्रगत रूपमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपश्चात् उम्मेदवार सङ्ख्याका आधारमा मतपत्रको आकार निर्धारण गरिन्छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिने राजनीतिक दलको सङ्ख्या यकिन भएपश्चात् सो सङ्ख्याका आधारमा मतपत्रको आकार निर्धारण गरिन्छ । तर निर्वाचन चिह्न प्रदान गर्ने मिति र मतदानको दिनबिचको अवधि थोरै भएका अवस्थामा निर्वाचनमा भाग लिन इच्छुक राजनीतिक दलको सङ्ख्याका आधारमा र सम्भाव्य स्वतन्त्र उम्मेदवारको सङ्ख्या अनुमान गरी मतपत्रको आकार निर्धारण गर्ने प्रचलन पनि रहेको पाइन्छ ।

४९२. मतपत्रमा राखिने निर्वाचन चिह्न कसरी निर्धारण गरिन्छ ?

निर्वाचन आयोगले निर्वाचन चिह्नको बैङ्क तयार गरेको हुन्छ । राजनीतिक दलले प्रयोग गर्ने निर्वाचन चिह्न र स्वतन्त्र उम्मेदवारले प्रयोग गर्ने निर्वाचन चिह्नको बैङ्क अलगअलग हुन्छ । कुनै पनि राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुँदाकै बखत उक्त दललाई निर्वाचन चिह्नसमेत प्रदान गरिने हुँदा उक्त दल वा उक्त दलका तर्फबाट निर्वाचनमा भाग लिने उम्मेदवारलाई सोही निर्वाचन चिह्न उपलब्ध गराइन्छ । नेपालमा मतपत्रमा निर्वाचन चिह्न राख्दा सामान्यतया निर्वाचन वर्षभन्दा अघिल्लो प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचनतर्फ बढी मत ल्याउने दलका तर्फबाट हुने उम्मेदवारको निर्वाचन चिह्न पहिले राखिन्छ र क्रमिक रूपमा अन्य उम्मेदवारहरूको निर्वाचन चिह्न राखिन्छ । अघिल्लो निर्वाचनमा भाग नलिएका दलका उम्मेदवारको हकमा आयोगमा दल दर्ता हुँदाको क्रमका आधारमा निर्वाचन चिह्न राख्ने अभ्यास रहेको छ । स्वतन्त्र उम्मेदवारको निर्वाचन चिह्न राख्दा राजनीतिक दलको निर्वाचन चिह्नपछि उम्मेदवारको नामको वर्णानुक्रमका आधारमा मतपत्रमा निर्वाचन चिह्न समावेश गर्ने प्रचलन छ ।

४९३. मतपत्रको ढुवानी कसरी गरिन्छ ?

निर्वाचन कार्यतालिकाअनुसार निर्धारित समयभित्र मतपत्रको ढुवानी हुन नसकेमा मतदान कार्य नै प्रभावित हुने हुँदा निर्वाचन व्यवस्थापनमा मतपत्रको ढुवानी महत्त्वपूर्ण कार्य हो । निर्वाचनमा प्रयोग हुने मतपत्र आयोगले केन्द्रमा नै छपाइ गर्ने गरेको छ । मतपत्रको छपाइपश्चात् सम्बन्धित स्थानको मतपत्र रुजु गरी सो स्थानको मतदाता सङ्ख्याका आधारमा जगेडा मतपत्रसमेत हिसाब गरी प्याकिङ गरिन्छ । यसरी प्याकिङ गरिएको मतपत्रलाई जिल्लागत रूपमा छुट्याइ नेपाली सेना वा सशस्त्र प्रहरी बलको सुरक्षा प्रबन्धमा निर्वाचन आयोगबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म पुऱ्याइन्छ । मतदान केन्द्रका लागि छुट्याइएका मतपत्र आवश्यक सुरक्षा प्रबन्धसहित निर्वाचन अधिकृतको कार्यालयदेखि मतदान केन्द्रसम्म ढुवानी गर्ने जिम्मेवारी सम्बन्धित मतदान अधिकृतको हुन्छ ।

४९४. निर्वाचन चिह्न बैङ्क भनेको के हो ?

निर्वाचनमा प्रयोग हुँदै आएका र प्रयोग गर्न सकिने गरी आयोगले निर्धारण गरेका चिह्नहरूको सङ्कलित समूहलाई निर्वाचन चिह्न बैङ्क भनिन्छ । निर्वाचन आयोगले

आयोगमा दर्ता हुने राजनीतिक दललाई उपलब्ध गराएको एवम् गराउने निर्वाचन चिह्न र निर्वाचनका समयमा स्वतन्त्र उम्मेदवारलाई उपलब्ध गराउने निर्वाचन चिह्नहरूको छुट्टाछुट्टै बैङ्क तयार गर्दछ । निर्वाचन चिह्न बैङ्कको व्यवस्थाले राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्न सहज हुन्छ । कुनै दलले निर्वाचन आयोगमा दर्ता हुँदा प्रस्ताव गरेको चिह्न निर्वाचन चिह्न बैङ्कमा नभए तापनि आयोगले उपयुक्त ठानेमा यस्तो चिह्न उपलब्ध गराउन सक्छ । यसरी उपलब्ध गराइएको निर्वाचन चिह्न निर्वाचन चिह्न बैङ्कमा समावेश गरिन्छ । निर्वाचन चिह्न मतदाताले आफूले रोजेको दल वा उम्मेदवारलाई आफ्नो मत सङ्केत गर्ने मुख्य आधार भएको हुँदा सजगतापूर्वक निर्वाचन चिह्नको छनोट गर्नुपर्छ । निर्वाचन चिह्न सर्वसाधारणले सहजै बुझ्न र चिन्न सक्ने हुनुपर्छ । कुनै नयाँ चिह्न छनोट गर्दा चिह्न बैङ्कमा भएको अर्को चिह्नसँग मिल्दोजुल्दो भई झुक्किने खालको हुनुहुँदैन ।

४९५. उम्मेदवार पहिचान गर्नका लागि मतपत्रमा केकस्ता विवरणहरू राख्ने अन्तर्राष्ट्रिय प्रचलन छ ?

उम्मेदवार पहिचानका लागि मतपत्रमा आवश्यक विवरणहरू राख्ने गरिन्छ । सामान्यतया मतपत्रमा देहायबमोजिमका विवरणहरू राख्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ :

- उम्मेदवारको निर्वाचन चिह्न,
- उम्मेदवारको नाम,
- उम्मेदवारको नाम र निर्वाचन चिह्न,
- उम्मेदवारको नाम र फोटो,
- उम्मेदवारको नाम, फोटो र निर्वाचन चिह्न ।

नेपालका सन्दर्भमा स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवारको निर्वाचन चिह्न तथा राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारको नाम तथा निर्वाचन चिह्न दुबै र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवारको नाम मतपत्रमा राख्ने प्रचलन रहेको छ ।

४९६. अन्तर्राष्ट्रिय स्तरमा केकस्ता मतपत्रहरू प्रचलनमा रहेका छन् ?

निर्वाचनमा केकस्तो मतपत्र प्रयोग हुन्छ भन्ने कुरा कस्तो निर्वाचन प्रणाली अपनाइएको छ, त्यसमा भर पर्छ । सामान्यतया देहायबमोजिमका मतपत्र प्रयोग गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ :

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली - एक जना उम्मेदवारलाई मात्र मतदान गर्ने मतपत्र,
- समानुपातिक निर्वाचन प्रणाली - दललाई मतदान गर्ने मतपत्र,
- एकल सङ्क्रमणीय मत र वैकल्पिक मत निर्वाचन प्रणाली - उम्मेदवारको प्राथमिकता क्रम तोक्ने मतपत्र ।

७.१० मतदान, मतदान स्थल तथा मतदान केन्द्र व्यवस्थापन

४९७. मतदान स्थल र मतदान केन्द्र भनेको के हो ?

निर्वाचनमा मतदान गर्नका लागि तोकिएको स्थानलाई मतदान स्थल भनिन्छ । सामान्यतया मतदान गर्ने ठाउँको चारैतिर ३०० मिटरसम्मको क्षेत्रलाई मतदान स्थलको क्षेत्र मानिन्छ । विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी जस्ता सार्वजनिक भवन रहेका स्थानलाई मतदान स्थल तोक्ने प्रचलन रहेको छ । सार्वजनिक भवन उपलब्ध हुन नसकेका अवस्थामा खुला चौर एवम् मठमन्दिरका परिसरलाई समेत मतदान स्थलका रूपमा तोक्न सकिन्छ । कुनै मतदान स्थलभित्र निश्चित सङ्ख्याका मतदाताले मतदान गर्नका लागि तोकिएको केन्द्र नै मतदान केन्द्र हो । एउटा मतदान स्थलमा मतदाताको सङ्ख्याअनुसार एक वा सोभन्दा बढी मतदान केन्द्र हुन सक्छन् । सामान्यतया एक हजार जनासम्म मतदाताका लागि एउटा केन्द्र तोकिन्छ । तर स्थानीय तहको कुनै वडामा एक हजारभन्दा कम सङ्ख्यामा मतदाता भए तापनि कम्तीमा एक मतदान स्थल तोकिन्छ ।

४९८. मतदान स्थल निर्धारण गर्दा लिइने आधारहरू के हुन् ?

सामान्यतया मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्दा विगतमा कायम गरिएका मतदान स्थल तथा केन्द्र, मतदाताको सङ्ख्या तथा सघनता, यातायातको सुविधा, पहुँचको सुगमता, सार्वजनिक स्थल तथा भवनको उपलब्धता, सञ्चार, विद्युत, खानेपानी, शौचालय जस्ता पूर्वाधारहरूको अवस्था, भौगोलिक अवस्थिति एवम् सुरक्षा प्रबन्धको

सहजता जस्ता पक्षहरूलाई मुख्य आधारका रूपमा लिइन्छ । मतदान स्थल तथा केन्द्र निर्धारण गर्दा राजनीतिक दलको सहमति एवम् निर्वाचनका अन्य सरोकारवालाको सुझावलाई समेत आधारका रूपमा लिइन्छ ।

४९९. मतदान स्थलमा आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरू केके हुन् ?

मतदान व्यवस्थापनका लागि आवश्यक हुने कतिपय पूर्वाधार तथा सामग्रीहरू निर्वाचनकै समयमा व्यवस्थापन गर्न सम्भव हुँदैन । त्यस्ता पूर्वाधार तथा सामग्रीहरू पहिलेदेखि मतदान केन्द्रमा नै उपलब्ध हुनु आवश्यक हुन्छ । निर्धारित ढाँचाबमोजिमको मतदान केन्द्र निर्माण गर्न पर्याप्त स्थान एवम् भवनलगायतका स्थायी संरचना, कुर्सी, टेबुललगायतका फर्निचर, खानेपानी र शौचालयको व्यवस्था आदि मतदान केन्द्रमा आवश्यक पर्ने न्यूनतम पूर्वाधार हुन् ।

५००. मतदान केन्द्रको ढाँचा कस्तो हुन्छ ?



मतदान केन्द्रमा महिला र पुरुषका लागि अलगअलग लाइनको व्यवस्था गरिएको हुन्छ । अपाङ्गता भएका वा अशक्त मतदाता लाइनमा बस्न नपर्ने गरी विशेष व्यवस्था मिलाइएको हुन्छ । केन्द्रभित्र मतदाता नामावली रुजु गर्ने कर्मचारी, नङमा मसी लगाउने स्वयम्सेवक, तथ्याङ्क भर्ने कर्मचारी र मतपत्र दिने कर्मचारी बस्ने स्थान हुन्छ । कर्मचारीको पछाडि दलका प्रतिनिधि रहन्छन् । मतदान गर्नका लागि गोप्य मतदान कक्षको व्यवस्था मिलाइएको हुन्छ । यस कक्षको नजिकै मतपेटिका र सोको सुरक्षार्थ सुरक्षाकर्मी रहन्छन् । केन्द्रभित्र उपयुक्त स्थानमा सहायक मतदान अधिकृत र केन्द्रभित्रका सबै गतिविधिहरू देख्न सकिने स्थानमा मतदान अधिकृत बस्छन् । निर्वाचन प्रणालीअनुसार मतदान केन्द्रको ढाँचामा केही भिन्नता हुन्छ । सामान्यतया मतदान केन्द्रको ढाँचा चित्रमा देखाइएअनुसार हुन्छ ।

५०१. मतदान कार्यमा राजनीतिक दल र उम्मेदवारको कस्तो भूमिका हुन्छ ?

मतदान कार्यमा राजनीतिक दल र उम्मेदवारको भूमिका देहायअनुसार रहेको हुन्छ :

- राजनीतिक दल वा उम्मेदवारले पालना गर्नुपर्ने निर्वाचनसम्बन्धी आचरण पूर्ण रूपमा पालना गर्ने, गराउने,
- मतदातालाई मतदान प्रक्रिया बारे जानकारी गराउने,
- मतदान कार्यमा बाधा अवरोध हुन नदिने,
- मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न प्रेरित गर्ने,
- मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्ने,
- मतदान कार्य स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न राजनीतिक दलहरूबिच आपसी सहयोग, सद्भाव र समन्वय कायम गर्ने, गराउने,
- मतदान कार्यमा कुनै विवाद उत्पन्न भएमा शान्तिपूर्ण रूपमा समाधान गर्ने सहजीकरण गर्ने,
- आफूले तोकेका निर्वाचन तथा मतदान प्रतिनिधिलाई अनुशासित रूपमा मतदान कार्यमा सहयोग गर्न निर्देशन दिने,
- दल वा उम्मेदवारको निर्वाचन तथा मतदान प्रतिनिधिले निर्वाचन आचारसंहिता विपरीत कार्य गरेमा तत्काल हटाई अर्को प्रतिनिधि तोक्ने ।

५०२. निर्वाचनमा खटिने कर्मचारीको भूमिका कस्तो हुनुपर्छ ?

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउनमा निर्वाचनका तीनवटै चरणमा सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू गर्न खटिएका कर्मचारीहरूको दक्षता, आचरण र व्यवहारको अहम् भूमिका रहेको हुन्छ । तसर्थ निर्वाचनमा खटिने कर्मचारीले निम्नअनुसारको भूमिका निर्वाह गर्नुपर्छ :

- निर्वाचनसम्बन्धी सबै कामकारबाही र व्यवहारमा व्यावसायिकता, निष्पक्षता, तटस्थता र स्वच्छता कायम राख्ने,
- बोली र व्यवहारमा शिष्टता, नम्रता, संयमता र धैर्यता कायम गर्ने,
- सबैसँग समान व्यवहार गर्ने र कुनै उम्मेदवार वा राजनीतिक दलसँग एकपक्षीय रूपमा निकटतम सम्बन्ध कायम नगर्ने,
- निर्वाचन आचारसंहिताबमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण पूर्ण रूपमा पालना गर्ने,
- मद्यपान जस्ता निषेधित वस्तुहरूको उपभोग नगर्ने गर्न नदिने ।

५०३. मतदान अधिकृतको भूमिका कस्तो हुन्छ ?

मतदान गर्ने दिन निर्वाचनको मुख्य क्षण हो । मतदान व्यवस्थापनका लागि प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृतको नेतृत्वमा मतदान कर्मचारीहरूको व्यवस्था गरिएको हुन्छ । मतदानलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवम् व्यवस्थित बनाउनमा मतदान अधिकृतको दक्षता, आचरण र व्यवहारको अहम् भूमिका रहेको हुन्छ । प्रचलित निर्वाचन कानुनको अधीनमा रही मतदान अधिकृतले देहायबमोजिमका भूमिका निर्वाह गर्नुपर्ने हुन्छ :

- मतदान केन्द्रमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीहरूसँग समन्वय गर्ने,
- मतदान सामग्री बुझी समयमै मतदान केन्द्रमा पुग्ने,
- राजनीतिक दलका स्थानीय प्रतिनिधिहरूसँग सर्वपक्षीय बैठक गर्ने,
- मतदान केन्द्र निर्माण गर्ने,
- प्रचारप्रसार बन्द गरिएको, हातहतियार निषेध गरिएको लगायतका सूचना मतदान केन्द्रमा टाँस गर्ने,
- मतदानको दिन मतदान सुरु हुनुभन्दा पहिले नै पुगेर मतदानको तयारी गर्ने,

- समयमै मतदान सुरु गराउने,
- सुरक्षित रूपमा मतदातालाई मतदानको व्यवस्था मिलाउने,
- व्यवस्थित रूपले मतदान कार्य गराउने,
- मतदान कर्मचारीहरूमा आवश्यक समन्वय गर्ने,
- मतदान केन्द्रमा उपस्थित पर्यवेक्षक, अनुगमनकर्ता, सञ्चारकर्मीलाई आवश्यक सूचना तथा जानकारी प्रदान गर्ने,
- आवश्यक प्रक्रिया पूरा गरी मतदान बन्द गर्ने,
- मतदान अधिकृतले सुनुवाइ गर्ने भनी तोकिएको निर्वाचन विवादहरूको सुनुवाइ गर्ने,
- मतपत्रसहितको मतपेटिकालगायतका निर्वाचन सामग्री निर्वाचन अधिकृतको कार्यालयमा बुझाउने ।

५०४. मतदान प्रक्रिया कसरी प्रारम्भ हुन्छ ?

मतदान प्रारम्भ हुने समय निर्वाचन कार्यक्रममा निर्दिष्ट गरिएको हुन्छ । निर्दिष्ट समयभन्दा अगावै मतदान कर्मचारीसहित सम्बन्धित मतदान केन्द्रमा पुगी मुचुल्का फारमहरू भर्ने, मतदानका लागि मतपेटिका तयार गर्ने र कर्मचारीलाई आआफ्नो जिम्मेवारीमा खटाउनुपर्छ । मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिका रोहवरमा मतपत्रको सिलबन्दी पोका खोली मतदान अधिकृतले दस्तखत गर्नुपर्छ । मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतदान प्रारम्भ भएको मुचुल्का गरी मतदान प्रारम्भ हुने निर्धारित समयमा नै मतदान प्रारम्भ गर्नुपर्छ ।

५०५. मतदान कसरी गरिन्छ ?

मतदान केन्द्रमा महिला र पुरुषका लागि अलगअलग लाइनको व्यवस्था गरिएको हुन्छ । अपाङ्गता भएका वा अशक्त मतदाता लाइनमा बस्नु नपर्ने गरी विशेष व्यवस्था

मिलाइएको हुन्छ । मतदान केन्द्रभित्र प्रवेश गरिसकेपछि मतदाता नामावली रुजु गर्ने कर्मचारीलाई मतदाताले आफ्नो परिचय पत्र देखाई नाम रुजु गरिन्छ । नाम रुजु भएपछि मतदातालाई नङमा मसी लगाइदिने तथा महिला पुरुषको तथ्याङ्क फारम भर्ने काम गरिन्छ । त्यसपछि मतपत्रको अर्धकट्टीमा मतदाताको सहीछाप गराई मतदातालाई मतपत्र दिइन्छ । मतपत्र लिएर मतदाता मतदान गर्ने गोप्य मतदान कक्षमा जानुपर्छ । मतदाताले मतपत्रमा रहेका निर्वाचन चिह्नमध्ये आफूलाई योग्य लागेको उम्मेदवारको नाम वा निर्वाचन चिह्नमा मत सङ्केत गरेर राम्रोसँग पट्याएपछि नजिकै राखिएको मतपेटिकामा मतपत्र खसाली मतदान गरिन्छ ।

५०६. मतदानको समाप्ति कसरी हुन्छ ?

मतदान समाप्त हुने समय निर्वाचन कार्यक्रममा निर्दिष्ट गरिएको हुन्छ । मतदान समाप्त हुने भनी तोकिएको समयभन्दा १५ मिनेटअगाडि मतदान केन्द्रका क्षेत्रमा रहेका मतदाताहरूले स्पष्ट रूपमा सुन्ने.गरी मतदानको समय सकिन लागेको सूचना दिइन्छ । मतदान समाप्त हुने तोकिएको समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरिसकेका मतदातालाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइन्छ । मतदान कार्य समाप्त भइसकेपछि मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी सोको मुचुल्का गरेसँगै मतदान कार्यको समाप्ति हुन्छ ।

५०७. मतदान प्रक्रियामा स्वयम्सेवकको भूमिका कस्तो हुन्छ ?

मतदान व्यवस्थापनका सबै कार्यका लागि कर्मचारीहरूको व्यवस्था गर्न कठिनाइ हुने हुँदा मतदान प्रक्रियामा मतदातालाई सहजीकरण गर्न एवम् मतदान कर्मचारीहरूलाई आवश्यक सहयोग गर्न मतदान केन्द्रमा स्वयम्सेवकको प्रबन्ध गरिएको हुन्छ । स्वयम्सेवकका लागि तोकिएको आचारसंहिताको पालना गर्नु प्रत्येक स्वयम्सेवकको कर्तव्य हुन्छ । स्वयम्सेवकले मतदान स्थल वा केन्द्रमा अनधिकृत व्यक्तिको प्रवेशलाई निरुत्साहित गर्ने, मतदान स्थलमा प्रयोग गरिएका निर्वाचन सामग्रीलगायतका अन्य भौतिक सामग्रीको सुरुक्षामा सहयोग गर्ने, मतदान केन्द्रमा हुन सक्ने अवाञ्छित क्रियाकलापका सम्बन्धमा मतदान अधिकृतलाई जानकारी दिने, मतदान स्थलमा अनावश्यक भिड, जमघट वा अन्य गतिविधिको सूक्ष्म अध्ययन गरी सोसम्बन्धमा मतदान अधिकृतलाई सूचित गर्ने, मतदान स्थलमा खानेपानी लगायतका अत्यावश्यक वस्तुको बन्दोबस्त गर्ने, मतदाताको लाइन व्यवस्थित गर्ने, अशक्त मतदातालाई सहयोग

गर्ने, मतदाताको औँलामा नउड्ने मसी लगाउने, मतदान गरिसकेको व्यक्तिलाई भिडभाड नगरी मतदान स्थलबाहिर जान सहजीकरण गर्ने एवम् आवश्यकताअनुसार मतदान प्रक्रियाका अन्य कार्यहरूमा मतदान कर्मचारीलाई सहयोग पुऱ्याउने जस्ता कार्यहरू गर्दछन् ।

५०८. मतदान प्रक्रिया कस्तो हुन्छ ?

मतदान प्रारम्भ हुने र समाप्त हुने समय निर्वाचन कार्यक्रममा निर्दिष्ट गरिएको हुन्छ । निर्दिष्ट समयभन्दा अगावै मतदान कर्मचारीहरू सम्बन्धित मतदान केन्द्रमा पुगी मुचुल्का फारमहरू भर्ने, मतदानका लागि मतपेटिका तयार गर्ने, कर्मचारीलाई आआफ्नो जिम्मेवारीमा खटाउने जस्ता कार्यहरू गरिन्छ । मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतपत्रको सिलबन्दी खोली मतदान अधिकृतले दस्तखत गर्ने एवम् मतदान प्रारम्भ भएको मुचुल्का गरी निर्धारित समयमा नै मतदान प्रारम्भ गरिन्छ । मतदाता मतदानका लागि मतदान केन्द्रभित्र प्रवेश गरिसकेपछि मतदाता नामावली रुजु गर्ने कर्मचारीले मतदाता परिचय पत्र वा आयोगले तोकेका अन्य प्रमाणका आधारमा उक्त मतदान केन्द्रको वर्णानुक्रमानुसार रहेको मतदाता नामावलीमा निज मतदाताको नाम भिडाइ मतदाता नामावली रुजु गर्दछन् । यसपश्चात् मतदाताको देब्रे हातको बुढी औँलाको नङ र मासुको जोर्नीमा पर्ने नउड्ने मसी लगाउने तथा महिला, पुरुष र अन्यको तथ्याङ्क फारम भर्ने काम गरिन्छ । मतदाता नमावली रुजु भइसकेपछि मतदातालाई मतपत्र दिइन्छ । मतपत्र लिई सकेपछि मतदाता गोप्य मतदान कक्षमा गई आफूले रोजेको उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत सङ्केत गर्नुपर्दछ । मत सङ्केत गरिएका मतपत्र राम्रोसँग पट्याई नजिकै राखिएको मतपेटिकामा खसाली मतदान गरिन्छ । मतदान समाप्त हुने तोकिएको समयभित्र मतदान स्थलमा प्रवेश गरिसकेका मतदातालाई मतदान गर्न दिइन्छ । मतदान कार्य समाप्त भइसकेपछि मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी सोको मुचुल्का गरेसँगै मतदानको प्रक्रिया समाप्त हुन्छ ।

५०९. मतपत्र दिने कर्मचारीले केके कुरामा ध्यान पुऱ्याउनुपर्दछ ?

मतपत्र दिने कर्मचारीले आफूसमक्ष आएको मतदाताको नाम मतदाता नामावलीमा रुजु भई औँलामा नउड्ने मसी लागेको यकिन गर्नुपर्छ । निर्वाचनमा एकभन्दा बढी मतपत्र प्रयोग हुने भएमा उक्त मतदातालाई कुन मतपत्र दिने हो सो यकिन गर्नुपर्छ । पहिलो

हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र दुबै दिनुपर्ने अवस्थाको निर्वाचन भएमा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र दिनुपर्छ । उक्त मतपत्रबाट मतदान गरिसकेको यकिन गरेर मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र दिनुपर्छ । मतदातालाई मतपत्र दिनुअघि मतपत्रमा मतदान अधिकृतको दस्तखत भएको यकिन गरी मतदातालाई अर्धकट्टीमा सहीछाप गराउनुपर्छ । मतदातालाई उपलब्ध गराइएको मतपत्रको सङ्ख्यालाई समयसमयमा मतदाताको तथ्याङ्क फारममा उल्लिखित सङ्ख्यासँग भिडाउँदै गर्नुपर्छ ।

५१०. मतदान अधिकृतले मतदानको दिन गर्नुपर्ने जिम्मेवारी के हो ?

मतदान गर्ने दिन निर्वाचनको मुख्य क्षण हो । मतदान व्यवस्थापनका लागि प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृतको नेतृत्वमा मतदान कर्मचारीहरूको व्यवस्था गरिएको हुन्छ । मतदानलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवम् व्यवस्थित बनाउनमा मतदान अधिकृतको दक्षता, आचरण र व्यवहारको अहम् भूमिका रहेको हुन्छ । मतदानका दिन मतदान प्रक्रियाका सबै पक्षमा विशेष ध्यान दिई सफलतापूर्वक मतदान कार्य सम्पन्न गर्ने भूमिका रहेको मतदान अधिकृतको अन्य जिम्मेवारी देहायबमोजिम हुन्छ :

- मतदान सुरु हुने समयभन्दा अगावै मतदान कर्मचारीसहित सम्बन्धित मतदान केन्द्रमा पुगेर मतदानको तयारी गर्ने,
- मुचुल्का फारमहरू भर्ने एवम् मतदानका लागि मतपेटिका तयार गरी कर्मचारीलाई आआफ्नो स्थानमा खटाउने,
- सिलबन्दी मतपत्र रीतपूर्वक खोलेर दस्तखत गरी समयमै मतदान प्रारम्भ गर्ने,
- व्यवस्थित एवम् मर्यादित रूपमा मतदान सञ्चालन गर्न, गराउन आवश्यक समन्वय गर्ने,
- मतदान केन्द्रभित्र भएगरेका गतिविधिहरूको सूक्ष्म निगरानी गरी कुनै अवाञ्छित क्रियाकलाप हुने सम्भावना देखिएमा थप सुरक्षा प्रबन्धका लागि निर्वाचन अधिकृत र घुम्ती सुरक्षा टोलीसँग सम्पर्क र समन्वय गर्ने,

- सञ्चारकर्मी, पर्यवेक्षक, अनुगमनकर्तालाई निर्देशिकामा व्यवस्था भएबमोजिम मतदान कार्यको अवलोकन गर्ने व्यवस्था मिलाउनुका साथै आवश्यक सूचना उपलब्ध गराउने,

- मतदानका क्रममा भएका मुख्यमुख्य गतिविधिहरू पोलबुकमा टिपोट गर्ने,

- मतदानसम्बन्धी स्थिति विवरण समयसमयमा निर्वाचन अधिकृतको कार्यालयलगायतका निकायमा उपलब्ध गराउने,

- मतदान सम्पन्न भएपछि मतपेटिका सिलबन्दी गर्ने, मतपत्रको तेरिज तयार पार्ने एवम् मुचुल्का तयार गर्ने,

- मतदान अधिकृतले सुनुवाइ गर्ने भनी तोकिएका मतदान केन्द्र स्तरका निर्वाचन विवादको सुनुवाइ गर्ने,

- मतपत्रसहितको मतपेटिका, बाँकी मतपत्रलगायतका मतदानसम्बन्धी कागजातहरू र निर्वाचन सामग्रीहरू सुरक्षित रूपमा ढुवानी गरी तोकिएको अधिकारीलाई बुझाउने ।

५११. सहायक मतदान अधिकृतले मतदानका दिन केके काम गर्नुपर्छ ?

कुनै पनि मतदान केन्द्रमा मतदान अधिकृतका अतिरिक्त सहायक मतदान अधिकृतको समेत व्यवस्था गरिएको हुन्छ । मतदान व्यवस्थापनका सन्दर्भमा सहायक मतदान अधिकृतले गर्नुपर्ने कार्यहरू निम्नानुसार छन् :

- आफू खटिएको मतदान केन्द्रमा मतदान सम्पन्न गर्न मतदान अधिकृतलाई सहयोग गर्ने,

- मतदानलाई मर्यादित र व्यवस्थित बनाउन मतदान केन्द्रमा खटिएका मतदान प्रतिनिधिबिच समन्वय गर्ने,

- मतदान केन्द्रमा तयार गर्नुपर्ने मुचुल्का तयार गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सही छाप गराउने,

- मतदान अधिकृतले खटाएबमोजिमका मतदानसम्बन्धी अन्य जिम्मेवारी पूरा गर्ने,

- मतदान केन्द्रमा मतदान अधिकृतले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेका अवस्थामा मतदान अधिकृतका रूपमा कार्य गरी मतदान सम्पन्न गर्ने गराउने ।

५१२. मतदाताले मतदानका दिन केके कुरामा ध्यान दिनुपर्छ ?

लोकतान्त्रिक शासन पद्धतिमा नागरिकलाई प्राप्त राजनीतिक अधिकारको उपयोग गर्ने सशक्त माध्यम मतदान हो । मतदानलाई स्वच्छ, व्यवस्थित, मर्यादित एवम् धाँधलीरहित बनाउनमा मतदाताका आचरण र व्यवहारले महत्त्वपूर्ण भूमिका खेल्छन् । जिम्मेवार नागरिकका हैसियतले कुनै पनि मतदाताले मतदानका दिन निम्न कुरामा ध्यान दिनुपर्छ :

- आफूले मतदान गर्ने मतदान केन्द्रका बारेमा जानकारी लिई मतदाता नामावलीमा आफ्नो नाम भएनभएको यकिन गर्ने,

- मतपत्रमा छाप लगाउने सही तरिकाका बारेमा जानकारी लिने,

- मतदान गर्न जाँदा मतदाता परिचय पत्र वा आयोगले तोकेबमोजिमको परिचय खुल्ने प्रमाण लिएर जाने,

- मतदानका लागि निर्धारित समयभित्र मतदान केन्द्रमा पुगी धैर्यतापूर्वक लाइन लागेर आफ्नो पालोमा मतदान गर्ने, मतदान गर्दा आफ्नो मत बदर नहुनेतर्फ सजग रहने,

- मतदान कार्यमा मतदातालाई नकारात्मक प्रभाव पार्ने खालका क्रियाकलाप नगर्ने,

- गर्भवती तथा सुत्केरी, वृद्धवृद्धा र शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न प्राथमिकता दिने,

- निर्वाचनमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुऱ्याउने,

- मतदानमा प्रतिकूल असर पार्न खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने र आफू पनि कुनै होहल्ला वा हुलदङ्गामा नलाग्ने,

- कसैले आचारसंहिता उल्लङ्घन गरेको देखिएमा मतदान अधिकृत वा मतदानमा खटिएका कर्मचारी वा सुरक्षाकर्मीलाई सूचना दिने ।

५१३. मतदान कार्यमा दृष्टिविहीन वा शारीरिक रूपमा अशक्त मतदातालाई केकस्तो सुविधाको व्यवस्था मिलाउनुपर्दछ ?

कुनै पनि मतदान केन्द्रमा दृष्टिविहीन वा शारीरिक रूपमा अशक्त मतदाता लाइनमा बस्नु नपर्ने गरी विशेष व्यवस्था मिलाइनुपर्दछ । दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदाताले आफैँ मत सङ्केत गर्न नसक्ने भएमा त्यस्ता मतदाताले सो कार्यका लागि मतदान अधिकृतको अनुमति लिई एकाघरको परिवारको सदस्यलाई गोप्य मतदान कक्षमा लैजान पाउने व्यवस्था भएकाले सोको उचित प्रबन्ध मिलाउनुपर्दछ । दृष्टिविहीन वा शारीरिक अशक्त मतदाताले मतदान अधिकृतलाई नै मतसङ्केत गरिदिन आग्रह गरेमा मतदान अधिकृतले निजसँग मतसङ्केत गर्ने गोप्य कक्षमा गई निजको इच्छाअनुसार मतसङ्केत गरिदिनुपर्ने व्यवस्था रहेको छ । दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताले मतदान गरिसकेपछि निजको सहयोगीसम्म सुरक्षित रूपमा पुग्न सक्ने वातावरण मिलाउनुपर्दछ ।

५१४. मतदानका दिन मतदाताले केकस्ता कार्य गर्नु गराउनुहुँदैन ?

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको पालना गर्नु प्रत्येक मतदाताको कर्तव्य हुन्छ । मतदानका दिन निर्वाचन आचारसंहिताको अलावा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले गर्न नहुने भनी तोकेका कार्य गर्नु गराउनुहुँदैन । यस्ता कार्य गरे गराएमा कानुनबमोजिम कारवाही हुने व्यवस्था रहेको छ । निर्वाचनका दिन मतदाताले देहायबमोजिमको कार्य गर्नु गराउनुहुँदैन :

- **मतदानको अधिकारबिना मतदान गर्न वा पटकपटक मतदान गर्न :** मत दिन पाउने अधिकारबिना कुनै निर्वाचनमा मतदान गरेमा वा एउटै निर्वाचनका लागि एकभन्दा बढीपटक मतदान गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने कानुनी व्यवस्था छ ।

- **मतपत्रमा मत सङ्केत गरेको कुरा सार्वजनिक गर्न वा मतदानको प्रक्रिया उल्लङ्घन गर्न :** मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाउने, प्रदर्शन गर्ने, गोप्य मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यसभन्दा

बाहिर गई मत सङ्केत गर्ने वा मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गर्नुहुँदैन । त्यसै गरी मतदान गर्दा मतदानसम्बन्धी प्रचलित कानुन वा निर्वाचन आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गर्नुहुँदैन । यस विपरीत कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने कानुनी व्यवस्था छ ।

- **मतदातालाई मतदान स्थलमा प्रवेश गर्न बाधा अवरोध गर्न** : कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गर्न वा गराउनुहुँदैन । कसैले यस विपरीतको कार्य गरे गराएमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने कानुनी व्यवस्था छ ।

५१५. मतदानका दिन सुरक्षाकर्मीको भूमिका कस्तो हुनुपर्दछ ?

मतदानलाई सुव्यवस्थित एवम् भय र त्रासरहित वातावरणमा सम्पन्न गर्न मतदान केन्द्रको सुरक्षाप्रबन्धको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भने मतदान केन्द्रको सुरक्षा प्रभावकारिता सुरक्षाकर्मीको सक्रियता र व्यवहारमा निर्भर गर्दछ । सुरक्षा एकाइको कमान्डरले आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गर्ने, उनीहरूलाई चनाखो राख्ने, मतदान अधिकृत र घुम्ती सुरक्षा टोलीसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्छ । मतदानका दिन सुरक्षाकर्मीको मुख्य भूमिका मतपेटिकालगायत निर्वाचन सामग्री र मतदानमा खटिएका कर्मचारीको सुरक्षा गर्नु हो । यसका साथै आम मतदाता, राजनीतिक दल, उम्मेदवार, पत्रकार, पर्यवेक्षकको सुरक्षामा समेत पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । मतदान केन्द्रमा मतदाता, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, पर्यवेक्षक, अनुगमनकर्तालगायत अनुमति प्राप्तबाहेक अन्य व्यक्तिको प्रवेश पूर्णरूपमा निषेध गर्ने, कुनै पनि प्रकारको हातहतियार एवम् निषेधित वस्तुहरू लैजान नदिने, मतदान स्थलवरपर अनावश्यक भिडभाड हुन र अवाञ्छित क्रियाकलाप हुन नदिने, मतदान केन्द्रबाहिर कुनै प्रकारका सुरक्षा चुनौती उत्पन्न गराउन सक्ने क्रियाकलापहरू भएको वा हुने सम्भावना देखिएमा मतदान अधिकृतलाई सूचना दिई निर्देशनबमोजिम आवश्यक कारबाही गर्ने जस्ता जिम्मेवारी सुरक्षाकर्मीहरूबाट निर्वाह हुनुपर्दछ ।

५१६. मतदान समाप्त भइसकेपछि गर्नुपर्ने कामहरू केके हुन् ?

मतदान समाप्त हुने निर्धारित समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरिसकेका मतदाताले मतदान गरिसकेपछि मतदान समाप्त हुन्छ । मतदान समाप्त भइसकेपछि मतदान अधिकृत तथा मतदान कर्मचारीहरूले निम्नानुसारका कार्यहरू गर्नुपर्छ :

- मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने र सोको मुचुल्का गर्ने,
- मतपत्रको फाँटवारी तयार गर्ने,
- मतपत्रको अर्धकट्टी, प्रयोग नभएका मतपत्र, रेजा लगाइएको मतदाता नामावली लगायतका मतदान केन्द्रमा प्रयोग भएका कागजातहरू सिलबन्दी गर्ने र सोको मुचुल्का गर्ने,
- मतपत्रसहितको सिलबन्दी मतपेटिका, सिलबन्दी गरिएका कागजपत्रहरू, अन्य कागजातहरू एवम् मतदान सामग्रीहरूसहित सुरक्षित रूपमा मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयतर्फ प्रस्थान गर्ने ।

५१७. मतदान केन्द्रमा हुनुपर्ने न्यूनतम पूर्वाधारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड कस्तो रहेको पाइन्छ ?

मतदान केन्द्रमा हुनुपर्ने पूर्वाधारहरूलाई स्थानीय भौगोलिक तथा वातावरणीय अवस्थाले समेत प्रभाव पार्ने गर्दछ । सबैको सहज पहुँच एवम् मतदान व्यवस्थापनको सहजताका लागि मतदान केन्द्रमा देहायअनुसारका न्यूनतम पूर्वाधारहरू हुनु आवश्यक मानिन्छ :

- सुरक्षित र सहज तरिकाले मतदान गर्न सक्ने स्थान (भवन र खुला स्थान),
- आवागमनमा सहजता हुने गरी बाटोको सुविधा,
- विद्युत सेवाको उपलब्धता,
- सूचना र सञ्चारको सुविधा,
- फ्याक्स, फोटोकपी जस्ता विद्युतीय उपकरणहरूको उपलब्धता,
- खानेपानी र शौचालयको सुविधा,

- शान्ति सुरक्षाको उचित बन्दोबस्त,
- जेष्ठ नागरिक, लैङ्गिक, अपाङ्ग तथा अशक्तमैत्री पूर्वाधार ।

७.११ मतगणना व्यवस्थापन

५१८. मतगणना प्रारम्भ गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रियाहरू केके हुन् ?

मतगणना प्रारम्भ गर्नुअघि मतगणना स्थलको छनोट गरी स्थानीय प्रशासनसँग समन्वय गरी भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुपर्छ । मतपेटिका राख्ने ठाउँ, मतगणना गर्न आवश्यक पर्ने जनशक्ति, मतगणना टोली आदि तय गरी सोहीअनुसार व्यवस्थापन गर्नुपर्छ । मतगणना स्थलमा खानेपानी, बत्ती, माइक आदिको व्यवस्था गर्नुपर्छ । निर्वाचन अधिकृतले राजनीतिक दल वा उम्मेदवार, निजका प्रतिनिधि वा राजनीतिक दलका प्रतिनिधिको बैठक बसेर आवश्यक छलफल गरी मतगणनासम्बन्धी कानुनी व्यवस्था बारेमा जानकारी गराउनेलगायतका कार्यहरू गरी मतगणना कार्यलाई सहज बनाउन सकारात्मक वातावरण सिर्जना गर्नुपर्छ । सबै मतदान केन्द्रबाट सबै मतपेटिका प्राप्त भएपश्चात् मतगणना गर्ने स्थान, मिति र समय उल्लेख भएको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्छ । तत्पश्चात् राजनीतिक दलका प्रतिनिधि वा उम्मेदवारका प्रतिनिधिहरूलाई राखेर मतगणना सुरु हुन लागेको मुचुल्का बनाई मतगणना कार्यको थालनी गर्नुपर्छ ।

५१९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मतगणना कसरी गर्नुपर्छ ?

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना गर्दा मतगणना स्थल, सुरक्षा व्यवस्था, उपलब्ध जनशक्ति, मतगणनाका लागि आवश्यक पूर्वाधारलगायतका आधारमा एक वा सोभन्दा बढी मतगणना टोली तयार गरी मतगणना गर्न सकिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतदान एकै समयमा भएको अवस्थामा सम्भव भएसम्म दुवै निर्वाचन प्रणालीको मतगणना एकैसाथ गर्नुपर्छ । तर यदि एकैसाथ मतगणना गर्न सम्भव नभएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना पहिले गर्नुपर्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना सम्पन्न भएपछि समानुपातिक निर्वाचन प्रणालीतर्फको गणना प्रारम्भ गर्नुपर्ने व्यवस्था रहेको छ । मतगणनाको कार्य प्रारम्भ गरेपछि गणना कार्य समाप्त नभएसम्म निरन्तर

मतगणना गर्नुपर्दछ । काबुबाहिरको परिस्थिति परी मतगणनाको कार्य बिचमा नै रोक्नु परेमा कानुनबमोजिमको प्रक्रिया पुऱ्याई आयोगलाई जानकारी दिनुका साथै मतपेटिका, मतपत्रलगायतका सामग्रीको सुरक्षा व्यवस्था मिलाउनुपर्दछ ।

५२०. मतगणना स्थललाई सुरक्षित बनाउन केके कुरामा ध्यान दिनुपर्छ ?

मतगणनालाई सुरक्षित र भरपर्दो बनाउन मतगणना स्थलको छनोट गर्दादेखि नै ध्यान पुऱ्याउनुपर्छ । मतगणना स्थलको छनोट गर्दा मतपेटिका भण्डारण गर्न र भरपर्दो सुरक्षा प्रबन्ध गर्न सहज हुने स्थानलाई प्राथमिकता दिनुपर्छ । स्थानीय प्रशासनसँग समन्वय गरी मतगणना स्थलको सुरक्षार्थ पर्याप्त सङ्ख्यामा सुरक्षाकर्मी खटाउने, गणना स्थलमा उम्मेदवार र राजनीतिक दलका तोकिएको सङ्ख्याका प्रतिनिधिलाई मात्र प्रवेश अनुमति दिने, सञ्चारकर्मी, मानव अधिकारकर्मी र पर्यवेक्षकलाई निश्चित दूरीमा राख्ने व्यवस्था मिलाउनुपर्छ । राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई मतगणना गरेको देखिने तर मतपत्र छुन नपाउने गरी बस्ने प्रबन्ध मिलाउनुपर्छ । प्रवेश पास नभएका व्यक्तिहरूलाई मतगणना स्थल प्रवेशमा पूर्ण रूपमा रोक लगाउनुपर्छ । यसै गरी प्रवेश पास भएको भए तापनि मादक पदार्थ सेवन गरेको तथा हातहतियार लिएको व्यक्तिलाई प्रवेश नगराउन सुरक्षाकर्मीलाई स्पष्ट निर्देशन दिनुपर्छ ।

एकभन्दा बढी समूहमा मतगणना गर्नुपर्दा यथासम्भव फरकफरक कोठामा गणना गर्ने व्यवस्था मिलाउनुपर्छ । त्यसो गर्न सम्भव नभएमा एउटा टोली र अर्को टोली नमिसिने गरी गणना टोलीहरूबिच फराकिलो दूरी कायम गर्नुपर्छ । मतगणना स्थलमा विद्युत वा बत्तीको निरन्तर आपूर्ति सुनिश्चित गर्नुका साथै मतगणनाको विवरण समयसमयमा माइकबाट प्रसारण गर्ने प्रबन्ध मिलाउनुपर्छ । निर्वाचन अधिकृतले राजनीतिक दल र सुरक्षा निकायसँग निरन्तर समन्वय गरिरहनुपर्छ ।

५२१. मतगणनामा राजनीतिक दल, उम्मेदवार र प्रतिनिधिको भूमिका कस्तो हुनुपर्छ ?

मतगणनामा उम्मेदवार वा राजनीतिक दलका तर्फबाट मतगणना प्रतिनिधि नियुक्त हुन्छन् । मतगणनालाई सरल, सुव्यवस्थित, भय र त्रासबिना सम्पन्न गर्न र गराउन त्यस्ता प्रतिनिधिको महत्त्वपूर्ण भूमिका रहन्छ । उम्मेदवार र राजनीतिक दलले मतगणना प्रतिनिधि नियुक्त गर्दा निर्वाचन निर्देशिकामा तोकिएबमोजिमको सङ्ख्यामा, तोकिएको आधारभूत योग्यता पूरा गरेका व्यक्तिलाई नियुक्त गर्नुपर्छ । उम्मेदवार र राजनीतिक दलका जिम्मेवार पदाधिकारीहरू मतगणना सुरु गर्नुभन्दा पहिले निर्वाचन अधिकृतले

आयोजना गरेको सर्वदलीय छलफलमा उपस्थित भई सक्रिय सहभागी हुनुका साथै निर्वाचन अधिकृतसँग निरन्तर सम्पर्क र समन्वयमा रहनुपर्छ ।

मतगणना प्रतिनिधिले मतगणना स्थलमा प्रवेश गर्दा अनिवार्य रूपमा परिचय पत्र लगाउने, मादक पदार्थ सेवन नगर्ने, कुनै पनि हातहतियार साथमा नलैजाने, अनावश्यक विवाद ननिकाली मतगणना निर्देशिकामा व्यवस्था भएबमोजिम सहमति कायम गर्ने, मुचुल्काहरूमा सहीछाप गर्ने, आफ्नो भनाइ सभ्य तरीकाले राख्ने, प्रतिनिधिका लागि निर्दिष्ट स्थानमा बस्नुपर्छ । मतपत्रलगायतका निर्वाचन सामग्री नछुने, अनावश्यक उत्तेजना फैलाउने खालका बोली र व्यवहार नगरी निरन्तर मतगणना हुने वातावरण निर्माणमा सघाउ पुऱ्याउनुपर्छ ।

५२२. मतगणनामा सुरक्षाकर्मीको भूमिका कस्तो हुनुपर्छ ?

मतगणनालाई सरल, सुव्यवस्थित र सुरक्षित वातावरणमा सम्पन्न गर्नमा मतगणना स्थलको सुरक्षा प्रबन्धको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भने मतगणना स्थलको सुरक्षाको प्रभावकारिता सुरक्षाकर्मीको सक्रियता र व्यवहारमा निर्भर गर्दछ । तसर्थ मतगणना स्थलको सुरक्षार्थ खटिने सुरक्षाकर्मीहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्छ । सुरक्षा एकाइका कमान्डरले आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गर्ने, उनीहरूलाई चनाखो राख्ने, निर्वाचन अधिकृत र सुरक्षा निकायका प्रमुखसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्छ ।

मतपेटिका एवम् अन्य निर्वाचन सामग्रीहरूको सुरक्षा प्रबन्धका साथै मतगणनामा खटिएका कर्मचारी राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार र निजका प्रतिनिधि, पत्रकार, पर्यवेक्षक आदिको सुरक्षामा समेत पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । प्रवेश पास प्राप्त गरेका बाहेक अन्य व्यक्तिलाई मतगणना स्थल प्रवेशमा निषेध गर्ने, प्रवेश पास भए पनि मादक पदार्थ सेवन गरेका र हातहतियार लिएका व्यक्तिलाई प्रवेश गर्न नदिने, मतगणना स्थलवरपर अनावश्यक भिडभाड हुन र अवाञ्छित क्रियाकलाप हुन नदिने, मतगणना स्थलबाहिर कुनै प्रकारका सुरक्षा चुनौती उत्पन्न गराउन सक्ने क्रियाकलापहरू भएको वा हुने सम्भावना देखिएमा निर्वाचन अधिकृतलाई सूचना दिई निर्देशनबमोजिम आवश्यक कारबाही गर्ने जस्ता कार्यहरू सुरक्षाकर्मीहरूबाट हुनुपर्दछ ।

५२३. मतगणनामा जनशक्ति व्यवस्थापन कसरी गरिन्छ ?

मतगणनामा सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीहरू खटाउन सक्ने कानुनी व्यवस्था रहेको छ । मतगणनाका लागि आवश्यकताअनुसार टोली निर्माण गरी सोहीअनुसार कर्मचारी व्यवस्थापन गरिन्छ । सामान्यतया एउटा टोलीमा एक जना प्रमुख मतगणना अधिकारी, एक जना सहायक मतगणना अधिकारी, एक जना मतगणना सहायक, तीन जनासम्म गणक र एक जना सहयोगी कर्मचारी राख्न सकिन्छ । तर कुनै पनि ट्रेडयुनियनका पदाधिकारी वा सदस्य रहेको कर्मचारीलाई मतगणना कार्यमा खटाउनुहुँदैन । मतगणना स्थलको सुरक्षार्थ आवश्यक सङ्ख्यामा सुरक्षाकर्मीको व्यवस्था गरिन्छ ।

मतगणनामा खटिने कर्मचारीहरूलाई मतगणनासम्बन्धी अभिमुखीकरण गर्नुका साथै परिचय पत्र उपलब्ध गराइन्छ । मतगणना निर्देशिकामा भएको व्यवस्था र निर्वाचन अधिकृतको निर्देशनबमोजिम इमान्दारीपूर्वक मतगणनासम्बन्धी कार्य गरी निष्पक्ष रूपमा मतगणना सम्पन्न गर्न निर्वाचन अधिकृतलाई सहयोग गर्नु मतगणनामा खटिने प्रत्येक कर्मचारीको कर्तव्य र जिम्मेवारी हुन्छ ।

५२४. मतगणना स्थलमा निर्वाचन अधिकृतको भूमिका कस्तो हुन्छ ?

मतगणना कर्मचारी खटाउने, सुरक्षाकर्मीलाई निर्देशन दिने एवम् मतगणना स्थलको समग्र व्यवस्थापनको अभिभारा मुख्य रूपमा निर्वाचन अधिकृतको हुने हुँदा मतगणना स्थलमा सबैभन्दा महत्त्वपूर्ण भूमिका निर्वाचन अधिकृतको हुन्छ । मतगणनाका सन्दर्भमा निर्वाचन अधिकृतले देहायबमोजिमको भूमिका निर्वाह गर्नुपर्छ :

- मतगणना गर्ने स्थानको व्यवस्था गर्ने,
- मतगणना कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,
- मतगणनाका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी गणनासम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,
- मतगणना स्थलमा आवश्यक सामग्री, खानेपानी, बत्ती, सुरक्षा आदिको प्रबन्ध मिलाउने,
- मतगणना कार्य सुरु गर्नुअगावै उम्मेदवार, निजका प्रतिनिधि वा दलको प्रतिनिधिको बैठक डाकी आवश्यक छलफलसमेत गरी मतगणनासम्बन्धी कानुनी

व्यवस्थाका बारेमा जानकारी गराउने एवम् मतगणना कार्यलाई सहज बनाउन सकारात्मक वातावरण सिर्जना गर्ने,

- मतदान कार्य सम्पन्न भई सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना कार्य प्रारम्भ गर्ने,
- मतगणनासम्बन्धी सम्पूर्ण फारम, मुचुल्कालगायतका कागजात तयार गरी गराई अभिलेख राख्ने,
- सदर बदर मत र मतपत्रको निर्णय गर्ने,
- निर्वाचन अधिकृतले सुनुवाइ गर्ने भनी तोकिएका मतगणनासम्बन्धी निर्वाचन विवादको सुनुवाइ गर्ने,
- मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गर्ने,
- मतगणना परिणामको विवरण जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,
- मतगणना कार्यका लागि नियमानुसार आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

५२५. कस्तो मतपत्र बदर हुन्छ ?

कुनै पनि निर्वाचनमा कस्तो मतपत्र बदर हुने भन्ने विषय उक्त निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले जारी गरेको निर्देशिकामा उल्लेख भएबमोजिम हुन्छ । निर्वाचन निर्देशिकामा सामान्यतया देहायबमोजिमको मतपत्र बदर हुने प्रावधान समावेश गरिएको हुन्छ :

- सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
- औंठा छाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,
- मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,

- उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
- तोकिएभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,
- मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,
- कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,
- आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- मतपेटिकाभन्दा बाहिर राखिएको,
- जाली मतपत्र,
- पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रूपमा च्यातेको, प्वाल पारेको,
- एउटा पट्याएको मतपत्रभित्र अरू मतपत्रसँगै एकसाथ पट्याएको,
- उम्मेदवार वा दलको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिमको निर्वाचनका हकमा उम्मेदवारको बन्दसूची पेस नगरेको दलको निर्वाचन चिह्नमा मत सङ्केत गरिएको,
- आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

५२६. मतगणना स्थलमा कसलाई प्रवेश अनुमति दिइन्छ ?

मतगणना स्थल एकदमै संवेदनशील क्षेत्र हुँदा मतगणना स्थलमा प्रवेशलाई व्यवस्थित गर्न प्रवेश अनुमति अर्थात् प्रवेश पासको व्यवस्था गरिएको हुन्छ । सामान्यतया देहायका

व्यक्तिलाई मतगणना स्थलमा प्रवेशका लागि निर्वाचन अधिकृतले प्रवेश अनुमति दिने व्यवस्था गरिएको हुन्छ :

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतगणनाका लागि उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतगणनाका लागि दलको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,
- मतगणनाको काममा खटिएका कर्मचारी,
- आयोगबाट अनुगमन वा अन्य प्रयोजनका लागि खटिएका पदाधिकारी वा कर्मचारी,
- आयोगबाट अनुमति प्राप्त स्वदेशी तथा विदेशी पर्यवेक्षक,
- सुरक्षाका लागि खटिएका कर्मचारी,
- आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

५२७. मतपरिणाम कसले प्रकाशन गर्छ ?

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढीमत निर्वाचन प्रणालीअन्तर्गत भएको निर्वाचनको निर्वाचन परिणाम सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन क्षेत्र स्तरमा प्रकाशन गरी सोको जानकारी निर्वाचन आयोगलाई दिनुपर्ने व्यवस्था रहेको छ । अतः कुनै पनि निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढीमत निर्वाचन प्रणालीअन्तर्गत भएको निर्वाचन क्षेत्र विशेषको मतपरिणाम निर्वाचन अधिकृतले प्रकाशन गर्दछ । यसरी निर्वाचनको परिणाम प्रकाशन गर्दा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरी त्यस्तो उम्मेदवारलाई आयोगले तोकेबमोजिमको ढाँचामा निर्वाचित भएको प्रमाण पत्र दिनुपर्दछ । यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र स्तरमा निर्वाचन अधिकृतले मतगणना गरी सदर मतको सङ्ख्या तोकिएबमोजिमको तालिका भरी निर्वाचन अयोगमा पठाउनुपर्दछ । यसरी प्राप्त हुन आएको मत परिणाम एकीकृत गरी दलहरूले प्राप्त गरेको मतपरिणामका आधारमा आयोगले दलले प्राप्त गर्ने सिट सङ्ख्या यकिन गरी दलहरूलाई जानकारी गराउनुपर्दछ । दलहरूले आयोगले तोकेको सिट सङ्ख्यामा प्रतिनिधि निर्वाचनका लागि

बन्दसूचीबाट कानुनबमोजिम उम्मेदवारको नाम सिफारिस गरी पठाएपछि आयोगले निर्वाचन परिणाम घोषणा गर्दछ । निर्वाचन क्षेत्रको एकीकृत निर्वाचन परिणाम तयार गरी आवश्यकताअनुसार प्रकाशन गर्ने एवम् कानुनबमोजिम तोकिएका पदाधिकारी वा निकायसमक्ष प्रतिवेदन गर्ने कार्य निर्वाचन आयोगले गर्दछ ।

५२८. मतगणनासम्बन्धी सामग्री बिगारेमा वा नोक्सान गरेमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ?

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले कसैले पनि मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणना स्थलबाट अन्यत्र लैजान निषेध गरेको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम यस्तो कार्य गरेगराएमा निर्वाचन अपराध भएको मानिन्छ । निर्वाचन अपराधको अनुसन्धान नेपाल सरकारले तोकेको अनुसन्धान अधिकृतले गरी सोसम्बन्धमा मुद्दा चलाउनुपर्ने देखिएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्दछ । यसरी अदालतमा दायर हुन आएको मुद्दामा सुनुवाइ हुँदा मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्ने, लुट्ने, बिगार्ने वा कुनै किसिमले नोक्सान गर्ने वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणना स्थलबाट अन्यत्र लैजाने कार्य गरे गराएको ठहर भएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

५२९. मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले गर्नुपर्ने काम केके हुन् ?

मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले गर्नुपर्ने कार्यहरूसमेत सम्बन्धित निर्वाचन निर्देशिकामा उल्लेख गरिएको हुन्छ । मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको मुचुल्का गर्नुपर्छ र सो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनुपर्छ । सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा राखेर सिलबन्दी गरी त्यसमा निर्वाचन अधिकृतले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनुपर्छ । मतगणना समाप्त भएको मुचुल्का भइसकेपछि निर्वाचनको परिणाम घोषणा तयार गरी एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एकप्रति यथाशीघ्र

आयोगलाई उपलब्ध गराउनुपर्छ । निर्वाचन परिणाम घोषणा भएपश्चात् आयोगबाट निर्धारित ढाँचामा प्रमाण पत्र तयार गरी एकप्रति निर्वाचित पदाधिकारीहरूलाई दिई एकप्रति अभिलेखका लागि जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्छ । मतगणना तालिका र निर्वाचन परिणाम घोषणासम्बन्धी विवरण तुरुन्त निर्वाचन आयोगमा पठाउनुपर्छ ।

५३०. मतगणना गरिसकेपछि मतपत्रको व्यवस्थापन कसरी गरिन्छ ?

मतगणना गरिसकेपछि सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलामा (एउटै पानामा एकभन्दा बढी मतपत्र रहेको अवस्थामा कुनै मतपत्र सदर र कुनै मतपत्र बदर हुन सक्ने भएको हुँदा त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाम वा थैलोमा) बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरिन्छ र त्यसमा निर्वाचन अधिकृत, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउनुपर्छ । निर्वाचन अधिकृतले मतगणनाको प्रयोजनका लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य राख्नुपर्छ । निर्वाचन परिणाम घोषणा भएपछि उक्त सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्छ ।

सिलबन्दी गरिएका मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सिलबन्दी गरिएको सदर तथा बदर भएका मतपत्रहरू प्रचलित कानुनबमोजिम परेको उजुरीका सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्ने एवम् यस्ता कागजात वा अभिलेख मुद्दा परेकामा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकामा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था छ । उक्तानुसारको म्याद भुक्तान भएपछि आयोगको निर्णयानुसार प्रचलित कानुनबमोजिम धुल्याउने गरिन्छ ।

७.१२ निर्वाचन अनुगमन तथा पर्यवेक्षण

५३१. निर्वाचन अनुगमन भनेको के हो ?

सामान्यतया अनुगमन भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाका क्रियाकलापहरू निर्दिष्ट गरिएबमोजिम भएनभएको वा अपेक्षित नतिजा हासिल भएनभएका सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानुनबमोजिम अख्तियार प्राप्त

निकायले तोकेको व्यक्ति वा संस्थाबाट निरन्तर वा आवधिक रूपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्यलाई बुझिन्छ । निर्वाचन कार्यक्रम सञ्चालनसम्बन्धी क्रियाकलापहरू प्रचलित निर्वाचन कानुन एवम् निर्वाचन व्यवस्थापन गर्ने निकायले निर्दिष्ट गरेको विधि वा प्रक्रियाबमोजिम भएनभएका सम्बन्धमा निर्वाचन व्यवस्थापन गर्ने निकाय स्वयम्ले वा अन्य स्वतन्त्र निकाय वा संस्थाबाट गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण र सुधारात्मक कार्यहरूको समष्टिगत रूप नै निर्वाचन अनुगमन हो । नेपालका सन्दर्भमा निर्वाचनको अनुगमन गर्न निर्वाचन आयोगले आयोगका पदाधिकारी वा विभिन्न समिति उपसमिति वा आयोगका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञसहितको टोली गठन गरी निर्वाचन प्रचारप्रसार, आचारसंहिताको पालना, मतदान, मतगणना वा अन्य काम कारबाहीको अनुगमन गराउन सक्ने कानुनी व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगलगायतका संस्थाहरूले समेत आफ्ना विषय क्षेत्रहरूमा केन्द्रित रही निर्वाचनको अनुगमन गर्ने गरेको देखिन्छ ।

५३२. निर्वाचन अनुगमन किन गरिन्छ ?

कुनै पनि निर्वाचन तोकिएको मितिमा सम्पन्न गर्नुपर्ने हुन्छ । निर्वाचनका सिलसिलामा सम्पन्न गर्नुपर्ने क्रियाकलापलाई समेटी निर्वाचन क्यालेन्डर तयार गरिन्छ । निर्वाचनका हरेक अघिल्ला क्रियाकलापले पछिल्ला क्रियाकलापलाई असर गर्ने हुँदा प्रत्येक क्रियाकलाप निर्वाचन क्यालेन्डरबमोजिम निर्धारित मिति र समयमा सम्पन्न गरिसक्नुपर्दछ । त्यसै गरी निर्वाचनका सरोकारवालाहरूले पालना गर्नुपर्ने आचारसंहिता जारी गरी त्यसको परिपालनासमेत गर्नु गराउनु आवश्यक हुन्छ । निर्वाचन एक बृहत् व्यवस्थापकीय कार्य भएको हुँदा यसका सरोकारवाला निकायहरूबिच सघन समन्वय हुनु आवश्यक हुन्छ । कुनै पनि निर्वाचन सञ्चालनसम्बन्धी निर्धारित निर्वाचन क्यालेन्डरबमोजिमका क्रियाकलापहरू ठिक ढङ्गले ठिक समयमा सम्पादन गरिएका छन्, छैनन् ? निर्वाचन आचारसंहिताको परिपालना भएको छ, छैन ? निर्वाचनका सरोकारवालाहरू बिच पर्याप्त समन्वय छ, छैन ? निर्वाचन कार्यक्रम सञ्चालन गर्ने क्रममा केकस्ता समस्याहरू उत्पन्न भएका छन् ? र त्यस्ता समस्या समाधानका निम्ति केकस्ता कार्यहरू गर्नु आवश्यक छ ? भन्ने पहिचान गरी आवश्यक सुधारात्मक कार्यहरू गरी निर्वाचन सञ्चालनलाई प्रभावकारी एवम् विश्वसनीय बनाउन निर्वाचनको अनुगमन गरिन्छ । कुनै पनि निर्वाचनको अनुगमनबाट प्राप्त अनुभव वा शिक्षालाई भविष्यमा हुने निर्वाचनका सन्दर्भमा पृष्ठपोषणका रूपमा ग्रहण गरी निर्वाचन सञ्चालन तथा

व्यवस्थापनलाई थप प्रभावकारी एवम् विश्वसनीय बनाउँदै लैजाने समेत निर्वाचन अनुगमनको उद्देश्य रहेको हुन्छ ।

५३३. निर्वाचनको अनुगमन कुन विधिबाट गरिन्छ ?

निर्वाचन आयोगले निर्वाचनको अनुगमनका लागि टोली गठन गर्दा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनुपर्ने कार्यविधि र टोलीले अनुगमनको काम सम्पन्न गर्नुपर्ने समयसमेत निर्धारण गरिदिनुपर्ने कानुनी व्यवस्था छ । सम्बन्धित निर्वाचनको अनुगमनका लागि निर्वाचन अयोगले छुट्टै निर्वाचन अनुगमन निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने गरेको छ । निर्देशिकाले निर्वाचन अनुगमनका लागि केन्द्रीय निर्वाचन अनुगमन समिति, उच्चस्तरीय निर्वाचन अनुगमन टोली, अनुगमन एकाइ, जिल्ला निर्वाचन अनुगमन समिति, सूक्ष्म अनुगमनकर्तालगायतका संरचना गठन गरी त्यस्ता संरचनामार्फत निर्वाचनको अनुगमन गर्ने गराउने गर्दछ । निर्वाचन अनुगमनका लागि गठित टोलीले आयोगबाट निर्धारित कार्यविधि, उपलब्ध समय तथा साधन स्रोत र कार्य जिम्मेवारीलाई दृष्टिगत गरी अनुगमनको उपयुक्त विधि तय गर्न सक्छ । अनुगमन टोलीले अनुगमन गर्दा आवश्यकताअनुसार देहायको कुनै वा सबै विधि अपनाई निर्वाचनको अनुगमन गर्न सक्छ :

- स्थलगत अवलोकन,
- निर्वाचनसम्बन्धी उजुरी तथा निवेदन सङ्कलन एवम् जाँचबुझ,
- सरोकारवाला पक्षसँग प्रत्यक्ष भेटघाट तथा अन्तर्वार्ता,
- सार्वजनिक सञ्चार माध्यम एवम् अन्य सान्दर्भिक स्रोतबाट प्राप्त सूचना एवम् प्रतिवेदनको अध्ययन,
- निर्वाचनसम्बन्धी मौखिक वा सञ्चार माध्यमबाट प्राप्त जानकारीको टिपोट एवम् विश्लेषण,
- अन्य उपयुक्त विधि ।

५३४. निर्वाचन अनुगमन टोलीको मुख्य जिम्मेवारी के हुन्छ ?

कुनै पनि निर्वाचनको अनुगमनका लागि निर्वाचन अयोगले छुट्टाछुट्टै निर्वाचन अनुगमन निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने गरेको छ । निर्वाचन अनुगमन निर्देशिकाबमोजिम गठन हुने संरचनाहरूको काम, कर्तव्य र अधिकार पनि सोही निर्देशिकाले व्यवस्था गरेको हुन्छ । यसरी निर्दिष्ट काम, कर्तव्य र अधिकारअनुरूप भूमिका निर्वाह गर्नु निर्वाचन अनुगमन टोलीको मुख्य जिम्मेवारी हो ।

सामान्यतया निर्वाचन आयोगले निर्वाचनको अनुगमनका लागि गठित अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकी अनुगमन गर्ने गरेको छ :

- निर्वाचन प्रचारप्रसार प्रचलित कानुनबमोजिम भए नभएको,
- पर्यवेक्षकले आचारसंहिताको पालना गरे नगरेको,
- निर्वाचनसम्बन्धी काम कारबाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा भए नभएको,
- राजनीतिक दल तथा उम्मेदवारले सहज रूपमा प्रचारप्रसार गर्न पाए नपाएको,
- मतदानका दिन मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,
- मतदाताले भयमुक्त वातावरणमा मतदान गर्न पाए नपाएको,
- पर्यवेक्षकको भूमिका र क्रियाकलाप निष्पक्ष एवम् व्यावसायिक भए नभएको र निजले पर्यवेक्षण गर्न पाए नपाएको,
- निर्वाचनका लागि आवश्यक सामग्री, साधनस्रोतको उपलब्धता तथा परिचालन सन्तोषजनक भए नभएको,
- निर्वाचनमा सुरक्षाको व्यवस्था प्रभावकारी भए नभएको,
- पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने विषयमा आयोगले दिएको निर्देशनबमोजिम कार्य भए नभएको,

- उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणना स्थललगायतको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको,
- मतगणनाको काम स्वच्छ र निष्पक्ष रूपमा भए नभएको,
- निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानुनबमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको,
- निर्वाचन प्रचारप्रसार अवधि, मतदानको दिन र निर्वाचन परिणाम सार्वजनिक भएपछिको अवस्थाका लागि शान्ति सुरक्षाको आवश्यक तयारी र त्यस्तो हरेक चरणमा शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहे नरहेको,
- स्वच्छ र स्वतन्त्र निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारी र प्रतिबद्धता विपरीत कुनै सार्वजनिक सञ्चार माध्यमबाट अनर्गल र तथ्यहीन सामग्रीको प्रचारप्रसार गरी आयोगको छवि र निर्वाचन व्यवस्थापनको काममा नकारात्मक वातावरण सिर्जना गर्ने काम भए नभएको ।

यसरी अनुगमन टोलीले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ तथा निर्वाचनसम्बन्धी अन्य कानुनले दिएको अधिकार, दायित्व र कर्तव्यको पालना गरी निर्वाचन अनुगमन गर्दा निर्वाचनसँग सम्बन्धित विषयमा निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सुरक्षा प्रमुख, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायसँग समन्वय गर्न सक्छ । आयोगले निर्दिष्ट गरेबमोजिम अनुगम गरी आफूले गरेको कामको प्रतिवेदन आयोगसमक्ष नियमित रूपमा पेस गर्नु अनुगमन टोलीको दायित्व र जिम्मेवारी हुन्छ ।

५३५. आयोगले निर्वाचन अनुगमनका लागि केकस्तो व्यवस्था गरेको छ ?

कुनै पनि निर्वाचनको अनुगमनका लागि निर्वाचन आयोगले छुट्टाछुट्टै निर्वाचन अनुगमन निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने गरेको छ । त्यसरी निर्माण गरिएका निर्देशिकामा आवश्यकताअनुसार फरकफरक प्रावधानहरूको व्यवस्था गरिएको हुने भए तापनि धेरैजसो व्यवस्थाहरू समान नै रहन्छन् । आयोगले निर्वाचन अनुगमनका लागि मूलत देहायबमोजिम व्यवस्था गर्नेगरेको छ :

(क) केन्द्रीय निर्वाचन अनुगमन समिति, उच्चस्तरीय निर्वाचन अनुगमन टोली, अनुगमन एकाइ, निर्वाचन अनुगमन टोली, जिल्ला निर्वाचन अनुगमन समिति आदि संरचनाको गठन र कार्य जिम्मेवारीसम्बन्धी व्यवस्था,

(ख) सूक्ष्म अनुगमनसम्बन्धी व्यवस्था,

(ग) अनुगमन टोलीका लागि अभिमुखीकरणसम्बन्धी व्यवस्था,

(घ) अनुगमन गर्दा अपनाउनुपर्ने कार्यविधि,

(ङ) अनुगमन प्रतिवेदन पेस गर्ने विधि,

(च) अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा,

(छ) अनुगमन टोलीमा खटिने कर्मचारीको अभिलेख (रोस्टर) सम्बन्धी व्यवस्था,

(ज) पुरस्कार र दण्डसम्बन्धी व्यवस्था,

(झ) अनुगमनमा खटिने कर्मचारीको बिमासम्बन्धी व्यवस्था,

(ञ) अनुगमनकर्ताको उत्तरदायित्वसम्बन्धी व्यवस्था ।

५३६. निर्वाचन पर्यवेक्षण भन्नाले के बुझिन्छ ?

कुनै निर्वाचनमा तेस्रो पक्षबाट गरिने निर्वाचनको विधि र प्रक्रियाको अवलोकन गर्ने कार्य नै निर्वाचन पर्यवेक्षण हो । निर्वाचनका क्षेत्रमा अनुभव, विज्ञता, दक्षता र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिहरूबाट निर्वाचन पर्यवेक्षण गर्ने गरिन्छ । निर्वाचन प्रणाली तथा निर्वाचन व्यवस्थापनका विभिन्न विधि र प्रक्रियामा भएको राम्रा अभ्यास एवम् भविष्यमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गर्न तथा निर्वाचनको वैधता एवम् विश्वसनीयता अभिवृद्धि गर्नका लागि स्थापित मापदण्डअनुसार निर्वाचन पर्यवेक्षणको अनुमति दिइन्छ । निर्वाचनको पर्यवेक्षण गर्न चाहने व्यक्ति वा संस्थाले निर्धारित प्रक्रिया पूरा गरी निर्वाचन आयोगबाट अनुमति प्राप्त गर्नुपर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी निर्वाचन पर्यवेक्षण दुई किसिमका हुन्छन् । राष्ट्रिय सङ्घसंस्थाहरूबाट गरिने पर्यवेक्षणलाई राष्ट्रिय पर्यवेक्षण र अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिबाट गरिने पर्यवेक्षणलाई अन्तर्राष्ट्रिय पर्यवेक्षण भनिन्छ ।

५३७. निर्वाचन पर्यवेक्षण किन आवश्यक छ ?

निर्वाचन सम्पन्न गरेर मात्र हुँदैन निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको छ भन्ने सुनिश्चित गरिनुपर्दछ । कुनै पनि निर्वाचन स्वतन्त्र, निष्पक्ष र

भयरहित वातावरणमा सम्पन्न भएको छ भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा पैरवी गर्ने माध्यम भनेको निर्वाचन पर्यवेक्षण गर्ने संस्थाले दिएको निर्वाचन पर्यवेक्षण प्रतिवेदन नै हो । निर्वाचन पर्यवेक्षणले निर्वाचनको वैधता र निर्वाचन व्यवस्थापन गर्ने निकायको विश्वसनीयता अभिवृद्धिमा सहयोग पुग्छ । निर्वाचन पर्यवेक्षणको आवश्यकता देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउनका लागि निर्वाचन कानुन र निर्वाचन आयोगले निर्धारण गरेका प्रक्रिया र मापदण्डहरूको पालना भएको कुरा बाह्य पक्षबाट समेत सुनिश्चित गर्न,
- गोप्य मतदानबाहेकका निर्वाचनका अन्य प्रक्रियाहरूलाई अधिकतम पारदर्शी बनाई निर्वाचन परिणामलाई स्वीकार्य बनाउन,
- निर्वाचन प्रक्रियामा निर्वाचनका मुख्य सरोकारवालाहरूसँगको समन्वय र सहभागिता प्रवर्द्धन गर्न,
- क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमा निर्वाचन व्यवस्थापन निकायको साख अभिवृद्धि एवम् आपसी सम्बन्ध विस्तार गर्न,
- निर्वाचनको वैधता र विश्वसनीयता अभिवृद्धि गर्न ।

५३८. निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित गर्न केकस्तो कानुनी व्यवस्था गरिएको छ ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्ने व्यवस्था छ । पर्यवेक्षण गर्ने व्यक्ति वा संस्थाले आयोगले तोकेको कार्यविधिअनुसार पर्यवेक्षण गर्नुपर्ने, पर्यवेक्षणका लागि आयोगले तोकेबमोजिम प्रक्रिया पूरा गरी पर्यवेक्षणको अनुमति लिनुपर्ने, आयोगसँग अनुमति नलिई निर्वाचन पर्यवेक्षण गर्न नहुने, पर्यवेक्षण कार्य समाप्त भएको तिस दिनभित्र प्रतिवेदन आयोगसमक्ष पेस गर्नुपर्ने, पर्यवेक्षण गर्दा आयोगले बनाएको आचारसंहिता पालना गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । तोकिएको कार्यविधि र आचारसंहिता पालना नगरी पर्यवेक्षण गर्ने व्यक्ति वा संस्थाको पर्यवेक्षण अनुमति आयोगले रद्द गर्न सक्नेसमेत कानुनी व्यवस्था रहेको छ ।

५३९. राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षण अनुमति प्राप्त गर्ने आधार केके हुन् ?

कुनै पनि निर्वाचनको पर्यवेक्षण गर्न चाहने व्यक्ति वा सङ्घसंस्थाले निर्वाचन आयोगबाट निर्वाचन पर्यवेक्षण अनुमति प्राप्त गर्नुपर्छ । निर्वाचन पर्यवेक्षण गर्न चाहने प्रचलित कानुनबमोजिम दर्ता भएको राष्ट्रिय सङ्घसंस्थाले देहायबमोजिमका कागजातहरू संलग्न गरी आयोगसमक्ष निवेदन दिनुपर्दछ :

- संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
- संस्था नवीकरण भएको निस्साको प्रतिलिपि,
- संस्थाको विधानको प्रतिलिपि,
- संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
- संस्थाको कार्यसमितिका पदाधिकारीहरूको नामावली,
- विगतमा गरेका राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सोको प्रमाण,
- पर्यवेक्षण सम्बन्धमा सङ्घसंस्थाले तयार गरेको ब्रोसर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सोको प्रति,
- संस्थाले तयार गरेको पर्यवेक्षक परिचालनसम्बन्धी नीति तथा कार्ययोजना ।

उल्लिखित विवरणसहित निर्वाचन पर्यवेक्षणको अनुमतिका लागि निवेदन दिने संस्थाको पर्यवेक्षक परिचालनसम्बन्धी नीति तथा कार्य योजनामा पर्यवेक्षक परिचालन गर्ने लैङ्गिक तथा समावेशी व्यवस्था भएको, विगतका निर्वाचनमा आयोगबाट अनुमति प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधिभित्रै सोको प्रतिवेदन पेस गरेको, एकभन्दा बढी संस्थाहरू मिली खडा गरिएको संस्था वा सञ्जाल (Consortium) का हकमा त्यस्तो संस्था वा सञ्जाल गठन तथा काम गर्ने सम्बन्धमा भएको कार्य समितिको निर्णय र सम्झौता पत्र, निर्वाचनका लागि सबै प्रदेशका हिमाल, पहाड र तराईका जिल्लाहरू समावेश गरी न्यूनतम एक सय मतदान स्थलमा पर्यवेक्षण गर्ने प्रतिबद्धतासमेतका आधारमा निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरिन्छ । कुनै व्यक्ति वा सङ्घसंस्थाले गलत कार्य गरी कारबाहीमा परेको भन्ने कुरा अभिलेखबाट देखिएमा त्यस्तो व्यक्ति वा सङ्घसंस्थालाई पर्यवेक्षण अनुमति दिइँदैन । त्यस्तै आयोगबाट यसअघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण प्रतिवेदन पेस नगर्ने राष्ट्रिय

संस्थाहरूलाई निर्वाचनका लागि पर्यवेक्षण अनुमति दिइँदैन । कुनै संस्था वा सञ्जालमा समावेश भएको संस्था वा सञ्जालले सोही नामबाट पर्यवेक्षण अनुमति पाउने हुँदा आफ्नो संस्थाको नामबाट निर्वाचन पर्यवेक्षणका लागि अनुमति दिन मिल्दैन । कुनै सङ्घसंस्थालाई पर्यवेक्षण गर्नका लागि सम्बन्धन दिने वा नदिने अधिकार आयोगमा निहित हुन्छ ।

५४०. अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षण अनुमति प्राप्त गर्ने आधार केके हुन् ?

कुनै पनि निर्वाचनको वैद्यता र विश्वसनीयताका लागि अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट निर्वाचनको पर्यवेक्षण गर्ने गराउने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट समेत निर्वाचन पर्यवेक्षण गर्ने प्रचलन वि.सं. २०४८ वैशाख २९ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनबाट प्रारम्भ भएको देखिन्छ । निर्वाचन पर्यवेक्षण गर्न चाहने अन्तर्राष्ट्रिय सङ्घसंस्थाले देहायबमोजिमका कागजातहरू संलग्न गरी अनुमतिका लागि आयोगसमक्ष निवेदन दिनुपर्दछ :

- सम्बन्धित देशको कानुनबमोजिम दर्ता भएको संस्था हुनुपर्ने,
- संस्थाको उद्देश्य सुशासन, लोकतन्त्र, निर्वाचन, मानव अधिकार र शान्ति प्रवर्द्धन गर्नेसँग सम्बन्धित हुनुपर्ने,
- विगतका निर्वाचनमा आयोगबाट सम्बन्धन प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधिभित्रै सोको प्रतिवेदन पेस गरेको हुनुपर्ने,
- आयोगबाट जारी भएको पर्यवेक्षण आचारसंहिता पूर्ण पालना गर्ने लिखित मन्जुरी पेस गरेको हुनुपर्ने ।

निर्वाचन पर्यवेक्षणका लागि निवेदन दिने अन्तर्राष्ट्रिय सङ्घसंस्थाको निवेदनउपर छानविन गरी पर्यवेक्षणको अनुमति दिने वा नदिने अधिकार आयोगमा निहित रहन्छ । कुनै व्यक्ति वा सङ्घसंस्थाले गलत कार्य गरी कारबाहीमा परेको देखिएमा त्यस्तो सङ्घसंस्थालाई पर्यवेक्षण अनुमति दिइँदैन । आयोगबाट स्वीकृति प्राप्त अन्तर्राष्ट्रिय

सङ्घसंस्थाले तोकिएको कार्यविधि तथा आचारसंहिताबमोजिम निर्वाचन पर्यवेक्षण गरी पर्यवेक्षण कार्य समाप्त भएको मितिले तिस दिनभित्र अयोगसमक्ष प्रतिवेदन दिनुपर्दछ ।

५४१. निर्वाचन पर्यवेक्षण संस्थाका कर्तव्यहरू केके हुन् ?

निर्वाचन आयोगले विभिन्न निर्वाचनमा निर्वाचन पर्यवेक्षणसम्बन्धी निर्देशिका जारी गरी निर्वाचन पर्यवेक्षण संस्थाको कर्तव्यका सम्बन्धमा देहायबमोजिम हुने व्यवस्था गर्ने गरेको छ :

- आयोगबाट अनुमति प्राप्त नगरी पर्यवेक्षण कार्य नगर्ने नगराउने,
- पर्यवेक्षकहरू मनोनयन गर्दा समावेशी नीतिलाई अवलम्बन गर्ने,
- पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा अभिमुखीकरण वा प्रशिक्षण दिने,
- आफ्नो संस्थाबाट खटाउने प्रत्येक पर्यवेक्षकको परिचय पत्र प्राप्त गर्नुपूर्व शपथ गराउनुपर्ने र सम्बन्धित संस्थाले आफ्नो संस्थामार्फत खटिने पर्यवेक्षकहरूको व्यक्तिगत विवरण प्रमाणित गरी पर्यवेक्षण एकाइमा पेस गर्ने,
- पर्यवेक्षक खटाउँदा सबै प्रदेशका हिमाल, पहाड र तराई सबै क्षेत्र समेट्ने गरी खटाउने,
- मतदान केन्द्रमा पर्यवेक्षकहरूको भिड भई मतदान अधिकृतको कार्यमा बाधा नहुने गरी पर्यवेक्षकहरू खटाउने,
- पर्यवेक्षण कार्यमा सरकारी वा सरकारी स्वामित्व वा अर्धस्वामित्वका सङ्घसंस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका वहालवाला कर्मचारी वा शिक्षकहरूलाई नखटाउने,
- पर्यवेक्षकको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि नखटाउने,
- पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका संस्थाले आवश्यक कानुनी र निर्वाचनसम्बन्धी आवश्यक सूचना तथा आचारसंहिता सम्बन्धित पर्यवेक्षकहरूलाई उपलब्ध गराउने,

- पर्यवेक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित सङ्घसंस्था आफैँले गर्ने,
- एउटै व्यक्तिलाई एकभन्दा बढी सङ्घसंस्थाहरूले पर्यवेक्षकका रूपमा नखटाउने,
- कार्य समाप्त भएको तीन महिनाभित्र आफ्नो आयव्यय सार्वजनिक गरी सोको लिखित जानकारी आयोगलाई गराउने,
- निर्वाचनको पर्यवेक्षण गर्दा देखिएका लैङ्गिक हिंसाका घटनाहरूको समेत तथ्याङ्क सङ्कलन गरी प्रतिवेदनमा समावेश गर्ने,
- पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय सङ्घसंस्थाले मतदान कार्य समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तिस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा अनिवार्य रूपमा बुझाउनुपर्ने ।

५४२. निर्वाचन पर्यवेक्षकले पर्यवेक्षण गर्दा केकस्तो कर्तव्य पालना गर्नुपर्दछ ?

निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षणका सिलसिलामा पर्यवेक्षकले पालना गर्नुपर्ने कर्तव्य देहायबमोजिम तोक्ने गरेको छ :

- निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्ने,
- पर्यवेक्षण आचारसंहिताअन्तर्गत रही निर्वाचनसम्बन्धी विषयमा स्पष्ट हुने,
- आयोग वा मातहतका अधिकारीहरूबाट जारी गरिएको अधिकार क्षेत्रसम्बन्धी जानकारी लिने,
- निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवतजावत, संवेदनशील निर्वाचन सामग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्ने,
- निर्वाचनसम्बन्धी प्रक्रियाका विभिन्न चरणमा तोकिएअनुसार राजनीतिक दलहरूको सहभागिता रहे नरहेको विषयमा जानकारी लिने,

- निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासोबारे जानकारी लिने,
- मतदान केन्द्रभित्र प्रवेश गर्दा मतदान अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने,
- मतगणना स्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने,
- निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रियासम्बन्धी जानकारी लिने,
- पर्यवेक्षणका क्रममा आफूले प्राप्त गरेको अनुभव आदानप्रदान गर्ने,
- निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका राखेको स्थलको पर्यवेक्षण गर्न सक्ने ।

यसरी निर्वाचन पर्यवेक्षण गर्ने व्यक्तिले उल्लिखित कर्तव्य पालना गर्नुका अतिरिक्त पर्यवेक्षणका क्रममा कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई कुनै मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरि मतदाताहरूलाई स्वतन्त्रतापूर्वक मतदानबाट वञ्चित गर्ने कार्य आदि भएको देखेमा छिटो माध्यमबाट निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराउनुपर्दछ ।

५४३. पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले केकस्तो आचरण पालना गर्नुपर्छ ?

निर्वाचन आयोग ऐन, २०७३ द्वारा प्रत्यायोजित अधिकारबमोजिम निर्वाचन आयोगले बनाएको निर्वाचन आचारसंहिता, २०७२ (संशोधनसहित) ले निर्वाचनको पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण देहायबमोजिम तोकेको छ :

- विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषाभाषी, क्षेत्र र संस्कृतिको सम्मान गर्नुपर्ने,
- निष्पक्ष, तटस्थ र विश्वसनीय भएर पर्यवेक्षण गर्नुपर्ने,
- निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्न नहुने,
- पर्यवेक्षणका क्रममा आफ्नो पहिचान खुलाउनुपर्ने,
- उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिप्पणी गर्न नहुने ।

५४४. निर्वाचन पर्यवेक्षणको अनुमति कसरी दिइन्छ ?

निर्वाचन आयोग ऐन, २०७३ र प्रचलित अन्य निर्वाचन कानुनमा व्यवस्था भएअनुसार निर्वाचनको पर्यवेक्षण गर्न अनुमति दिने नदिने अधिकार निर्वाचन आयोगमा निहित रहन्छ । निर्वाचन पर्यवेक्षण गर्न राष्ट्रिय सङ्घसंस्थाहरूलाई अनुमति प्रदान गर्ने सन्दर्भमा देहायको प्रक्रिया पूरा गर्नुपर्छ :

- निर्वाचन पर्यवेक्षण अनुमतिका लागि निर्वाचन आयोगबाट सूचना प्रकाशन हुन्छ । सूचनाका आधारमा पर्यवेक्षण गर्न चाहने सङ्घसंस्थाहरूले तोकिएको ढाँचामा आयोगमा निवेदन पेस गर्नुपर्छ । निवेदन साथ प्राप्त कागजातहरू जाँचबुझ गर्दा कुनै कुरा स्पष्ट नभएमा त्यस्ता सङ्घसंस्थासँग थप विवरण माग गरिन्छ ।

- प्राप्त निवेदनमाथि निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाइले आवश्यक जाँचबुझ गरी निर्वाचन पर्यवेक्षण समितिमा पेस गर्दछ । निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाइले पेस गरेका निवेदनउपर निर्वाचन पर्यवेक्षण समितिले जाँचबुझ गरी आवश्यक प्रक्रिया पूरा गरेका सङ्घसंस्थालाई पर्यवेक्षण अनुमति दिन आयोगमा सिफारिस गर्दछ ।

- निर्वाचन पर्यवेक्षण समितिको सिफारिससमेतका आधारमा आयोगले पर्यवेक्षण अनुमति प्रदान गर्ने निर्णय गर्दछ । यस्तो निर्णयको जानकारी निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाइले सम्बन्धित सङ्घसंस्थाहरूलाई दिन्छ ।

- पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेका सङ्घसंस्थाले आफ्नो संस्थाबाट खटिने पर्यवेक्षकहरूलाई शपथग्रहण गराई उक्त शपथपत्र र नागरिकता प्रमाण पत्रको प्रतिलिपिसहित राष्ट्रिय पर्यवेक्षक परिचय पत्र प्राप्त गर्न निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाइमा अनुरोध गर्नुपर्छ । प्राप्त कागजात जाँचबुझ गर्दा उपयुक्त ठहरेमा एकाइले पर्यवेक्षकलाई राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलब्ध गराउँछ ।

- निर्वाचन पर्यवेक्षणको अनुमति प्राप्त राष्ट्रिय सङ्घसंस्थाले आफूले खटाउने पर्यवेक्षकहरूको अभिलेख विवरण निर्धारित ढाँचामा तयार गरी आयोगमा पेस गर्नुपर्छ ।

५४५. निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरूले बुझाउनुपर्ने पर्यवेक्षण प्रतिवेदनसम्बन्धी व्यवस्था कस्तो रहेको छ ?

निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाले मतदान कार्य समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन निर्वाचन अयोगसमक्ष बुझाउनुपर्छ । त्यसै गरी, मतदान कार्य समाप्त भएको तिस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा अनिवार्य रूपमा बुझाउनुपर्छ । निर्वाचन पर्यवेक्षण सङ्घसंस्थाहरूले पर्यवेक्षण गरेको अन्तिम प्रतिवेदन बुझाएपछि आयोगले त्यस्तो प्रतिवेदन प्राप्त भएको जानकारी सम्बन्धित सङ्घसंस्थालाई उपलब्ध गराउँदछ । निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण प्रतिवेदन पेस नगर्ने राष्ट्रिय संस्थाहरूलाई पछिल्ला निर्वाचनहरूमा पर्यवेक्षण अनुमति नदिने नीति आयोगको रहेको छ । आयोगले निर्वाचन पर्यवेक्षण प्रतिवेदनको अध्ययन गरी प्रतिवेदनले औँल्याएका असल अभ्यासहरूलाई निरन्तरता दिने तथा सुधार गर्नुपर्ने विषयमा नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्थाअनुसार सम्बोधन गर्दै लैजाने व्यवस्था मिलाउँदै आएको छ ।

५४६. राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षण र पर्यवेक्षकमा के भिन्नता रहेको छ ?

राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी निर्वाचन पर्यवेक्षण दुई किसिमका हुन्छन् । राष्ट्रिय सङ्घसंस्थाहरूबाट गरिने पर्यवेक्षणलाई राष्ट्रिय पर्यवेक्षण र अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिबाट गरिने पर्यवेक्षणलाई अन्तर्राष्ट्रिय पर्यवेक्षण भनिन्छ । राष्ट्रिय पर्यवेक्षणका लागि संस्थाहरूलाई मात्र अनुमति प्रदान गरिन्छ भने अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि व्यक्तिले पनि अनुमति प्राप्त गर्न सक्छन् । राष्ट्रिय पर्यवेक्षणका लागि इच्छुक संस्थाले आवेदन गर्नुपर्छ भने अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि अनुरोध वा आह्वान गरिन्छ । राष्ट्रिय पर्यवेक्षण र अन्तर्राष्ट्रिय पर्यवेक्षण अनुमति प्राप्त गर्ने आधार र प्रक्रियासमेत फरकफरक निर्धारण गरिएको हुन्छ ।

५४७. नेपालमा निर्वाचनसम्बन्धी पर्यवेक्षण गर्ने मुख्यमुख्य संस्थाहरू कुनकुन हुन् ?

नेपालमा प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८ र यसपछिका निर्वाचनमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले निर्वाचन पर्यवेक्षणसम्बन्धी कार्य गर्दै आएका छन् । वि.सं. २०४८ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा विभिन्न २० राष्ट्रका पर्यवेक्षकहरूबाट पर्यवेक्षण गरिएको थियो । वि.सं. २०५१ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा विभिन्न पाँच ओटा संस्थाका प्रतिनिधिहरूले निर्वाचन पर्यवेक्षण गरेको

पाइन्छ । त्यसै गरी प्रतिनिधि सभा सदस्य निर्वाचन २०५६ मा १०० जना अन्तर्राष्ट्रिय तथा १५०० जना राष्ट्रिय पर्यवेक्षकहरूले निर्वाचनको पर्यवेक्षण गरेका थिए । वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभाको निर्वाचनमा २८ ओटा अन्तर्राष्ट्रिय र १४८ ओटा राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षण गरेका थिए । अर्को संविविधान सभा निर्वाचन २०७० मा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचनको पर्यवेक्षण गरेका थिए । नेपालको संविधानअनुसार सङ्घीय संरचनाबमोजिम सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७४ को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाबाट पर्यवेक्षण गरिएको थियो । निर्वाचन पर्यवेक्षणको कार्यमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (NEOC), आम निर्वाचन पर्यवेक्षण समिति (GEOC), निर्वाचन पर्यवेक्षण मञ्च, लोकतन्त्र तथा निर्वाचन सरोकार नेपाल (DECON) आदि राष्ट्रिय निर्वाचन पर्यवेक्षण संस्थाका रूपमा कार्य गर्ने संस्थाहरू हुन् । द कार्टर सेन्टर, युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (EUEOM) र एसिया नेटवर्क फर फ्रि इलेक्सन (एन्फ्रेल) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले समेत नेपालमा विगतदेखि निरन्तर रूपमा निर्वाचन पर्यवेक्षणको कार्य गर्दै आएका छन् ।

परिच्छेद - ८

राजनीतिक वित्त र निर्वाचन खर्च

८.१	**राजनीतिक वित्त**	**३६५**
५४८.	राजनीतिक वित्त भन्नाले के बुझिन्छ ?	३६५
५४९.	राजनीतिक दलको वित्त भन्नाले के बुझिन्छ ?	३६५
५५०.	निर्वाचन प्रचारप्रसार वित्त भन्नाले केलाई जनाउँछ ?	३६६
५५१.	राजनीतिक दलको कोषमा केकस्ता रकम जम्मा हुन्छन् ?	३६६
५५२.	दललाई राज्यले आर्थिक सहयोग दिने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको पाइन्छ ?	३६७
५५३.	राजनीतिक दल तथा उम्मेदवारहरूलाई राज्यबाट अनुदान किन दिइन्छ ?	३६८
५५४.	राजनीतिक वित्तमा राज्य कोषबाट सहयोग गरिने विषयहरू केके हुन ?	३६९
५५५.	राजनीतिक वित्तको नियमन सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा केकस्तो व्यवस्था रहेको पाइन्छ ?	३६९
५५६.	राजनीतिक वित्तको नियमन किन आवश्यक छ ?	३७०
५५७.	राजनीतिक वित्त नियमनका सम्बन्धमा निर्वाचन सरोकारवालाको कस्तो भूमिका हुन्छ ?	३७१
५५८.	नेपालमा राजनीतिक दलको वित्तको नियमनसम्बन्धी कस्तो व्यवस्था रहेको छ ?	३७२
५५९.	राजनीतिक दलले आर्थिक सहयोग लिँदा केकस्तो प्रक्रियाबाट लिनुपर्दछ ?	३७२
५६०.	राजनीतिक दलले कुनकुन निकाय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिनुहुँदैन ?	३७३
५६१.	राजनीतिक दलको आर्थिक सहायताका विषयमा आयोगले कसरी जाँचबुझ गर्न सक्छ ?	३७४
५६२.	राजनीतिक दलको आय र व्ययको लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था कस्तो रहको छ ?	३७४
५६३.	निर्वाचन आयोगले राजनीतिक दलको लेखापरीक्षण प्रतिवेदन कसरी जाँचबुझ गर्दछ ?	३७४
५६४.	नेपालमा निर्वाचन प्रचारप्रसार वित्तसम्बन्धी कस्तो व्यवस्था रहेको छ ?	३७५
५६५.	राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण निर्वाचन समाप्त भएको कति दिनभित्र बुझाउनुपर्दछ ?	३७५
५६६.	निर्वाचन प्रचारप्रसारमा निर्धारित हदभन्दा बढी खर्च गरेमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ?	३७६

५६७. के राजनीतिक दल वा उम्मेदवारले पेस गरेको निर्वाचन प्रचारप्रसार खर्च सर्वसाधारणले हेर्न सक्छन् ? ३७७

५६८. केकस्ता कारणले राजनीतिक वित्तको नियमन प्रभावकारी नभएको हो ? ३७७

५६९. राजनीतिक वित्त र निर्वाचनको स्वच्छताबिच कस्तो अन्तर्सम्बन्ध रहेको हुन्छ ? ३७८

५७०. राज्य स्रोतको दुरुपयोग भनेको के हो ? ३७९

५७१. निर्वाचनका समयमा कसरी राज्य स्रोतको दुरुपयोग हुन सक्छ ? ३७९

५७२. निर्वाचनका समयमा राज्य स्रोत दुरुपयोगको नियमन कसरी गरिनुपर्दछ ? ३८०

५७३. निर्वाचन अवधिका चरणमा राजनीतिक वित्तको अवस्था कस्तो हुन्छ ? ३८१

५७४. निर्वाचनपूर्व र पश्चात्को चरणमा राजनीनिक वित्तको अवस्था कस्तो हुन्छ ? ३८२

५७५. राजनीतिक वित्त सम्बन्धमा आमसञ्चारको भूमिका कस्तो हुनुपर्दछ ? ३८२

८.२ निर्वाचन खर्च ३८३

५७६. निर्वाचन खर्च भनेको के हो ? ३८३

५७७. निर्वाचन सञ्चालन र व्यवस्थापन खर्च भनेको के हो ? ३८४

५७८. निर्वाचन सुरक्षा खर्च भनेको के हो ? ३८४

५७९. राजनीतिक दल वा उम्मेदवारको निर्वाचन खर्च भनेको के हो ? ३८५

५८०. निर्वाचन प्रचारप्रसार खर्चको हद तोक्नेसम्बन्धी केकस्तो कानुनी व्यवस्था रहेको छ ? ३८५

५८१. निर्वाचनमा आयोगले तोकेको खर्च सीमाभित्र मात्र रही खर्च गर्न दल र उम्मेदवारलाई कसरी जिम्मेवार बनाउन सकिन्छ ? ३८७

५८२. स्थानीय तह निर्वाचन, २०७४ मा उम्मेदवारले प्रचारप्रसारका लागि खर्च गर्न पाउने रकमको हदसम्बन्धमा कस्तो व्यवस्था गरिएको थियो ? ३८७

५८३. वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि खर्चको सीमा कति तोकिएको थियो ? ३८८

५८४. निर्वाचित प्रतिनिधिले आफ्नो सम्पत्ति विवरण पद धारण गरेको मितिले कति दिनभित्र पेस गर्नुपर्छ ? ३८९

परिच्छेद - ८
राजनीतिक वित्त र निर्वाचन खर्च

८.१ राजनीतिक वित्त

५४८. राजनीतिक वित्त भन्नाले के बुझिन्छ ?

राजनीतिक दललाई आफ्नो विचार, सिद्धान्त र कार्यक्रम जनसमक्ष लैजान तथा दलले आन्तरिक व्यवस्थापन, कार्यालय सञ्चालन, सङ्गठन विस्तार, अध्ययन, अनुसन्धान एवम् निर्वाचनको प्रचारप्रसारको अभियान सञ्चालन गर्न वित्तीय स्रोत आवश्यक पर्दछ । समष्टिगत रूपमा दलको सञ्चालन एवम् व्यवस्थापनमा हुने नियमित आयव्यय तथा निर्वाचनका समयमा दल र उम्मेदवारले गर्ने आम्दानी र खर्चलाई राजनीतिक वित्त भनिन्छ । यसरी राजनीतिक वित्तले निर्वाचनका समयमा दल एवम् उम्मेदवारले गर्ने आयव्यय तथा अन्य समयमा राजनीतिक दलले नागरिक तथा सरोकारवालाहरूसँग निरन्तर संवाद कायम राख्न, सदस्यता विस्तार गर्न, राजनीतिक कार्यक्रम सञ्चालन गर्न, दलको स्थानीयदेखि केन्द्रीय तहसम्मका कार्यालय, कार्यक्रम तथा गतिविधि सञ्चालन गर्नका लागि गरिने आयव्ययलाई समेत समेट्छ । राजनीतिक वित्तको उपयुक्त व्यवस्थापन र नियमन गर्न सकेमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न भई शासकीय प्रणालीमा गैरराजनीतिक प्रभावलाई घटाउन, भ्रष्टाचारजन्य क्रियाकलापलाई न्यूनीकरण गर्न, सदाचारिता प्रवर्द्धन गर्न र सुशासन स्थापना गर्न सहज हुन्छ । राजनीतिक वित्तलाई राजनीतिक दलको वित्त र निर्वाचन प्रचारप्रसार वित्त गरी दुई भागमा वर्गीकरण गरिएको हुन्छ ।

५४९. राजनीतिक दलको वित्त भन्नाले के बुझिन्छ ?

राजनीतिक दल सञ्चालन र व्यवस्थापनका लागि दलले गर्ने सम्पूर्ण आयव्ययलाई राजनीतिक दलको वित्त भनिन्छ । राजनीतिक दलको वित्तअन्तर्गत आयतर्फ दलले वार्षिक रूपमा के कुन शीर्षकबाट के कति आम्दानी गऱ्यो भन्ने विषय र खर्चतर्फ दलदर्ता, अध्ययन अनुसन्धान, राजनीतिक भ्रमण, राजनीतिक संवाद, सदस्यता विस्तार र वितरण, राजनीतिक कार्यक्रम, राजनीतिक गतिविधि र क्रियाकलाप, दलको बैठक, सम्मेलन तथा अधिवेशन, दलले गर्ने सहयोगलगायत दलका नियमित कार्यहरूमा हुने

खर्चहरू पर्दछन् । यसर्थ राजनीतिक दलको वित्तले दलका सम्पूर्ण आयव्ययलाई जनाउँदछ । राजनीतिक दलले वर्षभरि भएको आयव्ययसहितको विवरणको लेखापरीक्षकबाट लेखापरीक्षण गराई सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्दछ । विश्वका अधिकांश मुलुकमा राजनीतिक वित्त र प्रचारप्रसार वित्तलाई अलगअलग रूपमा छुट्याई व्याख्या गर्ने गरको पाइँदैन । संयुक्त राज्य अमेरिकाले दलको नियमित खर्चलाई राजनीतिक वित्तका रूपमा लिएको पाइन्छ । नेपालमा दलको नियमित आयव्ययको वार्षिक लेखा परीक्षण गरी प्रत्येक वर्ष आयोगमा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहेकाले दलको वित्तलाई दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसार वित्तबाट छुट्याइएको देखिन्छ ।

५५०. निर्वाचन प्रचारप्रसार वित्त भन्नाले केलाई जनाउँछ ?

सामान्य अर्थमा निर्वाचन प्रचारप्रसार वित्त भन्नाले दल तथा उम्मेदवारले निर्वाचन अवधिमा गर्ने आय र व्ययलाई जनाउँछ । राजनीतिक दलले चुनावी अभियानमा आफ्नो विचार, सिद्धान्त र कार्यक्रम जनता एवम् मतदातासमक्ष लैजान दल तथा उम्मेदवारले निर्वाचन प्रयोजनका निम्ति आफ्नो कार्यालय स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न, कार्यक्रम सञ्चालन र प्रचारप्रसार गर्न, दल तथा उम्मेदवारका निर्वाचन प्रचारप्रसार सामग्री निर्माण गर्न, सभा सम्मेलन सञ्चालन गर्न, यातायात व्यवस्था तथा कार्यकर्ता परिचालनलगायतका शीर्षकमा गर्ने खर्चलाई निर्वाचन प्रचारप्रसार वित्त भन्ने गरिन्छ । निर्वाचनका अवधिमा राजनीतिक दल, उम्मेदवार तथा तिनका कार्यकर्ताले दल र उम्मेदवारका लागि चुनावी अभियानमा गरेको खर्च निर्वाचन प्रचारप्रसार वित्तअन्तर्गत पर्दछ । यसरी निर्वाचनका अवधिमा विशुद्ध चुनावी कार्यक्रममा गरिएको आम्दानी र खर्च निर्वाचन प्रचारप्रसार वित्त हो । नेपालमा निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार वित्त व्यवस्थापन तथा नियमनका निम्ति निर्वाचन खर्चको सीमा र आचारसंहिता तर्जुमा गरी कार्यान्वयन गरेको छ । यसरी दल तथा उम्मेदवारले निर्वाचनका अवधिमा गरेको खर्चको लेखापरीक्षण गरी अन्तिम परिणाम सार्वजनिक भएका मितिले तोकिएको समयावधिभित्र निर्वाचन आयोग वा आयोगले तोकेको कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ ।

५५१. राजनीतिक दलको कोषमा केकस्ता रकम जम्मा हुन्छन् ?

विश्वका सबैजसो लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक वित्तसम्बन्धी व्यवस्थालाई कानुनद्वारा निर्देशित गरिएको हुन्छ । राजनीतिक दलसम्बन्धी कानुन र सम्बन्धित दलको विधानमा भएको व्यवस्थाबमोजिम राजनीतिक दल सञ्चालन र व्यवस्थापनका लागि दलले मुख्यतया सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क वा सदस्यबाट

विधानबमोजिम नियमित रूपमा प्राप्त सहयोग रकम तथा कानुनबमोजिम प्राप्त गर्ने स्वेच्छिक आर्थिक सहयोग नै दलको प्रमुख आर्थिक स्रोतका रूपमा रहेको हुन्छ । त्यसै गरी दलले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम, दलको कुनै प्रकाशनबाट प्राप्त रकम, दलको चलअचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम, दलको कोषमा रहेको रकमबापत बैङ्कबाट प्राप्त ब्याज आदि शीर्षकबाट समेत दलको कोषमा रकम जम्मा हुन्छ । कतिपय मुलुकमा राज्यले समेत दललाई निश्चित मापदण्डका आधारमा तोकिएअनुसारको रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको हुन्छ । यसरी राजनीतिक दलको नियमित स्रोत, नियमअनुसार प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोग र राज्य कोषबाट उपलब्ध हुने रकमसमेत राजनीतिक दलको आम्दानीका रूपमा कोषमा जम्मा हुन सक्ने देखिन्छ ।

५५२. दललाई राज्यले आर्थिक सहयोग दिने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको पाइन्छ ?

राजनीतिक वित्तलाई नियमित, पारदर्शी, व्यवस्थित र निर्वाचन खर्चलाई नियमन गर्न तथा राजनीतिक दल र राज्यबिचको अन्तर सम्बन्धलाई जिम्मेवार र जवाफदेही बनाउन राज्यबाट दलहरूलाई निश्चित आधार र मापदण्डबमोजिम वित्तीय सहयोग गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ । यस सन्दर्भमा अस्ट्रेलिया, ग्वाटेमाला, स्विडेन, दक्षिण अफ्रिका, जर्मनी, फ्रान्स, डेनमार्क आदि देशहरूमा आवश्यक कानुनी व्यवस्थासहित राजनीतिक दललाई राज्य कोषबाट वित्तीय सहयोग प्रदान गर्ने व्यवस्था भएको देखिन्छ । अस्ट्रेलियाको कानुनबमोजिम राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले प्रतिनिधि सभा वा सिनेटको निर्वाचनमा चार प्रतिशतभन्दा बढी पहिलो प्राथमिकताको मत प्राप्त गरेका आधारमा तोकिएको विधिबमोजिम गणना भई हुन आउने रकम सार्वजनिक अनुदानका रूपमा प्रदान गरिने व्यवस्था रहेको छ । ग्वाटेमालामा राष्ट्रपतीय निर्वाचनमा कम्तीमा चार प्रतिशतभन्दा बढी सदर मत प्राप्त गर्ने दललाई सार्वजनिक अनुदान दिने व्यवस्था रहेको छ । स्विडेनको अभ्यास हेर्ने हो भने पछिल्लो निर्वाचनमा दलले प्राप्त गरेको जम्मा मत र सो दलको जम्मा निर्वाचित सिट सङ्ख्याका आधारमा सार्वजनिक अनुदान दिने व्यवस्था रहेको छ । तर उक्त दलले नाम नखुलेका कुनै दाताबाट सहयोग प्राप्त गरेमा भने सार्वजनीक अनुदान नदिने उल्लेख गरिएको छ । दक्षिण अफ्रिकाको कानुनबमोजिम राष्ट्रिय सभा वा प्रदेश सभा वा दुबैमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई राज्यको राजनीतिक दल कोषबाट सार्वजनिक अनुदान दिने व्यवस्था छ तर नगर सभामा मात्र प्रतिनिधित्व गर्ने वा कुनै पनि सभामा प्रतिनिधित्व नगर्ने राजनीतिक दललाई भने

सार्वजनिक अनुदानको व्यवस्था गरिएको छैन । जर्मनी, फ्रान्स, डेनमार्कलगायतका केही राष्ट्रहरूले राजनीतिक दलले आफूले पेस गरेको आम्दानी तथा खर्च विवरण तोकिएको सार्वजनिक संस्थाबाट लेखापरीक्षण गरी (external audit) सोको सार्वजनिकीकरण गरेपश्चात् मात्र सार्वजनिक अनुदानका लागि योग्य हुने व्यवस्था गरेका छन् ।

५५३. राजनीतिक दल तथा उम्मेदवारहरूलाई राज्यबाट अनुदान किन दिइन्छ ?

लोकतन्त्रमा राजनीतिक प्रणालीको सुदृढीकरण तथा स्वच्छ र निष्पक्ष निर्वाचनका लागि सार्वजनिक अनुदान दिने प्रचलन रहेको पाइन्छ । राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्वतन्त्रताको प्रत्याभूति दिन, दलको साङ्गठनिक संरचना र क्षमतामा सुधार गर्न, दलहरूलाई राज्यप्रतिको दायित्व बोध गराउन र सीमित स्रोत भएका उम्मेदवारहरू पनि राजनीतिमा सहभागी बन्न सक्ने गरी बृहत्तर समतालाई सुनिश्चित गर्न सार्वजनिक अनुदान दिइन्छ । राजनीतिक दल तथा उम्मेदवारहरूलाई निर्वाचनमा प्रचारप्रसारका लागि अनुदान दिँदा विभिन्न मुलुकहरूमा विभिन्न आधारहरू अपनाइएको पाइन्छ । सामान्यतया राजनीतिक दलले प्राप्त गरेको जम्मा सिट सङ्ख्या वा संसद्मा प्रतिनिधित्व गर्ने जम्मा सङ्ख्या वा निर्वाचनमा दलका तर्फबाट उम्मेदवारी दिएको सङ्ख्याका आधारमा सार्वजनिक अनुदानको योग्यता तय गर्ने गरिएको पाइन्छ । त्यस्तै तोकिएको योग्यता पूरा गर्ने दललाई कसरी सार्वजनिक अनुदान बाडँफाँट गर्ने भन्ने सम्बन्धमा पनि विभिन्न आधारहरू लिइएको पाइन्छ । उदाहरणका लागि सबै राजनीतिक दललाई समान रूपमा सार्वजनिक अनुदान प्रदान गर्ने वा जम्मा सदर मत प्राप्त गरेका आधारमा वा जितेको सिट सङ्ख्याका आधारमा वा दलले निर्वाचनमा उम्मेदवार उठाएको सङ्ख्याका आधारमा सार्वजनिक अनुदान प्रदान गर्ने गरको पाइन्छ । यस्तो अनुदान कस्तो समयमा दिने भन्ने सन्दर्भमा पनि राष्ट्रहरूबिच एकरूपता पाइँदैन । केही राष्ट्रले वार्षिक रूपमा निरन्तर बाडँफाँट गर्ने गरेका छन् भने केहीले निर्वाचनअघि वा निर्वाचन सम्पन्न भएपश्चात् निर्वाचनको परिणामका आधारमा अनुदान दिने गरेका छन् । नेपालका सन्दर्भमा आर्थिक वर्ष २०६०/०६१ को बजेटमार्फत अपारदर्शी चन्दा सङ्कलनको सम्भावनाबाट राजनीतिक दलहरूलाई मुक्त गर्न चुनाव हुने समयअगाडि दलहरूलाई सरकारले अनुदान उपलब्ध गराउने नीति लिएको थियो । यसका लागि निर्वाचन आयोगमा दर्ता रहेका राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरूलाई लगत्तै अघिल्लो प्रतिनिधि सभाको निर्वाचनमा प्राप्त गरेको मतका आधारमा प्रति मत रु. २०।- का दरले अनुदान दिने व्यवस्था गरिएको भए तापनि हालसम्म कार्यान्वयन हुन सकेको देखिँदैन ।

५५४. राजनीतिक वित्तमा राज्य कोषबाट सहयोग गरिने विषयहरू केके हुन ?

विशेषत दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारका लागि राज्य कोषबाट वित्तीय सहयोग गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ । राज्य कोषबाट वित्तीय सहयोग प्रदान गर्नुको प्रमुख उद्देश्य निर्वाचनमा सहभागिताका लागि पहुँच सिर्जना गर्दै स्वच्छ र स्वतन्त्र निर्वाचन सम्पन्न गर्नु नै रहेको हुन्छ । राजनीतिक वित्तमा राजनीतिक दल वा उम्मेदवारलाई सार्वजनिक वा सरकारी कोषबाट विभिन्न विषय र शीर्षकमा सहयोग गरिने तथा विभिन्न छुटलगायतका सुविधा प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । यसअनुसार राज्य कोषबाट राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारका लागि प्रदान गरिने सार्वजनिक अनुदान, राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचनको प्रचारप्रसार गर्न सञ्चार माध्यममा निश्चित समय निःशुल्क उपलब्ध गराउने वा सञ्चार माध्यममा प्रसारणका लागि अनुदानको व्यवस्था, करमा छुट तथा राहत वा वस्तुगत अनुदान, राजनीतिक दल वा उम्मेदवारलाई परिसंवादलगायतका कार्यक्रम सञ्चालन गर्न सहयोग आदि विषय क्षेत्रमा अनुदान वा सहयोग उपलब्ध गराउने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ ।

५५५. राजनीतिक वित्तको नियमन सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा केकस्तो व्यवस्था रहेको पाइन्छ ?

राजनीतिमा पैसा वा राजनीतिक वित्तको प्रयोगले नकारात्मक असर नपरोस भनी यसको नियन्त्रणका लागि कानुनद्वारा नै व्यवस्था गरिएको हुन्छ । विभिन्न देशको अनुभवलाई हेर्दा राजनीतिक वित्तको नियमन देहायबमोजिम गरिएको पाइन्छ :

- उम्मेदवारी दिँदा पालना गर्नुपर्ने वित्तीय सर्त निर्धारण गर्ने,
- वित्तीय प्रतिवेदनहरू प्रकाशन गर्न लगाउने,
- आम्दानी र खर्चका केही निर्दिष्ट स्वरूपहरूमा प्रतिबन्ध लगाउने,
- सहयोग र खर्चको सीमा निर्धारण गर्ने,
- राज्यका स्रोत साधनहरूको समान रूपमा उपयोग गर्ने विषय कानुन एवम् निर्वाचन कानुनमा समावेश गर्ने,

- मत किनबेच तथा मतदातालाई प्रभावित पार्ने अमर्यादित क्रियाकलापलाई प्रतिबन्धित गर्ने,
- दल तथा उम्मेदवारले निर्वाचनमा गरिएको आम्दानी र खर्चका सम्बन्धमा निर्वाचन सम्पन्न भएपश्चात् सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गर्ने,
- राज्यको स्रोत साधन कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्षमा दुरुपयोग भएको छैन भनी सुनिश्चित गर्ने,
- निर्वाचनसम्बन्धी कानुन, निर्वाचन आचारसंहिता, निर्वाचन कसुर र सजायको प्रभावकारी कार्यान्वयन गर्ने ।

५५६. राजनीतिक वित्तको नियमन किन आवश्यक छ ?

राजनीतिक दलले आफ्ना विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न, सङ्गठन, नीति तथा कार्यक्रमको व्यवस्थापन तथा निर्वाचनका अवधिमा प्रचारप्रसारको व्यवस्थापन र सञ्चालन गर्न वित्तीय स्रोतको आवश्यकता पर्दछ । राजनीतिक दलहरूलाई आवश्यक पर्ने वित्तीय स्रोत दलहरूले सम्बन्धित मुलुकको कानुनले तोकिदिएका आधारमा विभिन्न शीर्षक र क्षेत्रबाट प्राप्त गर्दछन् । यसरी राजनीतिक क्रियाकलाप सञ्चालन गर्नका लागि प्राप्त हुने पैसा अर्थात् राजनीतिक वित्तलाई व्यवस्थित तथा पारदर्शी बनाउन राजनीतिक वित्तको नियमन गरिनुपर्दछ । त्यसै गरी निर्वाचनमा मतदाताको मतको किनबेच रोक्न, मतदातालाई पैसा र शक्तिका आधारमा प्रभाव पार्नबाट रोक्न, प्रचलित कानुनले निषेध गरेका व्यक्ति र संस्थाबाट आर्थिक सहयोग लिन नदिन, दल र उम्मेदवार वा आफ्नो प्रतिनिधिबाहेक अन्य व्यक्तिबाट आफ्ना निम्ति खर्च गराउनबाट रोक्न तथा तोकेको हदभन्दा बढी खर्च गर्न रोक लगाउन, तोकिएको कोषमा रकम जम्मा नगरी खर्च गर्न नदिन राजनीतिक वित्तको नियमन गर्नुपर्दछ । यसबाट दलको कोष सञ्चालनसम्बन्धी विधि र प्रक्रियाको पालना गराउन सहज हुनुका साथै सबै दल तथा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारमा समान अवसर दिलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने उपयुक्त वातावरण तयार गर्न सकिन्छ ।

५५७. राजनीतिक वित्त नियमनका सम्बन्धमा निर्वाचन सरोकारवालाको कस्तो भूमिका हुन्छ ?

राजनीतिक वित्तको नियमन गर्न नागरिक समाज, सञ्चार माध्यम, पर्यवेक्षण गर्न अनुमति प्राप्त संस्थालगायतका निर्वाचन सरोकारवालाहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । राजनीतिक वित्त नियमनमा सरोकारवालाहरूको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- राजनीतिक वित्त नियमनका सम्बन्धमा बहस पैरवी गर्ने,
- नागरिक सचेतना अभिवृद्धि गर्ने,
- नियमनको प्रभावकारिताको रचनात्मक मूल्याङ्कन गर्ने,
- राजनीतिक वित्तको पारदर्शिताका विषयमा वकालत तथा जनमत तयार गर्ने,
- दलहरूको जिम्मेवारी र उत्तरदायित्वप्रति नागरिक स्तरबाट नियमन गर्ने,
- राजनीतिक वित्तसम्बन्धी प्रकाशित विवरणहरूको विश्लेषण गर्ने,
- राजनीतिक वित्तसम्बन्धी सुधारका पक्षहरूका बारेमा वकालत गर्ने,
- राजनीतिक दल तथा उम्मेदवारका व्यवहार वा आचरणको नागरिक अनुगमन गर्ने,
- राज्य स्रोतहरूको दुरुपयोगसम्बन्धमा निगरानी गर्ने,
- निर्वाचन तथा अन्य सम्बद्ध कानुनमा उल्लिखित राजनीतिक वित्तको व्यवस्थाको पालना र उल्लङ्घनका विषयमा निगरानी गर्ने,
- निर्वाचनमा हुन सक्ने शक्ति, सत्ता, सञ्चार र सम्पत्तिको सम्भावित दुरुपयोग नियन्त्रण गर्न नागरिक निगरानीमार्फत सूचना आदानप्रदान गर्ने ।

५५८. नेपालमा राजनीतिक दलको वित्तको नियमनसम्बन्धी कस्तो व्यवस्था रहेको छ ?

नेपालको संविधानको धारा २७१ मा निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता हुँदा अनिवार्य रूपमा वार्षिक लेखा परीक्षण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दलले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको वास्तविक हिसाब किताबको कानुनबमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई आयोगमा लेखा परीक्षण प्रतिवेदन बुझाउनुका साथै आयोगमा लेखापरीक्षण प्रतिवेदन पेस गरेका मितिले एक महिनाभित्र दलले आफ्नो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन खर्चको विवरण आयोगले तोकेको ढाँचामा खर्चको बिल भरपाईसहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने र यसरी पेस भएको निर्वाचन खर्चको विवरणमा आयोगले लेखापरीक्षण गराउन सक्ने प्रावधान रहेको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनुपर्ने र सो विवरण सम्बन्धित सबैको जानकारीका लागि आयोगले तोकेबमोजिम सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । निर्वाचनसम्बन्धी कानुनले निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण आयोगले तोकेको ढाँचामा राख्नुपर्ने र निर्वाचनको अन्तिम मत परिणाम सार्वजनिक भएको मितिले तोकिएको समयावधिभित्र आयोग वा आयोगले तोकेको कार्यालयसमक्ष प्रतिवेदन बुझाउनुपर्ने कानुनी व्यवस्था गरेको छ ।

५५९. राजनीतिक दलले आर्थिक सहयोग लिँदा केकस्तो प्रक्रियाबाट लिनुपर्दछ ?

राजनीतक दलले आर्थिक सहयोग लिँदा र खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम पच्चिस हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्किङ चेक वा बैङ्किङ ट्रान्सफरमार्फत मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । यसै गरी राजनीतिक दलले सहयोग प्राप्त गर्दा त्यसको रसिद दिनुपर्ने, आर्थिक सहयोग प्राप्त गर्दा व्यक्तिगत फाइदा प्राप्त गर्ने सर्तमा लिन दिन नहुने र सहयोग लिँदा सो सहयोगको स्रोत खुलाउनुपर्ने कानुनी व्यवस्था छ । राजनीतिक दलले सहयोग लिन मिल्ने कार्यालय, सङ्घसंस्था वा व्यक्तिबाट स्वेच्छिक आर्थिक सहयोग लिन सक्ने, सहयोग लिँदा तोकिएको सीमाभित्र रही लिनुपर्ने, सहयोग लिएको रकमको स्रोत खुलाउनुपर्ने व्यवस्था छ । राजनीतिक दललाई सहयोग दिने व्यक्ति वा संस्थाको नाम, थर, ठेगाना, पेसा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिइएको स्रोत खुलाउनुपर्ने, सहयोग गरिएको रकममा कर लाग्ने

वा नलाग्ने कुराहरू खुलाएर मात्र लिनुपर्ने तथा यसरी लिएको सहयोगको सो विवरणको अभिलेखसमेत राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

५६०. राजनीतिक दलले कुनकुन निकाय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिनुहुँदैन ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दललाई नेपाली नागरिक वा सङ्गठित संस्थाले स्वेच्छिक आर्थिक सहयोग गर्न सक्ने व्यवस्था गरेको छ । तर सबै निकाय, संस्था वा व्यक्तिसँग राजनीतिक दलले आर्थिक सहयोग लिन सक्दैनन् । यसरी गरिएको व्यवस्थाबमोजिम राजनीतिक दलले देहायका निकाय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिनुहुँदैन :

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै पनि निकाय वा कार्यालय,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था,
- सर्वसाधारणको सेयर रहेको पब्लिक लिमिटेड कम्पनी,
- कुनै सरकारी वा सामुदायिक विश्वविद्यालय, क्याम्पस, विद्यालय वा प्राज्ञिक वा शैक्षिक संस्था,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था,
- विदेशी सरकार, संस्था वा व्यक्ति,
- नाम नखुलेका व्यक्ति वा संस्था,
- आयोगले तोकेका अन्य संस्था ।

५६१. राजनीतिक दलको आर्थिक सहायताका विषयमा आयोगले कसरी जाँचबुझ गर्न सक्छ ?

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम कुनै दलले लिन नहुने स्वेच्छिक आर्थिक सहयोगको रकम प्राप्त गरेको प्रमाणसहितको उजुरी परेमा वा अन्य कुनै स्रोतबाट आयोगले जानकारी प्राप्त गरेमा वा दलले त्यस्तो रकम प्राप्त गरेको छ भनी विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा जाँचबुझ गर्न सक्ने व्यवस्था छ । जाँचबुझबाट दलले त्यसरी गैरकानुनी तबरले रकम प्राप्त गरेको देखिएमा आयोगले त्यस्तो रकम आयोगमा दाखिला गर्न सम्बन्धित राजनीतिक दललाई आदेश दिन सक्ने कानुनी प्रावधान रहेको छ । यसरी आयोगले आदेश दिएकामा सम्बन्धित दलले आदेश प्राप्त भएको मितिले तिस दिनभित्र त्यस्तो रकम आयोगमा दाखिला गर्नुपर्छ र त्यसरी प्राप्त भएको रकम आयोगले पन्ध्र दिनभित्र सञ्चित कोषमा दाखिला गर्नुपर्दछ भन्ने कानुनी व्यवस्था रहेको छ । तोकिएको अवधिभित्र रकम दाखिला नगरेमा आयोगले सो दलबाट त्यस्तो रकम दाखिला गराई दश हजार रुपैयाँ जरिवाना गर्न सक्ने प्रावधान छ ।

५६२. राजनीतिक दलको आय र व्ययको लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था कस्तो रहको छ ?

राजनीतिक दलले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कानुनबमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट आफ्नो आय र व्ययको लेखापरीक्षण गराउनुपर्छ । लेखापरीक्षण प्रतिवेदनमा स्थिर पुँजी, चालु पुँजी, आयव्यय, बैङ्क मौजदात र आयोगले समयसमयमा निर्देशन दिएका विषयहरूको विवरण उल्लेख गर्नुपर्छ । विवरणसहित उल्लेख भएको लेखापरीक्षण प्रतिवेदन त्यस्तो लेखापरीक्षण भएको एक महिनाभित्र आयोगमा पेस गर्नुपर्छ । त्यसै गरी सो प्रतिवेदन आयोगमा पेस गरेको मितिले एक महिनाभित्र सम्बन्धित दलले सार्वजनिक गरिसक्नुपर्नेछ । लेखा परीक्षण प्रतिवेदन पेस नगर्ने दललाई आयोगले स्पष्टीकरण सोध्न सक्ने व्यवस्था छ ।

५६३. निर्वाचन आयोगले राजनीतिक दलको लेखापरीक्षण प्रतिवेदन कसरी जाँचबुझ गर्दछ ?

राजनीतिक दलले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखापरीक्षण कानुनबमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट गराई एक महिनाभित्र आयोगमा पेस गर्नुपर्दछ । राजनीतिक दलले लेखापरीक्षण प्रतिवेदन आयोगमा पेस

गरिएको मितिले एक महिनाभित्र सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्दछ । यसरी आयोगमा पेस भएको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा आयोगले आवश्यकताअनुसार जाँच गराउन सक्ने व्यवस्था छ । आयोगमा पेस भएको कुनै दलको लेखापरीक्षण प्रतिवेदन जाँच गर्न आवश्यक देखिएमा आयोग आफैँले वा कुनै अधिकारीलाई तोकी त्यस्तो दलको लेखापरीक्षण प्रतिवेदन जाँचबुझ गर्न सक्दछ । आयोगले आफैँ वा कुनै पदाधिकारी तोकी दलको लेखापरीक्षण प्रतिवेदन जाँचबुझ गर्ने सिलसिलामा सम्बन्धित दलबाट कुनै विवरण वा कागजात माग गर्न सक्ने एवम् त्यस्तो विवरण वा कागजात तोकिएको अवधिभित्र सम्बन्धित राजनीतिक दलले पेस गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ ।

५६४. नेपालमा निर्वाचन प्रचारप्रसार वित्तसम्बन्धी कस्तो व्यवस्था रहेको छ ?

राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहको सदस्य पदमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा उम्मेदवारले र प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा राजनीतिक दल तथा उम्मेवारले निर्वाचनमा आफ्नो प्रचारप्रसार गर्नका लागि खर्च गर्न पाउने गरी निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको रकमलाई निर्वाचन प्रचारप्रसार खर्च भनिन्छ । यसरी तोकिएको निर्वाचन खर्च नै नेपालका सन्दर्भमा निर्वाचन प्रचारप्रसार वित्त हो । निर्वाचन प्रचारप्रसार खर्चको मापदण्ड निर्वाचन आयोगले निर्धारण गर्दछ । सबै तहका निर्वाचनका लागि निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचारप्रसार खर्चको हद तोक्ने व्यवस्था छ । यसरी तोकिदिएको सीमाभन्दा बढी खर्च गर्न नहुने र निर्वाचनको अन्तिम मत परिणाम सार्वजनिक भएपश्चात् दल तथा उम्मेदवारले प्रचारप्रसार वित्तको लेखापरीक्षण सम्पन्न गरी तोकिएको समयावधिभित्रै आयोग वा आयोगले तोकेको कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने कानुनी व्यवस्था छ ।

५६५. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण निर्वाचन समाप्त भएको कति दिनभित्र बुझाउनुपर्दछ ?

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन खर्चको सीमा आयोगले निर्धारण गरिदिएबमोजिम हुने व्यवस्था गरेअनुरूप निर्वाचन आयोगले विभिन्न तहका निर्वाचनका लागि निर्वाचन खर्चको सीमा निर्धारण गर्ने गरेको छ । यसरी निर्धारण गरिएको खर्चको

सीमालाई निर्वाचन आचारसंहितासँग समेत आबद्ध गरी आयोगले नियमन गर्ने गर्दछ । दल तथा उम्मेदवारले आयोगले निर्धारण गरिदिएको सीमामा रही निर्वाचन खर्च गर्नुपर्ने र यसरी गरिएको निर्वाचन खर्च लेखापरीक्षण गरी गराई देहायबमोजिम समयावधिभित्र आयोग वा आयोगले तोकेको कार्यालयमा बुझाउनुपर्दछ :

- स्थानीय तहको निर्वाचनको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले तिस दिनभित्र आयोग वा आयोगले तोकेको कार्यालयमा,
- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतिस दिनभित्र आयोगमा,
- राष्ट्रिय सभा सदस्य निर्वाचनको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले तिस दिनभित्र आयोगमा,
- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले तिस दिनभित्र आयोगमा ।

५६६. निर्वाचन प्रचारप्रसारमा निर्धारित हदभन्दा बढी खर्च गरेमा केकस्तो सजाय हुने कानुनी व्यवस्था छ ?

निर्वाचन खर्चको विवरण निर्धारण गरिएको ढाँचामा बिल भर्पाइसहित आयोग वा आयोगले तोकेको कार्यालयमा तोकिएको समयभित्र बुझाउनुपर्ने दायित्व राजनीतिक दल वा उम्मेदवारको हो । समयमा निर्वाचन खर्चको विवरण नबुझाउने वा निर्धारित हदभन्दा बढी खर्च गर्ने दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा निर्धारित खर्च जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्दछ । राजनीतिक दल वा उम्मेदवारले बुझाएको खर्चको विवरण आयोगले मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउन सक्दछ । लेखा परीक्षण गराउँदा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल एवं गैरकानुनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबर रकम जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ । आयोगले यसरी गरेको जरिवाना छ महिनासम्म नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालैदेखि लागु हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्छ । तर यस्तो जरिवाना गर्ने गरी निर्णय गर्नुपूर्व आयोगले सम्बन्धित दल वा व्यक्तिलाई आफ्नो सफाइ पेस गर्न मनासिब

मौका दिनुपर्दछ । साथै आयोगले कुनै दल वा उम्मेदवारलाई यसबमोजिम जरिवाना गर्ने गरी निर्णय गरेका हकमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुनेसमेत कानुनी व्यवस्था रहको छ ।

५६७. के राजनीतिक दल वा उम्मेदवारले पेस गरेको निर्वाचन प्रचारप्रसार खर्च सर्वसाधारणले हेर्न सक्छन् ?

निर्वाचन आयोग ऐन, २०७३ ले दल तथा उम्मेदवारले निर्वाचनमा गरेको खर्चसम्बन्धी विवरण तोकिएको ढाँचामा राखी निर्वाचन सम्पन्न भएपछि उक्त खर्चको दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गरी सम्बन्धित निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले तोकिएको समयावधिभित्र आयोगमा पेस गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी पेस भएको खर्चको विवरणमा दल तथा उम्मेदवारले निर्वाचन आयोगले तोकेको खर्च शीर्षकसहितको सीमा र निर्वाचन खर्च विवरणको ढाँचाअनुरूप कुनकुन शीर्षकमा के कति कार्य भयो र सोका निम्ति कति रकम खर्च भयो भन्ने व्यहोरा खुल्ने गरी खर्च विवरण भरी पेस गर्नुपर्दछ । राजनीतिक दल तथा उम्मेदवारले आयोगमा पेस गरेको निर्वाचन खर्चसम्बन्धी विवरणमा आयोगले आवश्यकताअनुसार जाँचबुझ गर्न तथा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्न कानुनले बन्देज गरेको देखिँदैन । त्यसैले नागरिकको सूचनाको हकअन्तर्गत प्रचलित कानुनको अधीनमा रही आयोगले यस्तो विवरण सर्वसाधरणको जानकारीका लागि उपलब्ध गराउन सक्दछ ।

५६८. केकस्ता कारणले राजनीतिक वित्तको नियमन प्रभावकारी नभएको हो ?

राजनीतिक वित्तको प्रभावकारी नियमनका लागि उपयुक्त कार्यान्वयन पद्धति संस्थागत हुनु आवश्यक हुन्छ । यसका निम्ति नियमनकारी निकायको व्यवस्था भएर मात्र हुँदैन, एउटा पूर्ण न्यायिक पद्धतिमा हुने सम्पूर्ण तत्त्वहरू अनुसन्धान (Investigation), अभियोजन (Prosecution), फैसला (Adjudication) र सजाय (Sanctions) समावेश भएको स्वचालित पद्धति क्रियाशील हुनुपर्दछ । त्यस्तो पद्धतिलाई प्रभावकारी बनाउन विभिन्न सरोकारवालाहरू विशेषतः राजनीतिक दल, उम्मेदवार, वित्तीय प्रतिनिधि, लेखापरीक्षक, बैङ्किङ निकाय, निगरानी गर्ने निकायहरू, भ्रष्टाचार नियन्त्रण निकाय र आमसञ्चार माध्यमलगायतको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ । विश्वका विभिन्न देशहरूको अभ्यासलाई हेर्दा राजनीतिक वित्तको नियमन प्रभावकारी नहुनुका प्रमुख कारणहरू देहायबमोजिम रहेको देखिन्छ :

- कार्यान्वयन योग्य कानुन निर्माणमा राजनीतिक इच्छाशक्तिको अभाव हुनु,
- कानुनी संरचनामा अस्पष्टता रहनु र आफू अनुकूल व्याख्या गर्ने गरिनु,
- जटिल एवम् अवास्तविक कानुनको कारण कार्यान्वयनमा जटिलता हुनु,
- प्रतिस्पर्धी राजनीतिक दल वा उम्मेदवारहरूबिच मिलेमतो हुनु,
- सत्ताशीन पदाधिकारीबाट हुने दुरुपयोग रोक्न सरकारी निकाय सक्षम नहुनु,
- नियमन गर्ने निकायसँग प्रशासनिक क्षमता तथा न्यायिक अधिकारको कमी हुनु,
- नियमन निकायहरूबिच भूमिकाको अस्पष्टता र समन्वयको अभाव रहनु,
- सर्वसाधारण जनताले राजनीतिक वित्तको विषयमा कम ध्यान दिनु,
- नागरिक समाजको सङ्गठित र एकीकृत प्रयासमा कमी हुनु ।

५६९. राजनीतिक वित्त र निर्वाचनको स्वच्छताबिच कस्तो अन्तर्सम्बन्ध रहेको हुन्छ ?

स्वच्छ र स्वतन्त्र निर्वाचन, प्रभावकारी शासकीय प्रबन्ध, लोकतान्त्रिक अभ्यास र भ्रष्टाचाररहित समाज सुशासनका आधारशिला हुन् । स्वच्छ र स्वतन्त्र रूपमा निर्वाचन हुनका लागि कुनै पनि अवस्थामा निर्वाचनको सदाचारितामा आँच आउनुहुँदैन । निर्वाचनमा प्रचारप्रसारका समयमा हुने अस्वस्थ प्रतिस्पर्धा एवम् अत्यधिक रूपमा पैसाको प्रयोगले राजनीतिक दल तथा उम्मेदवारहरूबिच स्वच्छ प्रतिस्पर्धामा गम्भीर असर पर्दछ । निर्वाचनमा सिर्जना हुने अस्वस्थ प्रतिस्पर्धालाई समयमै सही रूपमा नियमन गर्न नसकेमा प्रतिस्पर्धीबिचको समान अवसर (Level Playing Field) कायम रहन सक्दैन । त्यसैले राजनीतिक वित्तको आम्दानी तथा खर्चको यथार्थ विवरणको जानकारी र त्यसको उपयुक्त समयमा हुने सार्वजनिकीकरणले आम मतदातालाई राजनीतिक दल एवम् उम्मेदवारका बारेमा यथार्थ मूल्याङ्कन गर्न सहयोग पुऱ्याएको हुन्छ । आधुनिक लोकतन्त्रमा सुशासनको प्रारम्भ बिन्दुका रूपमा दल वा उम्मेदवारले कसरी आय गर्दछ र सो आयलाई चुनावी अभियानमा कसरी खर्च गर्छन् भन्ने कुरालाई लिने गरिन्छ । राजनीतिक वित्त व्यवस्थाको प्रभावकारी नियमनले निर्वाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय बन्ने आधार सिर्जना गर्दछ । यसबाट नागरिकहरूमा लोकतन्त्रप्रतिको गहिरो

आस्था, राजनीतिक दलहरूप्रतिको भरोसा र निर्वाचित प्रतिनिधिप्रतिको विश्वास अभिवृद्धि हुन गई निर्वाचनको स्वच्छता प्रवर्द्धन हुन्छ ।

५७०. राज्य स्रोतको दुरुपयोग भनेको के हो ?

सामान्य अर्थमा राज्यको स्रोत भन्नाले सरकारी सम्पत्तिहरूलाई जनाउँदछ । सम्पूर्ण नागरिकले आफ्ना अधिकारका रूपमा सार्वजनिक उपयोग गर्न पाउने संस्थागत, आर्थिक वा वित्तीय, नियमन संयन्त्र तथा कार्यकारी स्रोत नै राज्यका स्रोत साधन हुन् । यस्ता सरकारी स्रोत साधनहरू सरकारको नियन्त्रण तथा सन्चालनमा रहेका हुन्छन् । राज्य वा सरकारी स्रोतहरू सार्वजनिक हित विपरीत निजी स्वार्थका लागि प्रयोग गरिएमा त्यसलाई राज्य स्रोत दुरुपयोग भनिन्छ । त्यसै गरी कुनै राजनीतिक दल वा उम्मेदवारलाई सहयोग गर्न वा असहयोग गर्न राज्य स्रोतको परिचालन भएमा राजनीतिक उद्देश्य प्राप्तिका लागि राज्य स्रोतको दुरुपयोग भएको मानिन्छ । निर्वाचनका समयमा होस् वा अन्य समयमा राज्यको स्रोतको अपचलन वा अनधिकृत परिचालन वा दुरुपयोग हुन सक्ने सम्भावना रहिरहन्छ । विशेषतः निर्वाचनका समयमा राज्यको स्रोत कुनै निश्चित दल वा उम्मेदवारले आफ्नो निहित फाइदाका लागि परिचालन गरे गराएमा त्यसलाई निर्वाचनमा राज्यको स्रोत दुरुपयोग भनिन्छ ।

५७१. निर्वाचनका समयमा कसरी राज्य स्रोतको दुरुपयोग हुन सक्छ ?

निर्वाचनका सबै चरण निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात् तथा प्रक्रियामा नै राज्य स्रोत दुरुपयोगको सम्भावना रहन्छ । तथापि निर्वाचन आवधिमा हुन सक्ने राज्य स्रोत दुरुपयोग सबैभन्दा जटिल विषय हो । निर्वाचनमा राज्य स्रोतको दुरुपयोग भन्नाले सार्वजनिक स्रोतहरूलाई तिनीहरूको वास्तविक प्रयोजनभन्दा राजनीतिक दल वा उम्मेदवारको सहयोगका लागि प्रयोग गर्नु भन्ने बुझिन्छ । निर्वाचनका समयमा राज्य स्रोत दुरुपयोग देहायबमोजिम हुन सक्ने सम्भावना रहन्छ :

- सार्वजनिक पदधारण गरेको व्यक्ति राज्य स्रोतको प्रयोग गरी प्रचारप्रसारमा संलग्न हुने,
- सरकारी कर्मचारीले उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्ने,
- सरकारी सूचना माध्यमको दुरुपयोग गर्दै कुनै उम्मेदवार वा दललाई सहयोग पुग्ने काम गर्ने,

- कुनै दल वा उम्मेदवारका लागि सरकारी तवरबाट प्रचारप्रसार सामग्री तयार गर्ने,
- उच्च पदस्थ कर्मचारीहरू कुनै दल वा उम्मेदवारको प्रचारप्रसार तथा पक्ष वा विपक्षमा लाग्ने,
- कुनै दल वा उम्मेदवारले निर्वाचन प्रयोजनका लागि सरकारी भवन प्रयोग गर्ने,
- सरकारी कम्पनी, संस्था, विज्ञ समूह, अर्धसरकारी संस्थालाई प्रचारप्रसारमा पैरवी गर्न
  लगाउने,
- निश्चित दल वा उम्मेदवारको पक्षमा फाइदा पुग्ने गरी चुनावी अनुसन्धान, मतसर्वेक्षण तथा विश्लेषण गर्न लगाउने,
- कुनै दल वा उम्मेदवारको पक्षमा देखिने गरी नियमन निकायबाट नै प्रचारप्रसार सामग्रीको विकास, प्रकाशन र वितरण गर्ने,
- सरकारी सवारी साधन तथा सञ्चार माध्यमको प्रयोग गर्ने,
- सार्वजनिक कोष, नगद तथा राहत सामग्री वितरण गर्ने,
- निर्वाचनलाई प्रभावित गर्ने गरी राज्य कोषबाट विभिन्न सेवा सुविधामा वृद्धि गर्ने
- सरकारबाट गैरबजेटरी कार्यक्रमको घोषणा गर्ने,
- विपक्षीको जुलुस, ञ्याली र प्रचारप्रसारलाई अवरोध पुऱ्याउने गरी सुरक्षा संयन्त्र परिचालन गर्ने ।

५७२. निर्वाचनका समयमा राज्य स्रोत दुरुपयोगको नियमन कसरी गरिनुपर्दछ ?

निर्वाचनमा राज्य स्रोतसाधनको दुरुपयोग नियन्त्रण गर्न उपयुक्त कानुनी व्यवस्था आवश्यक पर्दछ । यसरी कानुनमा व्यवस्था गरिँदा सबै सार्वजनिक निकायहरूले निष्पक्ष रूपमा कार्य गर्ने, सबै सार्वजनिक निकायलाई प्रत्यक्ष रूपमा कुनै पार्टीको पक्ष वा विपक्षमा लाग्नबाट नियन्त्रित गर्ने, राजनीतिक कार्यकर्तालाई सार्वजनिक निकायहरूबाट सहयोग प्राप्त गर्न प्रतिबन्ध गर्ने जस्ता विषयहरू समेटिनुपर्दछ । यसका अतिरिक्त कुनै

दल वा उम्मेदवारलाई फाइदा हुने वा बेफाइदा हुने गरी कुनै सार्वजनिक निकायलाई कार्य गर्न विशेष गरी निर्वाचन अभियानका बेलामा आचारसंहिता बनाई लागु गर्ने तथा राज्य स्रोत दुरुपयोग नियन्त्रणका लागि व्यापक तर अप्रत्यक्ष नियमनको व्यवस्था मिलाउनेलगायत विषयहरूसमेत कानुनमा समेटिएको हुनुपर्दछ । यसरी निर्माण भएको कानुनको कार्यान्वयन गर्नका लागि सम्बन्धित कार्यान्वयन निकायले देहायबमोजिमको कार्य गर्नु गराउनुपर्दछ :

- स्रोत परिचालन तथा अनुगमनका लागि पर्याप्त अधिकारसहित संरचनागत एवम् संस्थागत व्यवस्था,
- स्रोत परिचालनका आधार, मापदण्ड र कार्यविधि निर्धारण,
- स्पष्ट दण्ड र सजायको व्यवस्था,
- निर्वाचनको अवधिलगायत अन्य अवधिमा समेत निरन्तर अनुगमन, मूल्याङ्कन र कारबाही गर्ने स्वचालित प्रणाली ।

५७३. निर्वाचन अवधिका चरणमा राजनीतिक वित्तको अवस्था कस्तो हुन्छ ?

निर्वाचनको मिति घोषणा भएपछि अन्तिम परिणाम प्राप्त नभएसम्मको अवस्था निर्वाचन अवधिको चरण हो । यस चरणमा राजनीतिक दलहरूले पैसा प्राप्त गर्ने र खर्च गर्ने व्यवहार अन्य चरणमा भन्दा केही भिन्न हुन सक्छन् । यस अवधिमा राजनीतिक दलहरूले निर्वाचनका निम्ति प्रचारप्रसारको वित्तीय व्यवस्था गर्न विभिन्न क्षेत्रबाट चन्दा तथा सहयोग सङ्कलन गर्ने, वस्तुगत सहायता लिने, व्यापारिक एवम् व्यावसायिक संस्थाहरूबाट सहयोग लिने र राजनीतिक दलको आफ्नै सम्पत्ति बेचबिखन वा अन्य नियमित स्रोतबाट आम्दानी प्राप्त गर्दछन् । यसरी प्राप्त आम्दानी प्रचारप्रसार तथा सञ्चार, ञ्याली जुलुस, आमसभा, राजनीतिक दलको झन्डा, ब्यानर, फ्लेक्सलगायतका प्रचारप्रसार सामग्री विकास, निर्माण तथा प्रचारप्रसार, दलको घोषणापत्र छपाइ तथा वितरण, निर्वाचन तथा प्रविधिसम्बन्धी प्रशिक्षण एवम् आचारसंहिता कार्यान्वयनसम्बन्धी प्रशिक्षण र कार्यशाला सञ्चालनलगायतका कार्यमा खर्च गर्दछन् । निर्वाचन अवधिमा दल तथा उम्मेदवारले गरेको आम्दानी र खर्चको हिसाब लेखा परीक्षण गराई तोकिएको निकायसमक्ष पेस गर्नुपर्दछ । नेपालका सन्दर्भमा आवधिक निर्वाचन पाँचपाँच वर्षमा हुने संवैधानिक व्यवस्थाबमोजिम सामान्यत निर्वाचनको अवधि छ महिना र निर्वाचनको समय, निर्वाचनपूर्व तथा पश्चात्को अवधि साढे चार वर्ष रहने देखिन्छ । राजनीतिक

वित्तको अवस्थालाई हेर्दा निर्वाचन अवधिको छ महिनामा अन्य अवधिको साढे चार वर्षमा भन्दा दोब्बर आयव्यय हुने गरेको पाइएकाले यो राजनीतिक वित्तको दृष्टिकोणले विशेष अवस्था हो ।

५७४. निर्वाचनपूर्व र पश्चात्को चरणमा राजनीनिक वित्तको अवस्था कस्तो हुन्छ ?

निर्वाचनपूर्व र पश्चात्का अवधिमा राजनीतिक दलहरूले आफ्नो सङ्गठन सञ्चालन गर्नका लागि आम्दानी गर्ने तथा दैनिक गतिविधिहरू सञ्चालन गर्नका लागि खर्च गर्ने गर्दछन् । दल तथा दलका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नका लागि आवश्यक वित्तीय व्यवस्था सदस्यता शुल्क, चन्दा तथा सहयोग, वस्तुगत सहायता, व्यक्ति वा संस्थाबाट हुने प्रायोजन, व्यापारिक एवम् व्यावसायिक संस्थाहरूबाट सहयोग, राजनीतिक दलको भौतिक सम्पत्ति बेचबिखनलगायत अन्य नियमित स्रोतबाट दलहरूले आम्दानी गर्ने गर्दछन् । यसरी प्राप्त आम्दानी राजनीतिक दलको कार्यालय स्थापना र सञ्चालन, आमसभा तथा सार्वजनिक समारोह, कर्मचारीका लागि तलब, भत्ता तथा दैनिक भ्रमण भत्ता, प्रशिक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रम, निर्वाचनसम्बन्धी समीक्षा, विजयी उम्मेदवारहरूको अभिमुखीकरण, नयाँ रणनीति निर्माण, साङ्गठानिक सुदृढीकरण, सङ्गठन विस्तार, सदस्यता वितरण र प्रशिक्षणलगायतका विषय क्षेत्रमा खर्च हुने गर्दछ । यस अवधिमा निर्वाचन अवधिमा जस्तो ठुलो मात्रामा वित्तीय परिचालन हुने नभई केवल नियमित कार्य सञ्चालनका लागि मात्र आयव्यय हुने भएकाले राजनीतिक वित्तमा यो सामान्य अवस्था हो । नेपालका सन्दर्भमा निर्वाचनपूर्व र पश्चात्का चरणमा हुने राजनीतिक दलको आयव्ययको वार्षिक लेखा परीक्षण गराई तोकिएको अवधिभित्र निर्वाचन आयोगमा पेस गरी उक्त प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।

५७५. राजनीतिक वित्त सम्बन्धमा आमसञ्चारको भूमिका कस्तो हुनुपर्दछ ?

राजनीतिक दल तथा दलका पदाधिकारी र उम्मेदवारहरूले रकम कहाँबाट प्राप्त गर्दछन् र कुन प्रयोजनका निम्ति कसरी खर्च गर्छन् भन्ने कुरा जनताले थाहा पाउनुपर्दछ भन्ने सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु आमसञ्चार माध्यमको जिम्मेवारी हो । निर्वाचन तथा अन्य कानुनमा उल्लिखित राजनीतिक वित्तसम्बन्धी व्यवस्थाको पालना र उल्लङ्घनको विषय आम नागरिकसम्म पुऱ्याउन आमसञ्चार माध्यमले निगरानी र खबरदारी गर्न सक्दछ । राज्यसत्ताका लागि भएको प्रतिस्पर्धामा जनताबाट पाउने विश्वास र समर्थनलाई पैसाद्वारा प्रतिस्थापन गर्न खोज्नु जनातामा निहित सार्वभौम सत्ताका विपरीत भएकाले यस्ता विषयमा राजनीनिक दल तथा उम्मेदवारलाई सचेत

एवम् नागरिकहरूलाई सुसूचित गर्न आमसञ्चारले राजनीतिक वित्तका विषयमा खोज, अध्ययन, अनुसन्धान गरी सोको सूचना प्रकाशन र प्रसारण गर्नुपर्दछ । प्रजातान्त्रिक देशहरूमा राजनीतिक वित्तको उपयोग र अनियमितताका विषयहरू आमसञ्चारका माध्यमबाट सार्वजनिक हुने गरेका छन् । आमसञ्चारका माध्यमहरूले राजनीतिक वित्तसम्बन्धी विषयमा सोध खोज गरेर राजनीतिक वित्त सुधारका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सन्तुलित दबाब सिर्जना गर्नुपर्दछ । राजनीतिक वित्तको व्यवस्थापनसम्बन्धी आवश्यक विज्ञता, ज्ञान तथा अनुसन्धान विधिका अभावमा राजनीतिक दल तथा नियामक निकायहरूलाई प्रभावकारी रूपमा कार्य सम्पादन गर्न कठिनाइ महसुस भइरहेका अवस्थामा राजनीतिक वित्तसम्बन्धी जटिलता र चुनौतीसँग जुध्ने एक प्रमुख माध्यम आमसञ्चार बनेको छ । त्यसैले राजनीतिक दलहरूमा वित्तीय अनुशासन कायम गर्न तथा राजनीतिक वित्तमा पारदर्शिता अभिवृद्धिका लागि आमसञ्चारले एक असल निगरानीकर्ता एवम् सहयात्रीका रूपमा आफ्नो भूमिका निर्वाह गर्न सक्दछ ।

८.२ निर्वाचन खर्च

५७६. निर्वाचन खर्च भनेको के हो ?

निर्वाचन खर्चले निर्वाचनको समग्र प्रक्रियामा सरकार र निर्वाचन व्यवस्थापन निकायले निर्वाचन सञ्चालन व्यवस्थापन, रेखदेख, निर्देशन र नियन्त्रणका लागि गर्ने खर्च तथा राजनीतिक दल एवम् उम्मेदवारले उम्मेदवार मनोनयन, चुनावी अभियान, प्रचारप्रसारलगायतका कार्यमा गर्ने खर्च समेतलाई जनाउँछ । यसमा विभिन्न क्षेत्र तथा निकाय विशेषतः सरकार, निर्वाचन व्यवस्थापन निकाय, राजनीतिक दल तथा उम्मेदवारबाट निर्वाचनका लागि गरिने खर्चहरू पर्दछन् । सैद्धान्तिक रूपमा निर्वाचनपूर्व र पश्चात्का चरणममा सरकार तथा निर्वाचन व्यवस्थापन निकायबाट हुने खर्च एवम् राजनीतिक दलहरूले गर्ने खर्च निर्वाचन खर्च नै हुन तर व्यावहारिक रूपमा निर्वाचनका अवधिमा हुने खर्चलाई निर्दिष्ट गरी निर्वाचन खर्चलाई परिभाषित गरिएको पाइन्छ । त्यसैले निर्वाचन सञ्चालन व्यवस्थापन, रेखदेख, निर्देशन र नियन्त्रणमा निर्वाचन व्यवस्थापन निकाय र अन्तर्गतबाट, निर्वाचन सुरक्षा व्यवस्थामा सरकारबाट तथा निर्वाचन अभियान एवम् प्रचारप्रसारका लागि राजनीतिक दल तथा उम्मेदवारबाट गरिने खर्चको समष्टिगत रूप नै निर्वाचन खर्च हो । निर्वाचन खर्चलाई निर्वाचन सञ्चालन व्यवस्थापन खर्च, निर्वाचन सुरक्षा खर्च तथा राजनीतिक दल एवम् उम्मेदवारको प्रचारप्रसार खर्चका रूपमा विभाजन गर्न सकिन्छ ।

५७७. निर्वाचन सञ्चालन र व्यवस्थापन खर्च भनेको के हो ?

निर्वाचन सञ्चालन र व्यवस्थापन खर्च भन्नाले निर्वाचन व्यवस्थापन निकायले निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनमा गर्ने खर्चलाई बुझाउँछ । यसअन्तर्गत मुख्यतः अन्तिम मतदाता नामावली तयारी गर्ने, निर्वाचन सामग्रीको व्यवस्थापन गर्ने, निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचारसंहिता लागु गर्ने, निर्धारित मतदान स्थलहरूमा मतदान केन्द्र तोक्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आँकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवार मनोनयन गर्ने, निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचन प्रचारप्रसार गर्ने, मतदाता शिक्षा सञ्चालन गर्ने, मतदाता परिचय पत्र छपाइ तथा ढुवानी र वितरण, गर्ने सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा परिणाम घोषणा गर्नेलगायतका क्रियाकलाप गरिन्छ । यी सबै क्रियाकलापमा हुने खर्च नै निर्वाचन सञ्चालन व्यवस्थापन खर्च हो । नेपालमा निर्वाचन सञ्चालन र व्यवस्थापनका निम्ति आवश्यक पर्ने बजेट नेपाल सरकारबाट प्राप्त हुने र सोको व्यवस्थापन आयोगले प्रचलित कानुनबमोजिम गर्ने गर्दछ । आयोगबाट स्वीकृत कार्यविधि र बजेट बाँडफाँटबमोजिम निर्वाचन सञ्चालन तथा व्यवस्थापन खर्च आयोगको सचिवालय, अन्तर्गत कार्यालयहरू, निर्वाचन अधिकृतका कार्यालयहरूसमेतबाट हुने गर्दछ ।

५७८. निर्वाचन सुरक्षा खर्च भनेको के हो ?

सैद्धान्तिक रूपमा निर्वाचन सुरक्षा खर्चले निर्वाचन अवधिमा समग्र निर्वाचनको सुरक्षाका लागि गरिने खर्चलाई जनाउँछ । सुरक्षाका दृष्टिकोणले निर्वाचन अवधिको समय विशेष अवस्था हो । यस अवधिमा राजनीतिक दल तथा उम्मेदवारहरूका बिच प्रतिस्पर्धा जति उच्च हुन्छ त्यति नै सुरक्षा व्यवस्था पनि चुनौतीपूर्ण हुँदै जान्छ । यस्तो अवस्थामा सामान्य सुरक्षा प्रणाली र नियमित व्यवस्थाले मात्र निर्वाचनको सुरक्षा गर्न प्रायः असम्भव हुने हुँदा विशेष सुरक्षा व्यवस्था कायम गरिनुपर्दछ । निर्वाचनका समयमा सुरक्षाको भरपर्दो सुरक्षा व्यवस्थासहित सबै मतदातालाई पूर्ण सुरक्षाको प्रत्याभूति दिन नसकिएमा निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुँदैन । त्यसैले निर्वाचन अवधिमा मतदाताको सुरक्षा, निर्वाचन सामग्रीको सुरक्षा, निर्वाचन जनशक्तिको सुरक्षा, उम्मेदवार तथा तिनका प्रतिनिधिको सुरक्षा, मतदान स्थलको सुरक्षा, मतपेटिकाको

सुरक्षा, मतगणना स्थलको सुरक्षालगायतका विषयहरू निकै जटिल हुने गर्दछन् । यसरी यस्ता विषय क्षेत्रको सुरक्षाका लागि विभिन्न सुरक्षा निकाय र जनशक्ति परिचालन गरिने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । नेपालका सन्दर्भमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना तथा निर्वाचन अवधिका लागि म्यादी प्रहरीको नियुक्ति गरी उनीहरूलाई समेत निर्वाचन सुरक्षामा परिचालन गर्ने अभ्यास रहेको छ । यसरी निर्वाचन सुरक्षा योजना निर्माण, निर्वाचन सुरक्षाका लागि परिचालन गरिने जनशक्ति, सुरक्षा व्यवस्थाका उपकरण, यातायात, अन्तर निकाय समन्वयलगायतका क्षेत्र र शीर्षकमा हुने खर्च निर्वाचन सुरक्षा खर्चअन्तर्गत पर्दछन् । यस्तो खर्च नेपाल सरकारले सम्बन्धित मन्त्रालय वा निकायमार्फत गर्ने गर्दछ ।

५७९. राजनीतिक दल वा उम्मेदवारको निर्वाचन खर्च भनेको के हो ?

राजनीतिक दल वा उम्मेदवारको निर्वाचन खर्च भन्नाले दल तथा उम्मेदवारले चुनावी अभियानका लागि गर्ने खर्चलाई जनाउँछ । यसअन्तर्गत दल तथा उम्मेदवारको मनोनयन, उम्मेदवारलाई सहयोग गर्न दलले गरेका सबै खर्च, निर्वाचन अभियानमा दल वा उम्मेदवारले निर्वाचन प्रयोजनका लागि गरेका सबै खर्च, दल वा उम्मेदवारले प्राप्त गर्ने रकम, उम्मेदवार तथा कार्यकर्ताका लागि व्यवस्था गरिने खाना, आवास खर्चसहितको उम्मेदवारको प्रचार अभियानका लागि प्रवर्द्धनात्मक कार्यक्रमको खर्च, दलको घोषणापत्र छपाइ र वितरण, प्रशिक्षण तथा प्रविधिको उपयोगसम्बन्धी खर्च, आचारसंहिता कार्यान्वयन प्रशिक्षण एवम् कार्यशालासम्बन्धी खर्च, दल वा उम्मेदवारको प्रचारप्रसार सामग्रीको खर्च, यातायात, ञ्याली, सभा सम्मेलन, प्रचारप्रसार टोलीका सदस्यहरूका लागि गरिएको खर्चलगायतका खर्चहरू पर्दछन् । नेपालमा निर्वाचन आयोगले दल तथा उम्मेदवारका लागि निर्वाचन खर्चको सीमा निर्धारण गरी तोकिदिने र सामान्यतया यसअन्तर्गत मतदाता नामावली खरिद खर्च, सवारी साधन प्रयोग खर्च, प्रचारप्रसार सामग्री उत्पादन, ढुवानी तथा वितरण खर्च, निर्वाचनसम्बन्धी गोष्ठी एवम् अन्तर्क्रिया खर्च, छापा एवम् विद्युतीय माध्यमसमेतबाट हुने प्रचारप्रसार खर्च, कार्यालय सञ्चालन खर्च, प्रतिनिधि परिचालन खर्चलगायत अन्य विविध खर्चलाई समेटिएको छ ।

५८०. निर्वाचन प्रचारप्रसार खर्चको हद तोक्नेसम्बन्धी केकस्तो कानुनी व्यवस्था रहेको छ ?

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार खर्चको हद तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने

व्यवस्था छ । यस प्रावधानअनुसार निर्वाचन आयोगले प्रत्येक निर्वाचनमा उम्मेदवार मनोनय गरिनुपूर्व नै राजनीतिक दल वा उम्मेदवारले प्रचारप्रसारका लागि खर्च गर्न पाउने शीर्षक र सो शीर्षकअन्तर्गतको सीमासमेत निर्धारण गरी सूचना प्रकाशन गर्दछ । आयोगले तोकेको अधिकतम हदभन्दा बढी हुने गरी खर्च गर्न वा गराउन नहुने कानुनी प्रावधान रहेको छ । प्रचारप्रसार खर्चको सीमा निर्धारण गर्दा देहायबमोजिम वर्गीकरण गरी तोक्ने प्रचलन रहँदै आएको छ :

- गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष,
- गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्य,
- नगरपालिकाका प्रमुख र उपप्रमुख,
- नगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्य,
- जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख,
- जिल्ला समन्वय समितिका सदस्य,
- पहिलो हुने निर्वाचित हुने प्रदेश सभा सदस्य,
- समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतका प्रदेश सभा सदस्य उम्मेदवार,
- प्रदेश सभा सदस्य समानुपातिक निर्वाचनका लागि दलले खर्च गर्न पाउने हद,
- पहिलो हुने निर्वाचित हुने प्रतिनिधि सभा सदस्य,
- समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतका प्रतिनिधि सभा सदस्य उम्मेदवार,
- प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचनका लागि दलले खर्च गर्न पाउने हद,
- राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद,
- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद ।

५८१. निर्वाचनमा आयोगले तोकेको खर्च सीमाभित्र मात्र रही खर्च गर्न दल र उम्मेदवारलाई कसरी जिम्मेवार बनाउन सकिन्छ ?

निर्वाचनमा हुने अस्वाभाविक खर्चलाई नियन्त्रण गर्न सर्वप्रथम प्रत्येक राजनीतिक दल तथा उम्मेदवारले कानुनको पूर्ण पालना गर्नु आवश्यक छ । यसका साथै राज्यकोषको दुरुपयोग गर्ने तथा मत किनबेच गर्ने वा यस्तै प्रकारका अमर्यादित प्रभावलाई प्रतिबन्धित गर्ने, निष्पक्ष ढङ्गको अनुगमन संयन्त्रको गठन गर्ने, दलहरूलाई उसका आयव्ययहरू पारदर्शी ढङ्गले सञ्चालन गर्न निर्देशन दिने, निर्वाचन प्रचारप्रसार खर्चको सार्वजनिकीकरणमार्फत वित्तीय पारदर्शिता अभिवृद्धि गर्ने, केही निश्चित खर्चहरूमा प्रतिबन्ध गर्नेलगायतको कानुन निर्माण गर्न पनि उत्तिकै आवश्यक छ । तर यस्ता नियमहरूमा मात्र सीमित रहेर यसको प्रभावकारी कार्यान्वयन हुने सम्भावना निकै कम रहन सक्छ । तसर्थ सार्वजनिकीकरण वा केही कार्यलाई निषेध गरेर मात्र अपुग हुने भएकाले राजनीतिक खर्चलाई नियन्त्रण गर्न देहायबमोजिमका कार्य गर्नुपर्ने हुन्छ :

(क) दल आफैँले आन्तरिक रूपमा नियन्त्रण गर्नुपर्ने,

(ख) नागरिक समाज वा सञ्चार माध्यमसमेतबाट उजुरीहरू प्राप्त गरी सो उजुरीउपर निरीक्षण गर्ने,

(ग) स्वतन्त्र राजनीतिक वित्तीय अनुगमनकर्तालाई स्वीकृत गरी कानुनको कार्यान्वयनलाई थप मजबुत बनाई राजनीतिक दल तथा उम्मेदवारलाई जिम्मेवार बनाउने ।

५८२. स्थानीय तह निर्वाचन, २०७४ मा उम्मेदवारले प्रचारप्रसारका लागि खर्च गर्न पाउने रकमको हदसम्बन्धमा कस्तो व्यवस्था गरिएको थियो ?

स्थानीय तहको निर्वाचनमा महानगरपालिका, उपनगरपालिका, नगरपालिका एवम् गाँउपालिका तथा जिल्ला समन्वय समितिका विभिन्न पदमा भाग लिएका उम्मेदवारले देहायको सीमाभित्र रही खर्च गर्न पाउने गरी निर्वाचन आयोग ऐन, २०७३ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम निर्वाचन खर्चको अधिकतम हद निर्धारण गरिएको थियो :

निकाय	पद	निर्वाचन खर्चको हद
महानगरपालिका	प्रमुख र उपप्रमुख	७,५००००।-
	वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्यसङ्ख्यक सदस्य	३,००,०००।-
उपमहानगरपालिका	प्रमुख र उपप्रमुख	५,५०,०००।-
	वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्यसङ्ख्यक सदस्य	२,५०,०००।-
नगरपालिका	प्रमुख र उपप्रमुख	४,५०,०००।-
	वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्यसङ्ख्यक सदस्य	२,००,०००।-
गाउँपालिका	अध्यक्ष र उपाध्यक्ष	३,५०,०००।-
	वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्यसङ्ख्यक सदस्य	१,५०,०००।-
जिल्ला समन्वय समिति	प्रमुख र उपप्रमुख	२,५०,०००।-
	सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य	१,५०,०००।-

५८३. वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि खर्चको सीमा कति तोकिएको थियो ?

वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रतिउम्मेदवार रु. दुई लाख तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रति उम्मेदवार रु. एकलाख पचास हजार निर्वाचन खर्चको हद तोकिएको थियो । यसै गरी पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यले गर्न पाउने खर्चको सीमा आयोगले देहायअनुसार तोकेको थियो :

क्र.सं.	खर्च शीर्षक	प्रतिनिधि सभा	प्रदेश सभा
१.	मतदाता नामावली खरिद	३,०००।-	१,८००।-
२.	सवारी साधन	५,००,०००।-	३,००,०००।-
३.	सवारी इन्धन (घोडा प्रयोग गरिएकामा दाना समेत)	१,००,०००।-	६०,०००।-
४.	प्रचारप्रसार सामग्री	१,००,०००।-	६०,०००।-
५.	ढुवानी	७५,०००।-	४५,०००।-
६.	गोष्ठी/अन्तर्क्रिया	८,००,०००।-	४,८०,०००।-
७.	अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम	१,००,०००।-	६०,०००।-
८.	कार्यालय सञ्चालन	५,००,०००।-	३,००,०००।-
१०.	प्रतिनिधि परिचालन	२,००,०००।-	१,२०,०००।-
११.	विविध	१,२२,०००।-	७३,२००।-
	जम्मा	**२५,००,०००।-**	**१५,००,०००।-**

५८४. निर्वाचित प्रतिनिधिले आफ्नो सम्पत्ति विवरण पद धारण गरेको मितिले कति दिनभित्र पेस गर्नुपर्छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले पद धारण गरेको तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र नियमित रूपमा आफ्नो र आफ्नो परिवारका नाममा रहेको चलअचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण तोकिएको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्दछ । यसरी पेस भएको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहले अभिलेख राखी तिस दिनभित्र प्रदेश सरकारसमक्ष पठाउनुपर्ने कानुनी व्यवस्था रहेको छ । यसरी प्राप्त विवरणको संरक्षण तथा व्यवस्थापन प्रदेश सरकारले गर्नुपर्दछ । यस्तो विवरण प्रचलित कानुनबमोजिमको छानबिन वा अनुसन्धान प्रयोजनका लागि बाहेक गोप्य रहने तर त्यस्तो विवरण पेस गर्ने सदस्यले स्वेच्छिक रूपमा आफ्नो

सम्पत्तिको विवरण सार्वजनिक गर्न सक्ने कानुनी प्रावधान रहेको छ । त्यसै गरी भ्रष्टाचार निवारण ऐन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्यलगायतका सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र नियमित रूपमा आफ्नो र आफ्नो परिवारका नाममा रहेको चलअचल सम्पत्तिको अद्यावधिक विवरण निर्धारित ढाँचामा कानुनबमोजिम तोकिएको निकायसमक्ष पेस गर्नुपर्दछ ।

परिच्छेद - ९

निर्वाचनमा प्रविधि र आमसञ्चार

९.१	**निर्वाचनमा प्रविधि**	**३९५**
५८५.	निर्वाचनमा प्रविधि भन्नाले के बुझिन्छ ?	३९५
५८६.	निर्वाचनमा प्रविधिको अवश्यकता किन रहेको छ ?	३९५
५८७.	निर्वाचनमा प्रविधिको प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयहरू केके हुन् ?	३९६
५८८.	नेपालमा निर्वाचन व्यवस्थापनको कस्ताकस्ता कार्यमा प्रविधिको प्रयोग गरिएको छ ?	३९७
५८९.	फोटोसहितको मतदाता नामावलीमा प्रविधिको प्रयोग कसरी भइरहेको छ ?	३९८
५९०.	प्रविधिको प्रयोग गरी अन्तिम मतदाता नामावली कसरी प्रकाशन गरिन्छ ?	३९८
५९१.	विद्युतीय मतदान Electronic Voting भनेको के हो ?	३९९
५९२.	विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine EVM) भनेको के हो ?	३९९
५९३.	निर्वाचनमा मतदान यन्त्रको प्रयोग कहिलेबाट सुरु भएको पाइन्छ ?	४००
५९४.	विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine EVM) का फाइदाहरू केके हुन् ?	४०१
५९५.	विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine EVM) का बेफाइदाहरू केके हुन् ?	४०१
५९६.	विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine EVM) का चुनौतीहरू केके हुन् ?	४०३
५९७.	विद्युतीय मतदान यन्त्रको प्रयोगबाट गरिने निर्वाचनमा कस्ताकस्ता जोखिमहरू हुन सक्छन् ?	४०४
५९८.	निर्वाचन व्यवस्थापनमा GPS र GIS भनेको के हो ?	४०५
५९९.	निर्वाचन व्यवस्थापनमा Event Tracking System भनेको के हो ?	४०६
६००.	निर्वाचन व्यवस्थापनमा Integrated Election Information Management System - IEIMS भनेको के हो ?	४०६
६०१.	निर्वाचन व्यवस्थापनमा Election Result Information System - ERIS भनेको के हो ?	४०७
६०२.	आयोगको वेबसाइटमा निर्वाचनसम्बन्धी कस्ता जानकारी एवम् सूचना उपलब्ध हुन्छन् ?	४०७
६०३.	निर्वाचन व्यवस्थापनका कुनकुन क्षेत्रमा प्रविधिको प्रयोग गर्न सकिन्छ ?	४०८

६०४. निर्वाचन व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय स्तरमा केकस्ता प्रविधि प्रयोग भएका छन् ? ४०९

६०५. विश्वमा विद्युतीय यन्त्रको प्रयोग गरी निर्वाचन गर्ने देशहरू कुनकुन हुन ? ४०९

६०६. नेपालमा परीक्षणका रूपमा विद्युतीय मतदान यन्त्रको प्रयोग कहिले गरिएको थियो ? ४१०

६०७. नेपालमा विद्युतीय मतदान यन्त्रको प्रयोग कसरी गर्न सकिएला ? ४१०

९.२ निर्वाचनमा आमसञ्चार ४१२

६०८. आमसञ्चार भन्नाले के बुझिन्छ ? ४१२

६०९. निर्वाचनमा आमसञ्चार भन्नाले के बुझिन्छ ? ४१३

६१०. निर्वाचनमा आमसञ्चारको भूमिका कस्तो रहेको हुन्छ ? ४१३

६११. निर्वाचनमा आमसञ्चार अनुगमन भनेको के हो ? ४१४

६१२. निर्वाचनमा आमसञ्चार अनुगमन किन आवश्यक हुन्छ ? ४१५

६१३. निर्वाचनमा आमसञ्चारले पालना गर्नुपर्ने आचरणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ? ४१५

६१४. सामाजिक सञ्जाल भन्नाले केलाई बुझिन्छ ? ४१७

६१५. निर्वाचनमा सामाजिक सञ्जाल भन्नाले केलाई बुझिन्छ ? ४१८

६१६. निर्वाचन आयोगले कहिलेदेखि निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग सुरु गरेको हो ? ४१८

६१७. निर्वाचन व्यवस्थापन निकायले सामाजिक सञ्जालको प्रयोगबाट कसरी फाइदा लिन सक्छ ? ४१९

६१८. निर्वाचनमा सामाजिक सञ्जालका चुनौतीहरू केके हुन सक्दछन् ? ४२०

६१९. सामाजिक सञ्जालमा गलत सूचना प्रवाह (Disinformation) भन्नाले के बुझिन्छ ? ४२१

६२०. सामाजिक सञ्जालमा निर्वाचनका समयमा गलत सूचना प्रवाहको प्रभाव न्यूनीकरण कसरी गर्न सकिन्छ ? ४२१

६२१. निर्वाचन अवधिमा सामाजिक सञ्जालसम्बन्धी चुनौतीहरू कस्ता हुन सक्दछन् ? ४२२

६२२. सामाजिक सञ्जालामा अपव्याख्या (Misinterpretation) भन्नाले के बुझिन्छ ? ४२३

६२३. सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी भन्नाले के बुझिन्छ ? ४२३

६२४. सामाजिक सञ्जलामा झुटो साइट र एकाउन्ट (Fake sites and Accounts) भन्नाले के बुझिन्छ ? ४२४

६२५. निर्वाचन अवधिमा समाजिक सञ्जालमा सम्प्रेषित गलत सूचना तथा जानकारी पहिचान कसरी गर्न सकिन्छ ? ४२५

६२६. सामाजिक सञ्जाल अनुगमनका लागि केकस्ता औजारहरूको प्रयोग हुन सक्दछ ? ४२६

६२७. नेपालका सन्दर्भमा निर्वाचनका समयमा आउन सक्ने सामाजिक सञ्जालसम्बन्धी चुनौतीको व्यवस्थापन कसरी गर्न सकिन्छ ? ४२६

परिच्छेद - ९
निर्वाचनमा प्रविधि र आमसञ्चार

९.१ निर्वाचनमा प्रविधि

५८५. निर्वाचनमा प्रविधि भन्नाले के बुझिन्छ ?

मानिसले परम्परागत रूपमा गर्दै आएको कार्यको प्रक्रियालाई छिटो, छरितो, सरल र सहज रूपमा सम्पन्न गर्नका लागि प्रयोग गरिने नयाँ औजार तथा विधिलाई प्रविधि भनिन्छ । आधुनिक विश्वमा हरेक क्षेत्रमा प्रविधिको प्रयोग बढ्दै गएको छ । यसै सन्दर्भमा कतिपय मुलुकहरूले निर्वाचन प्रक्रियामा सुधार गर्नका लागि सूचना तथा सञ्चार प्रविधि प्रयोगको सुरुआत गरेका छन् । सामान्य अर्थमा निर्वाचनका प्रक्रियामा सुधार गर्नका लागि प्रविधिको प्रयोग गर्नुलाई निर्वाचनमा प्रविधि भनिन्छ । यसर्थ निर्वाचनमा प्रविधि भन्नाले मतदाता दर्ता, मतदाता पहिचान, मतदाता शिक्षा, मतदान, मतदाता र मतको गोपनीयता, निर्वाचनमा सदाचारिता, विश्वसनीयता, मतदाताको मताधिकारको सुनिश्चितता, उपयोगिता र उपलब्धता बढाउन निर्वाचनको कार्यका लागि प्रयोगमा ल्याइएका नयाँ औजार तथा विधिलाई जनाउँदछ । अतः निर्वाचनका क्रममा सम्पन्न गर्नुपर्ने विविध गतिविधिहरूलाई प्रविधिको प्रयोग गरी कार्य सम्पादन गर्नु नै निर्वाचनमा प्रविधिको प्रयोग हो ।

५८६. निर्वाचनमा प्रविधिको अवश्यकता किन रहेको छ ?

निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचनपश्चात् तीनवटै चरणमा निर्वाचन व्यवस्थापनका विभिन्न कार्यहरूमा प्रविधिको उपयुक्त प्रयोगका माध्यमबाट निर्वाचनको स्वच्छता, स्वतन्त्रता, पारदर्शिता तथा विश्वसनीयता बढाउनमा प्रविधिले योगदान गर्न सक्ने हुन्छ । प्रविधिको उपयुक्त प्रयोगबाट निर्वाचनका कार्यहरूलाई व्यवस्थित, सहज र पारदर्शी, तवरले सम्पादन गर्न सहयोग पुग्ने हुनाले निर्वाचनमा प्रविधिको आवश्यकता रहेको छ । प्रविधिको प्रयोगले मतदाता नामावली दर्ता, मतदाताको पहिचानलगायत नामावली व्यवस्थापन, उम्मेदवारको मनोनयन दर्ता प्रक्रियादेखि मतगणना र नतिजा घोषणा, निर्वाचन व्यवस्थापन निकायलाई तथ्याङ्क विश्लेषणमा सहजता, निर्वाचनसम्बन्धी सूचना प्रकाशन जस्ता कार्यहरूलाई व्यवस्थित, त्रुटिरहित, पारदर्शी, र

सहज तवरले सम्पादन गर्न सहयोग गर्ने भएकाले निर्वाचनमा प्रविधिको आवश्यकता रहन्छ । यसरी निर्वाचनमा प्रविधिको प्रयोग गर्दा निर्वाचनका निर्दिष्ट सिद्धान्त, मूल्य र मान्यताको पालना गरिएको हुनुपर्दछ ।

५८७. निर्वाचनमा प्रविधिको प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयहरू केके हुन् ?

निर्वाचन व्यवस्थापनका तीनवटै चरण निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचनपश्चात् गर्नुपर्ने विभिन्न कार्यहरू गर्न प्रविधिको प्रयोग गर्न सकिन्छ । यस्ता प्रविधिको प्रयोग गर्ने निर्णय गर्नुपूर्व निर्वाचन व्यवस्थापन निकायले निर्वाचन प्रक्रियामा सुधार र सहजीकरण गर्न सक्ने विषयमा ध्यान दिनुपर्दछ । अन्तर्राष्ट्रिय अभ्यास र अनुभवका आधारमा निर्वाचनमा प्रविधिको प्रयोग गर्दा निर्वाचनका लागि तय गरिएका निर्दिष्ट सिद्धान्त तथा निर्वाचनको विश्वसनीयतालाई स्थापित गर्ने कुराको सुनिश्चितता गरिएको हुनुपर्दछ । निर्वाचनमा प्रविधिको प्रयोग गर्दा ध्यान दिनुपर्ने निर्दिष्ट सिद्धान्तहरू देहायबमोजिम रहेका छन् :

- नयाँ प्रविधिका सम्बन्धमा समग्र विश्लेषण गरिनुपर्दछ ।
- नयाँ प्रविधिको सञ्चालन र प्रयोग गर्न सक्ने साङ्गठनिक संरचना तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनुपर्दछ ।
- नयाँ प्रविधिको प्रयोगले पार्न सक्ने प्रभावका सम्बन्धमा अध्ययन गर्नुपर्दछ ।
- नयाँ प्रविधिको प्रयोग गर्दा प्रविधिमा प्रयोग भएको प्रणालीको पारदर्शिता सुनिश्चित हुनुपर्दछ ।
- नयाँ प्रविधिसँगै जोडिएर आउने जोखिम न्यूनीकरणमा पर्याप्त उपायहरू अवलम्बन गरिनुपर्दछ ।
- नयाँ प्रविधिको प्रयोग गर्नुअगावै प्रविधिको कार्यसम्पादनको परीक्षण गरिएको हुनुपर्दछ ।
- नयाँ प्रविधमा कसैको पनि अनधिकृत पहुँच हुन नहुने सुनिश्चिता भएको हुनुपर्दछ ।
- नयाँ प्रविधि प्रयोगकर्ता मैत्री तथा समान पहुँचयोग्य हुनुपर्दछ ।

- नयाँ प्रविधि लागत प्रभावकारी र कम खर्चिलो हुनुपर्दछ ।
- नयाँ प्रविधिको कार्य प्रभावककरिताको परीक्षण भएको हुनुपर्दछ ।
- नयाँ प्रविधिको दिगोपनको परीक्षण भएको हुनुपर्दछ ।
- नयाँ प्रविधि समयसापेक्ष परिवर्तन गर्न सक्ने हुनुपर्दछ ।
- नयाँ प्रविधिमार्फत प्रदान गरिने सेवाहरू सेवाग्राही तथा सरोकारवालाहरूका लागि विश्वसनीय हुनुपर्दछ ।

५८८. नेपालमा निर्वाचन व्यवस्थापनको कस्ताकस्ता कार्यमा प्रविधिको प्रयोग गरिएको छ ?

विगतका निर्वाचनहरूमा प्रविधिको प्रयोग निर्वाचनको तीनै चरणमा गरिएको पाइन्छ । विषेश गरी निर्वाचनपूर्वका समयमा मतदाताको नामावली सङ्कलन कार्य गर्न प्रविधिमा आधारित फोटोसहितको मतदाता नामावली कार्यक्रम सञ्चालनमा रहेको छ । विभिन्न आधुनिक प्रविधिहरूको प्रयोग गरी मतदाता शिक्षालाई सम्पूर्ण मतदाताहरूसमक्ष पुऱ्याउन, निर्वाचनलाई विश्वसनीय बनाउन, निर्वाचनका विभिन्न क्रियाकलापहरूमा पारदर्शिता बढाउनलगायतका कार्यमा प्रविधिको प्रयोग गर्ने गरिएको छ । आयोगले उम्मेदवारहरूको दर्ता, दाबी विरोध आदि कार्य सम्पन्न गरी अन्तिम उम्मेदवारको सूची वेभमा प्रकाशित गर्ने कार्यका लागि अनलाइन सफ्टवेयरको प्रयोग गर्दै आएको छ । परिणामतः मतदाताहरूले आफ्नो निर्वाचन क्षेत्रका उम्मेदवारहरूका बारेमा जानकारी पाउन सक्दछन् । निर्वाचन आयोगले निर्वाचन अवधिमा मतदाता तथा सरोकारवालाहरूलाई आवश्यक सूचना, जानकारी तथा सहयोग प्रदान गर्नका लागि प्रविधिमा आधारित कल सेन्टर सञ्चालन गर्ने गरेको छ । त्यसै गरी आधुनिक प्रविधिको प्रयोग गरी निर्वाचनमा सुरक्षा सञ्चारको राम्रो व्यवस्थापन गर्ने गरिएको छ । निर्वाचनलाई पारदर्शी बनाउनका लागि प्रविधिको प्रयोग गरी मतगणनाको परिणाम सोझै मतगणना स्थलबाट आयोगको वेभ साइटमा प्रकाशित गरी मतदाता तथा सरोकारवालाहरूलाई सूचना दिने व्यवस्था गरिएको छ । त्यसै गरी निर्वाचन आयोगले निर्वाचनपश्चात्का समयमा पनि निर्वाचनको समीक्षा, नयाँ रणनीति तर्जुमा, राजनीतिक दल दर्ता र राजनीतिक दल वा उम्मेदवारको खर्च विवरण व्यवस्थापन जस्ता कार्यहरूमा प्रविधिको प्रयोग गरेको छ । यसका अतिरिक्त निर्वाचन आयोगले आफ्नो कार्य क्षमता

तथा कार्य कुशलतामा वृद्धि गरी आगामी निर्वाचनहरूमा सूचना प्रविधिको प्रभावकारी उपयोग गर्न आवश्यक तयारी गरिरहेको छ ।

५८९. फोटोसहितको मतदाता नामावलीमा प्रविधिको प्रयोग कसरी भइरहेको छ ?

मतदाता नामावलीमा हुने शुद्धताले मतदाताको पहिचान तथा मताधिकारको सुनिश्चितता प्रदान गर्दछ । प्रत्येक व्यक्तिको औँठाको छाप फरकफरक हुने भएकाले मतदाता नामावलीमा शुद्धता कायम गर्न औँठा छाप तथा मतदाता पहिचानका लागि मतदाताको फोटोसहितको मतदाता नामावली महत्त्वपूर्ण हुन्छ । यसैका आधारमा निर्वाचन आयोगले मतदाताहरूको नामावली तयार गर्ने प्रयोजनका लागि प्रत्येक मतदाताहरूको व्यक्तिगत विवरणका साथमा विद्युतीय रूपमा औँठा छाप र फोटो सङ्कलन गर्नका लागि Biometric Based Voter Registration System (BBVRS) नामक प्रणाली प्रयोगमा ल्याएको छ । देशभरिबाट यस प्रणालीको प्रयोग गरी सङ्कलन गरिएको मतदाताहरूको तथ्याङ्कमा कुनै मतदाताको नाम दोहोरो पर्न गएको रहेछ भने कम्प्युटरमार्फत त्यस्तो दोहोरोपना हटाउन पनि यस प्रविधिको प्रयोग गरिन्छ । परिणामतः छोटो समयमा मतदाता नामावलीमा रहेको दोहोरोपना हटाई मतदाता नामावलीलाई शुद्ध बनाउन प्रविधिको प्रयोग भइरहेको छ । त्यसै गरी मतदाताको पहिचान गर्ने कार्यलाई सहयोग पुऱ्याउनका लागि मतदाता नामावलीमा मतदाताहरूको फोटोसहित आवश्यक विवरण समेत प्रिन्ट गरिन्छ । फोटोसहितको मतदाता नामावलीका मद्दतले मतदानका दिनमा मतदान स्थलमा मतदाताहरूको पहिचानमा सहयोग पुग्दछ ।

५९०. प्रविधिको प्रयोग गरी अन्तिम मतदाता नामावली कसरी प्रकाशन गरिन्छ ?

कुनै पनि निर्वाचनमा निर्वाचनको विश्वसनीयता, मतदाताको पहिचान, मताधिकारको सुनिश्चितताका लागि शुद्ध मतदाता नामावलीको ठुलो भूमिका रहेको हुन्छ । अतः निर्वाचन आयोगले मतदाता नामावली तयार गर्न प्रविधिको प्रयोग गरी अन्तिम मतदाता नामावलीमा शुद्धता कायम गर्ने कार्य गर्दै आएको छ । आयोगले जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालय तथा समयसमयमा घुम्ती शिविरहरूबाट सङ्कलन गरेको फोटो र औँठा छापसहितको मतदाताको विवरण जिल्ला निर्वाचन कार्यालयमा रहेको सर्भरमा एकीकृत गरी जिल्ला स्तरमा विवरणको रुजु गर्ने कार्य गर्दछ । यसरी रुजु भएको मतदाताको विवरण प्रत्येक जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगमा पठाउँछन् । जिल्लाबाट आयोगमा विवरण प्राप्त भएपश्चात् आयोगले देशभरिका मतदाताहरूको विवरण एकीकृत गरी

दोहोरो परेका विवरणहरू हटाउने कार्य गर्दछ । दोहोरो परेको विवरण हटाएपछि सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको वडामा दाबी विरोध प्रयोजनका लागि मतदाता नामावली प्रकाशन गरिन्छ । यसरी प्रकाशित गरिएको मतदाता नामावलीमा दाबी विरोध भएमा सोहीअनुसार मतदाता नामावली सच्याई अन्तिम मतदाता नामावली प्रकाशित गर्नका लागि आयोगसमक्ष पेस गरिन्छ । आयोगको स्वीकृतिपश्चात् अन्तिम मतदाता नामावली आयोगको वेभ साइटमा प्रकाशित गरिन्छ भने निर्वाचनका समयमा जिल्ला निर्वाचन कार्यालयहरूमार्फत जिल्ला तहमा समेत उपलब्ध गराइन्छ ।

५९१. विद्युतीय मतदान Electronic Voting भनेको के हो ?

पारदर्शी, विश्वसनीय र सुरक्षित कार्य सम्पादनका लागि विभिन्न क्षेत्रमा प्रविधिको प्रयोग गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । २१ औँ शताब्दीमा भएको सूचना प्रविधिको विकाससँगै निर्वाचनमा पनि प्रविधिको प्रयोग बढदै गएको देखिन्छ । विद्युतीय प्रविधि प्रयोग गरी मतदान गर्ने वा मतगणना गर्ने वा मतदान तथा मतगणना दुबै कार्य गर्ने कार्यलाई विद्युतीय मतदान Electronic Voting भनिन्छ । विषेशतः विद्युतीय मतदान Electronic Voting देहायबमोजिम दुई प्रकारका रहेको पाइन्छ :

- मतदाता स्वयम् मतदान केन्द्रमा उपस्थित भई (In Person) विद्युतीय मतदान यन्त्रका सहायताले मतदान गर्ने वा यन्त्रका सहायताले मतगणना गर्ने वा यन्त्रका सहायताले मतदान र मतगणना दुबै गर्ने जसलाई विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) भनिन्छ ।

- मतदाताले मतदान केन्द्रमा उपस्थित नभई आफू रहेको स्थानबाट नै विद्युतीय प्रविधिको प्रयोग गरी मतदान गर्ने (Online) प्रणाली जसलाई i-voting वा e-voting भनिन्छ ।

५९२. विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) भनेको के हो ?

मतदाताहरू मतदान स्थलमा स्वयम् उपस्थित भई मतदान कर्मचारीको प्रत्यक्ष रेखदेखमा यन्त्रको प्रयोग गरी मतदान गर्न तयार गरिएको यन्त्रलाई विद्युतीय मतदान यन्त्र भनिन्छ । विद्युतीय मतदान यन्त्रहरू विभिन्न प्रकारका हुन्छन् । कुनै विद्युतीय मतदान यन्त्रबाट मतदान गर्न मात्र सकिन्छ भने कुनै विद्युतीय मतदान यन्त्र मतगणना गर्न मात्र प्रयोग गरिन्छ । कुनै विद्युतीय मतदान यन्त्रहरू दुवै कार्य मतदान र मतगणना

गर्न सक्ने हुन्छन् । हालसम्म विश्वमा मुख्यत: देहायबमोजिम ६ प्रकारका विद्युतीय मतदान यन्त्रहरू प्रचलनमा रहेका पाइन्छन् :

- Optical Scan Paper Ballot Systems
- Direct Recording Electronic (DRE) Systems
- Ballot Marking Devices & Systems
- Hybrid Voting Systems
- Punch Card Voting Systems
- Mechanical Lever Voting Systems

प्रविधिको विकाससँगै कार्य कुशलता र विश्वसनीयताका कारण माथि उल्लेख गरिएका मध्ये Punch Card Voting Systems र Mechanical Lever Voting Systems हाल आएर विस्थापित हुने क्रममा रहेका छन् ।

५९३. निर्वाचनमा मतदान यन्त्रको प्रयोग कहिलेबाट सुरु भएको पाइन्छ ?



निर्वाचनमा मतदान गर्नका लागि विभिन्न प्रक्रिया र विधिको प्रयोग परापूर्वकालदेखि नै हुँदै आएको पाइन्छ । मतदान गर्दा उम्मेदवारका पक्षमा मानिसहरूको समूह छुट्याई, हात उठाएर, मौखिक रूपमा उम्मेदवारको नाम लिएर मतदान गर्ने प्रक्रिया हुँदै कागजी मतपत्रको प्रयोगसम्म आइपुग्दा कतिपय मुलुकले मतदानका लागि यन्त्रको प्रयोग गर्न थालेको पाइन्छ । निर्वाचनमा मतदान यन्त्रको प्रयोगलाई हेर्दा सन् १८९२ मा Jacob H. Myers Rochester ले तयार गरको lever Voting Machine नै पहिलो मतदान यन्त्रका रूपमा रहेको र यसको पहिलोपटक प्रयोग सन् १८९५ मा न्युयोर्कको काउन्टी निर्वाचनमा भएको थियो । त्यसपछि सन् १९३० मा Punch Card Voting machine, सन् १९७० मा Optical Scanners, सन् १९९१ मा Electronic Voting Machine र सन् २००५ मा Internet Voting को प्रयोग भएको पाइन्छ । निर्वाचनमा प्रविधिले मतदान प्रक्रियालाई

मात्र नसमेट्ने हुनाले निर्वाचनका प्रक्रियामा विविध पक्षहरू मतदाता नामावली दर्ता तथा पहिचान, मतदाता शिक्षा, प्रचारप्रसारलगायतका क्षेत्रमा समेत प्रविधिको प्रयोगको सुरुआत भएको पाइन्छ ।

५९४. विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) का फाइदाहरू केके हुन् ?

प्रविधिले कार्य सम्पादनका क्रममा प्रक्रियालाई सहज बनाउन तथा कम समयमा कार्य सम्पन्न गर्न सहयोग गर्दछ । निर्वाचनमा प्रयोग हुने प्रविधिहरू विभिन्न प्रकारका रहेका र यिनीहरूको प्रकारअनुसार आआफ्नै विशेषताहरू रहेका हुन्छन । अतः सबै प्रकारका प्रविधिमा एकै प्रकारका फाइदाहरू नहुन पनि सक्दछन् । सामान्यतया विद्युतीय मतदान यन्त्रको प्रयोगबाट हुने फाइदाहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- Direct Recording Electronic (DRE) Systems को विद्युतीय मतदान प्रणाली अवलम्बन गरेका अवस्थामा मतपत्रको छपाइ गर्नुनपर्ने भएकाले समय तथा खर्चको बचत हुनुका साथै मतपत्रको छपाइको झन्झट रहँदैन,

- विद्युतीय मतदान प्रणाली अवलम्बन गरेको अवस्थामा मतगणना गर्न कम समय लाग्ने भएका कारण मतपरिणाम छिटो र सहज ढङ्गबाट प्राप्त गर्न सकिन्छ । तर Paper Audit Trail भएको विद्युतीय मतदान प्रणाली अवलम्बन गरेको अवस्थामा यस्तो फाइदा हुँदैन ।

- नयाँ विद्युतीय मतदान यन्त्रले पूर्ण रूपमा निर्वाचनका आधारभूत सिद्धान्तहरूलाई अनुसरण गरेका बारेमा सुनिश्चित हुन सकेमा यसले निर्वाचनको विश्वसनीयतामा अभिवृद्धि गर्दछ,

- विद्युतीय मतदान यन्त्रको प्रयोगले मतदान तथा मतगणनामा मानवीय त्रुटिहरूबाट हुन सक्ने जोखिम कम हुने गर्दछ ।

५९५. विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) का बेफाइदाहरू केके हुन् ?

आम मानिसको बुझाइमा एकपटक विद्युतीय मतदान यन्त्र खरिद गरेपछि भविष्यमा हुने प्रत्येक निर्वाचनमा सोही यन्त्र पटकपटक प्रयोग गरी खर्चमा कटौती गर्न सकिन्छ भन्ने

रहेको पाइन्छ । तर व्यवहारमा उक्त यन्त्रलाई जस्ताको तस्तै प्रयोग गर्न सजिलो हुँदैन । विद्युतीय मतदान यन्त्र सुरुमा खरिद गर्दा ठुलो रकमको लगानी गर्नुपर्ने, यन्त्रको नियमित मर्मतसम्भार गर्नुपर्ने, आवश्यक जनशक्ति तयारी अवस्थामा राख्नुपर्ने, राजनीतिक दल तथा आम मतदाताका लागि निरन्तर मतदाता शिक्षा सञ्चालन गर्नुपर्ने जस्ता कार्यका लागि निरन्तर खर्च जुटाउनुपर्ने हुन्छ । विद्युतीय मतदान यन्त्रको किसिम र प्रकारअनुसार यसका बेफाइदाहरूसमेत फरकफरक रहेका हुन्छन् तथापि सामान्यतया विद्युतीय मतदान यन्त्रका बेफाइदालाई देहायअनुसार उल्लेख गर्न सकिन्छ :

- अघिल्लो निर्वाचनपश्चात् अर्को निर्वाचनसम्म सुरक्षित भण्डारण गर्न, कतिपय पार्टपुर्जाहरू एक निश्चित अवधिपछि फेरबदल गर्न, खरिद मूल्यको निश्चित प्रतिशत रकम प्रत्येक वर्ष यन्त्रको मर्मतसम्भार तथा सुरक्षा खर्चमा समेत लगानी गर्नुपर्ने हुनाले यो प्रविधि खर्चिलो हुन सक्छ ।

- कुनै पनि मुलुक आफैँले विद्युतीय मतदान यन्त्रको उत्पादन गर्न नसक्ने अवस्थामा विद्युतीय मतदान यन्त्रको प्रयोगका लागि विदेशी सङ्घसंस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने हुँदा यसले निर्वाचन व्यवस्थापन निकायलाई विदेशी सङ्घसंस्था वा कम्पनी माथि परनिर्भरता (vendor locking) को अवस्था सिर्जना गर्न सक्दछ । फलस्वरूप ती विदेशी सङ्घसंस्था वा कम्पनीले भनेका समयमा मात्र निर्वाचन गराउनुपर्ने बाध्यता सिर्जना भई निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न कठिनाइ हुन सक्छ ।

- कुनै पनि नयाँ विद्युतीय मतदान यन्त्रको प्रयोगसँगै त्यस प्रणालीअन्तर्गतका नयाँ जोखिमहरू पनि साथसाथै आउने हुँदा त्यसको व्यवस्थापन जटिल हुन सक्छ ।

- विद्युतीय मतदान यन्त्रको प्रयोगबाट गरिने निर्वाचनमा आन्तरिक वा बाह्य पक्षबाट एकमुष्ट (Whole sale) रूपमा प्रभावित गर्ने खतरा रहन सक्छ ।

- समयक्रमसँगै प्रविधिको विकास र परिमार्जनले गर्दा विद्युतीय मतदान यन्त्रमा समेत परिवर्तन हुन सक्ने तथा भइरहेका यन्त्रमा कुनै खराबी देखिएमा त्यसको समाधानका लागि नयाँ यन्त्र खरिद गर्नुपर्ने सम्भावना रहिरहन्छ ।

- नेपालका सन्दर्भमा अवलम्बन गरिएको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, बढीमत प्रणाली, समानुपातिक निर्वाचन प्रणाली तथा बहुमत निर्वाचन प्रणाली र तहगत रूपमा स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय

सभालगायतको निर्वाचनका लागि एउटै विद्युतीय मतदान यन्त्रको प्रयोग गर्न कठिन हुन सक्ने भएकाले फरकफरक यन्त्र सञ्चालनका लागि आर्थिक तथा जनशक्ति व्यवस्थापन बोझिलो हुन सक्छ ।

५९६. विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) का चुनौतीहरू केके हुन् ?

विद्युतीय मतदान यन्त्रले निर्वाचनका आधारभूत सिद्धान्तहरूलाई अनुसरण गरेको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सफ्टवेयर र फर्मवेयरहरूको independent audit भएको वा आफैँले audit गरी विद्युतीय मतदान यन्त्रहरूको छनोट गर्नुपर्ने हुन्छ । कुनै पनि विद्युतीय मतदान यन्त्रको छनोट गर्दा त्यस्ता यन्त्रहरूले निर्वाचनका आधारभूत सिद्धान्तहहरू जस्तै विश्वसनीयता (Credibility), सदाचारिता (integrity), मतको गोपनीयता (ballot secrecy), मतदाताको पहिचान (voter authentication), मतदाताको मताधिकारको सुनिश्चितता (enfranchisement), उपयोगिता (Usability) र उपलब्धता (availability) पूर्ण पालना गरेका बारेमा सुनिश्चित हुन जरुरी हुन्छ। विद्युतीय मतदान यन्त्रको प्रयोग सम्बन्धमा हुने सक्ने चुनौतीहरू देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- विद्युतीय मतदान यन्त्र प्रयोगका सम्बन्धमा मुख्यतया साक्षरता, विद्युतीय सुविधा, भौतिक पूर्वाधार तथा भौगोलिक विविधताको उपयुक्त सम्बोधन गर्नु,
- निरक्षर मतदाता, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सहज हुने गरी विद्युतीय मतदान यन्त्रको छनोट गर्नु,
- प्रत्येक मतदाताले मतदान गर्न सक्ने गरी मतदाता शिक्षा प्रदान गर्नु,
- ढुवानी, सुरक्षा र यन्त्रमा आउन सक्ने खराबीमा तत्काल समाधान गर्नु,
- भौगोलिक तथा वातावरणीय विविधता अनुकूल हुने गरी विद्युतीय मतदान यन्त्रको प्रयोग र सञ्चालन गर्नु,
- नयाँ विद्युतीय मतदान यन्त्रहरू प्रयोग गरी मतदान गर्न समयमा नै मतदातालाई तयार गर्नका लागि भरपर्दो प्रणाली स्थापित गर्नु,
- मतको गोपनीयता सुनिश्चित हुने विषयमा सबै सरोकारवालालाई आश्वस्त पार्नु,

- समयमा नै नयाँ विद्युतीय मतदान यन्त्रहरूको प्राप्ति र परीक्षण गर्ने व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु,
- प्राविधिक जनशक्तिको प्राप्ति, व्यवस्थापन तथा प्रशिक्षण गरी तयारी अवस्थामा राख्नु,
- मतदान यन्त्रको प्रयोगमा राजनीतिक दलहरूको आम सहमति प्राप्त गर्नु,
- प्राविधिक रूपमा बदर मत शून्य हुने भए पनि मतदाताले यन्त्रको प्रयोग गर्दा हुने त्रुटिका कारण आफूले रोजेको उम्मेदवारलाई मतदान नभई फरक परिणाम स्वीकार गर्नुपर्ने अवस्था आउनु ।

५९७. विद्युतीय मतदान यन्त्रको प्रयोगबाट गरिने निर्वाचनमा कस्ताकस्ता जोखिमहरू हुन सक्छन् ?



हरेक नयाँ प्रविधिमा कुनै न कुनै प्राविधिक वा अन्य जोखिम रहेका हुन्छन् जसको व्यवस्थापन गरिनु अत्यन्तै महत्त्वपूर्ण हुन्छ । निर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोगसँगै यसमा समेत जोखिमहरू रहने गर्दछन् । कुनै पनि नयाँ मतदान प्रणाली अवलम्बन गर्दा त्यस प्रणालीअन्तर्गतका नयाँ जोखिमहरू पनि साथसाथै आउने गर्दछन् । विद्युतीय मतदान यन्त्रको प्रयोगबाट हुने निर्वाचनका जोखिमहरूलाई मुख्यतया भित्री, बाहिरी, रिटेल र होलसेल गरी चार क्षेत्रमा विभाजन गरिएका छन् । विद्युतीय मतदान यन्त्रबाट हुने निर्वाचनमा बाहिरी अर्थात निर्वाचन व्यवस्थापन निकायभन्दा बाहिरका व्यक्तिहरूका कारण हुन सक्ने जोखिमहरूलाई बाहिरी जोखिमका रूपमा लिइन्छ । यसमा बाह्यपक्षले यन्त्रमा पहुँच कायम गरी परिणामलाई आफ्नो पक्षमा पार्न सक्ने जोखिम रहन्छ । त्यसै गरी भित्री अर्थात् निर्वाचन व्यवस्थापन निकाय वा यन्त्र उत्पादक कम्पनीका व्यक्तिहरूले यन्त्रको प्रणालीमा पहुँच कायम गरी परिणाम प्रभाव पार्न सक्ने सम्भावना रहन्छ । रिटेल अर्थात् सानो सङ्ख्यामा हुने जोखिमहरू जसमा मतदातालाई प्रभावमा पारी आफ्नो पक्षमा मतदान गर्ने गराउने अवस्था रहन्छ । अर्को महत्त्वपूर्ण जोखिमका रूपमा होलसेल अर्थात् मतमा ठुलो परिवर्तन ल्याउने गरी ठुलो सङ्ख्यामा हुने जोखिम रहेको हुन्छ । विद्युतीय मतदान यन्त्रको प्रयोग

गर्दा होलसेल जोखिमको सम्भावना उच्च रहेको पाइन्छ । यस्ता सम्भावित जोखिमहरूको समयमै सही पहिचान गरी निराकरण गरिनुपर्दछ । अन्यथा निर्वाचनको विश्वसनीयता कायम गर्न निर्वाचन व्यवस्थापन निकायलाई निकै चुनौतीपूर्ण हुन सक्दछ ।

५९८. निर्वाचन व्यवस्थापनमा GPS र GIS भनेको के हो ?

Global Positioning System (GPS) भूउपग्रह पृथ्वीको कुनै पनि भागमा रहेर आफ्नो ठाउँको भूसूचना प्राप्त गर्न सक्ने प्रविधि हो । यस पद्धतिको सुरुआत अमेरिकी सेनाले गरेको हो । सन् १९९६ देखि यो सेवा सर्वसाधारणले समेत प्रयोग गर्न सक्ने गरी निःशुल्क उपलब्ध गराइएको छ । GPS प्रयोगका लागि GPS signal receive गर्न सक्ने कुनै पनि यन्त्र प्रयोग गर्न सकिन्छ । GPS को मद्दतले कुनै पनि स्थानको (longitude, latitude & elevation) अक्षांश, देशान्तर र समुन्द्री सतहभन्दा कर्ता उचाइमा रहेको भन्ने सूचना प्राप्त गर्न सकिन्छ । Geographic Information System (GIS) भनेको भूसूचनाको सही तरिकाले व्यवस्थापन गर्ने सफ्टवेयर प्रणाली हो । जसका मद्दतले भूसूचनाका विभिन्न तथ्याङ्कहरूलाई अभिलेखीकरण एवम् तथ्याङ्कलाई नक्सामा रूपान्तरण गर्दछ । यसरी तयार भएको सूचना तथा नक्साका आधारमा त्यसको विश्लेषण गरी योजना निर्माणमा सहजता ल्याउन सकिन्छ ।

निर्वाचन आयोगले निर्वाचनका विभिन्न चरणमा GPS र GIS प्रयोग गरी आफ्नो कार्य प्रक्रियालाई सहज बनाउन सक्दछ । उदाहरणका लागि निर्वाचनपूर्वका समयमा मतदान स्थलहरू निर्धारण गर्दा GPS र GIS का मद्दतले कुन ठाउमा मतदान स्थल निर्धारण गर्दा त्यस क्षेत्रका मतदाताहरूलाई पायक पर्छ भनी सजिलै पत्ता लगाउन सकिन्छ । साथै निर्वाचन आयोगले हाल कायम भएका मतदान स्थलहरूको विवरण GPS र GIS तथ्याङ्कसहित मतदाता तथा सरोकारवालाहरूलाई उपलब्ध गराएमा सबैले आफ्नो मतदान स्थल कहाँ छ भनी सजिलै पत्ता लगाउन सक्दछन । त्यसै गरी निर्वाचनका समयमा सामग्री व्यवस्थापन र ढुवानीको जटिलता, संवेदनशीलता तथा चुनौतीलाई GPS र GIS प्रविधिको प्रयोगद्वारा सरल, सहज र व्यवस्थित गर्न सकिनुका साथै कुन सामान कहाँ छ भनी सजिलै पत्ता लगाउन सकिन्छ । यदि कुनै कारणवश ढुवानीका क्रममा बाटोमा रोकावट आएका अवस्थामा वैकल्पिक बाटो पत्ता लगाउनसमेत यसले मद्दत गर्दछ । निर्वाचनपश्चात् GPS र GIS का माध्यमबाट निर्वाचनको तथ्याङ्क र बदर मतको तथ्याङ्कसमेत उल्लेख हुने गरी नक्सा तयार गरेमा कुन ठाउँमा बढी बदर मत देखिएको छ सजिलै पत्ता लगाउन सकिन्छ र उक्त नक्साका आधारमा आउने निर्वाचनमा मतदाता शिक्षाको तयारी गर्न मद्दत पुग्दछ ।

५९९. निर्वाचन व्यवस्थापनमा Event Tracking System भनेको के हो ?

निर्वाचनमा मतदान एक दिनको मात्र कार्य भए तापनि त्यसको तयारीका क्रममा देशभरि विभिन्न क्रियाकलापहरू चरणबद्ध रूपमा एकपछि अर्को गर्दै तयारी गर्नुपर्ने हुन्छ । निर्वाचनको तयारीका क्रममा कुनै कार्य वा क्रियाकलाप कुनै एक स्थानमा निर्धारित समयमा सम्पन्न हुन नसकेमा त्यसले पछिका अन्य क्रियाकलाप र कार्यहरूलाई असर गर्ने हुनुका साथै निर्वाचनको तयारीमा पनि बाधा पुग्न सक्छ । निर्वाचनका निर्दिष्ट कार्यहरू समयमा नै सम्पन्न भए नभएको जानकारी प्राप्त गर्न अत्यन्त जरुरी हुन्छ । अतः यस्ता जानकारी प्राप्त गर्न निर्वाचन आयोगले आफ्ना सम्पूर्ण गतिविधिहरूको निगरानीका लागि प्रविधिमा आधारित Event Tracking System प्रयोगमा ल्याउने गर्दछ । निर्वाचन सञ्चालन गर्ने क्रममा हुने विभिन्न क्रियाकलापहरू जस्तै : मतदान अधिकृत मतदान स्थल पुगे नपुको, बुथ निर्माण गरे नगरेको, बैठक राखे नराखेको, मतदान सुरु भए नभएको, कुन समयमा कति मतदान भएको, मतदान सम्पन्न भए नभएको जस्ता क्रियाकलापहरू SMS वा Event Tracking System को माध्यमबाट जानकारी प्राप्त हुन्छ । त्यसै गरी यदि कुनै स्थानमा कुनै कार्यमा बाधा अवरोध हुन गएमा Event Tracking System का मद्दतले त्यस्तो बाधा अवरोध भएको स्थान र समस्याका सम्बन्धमा तत्काल जानकारी प्राप्त गरी त्यस्तो कार्य सम्पन्न गर्न थप मद्दत वा वैकल्पिक व्यवस्था गर्न सकिन्छ ।

६००. निर्वाचन व्यवस्थापनमा Integrated Election Information Management System - IEIMS भनेको के हो ?

प्रविधिको विकाससँगै निर्वाचन आयोगले पनि निर्वाचनलाई विश्वसनीय बनाउनका लागि आधुनिक प्रविधिहरूको प्रयोग गर्दै आएको छ । निर्वाचन सूचनाहरूको व्यवस्थापन र विश्लेषण गर्न प्रयोग गरिने विभिन्न प्रविधिहरूमध्ये निर्वाचन आयोगले प्रयोग गरेको 'एकीकृत निर्वाचन सूचना प्रणाली' अर्थात् Integrated Election Information Management System - IEIMS एक प्रविधि हो । यस प्रविधिका मद्दतले निर्वाचन आयोगले निर्वाचनका समयमा उम्मेदवार मनोनयन, मतगणना, नतिजा घोषणा आदि कार्यहरूको तथ्याङ्कलाई केन्द्रीय सर्भरमा एकीकृत गरी आयोगको वेभसाइटमार्फत छिटो छरितो रूपमा सम्पूर्ण मतदाता तथा सरोकारवालाहरूलाई जानकारी गराउन मद्दत गर्दछ । परिणामतः आयोगका गतिविधिहरू पारदर्शी भई सरोकारवालाहरूसमक्ष आयोगको विश्वसनीयता बढाउनमा मद्दत गर्दछ । Integrated Election Information Management System - IEIMS

प्रयोग गरी निर्वाचनपश्चात् पनि निर्वाचनसम्बन्धी विभिन्न तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन कार्य गर्न सकिन्छ ।

६०१. निर्वाचन व्यवस्थापनमा Election Result Information System - ERIS भनेको के हो ?

मतदानको कार्य सम्पन्न भएपछि मतपरिणाम कस्तो आउने हो भन्ने विषय सबै मतदाता तथा सरोकारवालामा चासोको विषय बन्ने र सकेसम्म चाँडो परिणाम थाहा पाउने अपेक्षा रहेको हुन्छ । यस्ता अवस्थामा निर्वाचन परिणाम प्रकाशन गर्न मतगणनाको सूचना सङ्कलन, व्यवस्थापन, विश्लेषण र सम्प्रेषण गर्नका लागि प्रयोग गरिने एक प्रणाली नै निर्वाचन परिणाम सूचना प्रणाली हो । निर्वाचन आयोगले मतगणना कार्यको पारदर्शिताका लागि सबै मतगणना स्थलबाट मतगणना कार्यका नतिजाहरू केही समयको अन्तरालमा सार्वजनिक गर्ने गर्दछ । यसरी सार्वजनिक गरिएको मतगणनाको नतिजामा देशभरिका सबै मतदाता तथा सरोकारवालाहरूको सहज पहुँचका लागि निर्वाचन आयोगको वेभसाइट तथा निर्वाचन आयोगको मोबाइल एपमार्फत पनि सार्वजनिक गर्ने गर्दछ । Election Result Information System - ERIS त्यही सफ्टवेयर हो जसका मद्दतले प्रत्येक मतगणना स्थलबाट मतगणना कार्यका नतिजाहरू सोझै निर्वाचन आयोगको सर्भरमा प्रविष्ट गरिन्छ । यो वेबमा आधारित प्रणाली भएकाले यसमा प्रविष्ट मतगणनाको विवरण तत्काल वेब तथा मोबाइल एपको माध्यमबाट सबैले हेर्न सक्ने गरी सार्वजनिक हुन्छ ।

६०२. आयोगको वेबसाइटमा निर्वाचनसम्बन्धी कस्ता जानकारी एवम् सूचना उपलब्ध हुन्छन् ?

निर्वाचन आयोगका गतिविधि तथा क्रियाकलापहरूलाई सार्वजनिक गर्नका लागि आयोगको आफ्नो छुट्टै वेबसाइट सञ्चालनमा रहेको छ । आयोगले आफ्नो वेबसाइटका माध्यमबाट सारोकारवालाहरूसँग सम्पर्क समन्वय गर्नेलगायतका कार्यहरू गर्ने गरेको छ । आयोगका महत्त्वपूण निर्णयहरू तथा रणनीतिक योजना, नीति, निर्वाचनसम्बन्धी कानुनहरूसमेत आयोगको वेबसाइटमा उपलब्ध हुन्छन् । आयोगले निर्वाचनसँग सम्बन्धित अन्तिम मतदाता नामावली, विगतका निर्वाचनको उम्मेदवारहरूको नामावली, सम्पूर्ण निर्वाचनको परिणाम, आयोगका गतिविधिहरू, आयोगको प्रेस विज्ञप्ति, आयोगका प्रकाशनहरू, मतदाता शिक्षा सामग्री, निर्वाचन सूचना तथा शिक्षासम्बन्धी सामग्रीलगायतका सूचना सामग्रीहरू आयोगको वेबसाइटमा उपलब्ध

गराएको हुन्छ । मतदाताले आफ्नो नाम अन्तिम मतदाता नामावली रहे नरहेको तथा आफ्नो मतदान स्थलसम्बन्धी विवरणसमेत हेर्न सक्ने गरी सूचना उपलब्ध गराइएको छ । आयोगले आफ्नो सूचना तथा सन्देश प्रवाह गर्न Mobile Apps को विकास गर्नुका साथै Facebook, Twitter तथा Youtube को समेत प्रयोग गर्ने गरेको छ । वेव साइट www.election.gov.np.

६०३. निर्वाचन व्यवस्थापनका कुनकुन क्षेत्रमा प्रविधिको प्रयोग गर्न सकिन्छ ?

आजका सन्दर्भमा प्रविधिमा भएको विकासका कारण निर्वाचन व्यवस्थापनका तीनवटै निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचनपश्चात्को चरण र प्रक्रियामा कुनै न कुनै रूपमा प्रविधिको प्रयोग गर्न सकिन्छ । प्रविधिको प्रयोगले निर्वाचन गतिविधिका प्रक्रियालाई व्यवस्थित बनाउँदै व्ववस्थापकीय कार्य क्षमता अभिवृद्धि गर्न सकिन्छ । नेपालमा निर्वाचन व्यवस्थापनका लागि देहायका क्षेत्रमा प्रविधिको प्रयोग गर्न सकिन्छ :

- मतदाता नामावली सङ्कलन,
- मतदाता शिक्षा,
- निर्वाचन जोखिम व्यवस्थापन,
- राजनीतिक दल दर्ता, नियमन र मूल्याङ्कन,
- मतदान स्थल निर्धारण,
- निर्वाचन क्षेत्र निर्धारण,
- निर्वाचन तालिम,
- सामग्री ढुवानी,
- निर्वाचन सुरक्षा,
- निर्वाचन अनुगमन र पर्यवेक्षण,
- निर्वाचन विवाद निरूपण,
- मतदान,

- मतगणना र परिणाम सार्वजनिक,
- निर्वाचनसम्बन्धी तथ्याङ्क विश्लेषण ।

६०४. निर्वाचन व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय स्तरमा केकस्ता प्रविधि प्रयोग भएका छन् ?

द्रुत गतिमा सूचना प्रविधिमा भएको विकासका कारण निर्वाचन व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न आधुनिक सूचना प्रविधिको प्रयोग भएको पाइन्छ । विषेश गरी मतदाता शिक्षाका लागि सामाजिक सञ्जाल तथा इन्टरनेटको प्रयोग बढी मात्रामा गर्ने गरिएको पाइन्छ । त्यस्तै गरी अन्तिम मतदाता नामावली तयार गर्नका लागि निर्वाचन व्यवस्थापन निकाय आफैँले दर्ता कार्यक्रम सञ्चालन गर्नुको सट्टा अन्य सरोकारवाला निकायसँग समन्वय कायम गरी Automatic Voter Registration Program लागु गरेको पाइन्छ । निर्वाचन सामग्री व्यवस्थापन तथा निर्वाचन स्थल निर्धारणमा GPS र GIS प्रणाली प्रयोग हुने गर्दछ । कतिपय मुलुकले मतदान तथा मतगणनाका लागि प्रविधिको प्रयोग गर्ने गरेका छन् । अन्तर्राष्ट्रिय परिप्रेक्षमा विद्युतीय मतदान प्रणालीको विश्वसनीयता (Credibility), सदाचारिता (integrity), मतको गोपनीयता (ballot secrecy), मतदाताको पहिचान (voter authentication), मतदाताको मताधिकारको सुनिश्चितता (enfranchisement), विद्युतीय मतदान प्रणालीको पारदर्शिता (transparency), मतदाताले प्रदान गरेको मतको पुनःजाँच (verifiability), उपयोगिता (usability) र उपलब्धता (availability) जस्ता विषयको सुनिश्चितता गरी विद्युतीय मतदान प्रणालीको प्रयोग गर्ने गरेका छन् ।

६०५. विश्वमा विद्युतीय यन्त्रको प्रयोग गरी निर्वाचन गर्ने देशहरू कुनकुन हुन ?

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा ब्राजिल, इन्डिया, भुटान, नामिबिया र भनेजुएलाले मात्र मतदानका लागि विद्युतीय मतदान यन्त्रको पूर्ण रूपमा प्रयोग गरेको पाइन्छ । त्यसै गरी



अर्जेन्टिना बेल्जियम, क्यानाडा, फ्रान्स, इरान, रसिया र अमेरिकाले आंशिक रूपमा विद्युतीय मतदान यन्त्र प्रयोग गरेको देखिन्छ । हाल आएर विद्युतीय मतदान यन्त्रलाई परीक्षणका रूपमा प्रयोग गर्ने मुलुकहरूमा वङ्गलादेश, बुल्गेरिया, डेमोक्रेटिक रिपब्लिक कङ्गो, इन्डोनेसिया, इराक, किर्गिस्तान, मङ्गोलिया र फिलिपिन्स रहेका छन् । विद्युतीय मतदान यन्त्रको परीक्षण गरेको तर प्रयोगमा नल्याएको देश आयरल्यान्ड हो । जर्मनी, नेदरल्यान्ड र पाराग्वेले विद्युतीय मतदान यन्त्रको प्रयोग गरेको भए पनि पुन कागजी मतपत्रबाट मतदान गर्ने प्रक्रिया प्रारम्भ गरेको पाइन्छ ।

६०६. नेपालमा परीक्षणका रूपमा विद्युतीय मतदान यन्त्रको प्रयोग कहिले गरिएको थियो ?

नेपालमा निर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोग गर्न भारत सरकारको अनुदान सहयोगमा २०० थान नियन्त्रण एकाइ र ८०० थान मतदान अर्थात् मतपत्र एकाइसहित विद्युतीय मतदान यन्त्र उपलब्ध भएको थियो । तत्कालीन अवस्थामा उक्त सङ्ख्यामा प्राप्त विद्युतीय मतदान यन्त्र धेरै निर्वाचन क्षेत्रमा प्रयोग गर्न असम्भव भएकाले परीक्षणका रूपमा वि.सं. २०६४ सालको संविधान सभा सदस्य निर्वाचनमा काठमाडौँ क्षेत्र नं. १ मा विद्युतीय मतदान यन्त्रको प्रयोग गरिएको थियो । वि.सं. २०७१ सालमा काठमाडौँ निर्वाचन क्षेत्र नं. २, चितवन निर्वाचन क्षेत्र नं. ४, बर्दिया निर्वाचन क्षेत्र नं. १, कैलाली निर्वाचन क्षेत्र नं. ६ र बाग्लुङ निर्वाचन क्षेत्र नं. १ मा सम्पन्न भएको संविधान सभा सदस्य उपनिर्वाचनमा समेत विद्युतीय मतदान यन्त्र प्रयोग गरिएको थियो । परीक्षण गरिएका विद्युतीय मतदान यन्त्र Direct Recording Electronic (DRE) Systems का यन्त्रहरू रहेका थिए । परीक्षणका रूपमा प्रयोग गरिएका उपर्युक्त विद्युतीय मतदान यन्त्र प्रयोगका क्रममा प्राविधिक समस्या देखिएको थिएन ।

६०७. नेपालमा विद्युतीय मतदान यन्त्रको प्रयोग कसरी गर्न सकिएला ?

पछिल्लो समयमा केही मुलुकहरूले मतदानका लागि विद्युतीय मतदान यन्त्रको प्रयोग गर्ने गरेको पाइन्छ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । विद्युतीय मतदान यन्त्रको प्रयोग गर्दा निर्वाचन चक्रको सबै चरण र प्रक्रियामा यन्त्र खरिद, सञ्चालन, भण्डारण, मरमत सम्भार, मतदाता शिक्षालगायतका शीर्षकमा गरिनुपर्ने वित्तीय खर्चको विश्लेषण गरिनुपर्दछ । कुनकुन तहको निर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोग गरिने हो सोहीअनुरूप निर्वाचनका सिद्धान्तहरू अवलम्बन

गरिएका मतदान यन्त्रको छनोट गर्नुपर्दछ । मतदानमा प्रयोग गरिने यन्त्रमा रहन सक्ने कमजोरीका कारण ह्याकरहरूले त्यसको फाइदा लिई मत परिणाम आफूअनुकूल परिवर्तन गर्न सक्ने सम्भावनालाई विश्लेषण गरी न्यूनीकरणको उपाय अवलम्बन गरिनुपर्दछ । विदेशमा निर्मित विद्युतीय मतदान यन्त्रको स्वामित्व हस्तान्तरण, विद्युतीय मतदान यन्त्रमा प्रयोग भएको प्रविधि तथा ज्ञानको हस्तान्तरण, त्यसको सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक जनशक्तिको उत्पादन आदि विषयमा विश्लेषण गरी उपयुक्त व्यवस्थापन गर्नुपर्दछ । विद्युतीय मतदान यन्त्रको प्रयोगसम्बन्धी निर्णय लिनुपूर्व देहायका विषयमा नीतिगत निर्णय लिई मतदान यन्त्रको प्रयोग गर्न सकिन्छ :

- कुनकुन निर्वाचनमा कस्तो विद्युतीय मतदान यन्त्र प्रयोग गर्ने,
- विद्युतीय मतदान यन्त्र प्रयोगसम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्ने,
- प्रयोगकर्ता साइडमा हुने जोखिम न्यूनीकरण गर्न केकस्ता उपायहरू अवलम्बन गर्ने तथा उल्लङ्घन गर्नेलाई केकस्ता सजायको व्यवस्था गर्ने ?
- सर्वर साइडमा हुने जोखिम न्यूनीकरण गर्न केकस्ता उपायहरू अवलम्बन गर्ने तथा उल्लघन गर्नेलाई केकस्ता सजायको व्यवस्था गर्ने ?
- विदेशवाट हुन सक्ने जोखिमका हकमा केकस्तो व्यवस्था गर्ने ?
- एकल र होलसेल जोखिम न्यूनीकरण गर्न केकस्ता उपायहरू अवलम्बन गर्ने तथा त्यस्ता कार्य गर्नेलाई केकस्ता सजायको व्यवस्था गर्ने ?
- विद्युतीय मतदान प्रणालीमा हुन सक्ने अपराधको अनुसन्धान, तहकिकात र न्यायिक व्यवस्था कस्तो हुने ?
- विदेशबाट भएको अपराधको अनुसन्धान र सुनुवाइ कहाँ र कसरी गर्ने ?
- विदेशमा रहेका मतदाताको मताधिकार सुनिश्चित गरिएका अवस्थामा मतदाताले मतदान गर्ने विषय कसरी व्यवस्थापन गर्ने ?
- विद्युतीय मतदान यन्त्र एकैपटक खरिद गर्दा ठुलो वित्तीय व्ययभार पर्ने भएकाले सोको कसरी व्यवस्थापन गर्ने ?

- विद्युतीय मतदान मेसिनको नतिजाको पुनः मतगणना गर्न सकिने व्यवस्था (verifiability) पेपर ट्रायल अडिट कसरी व्यवस्थापन गर्ने ?

- निर्वाचन गर्दा चरणबद्ध रूपमा अलगअलग मितिमा निर्वाचन गर्ने नीति अवलम्बन गरी न्यून सङ्ख्यामा विद्युतीय मतदान यन्त्रको प्रयोगमार्फत निर्वाचन सम्पन्न गर्ने व्यवस्था मिलाउने,

- मुलुकभर सबै निर्वाचनमा एकैपटक प्रयोग नगरी प्रदेशगत, तहगत, जिल्लागत गरी क्रमिक रूपमा मुलुकभर मतदान यन्त्रको प्रयोग गर्ने नीति अवलम्बन गर्ने ।

उपर्युक्त विषयमा नेपाल सरकार, राजनीतिक दलहरू र निर्वाचन सरोकारवालाको आम सहमतिमा विद्युतीय मतदान यन्त्रको उपयोग गर्ने वातावरण बनेमा आयोगले विद्युतीय मतदान यन्त्रको प्रयोग गरी निर्वाचन गर्ने जिम्मेवारी निर्वाह गर्न सक्छ ।

९.२ निर्वाचनमा आमसञ्चार

६०८. आमसञ्चार भन्नाले के बुझिन्छ ?

आम नागरिकलाई सूचना प्रवाह गर्ने कार्य आमसञ्चार हो । परम्परागत रूपमा आमसञ्चार माध्यमका रूपमा पत्रपत्रिका, रेडियो र टेलिभिजन प्रसारणलाई बुझ्ने गरिथ्यो । हाल आएर सबै किसिमका छापा माध्यम, रेडियो, टेलिभिजन, अनलाइन, सामाजिक सञ्जाल, डिजिटल बोर्ड, सडक नाटक, पोस्टर पम्प्लेटलगायतलाई आमसञ्चार माध्यमका रूपमा लिने गरिएको छ । आम मानिससम्म पहुँच राख्न सक्ने छापा र प्रसारणका सञ्चार माध्यम नै आमसञ्चार भएकाले यस्ता सञ्चार माध्यम एकैपटक ठुलो सङ्ख्यामा दर्शक तथा श्रोतासमक्ष पुग्न सक्दछन् । समाजमा आमसञ्चारको ठुलो प्रभाव रहने हुनाले लोकतान्त्रिक मुलुकहरूमा आमसञ्चारले शक्तिशाली, व्यापक र महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणमा स्वतन्त्र र स्वायत्त सञ्चार महत्त्वपूर्ण मानिन्छ । आमसञ्चारलाई मुख्यतः छापा र विद्युतीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यस्ता माध्यमहरूले समाचार र सूचना प्रकाशन तथा प्रसारण मात्र गर्ने नभई गीत, सङ्गीत, कथा, सिरियल, नाटक जस्ता मनोरञ्जनात्मक कार्यक्रमहरूमार्फत समाजलाई सुसूचित गर्ने तथा सामाजिक जागरण ल्याउन सहयोग गर्ने गर्दछन् ।

६०९. निर्वाचनमा आमसञ्चार भन्नाले के बुझिन्छ ?

आमसञ्चार लोकतन्त्रको अपरिहार्य विषय भएकाले सञ्चार माध्यमबिनाको निर्वाचन प्रायः असम्भव हुन्छ । स्वच्छ र स्वतन्त्र निर्वाचनमा मतदाताको स्वतन्त्रता तथा सही रूपमा मतदान गर्ने तरिकालाई मात्र नभई राजनीतिक दलको नीति, कार्यक्रम, प्रतिबद्धता तथा उम्मेदवारका सम्बन्धमा पर्याप्त जानकारी सम्प्रेषण हुनुपर्दछ । यसका अतिरिक्त निर्वाचनमा सहभागितात्मक प्रक्रियालाई बढवा दिई सार्वजनिक बहसमार्फत सुसूचित नागरिक तयार गर्ने विषयसमेत स्वच्छ र स्वतन्त्र निर्वाचनका आधारभूत विषय हुन् । यसरी निर्वाचनको प्रक्रिया, अभ्यास र पारदर्शिता जस्ता विषय आम नागरिकसम्म पुऱ्याउने माध्यम नै निर्वाचनमा आमसञ्चार हो । अतः सार्वजनिक निकायको हस्तक्षेपबिना नागरिकले स्वतन्त्रतापूर्वक सञ्चार माध्यमबाट निर्वाचनसम्बन्धी सूचना र अभिव्यक्तिहरू प्राप्त गर्न पाउनुलाई नै निर्वाचनमा आमसञ्चार भन्ने गरिन्छ ।

६१०. निर्वाचनमा आमसञ्चारको भूमिका कस्तो रहेको हुन्छ ?

निर्वाचनका समयमा आमसञ्चारले उम्मेदवार तथा दलका कार्यक्रमका सम्बन्धमा रिपोर्टिङ गर्ने, उम्मेदवारहरूबिच बहसका लागि मञ्च उपलब्ध गराउने, उम्मेदवारको सन्देश मतदातासम्म पुऱ्याउने, निर्वाचन अभियानका घटनाहरूका सम्बन्धमा रिपोर्टिङ गर्ने तथा मतदातालाई उनीहरूको अधिकार कसरी प्रयोग गर्ने भन्नेबारे जानकारी गराउने कार्य गर्नुपर्दछ । यसका साथै चुनावी प्रक्रियाको निगरानी, निर्वाचनका दिन भएका क्रियाकलापको सार्वजनिक रिपोर्टिङसमेत आमसञ्चारले गर्नुपर्दछ । सामान्यतया आमसञ्चारले निर्वाचनका समयमा मतदाता, दल तथा उम्मेदवारको अधिकार, कर्तव्य र जिम्मेवारी एवम् आमसञ्चारको स्वतन्त्रताका विषयमा काम गर्दछन् । यसका अतिरिक्त निर्वाचनमा सहभागिता अभिवृद्धि गर्नमा आमसञ्चारको भूमिका देहायबमोजिम हुने गर्दछ :

- निर्वाचन व्यवस्थापन निकाय तथा अन्तर्गतबाट निर्वाचन सञ्चालनका सम्बन्धमा भइरहेका गतिविधिको प्रचारप्रसार तथा कमीकमजोरीको रिपोर्टिङ गर्ने,
- निर्वाचन सञ्चालनमा निर्वाचन सरोकारवालाहरूले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गरे नगरेका सम्बन्धमा निगरानी गर्ने,
- मतदाताहरूलाई मताधिकार प्रयोग गर्न सिकाउने,

- दल, उम्मेदवार तथा निर्वाचन व्यवस्थापन निकायको प्रचारप्रसारको मञ्चका रूपमा कार्य गर्ने तथा चुनावी अभियान र प्रचारप्रसारको रिपोर्टिङ गर्ने,
- राजनीतिक दल र उम्मेदवारको सन्देश मतदातासम्म पुऱ्याउन तथा बहसका लागि मञ्च प्रदान गर्ने,
- नागरिकलाई उनीहरूको विचार र आवश्यकताहरू राजनीतिक दल, उम्मेदवार, निर्वाचन व्यवस्थापन निकाय, सरकार तथा अन्य मतदाताहरूसम्म पुऱ्याउन एवम् यस विषयमा संवादका लागि मञ्च प्रदान गर्ने,
- निर्वाचन प्रक्रियाको निष्पक्षता, दक्षता तथा मतपरिणामको रिपोर्टिङ गर्ने,
- निर्वाचन विवाद तथा हिंसा रोक्न मद्दत गर्ने,
- निर्वाचन प्रक्रियामा निगरानीकर्ताका रूपमा कार्य गर्ने ।

६११. निर्वाचनमा आमसञ्चार अनुगमन भनेको के हो ?

निर्वाचनको अवधिमा सञ्चार माध्यममा प्रकाशित प्रसारित सामग्रीको गुणात्मक र मात्रात्मक विश्लेषणको कार्य नै निर्वाचनमा आमसञ्चारको अनुगमन हो । आमसञ्चार अनुगमनमा छापा, प्रसारण तथा अनलाइन सञ्चार माध्यम समेतबाट हुने तथ्याङ्क वा सूचना सङ्कलन, प्रकाशन र प्रसारण तथा निर्वाचनसम्बन्धी सामग्रीको विश्लेषण एवम् परिणाम प्रकाशन कसरी गरिएका छन् भन्ने विषय समावेश भएको हुन्छ । यसअन्तर्गत सञ्चार माध्यममा निर्वाचनसम्बन्धी सूचना कभरेज, विभिन्न दलहरूसँग सम्बन्धित प्रचारात्मक प्रकाशनको सङ्ख्या, आकार, स्तम्भ, समय र प्रत्यक्ष पहुँच तथा कार्यक्रमहरूको सङ्ख्याका सम्बन्धमा मात्रात्मक एवम् गुणात्मक विश्लेषण र मापन गर्ने गरिन्छ । निर्वाचनमा आमसञ्चार अनुगमनको कार्य सन् १९९० को दशकदेखि एक विशेष कार्यका रूपमा प्रारम्भ भएको पाइन्छ । आमसञ्चार अनुगमनमा नियमनका लागि भइरहेको संरचनालाई विशेष अधिकारसहित जिम्मेवार बनाएर वा नयाँ संयन्त्र तयार गरी अनुगमनको कार्य गरिन्छ । यसमा आमसञ्चार, मतदाता तथा उम्मेदवारहरूद्वारा स्वतन्त्र रूपमा अभिव्यक्त गरिएका विचारका आधारमा निर्वाचन कत्तिको निष्पक्ष भएको थियो भनी मूल्याङ्कन गर्ने आधारहरूसमेत समावेश गरिन्छ । निर्वाचनमा आमसञ्चारको अनुगमनले निर्वाचनमा विवाद तथा हिंसा हुन नदिन कार्य गरे नगरेको, महिला तथा अल्पसङ्ख्यकको सहभागितालाई प्रोत्साहन गरे नगरेको,

आमनागरिकमा निर्वाचन तथा मतदाता साक्षरता बढाउने कार्य भए नभएको, सदाचारिता प्रवर्द्धन र लोकतन्त्रको संस्थागत विकासका लागि कार्य गरे नगरेको, आचारसंहिताअनुरूप कार्य भए नभएको, आचारसंहिता विपरीत कार्य भएको पाइएमा नियामक निकायबाट कारबाही भए नभएको लगायतका विषयमा समेत अनुगमन गरिनुपर्दछ । सामान्यतया आमसञ्चार अनुगमनको कार्य निर्वाचन व्यवस्थापन निकाय, आमसञ्चार माध्यम नियामक निकाय, राष्ट्रिय नागरिक समाजका संस्थाहरू, अन्तर्राष्ट्रिय वा राष्ट्रिय पर्यवेक्षण टोली र निर्वाचन व्यवस्थापन निकायद्वारा गठित संयन्त्रबाट गर्ने गरिन्छ ।

६१२. निर्वाचनमा आमसञ्चार अनुगमन किन आवश्यक हुन्छ ?

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउनका लागि निर्वाचन आयोगले विभिन्न व्यक्ति, राजनीतिक दल, संस्था वा निकायले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी जारी गरेको हुन्छ । यस्तो आचारसंहितामा आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरणहरूसमेत निर्दिष्ट गरिएको हुन्छ । निर्वाचन अवधिमा आमसञ्चार माध्यमबाट त्यस्तो आचरणको पालना भए नभएको यकिन गर्न, पालना नभएको भए पालना गराउन आमसञ्चारका माध्यमबाट प्रकाशन तथा प्रशारण हुने समाचार, कार्यक्रम, सूचना तथा अन्य गतिविधिहरूको निगरानी गर्न, सूचना सङ्कलन गर्न, विश्लेषण गर्न र आवश्यक सुधारात्मक कार्यहरू गर्नका लागि आमसञ्चार अनुगमन गर्ने गरिन्छ । निर्वाचनका सन्दर्भमा आमसञ्चारको अनुगमन गर्ने कार्य निर्वाचन आयोग र आयोगले तोकेका निकायबाट हुने गर्दछ । स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न, निर्वाचनसम्बन्धी सूचना जानकारी आधिकारिक रूपमा प्रवाह गर्न, आमसञ्चारका माध्यमका लागि आयोगले निर्धारण गरेको आचारसंहिताको कार्यान्वयन सुनिश्चित गर्न तथा निर्वाचन सञ्चालन र व्यवस्थापनमा आमसञ्चार माध्यमले निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी रूपमा भए नभएको जानकारी लिन आमसञ्चार अनुगमन आवश्यक हुन्छ ।

६१३. निर्वाचनमा आमसञ्चारले पालना गर्नुपर्ने आचरणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ?

निर्वाचनमा सञ्चार माध्यमको आचरणले सञ्चार माध्यम र पत्रकारहरूलाई निर्वाचनका समयमा पालना गर्नुपर्ने सिद्धान्त, मार्गदर्शन र निर्देशन प्रदान गर्दछ । यस्तो मर्गदर्शन पत्रकारहरूको सङ्घ वा ट्रेड युनियन, मिडिया हाउस, आमसञ्चार

नियामक निकाय तथा निर्वाचन व्यवस्थापन निकायद्वारा जारी गर्ने गरिन्छ । आचारसंहितामा निर्वाचनको सूचना सम्प्रेषणका सम्बन्धमा पत्रकार तथा आमसञ्चार माध्यमसँग सान्दर्भिक विषयहरू समावेश गरिएका हुन्छन्, जसले निर्वाचनको स्वच्छता, स्वतन्त्रता तथा पहुँचको व्यापकतालाई बढवा दिएको हुन्छ । निर्वाचनको शुद्धता, निष्पक्षता, इमानदारिता, वित्तीय सुशासन र सदाचारिताको अभिवृद्धि तथा हिंसा वा भेदभावको न्यूनीकरण गर्न सोहीअनुरूपको भाषा प्रयोग एवम् गलत तथ्यलाई सुधार गर्न रिपोर्टिङ गर्ने जस्ता विषयहरूसमेत आचारसंहितामा समेटिएको हुन्छ । निर्वाचन रिपोर्टिङका लागि पत्रकारहरूको आचारसंहितामा सामान्य नैतिक मापदण्ड र जिम्मेवारीको मिश्रण समावेश हुन सक्छ, जुन सबै परिस्थितिमा लागु हुनुका साथै निर्वाचन अवधिका लागि विशेष निर्दिष्ट हुन्छन् । निर्वाचनमा आमसञ्चारले पालना गर्नुपर्ने आचरण सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा देहायबमोजिमका विषयहरू समेटेको पाइन्छ :

- सही र पूर्वाग्रहबिना रिपोर्टिङ गर्ने,
- पत्रकारले तथ्यका आधारमा मात्र सूचना सम्प्रेषण गर्नुपर्ने,
- पत्रकारले आवश्यक जानकारी दबाउन वा लुकाउन नहुने,
- विश्वासका आधारमा पत्रकारलाई प्राप्त सूचनाको स्रोतमा व्यावसायिक गोपनीयता अवलम्बन गर्नुपर्ने,
- पत्रकारले एक पक्षीय रूपमा नभई सन्तुलित ढङ्गले सूचना सम्प्रेषण गर्नुपर्ने,
- पत्रकारले उम्मेदवार र राजनीतिक दलहरूको धारणा प्रत्यक्ष रूपमा र उनीहरूकै शब्दमा रिपोर्ट गर्ने अरूले उल्लेख गरेबमोजिम गर्न नहुने,
- जात जाति, लिङ्ग, भाषा, धर्म, क्षेत्र, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव वा हिंसालाई बढावा दिन वा खलल पुऱ्याउन सक्ने भाषाको प्रयोग वा भावना व्यक्त गर्न नहुने,
- कुनै पनि राजनीतिककर्मी वा उम्मेदवारबाट कुनै प्रकारको लाभ प्राप्त गर्न नहुने,

- पत्रकारले बौद्धिक सम्पतिको चोरी, द्वेषपूर्ण भाषा वा अभिव्यक्ति, घृणास्पद विचार तथा बोली, कुनै लाभ वा लालचमा कसैको विचारको प्रकाशन वा प्रसारण जस्ता विषयलाई गम्भीर अपराधका रूपमा लिनुपर्ने,

- निर्वाचनमा नतिजा प्रक्षेपणका लागि एक्जिट पोलका माध्यमबाट अध्ययन गर्न पाउने अवस्थामा यस्तो अध्ययनमा कति जना र कोकोसँग अन्तर्वार्ता गरिएको थियो भन्ने कुरा स्पष्ट उल्लेख गर्नुपर्ने ।

६१४. सामाजिक सञ्जाल भन्नाले केलाई बुझिन्छ ?

सामाजिक सञ्जाललाई सामान्यतया प्रयोगकर्ताले उत्पादन गरेको सामग्री (User Generated Content - UGC) दोहोरो संवाद र सञ्चारका लागि तयार गरिएको वेब वा मोबाइलमा आधारित प्लेटफर्मका रूपमा बुझिन्छ । सामाजिक सञ्जालले कुनै एकल स्रोत वा एक स्थिर वेबसाइटको सट्टामा प्रयोगकर्ताले उत्पादन गरेको सामग्री प्रयोगकर्ताहरूमाझ एक अर्कामा शेयर गर्नका लागि डिजाइन गरिएको विशेष प्लेटफर्मलाई जनाउँदछ । सामाजिक सञ्जाल इन्टरनेटको प्रयोगद्वारा विचार, सूचना जानकारी आदानप्रदान गर्नका लागि बनाइएको एक माध्यम भएकाले सबै इन्टरनेट साइटहरू वा प्लेटफर्महरूले यसको परिभाषा पूरा गर्दैनन् । किनकि केही वेबसाइटहरूले श्रोतासँग अन्तर्क्रियाका लागि कुनै प्रावधान नै गरेका हुँदैनन् । यस्ता प्रकारका प्लेटफर्महरूमा प्रकाशित सामग्रीका सम्बन्धमा प्रयोगकर्ताहरूलाई आफ्नो प्रतिक्रिया पोस्ट गर्न दिने तर त्यससम्बन्धमा दोहोरो संवाद नहुने गरी नियन्त्रित गरिएको हुन्छ । हाल सामाजिक सञ्जालको प्रमुख प्लेटफर्महरूमा फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब, भिमेओ, ब्लग, फ्लिकर, लिङ्क्डइन र गुगल प्लस रहेका भए पनि सामाजिक सञ्जाललाई यसमा मात्र सीमित गर्न सकिँदैन । सामाजिक सञ्जालको प्रयोगलाई हेर्दा विभिन्न देशहरूमा भिन्नभिन्न सामाजिक सञ्जालको प्रयोग भएको पाइन्छ । उदाहरणका लागि क्लोब (इरान), ओर्कुट (ब्राजिल, भारत), साइवर्ल्ड (दक्षिण कोरिया), फ्रेन्डस्टर (दक्षिण पूर्वी एसिया), ग्रोनो नेट (पोल्यान्ड), हाई (एसियाका केही भाग, मध्य अफ्रिका र ल्याटिन अमेरिका), मिक्सी (जापान), स्पेस (रसिया) र सिना वेइबो (मुख्य भूमि चीन) समेत सामाजिक सञ्जालका रूपमा प्रयोग भएको पाइन्छ ।

६१५. निर्वाचनमा सामाजिक सञ्जाल भन्नाले केलाई बुझिन्छ ?

निर्वाचनसम्बन्धी जानकारी, सूचना, गतिविधिहरू सामाजिक सञ्जालका माध्यमबाट आम नागरिक, मतदाता तथा सरोकारवालासम्म पुऱ्याउनका लागि सामाजिक सञ्जालको प्रयोग गरिनुलाई निर्वाचनमा सामजिक सञ्जाल भनिन्छ । निर्वाचनमा सामाजिक सञ्जालले यसको उपयोग मात्र नभई नियमनसमेतलाई जनाउँदछ । निर्वाचन व्यवस्थापन निकायले आफ्ना सूचना, जानकारी तथा क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधताअनुरूप सबै नागरिक, मतदाता तथा सरोकारवालहरूलाई सम्बोधन गर्ने गरी सहज रूपमा पुऱ्याउन सक्दछ । यसै गरी राजनीतिक दल, उम्मेदवार, उनीहरूका प्रतिनिधि, समर्थक, शुभेच्छुकहरूले प्रचारप्रसारका लागि समेत सामीजिक सञ्जालको प्रयोग गर्दछन् । यसलाई पनि निर्वाचनमा सामाजिक सञ्जालका रूपमा नै लिनुपर्दछ । यसरी प्रयोग गरिने सामाजिक सञ्जालबाट निर्वाचनको स्वच्छता, स्वतन्त्रता, पारदर्शिता र विश्वसनीयतामा कुनै असर नपरेको सुनिश्चित गर्नका लागि सामाजिक सञ्जालको नियमन गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा सन् २००८ मा अमेरिकी राष्ट्रपति पदको चुनावमा तत्कालीन सिनेटर बराक ओबामाले निर्वाचन प्रचारप्रसारका लागि पहिलोपटक सामाजिक सञ्जालको प्रयोग गरेको पाइन्छ ।

६१६. निर्वाचन आयोगले कहिलेदेखि निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग सुरु गरेको हो ?

निर्वाचन आयोगले आफ्ना क्रियाकलापहरू विद्युतीय माध्यमबाट प्रकाशन गर्न सर्वप्रथम वि.सं. २०५६ मा आफ्नो वेबसाइट सञ्चालनमा ल्याएको थियो । आयोगको वेबसाइटको प्रयोगसँगै वि.सं. २०५६ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको नतिजा वेबसाइटमार्फत प्रकाशन गर्ने कार्य सुरुआत गरियो । उक्त समयदेखि हालसम्म आयोगले आफ्नो वेबसाइट निरन्तर रूपमा अध्यावधिक र सञ्चालन गरी विभिन्न सूचना तथा जानकारीहरू प्रवाह गरिरहेको छ । वि.सं. २०७४ मा सम्पन्न भएका तीनै तहका निर्वाचनका अवधिमा वि.सं. २०७३ चैत १५ गतेदेखि आयोगले सामाजिक सञ्जाल प्रयोग गरी औपचारिक रूपमा मतदाता शिक्षा प्रदान गर्न सुरु गरेको हो । हाल निर्वाचन आयोगले फेसबुक, युट्युब र ट्विटरलाई सामाजिक सञ्जालका औपचारिक मञ्चका रूपमा प्रयोग गरिरहेको छ । प्रेस विज्ञप्ति प्रकाशनका लागि वेबसाइट, प्रयोग हुँदै आएको छ भने सामान्य सूचना, भिडियो, अन्तर्वार्ता, निर्वाचन सूचना तथा शिक्षा सामग्री, सार्वजनिक सूचना प्रकाशनका लागि युट्युबको प्रयोग गर्दै आएको छ । अर्को संविधान

सभा सदस्य निर्वाचन २०७० मा आयोगले सञ्चार माध्यम अनुगमनअन्तर्गत सामाजिक सञ्जाल अनुगमनका लागि समेत पहल गरेको थियो । त्यसै गरी आयोगले वि.सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचन र वि.सं. २०७६ सालमा सम्पन्न सबै तहको उपनिर्वाचनमा सामाजिक सञ्जालको प्रयोग तथा सञ्जालमा सम्प्रेषण भएका सूचना तथा जानकारीको अनुगमन गर्न सुरु गरेको छ ।

६१७. निर्वाचन व्यवस्थापन निकायले सामाजिक सञ्जालको प्रयोगबाट कसरी फाइदा लिन सक्छ ?

सामाजिक सञ्जाल आधुनिक प्रविधिमा आधारित एक सञ्चार माध्यम हो जसले दोहोरो सञ्चारको कार्य गर्दछ । निर्वाचन प्रक्रिया प्रभावकारी, वैधानिक र विश्वसनीयताका साथ सञ्चालन भएको सुनिश्चित गर्नु तथा निर्वाचनमा सहभागिता अभिवृद्धि गराउनु निर्वाचन व्यवस्थापन निकायका लागि महत्त्वपूर्ण हुन्छ । उदीयमान सामाजिक सञ्जालका माध्यमद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने विशेषतः युवा तथा दूरदराजमा रहेका मतदाताहरूलाई निर्वाचनको सूचना प्रदान, गुनासो सुनुवाइ तथा निर्वाचनमा सहभागिता अभिवृद्धि गराउन सकिन्छ । सामजिक सञ्जालले निर्वाचन व्यवस्थापन निकायलाई नागरिकहरूसँग दोहोरो संवाद गर्दै निर्वाचन प्रक्रियाका बारेमा व्यापक रूपमा सूचना तथा जानकारी प्रदान गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धिमा समेत मद्दत पुऱ्याउँछ । सामाजिक सञ्जालको प्रयोगबाट निर्वाचन व्यवस्थापन नियकाले लिन सक्ने फाइदाहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- सूचना प्रदान गर्न तथा मतदातासँग दोहोरो संवाद गर्ने,
- सूचना सङ्कलन गरी आफ्नो कार्यक्रम, गतिविधि र सूचनाहरू कम खर्चमा आम नागरिकसम्म पुऱ्याउने,
- लक्षित समूह, लिङ्ग, वर्ग, शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकताअनुसार सूचना सामग्री सम्प्रेषण गर्ने,
- निर्वाचन प्रक्रियाका बारेमा श्रव्यदृष्य सामग्रीमार्फत मतदान प्रक्रिया जानकारी गराउने,
- मतदाता नामावली दर्ता तथा मतदान गर्ने मतदाताहरूको सङ्ख्या अभिवृद्धि गर्ने,

- निर्वाचनमा सहभागिताका लागि नागरिक स्तरबाट अनुगमन गर्ने गराउने,
- निर्वाचन प्रक्रिया सम्बन्धमा निर्वाचन व्यवस्थपन निकायलले पृष्ठपोषण लिने,
- मतदाताले निर्वाचन व्यवस्थापनका सम्बन्धमा सोझै जानकारी लिने र दिने,
- निर्वाचनका प्रक्रियामा पारदर्शिता र पहुँच बढाई नागरिक सहभागिता अभिवृद्धिका लागि अवसर सिर्जना हुने ।

६१८. निर्वाचनमा सामाजिक सञ्जालका चुनौतीहरू केके हुन सक्दछन् ?

सामाजिक सञ्जालमा सम्प्रेषण हुने सूचना सामग्री प्रयोगकर्ताको निजी विचार हुने र यसको सम्पादन वा सेन्सर गर्न सक्ने कुनै प्रविधिको विकास नभएको हुँदा सामाजिक सञ्जालमा प्रयोगकर्ताले आफूले चाहेको विषय सम्प्रेषण गर्न सक्ने भई कतिपय अवस्थामा भ्रामक वा गलत सूचनासमेत सम्प्रेषण हुन सक्ने हुन्छ । सामाजिक सञ्जालको प्रयोगबाट जति छिटो छरितो रूपमा सूचना, जानकारी तथा क्रियाकलापहरूको प्रवाह गर्न सकिन्छ त्यति नै गलत वा भ्रामक सूचना सम्प्रेषण भई अफवाह फैलन सक्ने अवस्था रहन्छ । सामाजिक सञ्जाल एक यस्तो माध्यम हो जसबाट निमेष भरमै लाखौँ श्रोता वा प्रयोगकर्तासम्म सूचना प्रवाह गर्न सकिन्छ । यस्तो अवस्थामा निर्वाचन व्यवस्थापनसम्बन्धी कुनै एक मात्र गलत सूचना प्रवाह भएका खण्डमा यसले निर्वाचनको समग्र प्रक्रियामाथि नै चुनौती सिर्जना गर्न सक्दछ । समान्यतया निर्वाचनमा सामजिक सञ्जालका चुनौतीहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- गलत सूचना प्रवाह,
- अपव्याख्या,
- विदेशबाट समेत सहज पहुँच हुने हुँदा वैदेशिक प्रभाव,
- नकारात्मक टिप्पणीहरू,
- झुटो साइट र एकाउन्ट,
- झुटा वा भ्रामक समाचार,

- बोट्स,
- क्लिक बोएट्स,
- गहिरो भ्रम,
- निन्दा वा मान हानि ।

६१९. सामाजिक सञ्जालमा गलत सूचना प्रवाह (Disinformation) भन्नाले के बुझिन्छ ?

सामाजिक सञ्जाल धेरैभन्दा धेरै लक्षित वर्गसम्म सूचना तथा जानकारी एवम् ज्ञान उपलब्ध गराउन सक्ने माध्यमका रूपमा स्थापित हुँदै गएको छ । सामाजिक सञ्जालका माध्यमबाट कसैले आफ्नो फाइदाका लागि हुँदै नभएको कार्य वा उक्त विषय सम्बन्धमा बढाई चढाई सूचना तयार तथा प्रकाशन गर्नुलाई गलत सूचना प्रवाह (Disinformation) भनिन्छ । यस्तो सूचना प्रवाह गर्ने व्यक्तिले त्यस्तो कार्य वास्तवमा नै भए गरेको हो भन्ने जसरी प्रस्तुत गर्ने र उक्त सूचना पाउने व्यक्तिले त्यसको पुस्ट्याइँ नगरी जस्ताको तस्तै बुझ्ने हुनाले गलत सूचना प्रवाह र प्रपोगान्डा सामाजिक सञ्जालमा भाइरल हुने गरेको पाइन्छ । सामाजिक सञ्जालमा हुने यस्ता गलत सूचना प्रवाह कानुनी व्यवस्थाका विरुद्ध हुनुका साथै यसले आम नागरिकमा गहिरो भ्रम सिर्जना गर्न सक्ने हुनाले सामाजिक सञ्जालको उपयोग गर्दा गलत सूचना प्रवाहबाट पर्ने नकारात्मक प्रभावलाई केकसरी व्यवस्थापन गर्ने भन्ने विषयमा समेत ध्यान दिनुपर्दछ ।

६२०. सामाजिक सञ्जालमा निर्वाचनका समयमा गलत सूचना प्रवाहको प्रभाव न्यूनीकरण कसरी गर्न सकिन्छ ?

सामाजिक सञ्जालमा प्रवाह हुने गलत सूचना सामग्रीले मतदाताहरूमा भ्रम सिर्जना गर्ने, अनधिकृत सूचनाहरू प्रदान गर्ने, उम्मेदवारको चरित्रहत्या गर्ने, निर्वाचन प्रक्रियाको मर्यादा र निर्वाचन व्यवस्थापन निकायको विश्वसनीयतामाथि जोखिम सिर्जना गर्न सक्छ । यस्तो सूचना सामग्रीलाई तत्कालै व्यवस्थापन गर्नका लागि उपयुक्त कदम चालिनुपर्छ । निर्वाचन व्यवस्थापन निकायले गलत सूचना प्रवाह न्यूनीकरणका लागि सूचनाको स्रोत जाँच गरी आधिकारिक निकायबाट सम्प्रेषित सूचना सामग्रीहरूमा मात्र विश्वास गर्न मतदाता तथा सरोकारवालाहरूको सचेतना अभिवृद्धि गर्नुपर्दछ । त्यसै गरी सामाजिक सञ्जालका मञ्च, नियमनकारी निकाय, सरोकारवाला निकाय, राजनीतिक दल र नागरिक समाजसँग सम्पर्क-सम्बन्ध स्थापित गर्ने, गलत सूचना प्रवाहलाई न्यूनीकरण र

त्यस विरुद्ध लड्ने उपाय एवम् विधिहरू स्थापित गर्ने तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई सूचनाको सही स्रोत समावेश भएको सामग्री मात्र प्रचारप्रसार गर्न प्रोत्साहित गरी निर्वाचन व्यवस्थापन निकायले गलत सूचना प्रवाहको प्रभाव न्यूनीकरण गर्न सक्दछ ।

६२१. निर्वाचन अवधिमा सामाजिक सञ्जालसम्बन्धी चुनौतीहरू कस्ता हुन सक्दछन् ?

निर्वाचनमा सबै सामाजिक सञ्जालमा केके भइरहेको छ भन्ने विस्तृत जानकारी राख्न सम्भव हुँदैन । सामाजिक सञ्जालका मञ्चहरूमा केकस्तो सूचना वा सामग्रीलाई नियमन गर्ने र त्यसको खोजी कसरी गर्ने भन्ने विषयको निर्णय गर्नु नै सामजिक सञ्जाल अनुगमनको एक महत्त्वपूर्ण चुनौती हो । यसका लागि स्थानीय परिवेश तथा मानिसहरूको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी बानीव्यवहारका बारेमा राम्रो जानकारी हुनु आवश्यक हुन्छ । निर्वाचन अवधिमा देहायबमोजिमका तरिका र प्रकारबाट सामाजिक सञ्जालसम्बन्धी चुनौतीहरू आउन सक्छन् :

- **झुटा वा भ्रामक समाचार (Fake/Junk News)** : आफ्नो निहित फाइदाका लागि अनधिकृत सूचना वा जानकारी सम्प्रेषण वा प्रकाशन गर्नु नै झुटो वा भ्रामक समाचार हो । जसमा सामान्यतया परम्परागत माध्यम वा सामाजिक सञ्जालमार्फत दुष्प्रचार वा गलत सूचना फैलाउने गरिन्छ । यस्ता समाचार कुनै व्यक्ति, निकाय, दललाई हानी पुऱ्याउने मनसायले वा प्रचारमा आउनका लागि नियतवश प्रकाशित गरिन्छन् ।

- **बोट्स (Bots)** : स्वचालित रूपमा सन्देशहरू पठाउन तथा संवाद गर्नका लागि प्रयोग गरिने प्रविधिलाई बोट्स भनिन्छ । यस्ता प्रविधिहरू अरूका खाता पछ्याउने (फलो गर्ने) तथा प्रतिक्रिया पठाउने आदि कार्य गर्नका लागि प्रोग्राम गरिएका हुन्छन् । सर्वसाधारणमाझ गलत सूचना र दुष्प्रचार फैलाउन, मानिसहरूको दृष्टिकोणमा नकारात्मक प्रभाव पार्न, कसैको छवि धमिल्याउन र साइबर आक्रमणका लागि बोट्सलाई प्रयोग गर्ने गरिन्छ ।

- **क्लिक बेएट्स (Click Baits)** : प्रयोगकर्तालाई आफ्नो लिङ्कमा क्लिक गर्न मन लाग्ने बनाउनका लागि सनसनीपूर्ण शीर्षक र तस्बिरहरू राखेर आफ्नो वेबसाइटमा आगन्तुकहरूको सङ्ख्या बढाउनका लागि प्रयोग गरिने प्रविधि क्लिक बेएट्स हो । प्रचार पाउनका लागि वा प्रयोगकर्ताहरूलाई आफ्नो

वेबसाइट/खातातर्फ आकर्षित गर्नका लागि यसमा प्रायः झुटा वा अपूर्ण जानकारी राखिएका हुन्छन् ।

- **गहिरो भ्रम (Deep fakes)** : गहिरो भ्रम एक यस्तो तरिका हो, जसमा कृत्रिम बुद्धिमता (Artificial Intelligence) को प्रयोग गरी श्रव्यदृष्य सामग्री उत्पादान गरी सोको प्रयोगमार्फत विद्यमान तस्बिर, आवाज र भिडियोको मिश्रणबाट द्वेषपूर्ण दुस्प्रचार र भ्रामक समाचार तयार गरिन्छ ।

- **निन्दा वा मानहानि (Hate Speech or Defamation)** निन्दा एक यस्तो प्रकारको अभिव्यक्ति हो, जसलाई कुनै एक व्यक्ति, समूह, दल वा संस्थाप्रति आक्रमण स्वरूप वा घृणा अभिव्यक्त गर्नका लागि कुनै व्यक्ति वा समूहले प्रयोग गर्छन् । चुनावी प्रक्रियामा नकारात्मक प्रभाव पार्नका लागि पनि यस प्रकारका अभिव्यक्ति प्रयोग गर्न सकिन्छ ।

६२२. सामाजिक सञ्जालामा अपव्याख्या (Misinterpretation) भन्नाले के बुझिन्छ ?

सामजिक सञ्जाल छोटो समयमा आफ्ना गतिविधि, सूचना तथा जानकारीहरू धेरै प्रयोगकर्ताहरूसम्म पुऱ्याउनका लागि सजिलो माध्यमका रूपमा स्थापित हुँदै आएका सन्दर्भमा सामाजिक सञ्जालमार्फत व्यक्ति, सङ्घसंस्था, सरकारी निकायहरूले समेत आफ्ना सूचना, जानकारी वा गतिविधिहरू सम्प्रेषण गर्ने प्रचलन बढ्दो छ । यसरी सामाजिक सञ्जालमा सम्प्रेषण गरिएका हरेक सूचना वा जानकारीहरू सम्प्रेषणकर्ताले जुन प्रयोजन, अर्थ र मनसायले सम्प्रेषण गरेको हो सोही प्रयोजन, अर्थ र मनसायमा पाठक वा स्रोताले व्याख्या नगरी आफू अनुकूल व्याख्या वा परिभाषा गरिनुलाई अपव्याख्या (Misinterpretation) भनिन्छ । यस्तो अपव्याख्या व्यवस्थापनका लागि किन र कुन उद्देश्यसहित यस्तो सूचना वा जानकारीको अपव्याख्या गरिएको हो भन्ने सम्बन्धमा अनुसन्धान वा खोज गर्ने तथा यसरी गरिएको अपव्याख्याका विरुद्ध यथार्थ के हो भन्ने विषयमा सम्बन्धित निकायले स्पष्टताका लागि तत्काल त्यस विषयको सम्बोधन गर्नुपर्दछ ।

६२३. सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी भन्नाले के बुझिन्छ ?

सामाजिक सञ्जाल दोहोरो संवाद गर्न सकिने गरी सञ्चालनमा रहने माध्यम हो । यसमा प्रयोगकर्ताहरूले आफ्ना विचारहरू प्रस्तुत गर्न तथा अरूका विचारहरूमा प्रतिक्रिया व्यक्त गर्न समेत पाउँदछन् । कहिलेकाहीँ मानिसहरूले सामाजिक सञ्जालमा पोस्ट

गरिएको कुनै सामग्री र अन्य व्यक्तिका बारेमा नकारात्मक टिप्पणी गर्ने गर्छन् । नकारात्मक टिप्पणी अर्थात् घृणायुक्त अभिव्यक्ति भन्नाले बोली, इसारा वा लेखाइका माध्यमबाट कसैलाई लक्षित गरी चरित्रहत्या वा कुनै प्रकारको क्षति पुऱ्याउने उद्देश्यले गरिने अभिव्यक्ति भन्ने बुझिन्छ । यसरी गरिने टिप्पणीलाई सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी भनिन्छ । पछिल्लो समयमा सामाजिक सञ्जालको प्रयोग बढेसँगै यस्ता नकारात्मक टिप्पणी सामाजिक सञ्जालमा व्यापक रूपमा देखिने गरेका छन् । निर्वाचनका समयमा आफ्नो प्रतिस्पर्धीका विरुद्ध यस्ता नकारात्मक टिप्पणी सामाजिक सञ्जालमार्फत प्रकाशन र सम्प्रेषण हुने गरेको पाइन्छ । यस्ता नकारात्मक टिप्पणीले निर्वाचनको आचारसंहिता उल्लङ्घन गर्नुका साथै निर्वाचनको माहौललाई नै प्रदूषित गरी निर्वाचनको विश्वसनीयतामा खलल पुऱ्याउँदछ । नकारात्मक टिप्पणीलाई व्यवस्थापन गर्नु अत्यन्तै महत्त्वपूर्ण र आवश्यक विषय हो । नकारात्मक टिप्पणीहरूमा तत्कालै उत्तर नदिने, सुपरिवेक्षकलाई सोधेर त्यहीअनुरूप कदम चाल्ने, सकारात्मक रूपमा उत्तर दिने तथा टिप्पणीकर्ताको सवाललाई सम्भव भएसम्म समाधान गर्ने र उनीहरूका जिज्ञासाहरूको उत्तर दिने जस्ता कार्यबाट व्यवस्थापन गर्न सकिन्छ ।

६२४. सामाजिक सञ्जलामा झुटो साइट र एकाउन्ट (Fake sites and Accounts) भन्नाले के बुझिन्छ ?

प्रयोगकर्तालाई कुनै विषय हो वा होइन भनी विश्वास दिलाउनका लागि सूचना वा सन्देशहरू उत्पादन र प्रेषित गर्न कुनै चिरपरिचित व्यक्ति वा निकायका नाममा अनधिकृत रूपमा सञ्चालन गरिएको वेबसाइटलाई झुटो साइट र गलत विवरणसहित प्रयोगकर्ता खाता सञ्चालन गर्नुलाई झुठो एकाउन्ट भनिन्छ । यस्ता साइटहरूले गलत, भ्रामक तथा झुठ्ठा सूचना वा जानकारी उत्पादन गर्ने गरी आम प्रयोगकर्तासम्म फैलाउने काम गर्छन् । आफ्ना साइटमा धेरैभन्दा धेरै मानिसहरूलाई आकर्षित गर्न यी साइटहरूले झुटो समाचार र हल्लाहरू फैलाउने काम गर्छन् । त्यसै गरी कतिपय व्यक्तिले आफूप्रति धेरैभन्दा धेरै मानिसहरूलाई आकर्षित गर्न र अनुयायीको सङ्ख्या बढाउँदै अनुचित फाइदा लिनका लागि झुटो एकाउन्टको प्रयोग गर्ने गर्दछन् । यस्ता झुटो साइट र एकाउन्टको व्यवस्थापनका लागि सम्बन्धित निकायमा ती सामाजिक सञ्जालका एकाउन्टबारे उजुरी गर्ने तथा यी साइटहरूलाई कालो सूचीमा राखी आवश्यक कारबाही चलाउने गरी कानुनी व्यवस्था र आवश्यक संस्थागत संरचनाको विकास गरिनुपर्दछ ।

६२५. निर्वाचन अवधिमा समाजिक सञ्जालमा सम्प्रेषित गलत सूचना तथा जानकारी पहिचान कसरी गर्न सकिन्छ ?

सामाजिक सञ्जालमा प्रकाशित वा सम्प्रेषित सूचना वा जानकारी गलत वा सही के हुन भनी पहिचान गर्नका लागि विभिन्न तरिका वा विधि अवलम्बन गर्ने गरेको पाइन्छ । जसमध्ये केही विधि वा तरिकालाई देहायअनुसार प्रस्तुत गर्न सकिन्छ :

- **तथ्याङ्क विश्लेषण (Data Analysis)** : सान्दर्भिक स्रोतबाट प्राप्त पृष्ठपोषण र समाचारका तथ्याङ्कको विश्लेषणले गलत सूचना पहिचानमा मद्दत गर्छ । तथ्याङ्क र प्रयोगकर्ताका व्यवहारको विश्लेषणका लागि विभिन्न विश्लेषणात्मक औजारहरूको प्रयोग गर्न सकिन्छ ।

- **संवेदनशीलता विश्लेषण (Sentiment Analysis)** : सामाजिक वार्तालापको विश्लेषणका लागि बोलीचालीको भाषा प्रशोधन (Natural Language Processing) को प्रयोग गरेर कुनै पनि विषयको पक्ष वा विपक्षमा प्रकाशित वा सम्प्रेषित सामग्रीको विश्लेषण गरिने तरिकालाई संवेदना विश्लेषण भनिन्छ । निर्वाचन व्यवस्थापन निकायका सम्बन्धमा आम नागरिक, मतदाता तथा सरोकारवालाहरूको कस्तो धारणा रहेको छ भन्ने विश्लेषणका लागि यसको प्रयोग गर्न सकिन्छ । यसबाट आयोगप्रतिको धारणा सकारात्मक, तटस्थ र नकारात्मक कस्तो रहेको छ भन्ने पत्ता लगाई थप सुधारका योजना बनाउन सकिन्छ ।

- **विशेष शब्दहरूको निगरानी (Keyword Tracking)** : लाखौँ प्रयोगकर्ताहरूले प्रत्येक दिन सामाजिक सञ्जालमा धेरै सङ्ख्यामा सामग्री वा विचारहरू सम्प्रेषण गर्ने भएकाले निर्वाचन व्यवस्थापन निकायसँग सम्बन्धित सामग्री मात्र छनोट गर्नका लागि विशेष शब्दहरूको निगरानी विधि प्रयोग गर्न सकिन्छ । यस प्रविधिको प्रयोगले भ्रामक, गलत वा नकारात्मक सामग्रीको अनुगमन गर्नमा सहजता हुन्छ ।

- **सामाजिक सञ्जालका मञ्चहरूसँग सूचना आदानप्रदानका लागि साझेदारी** : सामाजिक सञ्जालका मञ्च र निर्वाचन आयोगबिच सूचना र तथ्याङ्क आदानप्रदानका लागि आपसी सम्झौता गरी झुठ्ठा, भ्रामक वा गलत सूचना सामग्रीमाथि नियन्त्रण कायम गर्न सकिन्छ ।

- **अनुगमनका लागि अन्य संस्थाहरूसँग साझेदारी** : निर्वाचन व्यवस्थापन निकायले अनुगमनका लागि अन्य संस्थाहरूसँग साझेदारी गरी बाह्य मानवस्रोत परिचालन गर्न सक्छ ।

६२६. सामाजिक सञ्जाल अनुगमनका लागि केकस्ता औजारहरूको प्रयोग हुन सक्दछ ?

धेरै ठुलो सङ्ख्यामा रहने सामाजिक सञ्जालका प्रयोगकर्ताहरूले क्षणभरमा नै ठुलो सङ्ख्यामा सूचना सामग्री प्रकाशन वा सम्प्रेषण गर्न सक्दछन् । यसरी प्रकाशन सूचना सामग्री परम्परागत रूपमा एकएक गरी अनुगमन गर्न कठिन हुने भएकाले यस्ता सूचना वा जानकारीको अनुगमनका लागि विभिन्न औजारहरूको प्रयोग गर्ने गरेको पाइन्छ । जसमध्ये केही औजार, विधि वा तरिकालाई देहायअनुसार प्रस्तुत गर्न सकिन्छ :

- **गुगल एलर्ट (Google alerts)** : गुगल एलर्टमार्फत विशेष शब्दहरूको निगरानी गर्ने । सान्दर्भिक विषयमा नयाँ सामग्री आउनेवित्तिकै गुगल एलर्टले इमेलबाट सूचित गरिदिन्छ ।

- **मिडिया टुलकिट (Media toolkit)** : सामाजिक सञ्जालको अनुगमनका लागि एक सःशुल्क औजार ।

- **सामाजिक सञ्जालभित्र नै भएका विश्लेषणात्मक औजारहरू** : फेसबुक इन्साइट्स, ट्विटर एनालिटिक्स्, युट्युब इन्साइट्स्, गुगल एनालिटिक्स जस्ता औजारले हाम्रो आफ्नै सञ्जालमा भएका सामग्रीको विश्लेषण गर्ने ।

- **अन्य औजारहरू** : सामाजिक सञ्जालको प्रकृतिअनुसार हाल उपलब्ध तथा भविष्यमा उपलब्ध हुन सक्ने अन्य औजारहरू पनि आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ ।

६२७. नेपालका सन्दर्भमा निर्वाचनका समयमा आउन सक्ने सामाजिक सञ्जालसम्बन्धी चुनौतीको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

निर्वाचन राजनीतिक निर्णयको प्रमुख माध्यम हो । निर्वाचनमार्फत जनताले कुन दल वा उम्मेदवारलाई विजयी गराउने भन्ने निर्णय गर्दछन् । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगमार्फत आम मतदातामा गलत, भ्रामक वा झुटा सूचना प्रवाह गरी आफ्ना पक्षमा ल्याउनका लागि दल तथा उम्मेदवारलगायत तिनका शुभेच्छुक, समर्थक

र कार्यकर्ताले सामाजिक सञ्जलाको गलत प्रयोग गर्न सक्दछन् । यस्ता सूचना वा जानकारीहरू सङ्कलन र व्यवस्थापनका सम्बन्धमा विभिन्न सामाजिक सञ्जालका मञ्चहरूबाट तथ्याङ्क सङ्कलन, सोसम्बन्धमा तत्काल चालिनुपर्ने कदम र स्पष्टीकरण, धेरै तथ्याङ्कमा काम गर्नुपर्ने विषय, अनुगमनका लागि मानव स्रोत व्यवस्थापन तथा विदेशबाट सञ्चालन हुने वेबसाइटको नियन्त्रण जस्ता विषय निकै चुनौतीपूर्ण हुन्छन् । यस्तो चुनौतीलाई व्यवस्थापन गर्न देहायबमोजिमका उपायहरू अवलम्बन गर्न सकिन्छ :

- सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी नीति, रणनीति तथा आवश्यक निर्देशिकाहरू तयार गर्ने,
- सामाजिक सञ्जाल अनुगमन तथा नियमनका लागि स्रोत, साधन र अधिकारसहित आवश्यक संयन्त्र तयार गरी क्रियाशील तुल्याउने,
- सामाजिक सञ्जालमा भ्रामक, गलत सूचना प्रवाह तथा अपव्याख्याको स्रोत पहिचान गरी आवश्यक कानुनी कारबाही गर्ने,
- सामाजिक सञ्जालामा पोस्ट भएको भ्रामक वा गलत सूचना सामग्री हटाउनका लागि सामाजिक सञ्जाल मञ्चहरूसँग सहकार्य गर्ने,
- पहिचान भएका झुटा वेबसाइट र गलत एकाउन्टहरू खारेज गर्नका लागि नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय गर्ने,
- सामाजिक सञ्जाल दुरुपयोगका विषयलाई निर्वाचन कानुन तथा आचारसंहितामा समावेश गर्ने,
- गलत वा भ्रामक सूचना सामग्री पहिचानका लागि सर्वसाधारणलाई सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।

परिच्छेद - १०

निर्वाचनका विविध पक्षहरू

६२८. मानव अधिकारको विश्वव्यापी घोषणापत्रले निर्वाचनमा नागरिकको राजनीतिक अधिकारसम्बन्धी कस्तो व्यवस्था गरेको छ ? ४३३

६२९. शासकीय प्रक्रियामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग कसरी हुन्छ ? ४३३

६३०. निर्वाचनका सरोकारवाला भन्नाले कसलाई बुझिन्छ ? ४३४

६३१. नेपालका सन्दर्भमा निर्वाचनका मुख्य सरोकारवालाहरू कोको हुन् ? ४३५

६३२. निर्वाचनमा सरोकारवालाहरूको मूभिका कस्तो हुन्छ ? ४३६

६३३. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा ककसको भूमिका महत्त्वपूर्ण हुन्छ ? ४३७

६३४. निर्वाचनमा राजनीतिक दलको भूमिका कस्तो रहेको हुन्छ ? ४३७

६३५. निर्वाचनका अवधिमा उम्मेदवारको भूमिका कस्तो रहेको हुन्छ ? ४३८

६३६. निर्वाचनमा स्थानीय, प्रदेश र सङ्घीय सरकारको भूमिका कस्तो रहेको हुन्छ ? ४३९

६३७. निर्वाचनमा सुरक्षा निकायको भूमिका कस्तो रहेको हुन्छ ? ४३९

६३८. निर्वाचनमा नागरिक समाजको भूमिका कस्तो रहेको हुन्छ ? ४४०

६३९. नागरिक समाजका संस्थाका रूपमा सामुदायिक सिकाइ केन्द्र र टोलविकास संस्थाहरूले निर्वाचनका क्रियाकलापहरूमा कसरी सहयोग गर्न सक्दछन् ? ४४१

६४०. निर्वाचन सरोकारवालाका रूपमा मतदाताका अधिकारहरू केके हुन् ? ४४२

६४१. निर्वाचनमा मतदाताले ध्यान दिनुपर्ने कुराहरू केके हुन् ? ४४३

६४२. मतदाताका मुख्यमुख्य कर्तव्य केके हुन् ? ४४४

६४३. मतदाताले मताधिकारको किन प्रयोग गर्नुपर्छ ? ४४५

६४४. निर्वाचनमा प्राध्यापक तथा शिक्षकको भूमिका कस्तो रहेको हुन्छ ? ४४६

६४५. निर्वाचनमा विद्यार्थी तथा युवा वर्गको भूमिका कस्तो रहेको हुन्छ ? ४४७

६४६. निर्वाचनमा विकास साझेदार संस्थाको भूमिका कस्तो रहेको हुन्छ ? ४४८

६४७. निर्वाचन समीक्षाका प्रक्रियामा ककसको भूमिका महत्त्वपूर्ण हुन्छ ? ४४९

६४८. निर्वाचन क्षेत्र भनेको के हो ? ४५०

६४९. नेपालमा निर्वाचन क्षेत्र निर्धारण आयोगका सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ? ४५०

६५०. निर्वाचन क्षेत्र निर्धारणसम्बन्धमा कस्तो कानुनी व्यवस्था रहेको छ ? ४५१

६५१. निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा Gerrymandering भन्नाले के बुझिन्छ ? ४५२

६५२. निर्वाचन क्षेत्रको पुनरावलोकन सम्बन्धमा केकस्ता अन्तर्राष्ट्रिय अभ्यास रहेका छन् ? ४५३

६५३. निर्वाचनमा तथ्याङ्क व्यवस्थापन किन महत्त्वपूर्ण हुन्छ ? ४५४

६५४. निर्वाचनका सन्दर्भमा युवा भन्नाले कसलाई बुझिन्छ ? ४५५

६५५. वि.सं. २०७४ सालको विभिन्न तहको निर्वाचनमा युवा सहभागिता र प्रतिनिधित्व कस्तो रहेको छ ? ४५६

६५६. निर्वाचनमा युवा सहभागिता कसरी वृद्धि गर्न सकिन्छ ? ४५६

६५७. निर्वाचनमा None of The Above - NOTA भन्नाले के बुझिन्छ ? ४५७

६५८. NOTA सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ? ४५८

६५९. बाह्य मतदान Out of country voting/Overseas voting भनेको के हो ? ४५८

६६०. Out of country voting/Overseas voting सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ? ४५९

६६१. नेपालमा Out of country voting/Overseas voting को व्यवस्थापन कसरी गर्न सकिन्छ ? ४६०

६६२. Absentee Voting भनेको के हो ? ४६१

६६३. Postal Voting भनेको के हो ? ४६१

६६४. Early Voting भनेको के हो ? ४६२

६६५. Online Voting भनेको के हो ? ४६२

६६६. In-Person Voting भनेको के हो ? ४६३

६६७. Compulsory Voting भनेको के हो ? ४६३

६६८. Online Registration भन्नाले के बुझिन्छ ? ४६३

६६९. Compulsory Registration भनेको के हो ? ४६४

६७०. Out of country voter registration भनेको के हो ? ४६४

६७१. दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding भन्नाले के बुझिन्छ ? ४६५

६७२. दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ? ४६५

६७३. नेपालमा केकसरी दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding लागु गर्न सकिन्छ ? ४६७

६७४. राजनीतिक दलको नियमन भन्नाले के बुझिन्छ ? ४६८

६७५. राजनीतिक दलको नियमन किन आवश्यक छ ? ४६८

६७६. राजनीतिक दल नियमनमा स्वमूल्याङ्कन भन्नाले के बुझिन्छ ४६९

६७७. राजनीतिक दलको स्वमूल्याङ्कन प्रणाली कसरी अवलम्बन गर्न सकिएला ? ४६९

६७८. राजनीतिक दलको स्वमूल्याङ्कन प्रणालीबाट केकस्तो फाइदा हुन सक्छ ४७०

६७९. निर्वाचन सदाचारिता भन्नाले के बुझिन्छ ? ४७१

६८०. निर्वाचन सदाचारिताका आयामहरू केके हुन् ? ४७२

परिच्छेद - १०
निर्वाचनका विविध पक्षहरू

६२८. मानव अधिकारको विश्वव्यापी घोषणापत्रले निर्वाचनमा नागरिकको राजनीतिक अधिकारसम्बन्धी कस्तो व्यवस्था गरेको छ ?

सन् १९४८ मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ मा निर्वाचनमा भाग लिन पाउनु नागरिकको राजनीतिक अधिकार हो भन्ने कुरा उल्लेख भएको छ । उक्त घोषणापत्रमा प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरूमार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार रहने उल्लेख छ । जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुने तथा यस्तो इच्छा निष्पक्ष, आवधिक एवम् विश्वव्यापी र समान मताधिकारका आधारमा हुने निर्वाचनहरूद्वारा अभिव्यक्त गरिनेछ । यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र प्रक्रियाहरूबाट सम्पन्न हुनेछ भन्ने व्यवस्था रहेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको नेपाल पक्ष राष्ट्र भएकाले यसको व्यवस्थालाई कार्यान्वयन गर्न नेपालको संविधानले निर्वाचनमा स्वतन्त्र रूपमा गोप्य मतदान गर्ने अधिकारको प्रत्याभूति गरी अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुनबमोजिम हुने निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने एवम् उम्मेदवारी दिन पाउने अधिकार हुने व्यवस्था गरेको छ ।

६२९. शासकीय प्रक्रियामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग कसरी हुन्छ ?

नेपालको संविधानले प्रस्तावनामा नै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार एवम् आवधिक निर्वाचनलगायतका विषयलाई उल्लेख गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र आवधिक निर्वाचनमार्फत तीनै तहको सरकारको गठन हुने संवैधानिक व्यवस्था रहेको छ । संविधानतः बालिग नागरिकले सङ्घीय कानुनबमोजिम कुनै एक निर्वाचन क्षेत्रबाट मतदान गर्न पाउने व्यवस्थाअनुरूप शासकीय प्रक्रियामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग निर्वाचनका समयमा हुन्छ । निर्वाचनद्वारा आफूले रोजेका प्रतिनिधिहरूमार्फत शासन प्रक्रियामा सहभागी हुने हुनाले जनतामा निहित सार्वभौमसत्ता निर्वाचनमार्फत जनताले प्रयोग गर्दछन् ।

६३०. निर्वाचनका सरोकारवाला भन्नाले कसलाई बुझिन्छ ?

निर्वाचनका विषयमा सरोकार राख्ने एवम् प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्वाचनका क्रियाकलापहरूबाट प्रभावित हुने व्यक्ति, समूह तथा सङ्घसंस्थाहरूलाई निर्वाचनका सरोकारवाला भनिन्छ । निर्वाचनका सन्दर्भमा सरोकारवालाहरूसँग गरिने खुला तथा स्वतन्त्र संवादले निर्वाचन व्यवस्थापन निकाय एवम् निर्वाचन प्रक्रियाको पारदर्शिता कायम गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गराउन सहयोग गर्दछ । निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न हुने मतदाता, राजनीतिक दल तथा उम्मेदवार निर्वाचनका प्राथमिक सरोकारवाला हुन् भने अन्य सरोकारवालाहरू द्वितीय सरोकारवालाका रूपमा रहेका हुन्छन् । निर्वाचनका सरोकारवालाहरूलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ :

- राजनीतिक दल तथा उम्मेदवारहरू,
- मतदाता,
- नागरिक,
- निर्वाचन व्यवस्थापन निकाय,
- सरकारका सम्बद्ध मन्त्रालय र विभाग,
- सुरक्षा निकायहरू,
- व्यवस्थापिका संसद्,
- निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकायहरू,
- न्यायिक निकाय वा अङ्गहरू,
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक,
- शैक्षिक संस्था,
- सञ्चार माध्यमहरू,
- नागरिक समाज,
- निजी क्षेत्र
- निर्वाचनमा विकास साझेदार तथा सहयोगी निकायहरू,

- शिक्षक,
- युवा,
- विद्यार्थी आदि ।

६३१. नेपालका सन्दर्भमा निर्वाचनका मुख्य सरोकारवालाहरू कोको हुन् ?

निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न वा सहभागी हुने व्यक्ति, निकाय, सङ्घसंस्थाहरू निर्वाचनका सरोकारवाला हुन् । निर्वाचन आयोगले आफ्ना नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दा मुख्य सरोकारवालाहरूबाट राय, सल्लाह तथा सुझावको अपेक्षा गरेको हुन्छ । राजनीतिक दल, उम्मेदवार तथा मतदाता निर्वाचनका प्रमुख तथा मुख्य सरोकारवालाहरू हुन् । स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न यिनीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । राजनीतिक दल, उम्मेदवार तथा मतदाताले निर्वाचन प्रक्रियाका हरेक चरणहरूमा निर्वाचनको स्वतन्त्रता, स्वच्छता, पारदर्शिता र विश्वसनीयता कायम गर्न गराउन आआफ्ना तर्फबाट उल्लेख्य भूमिका निर्वाह गर्न सक्दछन् । नेपालका सन्दर्भमा निर्वाचनका सरोकारवालाहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- राजनीतिक दल,
- उम्मेदवारहरू,
- मतदाता,
- सरकारका सम्बद्ध मन्त्रालय र विभाग,
- सुरक्षा निकायहरू,
- न्यायिक निकाय वा अङ्गहरू,
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक,
- शैक्षिक संस्था,
- सञ्चार माध्यमहरू,

- नागरिक समाज,
- निजी क्षेत्र
- निर्वाचनमा विकास साझेदार तथा सहयोगी निकायहरू,
- शिक्षक,
- युवा,
- विद्यार्थी आदि ।

६३२. निर्वाचनमा सरोकारवालाहरूको भूमिका कस्तो हुन्छ ?

निर्वाचनका सरोकारवालाहरूसँग गरिने खुला तथा स्वतन्त्र संवादले निर्वाचन व्यवस्थापन गर्ने निकाय तथा निर्वाचन प्रक्रियामा आपसी विश्वास बढाउने हुँदा सरोकारवालाको भूमिका महत्त्वपूर्ण मानिन्छ । निर्वाचनमा सरोकारवालाको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- मतदाता नामावलीमा नाम दर्ता गराई मतदाता सङ्ख्या अभिवृद्धि गर्ने,
- मतदानमा सहभागिता अभिवृद्धिका लागि सहयोग गर्ने,
- निर्वाचनसम्बन्धी सूचना तथा जानकारी सम्प्रेषण गर्ने,
- निर्वाचन तथा मतदाता शिक्षा सञ्चालन गर्ने,
- निर्वाचनसम्बन्धी विवाद तथा हिंसा न्यूनीकरणमा सहयोग गर्ने,
- निर्वाचन आचारसंहिताको पालना गर्ने गराउने,
- स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचन सम्पन्न गर्न गराउन सहयोग गर्ने,
- निर्वाचन व्यवस्थापन निकायलाई निर्वाचन प्रक्रियाका बारेमा सल्लाह, सुझाव प्रदान गरी निर्वाचनका प्रक्रियामा सुधार गर्न सहयोग गर्ने ।

६३३. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा ककसको भूमिका महत्त्वपूर्ण हुन्छ ?

शुद्ध मतदाता नामावलीले प्रत्येक नागरिकको मताधिकारको प्रत्याभूति गर्दछ । स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचनका लागि मतदाता नामावली पहिलो र अनिवार्य सर्त हो । मतदाता नामावली सङ्कलन एक निरन्तर रूपमा गरिनुपर्ने कार्य हो । नेपालका सम्बन्धमा मतदाता हुनका लागि नेपाली नागकिताको प्रमाण पत्र प्राप्त गरेको हुनुपर्ने कानुनी व्यवस्थाका कारण १६ वर्ष उमेर पूरा गरी नागरिकता प्राप्त गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन सक्ने र १८ वर्ष उमेर पूरा गरेपछि मतदाता हुने कानुनी व्यवस्था रहेको छ । यस्तो व्यवस्था भएको भए पनि कतिपय नागरिकले अझ पनि मतदाता नामावलीमा नाम दर्ता नगराएको अवस्था रहेको छ । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा विशेषतः जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय तथा स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहन्छ । यसका अतिरिक्त मतदाता, राजनीतिक दलका स्थानीय सङ्गठन तथा कार्यकर्ता, शिक्षक, विद्यार्थी एवं आमसञ्चारको समेत मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा उल्लेख्य भूमिका रहेको हुन्छ ।

६३४. निर्वाचनमा राजनीतिक दलको भूमिका कस्तो रहेको हुन्छ ?

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू शासन सञ्चालनका प्रमुख संवाहक भएका हुनाले निर्वाचनमा राजनीतिक दलहरू प्रमुख साझेदार र सरोकारवालाका रूपमा रहेका हुन्छन् । सामान्यतया लोकतान्त्रिक प्रणाली अपनाएका मुलुकहरूमा दुई वा सोभन्दा बढी दलहरू निर्वाचनका माध्यभबाट शासन सत्तामा पुग्नका लागि क्रियाशील रहेका हुन्छन् । बहुलवादी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय बनाउनमा राजनीतिक दलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । निर्वाचनमा राजनीतिक दलको भूमिका देहायबमोजिम रहेको हुन्छ :

- आयोगलाई आवश्यक पर्ने राजनीतिक दलसम्बन्धी विवरण अद्यावधिक गर्ने,
- राजनीतिक दलले वार्षिक आयव्ययको लेखापरीक्षण गरी सोको प्रतिवेदन समयभित्र आयोगमा बुझाउने,
- निर्वाचन खर्च (प्रचारप्रसार खर्च) को विवरण समयमा बुझाउने,

- आयोगसँगको सम्पर्क सहज बनाउन सहयोग गर्ने,
- आयोगले राजनीतिक दलसँग आयोजना गर्ने छलफल तथा अन्तर्क्रिया कार्यक्रममा नियमित उपस्थिति,
- निर्वाचन आचारसंहिताको पालना,
- स्वच्छ, स्वतन्त्र, भयरहित, शान्तिपूर्ण वातावरणमा निर्वाचन प्रचारप्रसार एवं निर्वाचन सम्पन्न गराउन ।

६३५. निर्वाचनका अवधिमा उम्मेदवारको भूमिका कस्तो रहेको हुन्छ ?

निर्वचनका माध्यमबाट उम्मेदवारलाई मतदाताले मत दिई विजयी गराउने र विजयी उम्मेदवारले जनताको प्रतिनिधित्व गर्दछ । यसरी मतदाताले उम्मेदवारलाई निर्वाचित गरी आफ्नो प्रतिनिधिका रूपमा पठाउने र यिनै प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउँछन् । निर्वाचनमा उम्मेदवार हुने सबै उम्मेदवारले निर्वाचित हुने अपेक्षा गर्ने भए पनि मतदाताको मतले मात्र निर्वाचनमा विजयी हुने उम्मेदवारको निर्धारण गर्दछ । अतः स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचनमा उम्मेदवारको भूमिका देहायअनुसार रहेको हुन्छ :

- कानुनबमोजिम तोकिएको प्रक्रिया र कागजात पूरा गरी उम्मेदवार मनोनयन गर्ने,
- निर्वाचन आचारसंहिताको पालना गर्ने गराउने,
- स्वच्छ, स्वतन्त्र, भयरहित, शान्तिपूर्ण वातावरणमा निर्वाचन प्रचारप्रसार एवं निर्वाचन सम्पन्न गर्न गराउन सहयोग गर्ने,
- आफ्ना विचार तथा कार्यक्रमहरू मतदातासम्म लैजाने,
- मतदाता शिक्षा कार्यक्रममा सहयोग गर्ने गराउने,
- निर्वाचन खर्चका लागि तोकिएको हदभित्र रही प्रचारप्रसार खर्च गर्ने,
- निर्वाचन खर्चको विवरण तोकिएका समयमा नै सम्बन्धित निकायसमक्ष बुझाउने ।

६३६. निर्वाचनमा स्थानीय, प्रदेश र सङ्घीय सरकारको भूमिका कस्तो रहेको हुन्छ ?

नेपालको संविधान धारा २४७ बमोजिम आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । निर्वाचन अवधिमा निर्वाचन सञ्चालनका लागि आवश्यक जनशक्ति उपलब्ध गराउने, सुरक्षा व्यवस्था मिलाउने तथा मतदान स्थल र केन्द्रको पूर्वाधार व्यवस्थापनमा स्थानीय, प्रदेश र नेपाल सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ । यसका अतिरिक्त निर्वाचनमा स्थानीय, प्रदेश र सङ्घीय तीनै तहका सरकारको भूमिका देहायअनुसार रहेको हुन्छ :

- नेपाल सरकारले निर्वाचनको मिति घोषणा गर्ने,
- आयोगलाई आवश्यक स्रोत साधन उपलब्ध गराउने,
- निर्वाचन सुरक्षाका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,
- सरकारका तर्फबाट निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने गराउने,
- नयाँ कार्यक्रम घोषणा तथा प्रारम्भ नगर्ने,
- निर्वाचनमा लाभ लिने मनसायले सरकारी तथा सार्वजनिक स्रोत साधनको दुरुपयोग हुन नदिने,
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थामा आचारसंहिताको प्रतिकूल हुने गरी नयाँ पद सिर्जना, पदपूर्तिका लागि विज्ञापन, रिक्त पद पूर्ति, भत्ता वृद्धि, ग्रेड वृद्धिलगायतका अन्य आर्थिक सुविधा वा पुरस्कार प्रदान नगर्ने नगराउने ।

६३७. निर्वाचनमा सुरक्षा निकायको भूमिका कस्तो रहेको हुन्छ ?

निर्वाचनमा प्रत्येक मतदाताले निर्धक्क भई भयरहित वातावरणमा स्वतन्त्र रूपले भाग लिन र मतदान गर्न पाउनु मतदाताको अधिकार हो । त्यसै गरी निर्वाचनमा दल तथा उम्मेदवारले आफ्ना विचार तथा कार्यक्रमहरू निर्वाध रूपमा आम मतदातासमक्ष पुऱ्याउन पाउनु दल तथा उम्मेदवारको अधिकार हो । शान्तिपूर्ण र भयसहित वातावरणमा सम्पन्न निर्वाचनले मात्र निर्वाचनको विश्वसनीयता अभिवृद्धिमा सहयोग

गर्दछ । स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्पन्न गर्नका लागि सुरक्षा निकायको भूमिका देहायअनुसार रहेको हुन्छ :

- निर्वाचन सामग्रीको पूर्ण सुरक्षाको प्रत्याभूति गर्ने,
- निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय एवं जिल्ला निर्वाचन कार्यालयहरूको सुरक्षा प्रबन्ध,
- निर्वाचनमा भाग लिने राजनीतिक दल एवं सबै उम्मेदवारहरूको सुरक्षा व्यवस्था,
- मतदान केन्द्रको सुरक्षा व्यवस्था,
- निर्वाचन सामग्रीको सुरक्षित ढुवानी,
- मतदानपश्चात् मतपेटिकालगायतका सामग्री एवं कर्मचारीहरूको सुरक्षा व्यवस्था,
- मतगणना स्थलको सुरक्षा व्यवस्था,
- विजय ञ्याली तथा परिणाम घोषणापश्चात्को सुरक्षा व्यवस्था,
- आपतकालीन सुरक्षा व्यवस्थापन,
- सुरक्षा समन्वय र संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा सहयोग ।

६३८. निर्वाचनमा नागरिक समाजको भूमिका कस्तो रहेको हुन्छ ?

नागरिक समाज भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि नागरिकहरू मिलेर बनेको गैरसरकारी तथा गैरनाफामूलक औपचारिक वा अनौपचारिक सङ्गठन वा समूह भन्ने बुझिन्छ । विश्वका कैयौँ राष्ट्रहरूले यसलाई समाज रूपान्तरणका आधारका रूपमा विश्लेषण गर्ने गरेका छन् । नागरिक समाज यस्तो समूह वा सङ्गठन हो जसले नागरिकले पाउनुपर्ने हक र निभाउनुपर्ने कर्तव्यका बारेमा सबैलाई सजग गराउने हुँदा यसलाई नागरिक अधिकारप्रति सचेत र कर्तव्यप्रति जागरुक गराउने जराधार तहको सशक्त माध्यमका रूपमा लिइन्छ । राज्यमा सुशासन कायम गर्न निगरानी, खबरदारी तथा सहजीकरण गर्नु नागरिक समाजको महत्त्वपूर्ण कार्य हो । स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय निर्वाचनका सन्दर्भमा नागरिक समाजको भूमिका देहायअनुसार रहेको हुन्छ :

- स्वच्छ, स्वतन्त्र, मितव्ययी र विश्वसनीय निर्वाचन सम्पन्न गर्न आवश्यक वातावरण निर्माणमा सहयोग गर्ने,
- निर्वाचन व्यवस्थापनसम्बन्धी आयोगको नीति र कार्यक्रमको वकालत, प्रचारप्रसार र पृष्ठपोषण प्रदान गर्ने,
- आचारसंहिता पालनामा जोड र पैरवी गर्ने,
- आचारसंहिताको उल्लङ्घन भए गरेको पाइएमा सम्बन्धित निकायमा जानकारी दिने,
- नागरिकहरूबिचमा समन्वय, सदभाव, साझेदारी र विश्वास अभिवृद्धि गरी निर्वाचनमा सहभागिता वृद्धि गर्ने गराउने,
- निर्वाचनका क्रियाकलापहरूको नागरिक स्तरबाट अनुगमन गर्ने गराउने,
- निर्वाचनका क्रियाकलापमा महिला, अल्पसङ्ख्यक, दलित, अपाङ्गता भएका व्यक्तिलगायत समावेशी समूहको पहुँच अभिवृद्धि गर्न सहयोग गर्ने,
- निर्वाचन तथा मतदाता शिक्षा र मतदानमा सहभागिता वृद्धिमा योगदान गर्ने,
- निर्वाचनसम्बन्धी विवाद निरूपणमा सहजीकरण गर्ने ।

६३९. नागरिक समाजका संस्थाका रूपमा सामुदायिक सिकाइ केन्द्र र टोलविकास संस्थाहरूले निर्वाचनका क्रियाकलापहरूमा कसरी सहयोग गर्न सक्दछन् ?

सामुदायिक सिकाइ केन्द्र (CLC) र टोलविकास संस्थाहरू (TLO) निश्चित भौगोलिक क्षेत्रभित्र साझा सरोकार र चाहनाका लागि आपसी समझदारी, सहयोग र समन्वयमा स्थापना भएका आधारभूत सामाजिक संरचना हुन् । यस्ता संस्थाहरूले आफ्नो क्षेत्रभित्रका नागरिकहरूलाई सङ्गठित हुन, विकासमा सहभागिता बढाउन, सचेतना अभिवृद्धि गर्न, सामाजिक जागरण ल्याउन, क्षमता विकास गर्न, आर्थिक सामाजिक रूपान्तरण गर्न सहयोग पुऱ्याउँछन् । निर्वाचन सुशासन, विकास र समृद्धिको पूर्वाधार एवम् लोकतन्त्रको आधार भएकाले सामुदायिक संस्थाहरूको संलग्ता तथा परिचालनबाट निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विवादरहित एवम् अनुकरणीय बनाउन मद्दत पुग्छ । मतदाताहरूमा आफ्नो मत अमूल्य छ भन्ने धारणा, मत कसैद्वारा प्रभावित हुनुहुँदैन

भन्ने मान्यता तथा मतदान भनेको मतदाताको अन्तस्करणको चाहना भएको हुनाले यो कसैको दबाब, प्रभाव र आश्वासनभन्दा माथि हुने विश्वास र प्रतिबद्धता सिर्जना गर्ने कार्य सामुदायिक संस्थाले गर्न सक्दछन् । त्यसैले निर्वाचनका क्रियाकलापहरूमा सामुदायिक सिकाइ केन्द्र र टोलविकास संस्थाहरूले देहायका कार्यमा सहयोग गर्न सक्ने देखिन्छ :

- निर्वाचनका क्रियाकलापमा सचेतना अभिवृद्धि गर्न,
- मतदाता नामावली दर्ताका क्रममा आफ्नो क्षेत्रका सबै योग्य मतदातालाई दर्ता हुन अभिप्रेरित गर्न,
- निर्वाचन तथा मतदाता शिक्षालाई आम नागरिकसमक्ष पुऱ्याउन,
- निर्वाचनका क्रियाकलापमा आम नागरिकको संलग्नता बढाउन,
- निर्वाचनका सबै चरण र प्रक्रियामा महिला तथा समावेशी समूहको सहभागिता बढाउन,
- निर्वाचन व्यवस्थापन निकायका क्रियाकलापमा सामुदायिक उत्तरदायित्व तथा स्वामित्व ग्रहण गर्न,
- आपसी समन्वय र साझेदारीका आधारमा निर्वाचनसम्बन्धी कार्यक्रम वा क्रियाकलाप सञ्चालन गर्न,
- आचारसंहिता पालना तथा आचारसंहिता उल्लङ्घनसम्बन्धी जानकारी दिन,
- निर्वाचनका सम्बन्धमा नागरिक दायित्व निर्वाहका लागि क्रियाशीलता अभिवृद्धि गर्न ।

६४०. निर्वाचन सरोकारवालाका रूपमा मतदाताका अधिकारहरू केके हुन् ?

लोकतन्त्रमा शासन सञ्चालन कसले गर्ने भन्ने विषयको निर्धारण निर्वाचनबाट गरिन्छ भने निर्वाचनमा उम्मेदवार बन्न तथा मतदान गर्न पाउनु नागरिकाको मौलिक तथा नैसर्गिक अधिकार हो । यसका लागि प्रत्येक नागरिकलाई मुलुकको कानुनबमोजिम स्वतन्त्र रूपमा मतदाता हुन, उम्मेदवार हुन तथा मतदान गर्न पाउने अधिकार रहेको

हुन्छ । यसका अतिरिक्त निर्वाचनका सन्दर्भमा मतदाताका अधिकार देहायबमोजिम रहेका हुन्छन् :

- निर्वाचन कार्यक्रम तथा प्रक्रियासम्बन्धी सूचना एवम् जानकारी र मतदाता शिक्षा प्राप्त गर्ने,
- कानुनबमोजिमको योग्यता पूरा गरेका प्रत्येक मतदातालाई निर्वाचनमा उम्मेदवार हुन पाउने,
- उम्मेदवार वा राजनीतिक दलको घोषणा पत्र तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्ने,
- शारीरिकलगायत अन्य अशक्तता भएका मतदाताका लागि निर्धारित विशेष सुविधको उपयोग गर्न पाउने,
- निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाका सम्बन्धमा उजुरी गर्न पाउने,
- आफूले चाहेको राजनीतिक दल वा उम्मेदवारलाई शान्तिपूर्ण वातावरणमा स्वतन्त्र र गोप्य रूपमा मतदान गर्न पाउने,
- निर्वाचनको परिणाम थाहा पाउने ।

६४१. निर्वाचनमा मतदाताले ध्यान दिनुपर्ने कुराहरू केके हुन् ?

कानुनबमोजिम योग्यता पूरा गरेका प्रत्येक नागरिकले मतदान गर्न पाउनु नागरिकको अधिकार हो भने यसका लागि प्रत्येक नागरिकले आफू मतदाता रहेको यकिन गर्नुपर्ने मतदानका लागि पूर्व सर्त हो । मतदाता नामावलीमा नाम समावेश नभएका व्यक्तिले मताधिकार प्रयोग गर्न नपाउने हुनाले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गर्नु गराउनुपर्दछ । मतदाताले निर्वाचन आयोगले तोकेको मतदान स्थलमा गई मतदान गर्नुपर्ने हुनाले आफूले कुन मतदान स्थलबाट मतदान गर्न पाउने हो सोसम्बन्धमा पूर्व जानकारी लिनुपर्दछ । यसका अतिरिक्त निर्वाचनमा मतदाताले देहायबमोजिमका विषयमा ध्यान दिनुपर्दछ :

- मतदाताले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराई नाम तथा विवरण सही भए नभएको यकिन गरी मतदाता परिचय पत्र लिनुपर्ने,

- आफ्नो मतदान केन्द्र पहिचान गरी मतदाता परिचय पत्रसहित मतदान केन्द्रमा तोकिएको समयभित्रै मतदान गर्न जानुपर्ने,
- आचारसंहिता आफूले पालना गर्ने र कसैबाट उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचनमा खटिएका कर्मचारीलाई सोको सूचना दिनुपर्ने,
- मतदाताले नगद वा जिन्सीलगायतको कुनै प्रलोभन वा दवावमा नपरी स्वतन्त्र रूपमा मतदान गर्ने,
- आफ्नो मत बदर नहोस् भन्ने कुरामा सदैव चनाखो रहने,
- मतदाताले मतदान गोप्य रूपमा गरी आफ्नो मत सङ्केतको सार्वजनिकीकरण नगर्ने,
- मतदाताले एकपटक मतदान गरिसकेपछि दोहोऱ्याएर मतदान नगर्ने ।

६४२. मतदाताका मुख्यमुख्य कर्तव्य केके हुन् ?

निर्वाचनमा मतदान गर्न पाउनु प्रत्येक मतदाताको अधिकार हो भने तोकिएको स्थान, मिति र समयमा उपस्थित भई मतदानका कार्यमा सहभागी हुनु मतदाताको कर्तव्य हो । यसका अतिरिक्त मतदाताका मुख्यमुख्य कर्तव्य देहायबमोजिम रहेका छन् :

- उमेर पुगेका सबै नेपाली नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउने,
- मतदाता नामावली नाम दर्ता गर्न आवश्यक पर्ने प्रमाण कागजात तोकिएको अधिकारीसमक्ष पेस गर्ने,
- आफ्नो मताधिकारको सदुपयोग गर्ने,
- मतदान गर्न जाँदा मतदाता परिचय पत्र वा आयोगले तोकेको परिचय खुल्ने प्रमाणसहित मतदान गर्न जाने,
- आर्थिक प्रलोभन वा डर वा धम्की वा अनुचित प्रभावमा परेर मतको दुरुपयोग नगर्ने,

- कसैले आर्थिक प्रलोभन वा डर वा धम्की वा अनुचित प्रभावमा पारी मतदान गर्न दबाब दिएमा सोको जानकारी तोकिएको नियकायमा गराउने,
- कानुन विपरीतको काम कसैले गरे गराएको पाइएमा सोको जानकारी सम्बन्धित निकायलाई गराउने,
- उम्मेदवार बन्ने अवसरको सदुपयोग गर्ने,
- निर्वाचन कार्यलाई प्रभावित गर्ने गरी कुनै पनि हुलदङ्गा, भिडभाड, होहल्ला नगर्ने नगराउने,
- निर्वाचन आचारसंहिता पालना गर्ने र सबैलाई पालनाका लागि अभिप्रेरित गर्ने ।

६४३. मतदाताले मताधिकारको किन प्रयोग गर्नुपर्छ ?

निर्वाचनका सन्दर्भमा यस्तो भनाइ छ जस्तो प्रतिनिधि छानिन्छ त्यस्तै शासन पाइन्छ । लोकतन्त्रमा सार्वभौमसत्ता सम्पन्न जनताको इच्छाबमोजिम निर्वाचनका माध्यमबाट सरकारको गठन हुने हुनाले आफूमा निहित सार्वभौमसत्ताको उपयोग गर्न मतदाताले मताधिकारको प्रयोग गर्नुपर्दछ । शान्ति, विकास र समृद्धि प्रत्येक नागरिकको चाहना हुने भएकाले यसका निम्ति जनताको पिरमर्का बुझ्ने जनप्रतिनिधिद्वारा शासन राम्रो हुनुपर्दछ यो तव सम्भव हुन्छ जब मतदाताले मताधिकारको सही प्रयोग गरी आफ्नो प्रतिनिधि चुन्नका लागि मतदान गर्दछन् । प्रत्येक मतको मूल्य बराबर हुने भएकाले योग्य प्रतिनिधि छनोट गरी आफ्नो स्थानको विकास गर्नका लागि समेत मताधिकाररको प्रयोग गर्नुपर्दछ । यसका अतिरिक्त मतदाताले देहायका कुरा पूरा गर्न मताधिकारको प्रयोग गर्नुपर्छ :

- बालिग मताधिकारको उपयोग गर्न,
- राज्यप्रति नागरिक कर्तव्य पूरा गर्न,
- जनप्रतिनिधि छनोटमार्फत शासन प्रक्रियामा सहभागी हुन,
- मतको सदुपयोग गरी लोकतन्त्रको सुदृढीकरणमा टेवा पुऱ्याउन,

- आफ्नो र आफ्नो वर्ग समुदायको आवाजलाई जनप्रतिनिधिमूलक निकायसम्म पुऱ्याउन,
- जनआकाङ्क्षाअनुकूल राज्य सञ्चालनमा योगदान गर्न,
- मतदानमार्फत जनताका आवश्यकतालाई सम्बोधन गरी कानुन निर्माण तथा योजना प्रक्रियामा सहयोग पुऱ्याउन ।

६४४. निर्वाचनमा प्राध्यापक तथा शिक्षकको भूमिका कस्तो रहेको हुन्छ ?

निर्वाचनका माध्यमबाट मतदाताले आफ्नो प्रतिनिधि छनोट गरी मुलुकको शासन प्रक्रियामा सहभागिता जनाउनका साथै मुलुकको सर्वाङ्गीण विकासका लागि प्रतिनिधि निर्वाचित गर्न पाउने नागरिक अधिकारको उपयोग गर्दछन् । यसका लागि निर्वाचन प्रणाली तथा प्रक्रियाका सम्बन्धमा सुसूचित हुन पाउनु एवम् निर्वाचन र मतदाता शिक्षा प्राप्त गर्नु मतदाताको अधिकार हो । यस्तो अधिकारको सुनिश्चितताका लागि शिक्षक, प्राध्यापक तथा शिक्षण संस्थाको महत्त्वपूर्ण भूमिका रहन्छ । विशेषतः प्रतिनिधि छनोटका लागि केकस्ता विषयमा ध्यान दिनुपर्दछ भन्ने विषय तथा निर्वाचन तथा मतदाता शिक्षामा प्राध्यापक तथा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । निर्वाचनमा प्राध्यापक तथा शिक्षकको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- पाठ्यक्रममा निर्वाचन र सम्बन्धित विषयवस्तुको समावेश गर्ने गराउने,
- निर्वाचनसम्बन्धी बहसपैरवी गर्ने,
- लोकतन्त्र र सुशासनको प्रस्थान बिन्दु निर्वाचन हो भन्ने तथ्यलाई आत्मसात् गर्दै यस विषयवस्तुलाई पुष्टि गर्ने गरी निर्वाचन प्रक्रियाका बारेमा प्रभावकारी रूपमा अध्यापन गराउने,
- विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसमेतलाई निर्वाचन विषयका बारेमा समयसमयमा छलफल तथा अन्तर्क्रिया गरी निर्वाचन शिक्षालाई विस्तार गर्ने,
- विद्यार्थी तथा अभिभावकहरूलाई निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागी गराउन उत्प्रेरणा जगाउने,

- मतदान प्रक्रियाका बारेमा आफ्नो विद्यालय तथा समुदाय स्तरमा प्रचारप्रसार गर्ने,
- विद्यार्थीहरूमार्फत घर, परिवार र समाजमा निर्वाचनसँग सम्बन्धित सूचना प्रवाह गर्ने,
- निर्वाचनका समयमा आयोगले प्रदान गरेको भूमिका प्रभावकारी रूपले निर्वाह गर्ने,
- निर्वाचन आयोगले निर्वाचन तथा मतदाता शिक्षाका लागि तयार गरेको अनलाइन कक्षाहरूको उपयोग गर्ने गराउने,
- निर्वाचनसँग सम्बन्धित विषयवस्तुमा अद्यावधिक हुन समयसमयमा निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचना केन्द्र वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्कमा रहने,
- विद्यालयको वार्षिक कार्ययोजनामा निर्वाचन आयोगमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमणसम्बन्धी कार्यक्रम राख्न पहल गर्ने ।

६४५. निर्वाचनमा विद्यार्थी तथा युवा वर्गको भूमिका कस्तो रहेको हुन्छ ?

विद्यार्थी तथा युवा कुनै पनि देशका राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हुनुका साथै सर्वाधिक सक्रिय, ऊर्जावान, गतिशील समूह एवम् मानव संशाधन विकासको प्रमुख साधन पनि हो । हरेक राजनीतिक परिवर्तनलाई संस्थागत गर्न र राष्ट्र निर्माणमा युवाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मुलुकमा परिवर्तनको व्यग्र चाहनासहित पहिलो मतदाताका रूपमा मतदान गर्ने समूहदेखि विभिन्न तहमा प्रतिनिधित्व गर्न सक्ने क्षमता रहेका व्यक्तिसमेत युवा तथा विद्यार्थीहरू रहेका हुन्छन् । कुल मतदातामा ५० प्रतिशतभन्दा बढीको हिस्सा ओगटने युवा तथा विद्यार्थीहरूको शासन सञ्चालनमा उल्लेख्य मात्रामा सहभागिता हुन सकेको पाइँदैन । यससन्दर्भमा निर्वाचनमा युवा तथा विद्यार्थीको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- निष्पक्ष तथा स्वतन्त्र निर्वाचन प्रक्रियाको महत्त्वलाई आत्मसात् गरेर यस प्रक्रियामा सकारात्मक र सक्रिय भूमिका निर्वाह गर्ने,
- निर्वाचनमा उम्मेदवार बन्ने र बन्न अभिप्रेरित गर्ने,

- निर्वाचन आचारसंहिताको पालना गर्ने गराउने,
- निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराउने,
- निर्वाचन व्यवस्थापन र सञ्चालनका प्रत्येक क्रियाकलापमा निर्वाचन व्यवस्थापन निकायको सहयोगीका रूपमा कार्य गर्ने,
- युवा तथा विद्यार्थीहरू सामाजिक सञ्जाल तथा प्रविधि मैत्री हुने भएकाले सामाजिक सञ्जालको प्रयोग गरी हुन सक्ने मिसइन्फरमेसन, डिसइन्फरमेसन, गलत तथा भ्रामक सूचना वा जानकारीको न्यूनीकरणका लागि कार्य गर्ने,
- सामाजिक सञ्जालमा प्रेषित सूचना तथा जानकारीको आधिकारिक स्रोत पुष्टि गरेर मात्र विश्वास गर्ने,
- निर्वाचन अभियानलाई शान्तिपूर्ण र मर्यादित बनाउने,
- द्वन्द्व न्यूनीकरणमा सहयोग गर्ने,
- मतदाता शिक्षामा जोड तथा मतदाता सहभागितामा योगदान गर्ने,
- निर्वाचनका सन्दर्भमा विद्यालयस्तरमा हासिल गरेको शिक्षालाई आफ्नो घर परिवार र छरछिमेकमा जानकारी गराउने,
- १६ वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेपछि मतदाता नामावलीमा नाम दर्ता गराउन जाने र अरूलाई यसबारेमा जानकारी दिने,
- निर्वाचनका दिन मतदान गर्न जाने र मतदान गर्न योग्य छरछिमेकलाई शान्तिपूर्ण रूपमा मतदान गर्न उत्प्रेरणा दिने ।

६४६. निर्वाचनमा विकास साझेदार संस्थाको भूमिका कस्तो रहेको हुन्छ ?

निर्वाचनका सन्दर्भमा भन्ने गरिन्छ कि अघिल्लो निर्वाचनका तुलनामा पछिल्लो निर्वाचनको प्रक्रिया परिष्कृत र विकसित हुँदै गएको हुन्छ । विश्वका लोकतान्त्रिक मुलुकहरूले आफ्नो मुलुकको निर्वाचन कानुनबमोजिम निर्वाचनमा विभिन्न विधि, प्रक्रिया र प्रविधि प्रयोग गरेका हुन्छन् । यससन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा निर्वाचनमा

फरक अवधारणा र अभ्यासको विकास भइरहेका हुन्छन् । यसरी विकास भएका असल अभ्यासहरू आफ्नो मुलुकमा समेत कार्यान्वयन गर्नका लागि विकास साझेदार निकायहरूबाट स्रोत, सामग्री, प्राविधिक ज्ञानलगायत निर्वाचनसम्बन्धी अन्य विषय सूचना जानकारी तथा सहयोग आदानप्रदानमा विकास साझेदार संस्थाको महत्त्वपूर्ण भूमिका रहन्छ । अन्तर्राष्ट्रिय असल अभ्यासलाई कार्यान्वय गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय बनाउनमा विकास साझेदार संस्थाको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- अन्तर्राष्ट्रिय स्तरमा भएका असल अभ्यासहरू आदानप्रदान गर्ने,
- निर्वाचन सुधारका कार्यक्रममा आर्थिक तथा प्राविधिक सहयोग गर्ने,
- अन्तर्राष्ट्रिय असल अभ्यासहरूको प्रयोगमा योगदान गर्ने,
- निर्वाचन तथा मतदाता शिक्षा गाउँ र टोल स्तरसम्म पुऱ्याउन सहयोग गर्ने,
- निर्वाचन प्रणाली तथा प्रक्रिया सुधारका लागि पैरवी गर्ने एवम् पृष्ठपोषण प्रदान गर्ने,
- निर्वाचनका सबै चरण र प्रक्रियामा निर्वाचन व्यवस्थापन निकायलाई सहयोग गर्ने,
- निर्वाचन कार्यक्रम सञ्चालनमा सहयोगी र समन्वयात्मक भूमिका खेल्ने ।

६४७. निर्वाचन समीक्षाका प्रक्रियामा ककसको भूमिका महत्त्वपूर्ण हुन्छ ?

समग्र निर्वाचनको कार्यक्रम र प्रक्रियामा केकस्ता असल अभ्यासहरू भए, केकस्ता विषयहरूमा कमीकमजोरी भए, केकस्ता सिकाइ भए एवम् आगामी निर्वाचनमा केकस्ता सुधारहरू गर्नुपर्ने हुन्छ भन्ने विषयमा निर्वाचन सम्पन्न भइसकेपछि निर्वाचनका सरोकारवालाहरूसहित गरिने अन्तर्क्रिया तथा छलफल नै निर्वाचन समीक्षा हो । निर्वाचन समीक्षा प्रक्रियामा निर्वाचनमा प्रत्यक्ष रूपले संलग्न हुने निर्वाचन व्यवस्थापन निकाय, निर्वाचन अधिकृत, सुरक्षा निकाय, मतदान अधिकृत एवम् पर्यवेक्षण संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ । यसका अतिरिक्त मतदाता, राजनीतिक दल, उम्मेदवार, सञ्चार माध्यम, निर्वाचनमा संलग्न व्यक्ति, सङ्घसंस्था, निजी क्षेत्रलगायत आम नागरिकको समेत निर्वाचन समीक्षामा उल्लेख्य भूमिका रहेको हुन्छ ।

६४८. निर्वाचन क्षेत्र भनेको के हो ?

निश्चित भूगोलबाट प्रतिनिधि निर्वाचित गर्नका लागि तय गरिएको भौगोलिक क्षेत्र नै निर्वाचन क्षेत्र हो । सम्बन्धित निर्वाचन क्षेत्रमा हुने निर्वाचनमा त्यस्तो निर्वाचन क्षेत्रका मतदाताले मतदान गर्ने पाउने व्यवस्था गरिएको हुन्छ । निर्वाचन क्षेत्र निर्धारण गर्दा सिङ्गो मुलुकलाई नै एक निर्वाचन क्षेत्र मान्ने तथा मुलुकभित्र विभिन्न निर्वाचन क्षेत्र रहने विषय सम्बन्धित मुलुकको संविधान र निर्वाचनसम्बन्धी कानुनमा नै उल्लेख गरिएको हुन्छ । नेपालका सन्दर्भमा संविधानले प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैँसठ्ठी निर्वाचन क्षेत्र तथा समानुपातिक निर्वाचन प्रणालीका लागि सम्पूर्ण देश नै एक निर्वाचन क्षेत्रका रूपमा रहने व्यवस्था गरेको छ । त्यसै गरी प्रदेश सभा सदस्यका हकमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कायम भएको निर्वाचन क्षेत्रको दोब्बर सङ्ख्यामा हुन आउने निर्वाचन क्षेत्र तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ सम्बन्धित प्रदेशका लागि प्रत्येक प्रदेश एक निर्वाचन क्षेत्रका रूपमा रहने व्यवस्था गरेको छ । यसरी हेर्दा स्थानीय तहको निर्वाचनका सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखका लागि सम्बन्धित गाउँपालिका तथा नगारपालिका निर्वाचन क्षेत्रका रूपमा रहेको हुन्छ भने वडाको निर्वाचनमा वडा सदस्य र अध्ययका लागि वडा नै निर्वाचन क्षेत्र रहेको हुन्छ ।

६४९. नेपालमा निर्वाचन क्षेत्र निर्धारण आयोगका सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ?

सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्न सक्ने संवैधानिक प्रावधान रहेको छ । यसरी गठन भएको निर्वाचन क्षेत्र निर्धारण आयोगले नेपालको संविधान तथा सङ्घीय कानुनबमोजिम प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नेपालको संविधानबमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको, पैँतालिस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको व्यक्ति निर्वाचन क्षेत्र निर्धारण आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछ । संवैधानिक व्यवस्थाबमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन देहायबमोजिम हुन्छ :

सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीश	अध्यक्ष
भूगोलविद् एक जना	सदस्य
समाजशास्त्री वा मानवशास्त्री एक जना	सदस्य
प्रशासनविद् वा कानुनविद् एक जना	सदस्य
नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत	सदस्य सचिव

निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष वा सदस्यको पद निजले लिखित राजीनामा दिएमा, नेपाल सरकार, मन्त्रीपरिषद्ले हटाएमा वा निजको मृत्यु भएका अवस्थामा रिक्त हुने संवैधानिक व्यवस्था रहेको छ ।

६५०. निर्वाचन क्षेत्र निर्धारणसम्बन्धमा कस्तो कानुनी व्यवस्था रहेको छ ?

नेपालको संविधानले निर्वाचन क्षेत्र निर्धारण गर्दा संवैधानिक व्यवस्थाका अतिरिक्त सङ्घीय कानुनबमोजिम गर्नुपर्ने व्यवस्था गरको छ । निर्वाचन क्षेत्र निर्धारण आयोगले देहायका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्दछ :

- प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि जनसङ्ख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मानी भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैँसठ्ठी निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने,

- प्रतिनिधि सभा सदस्यका लागि प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्ने,

- प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि संम्बन्धित प्रदेशमा कायम भएको निर्वाचन क्षेत्रको दोब्बर सङ्ख्यामा कायम हुने गरी प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र निर्धारण गर्ने,

- प्रत्येक प्रदेशभित्रका जिल्लामा कम्तीमा दुई निर्वाचन क्षेत्र हुने गरी प्रदेश सभा निर्वाचन क्षेत्र निर्धारण गर्ने,

- प्रतिनिधि सभाको एउटा निर्वाचन क्षेत्रलाई अर्को निर्वाचन क्षेत्रसँग समावेश गरी प्रदेश सभा निर्वाचन क्षेत्र निर्धारण नगर्ने,

- जनसङ्ख्याका आधारमा कुनै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने भएमा जनसङ्ख्या र भौगोलिक अनुकूलता, सो क्षेत्रको जनसङ्ख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवम् यातायातको सुगमता, सामाजिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिई सम्भव भएसम्म त्यस्तो जिल्लाभित्रका जनसङ्ख्याको अनुपात समान हुने गरी निर्धारण गर्नुपर्ने,

- एक जिल्लाका क्षेत्रलाई अर्को जिल्लामा समावेश हुने गरी निर्वाचन क्षेत्र निर्धारण नगर्ने,

- कुनै गाउँपालिका वा नगरपालिकाको कुनै वडा एकभन्दा बढी निर्वाचन क्षेत्रमा पर्ने गरी निर्वाचन क्षेत्र निर्धारण नगर्ने ।

उल्लिखित आधारमा गरिएको निर्वाचन क्षेत्र निर्धारणको प्रतिवेदन आयोगले नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने, नेपाल सरकारले यस्तो प्रतिवेदन सङ्घीय संसद्मा पेस गरी कार्यान्वयनका लागि निर्वाचन आयोगमा पठाउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । निर्वाचन क्षेत्रको पुनरावलोकन प्रत्येक बिस वर्षमा हुने तथा निर्वाचन क्षेत्र निर्धारण गरिएको वा पुनरावलोकन गरिएका विषयमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने संवैधानिक प्रावधान रहेको छ ।

६५१. निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा Gerrymandering भन्नाले के बुझिन्छ ?

संयुक्त राज्य अमेरिकाका गभर्नर Elbridge Gerry ले सन् १८१२ मा आफू निर्वाचनमा विजयी हुनका लागि आफ्नो अनुकूलका मतदाताहरू समेटिने गरी Salamander (छेपारो) को आकारमा निर्वाचन क्षेत्र निर्धारण गरेका थिए । यसरी Elbridge Gerry ले Salamander (छेपारो) को आकारमा निर्वाचन क्षेत्र निर्धारण गरेको कारण उनको नामको Gerry र निर्वाचन क्षेत्रको आकारको Mander शब्द मिलाई Gerrymandering शब्दको सुरुआत् भएको पाइन्छ । निर्वाचनका सन्दर्भमा निर्वाचन क्षेत्र



निर्धारणका क्रममा नै कुनै खास दल वा समूहको फाइदाका लागि निर्वाचन क्षेत्रको सिमानामा गरिने हेराफेरी लाई जेरिमेन्डरिङ (Gerrymandering) भन्ने गरेको पाइन्छ । यसले कुनै राजनीतिक दल वा समूह विशेषलाई फाइदा पुग्ने गरी अर्थात् निर्वाचनमा कुनै निश्चित दल वा समूह विशेष निर्वाचित हुन सक्ने गरी निर्वाचन क्षेत्र निर्धारण गर्ने कार्यलाई बुझाउँछ । निर्वाचन क्षेत्र निर्धारण गर्दा कुनै दल वा उम्मेदवारको पक्षका मतदाता धेरै भएको र कम भएको क्षेत्रलाई मिलाई दुबै क्षेत्रमा त्यस्तो दल वा उम्मेदवार विजयी हुन सक्ने गरी निर्वाचन क्षेत्र निर्धारण गरिनु नै जेरिमेन्डरिङ्ग Gerrymandering हो । नेपालमा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन भएपछि राजनीतिक दल तथा राजनीतिक व्यक्तिहरूले आफ्नो प्रभुत्वका आधारमा निर्वाचन क्षेत्र निर्धारणमा जेरिमेन्डरिङ्ग Gerrymandering गर्ने गरेको गुनासो सुन्ने गरिएको छ ।

६५२. निर्वाचन क्षेत्रको पुनरावलोकन सम्बन्धमा केकस्ता अन्तर्राष्ट्रिय अभ्यास रहेका छन् ?

निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्या, भौगोलिक जटिलता, मतदाता सङ्ख्या, जनघनत्व जस्ता विभिन्न विषयहरूलाई आधार मानी क्षेत्र निर्धारण गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । विभिन्न मुलुकको अभ्यासलाई हेर्दा देहायका विषयमा आधारित रहेर निर्वाचन क्षेत्रको पुनरावलोकन गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ :

- जनसङ्ख्याको अनुपात,
- निर्वाचन क्षेत्रको जटिलता,
- स्थानीय क्षेत्राधिकारका सीमाहरूसँग मिलान,
- भौगोलिक क्षेत्र र जिल्लाहरूको आकार,
- सामुदायिक चासो वा संस्कार,
- कुल जनसङ्ख्यामा भएको परिवर्तन,
- योग्य मतदाता सङ्ख्यामा भएको परिवर्तन,
- दर्ता भएका मतदाताको सङ्ख्यामा भएको परिवर्तन,

- जनघनत्वमा भएको परिवर्तन,
- योग्य मतदाताको घनत्वमा भएको परिवर्तन,
- दर्ता भएका मतदाताको घनत्वमा भएको परवर्तन,
- वार्षिक वा निश्चित अवधिमा निर्वाचन क्षेत्र सीमानिर्धारण गरिने व्यवस्था ।

निर्वाचन क्षेत्रको सीमा निर्धारण आवधिक रूपमा गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । यसरी आवधिक रूपमा निर्वाचन क्षेत्र पुनरावलोकन गर्दा सामान्यतया ८ देखि १० वर्षमा गर्ने प्रचलन रहेको भए तापनि कतिपय मुलुकमा १४-१५ वर्षमा समेत पुनरावलोकन गर्ने गरिएको पाइन्छ ।

६५३. निर्वाचनमा तथ्याङ्क व्यवस्थापन किन महत्त्वपूर्ण हुन्छ ?

निर्वाचनसम्बन्धी तथ्याङ्क, नीति र योजना एवम् निर्वाचन व्यवस्थापनको त्रिपक्षीय सम्बन्ध सुदृढ तथा प्रभावकारी भएको अवस्थामा मात्र स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ । निर्वाचन आयोगले समयसापेक्ष, एकिकृत र खण्डिकृत तथ्यांकको भरपर्दो व्यवस्थापन गरी नियमित अध्यावधिक गर्न सकेमा निर्वाचनका सबै तीनवटै चरणमा गरिने क्रियाकलापहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकिन्छ । कुनै पनि मुलुकको कुल जनसङ्ख्यामध्ये कति जनसङ्ख्या मतदाताका रूपमा दर्ता हुन योग्य छन्, कति दर्ता भएका छन्, कुन वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको मतदाता नामावलीमा दर्ता हुन सकेको छैन, मतदानमा सहभागिता कस्तो छ, उम्मेदवारीको अवस्था कस्तो छ भन्नेलगायतका सूचना र विवरणलाई व्यवस्थापन गर्नका लागि समेत तथ्याङ्क व्यवस्थापन महत्त्वपूर्ण कार्य हो । निर्वाचनमा तथ्याङ्क व्यवस्थापनको महत्त्व देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- तथ्यमा आधारित नीतिनिर्माण, योजना तर्जुमा र कार्यक्रम निर्धारण गर्ने प्रणालीको विकास गर्न,
- निर्वाचन व्यवस्थापन निकायबाट हुने क्रियाकलापलाई निर्धारित परिमाण, गुणस्तर र समयमा सम्पन्न गर्न,
- आयोगलाई तथ्याङ्कीय रूपमा वलियो र संस्थागत रूपमा सुदृढ बनाउन,

- निर्वाचनसम्बन्धी तथ्याङ्क प्रयोगकर्ताको माग र आवश्यकतालाई सम्बोधन गर्न,
- निर्वाचनलाई लैङ्गिक संवेदनशील, समावेशी तथा अपाङ्गतामैत्री बनाउन,
- निर्वाचनको तथ्याङ्क विश्लेषण र समीक्षा गरी भविष्यमा निर्वाचनसम्बन्धी नीति, योजना र कार्यक्रम निर्माण गर्न,
- निर्वाचनका सम्बन्धमा नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्न ।

६५४. निर्वाचनका सन्दर्भमा युवा भन्नाले कसलाई बुझिन्छ ?

उमेर समूहका आधारमा वा जोस, जाँगर र उत्साहको अवस्थालाई युवा भन्ने सम्बन्धमा समकालीन विश्वमा एउटा बहसको विषय बन्दै आएको छ । युवालाई परिभाषित गर्न विभिन्न परिवेश र मुलुकमा समान बुझाइ नभए पनि बढी मात्रामा उमेर समूहका आधारमा परिभाषित गर्ने प्रचलन छ । युवा समग्र जीवनको एउटा यस्तो उमेर अवस्था हो, जहाँ व्यक्तिमा साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वास हुन्छ । कुनै पनि व्यक्तिले यही उमेरमा आफ्नो फरक पहिचान निर्माण गर्नका लागि आफूलाई अब्बल सावित गर्न सदैव क्रियाशील हुन्छ । विश्व श्रमिक सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ जस्ता अर्न्तराष्ट्रिय संस्थाहरूले १५ देखि २४ वर्ष उमेर समूहलाई युवा भनेका छन् । कुन उमेर समूहलाई युवा मान्ने भन्ने सम्बन्धमा देशअनुसार फरकफरक परिभाषा रहेको पाइन्छ । नेपालमा राष्ट्रिय युवा नीति, २०६६ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवाको परिभाषाभित्र राखेको छ । निर्वाचनका सन्दर्भमा राष्ट्र निर्माण, रूपान्तरण र सशक्तीकरणका लागि सक्रिय, सुसूचित, स्वनिर्देशित र ऊर्जाशील जनशक्तिलाई युवा मान्न सकिन्छ । नेपालको निर्वाचमा पहिलोपटक मतदान गर्न तयार भएको, आफू मतदाता भएकामा गर्व गर्ने, आशा र आकाङ्क्षाको पुञ्जका रूपमा रहेको निर्णायक मतदातालाई युवाका रूपमा चित्रण गर्न सकिन्छ । नेपालमा १६ देखि ४० वर्षको जनसङ्ख्या ४०.३५ प्रतिशत रहेको छ । निर्वाचन आयोगद्वारा प्रकाशित अन्तिम मतदाता नामावलीका आधारमा विश्लेषण गर्दा १८ देखि ४० वर्ष उमेर समूहका युवा मतदाताको सङ्ख्या करिब ५२ प्रतिशत रहेको सन्दर्भले यसलाई निर्वाचन व्यवस्थापनमा वास्तविक पुँजीका रूपमा लिन सकिन्छ ।

६५५. वि.सं. २०७४ सालको विभिन्न तहको निर्वाचनमा युवा सहभागिता र प्रतिनिधित्व कस्तो रहेको छ ?

संविधान सभाबाट सङ्घीय नेपालको संविधान जारी भएपछि वि.सं. २०७४ सालमा निर्वाचन आयोगले सङ्घीय संरचनाअनुरूप स्थानीय तह, प्रदेश सभा तथा सङ्घीय व्यवस्थापिकाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको थियो । यसरी सम्पन्न निर्वाचनबाट स्थानीय तहका कुल ३५०४१ पद, प्रदेश सभाका ५५० पद तथा सङ्घीय व्यवस्थापिकाका ३३४ पदमा प्रतिनिधि छनोट गरिएको थियो । युवा वर्गको उम्मदेवारीको अवस्थालाई हेर्दा स्थानीय तहको निर्वाचनमा कुल १,४८,३६२ उम्मेदवारमध्ये २१ देखि ४० वर्ष उमेर समूहका युवा उम्मेदवारको सङ्ख्या ५७,७०१ रहेको थियो । उक्त निर्वाचनबाट स्थानीय तहका ३५२२१ पदमध्ये १८० पदमा विभिन्न कारण निर्वाचन हुन सकेन । निर्वाचित भएका ३५०४१ पदमध्ये २१ देखि ४० वर्ष उमेर समूहका १३८९३ जना अर्थात् ३९.६५ प्रतिशत, प्रदेश सभाका ५५० पदमध्ये २५ देखि ४० वर्ष उमेर समूहका १३० जना अर्थात् २३.६० प्रतिशत, सङ्घीय व्यवस्थापिकाको प्रतिनिधि सभातर्फ २७५ पदमध्ये २५ देखि ४० वर्ष उमेर समूहका ३६ जना अर्थात् १३.१० प्रतिशत र राष्ट्रिय सभामा ५९ पदमध्ये ३५ देखि ४० वर्ष उमेर समूहका ४ जना अर्थात् ६.८० प्रतिशत युवाको प्रतिनिधित्व रहेको थियो ।

६५६. निर्वाचनमा युवा सहभागिता कसरी वृद्धि गर्न सकिन्छ ?

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवा वर्गको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने नीति लिएको छ । विभिन्न देशको अनुभवलाई हेर्दा सहास, सिर्जनशीलता, सिक्ने क्षमता र उच्च आत्मविश्वासका कारण यस वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिएकाले युवा वर्गले देशको शासकीय प्रणालीमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । उपर्युक्त पृष्ठभूमिमा निर्वाचनमा युवा सहभागिता देहायबमोजिम वृद्धि गर्न सकिन्छ :

- निर्वाचनका सबै चरण र प्रक्रियामा युवाहरूलाई सुसूचित गरी सहभागिताका लागि अभिप्रेरित गर्ने,

- युवाहरूमा राजनीतिप्रतिको आकर्षण वृद्धि गर्ने,
- राजनीतिक प्राणालीमा क्षमतावान र नैतिकवान नेतृत्वको विकास गर्ने,
- राजनीतिक दलहरूले योग्यता, क्षमता र प्रतिभाका आधारमा नेतृत्व छनोट गर्ने प्रणालीको विकास गर्ने,
- युवा केन्द्रित निर्वाचन कार्यक्रम तथा क्रियाकलापहरूका माध्यमबाट युवाहरूमा सकारात्मक सोच र स्वयम्सेवी भावनाको विकास गर्ने,
- निर्वाचन प्रक्रियामा युवाहरूका सङ्घसंस्थाहरूसँग साझेदारी, सम्पर्क, सहकार्य र अन्तर्सम्बन्ध स्थापित गर्ने,
- युवा केन्द्रित निर्वाचन अभियान सञ्चालन गरी युवाहरूलाई परिचालन गर्ने,
- निर्वाचन तथा मतदाता शिक्षालगायत निर्वाचनका प्रक्रियामा युवा मैत्री प्रविधिको प्रयोग गर्ने,
- युवाहरूलाई लक्षित गरी निर्वाचन, लोकतन्त्र, प्रतिनिधित्व प्रणाली र मताधिकारका सम्बन्धमा कार्यक्रमहरू सञ्चालन गरी निर्वाचनप्रति आकर्षण पैदा गर्ने ।

६५७. निर्वाचनमा None Of The Above - NOTA भन्नाले के बुझिन्छ ?

मतदान गर्न जाने प्रत्येक मतदाताले आफूलाई प्राप्त हुने मतपत्रमा आफूले रोजेको वा चाहेको उम्मेदवार वा दललाई मतदान गर्नुपर्दछ । यसरी मतदान गर्दा निर्वाचन प्रतिस्पर्धामा रहेका दल वा उम्मेदवारमध्ये मतदाताले कसैलाई पनि मतदान गर्दिनँ भन्न पाउने अवस्था रहँदैन किनकि मतदान नगरिएको मतपत्र बदर हुन्छ । कतिपय मुलुकमा निर्वाचनका प्रतिस्पर्धीहरूमध्ये कुनै पनि उम्मेदवारलाई मतदाताले मतदान गर्दिन भन्ने आफ्नो अभिव्यक्ति व्यक्त गर्नका लागि मतपत्रमा कसैलाई पनि मतदान गर्दिन भन्ने छुट्टै कोलमको व्यवस्था गरिएको हुन्छ । यस्तो व्यवस्थालाई NOTA भनिन्छ । अर्को शब्दमा NOTA भनेको मतदाताले मतपत्रमा रहेका None Of The Above अर्थात् माथिका कोही पनि होइनन् भन्ने जनाई मतदान गर्न पाउने अधिकार हो । मतपत्रमा NOTA को प्रयोग गर्नाले मतदातालाई निर्वाचनमा भाग लिएका उम्मेदवार वा राजनीतिक दलमध्ये आफूलाई कोही पनि चित्त नबुझेको जनाउने विकल्प प्राप्त हुन्छ । विश्वमै सन् १९७६ मा संयुक्त राज्य अमेरिकामा सबैभन्दा पहिला यस्तो व्यवस्थाको

प्रयोग भएको थियो । यसको प्रयोगबाट मतदातालाई निर्वाचन प्रक्रियामा सहभागिता जनाई आफ्नो मताधिकारको प्रयोग गर्ने साथै मन नपरेको उम्मेदवार वा राजनीतिक दललाई सुधारका लागि नैतिक दबाब दिन सक्ने विकल्प उपलब्ध हुन्छ । नेपालमा पनि वि.सं. २०७० पुष २१ मा सर्वोच्च अदालतले अब हुने संसदीय वा स्थानीय स्वायत्त शासन ऐनअन्तर्गतका निकायहरूसम्बन्धी निर्वाचनहरूमा कायम भएका उम्मेद्वारहरूमध्ये कसैप्रति पनि समर्थन छैन (None of the Above) भनी मत जाहेर गर्ने कुरालाई पनि स्थान दिई निर्वाचन प्रक्रियामा व्यवस्था गरी सोअनुरूप मतपत्र ढाँचासमेत समावेश गरी निर्वाचन सञ्चालन गर्ने प्रयोजनका लागि कानुनी एवं उपयुक्त कुराको व्यवस्था गर्न नेपाल सरकार र निर्वाचन आयोगलाई निर्देशनात्मक आदेश जारी गरेको अवस्था छ ।

६५८. NOTA सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ?

निर्वाचनमा मतदाताले प्रतिस्पर्धीमध्ये कसैलाई पनि मतदान गर्दिन भन्ने मत जाहेर गर्न पाउने विषयलाई फरकफरक रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । भारतमा माथिका कोही पनि होइनन् अर्थात् NOTA भन्ने गरेको पाइन्छ भने ग्रिसमा White युक्रेनमा Against बेलारुसमा White Vote रसियामा Against All बङ्गलादेशमा No Vote भन्ने गरेको पाइन्छ । यसरी निर्वाचनमा प्रतिस्पर्धीमध्ये कसैलाई पनि मतदान गर्दिन भन्ने व्यवस्थाको प्रयोग अमेरिका, भारत, बङ्गलादेश, फ्रान्स, बेल्जियम, स्पेन, कोलम्बिया, स्विडेन, चिली र ग्रिस जस्ता देशमा प्रयोग भइरहेको छ । सिद्धान्ततः राजनीतिक अधिकारका दृष्टिले NOTA को प्रयोग सकारात्मक देखिए तापनि यसले ल्याउने परिणाम सधैँ सकारात्मक नहुन पनि सक्दछ । यदि कुनै निर्वाचनमा ८० प्रतिशत मतदान भयो तर त्यसमध्ये ५० प्रतिशत मत NOTA को पक्षमा आयो भने उक्त निर्वाचनको वैद्यतामाथि प्रश्न चिह्न खडा भई राज्यले यसपछि के गर्ने भन्ने सवाल उठ्न सक्छ । धेरै प्रतिशत जनताले नचाहँदा नचाहँदै उम्मेदवार वा राजनीतिक दलले गरेको शासन कति वैधानिक होला भन्ने सवाल उठ्न गई यसले राज्य व्यवस्थामा अस्थिरता सिर्जना गर्न सक्छ । यदि राज्यले NOTA को प्रयोगसम्बन्धी व्यवस्था गर्ने हो भने यस्ता सवालहरूको समाधानसहितको उपयुक्त कानुनी व्यवस्था गरिनुपर्दछ ।

६५९. बाह्य मतदान Out of country voting/Overseas voting भनेको के हो ?

विदेशमा रहेका आफ्ना नागरिकहरूलाई निर्वाचनका समयमा आफू बसेको मुलुकबाट नै मतदान गर्न सक्ने गरी मताधिकार प्रदान गर्न सुनिश्चित गरिएको प्रावधान वा

व्यवस्थालाई नै बाह्य मतदान Out of country voting/Overseas voting भनिन्छ । भूमण्डलीकृत हुँदै गएको राजनीतिक, व्यक्तिगत र व्यावसायिक जीवन तथा विश्वभर फैलँदो लोकतन्त्र र बढ्दो आप्रवासले गर्दा बाह्य मतदानको माग बढ्दै गएको देखिन्छ । जसबाट शरणार्थी, कूटनीटिज्ञ, विदेशमा कार्यरत सैन्यबल तथा अस्थायी वा स्थायी रूपमा आफ्नो मुलुकभन्दा बाहिर रहेका मतदाताले बाह्य मुलुकबाट समेत मतदान गर्ने अवसर पाउँछन् । बाह्य मतदानको प्रयोगलाई हेर्दा विदेशमा रहेका आफ्ना नागरिकहरूले पहिलो र दोस्रो विश्वयुद्धमा सक्रियताका साथ भाग लिएकोप्रति आभार दर्शाउने तथा आफ्ना प्रवासी नागरिकलाई मातृभूमिसँग जोड्ने वा सम्बन्ध बलियो बनाउने व्यावहारिक सोचबाट प्रेरित भई प्रारम्भ भएको देखिन्छ । पछिल्लो समयमा सन् १९४८ मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणा, सन् १९६६ मा जारी भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञा पत्र र सन् १९९० को आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी संयुक्त अन्तर्राष्ट्रिय महासन्धि आदिले निर्वाचन र मताधिकाका सम्बन्धमा गरेको व्यवस्थासमेतका आधारमा विभिन्न देशले बाह्य मतदानको अभ्यास गर्दै आएका छन् ।

६६०. Out of country voting/Overseas voting सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ?

विदेशमा रहेका आफ्ना देशका नागरिकहरूले मतदान गर्न पाउने व्यवस्था धेरै मुलुकहरूले लागु गरेका छन् । यस्तो व्यवस्था कतिपय मुलुकले सुरुसुरुमा विदेशमा रहेका आफ्ना सैनिक, समुद्री र कूटनीतिक कर्मचारीहरूलाई मात्र दिए तापनि क्रमशः यो अधिकार सबै नागरिकहरूलाई दिन थालेको देखिन्छ । यस्तो बाह्य मताधिकारको व्यवस्था कुनै न कुनै रूपमा संयुक्त राज्य अमेरिकाले सन १८६२ देखि, न्युजिल्यान्डले सन् १८९० देखि, अस्ट्रेलियाले सन् १९०२ देखि, क्यानडाले सन् १९१५ देखि, बेलायतले सन् १९१८ देखि र फ्रान्सले सन् १९२४ देखि लागु गरेको पाइन्छ । विश्वभर करिब ११५ देशले अनुपस्थित मतदान Absentees Voting, गैरहाजिरी मतदान Proxy Voting वा मुलुक बाहिरी मतदान Out of Country Voting जस्ता नामबाट बाह्य मतदानको व्यवस्था गरेको देखिन्छ । यसरी बाह्य मतदानको व्यवस्था गर्ने मुलुकहरूमा अपनाइएको पद्धति र प्रक्रियालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- विदेश स्थित दूतावास र कन्सुलेटहरूमा मतदान केन्द्रहरू राखी मतदानको अवसर दिने : दक्षिण अफ्रिका, अफगानिस्तान, अर्जेन्टिना, ब्राजिल, हङ्गेरी, इराक आदि,

- हुलाकमार्फत मतदान गर्ने अवसर दिने : संयुक्त राज्य अमेरिका, स्विजरल्यान्ड, नर्वे, मेक्सिको, क्यानडा, बङ्गलादेश, डेनमार्क, इटली, जर्मनी, मलेसिया आदि,

- वारेस वा प्रतिनिधि Proxy मार्फत स्वदेशको मतदान केन्द्रमा नै मतदानको अवसर दिने : भानुआटु, मरिसस, टोगो, नाऊर आदि,

- विद्युतीय माध्यम Electronic वा अनलाइन Online पद्धतिबाट मतदान गर्ने अवसर दिने : इस्टोनिया,

- मिश्रित प्रक्रिया अवलम्बन गर्ने : अस्ट्रेलिया, बेल्जियम, फ्रान्स, भारत,, इन्डोनेसिया, जापान, नेदरल्यान्ड, न्युजिल्यान्ड, फिलिपिन्स, पोर्चुगल, स्पेन, स्विडेन, थाइल्यान्ड, संयुक्त अधिराज्य आदि ।

६६१. नेपालमा Out of country voting/Overseas voting को व्यवस्थापन कसरी गर्न सकिन्छ ?

नेपालमा नागरिकको मताधिकारलाई सुनिश्चित गर्न विशेषतः मुलुकभित्रै मतदाताले चाहेको स्थानबाट मतदान गर्न पाउने अवसर र मुलुकबाहिर अर्थात् विदेशबाट मतदान गर्न पाउने अवसर गरी दुई ओटा विषयमा ध्यान दिइनुपर्दछ । मुलुकभित्र मतदाताले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको वडाको तोकिएको मतदान केन्द्रबाट नै मतदान गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकाले कुनै पनि मतदाताले मतदानको दिन आफूले चाहेको स्थानबाट मतदान गर्न पाउने अवस्था छैन । यसै गरी निर्वाचन व्यवस्थापनको कार्यमा नै संलग्न भएको निर्वाचन कर्मचारी, पर्यवेक्षक, अनुगमन कर्तालगायतले आफू खटिएको स्थानबाट नै मतदान गर्न पाउने व्यवस्थासमेत गर्न सकिएको छैन । आफ्नो प्रतिनिधि चयन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार भएकाले देशभित्र र बाहिर रहेका सबै मतदाताको मताधिकार सुनिश्चित गर्नु उपयुक्त देखिन्छ । नेपाली नागरिकले बाह्य मुलुकबाट मतदान गर्न पाउने अवसर प्रदान गर्न नेपालको मिश्रित निर्वाचन प्रणाली, सङ्घीय व्यवस्था र कूटनीतिक उपस्थिति एवम् निर्वाचनको अनुभवसमेतका आधारमा निम्न विकल्पहरूलाई मध्यनजर गरेर उपयुक्त प्रणाली र कानुनी एवम् प्रशासकीय व्यवस्था गर्नुपर्ने देखिन्छ :

- अनलाइन मतदाता नामावली दर्ता प्रक्रिया प्रारम्भ गरी विदेशमा रहेका मतदाताहरूको यकिन गर्ने,

- विदेशस्थित नेपाली दूतावास र कन्सुलेटहरूमा मतदाता नामावली दर्ता र मतदान गर्ने,
- अनलाइन प्रणालीबाट मतदाता नामावली दर्ता गरी धेरै सङ्ख्यामा मतदाता रहेको स्थानमा मतपेटिका राखी सबैलाई मतदान गर्ने अवसर उपलब्ध गराउने,
- हुलाक प्रणालीबाट मतदान गर्ने अवसर दिने,
- सामान्यता उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि निश्चित समयअवधि तोकी Early Voting को व्यवस्था गर्ने,
- वारेस वा प्रतिनिधि Proxy मार्फत मतदानको अवसर दिने ।

नेपालले विदेशमा रहेका आफ्ना नागरिकहरूलाई निर्वाचनका समयमा मतदानको अधिकार प्रदान गर्ने हो भने उत्तम विकल्पका रूपमा विदेशस्थित नेपाली दूतावास र कन्सुलेटहरूमा मतदाता नामावली दर्ता र मतदान गर्ने व्यवस्था हुन सक्दछ । यसका लागि कस्ता नागरिक वा मतदाताले मतदान गर्न पाउने र निर्वाचनको समग्र व्यवस्थापन कस्तो हुने भन्ने विषयमा स्पष्ट कानुनी व्यवस्था हुनु जरुरी छ ।

६६२. Absentee voting भनेको के हो ?

निर्वाचनको दिन कुनै मतदाता आफूलाई तोकिएको मतदान केन्द्रमा गएर मतदान गर्न असमर्थ भएमा वा सो दिन सो ठाउँमा उपस्थित भई मतदान गर्न नसक्ने भएमा निजलाई अन्य स्थानबाट मतदान गर्न मिलाइने मतदानको व्यवस्थालाई Absentee voting भनिन्छ । पूर्व मतदान, पोस्टल मतदान, बाह्य मतदान, प्रोक्सी मतदान आदि Absentee voting हुन् । Absentee Voting को मुख्य उद्देश्य मताधिकारको उपयोग गर्न पाउने सुनिश्चितता गरी मतदानमा धेरै मतदाताको सहभागिता गराउनु हो । मतदाता स्वयम् मतदान केन्द्रमा गएर मतदान गर्न असमर्थ रहेमा अन्य व्यक्तिलाई अख्तियारनामा दिई आफ्नो मताधिकारको प्रयोग गर्न दिने अधिकारलाई नै प्रतिनिधिमार्फत् गरिने मतदान वा Proxy Voting भनिन्छ ।

६६३. Postal Voting भनेको के हो ?

मतदाता स्वयंले निर्वाचन व्यवस्थापन निकायसँग मतपत्र माग गर्नुपर्ने र उक्त व्यक्ति मतदाता हो होइन भन्ने निर्वाचन व्यवस्थापन निकायले पहिचान गरेपश्चात् मात्र उक्त

व्यक्तिलाई हुलाकमार्फत् मतपत्र प्रदान गरिन्छ । मतपत्र प्राप्त गरेपश्चात् मतपत्रमा मत सङ्केत गरी सो मतपत्रलाई गोप्य खामबन्दी गरी सो बन्द खामलाई पुनः मतदाताको निर्वाचन क्षेत्रको विवरण उल्लेख गरी अर्को खाममा बन्द गरी अन्तिममा मतदाता परिचय पत्रको प्रतिलिपिसहितको पुनः अर्को खामसहित निर्वाचनका मितिसम्ममा पुग्ने गरी तोकिएको ठेगानामा मतपत्र फिर्ता पठाउनुपर्ने कार्यलाई Postal Voting भनिन्छ ।

६६४. Early voting भनेको के हो ?

निर्वाचन लोकतन्त्रको अभ्यास गर्ने प्रमुख माध्यम भएकाले प्रत्येक मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्न पाउनुपर्दछ । कतिपय अवस्थामा मतदाताहरू मतदानका दिन आफ्नो मतदान केन्द्रमा उपस्थित भई मतदान गर्न असमर्थ हुने अवस्थाहरू सिर्जना हुन सक्दछन । यस्ता अवस्थामा मतदाता मतदानका दिन उपस्थित भई मतदान गर्न असमर्थ हुने भएमा निजलाई अग्रीम रूपमा मतदान गर्न दिइने विधिलाई नै Early Voting भनिन्छ । कुनै मतदानमा खटिने कर्मचारी वा आम मतदाताहरूले मतदानका दिन आफ्नो मतदान केन्द्रबाट मतदान गर्न असमर्थ हुने अवस्थामा उनीहरूलाई अग्रीम मतदान गर्न दिने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ ।

६६५. Online voting भनेको के हो ?

मतदान गर्ने कार्यका लागि इन्टरनेटमा आधारित कम्प्युटर प्रणालीबाट मतदान गर्न तयार गरिएको प्रविधिको प्रयोग गरी मतदाताले मतदान केन्द्रमा उपस्थित नभई मतदान गर्न सक्ने प्रविधिलाई अनलाइन भोटिङ भनिन्छ । निर्वाचन व्यवस्थापन निकायले तयार गर्ने यस्तो प्रणालीमा मतदाताले पहुँच प्राप्त गर्न सक्ने र मतदान गर्दा अन्तर्राष्ट्रिय परिप्रेक्षमा विद्युतीय मतदान प्रणालीको विश्वसनीयता (Credibility), सदाचारिता (integrity), मतको गोपनीयता (ballot secrecy), मतदाताको पहिचान (voter authentication), मतदाताको मताधिकारको सुनिश्चितता (enfranchisement), मतदान प्रणालीको पारदर्शिता (transparency), मतदाताले प्रदान गरेको मतको पुनःजाँच (verifiability), उपयोगिता (usability) र उपलब्धता (availability) जस्ता विषयको सुनिश्चितता गरी गर्नुपर्दछ । यस्तो व्यवस्था गरिएका अवस्थामा स्वदेश वा विदेशमा रहेका मतदाताले अनलाइन वा इन्टरनेटमार्फत आफ्नो मताधिकारको प्रयोग गर्ने कार्यलाई Online Voting वा i-voting वा e-voting पनि भनिन्छ । इन्टरनेटमार्फत मतदानका लागि मतदान क्रेन्द्रमा मतदाताको उपस्थिति आवश्यक पर्दैन ।

६६६. In-Person Voting भनेको के हो ?

निर्वाचन व्यवस्थापन निकायले मतदान गर्नका लागि मतदान स्थलको व्यवस्था गरेको हुन्छ । प्रत्येक मतदाताले निर्वाचन व्यवस्थापन निकायद्वारा आफूले मतदान गर्न पाउने भनी तोकिएको मतदान स्थलमा स्वयम् उपस्थित भई मतदान गर्नुपर्दछ । यसरी मतदाता स्वयम् मतदान स्थलमा उपस्थित भई मतदान गर्ने कार्यलाई In-Person Voting भनिन्छ । कतिपय मुलुकमा मतदाता अनुपस्थित रहेका अवस्थामा त्यस्तो मतदाताले मतदान गर्नका लागि अन्य वैकल्पिक व्यवस्था गरेको पाइन्छ । नेपालका सन्दर्भमा भने यस्तो व्यवस्था नगरिएकाले नेपालको मतदान In-Person Voting का रूपमा मात्र रहेको छ ।

६६७. Compulsory Voting भनेको के हो ?

मतदान विश्वव्यापी रूपमा स्वीकार गरिएको नागरिकको नैसर्गिक अधिकार हो । यस्तो अधिकारको उपभोगलाई स्वेच्छिक र बाध्यकारी गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । मतदानलाई अधिकारका रूपमा मात्र लिने मुलुकहरूमा स्वेच्छिक मतदानको व्यवस्था गरिएको पाइन्छ भने मतदान नागरिकको दायित्वका रूपमा लिने मुलुकहरूमा बाध्यकारी मतदानको व्यवस्था गरिएको पाइन्छ । कतिपय मुलुकमा अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नागरिकले मतदान गर्नु उसको दायित्व रहेको मानी अनिवार्य मतदान गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ जसलाई Compulsory Voting भनिन्छ । यसरी मतदानलाई बाध्यकारी बनाइएका अवस्थामा नागरिकले मतदानको दायित्व पूरा गर्नु राज्यप्रतिको कर्तव्य हुने हुनाले मतदाताले आफ्नो कर्तव्य पूरा नगरेमा कानुनबमोजिम दण्डित हुने व्यवस्थासमेत गरेको पाइन्छ । नेपालका सन्दर्भमा Compulsory Voting अवलम्बन गरिएको छैन ।

६६८. Online Registration भन्नाले के बुझिन्छ ?

नाम दर्ता केन्द्रमा स्वयम उपस्थित भई आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउनुपर्ने हालको प्रचलनको सट्टा नागरिकले आफू मतदाता हुन योग्य रहेको प्रमाणसहित कुनै पनि विद्युतीय माध्यम वा कम्प्युटर प्रणालीको प्रयोग गरी मतदाता नामावलीमा नाम दर्ता गराउने प्रणाली नै Online Registration प्रणाली हो । यस्तो प्रणालीमा मतदाताले आफ्नो नाम मतदाताका रूपमा दर्ताका लागि आवदेन गर्ने, आफ्नो नाम मतदाता नामावलीमा दर्ता भए नभएको जाँच गर्ने, मतदाता नामावलीमा

दर्ता भएको आफ्नो नाममा रहेको त्रुटि सच्याउने, आफ्नो ठेगाना परिवर्तन गर्ने जस्ता विशेषताहरूसमेत सामेल गर्ने गरिन्छ । यसरी मतदाता हुन योग्य नागरिक मतदाता नामावली दर्ता गर्नका लागि दर्ता केन्द्रसम्म नआई इन्टरनेट तथा कम्प्युटरका माध्यमबाट अनलाइनमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रक्रियालाई नै Online Registration भनिन्छ । यस्तो प्रविधिको प्रयोगले गर्दा नागरिकलाई मतदाता दर्ता केन्द्रसम्म धाउनुपर्ने अवस्था नआई आफ्नो अनुकूल समयमा घरबाट नै आफ्नो मतदाता नामावली दर्ता गर्न अवसर प्रदान गर्दछ । परिणामतः योग्य नागरिकहरू मतदाताका रूपमा दर्ता भई मुलुकको मतदाता सङ्ख्या वृद्धि हुनुका साथै आफ्नो मताधिकारको प्रयोग गर्न सक्ने वातावरण सिर्जना हुन जान्छ ।

६६९. Compulsory Registration भनेको के हो ?

मतदान नागरिकको अधिकार मात्र नभएर दायित्व पनि हो । नागरिकले मतदान गर्नका लागि पहिलो सर्त नै मतदाता नामावली रहेको हुन्छ । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा मतदानको विषय अधिकार र दायित्वका रूपमा लिने गरेको पाइन्छ । जुन मुलुकले मतदानलाई अधिकारका रूपमा मात्र नभई दायित्वका रूपमा समेत परिभाषित गरेको हुन्छ त्यस्तो मुलुकको प्रत्येक मतदाता हुन योग्य नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउनै पर्ने तथा मतदानमा समेत सहभागिता हुनै पर्ने बाध्यात्मक कानुनी व्यवस्थासमेत गरिएको हुन्छ । यसरी मतदानलाई दायित्वका रूपमा समेत लिने कानुनी व्यवस्था रहेका मुलुकहरूमा मतदाता हुन योग्य प्रत्येक नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गर्नै पर्ने व्यवस्था गरिएको हुन्छ जसलाई Compulsory Registration भनिन्छ । बाध्यकारी मतदाता नामावली दर्ता अर्थात् Compulsory Registration को प्रावधान भएका मुलुकहरूमा मतदाता नामावलीमा नाम दर्ता नगर्ने व्यक्तिलाई कानुनबमोजिम कारबाही गरिनेसमेत व्यवस्था गरिएको हुन्छ ।

६७०. Out of country voter registration भनेको के हो ?

मतदानको प्रमुख एवम् अनिवार्य सर्तका रूपमा मतदाता नामावली रहेको हुन्छ । कुनै पनि मतदानमा सहभागी हुनका लागि त्यस्तो व्यक्तिले मात्र अवसर प्राप्त गर्दछ जसको नाम अन्तिम मतदाता नामावलीमा समावेश गरिएको हुन्छ । मतदानको अधिकार नागरिकको नैसर्गिक अधिकार भएको हुनाले मतदाता नामावलीमा योग्य नागरिकको नाम दर्ता गर्नु गराउनु राज्य तथा नागरिक दुबैको कर्तव्य हुन आउँछ । विदेशमा रहेका आफ्ना नागरिकहरूको मताधिकारलाई सुरक्षित गर्नका लागि मतदाता नामावलीमा नाम

दर्ता गर्ने प्रयोजनका लागि निर्वाचन व्यवस्थापन निकायले स्वदेश वा विदेशमा समेत मतदाता नामावली सङ्कलन गर्ने व्यवस्था गर्न सक्दछ । विदेशबाट मतदाता नामावलीमा नाम दर्ता गराउन सकिने प्रावधानलाई Out country voter registration भनिन्छ । यस्तो व्यवस्था व्यक्ति स्वयम् उपस्थित भई आफ्नो नाम मतदाताका रूपमा दर्ता गराउने वा अनलाइन प्रणालीमार्फत गराउने गरी दुई प्रकारको व्यवस्था अवलम्बन गर्न सकिन्छ । नेपालका सन्दर्भमा हाल Out country voter registration गर्ने गरिएको छैन ।

६७१. दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding भन्नाले के बुझिन्छ ?

निर्वाचनमा उम्मेदवार बन्न र आफ्नो प्रचारप्रसारका लागि दल तथा उम्मेदवारले वित्तीय व्यवस्थापन गर्नुपर्ने हुन्छ । दल तथा उम्मेदवारले निर्वाचनको वित्तीय व्यवस्थापन गर्दा उनीहरूका कार्यकर्ता, चन्दादातालगायत बाट सहयोग लिने गर्दछन् । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा निर्वाचनका लागि दल तथा उम्मेदवारहरूलाई कतिपय मुलुकहरूले राज्य स्रोतबाट समेत सहयोग गर्ने गरेको पाइन्छ । यस्तो राज्य स्रोतमा विशेषतः संस्थागत अर्थात् गैरमौद्रिक वस्तुहरू, भौतिक एवं मानवीय संसाधन, सरकारी सञ्चार माध्यम र अन्य यस्तै प्रकारका सार्वजनिक सञ्चार माध्यमहरू तथा वित्तीय स्रोत अर्थात् मौद्रिक सम्पत्ति, कर छुट जस्ता विषयहरू पर्दछन् । राजनीतिक दल सञ्चालनका लागि नियमित रूपमा राज्यबाट दिइने वित्तीय सहयोग तथा निर्वाचनमा दल तथा उम्मेदवारका लागि कानुनबमोजिम राज्यबाट प्रदान गरिने वित्तीय सहयोग नै State Funding हो । सामान्यतया यस्तो State Funding निर्वाचनमा समान पहुँच कायम गर्न र राज्यबाट दल तथा उम्मेदवारलाई समान व्यवहारका लागि प्रदान गर्ने गरिन्छ । त्यसै गरी कतिपय मुलुकले प्रचारप्रसार वित्तको नियमन र व्यवस्थापनका लागि समेत राज्य कोषबाट दल तथा उम्मेदवारलाई वित्तीय सहयोग प्रदान गर्ने गरेको अभ्यास रहेको पाइन्छ । यसरी राज्य कोषबाट दल तथा उम्मेदवारलाई निर्वाचनमा उम्मेदवारी दिन तथा प्रचारप्रसारका लागि उपलब्ध गराइने वित्तीय सहयोग नै State Funding हो ।

६७२. दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कस्तो रहेको छ ?

दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा दललाई नियमित बजेटमार्फत वा दल तथा उम्मेदवारलाई निर्वाचनका समयमा मात्र वित्तीय सहयोग प्रदान गर्ने व्यवस्था रहेको पाइन्छ । विभिन्न मुलुकले राज्य

कोषबाट दल तथा उम्मेदवारलाई प्रदान गर्ने वित्तीय सहयोगको अभ्यासलाई हेर्दा देहायबमोजिम रहेको पाइन्छ :

- **अस्ट्रेलिया** : निर्वाचनमा खसेको मतको कम्तीमा ४ प्रतिशत पहिलो प्राथमिकताको मत प्राप्त गरेका उम्मेदवारले उक्त निर्वाचनका लागि तोकिएको प्रतिमतका दरमा दल वा उम्मेदवारले पाएको सदर मतका आधारमा वित्तीय सहयोग प्रदान गरिन्छ । यस्तो सहयोग प्राप्त गर्नका लागि दल तथा उम्मेदवारले अस्ट्रेलियन निर्वाचन आयोगसमक्ष निवेदन गर्नुपर्ने साथै निर्वाचनमा गरेको आयव्ययको विवरणसमेत आयोगमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

- **स्पेन** : दललाई नियमित रूपमा राज्यबाट वित्तीय सहयोग प्राप्त हुने, निर्वाचनका समयमा दल तथा उम्मेदवारलाई प्राप्त गरेको मतको अनुपातमा राज्यले वित्तीय सहयोग गर्ने तथा राज्यद्वारा सञ्चालित रेडियो र टेलिभिजनमा प्रचारप्रसारका लागि निःशुल्क समय उपलब्ध गारउने ।

- **स्विडेन** : अघिल्लो निर्वाचनबाट निर्वाचित व्यवस्थापिकामा दल तथा उम्मेदवारले सम्पादन गरेको कार्य तथा वर्तमान व्यवस्थापिकामा प्राप्त गरेको प्रतिनिधित्वका आधारमा राज्य कोषबाट वित्तीय सहयोग उपलब्ध गराउने ।

- **ग्वाटेमाला** : निर्वाचनका समयमा हुलाक तथा सञ्चार सेवा निःशुल्क, पहिलो चरणको राष्ट्रपतीय निर्वाचनमा प्राप्त गरेको मतका अनुपातका आधारमा वित्तीय सहयोग प्रदान, वित्तीय सहयोग प्राप्त गर्न कुल सदर मतको कम्तीमा ४ प्रतिशत मत प्राप्त गर्नुपर्ने, दल तथा उम्मेदवारले निर्वाचन व्यवस्थापन निकायसमक्ष निवेदन गर्नुपर्ने, निर्वाचनमा गरेको आयव्ययको विवरण पेस गर्नुपर्ने तथा राज्य कोषबाट दिइने वित्तीय सहयोग वार्षिक रूपमा चार किस्ता गरी दिइने व्यवस्था रहेको छ ।

- **कम्बोडिया** : दल तथा उम्मेदवारलाई निर्वाचनका लागि वित्तीय सहयोग दिने कानुनी व्यवस्था रहेको भए पनि कार्यान्वयन नभएको, निर्वाचन प्रचारप्रसारका लागि दल तथा उम्मेदवारलाई ३० दिनसम्म रेडियो तथा टेलिभिजनबाट निःशुल्क प्रचारप्रसारको व्यवस्था रहेको तर यस्तो व्यवस्था राष्ट्रिय निर्वाचनमा मात्र लागु हुने अर्थात् स्थानीय निर्वाचनमा यो सुविधा प्राप्त नहुने ।

६७३. नेपालमा केकसरी दल तथा उम्मेदवारलाई राज्यबाट दिइने वित्तीय सहयोग State Funding लागु गर्न सकिन्छ ?

निर्वाचनमा राजनीतिक दलहरूलाई राज्य कोषबाट वित्तीय सहयोग गर्न आ.व. २०६०/०६१ को बजेटमा नीतिगत व्यवस्था भएको भए तापनि कार्यान्वयन हुन नसकेको, निर्वाचन खर्चलाई मितव्ययी र पारदर्शी बनाउने माग बढदै गएको, राजनीतिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक भएको, निर्वाचनमा महिला तथा समावेशी समूहको समानुपातिक प्रतिनिधित्वका लागि राज्य कोषबाट सहयोग गर्नुपर्ने आवश्यकता भएको, निर्वाचनमा सबैका लागि समान अवसर Level Playing Field को अवधारणालाई स्थापित गर्नुपरेको आदि कारणले नेपालमा राज्य कोषबाट वित्तीय सहयोग उपलब्ध गराउन देहायबमोजिमको कुनै वा सबै आधारलाई लिई स्वीकृत मापदण्डबमोजिम राज्य कोषबाट वित्तीय व्यवस्थापन गर्नु उपयुक्त हुने देखिन्छ :

- अघिल्लो निर्वाचनमा दलले समानुपातिक निर्वाचन प्रणालीतर्फ तोकिएको थ्रेसहोल्ड पूरा गरी प्राप्त गरेको कुल सदर मतका आधारमा,
- सङ्घीय संसद्मा दलले प्राप्त गरेको सिट सङ्ख्याका आधारमा,
- स्थानीय, प्रदेश र सङ्घीय संसद्मा दलका तर्फबाट भएको प्रतिनिधित्वका आधारमा,
- स्थानीय, प्रदेश र सङ्घीय तहमा भएका दलहरूको साङ्गठनिक अवस्थाका आधारमा,
- राजनीतिक दलको मूल्याङ्कन प्रणाली स्थापना गरी मुल्याङ्कनमा प्राप्त गरेको परिणामका आधारमा ।

यसरी राज्य कोषबाट वित्तीय सहयोग प्रदान गर्दा दल तथा उम्मेदवारले तोकिएको थ्रेसहोल्ड पूरा गरी प्राप्त गरेको मतका आधारमा निर्वाचन प्रचारप्रसारका लागि निश्चित रकम उपलब्ध गराउने तथा सरकारी सञ्चार माध्यममा निःशुल्क समय उपलब्ध गराउनेलगायत अन्य आवश्यक व्यवस्थाहरू गर्न सकिन्छ । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा राज्य कोषबाट सहयोग हुने व्यवस्थासँगै दल तथा उम्मेदवारले अन्य व्यक्ति, सङ्घसंस्था, निजी क्षेत्रबाट प्राप्त गरेको आयव्ययलाई थप पारदर्शी र नियमन गर्ने व्यवस्थासमेत मिलाइनु उपयुक्त हुने देखिन्छ ।

६७४. राजनीतिक दलको नियमन भन्नाले के बुझिन्छ ?

नेपालको संविधान तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र निर्वाचनसम्बन्धी कानुनमा भएका व्यवस्थाबमोजिम राजनीतिक दलहरूको सञ्चालन र व्यवस्थापन भए नभएको यकिन गर्नुलाई राजनीतिक दल नियमन भन्न सकिन्छ । नेपालको संविधान र राजनीतिक दल तथा निर्वाचनसम्बन्धी कानुनमा राजनीतिक दलको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरिनुका साथै दलले गर्न नहुने कार्यहरूसमेतको प्रावधान रहेको छ । संविधान र राजनीतिक दलसम्बन्धी कानुनले राजनीतिक दलहरू तोकिएको प्रक्रिया पूरा गरी निर्वाचन आयोगमा दर्ता हुनुपर्ने, कानुनतः तथा आयोगले तोकेबमोजिमका विवरण नियमित रूपमा आयोगमा बुझाउनुपर्नेसमेतको व्यवस्था रहेको छ । दलहरूबाट कानुनबमोजिम कार्य भए नभएको, नियमित रूपमा बुझाउनुपर्ने विवरण बुझाए नबुझाएको, दलहरूले आफ्नो विधानबमोजिम गर्नुपर्ने कार्य गरे नगरेको, दलहरूले पालना गर्नुपर्ने आचारसंहिता पालना गरे नगरेकोलगायतका विषयमा आयोगले आवश्यक जाँच गर्ने, विवरण माग गर्न तथा सोधपुछ गर्न सक्ने कानुनी व्यवस्थाबमोजिम गर्ने कार्य नै राजनीति दल नियमन हो ।

६७५. राजनीतिक दलको नियमन किन आवश्यक छ ?

कुनै पनि कानुनबमोजिम स्थापित संस्थाको काम, कर्तव्य र अधिकारसमेत कानुनबमोजिम नै निर्धारण गरिएको हुन्छ । यस्ता संस्थाहरू कानुनतः भएको व्यवस्थाभन्दा बाहिर गई वा फरक ढङ्गले सञ्चालन हुन वा गर्न मिल्दैन । लोकतान्त्रिक व्यवस्थामा सुशासनको आधार भनेको नै राजनीतिक दलहरूको व्यवहारबाट स्थापित हुने विषय भएकाले कानुनको शासन स्थापनाका लागि पनि राजनीतिक दलहरू कानुनबमोजिम नै सञ्चालन भएका छन् भन्ने यकिन गर्न राजनीतिक दलको नियमन आवश्यक हुन्छ । यसका अतिरिक्त देहायबमोजिमको कार्यका लागि समेत राजनीतिक दलको नियमन आवश्यक हुन्छ :

- दलहरूलाई संविधान, निर्वाचन तथा राजनीतिक दलसम्बन्धी कानुनबमोजिम प्राप्त अधिकार र कर्तव्यअनुरूप सञ्चालन हुने वातावरण तयार गर्न,
- दलहरूले संविधान, निर्वाचन तथा राजनीतिक दलसम्बन्धी कानुनबमोजिम पालना गर्नुपर्ने सर्त एवम् पूरा गर्नुपर्ने जिम्मेवारी पूरा गरेको यकिन गरी आन्तरिक लोकतन्त्र सुदृढ गर्न सहयोग पुऱ्याउन,

- दलहरूले आफूले संविधान, निर्वाचन तथा राजनीतिक दलसम्बन्धी कानुन एवम् दलको विधानबमोजिम भूमिका निर्वाह गरेको सुनिश्चित गर्न,

- दलहरूको सबल तथा कमजोर पक्षको पहिचान गरी समयानुकूल सुधारका लागि सहजीकरण गर्न,

- दलहरूको सङ्गठनात्मक ढाँचा, समावेशिता, आन्तरिक लोकतन्त्र, वित्तीय अवस्था र राजनीतिक दलसम्बन्धी अन्य जानकारी प्राप्त गर्न ।

६७६. राजनीतिक दल नियमनमा स्वमूल्याङ्कन भन्नाले के बुझिन्छ ?

संविधान तथा प्रचलित कानुनबमोजिम आफूले सम्पादन गर्नुपर्ने काम, पूरा गर्नुपर्ने जिम्मेवारी, निर्वाह गर्नुपर्ने दायित्व, खेल्नुपर्ने भूमिका तथा गर्नुपर्ने कर्तव्य पूरा गरिएको छ वा छैन भनी आफ्नो मूल्याङ्कन निर्धारित मापदण्डका आधारमा आफैँले गर्ने प्रणाली नै स्वमूल्याङ्कन हो । राजनीतिक दलका सन्दर्भमा नेपालको संविधानमा, राजनीतिक दल तथा निर्वाचनसम्बन्धी कानुनले दलका लागि तोकिदिएको काम, जिम्मेवारी, दायित्व, भूमिका र कर्तव्य दलले पूरा गरे नगरेका सम्बन्धमा सम्बन्धित दलले आफ्नो मूल्याङ्कन आफैँ गर्ने प्रणाली नै राजनीतिक दल नियमनमा स्वमूल्याङ्कन प्रणाली हो भन्न सकिन्छ । कानुनतः राजनीतिक दलहरू समावेशी तथा पारदर्शी रूपमा सञ्चालन हुनुपर्ने हुन्छ । दलहरूका क्रियाकलापहरू कानुनबमोजिम भइरहेको छ वा छैन भन्ने विषयमा नियमन गर्ने निकाय तथा दलहरू स्वयम् जानकार हुनुपर्ने हुन्छ यसका लागि दलहरूले आफ्नो मूल्याङ्कन आफैँ गर्न सक्ने गरी तयार गरिने प्रणाली राजनीतिक दल स्वमूल्याङ्कन प्रणाली हो । यस्तो मूल्याङ्कनको व्यहोरा आम नागरिकको जानकारीमा समेत रहने गरी नियमन र व्यवस्थापन गर्न सकिएका अवस्थामा दलको आन्तरिक सुशासन तथा समग्र मुलुकको सुशासन कायममा थप मद्दत पुग्न सक्दछ ।

६७७. राजनीतिक दलको स्वमूल्याङ्कन प्रणाली कसरी अवलम्बन गर्न सकिएला ?

नेपालको संविधान र प्रचलित राजनीतिक दलसम्बन्धी कानुनले राजनीतिक दलको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । यस्ता काम, कर्तव्य र अधिकारहरू दलबाट पूरा भए नभएका सम्बन्धमा मूल्याङ्कन गर्नका लागि दलहरूको सहमतिका निश्चित मापदण्ड र कार्यविधि तयार गरिनुपर्दछ । यसरी तयार भएको कार्यविधिका आधारमा दलहरू स्वयम्ले आफ्नो मूल्याङ्कन आफैँ गर्न सक्ने गरी आधुनिक प्रविधिको प्रयोगद्वारा

सफ्टवेयरमार्फत स्वमूल्याङ्कन गर्न सक्ने व्यवस्था गरिनुपर्दछ । यसका लागि देहायबमोजिमका कार्य गरी स्वमूल्याङ्कन प्रणाली अवलम्बन गर्न सकिन्छ :

- राजनीतिक दलहरूको सहमतिमा स्वमूल्याङ्कनको निश्चित मापदण्ड र कार्यविधि तयार गर्ने,
- मापदण्ड तथा कार्यविधि तयार गर्दा पूरा गर्नै पर्ने निश्चित सूचकहरूलाई न्यूनतम सर्तको सूचकका रूपमा कायम गर्ने,
- स्वमूल्याङ्कनका लागि निश्चित अङ्कभारसहितका आवश्यक सूचक तयार गर्ने,
- न्यूनतम सर्त तथा स्वमूल्याङ्कनका सूचक पूरा भए नभएको यकिन गर्न आवश्यक कागजात र पुस्ट्याइँका आधारहरू तोक्ने,
- स्वीकृत मापदण्ड र कार्यविधिबमोजिम तयार भएको कम्प्युटर सफ्टवेयर प्रणालीमार्फत दलहरू स्वयम्ले आफ्नो मूल्याङ्कन गर्ने,
- राजनीतिक दलहरूका जिम्मेवार पदाधिकारीलाई स्वमूल्याङ्कन पद्धतिबारे जानकारी दिन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक राजनीतिक दलले केन्द्रीय तहमा स्वमूल्याङ्कनका लागि एक जना सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र राजनीतिक दलका प्रदेश तथा स्थानीय समितिहरूलाई पनि स्वमूल्याङ्कनमा दलले जिम्मेवार बनाउँदै लैजाने,
- स्वमूल्याङ्कनको प्रतिवेदन वार्षिक रूपमा तयार तथा प्रकाशन गरिने व्यवस्था मिलाउने ।

६७८. राजनीतिक दलको स्वमूल्याङ्कन प्रणालीबाट केकस्तो फाइदा हुन सक्छ ?

लोकतन्त्र र सुशासन सुदृढीकरणमा राजनीतिक दलहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । यस सन्दर्भमा संविधान र प्रचलित कानुनबमोजिम तोकिएका दलको काम, कर्तव्य र अधिकार दलहरूले पूरा गरे नगरेको आफैँले मूल्याङ्कन गर्न सक्ने प्रणाली नै राजनीतिक दल स्वमूल्याङ्कन प्रणाली भएकाले स्वमूल्याङ्कन पद्धतिले दलहरूलाई आफ्नो सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्दत गर्दछ । त्यसै गरी स्वमूल्याङ्कन पद्धतिले सम्बन्धित राजनीतिक दलको चुनौती र अवसरहरू तथा सबल पक्ष र सुधार

गर्नुपर्ने पक्षको पहिचान गरी स्वक्षमता अभिवृद्धि गर्नसमेत मद्दत पुऱ्याउँदछ । यसका अतिरिक्त स्वमूल्याङ्कन प्रणालीका फाइदा देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- राजनीतिक दलहरूले संविधान र कानुनबमोजिम गर्नै पर्ने न्यूनतम कार्यहरूको सूचक उपलब्ध गराउनुका साथै ती सूचकहरू पूरा भए नभएको विश्लेषण गर्न सहयोग गर्दछ ।

- स्वमूल्याङ्कन प्रणालीले राजनीतिक दलहरूको सबल पक्ष र कमजोर पक्षको पहिचान गरी सुधारका लागि आवश्यक नीति निर्माण गर्न तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सहयोग गर्दछ ।

- स्वमूल्याङ्कनका माध्यमबाट राजनीतिक दलहरूको सङ्गठनात्मक ढाँचा, वित्तीय व्यवस्था तथा लोकतन्त्र सुदृढीकरणका लागि गरिनुपर्ने कार्यको स्वमूल्याङ्कनका लागि आवश्यक सूचकहरू उपलब्ध गराउँदछ ।

- यस पद्धतिले राजनीतिक दलहरूलाई बढीभन्दा बढी पारदर्शी भई जनमत तयार गर्न सहयोग गर्दछ ।

- स्वमूल्याङ्कन प्रणालीको नतिजाका आधारमा राज्य कोषमा राजनीतिक वित्तमा सहयोग गर्ने आधार तय गर्न सहयोग पुग्दछ ।

- कानुनको शासन स्थापित गर्दै लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्दछ ।

६७९. निर्वाचन सदाचारिता भन्नाले के बुझिन्छ ?

पछिल्ला दिनहरूमा निर्वाचनमा 'निर्वाचन सदाचारिता' शब्दको प्रयोग बढदै गएको छ । 'निर्वाचन सदाचारिता' शब्दको कुनै विश्वव्यापी परिभाषा रहेको पाइँदैन । निर्वाचन सदाचारिताका सम्बन्धमा सन् १९९७ देखि २००६ सम्म संयुक्त राष्ट्र सङ्घका महासचिवसमेत रहेका कोफी अन्नानले शीतयुद्धको अन्त्यसँगै निर्वाचन विश्वव्यापी बन्दै गएको यद्यपि अधिकांश मुलुकमा निर्वाचन गर्ने गरिएको भए तापनि स्वतन्त्रता र प्रजातन्त्रको पूर्ण पालना नभएको तथा कतिपय मुलुकमा निर्वाचनलाई आफ्नो अनुकूल बनाई शासन सत्तामा पुग्नका लागि प्रयोग गर्ने वैधानिक आधारका रूपमा प्रयोग गर्ने गरेको कुरा कोफी अन्नान फाउन्डेसन, २०१२ मा उल्लेख गरेका छन् । यसबाट सार्वभौमिक मताधिकार, लोकतान्त्रिक सिद्धान्त, अन्तर्राष्ट्रिय मापदण्ड, व्यावसायिक

निर्वाचन व्यवस्थापन, निर्वाचनका सबै अवधिमा स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र पारदर्शिता कायम गरिनु नै निर्वाचनमा सदाचारिता हो भन्न सकिन्छ । निर्वाचन सदाचारिताका अभावमा दल तथा सार्वजनिक अधिकारीहरूको जनताप्रति जवाफदेहिता नहुने, निर्वाचनको परिणाम विश्वसनीय नहुने र अन्ततः सरकार सञ्चालनको वैधानिकताको अभाव हुने हुन्छ । निर्वाचन सदाचारिताले द्वन्द्वको शान्तिपूर्ण समाधान, खुला वार्ता, बहस, दल तथा उम्मेदवार र जनता बहस, सूचना एवम् जानकारी आदानप्रदानको वातावरण सिर्जना गर्न सक्दछ । यसबाट सरकार, राजनीतिक दल, निर्वाचन व्यवस्थापन निकाय, नागरिक, मतदाता तथा निर्वाचनका सरोकारवालाहरूमाझ निर्वाचन विश्वसनीयता अभिवृद्धि हुने हुन्छ ।

६८०. निर्वाचन सदाचारिताका आयामहरू केके हुन् ?

निर्वाचन सदाचारिताको विश्वव्यापी र सर्वमान्य परिभाषा नभए तापनि विभिन्न देशका निर्वाचनमा भएको अन्तर्राष्ट्रिय सर्वेक्षण तथा अध्ययनले निर्वाचनमा सदाचारिता कायम हुन ११ ओटा विभिन्न आयामहरूको पालना हुनुपर्ने कुरा औँल्याएको देखिन्छ । यसका निम्ति कुनै पनि देशको संविधान तथा निर्वाचनसम्बन्धी प्रचलित कानुनहरू निर्वाचनमा सदाचारिता प्रवर्द्धन गर्नेतर्फ केन्द्रित हुनुपर्दछ । निर्वाचन सदाचारितासम्बन्धी मापदण्डहरूको उल्लङ्घन भएका अवस्थामा निर्वाचनको सदाचारितामा ह्रास आउने र यसबाट निर्वाचनको वैद्यतामाथि नै प्रश्न उठ्न सक्ने कुरा विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन् । निर्वाचन सदाचारिताका आयामहरू देहायबमोजिम उल्लेख गरिएको छ :

- निर्वाचन कानुन,
- निर्वाचन प्रक्रिया,
- निर्वाचन क्षेत्र सीमाङ्कन,
- मतदाता नामावली दर्ता,
- राजनीतिक दल दर्ता,
- प्रचारप्रसारको माध्यम,
- निर्वाचन प्रचारप्रसार खर्च,

- मतदानको प्रक्रिया,
- मतगणनाको विधि र प्रक्रिया,
- मत परिणाम प्रकाशन,
- निर्वाचन व्यवस्थापन निकायको स्वतन्त्रता ।

निर्वाचन सदाचारिताका लागि उल्लिखित आयामहरूलाई सबै सरोकारवालाहरूको सहयोग र समन्वयमा कार्यान्वयन गर्न सकेमा निर्वाचन सदाचारिता कायम गर्न सकिन्छ । नेपालका सन्दर्भमा निर्वाचन आयोगलाई स्वायत्त, सक्षम, सुदृढ र व्यावसायिक निकायका रूपमा स्थापित गरी निर्वाचनका तीनओटै चरणका गतिविधि र क्रियाकलापहरू पारदर्शी रूपमा सञ्चालन हुने व्यवस्था गरी विशेषतः नीतिनिर्माण, कानुनी सुधार, क्षमता विकास, निर्वाचन प्रक्रियामा सुधार, निर्वाचन तथा मतदाता शिक्षाको व्यापकता आदि क्षेत्रमा व्यवस्थित र प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न सकेमा निर्वाचन सदाचारिता बढ्दै जाने देखिन्छ ।

के तपाँई निर्वाचनको बारेमा जानकारी लिन चाहनु हुन्छ ?

निर्वाचन शिक्षा (Electoral Education)

Get it on Google play

Available on the App Store

यदि चाहनु हुन्छ भने निर्वाचन शिक्षा सम्बन्धी यो मोबाईल एप डाउनलोड गरी हेर्नुहोस ।
निश्चितस्तरको ज्ञान प्राप्त गरेपछि निर्वाचन आयोगबाट प्रमाणपत्र समेत पाउनु हुनेछ ।

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका २०७६

पहिलो तह

- लोकतन्त्र
- निर्वाचन
- समावेशीता र निर्वाचन
- मतादाता नामावली
- मतदान

दोस्रो तह

- समावेशी निर्वाचन र परिवर्तन
- मतदाता नामावलीमा नाम दर्ता
- मतदानको महत्व
- निर्वाचन सम्वन्धी संवैधानिक व्यवस्था
- निर्वाचन र राजनीतिक दल
- निर्वाचनको महत्व

तेस्रो तह

- निर्वाचन र सामुदायिक संस्थाको भूमिका
- लोकतन्त्रका लागि निर्वाचन
- निर्वाचन विवाद र विवाद निरूपण
- निर्वाचन र निर्वाचन चक्र
- नेपालको निर्वाचन प्रणाली
- निर्वाचन र समावेशीकरण



स्रोत पुस्तिका प्रयोग सम्बन्धी निर्देशिका